# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# छब्बीसौं वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७२/७३

**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**काठमाडौं, नेपाल**
**२०७३**

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं

फोन नं. : ४-४३९४६२
४-४४०१५१
फ्याक्स : ४-४४०१२८
४-४४०१०४
इ-मेल :- akhtiyar@ntc.net.np
वेभसाईट :- www.ciaa.gov.np

पत्र संख्याः-

मिति :- २०७३/१० /१९

विषय :- छब्बीसौं वार्षिक प्रतिवेदन ।

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
शीतल निवास, महाराजगञ्ज,
काठमाडौं ।

नेपालको संविधानको धारा २९४ बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक वर्ष २०७२।७३ (२०७२ श्रावण १ गतेदेखि २०७३ आषाढ मसान्तसम्म) मा सम्पादन गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका छौं ।

भवदीय,

(दीप बस्न्यात)
कार्यवाहक प्रमुख आयुक्त

(डा.सावित्री थापा गुरुङ)
आयुक्त

(राजनारायण पाठक)
आयुक्त

(डा. गणेशराज जोशी)
आयुक्त

(नवीनकुमार घिमिरे)
आयुक्त

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीहरू

**दीप बस्न्यात**
**कार्यवाहक प्रमुख आयुक्त**

**नवीनकुमार घिमिरे**
**आयुक्त**

**डा. गणेशराज जोशी**
**आयुक्त**

**राजनारायण पाठक**
**आयुक्त**

**डा. साबित्री थापा गुरुङ**
**आयुक्त**

# अनुक्रमणिका


| परिच्छेद | शीर्षक | पृष्ठ |
|---|---|---|
| कार्यकारी सारांश | | |
| परिच्छेद - १ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | १-७ |
| | १.१ विषय प्रवेश | १ |
| | १.२ गठन | १ |
| | १.३.आयोगको काम, कर्तव्य र अधिकार | १ |
| | १.४ वार्षिक प्रतिवेदन | ३ |
| | १.५ छानबिन तथा अनुसन्धान प्रक्रिया | ३ |
| | १.६ आयोगको कामसँग सम्बन्धित मुख्य कानूनहरू | ५ |
| | १.७ प्रशासनिक संगठन | ५ |
| | १.८ आयोगको आन्तरिक कार्यविभाजन, बैठक र निर्णय | ५ |
| | १.९ प्रत्यायोजित अधिकार अन्तर्गत भएका काम कारबाही | ६ |
| | १.१० बजेट व्यवस्था | ६ |
| परिच्छेद - २ | संस्थागत सुदृढीकरणमा आयोगको प्रयास | ७-१० |
| परिच्छेद - ३ | आयोगका अन्तर्राष्ट्रिय सम्बन्ध तथा सहकार्यहरु | ११-१३ |
| परिच्छेद - ४ | भ्रष्टाचार नियन्त्रणका निरोधात्मक र प्रवर्द्धनात्मक प्रयासहरू | १४-१९ |
| परिच्छेद - ५ | भ्रष्टाचार तथा अनुचित कार्यको प्रवृत्ति विश्लेषण | २०-२५ |
| परिच्छेद -६ | आयोगबाट सम्पादित कार्यहरूको विश्लेषण | २६—३१२ |
| | ६.१ उजुरी/सूचनाहरू | २६ |
| | ६.२ अनुसन्धान | २६ |
| | ६.२.१. प्रारम्भिक छानबिनबाट भएको कारबाही | २६ |
| | ६.२.२ विस्तृत अनुसन्धान | २८ |
| | ६.३ अभियोजन | ३० |
| | ६.३.१. घूस (रिसवत) लिई भ्रष्टाचार गरेका मुद्दाहरू | ३० |
| | ६.३.२. झुठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेका मुद्दाहरू | ३३ |
| | ६.३.३. सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गरी भ्रष्टाचार गरेका मुद्दाहरू | ३८ |
| | ६.३.४. गैरकानूनी लाभ लिई नेपाल सरकारलाई हानि नोक्सानी पुर्‍याई भ्रष्टाचार गरेका मुद्दाहरू | ५० |
| | ६.३.५. गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेका मुद्दाहरू | ५८ |
| | ६.३.६. राजस्व चुहावट गरी भ्रष्टाचार गरेका मुद्दाहरू | ६४ |
| | ६.३.७. विविध विषयका मुद्दाहरू | ६५ |

**६.४ पुनरावेदन/ पुनरावलोकन** ---------- **६८**
६.४.१ पुनरावेदन ---------- ६८
६.४.२ पुनरावलोकन ---------- १०९
**६.५ कारबाही** ---------- **११०**
६.५.१ विभागीय कारबाही ---------- ११०
६.५.२ सचेत ---------- १३८
६.५.३ असुल उपर ---------- १४३
६.५.४ दुष्परिणाम सच्याउने ---------- १५३
६.५.५ आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा प्रेषण ---------- १६०
६.५.६ ध्यानाकर्षण ---------- २१२
**६.६ विभिन्न निकायमा पठाइएका सुझाव** ---------- **२१९**
**६.७ तामेली/मुल्तबी** ---------- **२८७**
६.७.१ तामेली ---------- २८७
**परिच्छेद - ७ सुझावहरू** ---------- **३१३**
७.१ विगतमा दिइएका सुझावहरू कार्यान्वयन नहुनुका कारणहरू ---------- ३१३
७.२ सुझावहरू ---------- ३१५
**परिच्छेद - ८ आयोगको अवसर, चुनौती, आगामी कार्यदिशा र प्रतिबद्धता** ---------- **३२४**
**परिच्छेद - ९ उपसंहार** ---------- **३२९**
**अनुसूचीहरू** ---------- **i-xvi**

# प्रतिवेदनको सारांश

अख्तियार दुरुपयोग अनुसन्धान आयोग नेपालको संविधानको भाग २१ बमोजिम भ्रष्टाचार नियन्त्रणको उद्देश्यले क्रियाशील संवैधानिक निकाय हो ।केन्द्रीय कार्यालयका साथै स्थानीय स्तरमा स्थापित १० वटा कार्यालयहरू मार्फत् आयोगले आम नेपाली जनसमुदायको सामीप्यमा रही कार्यसम्पादन गरिरहेको छ। आयोगले मूलतः नेपालको संविधान, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, भ्रष्टाचार निवारण ऐन, अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली लगायत सम्बद्ध कानूनको परिधिभित्र रही दण्डात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक रणनीतिहरू अवलम्बन गरी सुम्पिएको जिम्मेवारी निर्वाह गर्दै आएको छ । यसका अतिरिक्त संविधानको परिकल्पना अनुरूप अनुसन्धान, तहकिकात र अभियोजन कार्यलाई वैज्ञानिक, वस्तुगत र नतिजामुखी बनाउन नीतिगत, संस्थागत एवं कार्यविधिगत सुधारका सारभूत प्रयासहरू समेत आयोगले गर्दै आएको छ ।

आर्थिक वर्ष २०७२।७३ मा आयोगबाट उजुरी अनुसन्धान र अभियोजनका साथै निरोधात्मक, प्रवर्द्धनात्मक, संस्थागत क्षमता विकास एवं अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारका क्षेत्रमा महत्वपूर्ण कार्यहरू भएका छन् । यस आ.व.को पूर्वार्द्धमा जारी भएको नेपालको संविधानको धारा २३९ ले आयोगको कार्यक्षेत्रमा अनपेक्षित संकुचन ल्याएको भए पनि सोही संविधानको धारा ३०४ मा भएको संक्रमणकालीन व्यवस्था अनुरूप विगतका वर्षहरूमा जस्तै सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको भ्रष्टाचारजन्य कसुरका साथसाथै अनुचित कार्यको समेत प्रारम्भिक छानबिन एवं विस्तृत अनुसन्धान तहकिकात आयोगबाट भएको छ । उजुरीको अनुसन्धान तहकिकातपछि विशेष अदालतमा मुद्दा दायर गर्ने, असुल उपर गर्ने, विभागीय कारबाहीका लागि लेखी पठाउने, ध्यानाकर्षण गराउने वा तामेलीमा राख्ने लगायतका निर्णयहरू आयोगबाट यस आर्थिक वर्षमा भएका छन् ।

नेपालको संविधानको धारा २९४ अनुसार संवैधानिक निकायले आफूले गरेका काम कारबाहीहरूको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नुपर्ने र उक्त प्रतिवेदन प्रधानमन्त्रीमार्फत संसद समक्ष प्रस्तुत हुने प्रावधान रहेको छ । सोही व्यवस्था बमोजिम आयोगले आर्थिक वर्ष २०७२।७३ मा भ्रष्टाचार नियन्त्रणको दिशामा निर्वाह गरेका कार्यहरू छब्बीसौं वार्षिक प्रतिवेदनमा समावेश गरिएको र प्रतिवेदनमा समावेश गरिएका विषयहरूको सारसंक्षेप यहाँ प्रस्तुत गरिएको छ । यस कार्यकारी सारांशमा उजुरी अनुसन्धान सम्बन्धी तथ्यांक, निरोधात्मक र प्रवर्द्धनात्मक कार्यमा आयोगको अग्रसरता, संस्थागत क्षमता र अन्तर्राष्ट्रिय सम्पर्क सुदृढीकरणमा आयोगको क्रियाशीलता, अनुसन्धानबाट उजागर भएका विसंगति र चुनौतीहरू, विसंगति विरुद्ध आयोगको प्रयास, भावी कार्यदिशाका साथै भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न क्षेत्रहरूमा आगामी दिनमा गर्नुपर्ने सुधारका विषयहरू समेटी सुझावको रूपमा प्रस्तुत गरिएको छ ।

## उजुरी अनुसन्धानसम्बन्धी तथ्यांक

### उजुरीको संख्या

आर्थिक वर्ष २०७२।७३ मा आयोगको केन्द्र, क्षेत्रीय कार्यालयहरू र आयोगको प्रत्यायोजित अधिकार प्रयोग गर्ने सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूमा समेत गरी कुल २४,६९१ उजुरीहरू प्राप्त भएका थिए, जसमध्ये ९,५६५ उजुरीहरू आर्थिक वर्ष २०७१।७२ बाट जिम्मेवारी सरेर

आएका र १५,१२६ उजुरीहरू आर्थिक वर्ष २०७२।७३ मा आयोगमा प्राप्त भएका थिए। उजुरीको संख्या हेर्दा कार्यालयगत रूपमा केन्द्रमा र क्षेत्रगत रूपमा शिक्षा क्षेत्रमा सबैभन्दा बढी उजुरी परेको देखिन्छ ।

क्षेत्रगत रूपमा शिक्षा क्षेत्रसँग सम्बन्धित उजुरीको संख्या ५,६७१ वटा (करिब २३%), संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग सम्बन्धित ३,६५९ (१४.८%), भूमिसुधार तथा व्यवस्था मन्त्रालयसँग सम्बन्धित १,५८२ (६.४%), स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग सम्बन्धित १,२४२ (५.०३%), गृह मन्त्रालयसँग सम्बन्धित १,१८९ (४.८%) तथा वन तथा भू-संरक्षण मन्त्रालयसँग सम्बन्धित उजुरीको संख्या १,०६२ (४.३%) छ । यसका अतिरिक्त सम्पत्ति मूल्यांकन तथा विशेष अनुसन्धानतर्फ २,१६९ (८.९%) र शैक्षिक प्रमाणपत्र छानबिनतर्फ २,५९२ (१०.६%) उजुरीहरू पर्न आएका छन् । विगत ४ वर्षको तथ्यांकले समेत सबैभन्दा बढी उजुरी पर्ने क्षेत्रहरूमा खासै फरक नआएको देखाउँछ ।




## प्रारम्भिक छानबिन

आर्थिक वर्ष २०७२।७३ मा आयोगमा विभिन्न माध्यमबाट प्राप्त कुल २४,६९१ उजुरीहरूमध्ये १६,६९४ उजुरीहरू प्रारम्भिक छानबिनबाट फछ्र्यौट गरिएको छ । प्रारम्भिक छानबिनपछि १०,६०६(६३.५%) उजुरीहरू तामेलीमा राखिएको छ, ४२८ (२.६%) उजुरी उपर विस्तृत अनुसन्धान गर्ने निर्णय भएको छ भने ५,६६० (३३.९%) उजुरीहरूमा अन्य विभिन्न किसिमको

कारबाही भएको छ । यस आर्थिक वर्षमा प्राप्त उजुरीको दर्ता र फछ्र्यौटको अनुपात १:०.६८ रहेको छ ।




आयोगमा प्राप्त कुल उजुरीहरूमध्ये ९,५७३ उजुरीहरू केन्द्रबाट फछ्र्यौट भएका छन् भने आयोगको क्षेत्रीय कार्यालयहरूबाट कुल ६,९७२ उजुरीहरू फछ्र्यौट भएका छन् । आर्थिक वर्ष २०७२।७३ मा आयोगको क्षेत्रीय कार्यालयहरूतर्फको उजुरी फछ्र्यौटको अवस्था हेर्दा पूर्वाञ्चल क्षेत्रीय कार्यालयबाट कुल १,८२७ मध्ये १,३७३, मध्यमाञ्चलबाट २,०८३ मध्ये १,४१०, पश्चिमाञ्चलबाट २,०१६ मध्ये १,४६३, मध्यपश्चिमाञ्चलबाट २,०६९ मध्ये १,६८३ र सुदूरपश्चिमाञ्चलबाट १,४६७ मध्ये १,०४३ उजुरीहरू फछ्र्यौट भएका छन् । आयोगको प्रत्यायोजित अधिकार प्रयोग गर्ने ३२ जिल्ला प्रशासन कार्यालयहरूबाट कुल २७० उजुरीहरूमा १४९ उजुरीहरू फछ्र्यौट भएका छन् ।

## विस्तृत अनुसन्धान

यस आर्थिक वर्षमा केन्द्रतर्फ २५८ र मातहत कार्यालयतर्फ १७० गरी जम्मा ४२८ उजुरीहरू (२.६ प्रतिशत) उपर प्रारम्भिक छानबिनपछि विस्तृत अनुसन्धान गर्ने निर्णय भएको छ ।अघिल्ला आ.व.हरूदेखि विस्तृत अनुसन्धान भैरहेका उजुरीहरू समेत गरी यस आ.व. मा जम्मा ७४० उजुरीहरू उपरको विस्तृत अनुसन्धान पूरा भई विभिन्न निर्णयहरू गरिएको छ । जसमध्ये १४५ उजुरीहरूमा मुद्दा दर्ता गर्ने निर्णय भै १४० वटा मुद्दा विशेष अदालतमा दायर भएका छन् भने ५ वटा मुद्दा दायर गर्ने काम अर्को वर्षमा सरेको छ । त्यसैगरी गत वर्ष २०७१।७२ मा मुद्दा दायर गर्ने निर्णय भै मुद्दा दायर हुन बाँकी ४ वटा मुद्दाहरू समेत यस आ.व. २०७२।७३ मा दर्ता भएको हुँदा यस आ.व.मा कुल १४४ मुद्दाहरू विशेष अदालतमा दर्ता गरिएको छ । यसैगरी विस्तृत अनुसन्धानपछि तामेलीमा राखिएको संख्या २९१, आयोगको निर्णयानुसार विभागीय कारबाहीका लागि लेखी पठाएको संख्या ५२, सम्बद्ध निकायहरूलाई सुझाव दिइएको र लेखी पठाइएको संख्या क्रमशः ९५ र ८२ तथा अन्य कारबाहीको संख्या ७६ रहेको छ।




## मुद्दा दर्ता

आर्थिक वर्ष २०७२।७३ मा जम्मा १४४ मुद्दा विशेष अदालतमा दायर गरिएका छन् । विशेष अदालतमा दायर गरिएका मुद्दामध्ये विषयगत आधारमा नक्कली शैक्षिक प्रमाण-पत्रतर्फ ५२, घूस(रिसवत) ४६, गैरकानूनी सम्पत्ति आर्जनतर्फ ७, सार्वजनिक सम्पत्तिको हानि नोक्सानीतर्फ २३, गैरकानूनी लाभहानितर्फ ११, राजस्व चुहावट २ र अन्य विषयहरूमा ३ वटा मुद्दा दायर भएका छन् । उल्लिखित मुद्दाहरूमा कुल ३१० जना व्यक्तिलाई प्रतिवादी बनाई मुद्दा दायर भएकोमा पुरुषको संख्या २८५ र महिलाको संख्या २५ रहेको छ। आर्थिक वर्ष २०७२।७३ मा आयोगबाट आरोपपत्र दर्ता गर्ने निर्णय भएका मुद्दाहरूमा जम्मा रकम रु.१,३३,४०,०२,७१०।४० बिगो मागदाबी लिइएको छ।




आयोगबाट विशेष अदालतमा दायर भएका मुद्दाहरूमध्ये आर्थिक वर्ष २०७२।७३ मा २८२ वटा मुद्दाहरूको फैसला प्राप्त भएको छ । फैसला प्राप्त भएका मुद्दाहरूमा करिब ६० प्रतिशतमा आयोगलाई सफलता प्राप्त भएको छ ।

## भरिभराउ, असुल उपर एवं अन्य कारबाही

विस्तृत अनुसन्धानबाट सार्वजनिक सम्पत्तिको हानि नोक्सानी भएको देखिएकोले रु.७,२२,१९,४६६।४८ असुल उपर हुन यस आ.व.मा आयोगको निर्णय अनुसार विभिन्न

निकायहरूमा लेखी पठाइएको छ भने क्यासिनोको रोयल्टी बापत थप रू. १,३२,८०,९४,४५६।५२ असुल गर्न समेत लेखी पठाइएको छ ।अर्कोतर्फ विस्तृत अनुसन्धानको क्रममै रु. ३,९१,२४,६२१।०२ असुल उपर भएको छ ।साथै आयोगले विगत वर्षहरूमा सम्बन्धित व्यक्तिहरूबाट असुल उपर हुन गरेको निर्णयहरू समेतको कार्यान्वयनबाट यस आर्थिक वर्षमा रु.८७,९०,०८५।६२ असुल उपर भएको छ ।

यसैगरी यस आर्थिक वर्षमा पहाडमा ६,७६० रोपनी र तराईमा ५,२३१ बिघा सार्वजनिक जग्गा नेपाल सरकारको नाममा कायम गर्न सम्बन्धित निकायमा लेखी पठाइएको छ भने आयोगबाट विगतमा भएका निर्णयहरूको कार्यान्वयनबाट यस आर्थिक वर्षमा तराईमा १३२ बिघा ३ कठ्ठा ११ धुर तथा पहाडमा २३७ रोपनी १४ आना २ पैसा १ दाम जग्गा नेपाल सरकारको नाममा कायम भएको छ । साथै आयोगको प्रयासबाट विशालबजार कम्पनीको हालको प्रचलित मूल्यमा रु.३ अर्ब ९६ करोड बराबरको शेयर नेपाल सरकारको नाममा कायम भएको छ ।

यस आर्थिक वर्षमा आयोगका निर्णयहरूको कार्यान्वयनबाट ७१ जना पदाधिकारी/कर्मचारीहरूलाई विभागीय कारबाही भएको छ।

## उजुरी दर्ता र फछ्र्यौटको प्रवृत्ति

स्थापनादेखि हालसम्म आयोगले फरक फरक राजनीतिक सन्दर्भ र परिवेशमा कार्य गर्दै आएको छ । वि.सं. २०४७ सालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना भएपछि हालसम्म आयोगको कार्यसम्पादनमा विविध उतारचढाव देखिएका छन् । यसरी पृथक सन्दर्भ, समय र परिवेशसँगै आयोगमा प्राप्त हुने उजुरीको संख्या र फछ्र्यौटको प्रवृत्तिसमेत फरक छ ।

विगत एक दशकको उजुरीको संख्यात्मक विवरण र फछ्र्यौटको स्थिति हेर्दा आर्थिक वर्ष २०६२।६३ देखि आर्थिक वर्ष २०६६।६७ सम्म आयोगमा प्राप्त भएका उजुरी दर्ता र फछ्र्यौटको संख्यामा खासै उतार चढाव देखिंदैन । तर आर्थिक वर्ष २०६७।६८ देखि उजुरीको संख्यामा केही वृद्धि भएको देखिन्छ । यस अवधिमा स्थानीय स्तरमा नेपाल सरकारबाट विनियोजित बजेटको आकार बढ्न गएको तर स्थानीय निकायमा जनप्रतिनिधिको रिक्तता रहेको कारण स्थानीय स्तरमा सम्पादित कार्यहरूमा जनगुनासो बढ्न गई उजुरीको संख्यामा वृद्धि भएको अनुमान गर्न सकिन्छ ।



साथै लामो समयसम्म आयोगमा पदाधिकारीको रिक्तता रहेकोमा आर्थिक वर्ष २०७०।७१ मा प्रमुख आयुक्त र अन्य आयुक्त नियुक्त भै आयोगमा नेतृत्व प्राप्त भएपछि तथा आयोगका क्षेत्रीय र सम्पर्क कार्यालयको स्थापना भै आयोगसँगको पहुँच सहज भएपछि आयोगमा प्राप्त हुने उजुरीको संख्या उल्लेख्य रूपमा बढेको देखिन्छ । तर आ.व. २०७२।७३ को पूर्वार्द्धमा जारी भएको नेपालको संविधानमा आयोगको अधिकारक्षेत्रमा कटौती भएपछि आयोगमा प्राप्त हुने उजुरीको संख्यामा केही कमी आएको देखिन्छ ।

**निरोधात्मक एवं प्रवर्द्धनात्मक कार्यहरू**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ख. को उपदफा (२) मा भ्रष्टाचार तथा अनुचित कार्य हुन नदिनका लागि आयोगले आवश्यक ठानेका निरोधात्मक एवं प्रवर्द्धनात्मक कार्यहरू गर्नसक्ने व्यवस्था छ । यसै अनुरूप आयोगले निरोधात्मक उपायका रूपमा सम्बन्धित निकायहरूलाई विभिन्न विषयहरूमा सुझाव दिने, अनुगमन गर्ने, विभिन्न निकायहरूसँग सान्दर्भिक विषयहरूमा समन्वयात्मक बैठक गर्ने, आचारसंहिता एवं कार्यसंचालन कार्यविधिको निर्माण गरी कार्यान्वयन गर्न लगाउने जस्ता प्रयासहरू गरेको छ भने प्रवर्द्धनात्मक कार्यका रूपमा सम्बद्ध निकाय र व्यक्तिहरूसँग अन्तरक्रिया, सामुदायिक शिक्षा, जानकारी एवम् सन्देशमूलक सूचना प्रकाशन र प्रसारण जस्ता विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आएको छ ।

**समन्वय, सुझाव एवं अनुगमन**

आयोगले भ्रष्टाचारको जोखिमपूर्ण क्षेत्र र भ्रष्टाचारका प्रमुख कारणहरूको पहिचानमा जोड दिने, भ्रष्टाचार न्यूनीकरण र निरोधका लागि अपनाउनुपर्ने उपायहरूबारे सरकारलाई नीतिगत सुझाव दिने र भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न निकायहरूबीच समन्वयात्मक प्रयास र अनुगमन गर्ने जस्ता कार्यहरू गर्दै आएको छ ।

यस आर्थिक वर्षमा विभिन्न निकायहरूबाट प्रवाहित सेवाको अवस्था, समस्या तथा चुनौतीहरू एवं समाधानका उपायहरूको बारेमा आयोगका माननीय प्रमुख आयुक्त र माननीय आयुक्तहरूको समुपस्थितिमा नेपाल सरकारका मुख्य सचिव र सचिवहरूसँग एक छलफल कार्यक्रम आयोजना गरिएको छ । त्यसैगरी नागरिक सेवा प्रवाह तथा सार्वजनिक सरोकारका विषयमा सम्पादित कार्यको प्रभावकारिताका लागि सम्बद्ध निकायका जिम्मेवार पदाधिकारीहरूसँग समन्वय बैठकहरू आयोजना गरी सुधारका सुझावहरू दिइएको छ, जसबाट निकायगत समन्वय र सहजीकरण जस्ता पक्षमा सुधार भई सेवा प्रवाहमा प्रभावकारिता ल्याउन सहायकसिद्ध भएको पाइएको छ ।

स्थलगत रूपमै अनुसन्धान टोलीहरू परिचालन गरी भ्रष्टाचार विरुद्धको अनुगमनलाई परिणाममुखी तुल्याउने विषयमा पनि आयोग सक्रिय रहँदै आएको छ र यसका लागि आयोगका स्थानीय कार्यालयहरूलाई विशेष रूपमा परिचालित गरिएको छ । विगतमा आयोगबाट भएका निर्णयहरू कार्यान्वयनको समीक्षा गर्न तथा भ्रष्टाचार न्यूनीकरणसम्बन्धी समसामयिक विषयहरूमा छलफल गर्न विभिन्न मन्त्रालय र निकायका सम्पर्क व्यक्तिको रूपमा तोकिएका पदाधिकारीहरूसँग बैठकको आयोजना गरिएको छ ।

आयोगकै पहलस्वरूप व्यावसायिक र संगठित क्षेत्रको आचारसंहिता तर्जुमा गरी लागू गराउने प्रयत्न भएको छ । विभिन्न मन्त्रालय र केन्द्रीय निकायहरूका सम्पर्क व्यक्ति मार्फत् आचार संहिताको

नियमित अनुगमन गर्ने गरिएको छ । सार्वजनिक निकायहरूमा कार्य संचालन कार्यविधि तयार गर्न लगाउने र कार्यसम्पादन दिग्दर्शन, कार्यविधि वा विनियम बनाई कार्यसम्पादनलाई सरलीकरण गर्न लगाउने विषयमा पनि आयोगले जोड दिँदै आएको छ ।

**अन्तरक्रिया, छलफल एवं सामुदायिक शिक्षा कार्यक्रम**

प्रवर्द्धनात्मक उपाय अन्तर्गत आयोगको क्षेत्रीय कार्यालयहरूको संयोजनमा विभिन्न जिल्लाका कार्यालय प्रमुखहरू, नागरिक समाज, संचारकर्मी, गैरसरकारी संघसंस्था, उद्योग वाणिज्य संघका प्रतिनिधि, कानून व्यवसायी लगायत समाजका अगुवा समेतको सहभागितामा विभिन्न मिति र स्थानमा अन्तरक्रिया तथा छलफल कार्यक्रम गरिएका छन् ।

आयोगले आर्थिक वर्ष २०६४।६५ देखि भ्रष्टाचारविरुद्धको जनचेतनामूलक सामुदायिक शिक्षा कार्यक्रम संचालन गर्दै आएको छ । यसै सिलसिलामा आर्थिक वर्ष २०७२।७३ मा पनि उच्च माध्यमिक विद्यालयहरू र क्याम्पसहरूमा अध्ययनरत विद्यार्थी र शिक्षकहरूलाई लक्षित गरी कार्यक्रमहरू संचालित भएका छन् ।

**जानकारी एवम् सन्देशमूलक सूचना प्रकाशन र प्रसारण**

आयोगले आफ्नो वेबपेज, फेसबुक तथा ट्वीटरको माध्यमबाट आफ्ना कामकारबाहीहरू बारे तत्कालै सम्बद्ध सबै सरोकारवालाहरूलाई जानकारी गराउने गरेको छ । यसबाट एकातिर आयोगले गरेका प्रयासहरूको बारेमा ताजा जानकारी संप्रेषण हुने गरेको छ भने अर्कोतिर भ्रष्टाचार विरुद्धमा जनमत सिर्जना गर्ने काममा समेत मद्दत पुगेको छ । आयोगका स्थानीय कार्यालयहरूबाट पनि आ-आफ्ना कार्य क्षेत्रका स्थानीय पत्रपत्रिका तथा एफ.एम. रेडियोहरू मार्फत भ्रष्टाचार विरुद्धमा जनमत सिर्जना गर्ने उद्देश्यले विभिन्न सन्देशमूलक सूचनाहरू प्रसारण हुने गरेका छन् ।



आयोगका गतिविधिहरू समेटी बुलेटिन प्रकाशन गर्ने गरिएको छ । भ्रष्टाचार विरोधी जनचेतना अभिवृद्धि गर्न ब्रोसर, पोष्टर र पम्प्लेट जस्ता विभिन्न प्रकारका प्रचार सामग्रीहरू प्रकाशन गरी वितरण समेत गर्ने गरिएको छ । भ्रष्टाचार नियन्त्रणका लागि पत्रपत्रिका तथा एफ.एम. रेडियो समेतबाट सन्देशमूलक सूचनाहरू प्रकाशन एवं प्रसारण गर्ने र भ्रष्टाचारविरुद्धका महत्वपूर्ण लेख रचनाहरू समावेश भएका पुस्तिकाहरू प्रकाशन गर्ने कार्य हुँदै आएका छन् ।

आयोगले भ्रष्टाचारविरुद्ध निष्पक्ष र उत्कृष्ट समाचार सम्प्रेषण गर्ने संचार माध्यम लगायत विभिन्न किसिमले भ्रष्टाचार नियन्त्रणको अभियानमा सहयोग पुऱ्याउने विशिष्ट व्यक्तिहरूलाई पुरस्कृत र सम्मान गर्ने नीति कार्यान्वयन गर्दै आएको छ ।

**आयोगको स्थापना दिवस तथा भ्रष्टाचारविरुद्धको दिवस**

आयोगको पच्चीसौं स्थापना दिवस एवं रजत जयन्तीको अवसरमा सम्माननीय राष्ट्रपतिको समुपस्थितिमा राज्यका उच्च ओहदामा रहेका विशिष्ट व्यक्तित्वहरू, गन्यमान्य व्यक्तिहरू, राजनीतिक दलका नेताहरू एवं कूटनैतिक नियोगका प्रतिनिधिहरू समेतको उपस्थितिमा भ्रष्टाचारविरुद्ध सचेतनामूलक विविध सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको छ ।यसका अतिरिक्त डिसेम्बर ९ का दिन 'Breaking the Corruption Chain' भन्ने नाराका साथ विभिन्न जनचेतनामूलक कार्यक्रमहरूको आयोजना गरी भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवसलाई आयोगले महत्वका साथ मनाएको छ ।

**संस्थागत क्षमता विकासमा आयोगको क्रियाशीलता**

आयोगको रणनीतिक योजना (२०१४-२०१९) अनुसार दण्डात्मक, निरोधात्मक एवं प्रवर्द्धनात्मक रणनीतिलाई केन्द्रबिन्दुमा राखी उक्त रणनीतिलाई सफल बनाउन सहयोगी रणनीतिका रूपमा आयोगको क्षमता विकास, भ्रष्टाचार नियन्त्रणको क्षेत्रमा कार्यरत संस्थाहरूबीच समन्वय तथा सहकार्य प्रवर्द्धन र अन्तर्राष्ट्रिय संजाल विस्तारलाई लिइए अनुरूप आ.व. २०७२।७३ मा उल्लिखित क्षेत्रमा विभिन्न कार्यहरू सम्पन्न भएका छन् ।

**पूर्वाधार विकास**

आयोगको दरबन्दी पुनरावलोकन भई कर्मचारीको संख्या बढेको र आयोगका स्थानीय कार्यालयहरू समेत स्थापना भएको सन्दर्भमा आयोगको केन्द्रीय कार्यालय तथा हेटौंडा, इटहरी, बुटवल, नेपालगञ्ज र महेन्द्रनगरस्थित कार्यालयहरूमा प्रशासकीय भवनहरूको निर्माण कार्य सुरु गरिएको छ।उल्लेखित भवन निर्माणबाट आयोगको कार्यसम्पादनमा थप सहजता तथा छरितोपना आउने विश्वास लिइएको छ ।

आयोगका दैनिक कार्य सञ्चालनसम्बन्धी गतिविधि स्वचालित बनाउने तथा दैनिक कार्य सम्पादन एवं अनुसन्धानलाई सघाउ पुऱ्याउने उद्देश्यले Cyber Forensic Equipment, Cyber Lab, Video Conferencing, CCTV लगायतका आधुनिक सूचना प्रविधियुक्त विभिन्न उपकरणहरू जडान कार्य प्रारम्भ गरिएका छन् ।

आयोगको दैनिक कार्यसञ्चालनमा आधुनिक प्रविधिहरूको उपयोग भैरहेको हुँदा विद्युतको नियमित आपूर्तिको सुनिश्चितताका लागि आयोग परिसरभित्र ५०० किलोवाट क्षमताको सौर्य ऊर्जा प्रणाली जडान कार्य समेत सुरु भएको छ । उक्त सौर्य ऊर्जाको केही अंश राष्ट्रिय प्रसारणमा जोडिने व्यवस्था समेत गरिएको छ।

## जनशक्ति विकास

आयोगमा कार्यरत कर्मचारीहरूको अनुसन्धान तथा अभियोजन क्षमता अभिवृद्धिका लागि आर्थिक वर्ष २०७२।७३ मा आयोगमा सरुवा भै आएका ८७ जना कर्मचारीहरूलाई विभिन्न चरणमा अभिमुखीकरण एवं अनुसन्धानसम्बन्धी आधारभूत तालिम दिइएको छ ।

यसका अतिरिक्त स्टिङ अपरेसन, अनुसन्धान पद्धति तथा विधि, उजुरी व्यवस्थापन, पोलिग्राफ उपयोग, लक्ष्य पहिचान (Target Identification) लगायतका अनुसन्धानका विविध विषयहरूमा २०० जना कर्मचारीहरूलाई तालिम तथा प्रशिक्षण दिइएको छ ।

भ्रष्टाचारको नियन्त्रण तथा अनुसन्धानका लागि सहयोगी विभिन्न विषयहरूमा मित्र राष्ट्र तथा अन्तर्राष्ट्रिय संघ संगठनहरूबाट सञ्चालित तालिम, प्रशिक्षण लगायतका कार्यक्रमहरूमा १५० जना कर्मचारीहरूलाई सहभागी गराइएको छ ।

## अन्तर्राष्ट्रिय सम्बन्ध बिस्तारमा आयोगको प्रयास

साथै भ्रष्टाचार नियन्त्रणमा संलग्न विभिन्न अन्तर्राष्ट्रिय संघ संस्था तथा संगठनहरूको सदस्यता प्राप्त गर्ने र सहकार्य प्रवर्द्धन गर्ने, भ्रष्टाचारविरुद्धको विश्वव्यापी अभियानका लागि विभिन्न अन्तर्राष्ट्रिय सम्मेलन, गोष्ठी तथा बैठकहरूमा सहभागिता जनाउने एवं भ्रष्टाचार नियन्त्रणको लागि विभिन्न क्षेत्रीय र अन्तर्राष्ट्रिय सम्मेलन तथा बैठकहरूको आयोजना गरी अन्तर्राष्ट्रिय सम्बन्ध र सहकार्य विस्तार गर्ने कार्य रणनीतिमा रहे अनुसार आयोगबाट अन्तर्राष्ट्रिय सम्बन्ध तथा सहकार्य अभिवृद्धिसम्बन्धी कार्यहरू भएका छन् ।

## माननीय प्रमुख आयुक्तको वैदेशिक भ्रमण तथा भेटघाट

आर्थिक वर्ष २०७२/७३ मा भ्रष्टाचार नियन्त्रण सम्बन्धमा दुई पक्षीय सहयोग र सहकार्य अभिवृद्धि गर्ने सिलसिलामा माननीय प्रमुख आयुक्त लोकमान सिंह कार्कीले सम्बन्धित मित्र राष्ट्रहरूको निमन्त्रणामा चीनको तिब्बत, फ्रान्स, इटाली, मोनाको र पोर्चुगलको भ्रमण गर्नुभएको छ ।

भ्रमणको क्रममा भ्रष्टाचार नियन्त्रणका विषयमा हासिल अनुभवहरूको आदान प्रदान, भ्रष्टाचार नियन्त्रण गर्ने निकायको सुदृढीकरण, आगामी दिनमा भ्रष्टाचार नियन्त्रणका लागि सहकार्य र साझेदारी प्रवर्द्धन, द्विपक्षीय हित र समसामयिक महत्वका विषयहरूमा छलफल भएको थियो ।

## अन्तर्राष्ट्रिय कार्यक्रममा माननीय आयुक्तहरूको सहभागिता

रुसी महासंघको सेन्ट पिटर्सबर्गमा आयोजित Conference of the State Parties to the United Nations Convention Against Corruption को छैठौं सत्र तथा Annual Conference and General Meeting of the International Association of Anti-Corruption Authorities (IAACA) मा २१ अक्टोबरदेखि ६ नोभेम्बर २०१५ सम्म माननीय आयुक्त केशवप्रसाद बरालको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डल सहभागी भएको थियो।

मंगोलियाको राजधानी उलनवटोरमा भएको ADB/OECD Anti-Corruption Initiative for Asia and the Pacific को बिसौं स्टेरिङ समूहको मिटिङ तथा तेह्रौं क्षेत्रीय सेमिनारमा १८ देखि २० नोभेम्बर २०१५ सम्म माननीय आयुक्त राजनारायण पाठकको नेतृत्वमा एक प्रतिनिधिमण्डल सहभागी भएको थियो ।

आ.व. २०७२।७३ मा Asian Institute of Technology (AIT), थाइल्याण्डमा आयोगका कर्मचारीहरूको अनुसन्धान तथा अभियोजन क्षमता अभिवृद्धिका लागि Training Program on Governance and Anti-Corruption: The Methods and Tools Behind an Effective Corruption Eradication Strategy विषयक तालिम कार्यक्रमहरू सञ्चालन भएको र उक्त कार्यक्रमहरूको विभिन्न मितिमा भएको समापनको अवसरमा आयोगका माननीय आयुक्तहरू दीप बस्न्यात, नवीनकुमार घिमिरे, डा. गणेशराज जोशी र डा. सावित्री थापा गुरुङको उपस्थिति रहेको थियो ।

## विसंगति एवं भ्रष्टाचारजन्य प्रवृत्तिका विरुद्ध आयोगको क्रियाशीलता

### (क) विद्यमान विसंगति एवं भ्रष्टाचारजन्य प्रवृत्तिहरू

प्रतिवेदन अवधिमा आयोगबाट भएका छानबिन, अनुसन्धान र अनुगमन लगायतका कामकारबाहीको क्रममा सार्वजनिक निकायहरूबाट कार्यसम्पादन हुँदा विभिन्न अनियमितता र कमीकमजोरीहरू भएको पाइएको छ । सबैभन्दा बढी उजुरी पर्ने क्षेत्रहरूमा क्रमशः शिक्षा, स्थानीय विकास, भूमिसुधार, स्वास्थ्य, गृह र वनजस्ता कर्मचारीहरूको संख्या बढी भएका क्षेत्रहरू भए पनि कार्यक्षेत्रगत विभिन्नता बाहेक सबै निकायहरूमा भ्रष्टाचारका प्रवृत्तिहरू समान खालका देखिएका छन् । केन्द्रीय वा स्थानीय, राजश्व उठाउने वा खर्च गर्ने, सेवाप्रवाह गर्ने वा विकास निर्माण गर्ने विभिन्न निकायहरूमा नक्कली कागजात वा गलत विवरण पेश गर्ने, कानून, कार्यविधि र मापदण्ड उल्लंघन गर्ने, घूस (रिसवत) लिने जस्ता प्रवृत्ति देखिएका छन् ।

### घूस (रिसवत) लिने प्रवृत्ति

आमजनसमुदायलाई छिटोछरितो रूपमा सार्वजनिक सेवा प्रवाह गर्नु कर्मचारीको कर्तव्य भए पनि यदाकदा सेवाप्रवाहका क्रममा सेवाग्राहीलाई बाध्य पारी वा अनुचित लाभ पुऱ्याई रिसवत लिने दिने गरेको देखिएको छ । सिफारिस, नक्सा, ट्रेस, अध्यागमन अनुमतिपत्र, सवारी साधन दर्ता, नवीकरण, इजाजतपत्र, सवारी चालक अनुमतिपत्र, घरजग्गा रजिष्ट्रेसन, विदेश जान सहजीकरण जस्ता विभिन्न प्रकृतिका कामकारबाहीहरू गरे बापत घूस/रिसवत लिए, दिएको पाइएको छ ।

त्यसैगरी रोजगार व्यवसायी, निर्माण व्यवसायी, उद्योगी, व्यापारी, सप्लायर्स, लेखनदास, उपभोक्ता संघ, परामर्शदाता आदि मार्फत् अनुचित लाभ लिने प्रवृत्ति समेत देखिएको छ ।

### नक्कली कागजात वा गलत विवरण पेश गर्ने

गैरकानूनी लाभ लिनको लागि शैक्षिक प्रमाणपत्र, बिल भरपाई लगायतका नक्कली कागजातको प्रयोग गरेको यदाकदा पाइएको छ । त्यसैगरी झुठा अध्यापन अनुमतिपत्र, अस्तित्वमा नभएका विद्यालयको झुठो विवरण, रकम निकासाका लागि अर्काको किर्ते दस्तखत वा औंठाछाप, नक्कली बिल भरपाई, नक्कली काज खटिएको कागज, जग्गा दर्ता गर्न नक्कली श्रेस्ता, नक्कली जग्गाधनीको विवरण, नक्कली जोतभोगकर्ता, सेवाग्राहीको नक्कली अभिलेख, एउटा कार्यक्रमकै अर्को नक्कली अभिलेख, निर्माण नै नगरी निर्माणसम्बन्धी झुठा बिल भरपाई, बैंक भौचर र बैंक विवरण जस्ता किर्ते कागजात, नक्कली भन्सार प्रज्ञापनपत्र र नक्कली भ्याटबिल, वैदेशिक रोजगारीको लागि कामदारको आवश्यकतासम्बन्धी नक्कली मागपत्र, नक्कली करारपत्र, अनियमित रूपमा कटान गरेका काठको झुठा लगत, नक्कली सवारी चालक अनुमतिपत्र, नक्कली होटल बिल, नक्कली हवाई टिकट जस्ता कागजातहरूको प्रयोग विभिन्न निकायहरूमा भएको देखिएको छ ।

सर्वथा झुठा विवरण बनाउनुको सट्टा यथार्थभन्दा कम वा बढी विवरण देखाई गैरकानूनी लाभ लिएको समेत पाइएको छ । वास्तविकभन्दा बढी विद्यार्थी संख्या, वास्तविकभन्दा राम्रो गुणस्तर, वास्तविकभन्दा कम राजश्व, वास्तविकभन्दा बढी सेवाग्राहीको संख्या, वास्तविक भन्दा बढी सामानको परिमाण, न्यून बिजकीकरण, राजश्व चुहावट, कम मूल्य, वास्तविकभन्दा बढी लागत, लिलामका लागि न्यून मूल्यांकन, यथार्थभन्दा बढी लागत अनुमान जस्ता विवरणको प्रयोग गरी अनुचित लाभ लिने र सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गरेको पाइएको छ ।

**कानून, कार्यविधि र मापदण्ड उल्लंघन**

सार्वजनिक क्षेत्रबाट हुने कार्यसम्पादनलाई समान, निष्पक्ष, छिटोछरितो र प्रभावकारी बनाउनका लागि कानून, कार्यविधि र मापदण्डको व्यवस्था गरिएको भए पनि कार्यसम्पादन गर्ने क्रममा यदाकदा यस्ता प्रावधानहरूको उल्लंघन भएको पाइएको छ । तोकिएको प्रक्रिया र मापदण्ड विपरीत शिक्षक नियुक्ति, प्रक्रिया विपरीत प्रश्नपत्रको निर्माण, परीक्षा संचालन, कोडिङ वा उत्तरपुस्तिका परीक्षण, कानून विपरीत लेखापरीक्षकको नियुक्ति, मापदण्ड विपरीत शिक्षणसंस्था सम्बन्धन वा संचालन स्वीकृति, उमेर नपुगेका व्यक्तिलाई सामाजिक सुरक्षाभत्ता, प्रक्रिया र कार्यविधि विपरीत सिफारिस, कानून विपरीत खर्च, विवरण सच्याउने, कार्यविधि पालना नगरी जग्गा नामसारी, म्याद नाघेको औषधि खरिद, आवश्यक नभएका उपकरण खरिद, प्रक्रिया विपरीत मेडिकल कलेजमा विद्यार्थी भर्ना, कानूनी प्रक्रिया छल्ने उद्देश्यले टुक्राटुक्रामा निर्माण र खरिद, आ.व.को अन्तमा प्रक्रिया नपुऱ्याई सोझै खरिद, कानूनद्वारा तोकिएको समय नाघेपछि राजश्व बैंक दाखिला, व्यावसायिक कारोबारको दुई किसिमको लेखा राखी राजश्व छली, गैरजिम्मेवारपूर्ण तरिकाले अभिलेख नष्ट, विधिवत भिसा र पासपोर्ट बिना अध्यागमन अनुमतिपत्र प्रदान, सवारी चालकको योग्यता र दक्षता परीक्षण नगरी चालक अनुमतिपत्र प्रदान, कानून विपरीत करार सम्झौता जस्ता विभिन्न विसंगतिहरू देखिएका छन्।

**गैरकानूनी सम्पत्ति आर्जन**

सार्वजनिक पद धारण गरेको व्यक्तिले कानून र आचरण विपरीतका विभिन्न काम गरी गैरकानूनी सम्पत्तिको आर्जन गरेको विषयमा उल्लेख्य उजुरीहरू आयोगमा पर्ने गरेको छ। कतिपय उजुरीहरूको अनुसन्धानबाट सार्वजनिक पदमा रहँदा विभिन्न किसिमले अनुचित लाभ लिई चलअचल सम्पत्ति आर्जन गरेको हुँदा सम्पत्तिको वैधानिक श्रोत पुष्टि गर्न नसकेको पाइएको छ ।

**नीतिगत निर्णय प्रक्रियामा विसंगति**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनमा मन्त्रिपरिषद् वा त्यसको कुनै समितिको सामूहिक रूपमा गरेको नीतिगत निर्णय सम्बन्धमा आयोगले कुनै कारबाही नगर्ने प्रावधान रहेको छ । यस सन्दर्भमा यदाकदा सामान्य प्रशासनिक विषयलाई समेत नीतिगत विषयको रूपमा मन्त्रिपरिषदमा पेश गरेको देखिन्छ । नीतिगत र प्रशासनिक निर्णयको सीमा निर्धारण नगरिएको हुँदा यस्तो प्रवृत्ति निरुत्साहित हुन नसकेको देखिएको छ । अर्कोतिर, मन्त्रिपरिषदमा पेश गरी निर्णय गर्नुपर्ने विषयहरूमा मन्त्रालययस्तरबाटै निर्णय गरिएको समेत पाइएको छ ।

**(ख) विसंगतिका विरुद्ध आयोगको प्रयास**

सार्वजनिक क्षेत्रमा विद्यमान विसंगति विरुद्ध आयोगले चालेका सचेत, सघन र सावधानीपूर्ण कदमबाट सुशासन प्रवर्द्धनमा सहयोग पुगेको अनुभूति भएको छ । स्रोतसाधनको सीमितता र तत्कालीन आवश्यकतालाई मध्यनजर गरी भ्रष्टाचारका गम्भीर घटनामा केन्द्रित रही गरिएका सघन

अनुसन्धानबाट सकारात्मक परिणाम पाइएको छ । विगत केही वर्षदेखि नक्कली शैक्षिक योग्यताको प्रमाणपत्रको छानबिनलाई प्राथमिकतामा राखी अनुसन्धान, तहकिकात र अभियोजनलाई तीव्रता दिइएको छ । यसका अतिरिक्त सेवा प्रवाहका क्रममा घूस (रिसवत) लिइरहेका व्यक्तिविरुद्धको कारबाहीबाट यस्ता कार्यलाई निरुत्साहित गर्ने प्रयास भएको छ ।

यसै सिलसिलामा मूल्यांकन अवधिमा आयोगले भूकम्पका कारणबाट आम जनसमुदायलाई परेको मानवीय पीडाको अवस्थामा विपद् व्यवस्थापन र राहत वितरणमा हुनसक्ने अनियमिततातर्फ ध्यान केन्द्रित गर्नुका साथै गैरकानूनी सम्पत्ति आर्जनतर्फ समेत अत्यन्तै गम्भीरतापूर्वक अनुसन्धान अघि बढाएको हुँदा तत् तत् क्षेत्रका अपराधमा संलग्न व्यक्ति विरुद्ध अदालतमा आरोपपत्र दायर गर्ने काममा सफलता मिलेको छ ।

**गैरकानूनी सम्पत्ति आर्जन विरुद्ध अनुसन्धान एवं अभियोजन**

आयोगले गैरकानूनी सम्पत्ति आर्जनसम्बन्धी उजुरीलाई प्राथमिकता दिई अनुसन्धान अघि बढाउनुका साथै सम्बन्धित अभिलेख राख्ने निकायसँग समन्वय गरी सम्पत्तिको अभिलेखांकनलाई व्यवस्थित बनाउनेतर्फ समेत जोड दिंदै आएको छ । जसको फलस्वरूप विगत वर्षहरूमा भन्दा यस वर्ष गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको विषयमा विशेष अदालतमा दायर भएका मुद्दाको संख्यामा वृद्धि भएको छ ।यस्ता मुद्दाहरूका आरोपित व्यक्तिहरूमा विभिन्न निकायका जिम्मेवार पदाधिकारी/कर्मचारीहरू रहेका छन् ।

**न्यून गुणस्तरको राहत सामग्री खरिदविरुद्ध अनुसन्धान एवं अभियोजन**

भूकम्पपछिको समयमा आपूर्तिमा हुनसक्ने भ्रष्टाचार नियन्त्रणका सन्दर्भमा अनुगमनकारी निकायहरू र आयोगका कर्मचारी संलग्न संयुक्त टोलीहरू मार्फत् सघन अनुगमन गरिएको थियो । त्यसैगरी भूकम्पपछिको राहत वितरणमा आयोगबाट खटिएका टोलीहरूले विभिन्न जिल्लाको स्थलगत अनुगमन गरी यथार्थ विवरण संकलन गरेका थिए । यसैक्रममा भूकम्पको कारणबाट जनतामा पर्न गएको मानवीय पीडाको अवस्थामा समेत कमिसनको प्रलोभनमा परी बदनियतपूर्वक मिलेमतोमा न्यून गुणस्तरको राहत सामग्री खरिद गरेको पाइएको हुँदा सम्बद्ध कर्मचारीहरू विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरिएको छ ।

**सामान ढुवानीको नक्कली बिल बनाई गरेको भ्रष्टाचारविरुद्ध अनुसन्धान एवं अभियोजन**

आयोगबाट भएको उजुरी अनुसन्धानकै सिलसिलामा सामानहरू खरिद गरी मातहत युनिटहरूमा पठाउने क्रममा वास्तविक ढुवानीभन्दा अत्यधिक बढी सामान ढुवानी गरेको देखाई, सामान नै ढुवानी नगरी, सेवा संचालनमै नभएका/नरहेका ट्रान्सपोर्टहरूको नामबाट झुठा बिलहरू पेश गरी वा हवाई कार्गो गरी पठाएको भनी झुठा विवरण तयार गरी करोडौंको रकम भुक्तानी लिनेदिने कार्य गरी भ्रष्टाचार गरेको पाइएको हुँदा यस कार्यमा संलग्न पदाधिकारी/कर्मचारीहरू विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरिएको छ ।

# परिच्छेद- १
# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## १. अख्तियार दुरुपयोग अनुसन्धान आयोग

### १.१ विषय प्रवेश :

नेपालको संविधानको भाग २१ धारा २३८ ले संवैधानिक निकायको रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरेको छ । संविधानको धारा २३९ बमोजिम सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले "भ्रष्टाचार" गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा आयोगले कानुन बमोजिम अनुसन्धान गरी अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न सक्ने व्यवस्था रहेको छ।

### १.२ गठन :

नेपालको संविधानको भाग २१ धारा २३८ बमोजिम राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा प्रमुख आयुक्त र चार जना अन्य आयुक्तहरू नियुक्त गर्ने प्रावधान छ। आयोगका प्रमुख आयुक्त र आयुक्तहरूको पदावधि नियुक्तिको मितिले छ वर्षको हुने तथा प्रमुख आयुक्त र अन्य आयुक्तहरू ६५ वर्षको उमेरसम्म पदमा बहाल रहन सक्ने व्यवस्था रहेको छ । त्यसैगरी आयुक्तलाई प्रमुख आयुक्तमा नियुक्त गरिएमा त्यसरी नियुक्त प्रमुख आयुक्तको पदावधि गणना गर्दा आयुक्त भएको अवधिलाई समेत गणना गरिने प्रावधान रहेको छ । प्रतिवेदन अवधिमा आयोगमा प्रमुख आयुक्त र पाँच जना आयुक्तहरू कार्यरत रहनुभएको थियो ।

| नाम | पद | नियुक्ति मिति |
|---|---|---|
| श्री लोकमान सिंह कार्की | प्रमुख आयुक्त | २०७०।०१।२५ |
| श्री दीप बस्न्यात | आयुक्त | २०७१।१२।१९ |
| श्री नवीनकुमार घिमिरे | आयुक्त | २०७१।१२।१९ |
| डा. गणेश राज जोशी | आयुक्त | २०७१।१२।१९ |
| श्री राजनारायण पाठक | आयुक्त | २०७१।१२।१९ |
| डा. सावित्री थापा गुरुङ | आयुक्त | २०७१।१२।१९ |

**सचिव (प्रतिवेदन अवधिमा कार्यरत) :**

| नाम | कार्यरत अवधि |
|---|---|
| श्री श्रीधर सापकोटा | २०७१।११।२७ देखि २०७२।६।१९ |
| श्री शान्तराज सुवेदी | २०७२।६।२९ देखि २०७३।५।१९ |

### १.३ आयोगको काम, कर्तव्य र अधिकार :

नेपालको संविधानको भाग २१ धारा २३८ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार हुने व्यवस्था गरिएको छ :

आयोगले कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान गर्न वा गराउन सक्नेछ। तर संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानूनले छुट्टै व्यवस्था भएको पदाधिकारीहरू आयोगको कार्य क्षेत्रभित्र पर्दैनन्।

तथापि संविधानको धारा १०१ बमोजिम महाअभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्याय परिषदबाट सोही अभियोगमा पदमुक्त हुने न्यायाधीश र सैनिक ऐन बमोजिम कारबाही हुने व्यक्तिका हकमा निजलाई पदमुक्त भइसकेपछि कानून बमोजिम आयोगले अनुसन्धान गर्न र गराउन सक्नेछ।

- सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर आयोगले कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ।
- अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकार क्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा आयोगले आवश्यक कारबाहीका लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखी पठाउन सक्नेछ।
- संविधानको अधीनमा रही अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानूनद्वारा व्यवस्था भए बमोजिम हुनेछ।
- आयोगले अनुसन्धान गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख आयुक्त, आयुक्त वा नेपाल सरकारको अधिकृत कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगलाई सार्वजनिक पदधारण गरेको कुनै व्यक्तिले अख्तियार दुरुपयोग गरेमा कानून बमोजिम अनुसन्धान र तहकिकात गर्ने, मुद्दा चलाउने तथा तत्सम्बन्धी अन्य कार्यको अतिरिक्त कानूनी राज्यको अवधारणा अनुरूप सुशासन कायम गर्न र सार्वजनिक सेवामा प्रभावकारिता ल्याउनका लागि आवश्यक हुने सुधारात्मक कार्यहरू गर्ने थप दायित्वसमेत सुम्पेको छ। जस अन्तर्गत आयोगबाट निम्न कार्यहरू सम्पादित हुँदै आएका छन् :

- विद्यमान ऐन, नियम, निर्णय, आदेश, कारबाही वा प्रचलनमा त्रुटि भए सुधार गर्न सुझाव दिने वा ध्यानाकर्षण गराउने,
- दुष्परिणाम सच्याउन लेखी पठाउने ।
- हानि नोक्सानी भरिभराउ गराउने ।
- भ्रष्टाचारलाई रोकथाम गर्ने उद्देश्यले निरोधात्मक एवं प्रवर्द्धनात्मक कार्यहरू गर्ने,
- भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वय, आपसी सहयोग र सम्बन्ध सुदृढ गर्ने ।
- आवश्यकतानुसार सम्बन्धित विषयको विशेषज्ञ वा विशिष्टीकृत सेवा प्राप्त गर्ने । त्यसैगरी आयोगले आफ्नो कर्तव्य निर्वाहको क्रममा देहायका अधिकार प्रयोग गर्न पाउने कानूनी प्रावधान छ ।
- अनुसन्धान तहकिकातको क्रममा न्यायिक हिरासतमा राख्ने र धरौटी वा जमानत लिई वा नलिई तारिखमा राख्ने वा छाड्ने ।
- भ्रष्टाचारको आरोपमा कारबाही चलाइएको कुनै व्यक्तिले कुनै प्रमाण लोप वा नाश गर्न सक्ने वा आयोगको काम कारबाहीमा बाधा व्यवधान वा प्रतिकूल प्रभाव पार्न सक्ने पर्याप्त कारण भएमा आयोगले निजलाई प्रचलित कानून बमोजिम थुनुवा पुर्जी दिई थुनामा राख्ने ।
- कुनै कार्यालय वा कुनै व्यक्तिको साथमा रहेको सम्बद्ध मिसिल वा प्रमाणको लिखत पेश गर्न आदेश दिने ।

- अख्तियार दुरुपयोगको आरोपित वा सम्बद्ध तथ्यहरूको जानकारी भएको व्यक्तिलाई उपस्थित गराइ सोधपुछ गर्ने, बयान लिने वा आवश्यकता अनुसार बन्द सवाल जारी गर्ने ।
- खोजेको बखत हाजिर हुने कागज गराई छाड्ने वा तारिखमा राख्ने ।
- भ्रष्टाचारको आरोपमा कारबाही चलाइएको व्यक्ति पदमा बहाल रहिरहँदा आफ्नो विरुद्धको प्रमाण लोप गर्न वा नाश गर्न सक्ने वा अनुसन्धान र तहकिकातमा बाधा व्यवधान पुर्‍याउन सक्ने मनासिब कारण भएमा त्यस्तो व्यक्तिलाई पदबाट निलम्बन गर्न नेपाल सरकार वा सम्बन्धित संस्थालाई लेखी पठाउने ।
- भ्रष्टाचारको आरोपितसँग धरौटी वा जेथा जमानत माग्ने र नदिएमा थुनामा राख्ने ।
- आयोगले अनुसन्धानको सिलसिलामा कुनै लिखत वा अन्य कुनै वस्तु, पेश गर्न वा कुनै कुराको जानकारी दिन कुनै कार्यालय वा कुनै व्यक्तिलाई लेखी पठाएकोमा वा कुनै व्यक्तिलाई उपस्थित हुन आदेश दिएकोमा सो बमोजिम नगर्ने पदाधिकारी उपर विभागीय कारबाही चलाउन निर्देशन दिने तथा जरिवाना गर्ने वा थुनामा राख्ने ।
- प्रचलित कानून बमोजिम कुनै ठाउँको तलासी लिने वा लिन लगाउने र आवश्यक देखिएका कुनै वस्तु वा कागज वा मिसिल आफ्नो कब्जामा लिने वा त्यस्तो कागज वा मिसिलको प्रतिलिपि उतार्ने ।
- भ्रष्टाचारको कसुरमा अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिको स्वदेश वा विदेशमा रहेको कुनै बैंक वा वित्तीय संस्थामा भएको कारोबार वा संचालन रोक्का राख्न आदेश दिने ।
- अभियुक्तलाई राहदानी जारी नगर्न वा जारी भइसकेको भए सो राहदानी रोक्का राख्न सम्बन्धित निकायलाई आदेश दिने ।
- अभियुक्तलाई आयोगको स्वीकृत बिना कुनै स्थान छोड्न नपाउने गरी वा कुनै स्थानमा जान नपाउने गरी आदेश दिने ।
- आयोगको अनुसन्धान र तहकिकातसम्बन्धी काम कारबाहीमा बाधा विरोध गर्नेलाई जरिवाना वा कैद वा दुवै सजाय गर्ने ।

**१.४ वार्षिक प्रतिवेदन :**

नेपालको संविधानको धारा २९४ ले संवैधानिक निकायले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन संघीय संसद् समक्ष पेश गर्ने व्यवस्था गरेको छ। संवैधानिक निकायको रूपमा आयोगले संवैधानिक प्रावधान बमोजिम वार्षिक प्रतिवेदन सम्मानीय राष्ट्रपति समक्ष पेश गर्दै आएको छ ।

**१.५ छानबिन तथा अनुसन्धान प्रक्रिया :**

नेपालको संविधानले सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग हुनसक्ने अवधारणा प्रस्तुत गरे अनुरूप सो सम्बन्धमा उजुरी दिने प्रक्रियालाई कानूनले निम्नानुसार व्यवस्था गरेको छ :

**अनुचित कार्यको उजुरी** : कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ ले तोकेको ढाँचामा उजुरी दिनुपर्ने र निवेदकले सनाखत समेत गर्नुपर्नेछ। अनुचित कार्य उपरको उजुरीमा अनुसन्धान गर्दै जाँदा

भ्रष्टाचारको कसुर गरेको देखिन गएमा भ्रष्टाचारको कसुर अन्तर्गत नै कारबाही गरिन्छ। तर सार्वजनिक चासोको विषय भएको उजुरीको हकमा भने सनाखतको आवश्यकता पर्दैन।

**भ्रष्टाचारको उजुरी** : भ्रष्टाचारको सम्बन्धमा कसैको उजुरी वा अन्य कुनै स्रोतबाट प्राप्त जानकारीको आधारमा आयोगले छानबिन, अनुसन्धान तहकिकात गर्न वा अन्य कारबाही चलाउन सक्दछ र भ्रष्टाचारको उजुरी उपर अनुसन्धान गर्दै जाँदा अनुचित कार्य भएको पाइएमा अनुचित कार्यमा समेत कारबाही गर्न सकिने छ।

**आयोगले स्वयं जानकारीमा लिई कारबाही गर्न सक्ने** : आयोगले आफ्नो अधिकार क्षेत्रभित्र पर्ने कुनै पनि विषयमा अनुसन्धानको प्रक्रिया थाल्न सक्नेछ।

**प्रारम्भिक छानबिनको प्रक्रिया** : आयोग समक्ष परेका कुनै पनि उजुरी निवेदन वा आयोग स्वयंले प्राप्त गरेको जानकारी उपर प्रारम्भिक छानबिनको क्रममा कारबाही गर्नुपर्ने वा नपर्ने निक्यौंल मूलतः निम्न तथ्यहरूको आधारमा गर्ने गरेको छ :

क) अनुसन्धानको विषय वस्तु आयोगको क्षेत्राधिकारभित्र पर्छ, पर्दैन ?

ख) उल्लेखित विषयको गम्भीरता के कति छ ?

ग) उल्लेखित आरोपको स्वरूप तथ्यपूर्ण देखिएमा त्यसमा कुन कुन निकायका कुन कुन पदाधिकारीको संलग्नता रहेको छ ?

घ) विवादास्पद कार्य वा निर्णयबाट कसलाई के कति हानि नोक्सानी वा फाइदा हुन गएको छ ?

ङ) विवादित कार्यबारे कुनै कार्यालय वा अदालतमा मुद्दा मामिला चलिरहेको वा मुद्दा चली निर्णय भएको वा तत्सम्बन्धमा कुनै विवादित वा अन्य कारबाही भएको छ, छैन ?

च) विवादित कार्य भए गरेको मितिका आधारमा हदम्याद बाँकी छ, छैन ?

आयोगमा पर्न आएको अख्तियार दुरुपयोगसम्बन्धी उजुरी अध्ययन गर्दा आयोगले प्रारम्भिक छानबिन गर्नुपर्ने देखेमा आयोग आफैंले वा अन्य सरकारी निकाय वा संस्था वा अधिकारी मार्फत प्रारम्भिक छानबिन गर्न गराउन सक्दछ। आयोगमा पर्न आएको उजुरीमा प्रारम्भिक छानबिन गर्ने क्रममा देहाय बमोजिमको कुनै अवस्था विद्यमान भएमा आयोगले त्यस्तो उजुरी कुनै कारबाही नगरी तामेलीमा राख्न सक्दछ।

क) सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र बाहेक अन्य कानूनी उपचार भएकोमा त्यसको अवलम्बन नगरी अनुचित कार्यसम्बन्धी उजुरी दिएमा ।

ख) ऐनको हदम्याद नाघेको ।

ग) आयोगको अधिकार र कार्यक्षेत्रभित्रको विषय नभएको ।

घ) अदालतमा मुद्दा परिरहेको विषयको ।

ङ) तथ्ययुक्त आधार नभएको ।

च) दुःख दिने मनसायको र

छ) मामुली कुरासम्बन्धी ।

तामेलीमा राख्नुपर्ने उपयुक्त आधार नभएका विषयहरूमा प्रारम्भिक छानबिनको क्रममा अख्तियारको दुरुपयोग भएको देखिन आएमा विस्तृत अनुसन्धान तहकिकात गर्नको निमित्त आयोगबाट अनुसन्धान अधिकृत नियुक्त गरी कारबाही अगाडि बढाइन्छ। विषयवस्तुको

गाम्भीयर्ता, प्रकृति र प्राप्त सूचनाहरूको आधारमा आयोगले एकैपटक विस्तृत अनुसन्धान पनि गर्न सक्दछ।

**विस्तृत अनुसन्धान तहकिकातको प्रक्रिया** : प्रारम्भिक छानबिनबाट विस्तृत अनुसन्धान गर्नुपर्ने वा सिधै विस्तृत अनुसन्धान गर्नुपर्ने देखिएमा अनुसन्धान अधिकृत नियुक्त गरिन्छ । अनुसन्धान अधिकृतले सम्बन्धित आयुक्तको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा आरोपित विषयहरूका बारेमा सम्बन्धित व्यक्तिहरूको बयान वा लिखित जवाफ लिने, आवश्यकता अनुसार अन्य थप प्रमाणहरू संकलन गर्ने लगायतका अनुसन्धानको क्रममा आवश्यक देखिएका कार्यहरू सम्पन्न गरी सोही आधारमा अनुसन्धान प्रतिवेदन तयार गरी आयोगमा पेश गर्न सचिव मार्फत आयुक्त समक्ष प्रस्तुत गर्दछ। आयुक्तबाट त्यस्तो प्रतिवेदन सहितको मिसिल अध्ययन पश्चात् अनुसन्धान पूरा नभएको पाइएमा थप अनुसन्धानको आदेश हुन सक्छ। अनुसन्धान पूरा भई पेश हुन आएको प्रतिवेदनलाई आयोग समक्ष पेश गर्ने आदेश हुन्छ। त्यस्तो प्रतिवेदन आयोगमा छलफल गरी आरोपित कसुरको मात्रा, विवादको गाम्भीर्यता, प्रकृति एवं संकलित प्रमाणको प्रामाणिकता समेतलाई दृष्टिगत गरी मुद्दा दायर गर्ने वा विभागीय कारबाही वा अन्य कारबाहीको सिफारिस गर्ने वा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने वा सुझाव दिने वा केही कारबाही गरिरहन नपर्ने गरी उजुरी तामेलीमा राख्ने निर्णय गरिन्छ। आयोगको निर्णयको कार्यान्वयन आयोगको सचिवबाट हुन्छ।

### १.६ आयोगको कार्यसम्पादनसँग सम्बन्धित मुख्य कानूनहरू :

- नेपालको संविधान, २०७२
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- भ्रष्टाचार निवारण ऐन, २०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७०
- अनुसन्धानसम्बन्धी निर्देशिकाहरू,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, पदाधिकारी एवं कर्मचारीहरूको आचारसंहिता, २०७३

### १.७ प्रशासनिक संगठन :

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवालयको प्रमुखमा नेपाल सरकारको राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ । आयोगको संगठन तालिका अनुसूची-१ मा र कर्मचारीहरूको स्वीकृत दरबन्दी संख्या अनुसूची-२ मा उल्लेख गरिएको छ ।

### १.८ आयोगको आन्तरिक कार्यविभाजन, बैठक र निर्णय :

प्रमुख आयुक्त र आयुक्तहरू बीचको कार्यविभाजन र निर्णय प्रक्रिया अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७० बनाई निश्चित गरिएको छ। आन्तरिक कार्यविधिका अन्य व्यवस्थाहरू आयोगको कार्यविधि एवं निर्णयहरूद्वारा व्यवस्थित गरिएका छन् । आयोगको महाशाखा वा अनुसन्धान अधिकृतले अनुसन्धान कार्य सम्पन्न गरी सचिव मार्फत सम्बन्धित आयुक्त समक्ष पेश गरेको कुनै विषयमा सम्बन्धित आयुक्तबाट आयोगमा पेश गर्ने आदेश भएका विषयहरू वा अन्य नीतिगत निर्णय हुनुपर्ने विषयहरूको कार्यसूची प्रमुख आयुक्तको निर्देशनमा सचिवबाट तय गरिन्छ। यसरी कार्यसूची तयार भएपछि विषयको गाम्भीर्यता, जटिलता र शीघ्र निर्णयको आवश्यकतालाई

दृष्टिगत गरी प्रमुख आयुक्तको निर्देशन अनुसार कुनै पनि समयमा आयोगको बैठक बसी निर्णय हुने व्यवस्था छ ।

**१.९ प्रत्यायोजित अधिकार अन्तर्गत भएका काम कारबाही :**

नेपाल राजपत्र, खण्ड ६४, संख्या ३४, भाग ४ मिति २०७१।९।२८ मा प्रकाशित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सूचना बमोजिम ताप्लेजुङ, पाँचथर, संखुवासभा, भोजपुर, सोलुखुम्बु, ओखलढुंगा, खोटाङ, धादिङ, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, मनाङ, मुस्ताङ, गोरखा, लमजुङ, गुल्मी, अर्घाखाँची, हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालिकोट, जाजरकोट, रुकुम, रोल्पा, सल्यान, प्यूठान, बैतडी, बझाङ, बाजुरा र अछाम गरी ३२ जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू तथा उक्त जिल्लाका जिल्ला सरकारी वकिल कार्यालयका सरकारी वकिलहरूलाई तोकिएको शर्त बमोजिम आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ ।

**१.१० बजेट व्यवस्था :**

यस आर्थिक वर्षमा आयोगको लागि छुट्याइएको कुल बजेट रु.१,०२,०७,३५,११२।- मा रु.७३,०१,५७,६४४।०६ पैसा निकासा भई त्यत्ति नै रकम खर्च भएको छ भने यस अवधिसम्म आयोगमा कुनै पनि बेरुजु रहेको छैन । साथै आयोगको विनियोजन, निकासा, खर्च, राजस्व आम्दानी तथा धरौटीको विवरण अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

# परिच्छेद- २
# संस्थागत सुदृढीकरणमा आयोगको प्रयास

अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचारविरुद्ध कार्य गर्ने एक मात्र संवैधानिक निकाय हो । नेपाललाई भ्रष्टाचारमुक्त मुलुकको रूपमा स्थापित गर्ने दूरदृष्टिका साथ आयोगले संस्थागत रणनीति योजना (२०१४–२०१९) जारी गरिसकेको छ । सोही अनुरूप आफ्ना कार्यहरू सञ्चालन गर्न भ्रष्टाचारविरुद्धका रणनीति, योजना र कार्यक्रमहरू तय गरेको छ । आयोगले भ्रष्टाचारविरुद्ध तीन किसिमका रणनीतिहरू (दण्डात्मक, निरोधात्मक तथा प्रवर्द्धनात्मक) तय गरेको छ । उक्त रणनीतिहरूको व्यावहारिक तथा सफल कार्यान्वयनका लागि र खासगरीकन दण्डात्मक रणनीतिको सफल कार्यान्वयनका लागि आयोगको क्षमता अभिवृद्धि महत्वपूर्ण रहेको छ।भष्टाचारजन्य कार्यहरूमा नवीनतम प्रविधिको प्रयोग हुन थालेको सन्दर्भमा आयोगलाई नवीनतम प्रविधिहरूले युक्त बनाउँदै आयोगका दैनिक कार्यसञ्चालन तथा अनुसन्धान सम्बन्धी कार्यहरू सूचना तथा सञ्चार प्रविधिमा आधारित बनाउन तथा आयोगमा कार्यरत जनशक्तिको अनुसन्धान तथा अभियोजन क्षमता अभिवृद्धि गराउन विगतमा झै आ.व.०७२।७३ मा विभिन्न कार्यहरू सम्पन्न भएका छन् । आर्थिक वर्ष ०७२।७३ मा आयोगको संस्थागत सुदृढीकरण सम्बन्धमा निम्न कार्यहरू सम्पन्न भएका छन् ।

**आयोगमा सूचना तथा सञ्चारसम्बन्धी उपकरणहरूको जडान :-** यस आर्थिक वर्षमा आयोगका दैनिक कार्य सञ्चालनसम्बन्धी गतिविधि स्वचालित बनाउने क्रममा सूचना प्रविधिमैत्री विभिन्न उपकरणहरू जडान गरिएका छन्।यस अन्तर्गत दैनिक कार्य सम्पादनमा सहयोगी प्रविधिदेखि अनुसन्धानलाई सघाउ पुऱ्याउने प्रविधिहरू समेत रहेका छन् ।यस अन्तर्गत Cyber Forensic Equipment, Cyber Lab, केन्द्र तथा क्षेत्रबीच सम्बन्धका लागि Video Conferencing र आयोगको सुरक्षा तथा अन्य गतिविधि निरीक्षणका लागि कार्यालय परिसर तथा कार्यकक्षहरूमा CCTV जडान प्रमुख रहेका छन् । Cyber Forensic Equipment तथा Cyber Lab को माध्यमबाट अनुसन्धानको सिलसिलामा प्रमाण जुटाउन विशेष सहयोग पुग्ने र अनुसन्धानलाई प्रमाणमा आधारित बनाउन उपयोगी हुने विश्वास गरिएको छ ।

**आयोगको भौतिक पूर्वाधार निर्माण :–** आयोगको दरबन्दी पुनरावलोकन भई कर्मचारी संख्या बढेको सन्दर्भमा आयोगको केन्द्रमा थप भवन निर्माण कार्य जारी रहेको छ । उक्त विस्तारित प्रशासनिक भवन आगामी आर्थिक वर्षभित्रै सम्पन्न हुने गरी बहुवर्षीय ठेक्का मार्फत निर्माण भइरहेको छ । त्यसैगरी आयोगको क्षेत्रीय तथा सम्पर्क कार्यालयहरू भाडामा तथा अन्य सरकारी निकायको भवनमा रहेका कारण कार्य सम्पादनमा कठिनाइ आइपरेको विषयलाई मध्यनजर गरी प्रशासकीय भवन निर्माण कार्य गरिएको छ । हाल आयोगको क्षेत्रीय कार्यालय हेटौंडा तथा सम्पर्क कार्यालय इटहरी, बुटवल, नेपालगञ्ज र महेन्द्रनगरका प्रशासनिक भवनहरू निर्माणका क्रममा रहेका छन् । उल्लेखित भवन निर्माणबाट आयोगको कार्यसम्पादनमा थप सहजता तथा छरितोपना आउने विश्वास लिइएको छ ।

**सौर्य ऊर्जा प्रणाली जडान :–** आयोगले दैनिक कार्यसञ्चालनमा प्रविधिहरूको गहन उपयोग गरिरहेको सन्दर्भमा विद्युतको नियमित आपूर्ति अत्यावश्यक रहेकोले त्यसको सुनिश्चितताका लागि आयोग परिसरभित्र ५०० किलोवाट क्षमताको सौर्य ऊर्जा प्रणाली जडान गर्ने कार्य सुरु भएको छ । साथै उक्त सौर्य ऊर्जाको केही अंश राष्ट्रिय प्रसारणमा जोडिने व्यवस्थासमेत गरिएको छ ।

**जनशक्ति विकाससम्बन्धी कार्य :-** आयोगमा कार्यरत कर्मचारीहरूको अनुसन्धान तथा अभियोजन क्षमता अभिवृद्धिका लागि स्वदेशी तथा विदेशी संस्थाहरूबाट सञ्चालित विभिन्न तालिम तथा प्रशिक्षणमा सहभागिता गराइएको छ। साथै आयोगले कतिपय तालिम तथा प्रशिक्षणहरू आन्तरिक रूपमा समेत सञ्चालन गरेको छ ।

आर्थिक वर्ष ०७२/७३ मा आयोगमा आन्तरिक रूपमा देहाय बमोजिम तालिम तथा प्रशिक्षण सञ्चालन गरिएको छ :-

| सि.नं. | तालिम | सञ्चालन अवधि | सहभागीको संख्या |
|---|---|---|---|
| १. | स्टिंग अपरेसनसम्बन्धी तालिम | २०७२ साउन १४ देखि १५ | ३५ |
| २. | अभिमुखीकरण तालिम | २०७२ भाद्र १० देखि ११ | १५ |
| ३. | अनुसन्धान पद्धति तथा विधि विषयक एक दिने प्रशिक्षण | २०७२ असोज १ | ६१ |
| ४. | अनुसन्धानसम्बन्धी आधारभूत प्रशिक्षण | २०७२ पुस २९ देखि माघ ४ | १९ |
| ५. | उजुरी व्यवस्थापन प्रणालीसम्बन्धी तालिम | २०७२ फागुन १७ देखि १९ | २६ |
| ६. | अनुसन्धानसम्बन्धी अभिमुखीकरण | २०७२ फागुन २० देखि २१ | ९ |
| ७. | पोलिग्राफिक उपयोगसम्बन्धी एक दिवसीय प्रशिक्षण | २०७२ चैत ५ | ६२ |
| ८. | अनुसन्धान अधिकृतहरूका लागि आधारभूत प्रशिक्षण | २०७२ चैत १२ देखि १४ | ४४ |
| ९. | टार्गेट आइडेन्टिफकेसन तालिम | २०७३ वैशाख ५ देखि ८ | २९ |

त्यसैगरी आर्थिक वर्ष ०७२/७३ मा आयोगका कर्मचारीहरू मित्र राष्ट्र तथा अन्तर्राष्ट्रिय संघ संगठनहरूबाट सञ्चालित देहायका तालिम, प्रशिक्षण लगायतका कार्यक्रमहरूमा सहभागी भएका छन् :-

| सि.नं. | तालिम कार्यक्रम | सहभागी संख्या | स्थान | अवधि |
|---|---|---|---|---|
| १. | Public Finance Management | १ | इटली | २७ देखि ३१ जुलाई २०१५ |
| २. | Young Leaders Training Program | २ | जापान | २८ सेप्टेम्बर १५ अक्टोबर २०१५ |
| ३. | 16th International Anti-Corruption Conference (IACC) | १ | मलेसिया | २ देखि ४ सेप्टेम्बर २०१५ |
| ४. | 16th Course on Civilian, Police and Military Relations Course (CPM16) | २ | इटालीको भिसेन्ज | ४ नोभेम्बर देखि १ डिसेम्बर २०१५ |

| | | | | |
|---|---|---|---|---|
| ५. | Vital Installation security विषयक तालिम | १ | भारत | २०७२ भाद्र २१ देखि आश्विन २ |
| ६. | The Asian African Practisioners' Meeting on the Political Finance Regulation and Corruption Eradication. | १ | इन्डोनेसिया | २० देखि २२ अक्टोबर २०१५ |
| ७. | 6th Annual Interpol-Star Global Focal Points Conference on Asset Recovery । | १ | भारत | १७ देखि १९ नोभेम्बर २०१५ |
| ८. | Tibet Autonomous Region अध्ययन भ्रमणमा | ३ | चीन | २ देखि ७ नोभेम्बर २०१५ |
| ९. | The 6th Course on Training Building (TBO6) French. | २ | इटलीको भिसेन्ज | २७ जनवरीदेखि १६ फेब्रुअरी २०१६ |
| १०. | Capacity Building Program for the Nepali commission for the Investigation of Abuse of Authority (Nepal)" | १२ | दक्षिण कोरिया | ६ देखि १५ डिसेम्बर २०१५ |
| ११. | Fourth Gender Protection Course (GP04). | ३ | इटलीको भिसेन्ज | ९-२२ मार्च २०१६ |
| १२. | Course on Civilian, Police & Military in PSos (CPM18). | ३ | इटलीको भिसेन्ज | ९-२२ मार्च २०१६ |
| १३. | Disaster Management course. | १ | भारत | ४-१८ डिसेम्बर २०१६ |
| १४. | Course on Document Examination for Criminal Justice Functionaries. | १ | भारत | ९-११ डिसेम्बर २०१६ |
| १५. | Investigation of Cyber/Computer Crimes Including Mobile Forensics and Plastic Card/E-Banking Frauds. | १६ | भारत | १५-२६ फ्रेबुअरी २०१६ |
| १६. | Conference on Safety of Powered Two-wheeler. | १ | भारत | फ्रेबुअरी १२ देखि १६ सम्म २०१६ |
| १७. | Invitation to a Reunion Program for GRIPS Graduates of 2000 to 2004 | १ | जापान | फेब्रुअरी २८ देखि ४ मार्च २०१६ |
| १८. | Governance and Anti-Corruption: The Methods and Tools Behind an Effective Anti-Corruption Strategy. | १५ | थाइल्याण्ड | २ देखि ८ मे २०१६ |
| १९. | International Cooperation in Capability Building for Developing Countries | ४ | चीन | ५ देखि २५ मे २०१६ |
| २०. | Investigations of Cases of Abuse of Official Position, Illicit Enrichment Including Procurement and Contract | १५ | भारत | ९ देखि २० मे २०१६ |

| | | | | |
|---|---|---|---|---|
| | Frauds | | | |
| २१. | Governance and Anti-Corruption: The Methods and Tools Behind an Effective Anti-Corruption Strategy | १५ | थाइल्याण्ड | २३ देखि २९ मे २०१६ |
| २२. | Governance and Anti-Corruption: The Methods and Tools Behind an Effective Anti-Corruption Strategy | १५ | थाइल्याण्ड | १३-१८ जुन २०१६ |
| २३. | Seminar on Public Administration for Civil Servants of Asian Countries 2016 | ६ | चीन | २१ जुनदेखि ११ जुलाई २०१६ सम्म |
| २४. | Singapore's Anti-Corruption Strategies | २ | सिंगापुर | २६ जुनदेखि १ जुलाई २०१६ सम्म |
| २५. | Governance and Anti-Corruption: The Methods and Tools Behind an Effective Anti-Corruption Strategy | २६ | थाइल्याण्ड | २७ जुनदेखि ३ जुलाई २०१६ सम्म |
| २६. | International Anti-Corruption Academy (IACA) Summer Academy Training Program | १ | अष्ट्रिया | १ जुलाईदेखि ८ जुलाई २०१६ सम्म |

# परिच्छेद- ३
# आयोगका अन्तर्राष्ट्रिय सम्बन्ध तथा सहकार्यहरू

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ख. को उपदफा (१) ले आयोगलाई भ्रष्टाचार निवारण वा नियन्त्रण गर्ने उद्देश्यले गठन भएका राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थासँग आवश्यक समन्वय कायम गर्न तथा त्यस्ता संस्थासँग आपसी सम्बन्ध र सहयोग वृद्धि गर्न सक्ने व्यवस्था गरे बमोजिम आयोगले विगतदेखि नै भ्रष्टाचार नियन्त्रण सम्बन्धमा विभिन्न कार्यहरू खासगरीकन पारस्परिक सहयोग, सूचना आदान प्रदान, जनशक्ति विकास जस्ता क्षेत्रमा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सहयोग, समन्वय र सहकार्यसम्बन्धी कार्यहरू गर्दै आएको छ । त्यसैगरी आयोगको संस्थागत रणनीति (२०१४-२०१९) अन्तर्गत पनि अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार र साझेदारी प्रवर्द्धनलाई परिपूरक रणनीतिको रूपमा अंगीकार गरिएको छ। जस अन्तर्गत भ्रष्टाचार नियन्त्रणमा संलग्न विभिन्न अन्तर्राष्ट्रिय संघसंस्था तथा संगठनहरूको सदस्यता प्राप्त गर्ने र सहकार्य प्रवर्द्धन गर्ने, भ्रष्टाचारविरुद्धको विश्वव्यापी अभियानका लागि विभिन्न अन्तर्राष्ट्रिय सम्मेलन, गोष्ठी तथा बैठकहरूमा सहभागिता विस्तार गर्ने एवं भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न क्षेत्रीय र अन्तर्राष्ट्रिय सम्मेलन तथा बैठकहरूको आयोजना गरी अन्तर्राष्ट्रिय सम्बन्ध र सहकार्य विस्तार गर्ने उद्देश्य रहेको छ । उक्त उद्देश्य अनुरूप नै आयोगबाट अन्तर्राष्ट्रिय सम्बन्ध तथा सहकार्यहरू अभिवृद्धि सम्बन्धमा आर्थिक वर्ष ०७२/७३ देहायका गतिविधिहरू भएका छन् :-

### १. माननीय प्रमुख आयुक्तको वैदेशिक भ्रमण

भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा दुई पक्षीय सहयोग र सहकार्य अभिवृद्धि गर्ने सिलसिलामा माननीय प्रमुख आयुक्त लोकमान सिंह कार्कीले आर्थिक वर्ष ०७२/७३ मा देहायका मुलुकहरूको भ्रमण गर्नुभएको छ :-

| क्र.सं. | देश | भ्रमण अवधि | निमन्त्रणा गर्ने निकाय/पदाधिकारी |
|---|---|---|---|
| १. | तिब्बत | २-७ नोभेम्बर २०१५ | अली प्रान्तको गभर्नर |
| २. | फ्रान्स | १२-१४ जुन २०१६ | Central Service of Prevention of Corruption & OECD |
| ३. | इटाली | १५-१६ जुन २०१६ | Italian Anti-Corruption National Authority (IACA) |
| ४. | मोनाको | १७-१९ जुन २०१६ | मोनाको उच्च अदालत |
| ५. | पोर्चुगल | २०-२२ जुन २०१६ | Court of Auditors |

उल्लिखित भ्रमणहरूका क्रममा सम्बन्धित मुलुकहरूसँग भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि द्विपक्षीय सम्बन्ध विस्तार तथा सहकार्य अभिवृद्धि गर्ने सम्बन्धमा छलफल भएको थियो ।

### (२) माननीय प्रमुख आयुक्तसँग नेपालस्थित कूटनीतिक नियोग प्रमुखहरूको भेटः-

आयोगका माननीय प्रमुख आयुक्तसँग आ.व. ०७२/७३ मा देहायबमोजिमका कूटनीतिक नियोगका प्रमुखहरूले आयोगमा भेट गर्नुभएको थियो ।

| क्र.सं. | निकाय/पदाधिकारी | मिति |
|---|---|---|
| १. | संयुक्त राष्ट्रसंघ विकास कार्यक्रमका नेपाल नियोगका निर्देशक Renaud Myer | २०७२ साउन १ गते |
| २. | नेपालका लागि श्रीलंकाका राजदूत महामहिम W.M. Senevirathna | २०७३ जेठ २८ गते |
| ३. | नेपालका लागि फ्रान्सका राजदूत महामहिम Yves Carmona | २०७३ जेठ २५ गते |

उक्त अवसरमा द्विपक्षीय हित, सुशासन र भ्रष्टाचार नियन्णका विषयमा छलफल भएको थियो ।

## (३) अन्तर्राष्ट्रिय सभा सम्मेलनमा सहभागिता

**Conference of the state parties to the United Nations Convention against Corruption मा नेपालको सहभागिता :-**

२१ अक्टोबरदेखि ६ नोभेम्बर २०१५ सम्म रुसी महासंघको सेन्ट पिटर्सबर्गमा आयोजित Conference of the state parties to the united nations Convention against Corruption छैठौं सत्र तथा Annual conference and General Meeting of the international Association of International Anti-Corruption Authorities (IAACA) मा माननीय आयुक्त केशवप्रसाद बरालको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डलले सहभागिता जनायो । प्रतिनिधिमण्डलका अन्य सदस्यहरूमा कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिव भेषराज शर्मा, आयोगका सहसचिव श्री कृष्णहरि पुष्कर तथा उपन्यायाधिवक्ता श्री पदमराज पाण्डे र प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका उप-सचिव श्री केशवराज ढकाल रहनुभएको थियो ।

नेपालको तर्फबाट कार्यक्रममा राखिएको General Statement मा भ्रष्टाचारविरुद्धको महासन्धिलाई विश्वले भ्रष्टाचारविरुद्धको एकीकृत ढाँचाको रूपमा स्वीकार गरेको र नेपालले समेत यसलाई भ्रष्टाचार नियन्त्रणको मार्गदर्शक सोचको रूपमा लिएको धारणा व्यक्त गरिएको थियो । साथै यसले संगठित अपराध, लागू औषध ओसारपसार, मानव बेचबिखन, मुद्रा निर्मलीकरण तथा आतकंवादका विरुद्ध अन्तर्राष्ट्रिय हातेमालोलाई अभिवृद्धि गर्न सघाउ पुऱ्याउने कुरा उल्लेख गरिएको थियो । भ्रष्टाचारले आर्थिक वृद्धि, स्थायित्व, दिगो विकास, लोकतान्त्रिक मूल्य र मान्यता, शान्ति र सुरक्षा तथा कानूनी शासन बहालीमा समेत आघात पुऱ्याउने तथ्यलाई मनन गरेर नै महासन्धिका प्रावधानहरूलाई लागू गर्न विभिन्न उपायहरू अवलम्बन गरिएको तथ्य प्रस्तुत गरिएको थियो । ६६ देशका १२० जना प्रतिनिधिहरूको सहभागिता रहेको उक्त कार्यक्रमले भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा विभिन्न Resolution हरू पारित गरेको र २०१६ को Conference and General Meeting चीनको बेइजिङमा आयोजना गर्ने निर्णय गरी सेन्टपिटर्सबर्ग घोषणापत्र जारी गर्दै समापन भएको थियो ।

**ADB/OECD Anti-Corruption Initiative मा आयोगको सहभागिता :-**

१८ देखि २० नोभेम्बर २०१५ सम्म मंगोलियाको राजधानी उलनओटरमा ADB/OECD Anti-Corruption Initiative for Asia and the Pacific तथा मंगोलिया सरकारको आयोजनामा भएको बीसौं स्टेरिङ समूहको मिटिङ तथा तेह्रौं क्षेत्रीय सेमिनारमा माननीय आयुक्त श्री राजनारायण पाठकको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डलले सहभागिता जनायो । प्रतिनिधिमण्डलका अन्य सदस्यहरुमा आयोगका सहसचिव बेगेन्द्रराज शर्मा पौडेल तथा उपन्यायाधिवक्ता श्री ईश्वरीप्रसाद ढकाल रहनुभएको थियो । उक्त कार्यक्रममा माननीय आयुक्तले नेपालको नयाँ संवैधानिक व्यवस्थाको परिप्रेक्ष्यमा आयोगको भूमिकामा अन्तर्राष्ट्रिय सहयोगतर्फ जोड दिनुभयो । Regional Seminar अन्तर्गत नै

सञ्चालित Pilot Meeting of the Law Enforcement Practitioners Network मा Illicit Financial Flows तथा Asset Recovery सम्बन्धमा नेपाली कानूनी व्यवस्थाको बारेमा समेत जानकारी गराइएको थियो ।

**आयोगका माननीय आयुक्तहरूको थाइल्याण्ड भ्रमण :-**

आ.व. ०७२/७३ मा Asian Institute of Technology (AIT), थाइल्याण्डमा आयोगका कर्मचारीहरूको अनुसन्धान तथा अभियोजन क्षमता अभिवृद्धिका लागि Training Program on Governance and Anti-Corruption: The Methods and Tools Behind an Effective Corruption Eradication Strategy विषयक तालिम कार्यक्रमहरु सञ्चालन भएको र उक्त कार्यक्रमहरूको समापनको अवसरमा आयोगका माननीय आयुक्तहरूको समेत उपस्थिति रहेको थियो ।

| | |
|---|---|
| (१) माननीय दीप बस्न्यात | मिति २०७३।१।२४ देखि २८ |
| (२) माननीय डा. सावित्री थापा गुरुङ | मिति २०७३।२।१४ देखि १८ |
| (३) माननीय नवीनकुमार घिमिरे | मिति २०७३।२।३१ देखि आषाढ ४ |
| (४) माननीय गणेशराज जोशी | मिति २०७३।३।१७ देखि २२ |

# परिच्छेद- ४
# भ्रष्टाचार नियन्त्रणका निरोधात्मक र प्रवर्द्धनात्मक प्रयासहरू

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ख. को उपदफा (२) मा भ्रष्टाचार तथा अनुचित कार्य हुन नदिनका लागि निरोधात्मक उपायहरूको खोजी, अनुसन्धान र प्रक्रिया विकास तथा तत्सम्बन्धमा जानकारी अभिवृद्धि गर्न आयोगले आवश्यक ठानेका प्रवर्द्धनात्मक कार्यहरू गर्न सक्ने व्यवस्था रहेको छ ।

आयोगको संस्थागत रणनीति (२०१४-२०१९) ले समेत निरोधात्मक र प्रवर्द्धनात्मक उपाय अन्तर्गत विभिन्न क्रियाकलापहरू पहिचान गरेको छ । जस अन्तर्गत भ्रष्टाचारको जोखिमपूर्ण क्षेत्र तथा विद्यमान पद्धतिमा भ्रष्टाचारका प्रमुख कारणहरूको पहिचानमा जोड दिने, भ्रष्टाचार न्यूनीकरण र निरोधका लागि सरकारले अपनाउनुपर्ने उपायहरूका बारे सरकारलाई नीतिगत सुझाव दिने र भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न निकायहरूबाट सम्पादन हुने प्रयासहरूबीच समन्वय र तिनको अनुगमन तथा मूल्यांकन गर्ने जस्ता विषयहरूलाई निरोधात्मक उपाय अन्तर्गत प्रस्ताव गरिएको छ । त्यसैगरी भ्रष्टाचार नियन्त्रणका लागि राजनीतिक इच्छा शक्ति र प्रतिबद्धता अभिवृद्धिका लागि अग्रसर हुने र सुशासन स्थापना तथा भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि गर्न प्रयासरत नागरिक समाज तथा विभिन्न निकायहरूसँग सहकार्य प्रवर्द्धन र सहयोग अभिवृद्धि गर्ने जस्ता क्रियाकलापलाई प्रवर्द्धनात्मक उपायको रूपमा प्रस्ताव गरिएको छ।

निरोधात्मक कार्यक्रम अन्तर्गत आयोगले व्यावसायिक र संगठित क्षेत्रको आचारसंहिता तर्जुमा गरी लागू गराउने प्रयत्न गर्दै आएको छ । यसक्रममा विभिन्न मन्त्रालय/निकायहरूमा फोकल प्वाइन्ट तोकी तिनीहरू मार्फत आचारसंहिताको नियमित अनुगमन गर्ने कार्य भएको छ । राष्ट्रिय गौरवका आयोजनाहरूको कार्यान्वयनलाई चुस्त तुल्याउन तिनको आवधिक अनुगमन गरिएको छ । भौतिक पूर्वाधारहरूको निर्माण, मर्मत सम्भार र व्यवस्थापनमा गुणस्तर कायम गर्न, निर्माणाधीन संरचनाहरूलाई यथासमयमा सम्पन्न गर्न र सार्वजनिक खरिद प्रणालीमा देखिएका विकृतिहरू नियन्त्रण गर्न आयोगले आयोजना प्रस्तावदेखि नै निरन्तर अनुगमन गर्ने नीति लिएको छ ।

स्थलगत रूपमै विभिन्न अनुसन्धान टोलीहरू परिचालन गरी भ्रष्टाचारविरुद्धको अनुगमनलाई परिणाममुखी तुल्याउने विषयमा पनि आयोग सक्रिय रहँदै आएको छ । यसका लागि क्षेत्रीय र सम्पर्क कार्यालयहरूलाई विशेष रूपमा परिचालित गरिएको छ । सार्वजनिक निकायहरूमा SOP तयार गर्न लगाउने र दिग्दर्शन, कार्यविधि वा विनियम बनाई कार्यसम्पादनलाई सरलीकरण गर्न लगाउने विषयमा पनि आयोगले जोड दिँदै आएको छ । आयोगले आफूलाई प्राप्त हुने गुनासाहरूको परिमाण, विषयको गाम्भीर्यता र त्यसबाट पर्न सक्ने प्रभाव समेतलाई दृष्टिगत गरी विशेषत: शिक्षा, स्वास्थ्य, भूमि प्रशासन, नागरिकता, राहदानी, वैदेशिक रोजगार र अध्यागमन लगायतका आमनागरिकको जनजीवनसँग प्रत्यक्ष सरोकार राख्ने क्षेत्रहरूलाई प्राथमिकतामा राखी अनुगमन गर्दै आएको छ ।

कर सञ्जाल बाहिर रहेका व्यावसायिक फर्म, कम्पनी, पेशागत व्यक्ति वा संस्था र नयाँ करदातालाई करको दायरामा ल्याउन, न्यून विजकीकरणलाई नियन्त्रण गर्न र कर भन्सार वा कुनै पनि प्रकारको राजस्व छली गर्ने कार्यलाई निरुत्साहित गर्न सम्बन्धित निकायसँग सहकार्य गरी अनुगमन र कारबाही गर्ने

नीति लिएको छ ।

सार्वजनिक निकायमा कार्यरत पदाधिकारीहरूमा जिम्मेवारी र जवाफदेहिता बहन नगर्ने तथा समयमा निर्णय नगर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने विषयलाई आयोगले प्राथमिकतामा राख्दै आएको छ । सार्वजनिक सडक विस्तार तथा पुनर्निर्माण, यातायात र विद्युत लगायतका अन्य पूर्वाधारको निर्माण, तिनीहरूको गुणस्तर कायम राख्ने विषय र समयमै आयोजना सम्पन्न गर्नुपर्ने कुरामा पनि आयोगले चासो राख्दै आएको छ । त्यसैगरी बजार अनुगमन, विविध तह र प्रकृतिका परीक्षाहरूमा कायम राख्नुपर्ने न्यूनतम मर्यादा र विभिन्न विषय सम्बन्धित उच्चशिक्षाका लागि पालना गर्नुपर्ने मापदण्ड लगायतका विषयहरूलाई पनि आयोगले प्राथमिकताका साथ अनुगमन गर्दै आएको छ । नेपाल सरकारलाई भ्रष्टाचार नियन्त्रणका लागि अर्थपूर्ण सुझावहरू दिई त्यसको कार्यान्वयनको नियमित अनुगमन समेत गरिएको छ ।

साथै आयोगले प्रवर्द्धनात्मक रणनीति अन्तर्गत पनि विभिन्न क्रियाकलापहरू सञ्चालन गरेको छ । जसअन्तर्गत भ्रष्टाचार नियन्त्रणसम्बन्धी अन्तरक्रिया/गोष्ठी सञ्चालन, सामुदायिक शिक्षासम्बन्धी स्थलगत कार्यक्रम सञ्चालन, पत्रपत्रिका तथा एफ.एम. समेतबाट सन्देशमूलक सूचनाहरू प्रकाशन/प्रसारण, ब्रोस्योर एवम् पोष्टर पम्प्लेट जस्ता सामग्रीको छपाइ तथा वितरण र नियमित रूपमा भ्रष्टाचारविरुद्धका महत्वपूर्ण लेख रचनाहरू समावेश भएका पुस्तिकाहरू प्रकाशन गर्ने गरिएको छ । त्यसका अतिरिक्त आयोगले सामाजिक सञ्जाल मार्फत प्रवर्द्धनात्मक क्रियाकलापहरूलाई प्रभावकारी तुल्याउन विभिन्न सरकारी तथा गैरसरकारी निकायसँग कार्यसंजाल स्थापित गर्ने प्रयत्न पनि गर्दै आएको छ । नागरिक समाजसँग सम्बन्ध बढाउने कुरामा पनि आयोगले जोड दिंदै आएको छ । व्यावसायिक संगठन, बुद्धिजीवी तथा राष्ट्रिय जीवनका विशिष्ट नागरिकसँग सम्बन्ध स्थापना गरी भ्रष्टाचारविरुद्ध वातावरण बनाउने, सदाचारप्रतिको आस्था बढाउने र सुशासनमा यथासम्भव बढी योगदान दिनमा आयोगले सक्रियता देखाउँदै आएको छ । यसका अतिरिक्त भ्रष्टाचारविरुद्धका राष्ट्रिय र अन्तर्राष्ट्रिय दिवसहरूलाई आयोगले विशेष भव्यताका साथ सम्पन्न गर्दै आएको छ।यस्ता क्रियाकलापहरूले आयोगको कार्यसम्पादनलाई प्रभावकारी तुल्याउन मात्र नभई भ्रष्टाचारविरुद्धको अभियानलाई जनस्तरसम्म पुर्‍याउन समेत महत्वपूर्ण योगदान गरेको छ । त्यसबाहेक आयोगको कामकारबाहीलाई प्रभावकारी बनाउन विभिन्न सरकारी र गैरसरकारी निकायहरूसगँको सहकार्यलाई र समझदारीलाई सुदृढ बनाउनेतर्फ समेत नियमित प्रयासहरू हुँदै आएको छ ।

निरोधात्मक र प्रवर्द्धनात्मक कार्य अन्तर्गत आ.व. ०७२।७३ मा निम्न बमोजिमका गतिविधिहरू सञ्चालन भएका छन् :

(क) **समन्वय बैठकहरूको आयोजना :**

विभिन्न निकायका प्रमुख तथा जिम्मेवार पदाधिकारीहरूलाई आयोगमा बोलाई माननीय प्रमुख आयुक्त र माननीय आयुक्तज्यूहरूको समुपस्थितिमा ती निकायहरूबाट प्रदान भइरहेको सेवा प्रवाहको अवस्था, समस्या तथा चुनौतीहरू एवं समाधानका उपायहरूको विषयमा समन्वय बैठक तथा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरी आवश्यक निर्देशन, सल्लाह र सुझाव मार्फत सहजीकरणको प्रयत्न गरिएको छ ।

**आ.व. ०७२।७३ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भएका समन्वयात्मक बैठकहरू**

| सि.नं. | मिति | विषय | निर्णय |
|---|---|---|---|
| १. | २०७२।१०।१४ | नेपाल वायुसेवा निगम र नेपाल नागरिक उड्डयन प्राधिकरणसँग त्रिभुवन अन्तर्राष्ट्रिय विमान | बैठकमा छलफल भई मौखिक प्रतिबद्धता प्राप्त भएको, लिखित निर्णय नभएको । |

| | | | |
|---|---|---|---|
| | | स्थलमा सेवा प्रवाह सम्बन्धमा । | |
| २. | २०७२।१०।२० | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुधार आयोजना सम्बन्धमा । | बैठकमा छलफल भई मौखिक प्रतिबद्धता प्राप्त भएको, लिखित निर्णय नभएको । |
| ३. | २०७३।०३।१५ | विभिन्न निकायहरूबाट हुने सेवा प्रवाहका सम्बन्धमा प्राप्त गुनासाहरू । | आयल निगमले Fast Track बाट आवश्यक खरिद प्रक्रिया अवलम्बन गरेर आयल निगमका लागि आवश्यक पर्ने AIR Filter DP Gauges, Hoses Pipe बाउजर लगायतका सामानहरू आवश्यकतानुसार Replace गर्ने । |
| | | | CAAN ले Technical Team मगाएर १ महिनाभित्र हवाई इन्धनसँग सम्बन्धित विषयहरूको Audit गर्ने |
| | | | आवश्यकतानुसार परराष्ट्र मन्त्रालयले सरोकारवालासँग तुरुन्तै कूटनैतिक समन्वय गर्ने। |
| | | | आपूर्ति मन्त्रालयले विषयको संवेदनशीलता र विषयको गाम्भीर्यता हेरी तत्काल आयल निगमसँग समन्वय गरी आयल निगमको procurement fast track बाट गराई इत्तेहादको Audit र Oil Safety र Security को विषय सम्बोधन गर्ने । |
| ४. | २०७३।२।१० | जग्गा जमिनको व्यवस्थापन | समाज कल्याण परिषदको स्वामित्वमा भृकुटीमण्डप परिसरमा रहेका घर, टहरा, स्टल, चौर लगायतका क्षेत्रहरूको भाडा रकम प्रयोगकर्ताले संघसंस्था तथा व्यक्तिहरूबाट अविलम्ब असुल फछ्र्यौट गराउन तर्फ आवश्यक कारबाही गर्ने । |
| ५. | २०७२।५।१ | अनुमति नलिई सञ्चालन भएको अस्पतालहरूका सम्बन्धमा । | सञ्चालन अनुमति नलिई सञ्चालनमा रहेका अस्पतालहरूको बारेमा सम्बन्धित निकायबाट अनुगमन गर्ने र कानून बमोजिम कारबाही गरी आयोगलाई जानकारी दिने । |
| ६. | २०७२।५।९ | निजी अस्पतालहरूको सञ्चालन एवं अनुमति र सञ्चालनमा रहेको निजी अस्पतालहरूमा CTEVT बाट स्वीकृति नलिई सञ्चालन भइरहेको कार्यक्रम सम्बन्धमा । | आवश्यक राष्ट्रिय स्वास्थ्य ऐन तर्जुमा गर्न, अनुमति नलिने, नवीकरण नगर्ने संस्थाहरूलाई कारबाही गर्न र निजी अस्पताल सञ्चालन सम्बन्धी मापदण्ड २०७० मा परिमार्जन गर्न स्वास्थ्य मन्त्रालयलाई लेखी पठाउने । |
| ७. | २०७२।११।२ | मन्त्रालयबाट प्रत्येक आ.व.मा सामुदायिक अस्पतालहरूलाई दिंदै आएको अनुदानको विषयमा । | अनुगमन साधनको रूपमा मन्त्रालयबाट चेक लिष्ट तयार गर्ने । |

| | | | |
|---|---|---|---|
| ८. | २०७२।९।२२ | O & M Survey सम्बन्धमा । | नेपाल सरकार कार्य विभाजन नियमावली बमोजिम वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत महावाणिज्य दूतावास कोलकातामा उपमहावाणिज्यदूत (उप-सचिव) पद कायम रहेको र परराष्ट्र मन्त्रालयको संगठन संरचनामा उपमहावाणिज्य दूत कायम भएको देखिएकोले सोही बमोजिम परराष्ट्र मन्त्रालयको O & M Survey गरी मिलान गर्न उपयुक्त हुने । |
| | | | अन्तर्राष्ट्रिय व्यापार कूटनीतिको सञ्चालन र प्रवर्द्धन गर्ने कार्यको लागि जेनेभा र कोलकत्ता स्थित नियोगहरूमा यस अघि हुने गरे झै वाणिज्य मन्त्रालयमा कार्यरत कर्मचारीबाटै अनुभव र योग्यता लगायतको आधारमा छनौट हुने गरी मापदण्ड बनाई परराष्ट्र मन्त्रालयले सामान्य प्रशासन मन्त्रालयको समन्वयमा वाणिज्य मन्त्रालयबाट छनौट भएको उपसचिवलाई सरुवा पदस्थापन गर्न उपयुक्त हुने । |
| ९. | २०७२।१०।६ | नेपाल आयल निगमबाट भइरहेको इन्धन आपूर्ति, मौज्दात र वितरण सम्बन्धमा । | इन्धन आपूर्ति वितरण प्रणाली पारदर्शी बनाउन वाणिज्य मन्त्रालय, आपूर्ति मन्त्रालय तथा नेपाल आयल निगमले प्रभावकारी संयन्त्रको व्यवस्था गरी सो को जानकारी आयोगमा गराउने । |
| | | | अत्यावश्यक सेवाहरूलाई प्राथमिकता दिई निश्चित मापदण्ड र प्रक्रियाबाट इन्धन तथा ग्यास वितरण कार्य सहज बनाउने । |
| | | | वाणिज्य मन्त्रालय, आपूर्ति मन्त्रालय तथा नेपाल आयल निगम जस्ता सम्बद्ध निकायले भण्डारण गर्ने क्षमता, इन्धन/ग्यासको वितरणमा भएको अनियमितता, कालोबजारी लगायतका विषयको उजुरीहरूको तत्काल सम्बोधन गर्ने व्यवस्था मिलाउने । |
| | | | इन्धन तथा ग्यासको वितरणमा नियमित र प्रभावकारी अनुगमनबाट अनियमितता हुन नदिई आम नागरिकले इन्धन तथा ग्यास सहज रूपमा प्राप्त गर्ने व्यवस्था मिलाउने । |
| १०. | २०७२।६।२८ | विदेशस्थित नेपाली नियोगहरूमा कार्यरत पदाधिकारी/ कर्मचारीहरूले मनपरी भत्ता खाएको सम्बन्धमा। | परराष्ट्र मन्त्रालयलाई बेरुजु फछ्र्यौट गर्न लेखी पठाउने । |

| | | | |
|---|---|---|---|
| ११. | २०७३।२।४ | परराष्ट्र मन्त्रालयका कर्मचारीहरूले वैदशिक भत्ता वापतको करयोग्य आयमा आयकर नतिरेको बारे । | परराष्ट्र मन्त्रालयलाई आयकर ऐन २०५८ तथा नेपाल सरकारको निर्णय बमोजिम वैदेशिक भत्तामा पूरा गर्नुपर्ने प्रक्रिया पूरा गरी करयोग्य आय भएमा पदाधिकारी र कर्मचारीहरूले राज्यलाई तिर्नुपर्ने आयकर तिर्ने व्यवस्था मिलाउने । |
| १२. | २०७२।१२।१८ | राष्ट्रिय बिमा संस्थान सम्बन्धमा । | राष्ट्रिय बिमा संस्थानका कर्मचारीले लिएको प्रोत्साहन भत्ता बापतको रकम कर्मचारीको चैत्र महिनाको तलब भत्ताबाट असुल उपर गर्ने र बिमा संस्थानको लेखापरीक्षण ६ महिनाभित्र गराउने । |
| १३. | २०७२।१२।१९ | राष्ट्रिय बिमा संस्थान सम्बन्धमा । | राष्ट्रिय बिमा संस्थानको आ.व.०६८।६९ देखि आ.व.०७०।७१ सम्मको लेखापरीक्षण गराउने र प्रोत्साहन भत्ता असुल उपर गर्ने । |
| १४. | २०७२।१२।८ | नगरपालिकाहरू भित्र निर्माण हुने घरको नक्सापास मापदण्डको पालना सम्बन्धमा । | |

**(ख) आयोगबाट सम्पन्न भएका प्रबर्द्धनात्मक कार्यक्रमहरू**

आ.व. ०७२/७३ मा भ्रष्टाचार नियन्त्रण सम्बन्धमा सञ्चालित विभिन्न प्रबर्द्धनात्मक कार्यक्रमहरू निम्न बमोजिम रहेका छन्।

**१. अन्तर्क्रिया र छलफल**

| क्र.स. | कार्यक्रम सञ्चालन गर्ने निकाय | कार्यक्रम सञ्चालन भएका जिल्लाहरू | कार्यक्रम संख्या | सहभागी संख्या |
|---|---|---|---|---|
| १. | पूर्वाञ्चल क्षेत्रीय कार्यालय र अन्तर्गत | धनकुटा, ताप्लेजुङ, पाँचथर, इलाम, संखुवासभा, भोजपुर, सिराहा, सप्तरी, उदयपुर, झापा, मोरङ, सुनसरी, सोलु, ओखलढुंगा, खोटाङ, तेह्रथुम । | १६ | १८५७ |
| २. | मध्यमाञ्चल क्षेत्रीय कार्यालय र अन्तर्गत | दोलखा, रामेछाम, धादिङ, सिन्धुपाल्चोक, काभ्रे, चितवन, नुवाकोट, रसुवा, मकवानपुर, बारा, पर्सा, रौतहट । | १२ | ८५२ |
| ३. | पश्चिमाञ्चल क्षेत्रीय कार्यालय र अन्तर्गत | तनहुँ, म्याग्दी, बाग्लुङ, मुस्ताङ, स्याङ्जा, लमजुङ, मनाङ, गोरखा, पर्वत, कपिलवस्तु, नवलपरासी, रुपन्देही, अर्घाखाँची, पाल्पा, गुल्मी । | १७ | १५३८ |
| ४. | मध्य पश्चिमाञ्चल क्षेत्रीय कार्यालय र अन्तर्गत | कालिकोट, जुम्ला, मुगु, जाजरकोट बाँके, दाङ, बर्दिया, डोल्पा, सुर्खेत, दैलेख, हुम्ला, रुकुम, सल्यान । | १७ | १८१२ |
| ५. | सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय र अन्तर्गत | कैलाली, कन्चनपुर, बझाङ, बैतडी, दार्चुला, डडेलधुरा, डोटी, अछाम, बाजुरा । | ९ | ११९३ |
| | जम्मा | | ६१ | ७२५२ |

**२.सामुदायिक शिक्षा कार्यक्रम**

| क्र.स. | कार्यक्रम सञ्चालन गर्ने निकाय | कार्यक्रम सञ्चालन भएका जिल्लाहरू | कार्यक्रम संख्या | सहभागी संख्या |
|---|---|---|---|---|
| १. | योजना तथा | काठमाडौं | २ | २१९ |

| | | | | |
|---|---|---|---|---|
| | अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा | | | |
| २. | पूर्वाञ्चल क्षेत्रीय कार्यालय र अन्तर्गत | धनकुटा, ताप्लेजुङ, पाँचथर, इलाम, संखुवासभा, भोजपुर, सिराहा, सप्तरी, उदयपुर, झापा, मोरङ, सुनसरी, सोलुखुम्बु, ओखलढुंगा, खोटाङ, तेह्रथुम । | १६ | १८९७ |
| ३. | मध्यमाञ्चल क्षेत्रीय कार्यालय र अन्तर्गत | दोलखा, रामेछाप, धादिङ, सिन्धुपाल्चोक, काभ्रे, चितवन, नुवाकोट, रसुवा, मकवानपुर, पर्सा, रौतहट, बारा, धनुषा, सिन्धुली, सर्लाही, महोत्तरी । | १६ | १४५२ |
| ४. | पश्चिमाञ्चल क्षेत्रीय कार्यालय र अन्तर्गत | तनहुँ, म्याग्दी, बाग्लुङ, मुस्ताङ, स्याङ्जा, गोरखा, पर्वत, कास्की, लमजुङ, कपिलवस्तु, नवलपरासी, अर्घाखाँची, रुपन्देही, पाल्पा, गुल्मी । | १७ | २२१२ |
| ५. | मध्य पश्चिमाञ्चल क्षेत्रीय कार्यालय र अन्तर्गत | सुर्खेत, जाजरकोट, सल्यान, रोल्पा, बाँके, बर्दिया, दाङ । | १६ | २०१८ |
| ६. | सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय र अन्तर्गत | बाजुरा, अछाम, बैतडी, बझाङ, दार्चुला, डोटी, धनगढी । | ११ | १२२३ |
| | जम्मा | | ७८ | ९०२१ |

**३. फोकल प्वाइन्ट बैठक :**

आयोगबाट भएका निर्णयहरू कार्यान्वयनको समीक्षा गर्न तथा भ्रष्टाचार न्यूनीकरणका लागि समसामयिक विषयहरू सम्वन्धमा विभिन्न मन्त्रालय/निकायका जिम्मेवार पदाधिकारीहरू तथा फोकल व्यक्तिहरूसँग आ.व. ०७२।७३ मा १६ वटा बैठकहरू सम्पन्न भएका छन् ।

**४. पत्रपत्रिका तथा एफ.एम. समेतबाट सन्देशमूलक सूचनाहरू प्रसारण :**

आयोगले आफ्नो वेब पेज, फेसबुक तथा ट्वीटरको माध्यमबाट एवं आयोगका क्षेत्रीय तथा सम्पर्क कार्यालयहरूबाट आ-आफ्ना कार्य क्षेत्रका स्थानीय पत्रपत्रिका तथा एफएम रेडियोहरू मार्फत भ्रष्टाचारका विरुद्धमा जनमत सिर्जना गर्ने उद्देश्यले विभिन्न सन्देशमूलक सूचनाहरू प्रसारण गर्ने गरेको छ । आयोगले भ्रष्टाचार विरोधी जनचेतना अभिवृद्धि गर्न विभिन्न प्रकारका प्रचार सामग्रीहरू प्रकाशन गरी वितरण समेत गर्ने गरेको छ ।

# परिच्छेद- ५
# भ्रष्टाचार तथा अनुचित कार्यको प्रवृत्ति विश्लेषण

आयोगमा प्रत्येक वर्ष उजुरीको संख्या बढ्दो क्रममा रहेको छ । विगत चार आर्थिक वर्षमा (०६९/७० देखि ०७२।७३) आयोगमा परेका उजुरीहरूको विश्लेषण गर्दा सबैभन्दा बढी उजुरी शिक्षा मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र भूमिसुधार तथा व्यवस्थापन मन्त्रालय अन्तर्गतका निकायहरूबाट भए गरेका कामकारबाही सम्बन्धमा रहेको देखिन्छ । तत्पश्चात स्वास्थ्य क्षेत्र, राजस्व प्रशासन, गृह प्रशासन, भौतिक पूर्वाधार, कृषि तथा वनक्षेत्रसँग सम्बन्धित उजुरीहरू समेत अधिक रहेको छ। आयोगबाट भएको छानबिन, अनुसन्धान र अनुगमनबाट उल्लिखित निकायहरू तथा अन्य सार्वजनिक निकायको कार्यसम्पादनमा देहाय प्रकृति र स्वरूपका भ्रष्टाचारजन्य र अनियमित कार्यहरू भएको देखिएको छ ।

**(क) शिक्षा क्षेत्र :-**

आयोगबाट भएका अनुसन्धानका क्रममा शिक्षक कर्मचारीहरूले सेवा प्रवेश, बढुवा तथा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पद प्राप्त गर्ने प्रयोजनका लागि नक्कली शैक्षिक प्रमाणपत्र पेश गर्ने गरेको, शिक्षक पदमा नियुक्तिका लागि झुठा अध्यापन अनुमतिपत्र प्रयोग गरेको, सम्बन्धित निकायबाट स्वीकृति नलिई अन्य शैक्षिक संस्थामा पूर्णकालीन शिक्षकको रूपमा कामकाज गर्ने गरेको, कानून विपरीत लेखापरीक्षकको नियुक्ति गरेको, म्याद समाप्त भइसकेको अस्थायी अध्यापन अनुमतिपत्रका आधारमा शिक्षक नियुक्ति गरेको, छात्रवृत्तिको रकम हिनामिना गरेको, कानून विपरीत शिक्षक नियुक्ति गरेको, प्रश्नपत्रको गोपनियता भंग गर्ने गरेको एवं विद्यालयसम्बन्धी सार्वजनिक निर्माण कार्यमा अनियमित कार्य हुने गरेको पाइएको छ । साथै कार्यस्थलमा अस्तित्व नै नभएका विद्यालयहरूको कागजी रेकर्ड मात्र खडा गरी तलब भत्ता, प्रशासनिक खर्च, विद्यार्थी छात्रवृत्ति र भौतिक निर्माण बापत सरकारी अनुदान लिई रकम हिनामिना गर्ने गरेको, विद्यालयको भौतिक पूर्वाधार तथा विद्यार्थी संख्या सम्बन्धमा झुठो विवरण पेश गरी निकासा लिई हिनामिना गरेको, विश्वविद्यालयहरूले कलेजको सम्बन्धन दिंदा वा संकाय थप गर्दा, उच्च माध्यमिक शिक्षा परिषद्ले विद्यालय सञ्चालनको स्वीकृति दिँदा र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले प्राविधिक शिक्षालयहरू सञ्चालन गर्ने अनुमति दिँदा निर्धारित मापदण्ड पूरा नगरेका संस्थाहरूलाई हचुवाको भरमा सम्बन्धन दिने गरेको देखिएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्षको किर्ते दस्तखत गरी प्रधानाध्यापकले रकम निकाल्ने, अवकाश प्राप्त पिसिएफ शिक्षकहरूलाई विस्थापित भन्दै राहत अनुदानबाट तलब भत्ता पाउने गरी नियम विपरीत नियुक्ति तथा पदस्थापना गर्ने, कर्मचारीको संचयकोष दाखिला गर्नु पर्ने रकम हिनामिना गर्ने, MBBS लगायतका छात्रवृत्ति कोटामा विद्यार्थी छनौटका लागि लिइने परीक्षाको प्रश्नपत्र परीक्षा अगावै बाहिर ल्याउने गरेको समेत पाइएको छ । यसैगरी विश्वविद्यालयका पदाधिकारी तथा कर्मचारीहरूले कार्यालयमा रुजु हाजिर भएकै अवस्थामा काज खटिएको देखाई रकम भुक्तानी लिएको, कार्यक्रम नै सञ्चालन नभएकोमा नक्कली बिल राखी भुक्तानी लिएको, नक्कली बिल बनाई इन्धनको रकम भुक्तानी लिने, नियम विपरीत आजीवन कार्यालय सहयोगीको सुविधा लिने निर्णय

गर्ने, नियम विपरीत कलेजहरूलाई सम्बन्धन दिने, कानून विपरीत चन्दा वितरण गर्ने जस्ता अनियमिततताहरू पनि अनुसन्धानको क्रममा फेला परेका छन् ।

**(ख) स्थानीय निकाय :-**

स्थानीय निकायहरूसँग सम्बन्धित उजुरीहरूको अनुसन्धानबाट सामाजिक सुरक्षा भत्ता वितरणमा अनियमितता, ग्रामीण कृषि सडक निर्माण गर्दा एक निकायबाट निर्माण भइसकेकोमा सोही सडकमा बजेट छुट्याई दुई निकायबाट काम भएको भनी दोहोरो काम देखाउने गरेको, नाता प्रमाणपत्र र नामसारीको सिफारिस गर्दा कानूनले तोके बमोजिमको प्रक्रिया र कार्यविधि अवलम्बन गर्ने नगरेको, करारमा नियुक्त कर्मचारीको अध्ययन बिदा स्वीकृति गर्ने गरेको र विनियोजित बजेटभन्दा बढी रकम कानून विपरीत खर्च गर्ने गरेको पाइएको छ ।

त्यसैगरी नक्कली भरपाई र किर्ते सहीछाप बनाई रकम बुझी लिने गरेको र कर्मचारीहरूले लिएको पेश्की रकम लामो समयसम्म फछ्र्यौट नगरी बाँकी राख्ने गरेको, निर्माण भएका आयोजनाहरूमा निर्धारित गुणस्तर कायम नभएको तर जाँचपास फरफारक गर्दा आर्थिक लाभ वा रिसवत लिई गुणस्तर कायम भएको भनी प्रमाणित गर्ने गरेको, गा.वि.स. सचिवहरू कार्यालयमा नबस्ने बरु झोलामा सरकारी कागजपत्र र छाप बोकी खाली लेटरप्याडमा छाप लगाई सिफारिसको व्यहोरा आफैं लेख्न मिल्ने गरी सेवाग्राहीलाई दिने र सो बापत रिसवत लिने, उपभोक्ता समितिको नाम राखी काम डोजरबाटै गरी उपभोक्ता समितिहरूबाट रकम हिनामिना हुने गरेको देखिन आएको छ।

**(ग) भूमि प्रशासन :-**

भूमि व्यवस्थापनसँग सम्बन्धित निकायहरूबाट कार्यसम्पादनका क्रममा अदालतबाट रोक्का रहेको जग्गा मोठ नै नभिडाई पास गर्ने, रोक्का जग्गा रोक्का छैन भनी प्रमाणित गर्ने, फिल्डबुकमा उल्लेखित किसिम र कैफियत महलमा लेखिएका विवरणहरू विपरीत सरकारी तथा सार्वजनिक जग्गा छुट जग्गा दर्ताको नाममा व्यक्ति विशेषका नाममा दर्ता गर्ने, नक्कली श्रेस्ता खडा गरी जग्गा दर्ता गर्ने, अपुताली परी नेपाल सरकारको नाममा आउने जग्गा निजी गुठी कायम गरी विभिन्न अनधिकृत व्यक्तिका नाममा दर्ता गर्ने, सेवाग्राहीलाई नक्सा ट्रेस उपलब्ध गराउँदा रिसवत लिने तथा मालपोत रसिद काट्दा अनियमितता गर्ने गरेको पाइएको छ । त्यसैगरी श्रेस्तामा वास्तविक जग्गाधनीको नाम थर र अन्य विवरण सच्याई नक्कली जग्गाधनी कायम गराउने, फिल्ड बुकमा पर्ती, जंगल वा बुट्यान जनिएको जग्गा र सरकारी, सार्वजनिक वा गुठीको जग्गा समेत व्यक्तिका नाममा दर्ता गरिदिने, जग्गा नामसारी गर्दा पालना गर्नुपर्ने कार्यविधि पालना नगरी कुनै अंशियारको हकमा असर पर्ने गरी नामसारी गरिदिने, कुनै कारणले नेपाल सरकारको नाममा आउनुपर्ने जग्गा अनधिकृत व्यक्तिका नाममा दर्ता गरिदिने र रजिष्ट्रेसन पारित गर्दा जग्गाको न्यूनतम मूल्यांकनभन्दा कम मूल्य राखी पारित गराउने र राजस्व मस्यौट गर्ने, जग्गाको किनबेच गर्दा पुँजीगत लाभकर छली गर्ने, जग्गाको नाप नक्सा र हालसाबिक गर्दा एक व्यक्तिको जग्गा अर्को व्यक्तिको जग्गामा घुसाई क्षेत्रफल थपघट गरिदिने वा सरकारी जग्गा व्यक्ति विशेषको जग्गामा घुसाइदिने, राजस्व कम गराई व्यक्तिगत लाभ लिने जस्ता विसंगतिहरू कायम रहेको देखिन्छ ।

**(घ) स्वास्थ्य क्षेत्र :-**

स्वास्थ्य क्षेत्र सम्बन्धित उजुरीहरूको विश्लेषण गर्दा निःशुल्क वितरण गर्ने प्रयोजनको लागि खरिद भएका औषधी खरिदमा अनियमितता गर्ने, स्वास्थ्य संस्था सञ्चालन स्वीकृति नै प्राप्त नगरेका

संस्थाहरूबाट वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको स्वास्थ्य परीक्षण गर्ने, संख्या बढाई सुत्केरी भत्ताको रकम दुरुपयोग गर्ने, तोकिएको मापदण्ड पूरा नगरी विभिन्न स्तरका स्वास्थ्य संस्थाहरू सञ्चालन स्वीकृति प्रदान गर्ने र त्यस्ता संस्थाहरूबाट उपलब्ध गराउने सेवाको नियमित अनुगमन नगर्ने जस्ता समस्याहरू देखिएका छन् ।

त्यसैगरी स्वास्थ्यकर्मीहरूले सरकारी संस्थामा कम समय दिएर निजी स्वास्थ्य संस्थाहरूमा कार्य गर्ने, राज्यको तर्फबाट निःशुल्क वितरण गर्नुपर्ने औषधीहरू निजी क्लिनिकबाट बिक्री गराउने, वार्षिक खरिद योजना बनाई निर्धारित प्रक्रिया अनुसार औषधीहरू खरिद गर्नुपर्नेमा हचुवाको भरमा केन्द्र, क्षेत्र र जिल्लास्तरबाट समेत औषधीहरू खरिद गर्ने गरेको पाइएको छ । अनुचित लाभका लागि आवश्यकता नै नभएका औषधी र स्वास्थ्य उपकरणहरू सार्वजनिक खरिद ऐनका व्यवस्था विपरीत अनियमित किसिमले खरिद गर्ने गरेको पाइएको छ । त्यसैगरी कागजी रूपमा ठूलो परिमाणमा खरिद गरेको देखाई वास्तविक रूपमा कम परिमाणमा औषधी र यन्त्र उपकरणहरू स्टोर दाखिला गर्ने गरेको पाइएको छ । यसका साथै स्वास्थ्य संस्थामा सेवाग्राहीहरूको नक्कली अभिलेख खडा गरी विभिन्न प्रयोजनका लागि विनियोजित रकम अनियमित गर्ने गरेको पनि पाइएको छ । प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन नै नगरी नक्कली बिलको आधारमा भुक्तानी लिने गरेको र कागजी रूपमा एउटै कार्यक्रम पटकपटक सञ्चालन गरेको देखाई रकम निकासा लिने जस्ता अनियमितताहरू पनि भेटिएका छन् । यसैगरी नेपाल मेडिकल काउन्सिलले निर्धारण गरेको मापदण्ड विपरीत मेडिकल र नर्सिङ कलेजहरू सञ्चालन गर्ने र ती कलेजहरूमा विद्यार्थी भर्ना लिंदा अनियमितता गर्ने गरेका तथ्यहरू पनि अनुसन्धानका क्रममा फेला परेका छन्।

**(ङ) राजस्व प्रशासन :-**

राजस्व प्रशासन अन्तर्गत कर्मचारीको मिलोमतोमा राजस्व छली एवं चुहावट हुने गरेको, उठाउनुपर्ने परिमाणमा राजस्व नउठाउने, बैंक भौचर, बैंक विवरण, बैंक मौज्दात प्रमाण, बैंक डेबिट एडभान्स जस्ता सम्पूर्ण कागजातहरू किर्ते तयार पारी रकम हिनामिना गर्ने, किर्ते सहीछाप गरी सरकारी रकम हिनामिना गर्ने, कानूनद्वारा तोकिएको समयभित्र राजस्व रकम बैंकमा दाखिला नगर्ने, न्यून बिजकीकरण गरी राजस्व छल्ने, नक्कली मूल्य अभिवृद्धि करको बिल बनाई कारोबार देखाउने कार्यमा सहयोग गर्ने जस्ता कार्यहरू भएको देखिन्छ । त्यसैगरी राजस्व प्रशासनमा कर तथा भन्सार छली र राजस्व चुहावट नियन्त्रणका लागि गर्नुपर्ने अनुगमनसम्बन्धी कार्य प्रभावकारी हुन नसकेका कारण दर्ता गर्नुपर्ने व्यवसायहरू दर्ता नगरी सञ्चालन गर्ने र राजस्व तिर्नबाट उन्मुक्ति लिन करयोग्य कारोबारलाई करको दायरामा समावेश नगर्ने तथा व्यावसायिक कारोबारको दुई किसिमको लेखा राखी सरकारलाई तिर्न बुझाउन पर्ने राजस्व छली गर्ने जस्ता विसंगतिहरू पनि देखिएका छन् । राजस्व परिचालन गर्ने क्रममा नक्कली भन्सार प्रज्ञापनपत्र र नक्कली भ्याट बिल जारी गर्ने, कर्मचारीको मिलोमतोमा राजस्व छली एवं चुहावट गर्ने, परिमाण र मूल्य फरक पारी भन्सार जाँचपास गर्ने जस्ता विकृतिहरू अझै पनि नियन्त्रणमा आउन सकेको देखिंदैन । कानूनद्वारा तोकिएको समयभित्र राजस्व रकम बैंकमा दाखिला नगर्ने र राजस्व मस्यौट गर्ने जस्ता प्रवृत्ति समेत अनुसन्धानका क्रममा देखिएका छन् । यसका अतिरिक्त आर्थिक ऐन र कार्यविधिका प्रावधानहरूलाई बेवास्ता गर्दै आर्थिक वर्षको मध्यतिर सीमित वर्ग वा समूहलाई मात्र फाइदा पुग्ने गरी कर सहुलियत वा छुट दिने अभ्यास पनि देखिएको छ ।

**(च) गृह प्रशासन :-**

गृह प्रशासन अन्तर्गत प्राप्त उजुरीहरूको अनुसन्धान गर्दा सार्वजनिक खरिद कार्यमा अनियमितता देखिएको छ भने सामान ढुवानीसम्बन्धी कार्य नै नगरी नक्कली बिल भर्पाई बनाई, नक्कली सेवा प्रदायक खडा गरी सरकारी रकम हिनामिना गरेको पाइएको छ । त्यसैगरी जिल्ला दैवीप्रकोप उद्धार समितिबाट राहत सामग्री खरिदमा अनियमितता भएको, नागरिकता प्रदान गर्ने कार्यमा अनियमितता एवं सरकारी मुद्दा मिलाइदिने भनी अभियुक्तसँग घूस रिसवत लिएको जस्ता घटनाहरू पाइएका छन् ।

**(छ) सार्वजनिक निर्माण तथा खरिद :-**

त्यसैगरी अनुसन्धानका क्रममा सरकारी निकायहरूबाट सार्वजनिक निर्माण तथा खरिदसम्बन्धी कार्य गर्दा आर्थिक कार्यविधि ऐन र सार्वजनिक खरिद ऐन तथा नियमावलीका व्यवस्थाहरू पालना नगर्ने गरेको देखिएको छ । कानूनी प्रावधानहरू छल्ने उद्देश्यले सार्वजनिक निर्माण र खरिदसम्बन्धी कार्यहरूलाई टुक्रा टुक्रा गरी सम्पन्न गर्ने गरेको, कतिपय सन्दर्भमा दरभाउ पत्र वा बोलपत्रबाट खरिद गर्नुपर्नेमा सोझै बजारबाट खरिद गर्ने गरेको देखिएको छ । यसैगरी लागत अनुमानभन्दा बढी कबोल गर्ने दरभाऊ पत्र वा बोलपत्र स्वीकृत गरी सार्वजनिक निर्माण, खरिद र मर्मत सम्भारसम्बन्धी काम गर्ने गराउने गरेको देखिएको छ । अधिकार नै नभएको कर्मचारीले दरभाऊ पत्र र बोलपत्र स्वीकृत गर्ने गरेको साथै खरिदसम्बन्धी बिल भरपाई अनुसार स्टोर दाखिला र जिन्सी मालसामानको अभिलेख दुरुस्त राख्ने नगरेको समेत पाइएको छ । त्यसैगरी निर्धारित शर्त र मापदण्ड विपरीत निर्माण कार्य गराई वा निर्माण नै नगराई झुठा बिल भरपाई तयार गरी भुक्तानी लिने दिने गरेको देखिएको छ । आर्थिक वर्षको अन्त्यतिर विनियोजित रकम सिध्याउन तोकिएको प्रक्रिया नै नपुर्‍याई बोलपत्र बेगर सोझै मालसामान खरिद गर्ने प्रवृत्ति बढेर गएको छ भने पर्याप्त कारण, आधार र औचित्यबिना नै योजना, कार्यक्रम वा परियोजनाको लागत र समय बढाई स्रोत साधनको दुरुपयोग गर्ने प्रवृत्ति पनि बढ्दै गएको देखिन्छ।

**(छ) अध्यागमन तथा वैदेशिक रोजगारी :-**

अध्यागमन प्रशासन तथा वैदेशिक रोजगारी सम्बद्ध उजुरीहरूको अनुसन्धान गर्दा कामदारको आवश्यकतासम्बन्धी नक्कली मागपत्र तयार गरी पठाउने, रोजगारीमा जाने व्यक्तिहरूसँग वास्तविक लागतभन्दा बढी रकम उठाउने, नक्कली करारपत्र तयार गर्ने र निर्धारित शर्त र कानूनी व्यवस्थाको परिपालना नगरी अनुचित लाभ लिने प्रवृत्ति बढेर गएको देखिन्छ। त्यसैगरी कर्मचारी र व्यवसायीहरूको मिलोमतोमा नेपालीहरूको नागरिकता तथा पासपोर्ट प्रयोग गरी विदेशी नागरिकहरूलाई वैदेशिक रोजगारीमा पठाउने गरेको पनि भेटिएको छ । सम्बन्धित निकायले व्यक्तिगत श्रम स्वीकृतिको नाममा अनियमित तवरले स्वीकृति दिने र बदनियतपूर्ण निर्णयका अभिलेख र कागजातहरू लुकाउने, छिपाउने वा नष्ट गर्ने गरेको समेत पाइएको छ । अध्यागमन अन्तर्गत सेटिङ खडा गरी नक्कली कागजात भएका मानिसहरूलाई पनि अध्यागमन अनुमति प्रदान गर्ने, भिजिट भिषा लिई विदेश जाने नेपालीहरूलाई अध्यागमन अनुमति दिंदा अनावश्यक दुःख दिने र रकम असुली गर्ने गरेको समेत पाइएको छ ।

**(ज) जलस्रोत :-**

विद्युत ऐन नियम विपरीत सर्वेक्षण अनुमतिपत्र जारी गर्ने, अनुमतिपत्र संशोधन गर्ने, अनिर्णयको अवस्थाको सिर्जना गर्ने गरेको समेत पाइएको छ । सुरक्षित विद्युत् परिवहन तथा वितरण

प्रणालीलाई असर पर्ने गरी भारवहन क्षमता धान्न नसक्ने न्यून गुणस्तरका ट्रान्सफर्मर जडान गर्ने र सो बापत सीमित व्यक्तिहरूले नाजायज फाइदा लिने जस्ता विकृति पनि देखिएका छन् । जलविद्युत् उत्पादनसम्बन्धी विद्यमान कानूनको परिपालनामा उदासीनता देखाउने र अनियमितताहरू ढाकछोप गर्ने प्रवृत्ति मौलाउँदै गएको छ ।

**(झ) वन तथा खानीजन्य स्रोत साधन :-**

यस क्षेत्रसँग सम्बन्धित उजुरीहरूबाट वनको मौज्दात र वार्षिक स्वीकार्य कटान वास्तविकताभन्दा बढी देखाई त्रुटिपूर्ण कार्ययोजना तयार गरी अत्यधिक परिमाणमा कटान आदेश दिने, अनियमित रूपमा कटान गरेका काठको झुठा लगत तयार गरी गराई स्वीकृत गर्ने, वन फडानी अतिक्रमण र चोरी तस्करी रोक्ने दायित्व भएका सार्वजनिक पद धारणा गरेका व्यक्तिहरू सो सम्बन्धमा उदासीन रहने तथा कतिपय अवस्थामा चोरी तस्करीमा संलग्न भएका कारण गैरकानूनी रूपमा काठ र वनजन्य वस्तुहरूको तस्करी गर्ने र निषेधित काठ तथा काठजन्य पदार्थको चोरी निकासी पैठारी गर्ने प्रवृत्ति बढिरहेको पाइएको छ । साथै सामुदायिक वन समूहको रकम हिनामिना गर्ने प्रवृत्ति पनि बढ्दै गएको पाइएको छ । त्यसैगरी इजाजत नलिई वा अनधिकृत रूपमा नदी र खोलाहरूबाट अत्यधिक गिट्टी र बालुवा झिक्ने र निकासी हुने गरेकोमा सम्बन्धित निकायबाट त्यसको अनुगमन निरीक्षण हुन नसकेको तथा कतिपय स्थानमा सरकारी कर्मचारीहरूको मिलोमतो समेत रहने गरेको पाइएको छ ।

**(ञ) विविध :-**

माथि उल्लेखित विषयहरूका अतिरिक्त अन्य विविध विषयहरूमा पनि अनियमितता तथा भ्रष्टाचारजन्य कसुर भएको देखिन आएको छ । नक्कली किसानहरूको नामावली तथा क्षतिको विवरण संकलन गरी राहत वितरण गर्ने, अवकाश पाएको नदेखाई स्थायी कर्मचारीको पदमा फाजिलमा परेकोले स्थायी कर्मचारी सरह सुविधा लिने, आर्थिक लाभ लिई गरी कसुर अनुसारको सजाय नगरी सजाय घटाउने, बहालवाला निजामती कर्मचारीले लेखापरीक्षक भई रीत नपुगेको बिल भर्पाईलाई चुस्त र दुरुस्त छ भनी प्रमाणित गर्ने, सपाङ्ग भए पनि अपाङ्गताको प्रमाणपत्र लिने, संघसंस्था दर्ता वा नवीकरणको सिफारिस गर्दा प्राप्त रकम सरकारी खातामा जम्मा नगरी भ्रष्टाचार गर्ने, महालेखा परीक्षकको विभागले औंल्याएका बेरुजु समयमै फछ्र्यौट नगर्ने, आफ्नो नातेदार संलग्न हुने परीक्षासँग सम्बन्धित प्रश्नपत्र तयार गर्ने र उत्तर पुस्तिका परीक्षणमा संलग्न हुने, कानून विपरीत करार सम्झौता गर्ने, इजाजतपत्र दिंदा अनियमितता गर्ने जस्ता कार्यहरूले सार्वजनिक पद धारण गरेका व्यक्तिहरूमा लालचीपन, अनुशासनहीनता र सदचरित्रताको अभाव प्रस्ट देखिएको छ ।

बजार अनुगमन तथा गुणस्तर नियन्त्रण गर्ने निकाय र पदाधिकारीहरूबाट निर्धारित जिम्मेवारी पूरा नहुँदा खाद्य तथा दैनिक उपभोग्य वस्तुमा अखाद्य वस्तु मिसावट गर्ने प्रवृत्ति नियन्त्रणमा आउन सकेको छैन भने भूकम्पपीडितहरूलाई वितरण गर्नुपर्ने राहत सामग्रीहरू समेत बिक्री वितरण भएको पाइएको छ । कार्यालय प्रमुखको नक्कली हस्ताक्षर गरी अनियमित तवरमा दैनिक भ्रमण भत्ता लिने, नियमानुसार पाउने भन्दा ज्यादा सेवा सुविधा लिने तथा अनियमित रूपमा काज खटाउने, नक्कली बिल भरपाई पेश गरी दैनिक तथा भ्रमण भत्ताको रकम भुक्तानी लिने र अनुचित एवम् नाजायज फाइदा लिई आफैं कार्यरत संस्थालाई नै धराशायी बनाउने जस्ता क्रियाकलापहरू समेत देखिएका छन् ।

सार्वजनिक निकायमा कार्यरत कर्मचारी र पदाधिकारीहरूमा जिम्मेवारी र जवाफदेहिता बहन नगर्ने तथा समयमा निर्णय नगर्ने प्रवृत्ति हावी हुँदै गएको छ । पछिल्ला दिनमा आयोगको सक्रियतालाई बहाना बनाएर निर्धारित जिम्मेवारी पूरा गर्ने सवालमा निष्क्रिय रहने गरेका जस्ता विसङ्गतिहरू पनि सुनिन थालेका छन्। समयमै कार्यक्रम स्वीकृत गरी बजेट अख्तियारी नपठाउने र आर्थिक वर्षको अन्त्यमा रकम खर्च गर्ने परिपाटीमा खासै सुधार आउन सकेको छैन । यसका साथै सुशासन प्रवर्द्धन र सार्वजनिक सेवा प्रवाहको पद्धतिमा सुधार गर्ने सन्दर्भमा आयोगबाट नेपाल सरकार र विभिन्न सार्वजनिक निकायहरूलाई दिइएका सुझावहरूको कार्यान्वयन प्रभावकारी हुन नसकेको अवस्था समेत विद्यमान छ ।

उल्लिखित अनियमितताहरू मध्ये सेवा प्रवेश तथा बढुवाको लागि झुठा शैक्षिक प्रमाणपत्र पेश गर्ने, झुठा अध्यापन अनुमतिपत्र बनाई शिक्षकको पदमा बहाल रहने, अस्तित्व नै नभएका विद्यालयहरू खडा गरी सरकारी अनुदान लिने दिने, विद्यालयको भौतिक पूर्वाधार तथा विद्यार्थी संख्या सम्बन्धमा झुठो विवरण पेश गरी निकासा लिई दिई हिनामिना गर्ने, कलेजहरूलाई सम्बन्धन दिँदा ऐन, नियम र निर्धारित मापदण्डको पालना नगर्ने, सामाजिक सुरक्षा भत्ता वितरण गर्दा किर्ते लगत र कागजात तयार गरी रकम हिनामिना गर्ने, उपभोक्ता समितिमार्फत सार्वजनिक निर्माण कार्य गर्दा डोजर लगायत उपकरणबाट गर्ने तर मानव श्रमको प्रयोग गरेको कागजात बनाई रकम हिनामिना गर्ने, गैरकानूनी लाभ लिई सरकारी तथा सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गर्ने, स्टोरमा मौज्दात हुँदा हुँदै औषधी खरिद गर्ने, म्याद नाघेका औषधी खरिद गर्ने, औषधी खरिद नै नगरी झुठा बिल विजक पेश गरी भुक्तानी लिने दिने, सार्वजनिक खरिद ऐनको प्रावधान उल्लंघन गरी सानो सानो अंशमा खरिद गर्ने, भण्डारमा सामान हुँदाहुँदै कमिसनको लोभमा महँगा सामान खरिद गर्ने जस्ता अनियमित कार्यहरू निरन्तर रूपले भए गरेको देखिन आएका छन्।

त्यसैगरी निर्माण कार्य सम्पन्न नगरी भुक्तानी लिने दिने, परिमाण र मूल्य फरक पारी भन्सार जाँचपास गर्ने, राजस्व बुझी दाखिला नगर्ने, नक्कली तथा सच्याइएका कागजातबाट कामदारलाई बैदेशिक रोजगारीमा पठाउन व्यवसायीहरुलाई सहयोग गर्ने, कामदार पठाउने व्यवसायीहरूले तोकिएभन्दा बढी रकम लिने, सामुदायिक वन समूहहरूको कोषको रकम हिनामिना गर्ने, सवारी चालक अनुमतिपत्र वितरण गर्दा विचौलिया खडा गरी सेटिङ मिलाई रिसवत लिने, सार्वजनिक वस्तु र सेवाको उत्पादन, परिवहन र वितरण तथा यातायातमा विद्यमान सिण्डिकेट हटाउन पहल नगर्ने, विद्युत ऐन नियम विपरित सर्वेक्षण अनुमति जारी गर्ने, अनुमतिपत्र संशोधन गर्ने, कार्यक्रम नै सञ्चालन नगरी नक्कली बिल भरपाई तयार गरी बजेट खर्च गर्ने जस्ता अनियमितताहरू दोहोरिइरहेको अवस्था देखिनुले यस्ता प्रवृत्तिमा कमी नआएको भन्न सकिने अवस्था रहेको देखिन्छ ।

# परिच्छेद- ६
# आयोगबाट सम्पादित कार्यहरूको विश्लेषण

## ६.१ उजुरी/सूचनाहरू :

आयोगमा हुलाक, इमेल, आयोगको वेभ साइटमा व्यवस्था भएको अनलाइन उजुरी, फ्याक्स, टोल फ्रि नम्बरमा भ्वाइस रेकर्डिङ मार्फत तथा व्यक्तिहरू आफैं आई उजुरी दर्ता हुने गरेका छन्। यस अतिरिक्त पत्रपत्रिका तथा अन्य विद्युतीय सञ्चार माध्यममा प्रकाशन तथा प्रसारण भएका सार्वजनिक चासोका विषयहरूलाई समेत आयोगले उजुरीको रूपमा ग्रहण गर्ने गरेको छ। आर्थिक वर्ष २०७२।७३ मा विभिन्न माध्यमहरूबाट आयोगको केन्द्र, क्षेत्रहरू तथा आयोगको प्रत्यायोजित अधिकार प्रयोग गर्ने जिल्ला प्रशासन कार्यालयहरूमा पर्न आएका तथा अघिल्लो आ.व.बाट जिम्मेवारी सरेका उजुरीहरूको संख्या निम्नानुसार रहेको छः

| निकाय | आ.व.२०७२।७३ मा दर्ता भएका उजुरी | गत आ.व.बाट जिम्मेवारी सरेको | जम्मा उजुरी |
|---|---|---|---|
| केन्द्रीय कार्यालय | ९९३१ | ५०२८ | १४९५९ |
| पूर्वाञ्चल क्षेत्रीय कार्यालय | ९७६ | ८५१ | १८२७ |
| मध्यमाञ्चल क्षेत्रीय कार्यालय | ७५५ | १३२८ | २०८३ |
| पश्चिमाञ्चल क्षेत्रीय कार्यालय | ११८५ | ८३१ | २०१६ |
| मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय | ११५१ | ९१८ | २०६९ |
| सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय | ९५८ | ५०९ | १४६७ |
| आयोगको प्रत्यायोजित अधिकार प्रयोग गर्ने ३२ जिल्ला प्रशासन कार्यालयहरू | १७० | १०० | २७० |
| **कुल जम्मा** | **१५१२६** | **९५६५** | **२४६९१** |

## ६.२ अनुसन्धान :

आयोगले उजुरीको गाम्भीर्यता तथा प्राप्त प्रमाणका आधारमा अनुसन्धान कार्यलाई दुई चरणमा सम्पन्न गर्दछ। उजुरीको प्रारम्भिक छानबिनको क्रममा अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको देखिन आएमा विस्तृत अनुसन्धान तहकिकात गर्नको निमित्त आयोगबाट अनुसन्धान अधिकृत नियुक्त गरी कारबाही अगाडि बढाइन्छ ।

### ६.२.१ प्रारम्भिक छानबिन :

आ.व. २०७२।७३ मा प्रारम्भिक छानबिनबाट फछ्र्यौट भएका उजुरीहरूको संख्या निम्नानुसार रहेको छः

| निकाय | कुल उजुरी (संख्या) | फछ्र्यौट संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रारम्भिक छानबिनबाट तामेली भएको (संख्या) | विस्तृत अनुसन्धानमा गएको (संख्या) | अन्य कारबाही भएको (संख्या) | कुल फछ्र्यौट (संख्या) | बाँकी उजुरी (संख्या) |
| केन्द्रीय कार्यालय | १४९५९ | ४६५४ | २५८ | ४६६१ | ९५७३ | ५३८६ |
| पूर्वाञ्चल क्षेत्रीय कार्यालय | १८२७ | १०४२ | १८ | ३१३ | १३७३ | ४५४ |
| मध्यमाञ्चल क्षेत्रीय कार्यालय | २०८३ | ११६७ | २८ | २१५ | १४१० | ६७३ |
| पश्चिमाञ्चल क्षेत्रीय कार्यालय | २०१६ | ११६१ | ६० | २४२ | १४६३ | ५५३ |
| मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय | २०६९ | १५३५ | ३२ | ११६ | १६८३ | ३८६ |
| सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय | १४६७ | ९९१ | २८ | २४ | १०४३ | ४२४ |
| प्रत्यायोजित अधिकार प्रयोग गर्ने ३२ जिल्ला प्रशासन कार्यालयहरू | २७० | ५६ | ४ | ८९ | १४९ | १२१ |
| **जम्मा** | **२४६९१** | **१०६०६** | **४२८** | **५६६०** | **१६६९४** | **७९९७** |

आयोगको केन्द्रीय कार्यालयमा परेका उजुरीहरू मध्ये ६७.७५ प्रतिशत उजुरीहरू फछ्र्यौट भएका छन् भने क्षेत्रीय कार्यालयहरूको समग्र उजुरी फछ्र्यौट प्रतिशत ७३.६८ प्रतिशत रहेको छ । कुल उजुरीहरू २४६९१ मा १६६९४ उजुरीहरू फछ्र्यौट भई समग्र फछ्र्यौट ६७.६१ प्रतिशत रहेको छ । बाँकी रहेका ७९९७ उजुरीहरूमा अनुसन्धान जारी रहेकोले आगामी आर्थिक वर्षमा जिम्मेवारी सरेर गएका छन् ।

आयोगमा परेका कुल उजुरीहरूको निकायगत विवरण अनुसूची ४ मा र आयोगको प्रत्यायोजित अधिकार प्रयोग गर्ने जिल्ला प्रशासन कार्यालयहरूमा दर्ता भएका उजुरीसम्बन्धी विवरण अनुसूची ५ मा दिइएको छ ।

### ६.२.१.१ प्रारम्भिक छानबिनबाट भएको कारबाही :

आ.व. २०७२।७३ मा प्रारम्भिक छानबिनबाट ९ जनालाई विभागीय कारबाही र ४ जनालाई सचेत गराउन अख्तियारवालालाई लेखी पठाइएको छ । यसैगरी ३८ व्यक्ति/संस्थाहरूलाई ध्यानाकर्षण गराइएको, २४९ वटा सुझावहरू लेखी पठाइएको र ४३७ वटा आवश्यक कारबाही गर्न सम्वन्धित निकायहरुमा लेखी पठाइएको छ । प्रारम्भिक छानबिनका क्रममा रु.८,९६,२०,२०३।६४ असुल उपर भएको तथा रु.१,३५,५५,८३,६५६।- असुल उपरका लागि सम्बन्धित निकायहरूमा लेखी पठाइएको छ।

### ६.२.२ विस्तृत अनुसन्धान :

यस आर्थिक वर्षमा आयोगका ८४ वटा बैठक बसी ९७४ वटा निर्णयहरूबाट विभिन्न कारबाही भएको छ । जसमध्ये १४५ वटा मुद्दा दायर गर्ने निर्णय भएको, ५२ वटा विभागीय कारबाही गर्ने निर्णयहरूबाट १०५ जना पुरुष र ४ महिलालाई विभागीय कारबाही गर्न लेखी पठाइएको, १० वटा ध्यानाकर्षणका लागि लेखी पठाइएको, १० वटा निर्णयहरूबाट दुष्परिमाण सच्याउन लेखी पठाइएको र ४ वटा निर्णयहरूबाट २० जना पुरुषहरु र १ जना महिलालाई सचेत गराउन लेखी पठाइएको छ । यसैगरी आयोगबाट ९५ वटा सुझावहरू सम्बन्धित निकायहरूमा लेखी पठाइएको, ८२ वटा अन्य कारबाही गर्ने निर्णय भएका र २० वटा निर्णयहरूबाट ५३ पुरुष तथा ३ महिलाबाट रु.७,२२,१९,४६६।४८ असुल उपरका लागि सम्बन्धित निकायहरूमा लेखी पठाइएको छ।आयोगबाट आ.व. ०७२/७३ मा विशेष अदालतका १२६ फैसला उपर पुनरावेदन गर्ने तथा ५२ वटा फैसला उपर पुनरावेदन नगर्ने तथा सर्वोच्च अदालतका २ वटा फैसला उपर पुनरावलोकन गर्ने र ५३ वटा फैसला उपर पुनरावलोकन नगर्ने निर्णय भएको छ। विस्तृत अनुसन्धानको क्रममा असुल उपर भएको रु.३,९१,२४,६२१।०२ तथा असुल उपरका लागि लेखी पठाइएको समेत गरी रु. ११ करोड १३ लाख ४४ हजार ८७ रुपैयाँ ५० पैसा असुल उपरसम्बन्धी कारबाही भएको छ। यसैगरी आयोगबाट २९१ वटा तामेलीमा राख्ने र २५ वटा मुल्तबीमा राख्ने निर्णय भएको छ । एउटा निर्णयमा एक वा सो भन्दा बढी कारबाहीहरू समेत भएको र कार्यान्वयनका लागि तत्तत् शीर्षकमा संख्या उल्लेख गरिएको हुँदा निर्णय संख्या र कारबाहीको संख्यामा तथा विवरणमा फरक पर्न गएको छ । विस्तृत अनुसन्धान भएका उजुरीहरूको निकायगत विवरण अनुसूची ६ मा प्रस्तुत गरिएको छ ।

#### ६.२.२.१ विशेष अदालतमा दायर भएका मुद्दा र प्रतिवादी संख्या :

यस आर्थिक वर्षमा मुद्दा दायर गर्ने निर्णय भएका १४५ मध्ये १४० वटा र अघिल्लो आ.व.बाट जिम्मेवारी सरी आएको ४ थान समेत गरी जम्मा १४४ थान मुद्दाहरू विशेष अदालतमा दायर भएका छन् । मुद्दाहरूको विषयगत विवरण, प्रतिवादी बनाइएका व्यक्तिहरूको संख्यात्मक विवरण तथा कुल बिगो मागदाबीसम्बन्धी विवरण निम्नानुसार रहेको छः

| क्र.सं. | विषय | मुद्दा (संख्या) | पुरुष प्रतिवादी (संख्या) | महिला प्रतिवादी (संख्या) | प्रतिवादी (संख्या) | कुल बिगो मागदाबी (रु.) |
|---|---|---|---|---|---|---|
| १. | झुठा शैक्षिक प्रमाणपत्र | ५२ | ४६ | ६ | ५२ | ० |
| २. | सार्वजनिक सम्पत्तिको हानि नोक्सानी | २२ | १११ | १० | १२१ | २८,८२,६०,९११।३० |
| ३. | घूस (रिसवत) | ४६ | ५५ | १ | ५६ | ६४,८०,९३९।०० |
| ४. | गैरकानूनी लाभ वा हानि पुऱ्याएको | १४ | ४७ | १ | ४८ | ६७,३२,४७,८७५।०० |
| ५ | राजश्व चुहावट | २ | ६ | १ | ७ | ८१,२०,२७१।५० |
| ५. | गैरकानूनी सम्पत्ति आर्जन | ७ | ७ | ५ | १२ | ३५,७८,९२,७१३।६० |
| ६. | विविध | २ | १२ | १ | १३ | ० |
| **जम्मा** | | **१४४** | **२८५** | **२५** | **३१०** | **१,३३,४०,०२,७१०।४०** |

### ६.२.२.२ अनुसन्धानको क्षेत्र अनुसार कारबाहीको विवरण :

यस आर्थिक वर्षमा अनुसन्धानको क्षेत्र अनुसार भएको कारबाही विवरण निम्नानुसार रहेको छ :

| कारबाही भएको संख्या | अनुसन्धानको क्षेत्र | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | झुठा शैक्षिक प्रमाणपत्र | सार्वजनिक सम्पत्तिको हानि नोक्सानी | रिसवत (घूस) | गैरकानूनी लाभ वा हानि पुऱ्याएको | गैरकानूनी सम्पत्ति आर्जन | राजश्व चुहावट | विविध | |
| मुद्दा दायर | ५२ | २३ | ४६ | ११ | ७ | २ | ३ | १४४ |
| विभागीय कारबाही | ० | २० | २ | २८ | ० | १ | १ | ५२ |
| सचेत | ० | ३ | ० | १ | ० | ० | ० | ४ |
| असुल उपर | ० | ७ | १ | १२ | ० | ० | ० | २० |
| ध्यानाकर्षण | ० | ३ | ० | ६ | ० | १ | ० | १० |
| सुझाव | ० | ४९ | ० | ३९ | ० | २ | ५ | ९५ |
| लेखी पठाएको | १ | ३८ | २ | ३२ | ० | ० | ९ | ८२ |
| तामेली | ६ | १०७ | ९ | १०८ | ४६ | ३ | १२ | २९१ |
| मुल्तबी | ० | १३ | ० | ९ | ० | ० | ३ | २५ |
| अन्य | ० | ७ | ० | ४ | ० | ० | ० | ११ |

### ६.२.२.३ नेपाल सरकारको नाममा कायम गर्न लेखी पठाइएको जग्गासम्बन्धी विवरण :

आ.व. ०७२।७३ मा आयोगको निर्णय अनुसार पहाडमा ६,७६० रोपनी २ आना ३ पैसा २ दाम र तराईमा ५,२३१ बिघा ११ कठ्ठा १५ धुर सार्वजनिक जग्गा नेपाल सरकारको नाममा कायम गर्न लेखी पठाइएको छ।

यस आर्थिक वर्षमा पहाडमा २३७ रोपनी १४ आना २ पैसा १ दाम जग्गा र तराईमा १३२ बिघा ३ कठ्ठा ११ धुर जग्गा आयोगको निर्णय निर्णय कार्यान्वयन भई नेपाल नेपाल सरकारको नाममा कायम भइसकेको ।

## ६.३ अभियोजन :

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ ले सार्वजनिक पद धारण गरेको व्यक्ति उपर भ्रष्टाचारको आरोपको सम्बन्धमा चलेको कारबाही र त्यस सम्बन्धमा भएको अनुसन्धान र तहकिकातबाट निजले सो अपराध गरेको हो भन्ने विश्वास गर्नुपर्ने मनासिव कारण भएमा आयोगले त्यस सम्बन्धमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन सक्ने व्यवस्था गरे अनुरूप आ.व. २०७१।७२ मा मुद्दा चलाउने निर्णय भई समयाभावले मुद्दा दायर हुन बाँकी रहेका ४ थान र आ.व. ०७२।७३ मा मुद्दा चलाउने निर्णय भएका १४० समेत गरी जम्मा १४४ थान मुद्दाहरूमा विशेष अदालत, काठमाडौंमा अभियोगपत्र दायर गरिएको छ :-

### ६.३.१ घूस (रिसवत) लिई भ्रष्टाचार गरेका मुद्दाहरू :-

आ.व. ०७२।७३ मा घूस (रिसवत) लिई भ्रष्टाचार गरेका मुद्दाहरू मध्ये तपसिल बमोजिमका राष्ट्रसेवकले रिसवत लिएको अवस्थामा रंगेहात फेला पारी अनुसन्धान हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको र राष्ट्रसेवक तथा अन्य व्यक्तिहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकाले निजहरू उपर तपसिल बमोजिमको बिगो कायम गरी सोही उपदफामा व्यवस्थित जरिवाना तथा हदैसम्मको सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

| सि.नं. | आयोगको निर्णय मिति | आरोपपत्र दायर मिति | राष्ट्रसेवक प्रतिवादीको नाम, पद र कार्यालय | बिगो (रु.) |
|---|---|---|---|---|
| १. | २०७२।४।७ | २०७२।४।८ | देवेन्द्रदेव श्रेष्ठ, सव-इन्जिनियर, विशेष भौतिक तथा पूर्वाधार क्षेत्र विकास आयोजना, बबरमहल<br>(राष्ट्रसेवक बाहेकका प्रतिवादी सरोज थापा सहित) | ६०,०००।- |
| २. | २०७२।४।७ | २०७२।४।१२ | गोविन्दप्रसाद बराल, लेखा अधिकृत, यातायात व्यवस्था कार्यालय (सवारी), गण्डकी कास्की ।<br>नारायणहरि शर्मा अधिकारी, लेखापाल, यातायात व्यवस्था कार्यालय (सवारी), गण्डकी कास्की । | १०,०००।- |
| ३. | २०७२।४।१५ | २०७२।४।१८ | गोबिन्द गैरे, सव-इन्जिनियर, डिभिजन सडक कार्यालय काठमाडौं २ टेकु । | १,००,०००।- |
| ४. | २०७२।४।१० | २०७२।४।२० | परविर वैगार, प्र.स.नि.(इन्चार्ज), प्रहरी चौकी, वेतहनी । | ८,०००।- |
| ५. | २०७२।४।२० | २०७२।४।२४ | देवराज पोखेल, लेखा अधिकृत, सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय रोल्पा । | १,४६,०००।- |
| ६. | २०७२।४।२८ | २०७२।४।३१ | लेखनाथ बुर्लाकोटी, सर्भेक्षक, नापी कार्यालय धादिङ । | १,५०,०००।- |
| ७. | २०७२।४।२६ | २०७२।५।३ | यादव के.सी., नायब सुब्वा, यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमति | ६,०००।- |

| | | | | |
|---|---|---|---|---|
| | | | शाखा, लुम्बिनी बुटवल। | |
| ८. | २०७२।४।१२ | २०७२।५।४ | कृष्णप्रसाद पोखरेल, ना.सु., मालपोत कार्यालय कावासोती, नवलपरासी । | ५०,०००।- |
| ९. | २०७२।५।७ | २०७२।५।८ | श्याम अधिकारी, वडा सचिव, बूढानीलकण्ठ नगरपालिका वडा नं. १२,१३ र १४ को संयुक्त कार्यालय | ५०,०००।- |
| १०. | २०७२।४।१५ | २०७२।५।९ | इदरीस अलि बेहना, ना.सु. जिल्ला प्रशासन कार्यालय, बाँके । | १,००,०००।- |
| ११. | २०७२।४।१२ | २०७२।५।१५ | ईश्वरीप्रसाद ढकाल, इन्जिनियर, पश्चिमाञ्चल सिंचाइ विकास डिभिजन नं. ७, सेमरी ।<br>योगेन्द्र मिश्र, इन्जिनियर, पश्चिमाञ्चल सिंचाइ विकास डिभिजन नं. ७, सेमरी । | ५६,०००।- |
| १२. | २०७२।४।२६ | २०७२।५।१८ | रामबाबु साह, सव-इन्जिनियर, जिल्ला विकास समितिको कार्यालय, सर्लाही । | २०,०००।- |
| १३. | २०७२।५।१७ | २०७२।५।२३ | मनेलाल यादव, अमिन, नापी कार्यालय बाँके । | २४,०००।- |
| १४. | २०७२।६।१२ | २०७२।६।२० | विनोद पण्डित, इलेक्ट्रिकल सुपरभाइजर, नेपाल विद्युत प्राधिकरण, नेपालगञ्ज । | २५,०००।- |
| १५. | २०७२।६।१७ | २०७२।७।१७ | बदरुद्दिन खान, सहायक वन अधिकृत, जिल्ला वन कार्यालय, बाँके । | ४०,०००।- |
| १६. | २०७२।८।२ | २०७२।०८।१८ | सरस्वती घिमिरे, असिस्टेण्ट सव इन्जिनियर,कार्यविनायक नगरपालिका, छ्यासिकोट, ललितपुर । | १२,०००।- |
| १७. | २०७२।९।१ | २०७२।९।१९ | शरदकुमार श्रेष्ठ, सव-इन्जिनियर, जिल्ला प्राविधिक कार्यालय, काठमाडौं । | २,००,०००।- |
| १८. | २०७२।९।२८ | २०७२।९।२९ | जितबहादुर के.सी., कार्यकारी अधिकृत, त्रिपुर नगरपालिका, दाङ । | १,००,०००।- |
| १९. | २०७२।१०।१७ | २०७२।१०।२१ | राम प्रवोध कुमार महासेठ, सर्वेक्षक, नापी कार्यालय, मनमैजु, काठमाडौं ।<br>हरिचन्द्र तिवारी, सर्वेक्षक, नापी कार्यालय, मनमैजु, काठमाडौं । | ५०,०००।- |
| २०. | २०७२।१०।१७ | २०७२।११।०२ | लाल बाबु झा, सहायक वन अधिकृत, जिल्ला वन कार्यालय, जाजरकोट । | ४८,०००।- |
| २१. | २०७२।१०।१७ | २०७२।११।३ | नवीनकुमार पोखरेल, प्राविधिक निर्देशक, यातायात व्यवस्था विभाग, मीनभवन, काठमाडौं । | १,८०,०००।- |
| २२. | २०७२।११।१६ | २०७२।११।१८ | लालमणी पाण्डे, प्रहरी नायब निरीक्षक, महानगरीय प्रहरी परिसर, ललितपुर । | १,५०,०००।- |
| २३. | २०७२।११।१६ | २०७२।११।१९ | दयानिधि ज्ञवाली, प्र.ना.उ., महानगरीय प्रहरी परिसर, ललितपुर ।<br>रमेशबहादुर सिंह, इन्सपेक्टर, महानगरीय | ३,००,०००।- |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रहरी परिसर, ललितपुर । | |
| २४. | २०७२।१०।१७ | २०७२।११।२० | तुलाराम भण्डारी, जिल्ला शिक्षा अधिकारी, जिल्ला शिक्षा कार्यालय, बारा । | १०,०००।- |
| २५. | २०७२।११।२७ | २०७२।१२।४ | एकनारायण अर्याल, ना.सु., मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौं ।<br>पोष्टराज पोखरेल, ना.सु., मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौं ।<br>मुकुन्दराज पाण्डे, ना.सु.,मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौं ।<br>लहरि कुमाल, का.स. मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौं । | ५,००,०००।- |
| २६. | २०७२।१२।१५ | २०७२।१२।१७ | प्रेम बहादुर थापा, प्रहरी निरीक्षक, इलाका प्रहरी कार्यालय, कडरबोना, सप्तरी । | ४०,०००।- |
| २७. | २०७२।१२।१५ | २०७२।१२।२२ | शत्रुघ्न कुमार साह कानु, सव-इन्जिनियर, गौशाला नगरपालिका, महोत्तरी । | ४,५०,०००।- |
| २८. | २०७२।१२।२१ | २०७२।१२।२३ | उत्तमप्रसाद खरेल, कानून अधिकृत, वैदेशिक रोजगार विभाग, का.म.न.पा. १०, बुद्धनगर, काठमाडौं । | १,००,०००।- |
| २९. | २०७२।१२।१५ | २०७२।१२।२९ | मनोज कुमार यादव, सव-इन्जिनियर, कावासोती नगरपालिका, नवलपरासी । | ३०,०००।- |
| ३०. | २०७२।१२।२३ | २०७३।१।२ | श्यामकाजी पिया, इन्जिनियर, नेपालगञ्ज उप-महानगरपालिका, नेपालगञ्ज, बाँके । | ८०,०००।- |
| ३१. | २०७२।१२।३० | २०७३।१।६ | अम्बिकाप्रसाद गुप्ता, प्रहरी निरीक्षक, इलाका प्रहरी कार्यालय, खैरहनी चितवन । | ८,०००।- |
| ३२. | २०७२।१।१३ | २०७३।१।१६ | सुमन श्रेष्ठ, अमिन, बूढानीलकण्ठ, नगरपालिका ।<br>सुरेश श्रेष्ठ, कार्यालय सहयोगी, बूढानीलकण्ठ, नगरपालिका ।<br>सरोज खत्री, कार्यालय सहयोगी, बूढानीलकण्ठ नगरपालिका, वडा नं. ७ र ८ को संयुक्त कार्यालय । | ६,७२,८७८।- |
| ३३. | २०७३।१।१३ | २०७३।१।२७ | नारायणप्रसाद चौधरी, सर्वेक्षक, नापी कार्यालय, रुपन्देही । | ४०,०००।- |
| ३४. | २०७३।१।१३ | २०७३।१।२८ | जिबछ यादव, सर्वेक्षक, नेपालगञ्ज उप-महानगरपालिका, बाँके । | १,००,०००।- |
| ३५. | २०७३।१।२९ | २०७३।१।३१ | देवराज के.सी., खरिदार, मालपोत कार्यालय, कलंकी, काठमाडौं । | १,००,०००।- |
| ३६. | २०७३।२।२ | २०७३।२।४ | प्रकाश आचार्य, लेखा अधिकृत, वैदेशिक रोजगार विभाग, बुद्धनगर, काठमाडौं । | १०,०००।- |
| ३७. | २०७३।२।२ | २०७३।२।५ | शुभनारायण यादव, इन्जिनियर, जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय, १० नं. जगाते, भक्तपुर । | ३५,०००।- |

| | | | | |
|---|---|---|---|---|
| ३८. | २०७३।२।९ | २०७३।२।९ | ईश्वरप्रसाद अर्याल, स्रोत व्यक्ति, जिल्ला शिक्षा कार्यालय, काठमाडौं । | ५०,०००।- |
| ३९. | २०७३।१।२९ | २०७३।२।१४ | लेखनाथ पौडेल, गा.वि.स. सचिव, खहरेपाँगु, काभ्रेपलाञ्चोक । | ४,०००।- |
| ४०. | २०७३।२।१८ | २०७३।२।२१ | भरतकुमार थापा, सहायक वन अधिकृत, मगरागडी, बर्दिया । | ६०,०००।- |
| ४१. | २०७३।२।२ | २०७३।३।३ | निरसन साह, सचिव, हंशपुर कठपुल्ला गा.वि.स., धनुषा । | ५,०००।- |
| ४२. | २०७३।३।१४ | २०७३।३।१६ | रामकृष्ण कुश्ले, सहायक वन अधिकृत, राक्सिराङ्ग इलाका वन कार्यालय चैनपुर मुकाम मनहरी, मकवानपुर । | १,८०,०००।- |
| ४३. | २०७३।३।१५ | २०७३।३।१७ | रमेश महर्जन, इन्जिनियर, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, मकवानपुर । | ४५,०००।- |
| ४४. | २०७३।३।१४ | २०७३।३।२० | राजकुमार मल्ल, सहायक वन अधिकृत, सेक्टर वन कार्यालय लम्की, कैलाली बाबुराम मिजार, रेन्जर, इलाका वन कार्यालय, टीकापुर, कैलाली । | ७६,५००।- |
| ४५. | २०७३।३।२० | २०७३।३।२१ | दीपककुमार कार्की, ना.सु., जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौं । | २०,०००।- |
| ४६. | २०७३।३।१४ | २०७३।३।२७ | वीरेन्द्र कुसियैत, प्राविधिक सहायक, जिल्ला शिक्षा कार्यालय, सप्तरी | ४०,०००।- |

### ६.३.२ झुठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेका मुद्दाहरू :-

आर्थिक वर्ष २०७२।७३ मा निम्न उल्लेखित सरकारी कार्यालय, संस्थान र शैक्षिक निकायमा कार्यरत निम्न कर्मचारीहरूले अनुचित लाभ लिने उद्देश्यले सुरु नियुक्ति र बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरूका सम्बन्धमा अनुसन्धान हुँदा झुठा प्रमाणपत्र पेश गरेको तथ्य प्रमाणित हुन आई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) द्वारा परिभाषित कसुर गरेको देखिएकोले निजहरूलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) द्वारा व्यवस्थित हदैसम्मको सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

| सि.नं. | निर्णय मिति | आरोपपत्र दायर मिति | प्रतिवादीको नाम, पद र कार्यालय | योग्यता र शैक्षिक संस्था |
|---|---|---|---|---|
| १. | २०७२।४।१० | २०७२।४।२५ | रामचन्द्र ओझा, शिक्षक, जन प्रकाश उच्च माध्यमिक विद्यालय, कैलाली । | (आई.ए.), बिहार इन्टरमिडियट एजुकेशन काउन्सिल पटना, भारत । |
| २. | २०७२।४।१० | २०७२।५।१ | सिकन्दर भिन्दवार, सहायक (प्रशासन) खरिदार, पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गत परीक्षा व्यवस्थापन कार्यालय, | (आई.एस.सी.) विहार इन्टरमिडियट एजुकेशन काउन्सिल, पटना, भारत । |

| | | | | |
|---|---|---|---|---|
| | | | विराटनगर । | |
| ३. | २०७२।६।१२ | २०७२।७।१८ | नवराज पौडेल, शिक्षक, श्री सिर्जना सामुदायिक माध्यमिक विद्यालय, कास्की । | (अध्यापन अनुमती पत्र), जिल्ला शिक्षा कार्यालय, कास्की । |
| ४. | २०७२।६।१२ | २०७२।७।१९ | दुर्गा बहादुर गुरुङ, प्रा.प्रहरी नायब निरिक्षक, नेपाल प्रहरी अस्पताल अन्तर्गत मध्य पश्चिम क्षेत्रीय प्रहरी अस्पताल, नेपालगञ्ज । | हाई स्कुल, माध्यमिक शिक्षा परिषद् उत्तर प्रदेश, भारत । |
| ५. | २०७२।६।१२ | २०७२।७।२० | अर्चना कुमारी अधिकारी, शिक्षक, श्री नेपाल राष्ट्रिय प्रगती प्रा.वि.वेल्वा -२, पर्सा | माध्यमिक तह, माध्यमिक शिक्षा परिषद् विहार, भारत । |
| ६. | २०७२।६।१२ | २०७२।७।२९ | दीपेन्द्र कुमार शर्मा, असिस्टेन्ट एक्सटेन्सन अफिसर, दुग्ध विकास संस्थान, केन्द्रीय कार्यालय अन्तर्गत दुग्ध वितरण आयोजना बालाजु, काठमाडौं । | BSC, श्री बाबा साहेव भीमराव अम्बेदकर विहार विश्व-विद्यालय मुजफ्फरपुर, विहार, भारत । |
| ७. | २०७२।६।१२ | २०७२।७।३० | राधा कृष्ण राय, विद्यालय व्यवस्थापन समितिको अध्यक्ष, श्री जनता माध्यमिक विद्यालय, औरही सर्लाही । | माध्यमिक तह, माध्यमिक शिक्षा परिषद् विहार प्रदेश (भारत) । |
| ८. | २०७२।६।१२ | २०७२।८।३ | नरसिंह पण्डित, शिक्षक, शारदा मा.वि.मधुमल्ला, पातो, सप्तरी । | आई.एस्सी, विहार इन्टरमिडियट शिक्षा परिषद् पटना, भारत । |
| ९. | २०७२।६।१२ | २०७२।८।७ | इन्द्रदीप पोखरेल, शिक्षक, बद्रिनाथ निम्न माध्यमिक विद्यालय बाँझगरा, धरान, सुनसरी । | प्रवेशिका, नेहरा दरभंगा, बिहार विद्यालय परीक्षा समिति, पटना भारत । |
| १०. | २०७२।६।१२ | २०७२।८।८ | रामशरण हटुवाल, सिनियर हेभी इक्विपमेण्ट अपरेटर, नेपाल विद्युत प्राधिकरण, कुलेखानी दोस्रो जलविद्युत केन्द्र, निबुवाटार, मकवानपुर । | एस.एल.सी., बिहार विद्यालय परीक्षा समिति, पटना, भारत । |
| ११. | २०७२।६।१७ | २०७२।८।१६ | घनश्याम यादव, विद्यालय व्यवस्थापन समितिको अध्यक्ष, बोगडी मा.वि., रुपन्देही । | हाइस्कुल, माध्यमिक शिक्षा परिषद, उत्तरप्रदेश, क्षेत्रीय कार्यालय, वाराणसी, भारत । |
| १२. | २०७२।६।१७ | २०७२।८।१७ | मित्रसिङ साँवा, शिक्षक, श्री ताप्लेजुङ प्रा.वि., नाल्वु । | माध्यमिक, बिहार विद्यालय परीक्षा समिति, पटना भारत । |
| १३. | २०७२।९।१ | २०७२।९।१९ | काशीराम पाठक, प्र.अ., श्री सरस्वती उच्च मा.वि गोछडा, नवलपरासी । | IA, बिहार इन्टरमिडिएट एजुकेशन काउन्सिल पटना, भारत । |

| | | | | |
|---|---|---|---|---|
| १४. | २०७२।९।१ | २०७२।९।१९ | निलम कुमारी, मुख्य सहायक, पूर्वाञ्चल विश्वविद्यालय, विराटनगर । | ISC, बिहार इन्टरमिडिएट एजुकेशन काउन्सिल, पटना । |
| १५. | २०७२।९।१ | २०७२।९।२७ | दीपक निरौला, प्र.अ.अ., राष्ट्रिय अनुसन्धान विभाग । | बी.ए., बिहार विश्वविद्यालय, भारत । |
| १६. | २०७२।९।१ | २०७२।९।२८ | सत्यदेव लोध, शिक्षक, श्री कृषक प्राथमिक विद्यालय, सूर्यपुरा-४, रुपन्देही । | हाइस्कुल, माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेश, वाराणासी, भारत । |
| १७. | २०७२।९।१ | २०७२।९।२९ | मिरा थापा, शिक्षक, वीरेन्द्र उच्च माध्यमिक विद्यालय, हेकुली, दाङ । | हाइस्कुल, माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश, क्षेत्रीय कार्यालय, वाराणासी । |
| १८. | २०७२।९।२८ | २०७२।०९।३० | सिता के.सि., प्रहरी हवल्दार, नेपाल प्रहरी अस्पताल, महाराजगंज, काठमाडौं | हाइ स्कूल ,माध्यमिक शिक्षा परिषद उत्तर प्रदेश भारत |
| १९. | २०७२।१०।१७ | २०७२।१०।२२ | कृष्ण प्रसाद ज्ञवाली, शिक्षक, कालिका मा.वि., नवलपरासी । | एस.एल.सी., माध्यमिक शिक्षा परिषद उत्तर प्रदेश बोर्ड अफ हाइस्कुल एण्ड इन्टरमिडियट एजुकेशन । यू.पी. भारत । |
| २०. | २०७२।१०।१७ | २०७२।११।३० | चित्र बहादुर कार्की, प्रहरी सहायक निरीक्षक, नेपाल प्रहरी । | हाइस्कुल, बिहार विद्यालय परीक्षा समिति, भारत । |
| २१. | २०७२।१०।१७ | २०७२।१२।१ | उषा शर्मा यादव, स्टाफ नर्स, गजेन्द्र नारायण सिंह सगरमाथा अञ्चल अस्पताल राजविराज, सप्तरी । | एस.एल.सी., बिहार विद्यालय परीक्षा समिति, भारत । |
| २२. | २०७२।११।१३ | २०७२।१२।१४ | दिनानाथ पोखेल, शिक्षक, सरस्वती मा.वि. सुडाल, भक्तपुर । | M.A., वीर बहादुर सिंह, पूर्वाञ्चल विश्वविद्यालय, जौनपुर, भारत । |
| २३. | २०७२।१२।१५ | ०७२।१२।२४ | रामहरि विष्ट, प्र.ना.नि., प्रहरी प्रधान कार्यालय सुरक्षा महाशाखा, नक्साल काठमाडौं । | I.COM, फिरोज गान्धी कलेज, पटना, भारत । |
| २४. | २०७२।१२।१५ | २०७२।१२।२६ | केशवकुमार कार्की, शिक्षक, खम्पुजुङ नि.मा.वि. संखुवासभा । | माध्यमिक, विद्यालय परीक्षा समिति (उ.मा.) पटना, भारत । |
| २५. | २०७२।१२।१५ | २०७३।१।१० | प्रमेन्द्रराज रेग्मी, लेखा अधिकृत, घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, गोरखा | आई.ए., बिहार इन्टरमिडियट शिक्षा परिषद्, पटना, भारत । |
| २६. | २०७३।२।२ | २०७३।२।१२ | सुधिर विक्रम शाह, प्र.ना.नि., महानगरीय अपराध शाखा बौध्द, काठमाडौं | आई.ए., बिहार विद्यालय परीक्षा समिति, पटना, भारत |
| २७. | २०७३।२।२ | २०७३।२।१३ | रणदिप खड्का, अनुसन्धान | स्नातक, त्रिभुवन |

| | | | | |
|---|---|---|---|---|
| | | | अधिकृत, राष्ट्रिय अनुसन्धान विभाग बरफबाग सिंहदरबार । | विश्वविद्यालय । |
| २८. | २०७३।२।२ | २०७३।२।२५ | तोरण भन्ने तोर्ण बहादुर भण्डारी, प्र.ना.नि., जिल्ला प्रहरी कार्यालय, बर्दिया । | माध्यमिक शिक्षा एस.एल.सी., परिषद उत्तर प्रदेश बोर्ड अफ हाईस्कुल एण्ड इन्टरमिडियट एजुकेशन उत्तर प्रदेश, भारत । |
| २९. | २०७३।२।२४ | २०७३।२।२८ | दिलमान तामाङ, शिक्षक, माध्यमिक विद्यालय, नुवाकोट । | एस.एल.सी., विद्यालय परीक्षा समिति (उच्च माध्यमिक) पटना, भारत । |
| ३०. | २०७३।२।२८ | २०७३।२।३१ | चन्द्रकान्त चौधरी, शिक्षक, मगर गाउँ उच्च माध्यमिक विद्यालय, शंखु, ललितपुर । | आई.एस.सी., बिहार विद्यालय परीक्षा समिति, (उच्च माध्यमिक), पटना भारत । |
| ३१. | २०७३।२।२८ | २०७३।२।३२ | डम्बर बहादुर बस्नेत, प्रा.प्र.ना.नि., पूर्वाञ्चल क्षेत्रीय प्रहरी कार्यालय, रानी, विराटनगर । | IA, बिहार इन्टरमिडियट एजुकेशन काउन्सिल, पटना, भारत । |
| ३२. | २०७३।२।२८ | ०७३।३।१ | सत्येन्द्र नारायण सिंह, लेखापाल, नेपाल विद्युत प्राधिकरण अन्तर्गत राजविराज वितरण केन्द्र । | एस.एल.सी., बिहार विद्यालय परीक्षा समिति, पटना, भारत । |
| ३३. | २०७३।२।२८ | २०७३।३।२ | सुनिल कुमार कुशवाहा, शिक्षक, नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, पटेर्वा, बारा । | अध्यापन अनुमतिपत्र, शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुर । |
| ३४. | २०७३।२।२५ | २०७३।३।५ | शुभनारायण यादव, शिक्षक, श्री निम्न माध्यमिक विद्यालय, मखनाह-मुग्राहा, धनुषा । | स्थायी अध्यापन अनुमति पत्र, जिल्ला शिक्षा कार्यालय, सिरहा । |
| ३५. | २०७२।१२।१५ | २०७३।३।६ | सुदेशराज शर्मा, अधिकृत सातौं तह, सांस्कृतिक संस्थान । | IA, Bihar Intermediate Education Council Patna, भारत । |
| ३६. | २०७२।१२।१५ | २०७३।३।६ | अवध मण्डल, वरिष्ठ सहायक, नेपाल बैंक लि. जनकपुर चुरोट कारखाना शाखा । | IA, Bihar School Examination Board (SS) Patna (भारत) । |
| ३७. | २०७३।२।२ | २०७३।३।७ | भीमसेन बस्नेत, प्रहरी हवल्दार, प्रहरी प्रधान कार्यालय । | एस.एल.सी., परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी । |
| ३८. | २०७३।३।१४ | २०७३।३।१५ | विष्णुहरी नेपाल, शिक्षक, सरस्वती प्राथमिक विद्यालय, शुक्रौली, नवलपरासी | IA,विहार इन्टरमिडियट शिक्षा परिषद, पटना, भारत |
| ३९. | २०७३।३।१४ | २०७३।३।१५ | महावीर यादव, प्र.ना.नि., जिल्ला प्रहरी कार्यालय, | I.A., सरला सत्यनारायण यादव कलेज, नरपतगंज, |

| | | | | |
|---|---|---|---|---|
| | | | सोलुखुम्बु । | भारत । |
| ४०. | २०७३।३।१४ | २०७३।३।१६ | तर्पणलाल राजवंशी, शिक्षक, श्री काली उच्च माध्यमिक विद्यालय, डाँगीहाट-६, मोरङ | आई.कम., विहार इन्टरमिडिएट शिक्षा परिषद, पटना |
| ४१. | २०७३।३।१४ | २०७३।३।१७ | बसन्त कुमार मण्डल, प्रहरी निरीक्षक, महानगरीय ट्राफिक प्रहरी बृत्त, कालीमाटी । | I.SC, बिहार इन्टरमिडियट एजुकेशन, काउन्सिल पटना, भारत । |
| ४२. | २०७३।३।१४ | २०७३।३।१७ | हरिनाथ प्रसाद, प्र.ना.नि., इलाका प्रहरी कार्यालय, हजरिया सर्लाही । | I.Sc., पंडित उगम पाण्डेय महाविद्यालय, मोतिहारी, भारत । |
| ४३. | २०७३।३।१४ | २०७३।३।१९ | विपिन कुमार कर्ण, नायब सुब्बा, जिल्ला विकास समितिको कार्यालय रुपन्देही । | मध्यमा, विहार विद्यालय परीक्षा समिति, भारत । |
| ४४. | २०७३।३।१४ | २०७३।३।१९ | नारायणी पौडेल (चालिसे), मुख्य सहायक, त्रिभुवन विश्वविद्यालय जनप्रिय बहुमुखी क्याम्पस, कास्की । | माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश, भारत । |
| ४५. | २०७३।३।१४ | २०७३।३।२१ | चेतप्रसाद काफ्ले, शिक्षक, जनप्रेमी उच्च माध्यमिक विद्यालय स्याङ्ती, सिन्धुली । | स्थायी अध्यापन अनुमतिपत्र, जिल्ला शिक्षा कार्यालय, सिन्धुली । |
| ४६. | २०७३।३।१४ | २०७३।३।२२ | कृष्णराज शाही, प्र.स.नि., प्रहरी प्रधान कार्यालय, नक्साल । | जिल्ला प्रशासन कार्यालय तनहुँबाट जारी भएको नागरिकता सच्याई सेवा प्रवेश गरेको । |
| ४७. | २०७३।३।१४ | २०७३।३।२२ | युवराज गिरी, शिक्षक, श्री सिद्धार्थ माध्यमिक विद्यालय, चितवन । | बी.एड., त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय। |
| ४८. | २०७३।३।१९ | २०७३।३।२४ | डा. महेशमान प्रधान, प्रहरी वरिष्ठ उपरीक्षक, नेपाल प्रहरी अस्पताल, महाराजगञ्ज । | I.Sc. र B.Sc., परीक्षा नियन्त्रण कार्यालय, बल्खु । |
| ४९. | २०७३।३।१४ | २०७३।३।२४ | जयराम गौतम, सहायक प्रबन्धक, नेपाल आयल निगम, बबरमहल । | बिहार इन्टरमिडियट एजुकेसन काउन्सिल, पटना, भारत । |
| ५०. | २०७३।३।१४ | २०७३।३।२६ | गुन सिंह चौधरी (डगौरा), खरिदार, जिल्ला विकास समितिको कार्यालय, कैलाली । | एस.एल.सी., परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुर । |
| ५१. | २०७३।३।१४ | २०७३।३।२७ | बालकुमारी बस्नेत, शिक्षक, श्री बालज्योती प्राथमिक विद्यालय, डुमरवाना-६ भवानीपुर बारा । | अस्थायी अध्यापन पत्र, जिल्ला शिक्षा कार्यालय, रौतहट । |
| ५२. | २०७३।३।२२ | २०७३।३।२७ | राजेश प्रसाद कुर्मी, शिक्षक, नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय, गर्दौल, पर्सा । | हाइस्कुल, बिहार विद्यालय परीक्षा समिति, पटना । |

| | | | | |
|---|---|---|---|---|
| ५३. | २०७३।३।२२ | २०७३।३।२८ | सरयुग प्रसाद साह, शिक्षक, जयन्ती माध्यमिक विद्यालय, खरीगैरा, दैलेख । | ISC, माध्यमिक शिक्षा परिषद्, बिहार इन्टरमिडियट एजुकेशन काउन्सिल, पटना, भारत । |

**६.३.३ सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गरी भ्रष्टाचार गरेका मुद्दाहरू :-**

१. जेष्ठ नागरिक र ५ वर्षमुनिका दलित बालबालिकाको भत्ता वितरणमा अनियमितता गरेको भन्ने समेतको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा बाँफिकोट गा.वि.स.का सचिव दीपेन्द्रकुमार देवकोटा र कार्यालय सहयोगी वीरजित खत्री (के.सी.) ले आ.व.२०७०।७१ को सामाजिक सुरक्षा भत्ताको रु. १,६७,३००।- हिनामिना गरी नेपाल सरकारको सम्पत्ति हानि नोक्सानी गरी भ्रष्टाचार गरेको तथ्य प्रतिवादीहरूको मौकाको बयान, सर्जमिन मुचुल्का, केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन समेतबाट पुष्टि भएको र निज प्रतिवादीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको हुँदा प्रतिवादीहरूले हिनामिना गरेको रकम रु. १,६७,३००।- मध्ये कार्यालय सहयोगीले हानि नोक्सानी गरेको रकम बाहेक अरू सबै निज गा.वि.स. सचिव दीपेन्द्रकुमार देवकोटाबाट हानि नोक्सानी भएको हुँदा रु. १,०९,७००।- निजको हकमा बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो असुल उपर गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ३(१) (घ) बमोजिम सजाय हुन र कार्यालय सहयोगी विरजित खत्री (के.सी.) बाट १९ जनाको नाममा लिएको रु.५७,६००।- बिगो असुल उपर गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) र ३ (१) (ग) बमोजिम सजाय हुन मागदाबी लिई आयोगको मिति २०७२।४।१० को निर्णयानुसार मिति २०७२।५।२ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

२. कृषि विकास मन्त्रालय अन्तर्गत नेपालगन्जमा अवस्थित साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजनाका तत्कालीन आयोजना निर्देशक शम्भुप्रसाद देव समेतले आ.व. २०६९।०७० मा कार्यक्रम सञ्चालन गर्दा खरिद योजना तथा बोलपत्र प्रक्रिया विपरीत मालसामान खरिद गरेको, अस्वाभाविक मूल्यमा मालसामान खरिद गरेको, लाखौं रुपैयाँ पेश्की दिने लिने कार्य गरी भ्रष्टाचार गरेको तथ्य पुष्टि हुन आएको हुँदा निम्न प्रतिवादीहरूलाई निम्न बमोजिमको कसुरमा देहाय बमोजिमको बिगो कायम गरी आयोगको मिति २०७२।४।१० को निर्णयानुसार मिति २०७२।४।२८ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

| सि.नं. | प्रतिवादीको नाम, थर र पद | कसुर | मागदाबी | बिगो |
|---|---|---|---|---|
| १. | वरिष्ठ कृषि विकास अधिकृत शम्भुप्रसाद देव । | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ दफा ३ (१) तथा दफा ३ (१) को खण्ड (च) | रु.२३,९७,१४६।६२ |
| २. | उपसचिव (लेखा) कमल सापकोटा । | ऐ. | ऐ. | रु.२३,९७,१४६।६२ |

| | | | | |
|---|---|---|---|---|
| ३. | कृषि प्रसार अधिकृत कमलराज शर्मा । | ऐ. | ऐ. | रु.१३,७३,३६३।१२ |
| ४. | वरिष्ठ कृषि अर्थविज्ञ डालप्रसाद पुडासैनी । | ऐ. | ऐ. | रु.१०,२३,७८३।५० |
| ५. | न्यू विज्ञान इन्टरप्राइजेजका प्रोप्राइटर र चौरीगंगा सप्लायर्सको अख्तियारवाला विदुरप्रसाद गौतम । | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) | रु. २,२८,७१२।– |
| ६. | यापिङ ग्रो ट्रेडर्सका प्रोप्राइटर सहदेव गौतम । | ऐ. | ऐ. | रु.६,८८,१७१।५० |
| ७. | एडभरटाइजिङ रिभोलुसन प्रा.लि.का प्रोप्राइटर जनक राउत । | ऐ. | ऐ. | रु. २,२७,९८४।२८ |
| ८. | हिम गणेश कन्सल्ट प्रा.लि.नेपालगन्ज बाँकेको सञ्चालक एवं प्रबन्ध निर्देशक राजेश्वर कार्की । | ऐ. | ऐ. | रु.२,९८,९४१।५० |
| ९. | स्काई प्रेस एण्ड ट्रेड लिंक प्रा.लि. का प्रोप्राइटर मान ब. के.सी. । | ऐ. | ऐ. | रु. २,७७,०१६।७५ |
| १०. | धनलक्ष्मी ट्रेडर्स एण्ड सप्लायर्सका प्रोप्राइटर युवराज कोइराला । | ऐ. | ऐ. | रु. १,३१,७१२।७५ |
| ११. | बिजनेस नेटवर्क प्रा.लि. का प्रोप्राइटर नेम बहादुर खत्री । | ऐ. | ऐ. | रु. ३,१५,४६१।२५ |
| १२. | जय गणेश सप्लार्यस का प्रोप्राइटर बाल किसुन चौधरी । | ऐ. | ऐ. | रु.६,८८,१७१।५० |

३. सिरहा जिल्ला, नहरा रिगौल गा.वि.स.का सचिव चन्देश्वर ठाकुरले स्वायत्त शासन ऐन, २०५५, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ विपरीतका कार्यहरू गरी आ.व. २०६४।६५ मा चालू बजेटतर्फ रु. ८६,०६३।७० र पुँजीगत बजेटतर्फ रु.१,५७,८८८।०३, आ.व. २०६५।६६ मा चालू बजेटतर्फ रु. ५४,३१५।२४ र पुँजीगत बजेटतर्फ रु. ८६,४७५।-, आ.व. २०६६।६७ मा चालू बजेटतर्फ रु. १,७३,८१०।- र पुँजीगत बजेटतर्फ रु. ६,०००।-, आ.व. २०६७।६८ मा चालू बजेटतर्फबाट रु. २,२५,३३१।- र पुँजीगत बजेटतर्फ रु. ५९,५७२।५० गरी जम्मा रु. ८,४९,४५५।४७ हिनामिना, हानि नोक्सानी गरी दुरुपयोग गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर गरेको पुष्टि भएको हुँदा हिनामिना, हानि नोक्सानी एवं मासेको

रु. ८,४९,४५५।४७ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम असुल उपर गरी गराई निज चन्देश्वर ठाकुरलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) र दफा ३ (१) (ङ) बमोजिम सजाय गरी पाउन मागदाबी लिई आयोगको मिति २०७२।४।३२ को निर्णयानुसार मिति २०७२।५।७ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

४. जिल्ला विकास समितिको कार्यालय, काठमाडौंले राहत सामग्री स्वरूप नेपाल सरकार केन्द्रीय दैवी प्रकोप उद्धार समितिको निर्देशन समेतको आधारमा चालू आ.व. ०७१।७२ को विनियोजित बजेटबाट रु.७५,४७,७७७।- बराबरको ३०५० थान त्रिपाल खरिद गर्दा भूकम्पको कारणबाट देशबासीहरूमा पर्न गएको मानवीय पीडाको अवस्थालाई मौका र अवसरको रूपमा प्रयोग गरी जिल्ला विकास समितिको कार्यालय, काठमाडौंका स्थानीय विकास अधिकारी तीर्थराज भट्टराई लगायतले कमिसनको प्रलोभनमा परी/पारी बदनियतपूर्वक मिलोमतोमा न्यून गुणस्तरको त्रिपाल खरिद गरे/गराए देखिएकोले निम्न प्रतिवादीहरूलाई निम्न बमोजिमको कसुरमा निम्न बमोजिमको सजाय हुन मागदाबी लिई आयोगको मिति २०७२।१०।१७ को निर्णयानुसार मिति २०७२।१०।१९ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

| सि.नं. | प्रतिवादीको नाम, थर र पद | कसुर | मागदाबी | बिगो |
|---|---|---|---|---|
| १. | जिल्ला विकास समितिको कार्यालय, काठमाडौंका स्थानीय विकास अधिकारी तिर्थराज भट्टराई | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१) को (ख) (ग) (ञ) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) | रु.३५,०६,६२६।७६ |
| २. | जिल्ला विकास समितिको कार्यालय, काठमाडौंका लेखा अधिकृत यामनारायण शर्मा | ऐ. | ऐ. | रु.३५,०६,६२६।७६ |
| ३. | जिल्ला विकास समितिको कार्यालय काठमाडौंका कम्प्युटर अपरेटर (हाल स्टोर किपर) चिरञ्जीवी खड्का | ऐ. | ऐ. | रु.३५,०६,६२६।७६ |
| ४. | दिपेश इन्टरप्राइजेजका प्रोपाइटर झम्कप्रसाद गौतम | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) | रु.८,९३,२७७।- |
| ५. | सेविका इन्टरप्राइजेजका प्रोपाइटर होमप्रसाद गौतम | ऐ. | ऐ. | रु.३,७८,६८०।- |
| ६. | न्यू पशुपति ट्रेड एण्ड सप्लायर्सका प्रोपाइटर मिथिलेश्वर तिवारी | ऐ. | ऐ. | रु.२२,३४,६६९।७६ |

५. वीरगंज चिनी कारखानाको नामबाट उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको नाममा दर्ता कायम भैसकेको बारा जिल्ला, साविक डुमरवाना गा.वि.स. वडा नं. ४ को कि.नं. १९० को ज.वि.१-०-१५-० जग्गा डुमरवाना गा.वि.स. का सचिव, मालपोत कार्यालयका कर्मचारीहरू समेतको मिलोमतोमा दल्तीदेवी रायको नाममा नामसारी गरी सोही जग्गा श्यामकृष्ण दुगु श्रेष्ठ,

सोनाम मानन्धर र श्यामकृष्ण प्रजापतिलाई झुक्याई मिति २०७०।४।२४ मा र.नं. ८९२/१ को राजीनामा पास गरिदिएको हुँदा छानबिन गरी पाउँ भन्ने समेतको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा मालपोत कार्यालय, बाराका तत्कालीन ना.सु. द्वय शंकरप्रसाद आचार्य तथा पूर्णबहादुर के.सी. र मालपोत कार्यालय, बाराका तत्कालीन मालपोत अधिकृत रामजिनिस राउतले आफूहरू र दल्तीदेवी रायलाई गैरकानूनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैरकानूनी हानि पुऱ्याउने बदनियतले नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको नाममा दर्ता कायम भएको बारा जिल्लास्थित डुमरवाना गा.वि.स. वडा नं ४ को कि.नं.१९० क्षे.फ. १-०-१५-० को सरकारी जग्गा गैरकानूनी रूपमा दल्तीदेवी रायको नाममा नामसारी गरी सोही सरकारी जग्गा गैरकानूनी रूपमा दल्तीदेवी रायबाट र.नं.८९२/१ मिति २०७०।४।२४ को राजीनामा लिखत पारित गरी श्यामकृष्ण (दुगु) श्रेष्ठ, सोनाम मानन्धर र श्यामकृष्ण प्रजापतीको संयुक्त नाममा दर्ता गर्ने गराउने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१) को खण्ड (ज) अनुसार कसुर गरेको पुष्टि हुन आएकोले निज शंकरप्रसाद आचार्य, पूर्णबहादुर के.सी. र रामजिनिस राउतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम बिगो रु. ११,००,०००।- असुल उपर गरी सोही ऐनको दफा ८(१) बमोजिम कसुरको मात्रा अनुसार कैद र जरिवाना सजाय हुन मागदाबी लिई र जग्गाधनी रामभजन राय थारुको मृत्यु पश्चात निजका हकदार दल्तीदेवी रायले एकपटक हक हस्तान्तरण भैसकेको बारा जिल्लास्थित डुमरवाना गा.वि.स. वडा नं ४ को कि.नं.१९० क्षे.फ.१-०-१५-० नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको नाममा दर्ता कायम भएको जग्गा आफुलाई गैर कानूनी लाभ पुऱ्याउने बदनियतले मालपोत कार्यालय बाराका कर्मचारीहरू शंकरप्रसाद आचार्य, पूर्णबहादुर के.सी. र रामजिनिस राउत समेतको सरसल्लाह, मिलेमतो र सहमतिमा मालपोत कार्यालय, बाराबाट मिति २०७०।१।३१ मा आफ्नो नाममा नामसारी गरी गराई सो जग्गा श्यामकृष्ण प्रजापती समेतका तीन जना व्यक्तिहरूलाई राजीनामा पारित गराएको देखिएकोले निज दल्तीदेवी रायलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ८(४) बमोजिम बिगो रु.११,००,०००।- कायम गरी कसुरको मात्रा अनुसार कैद र जरिवानाको सजाय हुन र बारा जिल्लास्थित डुमरवाना गा.वि.स. वडा नं.४ को कि.नं.१९० क्षे.फ.१-०-१५-० को सरकारी जग्गा नेपाल सरकारकै नाउँमा कायम गरी पाउन समेत मागदाबी लिई आयोगको मिति २०७२।१०।१७ को निर्णयानुसार मिति २०७२।११।९ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

६. निम्न बमोजिमका व्यक्तिहरूले विद्यालयको नाममा प्राप्त भएको सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको तथा विद्यालय सञ्चालन अनुमति लिई विद्यालय सञ्चालन नै नगरी जिल्ला शिक्षा कार्यालयबाट रकम निकासा गराई बदनियतपूर्वक हिनामिना गरी नेपाल सरकारको सम्पत्तिको हानि नोक्सानी पुऱ्याएको तथ्य अनुसन्धानबाट पुष्टि हुन आएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुरमा तपसिल बमोजिमको बिगो कायम गरी दफा ऐनको १७ बमोजिम बिगो असुल उपर गरी दफा ३(१) बमोजिम जरिवाना एवं सजायको मागदाबी लिई विशेष अदालतमा आरोपपत्र दायर गरिएको छ ।

| सि.नं. | आयोगको निर्णय मिति | आरोपपत्र दायर मिति | प्रतिवादीको नाम, पद र कार्यालय | बिगो |
|---|---|---|---|---|
| १. | २०७२।२।३२ | २०७२।४।१ | प्रदीपकुमार चौधरी, प्र.अ., रमेश चन्द्र अधिकारी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं विद्यालय भवन निर्माण समिति संयोजक, देबहादुर थापा, विज्ञान भवन निर्माण समिति संयोजक, शंकर बहादुर सिंखडा, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं निर्माण समिति संयोजक, शुकदेव ढुंगाना चार कोठे ब्लक भवन निर्माण समिति संयोजक, श्री नारायणी गण्डकी साधारण तथा संस्कृत उच्च माध्यमिक विद्यालय, नवलपरासी । | प्रदीपकुमार चौधरीको हकमा रु. ७,३२,४६५।७८<br>रमेश चन्द्र रौनियारको हकमा रु. ७,०३,०२५।३३ देव बहादुर थापाको हकमा रु.४,१०,७८५।९८ शंकरबहादुर सिंखडा र शुकदेव ढुंगानाको हकमा रु.२,५८,३०८।५९ |
| २. | २०७२।२।३२ | २०७२।४।७ | वीरबहादुर तामाङ, तत्कालीन वि.व्य.स.अध्यक्ष लाटीदेवी निम्न माध्यमिक विद्यालय भूमेस्थान ९, धादिङ । | रु.२,३८,८९८।- |
| ३. | २०७२।२।२५ | २०७२।४।२७ | वैद्यनाथप्रसाद साह, प्र.अ., प्रभु राय यादव, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय, पकडिया-५, बारा । | रु. ५,४३,५८७।- |
| ४. | २०७२।१०।१७ | २०७२।१२।३ | रामसेवक भिनवार, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, पाण्डव यादव, प्र.अ., रा.प्रा.वि. चिरैया-९,वालाबखर धनुषा । | रु.७,५८,२००।- |
| ५. | २०७२।१०।१७ | २०७२।१२।२ | विनोदकुमार राय यादव, प्र.अ., रामनरेश राय यादव, अध्यक्ष, वि.व्य.स., श्री सरस्वती जनता प्राथमिक विद्यालय खैरवनी, महोत्तरी । | रु.७,४८,०१७।- |
| ६. | २०७२।१०।१७ | २०७२।१२।५ | प्रदीपकुमार यादव, व्यवस्थापन समितिका अध्यक्ष, दिनेशकुमार मण्डल, प्र.अ.,मैथली नमुना प्रा.वि. धनुषा । | रु.१,५१,१४६।- |
| ७. | २०७२।१०।१७ | २०७२।१२।७ | उत्तिमलाल मुखिया,विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दरवारी ठाकुर, प्र.अ. , कविता कुमारी चौरासिया, प्र.अ., श्री | उतिमलाल मुखियाको हकमा रु.७,८९,०९९।५०, दरवारी ठाकुरको हकमा |

| | | | | |
|---|---|---|---|---|
| | | | जनजागृति प्राथमिक विद्यालय, महोत्तरी । | रु.६,९७,६६९।७५ र कविताकुमारी चौरासियाको हकमा रु.९१,४२९।७५ |
| ८. | २०७३।२।२ | २०७२।२।११ | नगनारायण सिंह, प्र.अ., कौशल किशोर प्रसाद, खाता संचालक, राम नरेश लक्ष्मण मा.वि.हजमिनिया, रौतहट । | रु.६८६१८०।- |

७. सर्लाही जिल्ला अन्तर्गतको बरहथवा गाविसका सचिव राधाकृष्ण चौधरीले नेपाल सरकारबाट उक्त गा.वि.स.मा निकासा भएको रकम तोकिएको शीर्षकमा खर्च नगरी रु.४४,६२,२००।- बदनियत गरी हिनामिना, हानि नोक्सानी एवं दुरुपयोग गरी गराई, मासी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर गरेको पुष्टि हुन आएकोले निज राधाकृष्ण चौधरीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम हिनामिना हानि नोक्सानी एवं मासेको बिगो रु.४४,६२,२००।- निजबाट असुल उपर गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरे बमोजिम निजलाई सोही ऐन को दफा ३(१) तथा दफा ३(१) को देहाय (छ) बमोजिम जरिवाना र कैद सजाय गरी पाउन मागदाबी लिई आयोगको मिति २०७२।१०।१७ को निर्णयले मिति २०७२।११।१९ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

८. हुम्ला जिल्ला, मैला गाउँ विकास समितिका तत्कालीन गा.वि.स. सचिव कालीबहादुर हमालले आफ्नो ओहदासम्बन्धी काम गर्दा सरकारी अनुदानको रूपमा प्राप्त आ.व. २०५८/५९ को रु ५,४४,२५०।-, आ.व. २०६०/६१ र २०६२/६३ को रु ७३,५००।- तथा कर्णाली रोजगार कार्यक्रमको रु. ५०,०६,५८२।- समेत गरी जम्मा रु ५६,२४,३३२।- नेपाल सरकारको सम्पत्ति बदनियत गरी हिनामिना, हानि नोक्सानी एवं दुरुपयोग गरी गराई मासी निजी प्रयोगमा लगाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर गरेको पुष्टि हुन आएकोले निज गा.वि.स. सचिव कालीबहादुर हमाललाई रु. ५६,२४,३३२।- बिगो कायम गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर गरी सोही दफा १७ ले निर्दिष्ट गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१) को देहाय (ज) बमोजिम जरिवाना र कैद सजाय गरी पाउन मागदाबी लिई आयोगको मिति २०७२।१०।१७ को निर्णयानुसार मिति २०७२।११।५ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

९. सिरहा जिल्ला, औरही गा.वि.स.का तत्कालीन सचिव सोन्फी दास तत्माले मुखिया अशोककुमार यादवसँग मिलोमतो गरी औरही गा.वि.स.बाट आ.व. २०६३।६४ देखि आ.व. २०६७।६८ सम्म ज्येष्ठ नागरिक, अपांग, एकल महिला समेतलाई वितरण गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता बापतको रकममध्ये मृत्यु भैसकेका मानिसहरू लगायत ज्येष्ठ नागरिक, अपांग, एकल महिला समेत गरी जम्मा २३१ जनाको भत्ता रकम आफू स्वयं तथा अन्य व्यक्ति समेतबाट झुठा/किर्ते औंठाछाप गरी गराई भरपाई तयार गरी हिनामिना गरेको साथै विकास निर्माणका लागि निकासा भएको रकम समेत गरी जम्मा रु.१९,५४,८९४।३० हिनामिना हानि नोक्सानी गरी मासेको पुष्टि हुन आएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा रु.१९,५४,८९४।३० बिगो कायम गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर गर्न

र सोही दफा १७ ले निर्दिष्ट गरे बमोजिम निज सोन्फी दास तत्मालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१) को देहाय (च) बमोजिमको जरिवाना र कैद सजाय गरी पाउन तथा गा.वि.स.को मुखिया पदमा कार्यरत रहेका निज अशोककुमार यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा बिगो रु.३,६४,६००।- कायम सोही दफा १७ बमोजिम बिगो असुल उपर गरी सोही दफा १७ ले निर्दिष्ट गरे बमोजिम निज अशोककुमार यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१) को देहाय (घ) बमोजिमको जरिवाना र कैद सजाय गरी पाउन मागदाबी लिई आयोगको मिति २०७२।१०।२४ को निर्णयानुसार मिति २०७२।११।१० मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

१०.सशस्त्र प्रहरी बलमा सनत बस्नेत, शैलेन्द्र श्रेष्ठ, वासुदेव वली लगायतका प्रमुखहरूले भ्रष्टाचार गरी अकुत सम्पत्ति आर्जन गरेका छन्। निजहरूले सामान खरिद तथा ढुवानीमा नक्कली बिल भरपाई बनाई व्यापक आर्थिक अनियमितता गरेका छन् भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा पूर्व सशस्त्र प्रहरी महानिरीक्षक वासुदेव वलीको आदेश/निर्देशनमा लेखा शाखाका तत्कालीन शाखा प्रमुख स.प्र.ना.उ. महेन्द्रबहादुर कार्कीले आफू मातहतका कर्मचारीहरू, लेखा सहायक स.प्र.नि. विनबहादुर थापा, तत्कालीन स.प्र.ना.नि. हाल स.प्र.नि. शिवबहादुर अधिकारी, तत्कालीन स.प्र.स.नि. हाल स.प्र.ना.नि. लेखबहादुर खत्री, तत्कालीन स.प्र.स.नि. हाल स.प्र.ना.नि. देवेन्द्रकुमार श्रेष्ठ र तत्कालीन स.प्र.ना.नि.हाल स.प्र.नि.मनुहिरा महत समेतका नाउँमा विभिन्न जिन्सी सामान ढुवानीका लागी पेश्की रकम दिलाई सामान नै ढुवानी नगरी सेवा सञ्चालनमै नभएका/नरहेका ट्रान्सपोर्टहरूको नामबाट झुठा बिलहरू पेश गर्न लगाई झुठा बिल भरपाई तथा पत्रहरू तयार गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले निम्न व्यक्तिहरूलाई निम्न बमोजिमको कसुरमा निम्न बमोजिमको सजायको मागदाबी लिई आयोगको मिति २०७२।१०।२९ को निर्णयानुसार मिति २०७२।१०।२९ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

| सि.नं. | प्रतिवादीको नाम थर र पद | कसुर | मागदाबी | बिगो |
|---|---|---|---|---|
| १. | पूर्व सशस्त्र प्रहरी महानिरीक्षक वासुदेव वली | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१) को देहाय (ङ) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा २४ | रु.१,१४,५४,०४९।५० |
| २. | स.प्र.ना.उ. महेन्द्रबहादुर कार्की तथा स.प्र.नि. विनबहादुर थापा | ऐ. | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) | रु.१,१४,५४,०४९।५० |
| ३. | स.प्र.नि.मनु हिरा महत | ऐ. | ऐ. | रु.२८,१८,५१५।- |
| ४. | स.प्र.नि. शिवबहादुर अधिकारी | ऐ. | ऐ. | रु.७,०३,०३५।- |
| ५. | स.प्र.ना.नि. वेन्द्रकुमार श्रेष्ठ | ऐ. | ऐ. | रु.५,६०,९५२।५० |
| ६. | स.प्र.ना.नि. लेखबहादुर खत्री | ऐ. | ऐ. | रु.४५,२०,२७३।- |

११. जिल्ला शिक्षा कार्यालय, रौतहटका तत्कालीन जिल्ला शिक्षा अधिकारी उपेन्द्र मण्डल समेतले आ.व. २०६७।६८ को राष्ट्रिय साक्षरता कार्यक्रम सञ्चालन गर्दा राष्ट्रिय साक्षरता कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६५, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सार्वजनिक सूचना प्रकाशित गरी कार्यक्रम सञ्चालन गर्ने संस्था छनौट गर्नुपर्नेमा सो कानूनी व्यवस्थाहरूको पालना नगरेको, कार्यक्रम सञ्चालन पश्चात क्रमिक रूपमा प्रगति एवं कार्य सम्पन्न प्रतिवेदनको आधारमा मात्र भुक्तानी दिनुपर्नेमा बदनियतसाथ सि.एल.सि. फेडरेसन नेटवर्कलाई कानूनी व्यवस्था विपरीत छनौट गरी अग्रिम रूपमा एकमुष्ठ रु.४७,३६,६५०।- पेश्की रकम भुक्तानी दिएको र सो संस्थाले कार्यक्रम नै सञ्चालन नगरी नेपाल सरकारको रकम रु.४७,३६,६५०।- बदनियतसाथ हिनामिना, हानि नोक्सानी एवं मास्ने कार्य गरी प्रतिवादीहरू उपेन्द्र मण्डल, नन्दकिशोर गुप्ता, नर्मदा आचार्य, रञ्जनकुमार कर्ण, जयप्रकाश यादव र प्रेमशंकर मिश्रले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टि भएको देखिंदा निज प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम नेपाल सरकारको हानि नोक्सानी एवं मासेको बिगो रु.४७,३६,६५०।-असुल उपर गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१) को देहाय (छ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी गरी आयोगको मिति २०७२।११।१३ को निर्णयानुसार मिति २०७२।१२।१६ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

१२. काठमाडौं महानगरपालिकाको कार्यालय, काठमाडौंले राहत सामग्री स्वरूप आ.व. २०७१।७२ मा महानगरपालिकाको आफ्नै स्रोतबाट रु.६१,५५,१७१।०२ बराबरको त्रिपाल र सिलपोलिन खरिद गर्दा अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा भूकम्पको कारणबाट देशबासीहरूमा पर्न गएको मानवीय पीडाको अवस्थालाई मौका र अवसरको रूपमा प्रयोग गरी काठमाडौं महानगरपालिकाको कार्यालय, काठमाडौंका तत्कालीन कार्यकारी अधिकृत पूर्णभक्त तण्डुकार समेतले कमिसनको प्रलोभनमा परी/पारी बदनियतपूर्वक मिलोमतोमा न्यून गुणस्तरको त्रिपाल खरिद गरेको पुष्टी हुन आएकोले निम्न प्रतिवादीहरूलाई निम्न बमोजिमको कसुरमा देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आयोगको मिति २०७२।१२।२१ को निर्णयानुसार मिति २०७२।१२।२६ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

| सि.नं. | प्रतिवादीको नाम, थर र पद | कसुर | मागदाबी | बिगो |
|---|---|---|---|---|
| १. | काठमाडौं महानगरपालिकाका तत्कालीन कार्यकारी प्रमुख तथा हाल सार्वजनिक खरिद अनुगमन कार्यालयका सह-सचिव पूर्णभक्त तण्डुकार | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१) को देहाय (घ) र (ञ) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) | रु.२४,१०,२१४।३८ |
| २. | काठमाडौं महानगरपालिकाका प्रशासन विभागका तत्कालीन विभागीय प्रमुख तथा हाल अवकाश प्राप्त शान्तराम पोखरेल | ऐ. | ऐ. | रु.२४,१०,२१४।३८ |

| | | | | |
|---|---|---|---|---|
| ३. | काठमाडौं महानगरपालिकाका वित्त विभागका विभागीय प्रमुख बुद्धरत्न मानन्धर | ऐ. | ऐ. | रु.२४,१०,२१४।३८ |
| ४. | काठमाडौं महानगरपालिकाका प्रशासन महाशाखाका प्रमुख बखत बहादुर साउद | ऐ. | ऐ. | रु.२४,१०,२१४।३८ |
| ५. | काठमाडौं महानगरपालिकामा त्रिपाल आपूर्ति गर्ने क्षितिज ट्रेड इन्टरनेसनलका प्रोप्राइटर नन्दराज पोखरेल | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८. (४) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८. (४) | रु.२,९१,३२३।७६ |
| ६. | महानगरपालिकामा त्रिपाल आपूर्ति गर्ने न्यू चौधरी ट्रेडर्सका प्रोप्राइटर सुन्दरलाल चौधरी | ऐ. | ऐ. | रु.२१,१८,८९०।६२ |

१३. गरिबी निवारण कोष अन्तर्गत भएका खर्चहरूमा व्यापक अनियमितता र भ्रष्टाचार भएकाले छानबिन गरी पाउँ भनी आयोग समक्ष विभिन्न मितिमा पर्न आएका उजुरी निवेदनहरूका सम्बन्धमा अनुसन्धान हुँदा उक्त कोषका कार्य प्रबन्धकहरू दीपा रेग्मी समेतले भ्रमण तथा कार्यक्रमका लागि भनी कोषबाट लिएको पेश्की रकम फछर्यौट गर्ने क्रममा फिल्डमा कार्यक्रम सम्पन्न गरेको भनी पेश्की फछर्यौटका लागि पेश गरेका कागजातहरूमा सहभागी भएका भनिएका व्यक्तिहरूको सहभागिता पुष्टि हुने कुनै आधार तथा प्रमाण, तालिम लगायतका अन्य कार्यक्रम संचालन गर्दा प्रशिक्षकको योग्यता तथा छनौट विधि, कार्यक्रम संचालन समय तालिका, तालिमको विषयवस्तु, प्रशिक्षकले पेश गरेको कार्यपत्र आदि संलग्न गरेको पाइएन। सामान्य बैठक र छलफलमा सहभागीहरूको झुठो उपस्थिति तयार गरी त्यस बापत खर्च भएको भनी बिल पेश गरेर भुक्तानी लिने गरेको, कोष प्रमाणितका आधारमा सहभागीहरूलाई दैनिक भ्रमण भत्ता भुक्तानी दिनुपर्नेमा सो संलग्न नगरिएको, हल नै नभएको स्थानमा कार्यक्रम सञ्चालन गरेको भनी देखाइएको समेतका तथ्यहरूबाट हुँदै नभएको कार्यक्रमको नाममा झुठा बिल भरपाई पेश गरी भुक्तानी लिए दिएको देखिएको छ। कार्य प्रबन्धकहरूको कोषसँग भएको करार सम्झौताको शर्त तथा कोषको Operational Manual, २००६ अनुसार कुल कार्य दिनको ६० % समय फिल्डमा नै बसेर कार्य गर्नुपर्ने दायित्व तथा जिम्मेवारी भएका कार्य प्रबन्धकहरूले सो सर्त बमोजिम फिल्डमा नबसी काम नै नगरी फिल्डमा गई कार्यक्रम सञ्चालन गरेको भनी झुठा कागजात तयार गरी पेश गरेको पाइयो। एक दुई दिनको कार्यक्रमका लागि एक महिनाभन्दा बढी तथा चार पाँच दिनको कार्यक्रमका लागि पचास दिनभन्दा बढी भ्रमण आदेश स्वीकृत गरेको, माथिल्लो पदाधिकारीबाट अवधि तोकी स्वीकृत भएको भ्रमण आदेशमा तल्लो पदाधिकारी र भ्रमण गर्ने व्यक्ति आफैंले समेत म्याद थप्ने गरेको, त्यसरी म्याद थप गर्नुपर्ने कुनै कारण र आधार पेश भएको नदेखिएको, भ्रमण प्रतिवेदन पेश नगरेको, ट्याक्सी भाडा जथाभावी दाबी गरी भुक्तानी लिएको जस्ता विवरणले पनि कार्य प्रबन्धकहरूले पेश्की फछर्यौटका लागि पेश गरेका बिल भरपाईहरू झुठा हुन् भन्ने देखियो। सम्बन्धित जिल्ला प्रहरी कार्यालय, राष्ट्रिय अनुसन्धान विभाग, यातायात व्यवस्था कार्यालय र यातायात व्यवसायी समिति समेतबाट प्राप्त हुन आएका जवाफ लगायत कार्य

प्रबन्धकहरूबाट पेश गरेका बिल भरपाईहरूमा उल्लेखित होटेल, लज, स्टेसनरी पसल, गाडी संचालक एवं सम्बद्ध व्यवसायीहरूले अनुसन्धानको क्रममा आफ्नो होटेल, लज, स्टेसनरी पसल, गाडी आदिका नामबाट बनाइएका बिल भरपाई झुठा हुन् भनी गरिदिएको कागजबाट समेत पेश्की फछ्र्यौटका लागि पेश भएका बिल भरपाईहरू झुठा भएको तथ्य स्थापित भएको हुँदा प्रतिवादीहरूले झुठा बिल भरपाईका आधारमा रकम निकासा लिई खर्च गरी भ्रष्टाचार गरेको तथ्य पुष्टि हुन आएको हुँदा निम्न व्यक्तिहरू उपर निम्न बमोजिमको कसुरमा निम्न बमोजिम सजायको मागदाबी लिई आयोगको मिति २०७२।१२।३० को निर्णयानुसार मिति २०७३।१।५ गते विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

| सि.नं. | प्रतिवादीको नाम थर र पद | कसुर | मागदाबी | बिगो |
|---|---|---|---|---|
| १ | कार्यकारी निर्देशक राजबाबु श्रेष्ठ | ऐ. | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(१) र दफा २४ | रु. ४,३१,०५,५५२।२५ |
| २. | कार्यप्रबन्धक दीपा रेग्मी | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१) को देहाय (ङ) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) | रु.२०,५९,७०९।- |
| ३. | कार्यप्रबन्धक झरेन्द्रबहादुर सिंह | ऐ. | ऐ. | रु.१७,०२,५७२।- |
| ४. | कार्यप्रबन्धक निरकबहादुर सुनार | ऐ. | ऐ. | रु.१७,२५,८७९।- |
| ५. | कार्यप्रबन्धक रवीन्द्र सुवाल | ऐ. | ऐ. | रु.११,०४,९९७।- |
| ६. | कार्यप्रबन्धक रमेश लामा | ऐ. | ऐ. | रु.१३,६७,३७१।- |
| ७. | कार्यप्रबन्धक ओमप्रसाद पौडेल | ऐ. | ऐ. | रु.१८,७२,०२३।५० |
| ८. | कार्यप्रबन्धक मिना नकर्मी | ऐ. | ऐ. | रु.६,६३,५९१।- |
| ९. | कार्यप्रबन्धक महेशकुमार शाही | ऐ. | ऐ. | रु.१७,०३,३६८।- |
| १०. | कार्यप्रबन्धक विक्रम कार्की | ऐ. | ऐ. | रु. १२,००,४३८।२५ |
| ११. | कार्यप्रबन्धक लोकेन्द्र सिंह बडाल | ऐ. | ऐ. | रु. २३,०६,३२०।५० |
| १२. | कार्यप्रबन्धक पदम सिंह ठगुन्ना | ऐ. | ऐ. | रु. १८,८४,२५३।- |
| १३. | कार्यप्रबन्धक प्रमोदकुमार जोशी | ऐ. | ऐ. | रु. ४३,३१,८६८।७५ |
| १४. | कार्यप्रबन्धक भुपानन्द बि.के. | ऐ. | ऐ. | रु. १६,९३,४५३।- |
| १५. | कार्यप्रबन्धक कमल बहादुर | ऐ. | ऐ. | रु. ११,७१,४४१।- |

| | | | | |
|---|---|---|---|---|
| | थिङ | | | |
| १६. | कार्यप्रबन्धक मालती चौधरी | ऐ. | ऐ. | रु. १३,६३,२०७।- |
| १७. | कार्यप्रबन्धक सजदा खातुन | ऐ. | ऐ. | रु. ७,०५,७६२।- |
| १८. | कार्यप्रबन्धक नवीनकुमार पोखरेल | ऐ. | ऐ. | रु. ७,२०,०४९।- |
| १९. | कार्यप्रबन्धक रामबहादुर भूसाल | ऐ. | ऐ. | रु. ९,३४,६००।- |
| २०. | कार्यप्रबन्धक अमरकुमार पाखिन | ऐ. | ऐ. | रु. १०,८६,७१०।५० |
| २१. | लेखा अधिकृत प्रवीन घिमिरे | ऐ. | ऐ. | रु. ४,२६,०२,३२७।२५ |
| २२. | कार्यप्रबन्धक प्रवीण मानन्धर | ऐ. | ऐ. | रु. ११,५१,०४१।- |
| २३. | कार्यप्रबन्धक बालकृष्ण विश्वकर्मा | ऐ. | ऐ. | रु. २४,८३,१४२।५०।- |
| २४. | कार्यप्रबन्धक कृष्णबहादुर सेराला | ऐ. | ऐ. | रु. २२,७३,९००।- |
| २५. | कार्यप्रबन्धक ताराप्रसाद जोशी | ऐ. | ऐ. | रु. १३,१८,२६९।७५ |
| २६. | कार्यप्रबन्धक ईश्वरीलाल बि.क. | ऐ. | ऐ. | रु. १२,६३,२५३/- |
| २७. | कार्यप्रबन्धक मनोजकुमार गुप्ता | ऐ. | ऐ. | रु. १२,४६,४४८।५० |
| २८. | वातावरणीय अधिकृत अभिशेष न्यौपाने | ऐ. | ऐ. | रु. ३७,९३२।- |
| २९. | कार्यप्रबन्धक प्रदीप पौडेल | ऐ. | ऐ. | रु. ५,७६,५५०।- |
| ३०. | कार्यप्रबन्धक अरुण पाण्डे | ऐ. | ऐ. | रु. १,२५,१६५।- |
| ३१. | कार्यप्रबन्धक अच्युतमान सिंह प्रधान | ऐ. | ऐ. | रु. ९,२५,७६०।- |
| ३२. | कार्यप्रबन्धक निर्मल पन्त | ऐ. | ऐ. | रु. ७,४८,१८५।- |
| ३३. | कार्यप्रबन्धक सुमिता मल्ल | ऐ. | ऐ. | रु. ६७,४१८।- |
| ३४. | लेखा सहायक सतीशकुमार चौधरी | ऐ. | ऐ. | रु. २७,२०,५९०।५० |
| ३५. | वित्त तथा प्रशासन प्रमुख मनोज चिपालु | ऐ. | ऐ. | रु. ४२९८५२३८।२५ |
| ३६ | लेखा अधिकृत दिलीप राज जोशी | ऐ. | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(१) | रु. ९,४९,६४६।- |

१४.दार्चुला जिल्ला खेलकुद विकास समितिलाई राष्ट्रिय खेलकुद परिषदबाट आ.व. ०६९/७० मा कभर्डहल निर्माणका लागि विनियोजित रु.१५,००,०००।- समितिका संयोजक मञ्जु बम समेतले कुनै निर्माण कार्य नगरी नभए नगरेको कामलाई भए गरेको हो भनी झुठा बिल भर्पाई र श्रेस्ताहरू तयार गरी भुक्तानीका लागि बिल भर्पाई र श्रेस्ता पेश गरी गराई रकमहरू भुक्तानी

लिनदिने कार्य गरी गराई आफूहरूलाई गैरकानूनी लाभ पुऱ्याउने र राष्ट्रिय खेलकुद परिषदलाई गैरकानूनी हानि पुऱ्याउने बदनियतले काम गरे गराएको पुष्टि हुन आएकोले मञ्जु बम, कल्याण सिंह धामी, भुपेन्द्रराज अवस्थी, मान सिंह बि.क. कामी, श्यामराज अवस्थी, दान सिंह निरौला र हरिशचन्द्र भट्टले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) को देहाय (ङ) को कसुर गरेको देखिएको हुँदा मञ्जु बमलाई रु.१०,६५,९७३।९०, कल्याण सिंह धामीलाई रु.३,२३,३१२।९०, भुपेन्द्रराज अवस्थीलाई रु.५,७२,८१२।९०, मानसिंह बि.क. कामीलाई रु.३,२३,३१२।९०, श्यामराज अवस्थीलाई रु.८,४२,६६१।, दान सिंह निरौलालाई रु.३,५०,०००।-, हरिशचन्द्र भट्टलाई रु.६,४२,६६१।- बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) बमोजिम कसुरको मात्रा अनुसार कैद सजाय र बिगो बमोजिम जरिवाना गरी प्रतिवादीहरूबाट बिगो समेत असुल उपर गरी पाउन मागदाबी लिई तथा जिल्ला प्राविधिक कार्यालय दार्चुलाका इन्जिनियरहरूद्वय शेखर चन्द्र बडु र मदनराज जोशीले दार्चुला जिल्ला खेलकुद विकास समिति अन्तर्गतको कभर्ड हल निर्माण कार्यको सिलसिलामा लागत अनुमान बमोजिमको काम भए नभएको जाँचबुझ गरी नापजाँच गरी कार्य सम्पन्न प्रतिवेदन दिनुपर्ने कर्तव्य हुँदाहुँदै निर्माण कार्यको जाँचबुझ र नापजाँच नै नगरी बदनियतपूर्वक भए गरेका काम कुराहरू लुकाई छिपाई र नभए नगरेका कामकुराहरू देखाई कार्य सम्पन्न प्रतिवेदन दिएको पुष्टि हुन आई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) को कसुर गरेको देखिएकोले निज शेखरचन्द्र बडु र मदनराज जोशीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कसुरको मात्रा अनुसार कैद सजाय र जरिवाना हुन मागदाबी लिई आयोगको मिति २०७३।१।२९ को निर्णयानुसार मिति २०७३।२।२ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

१५.दाङ जिल्ला पञ्चकुले गा.वि.स. वडा नं. ५ स्थित श्री सरस्वती उच्च मा.वि. को विज्ञान भवन निर्माणको लागि जिल्ला शिक्षा कार्यालय, दाङबाट विभिन्न मिति गरी जम्मा रु.२४,००,०००।- (चौबीस लाख) निकासा भएको र विद्यालयको भवन निर्माण गर्नका लागि कुलबहादुर घर्तीको अध्यक्षतामा समिति गठन भएकोमा उक्त समितिले रु.२५,८५,०००।- खर्च गरिसकेको अवस्थामा अनुसन्धानको क्रममा प्राविधिकबाट भएको कामको मूल्यांकनबाट रु.१७,०३,९३७।३५ बराबरको मात्रै काम भएको देखिएको हुँदा रु.८,८२,०६२।६५ विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बुद्धिराम चौधरी, तत्कालीन प्रधानाध्यापक वासुदेव मल्ल तथा भवन निर्माण समितिका सचिव तथा विद्यालयका लेखापाल दलबहादुर वली समेतको मिलोमतोमा हिनामिना गरेको पुष्टि हुन आएको हुँदा निज प्रतिवादीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को देहाय (ख)(ग) र (ङ) को कसुर गरेको देखिएकोले प्रतिवादीहरू बुद्धिराम चौधरी, वासुदेव मल्ल, दलबहादुर वलीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम कसुरको मात्रा अनुसार कैद र बिगो रु.८,८२,०६२।६५ बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन तथा राष्ट्रसेवक बाहेकका भवन निर्माण समितिका अध्यक्ष कुलबहादुर घर्तीले विद्यालयको भवन निर्माण गर्दा निर्धारित गुणस्तर पूरा नगरेको तथा इष्टिमेट बमोजिमको काम नगरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसुर गरेको देखिएकोले निज कुलबहादुर घर्तीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम कसुरको मात्रानुसार कैद र बिगो रु.८,८२,०६२।६५ बमोजिम जरिवाना गरी बिगो

रु.८,८२,०६२।६५ समेत असुल उपर गरी जफत हुन मागदाबी लिई आयोगको मिति २०७३।२।१० को निर्णयानुसार मिति २०७३।२।२४ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

१६.पर्सा जिल्ला हरपुर गाउँ विकास समितिका गा.वि.स.सचिव हेमकान्तलाल कर्णले आ.व.०६५।६६ मा रु.१,९४,०००।-, र आ.व. ०६६।६७ मा रु.३६,०००।- समेत गरी दुवै आ.व.को सामाजिक सुरक्षा भत्ता रकम रु.२,३०,०००।- सम्बन्धित व्यक्तिहरूलाई बुझाउनुपर्नेमा सो बमोजिम नगरी बदनियत साथ निजहरूको नामको भत्ता रकम दुरुपयोग गर्ने उद्देश्यले अन्य व्यक्तिको किर्ते औंठाछाप प्रयोग गरेको भरपाई पेश गरी आफूले खाई मासी सामाजिक सुरक्षा भत्ता रकम दुरुपयोग गरेको, २०६५ फागुन महिनाको सामाजिक सुरक्षा भत्ता भनी किर्ते गरी रकमको अंकसमेत सच्याई उही महिनाको दोहोरो भत्ता खर्च लेखी रु.५,०१,०००।— तथा बिल भरपाई बेगर खर्च जनाई रु.७,४०,५००।– समेत गरी कुल रकम रु.१४,७१,५००।– हिनामिना गरेकोले सोही वरावर बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा १ को देहाय (च) बमोजिमको सजायको मागदाबी लिई आयोगको मिति २०७३।३।१४ को निर्णयानुसार मिति २०७३।३।२० मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

**६.३.४ गैरकानूनी लाभ लिई नेपाल सरकारलाई गैरकानूनी हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेका मुद्दाहरू।**

१. मालपोत कार्यालय डोल्पाका तत्कालीन सह लेखापाल कृष्ण रोकायले उक्त कार्यालयमा रहँदा राजीनामा, बन्दकी, अंश बण्डा लगायतका लिखत रजिष्ट्रेशन पास गर्ने क्रममा रजिष्ट्रेशन दस्तुर बापत लाग्ने राजश्वको रसिद काट्दा सेवाग्राहीलाई दिने रसिदको प्रतिमा र मिसिल एवं ठेली कपीमा रकम फरक पारी रकम भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा मालपोत कार्यालय डोल्पाका तत्कालीन सहलेखापाल कृष्णबहादुर रोकाया र तत्कालीन कार्यालय प्रमुख कुमुदकुमार ढुंगेल दुवैले काटिएका रसिदहरूमा भएका हस्ताक्षरहरू आफ्नो होइन भनी दाबी गरेकोमा तत्कालीन कार्यालय प्रमुख कुमुदकुमार ढुंगेलले तत्कालीन समयमा दैनिक कामकाजका लागि गरेको हस्ताक्षर र शंकास्पद हस्ताक्षर एउटै हुन् कि फरकफरक हुन् भनी परीक्षण गराउन यस आयोगको च.नं. १३८३ मिति २०७१।९।१६ को पत्र साथ नमुनासहित केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला पठाइएकोमा ती हस्ताक्षरहरू एउटै व्यक्तिद्वारा गरिएको भनी परीक्षण प्रतिवेदन प्राप्त हुन आएको हुँदा उल्लेखित शंकास्पद रसिदहरू तत्कालीन कार्यालय प्रमुख कुमुदकुमार ढुंगेलद्वारा नै काटिएको र निजले नै सच्याएको पुष्टि हुन आएको र निज कुमुदकुमार ढुंगेलले आयोगमा उजुरी परेपश्चात मिति २०७२।१।९ गते रु.११,५६०।- नेपाल बैंक लिमिटेड, डोल्पामा रहेको राजश्व खातामा जम्मा गरेको हुँदा निजले आफ्नो कमजोरी सच्याउन खोजेको भए तापनि निज कुमुदकुमार ढुंगेलले भ्रष्टाचार गर्ने उद्देश्यले नै रसिदहरू सच्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ द्वारा परिभाषित कसुर गरेको पुष्टी हुन आएकोले निज कुमुदकुमार ढुंगेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम हदैसम्मको सजाय हुन मागदाबी लिई आयोगको मिति २०७२।४।२० को निर्णयानुसार मिति २०७२।५।१० मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

२. सहरी विकास मन्त्रालयबाट मिति २०७२।१।१२ र सो पछि आएको भूकम्पबाट पीडित सर्वसाधारण व्यक्तिहरू समेतको लागि राहत स्वरूप वितरणको निमित्त त्रिपाल खरिद गर्दा सो त्रिपालको गुणस्तर, परिमाण र साइजमा फरक पारी अस्वाभाविक मूल्य बढाई खर्च लेखी भुक्तानी दिने अभिप्रायले खरिद समर्थन भैसकेको अवस्थाका कारण आपूर्ति गरिएका भनिएका त्रिपालहरूको भुक्तानी दिनैपर्ने गरी नेपाल सरकारलाई आर्थिक दायित्व सिर्जना गरेकोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट छानबिनको प्रक्रिया थालनी भएको कारणबाट मात्र भुक्तानी दिने–लिने कार्य रोकिई भुक्तानी भई नसकेको पाइयो। तर सो कार्यबाट भूकम्पको कारण देशवासीलाई परेको पीडाको अवसर छोपी खरिद गरिएको त्रिपालको गुणस्तर, परिमाण र साइजमा फरक पारी अस्वाभाविक रूपमा मूल्य बढाई गैरकानूनी लाभ र हानि पुऱ्याउने बदनियतले काम गरी–गराई नेपाल सरकारलाई गैरकानूनी रूपमा थप आर्थिक दायित्व सिर्जना गरी सहरी विकास मन्त्रालयका उ.स. होमनाथ भट्टराई, उ.स. रामकृष्ण गुरागाईं र स्टोरकिपर युवराज गिरी तथा नेपाल उद्योग वाणिज्य महासंघका हंशराम पाण्डे एवम् आपूर्तिकर्ताहरूलाई समेत गैरकानूनी लाभ पुऱ्याउने बदनियतले भ्रष्टाचार कसुरको उद्योग गरेको पुष्टि हुन आएकोले सो कसुरको उद्योग गर्न प्रत्यक्ष रूपमा संलग्न देखिएका निम्न कर्मचारीहरू तथा आपूर्तिकर्ताहरू एवं महासघंका कर्मचारी समेत उपर देहाय बमोजिमको मागदाबी लिई आयोगको मिति २०७२।४।२७ को निर्णयानुसार मिति २०७२।५।२० मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

| सि.नं. | प्रतिवादीको नाम, थर र पद | कसुर | मागदाबी | बिगो |
|---|---|---|---|---|
| १. | सहरी विकास मन्त्रालयका उप–सचिव (लेखा) रामकृष्ण गुरागाइँ | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ (१) को देहाय खण्ड (ङ) र (ञ) बमोजिमको कसुर अपराध गर्न उद्योग गरेको | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ (१) को उद्योगमा दफा २१ को सजाय | रु.२,३६,७६,१९१।१३ |
| २. | सहरी विकास मन्त्रालयका उप–सचिव होमनाथ भट्टराई | ऐ. | ऐ. | रु.२,३६,७६,१९१।१३ |
| ३. | सहरी विकास मन्त्रालयका नायब-सुब्बा (स्टोरकिपर) युवराज गिरी | ऐ. | ऐ. | रु.२,३६,७६,१९१।१३ |
| ४. | नेपाल उद्योग वाणिज्य महासंघका निर्देशक हंशराम पाण्डेय | भ्रष्टाचार निवारण ऐन २०५९, को दफा १९ (२) | भ्रष्टाचार निवारण ऐन २०५९, को दफा १९ (२) | |
| ५. | अजय शुभ ट्रेडर्सका प्रोप्राइटर मोती लाल पोखरेल | भ्रष्टाचार निवारण ऐन, २०५९ को | भ्रष्टाचार निवारण ऐन २०५९ को | रु.१,४७,२९३।६३ |

| | | | | |
|---|---|---|---|---|
| | | दफा ८ (४) को कसुर अपराध गर्ने उद्योग | दफा ८ (४) को उद्योगमा दफा २१ को सजाय | |
| ६. | माता इन्टरप्राइजेजका प्रोप्राइटर कृष्णहरि चौलागाई | ऐ. | ऐ. | रु.८१,७६,५७६।७७ |
| ७. | दीपकिरण प्रिन्टिङ एण्ड ट्रेडर्सका प्रोप्राइटर रामशरण कुँवर | ऐ. | ऐ. | रु.३०,३०,३६६।९० |
| ८. | लक्की ए.एस.इन्टरप्राइजेजका प्रोप्राइटर सुनिलकुमार गौतम | ऐ. | ऐ. | रु.१,२३,२१,९५३।८३ |

३. जिल्ला वन कार्यालय, सुनसरीका सहायक वन अधिकृत बेचन यादवले रामधुनी वन व्यवस्थापन र रामधुनी संरक्षण कार्यक्रमको लागि रु.१६,००,०००।- (सोह्र लाख) पेश्की लिएकोमा आफूलाई गैरकानूनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैरकानूनी हानि नोक्सानी पुऱ्याउने बदनियतले बिल भरपाई बमोजिम सामान खरिद एवं कार्यक्रमहरू नगरी सामान खरिद गरेको तथा कार्यक्रम गरेको भनी झुठा बिल भरपाईको आधारमा रु.४,४१,६६०।०७ भुक्तानी लिई आफूलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानि नोक्सानी पुऱ्याएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र ८(१) (ङ) को कसुरमा स.व.अ. वेचन यादवबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम बिगो रु.४,४१,६६०।०७ असुल उपर गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम सजाय गरी पाउन मागदाबी लिई आयोगको मिति २०७२।४।३२ को निर्णयानुसार मिति २०७२।५।७ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

४. दशरथचन्द नगरपालिका कार्यालय, बैतडीका कार्यकारी अधिकृत ईश्वरी तिवारीले कम रकमको हवाई टिकटमा बढी रकम उल्लेख गरेको झुठा हवाई टिकट पेश गरी, बुध्द एयरबाट जारी नभएको र हवाई टिकटमा लेखिएको मितिमा हवाईजहाज उडान नभएको अवस्था र परिवारका सदस्य नलगेकोमा पनि लगेको भनी देखाइएको अवस्थाका २५ थान नक्कली एवं झुठा हवाई टिकट बदनियतसाथ पेश गरी भ्रमण भत्ताको बिल तयार पारी उक्त सम्पूर्ण झुठा कागजातहरू सक्कली भनी कार्यालय प्रमुखको हैसियतले सहीछाप एवं प्रमाणित गरी आफू कार्यरत रहेको दशरथचन्द नगरपालिकामा पेश गरी कुल रु.२,३७,८०५।- भुक्तानी लिई दशरथचन्द नगरपालिकालाई हानि नोक्सानी पुऱ्याउने र आफूलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले हवाईजहाजका झुठा एवं नक्कली हवाई टिकटहरू पेश गरी भुक्तानी लिने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१)(ङ) को कसुर गरेको पुष्टि हुन आएकोले बिगो रु.२,३७,८०५।- कायम गरी निज ईश्वरी तिवारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम सजाय हुन र रु.२,३७,८०५।- निजबाट असुल उपर गरी दशरथचन्द नगरपालिका, बैतडीलाई सोही ऐनको दफा ८(१) बमोजिम दिलाई भराई पाउन मागदाबी लिई आयोगको मिति २०७२।५।१ को निर्णयानुसार मिति २०७२।५।१४ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

५. सशस्त्र प्रहरी बल स्वयम्भूले आ.व.०६९।७० तथा ०७०।७१ मा फ्रि स्केल तथा बन्दोबस्तीका सामानहरू खरिद गरी मातहत युनिटहरूमा पठाउनका लागि सिलबन्दी बोलपत्र आह्वान गरी

आ.व. ०६९।७० मा पर्न आएका प्रस्तावमध्ये सबैभन्दा घटी दररेटमा ढुवानी गर्न प्रस्ताव पेश गर्ने सदाज्योती ट्रान्सपोर्टका प्रतिनिधि उज्वलकुमार थपलियासँग सम्पूर्ण करसहित रु.८८,४१,५१०।- मा सम्झौता गरेको र आ.व.०७०।७१ मा खरिद गरिएका सामानहरू ढुवानी गर्ने प्रयोजनका लागि ३०४ ट्रिप (५०% थप घट हुन सक्ने) ढुवानी गर्न सिलबन्दी बोलपत्र आह्वान गरेकोमा सम्पूर्ण करसहित रु.३१,१७,३००।- मा सबैभन्दा कम दररेट पेश गर्ने सदाज्योती ट्रान्सपोर्टसँग नै सम्झौता गरेकोमा सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोक, स्वयम्भू मातहत बाहिनीहरूबाट प्राप्त पत्रानुसार उल्लिखित आ.व.हरूमा सम्झौता गरिए अनुसार अदिती ट्रान्सपोर्टबाट २१ ट्रिप, सदाज्योतीबाट ४७ ट्रिप र अन्य ढुवानीकर्ताबाट ५५ ट्रिप गरी जम्मा १२३ ट्रक सामान वास्तविक ढुवानी गरी जम्मा रु.५३,१३,९९०।- बराबरको ढुवानी गरेको खुल्न आएकोमा सशस्त्र प्रहरी बल प्रधान कार्यालय हलचोक केन्द्रीय भण्डार तथा लेखा शाखाबाट प्राप्त कागजातहरूको विवरण अनुसार आ.व.०६९।७० र ०७०।७१ मा १९३२ फुल ट्रिप ट्रक सामान ढुवानी गरेको देखाई रु.६,७९,४१,७०६।- बराबरको ढुवानी भाडाको रकम भुक्तानी गरे गराएको देखिन आएकोले नेपाल सरकारलाई गैर कानूनी हानि नोक्सानी पुऱ्याएको पुष्टि भएकोले निम्न व्यक्तिहरूलाई देहाय बमोजिमको कसुरमा निम्म बमोजिमको सजाय हुन मागदाबी लिई आयोगको मिति २०७२।१०।१७ को निर्णयानुसार मिति २०७२।१०।१८ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

| सि.नं. | प्रतिवादीको नाम थर र पद | कसुर | मागदाबी | बिगो |
|---|---|---|---|---|
| १. | सशस्त्र प्रहरी महानिरीक्षक कोषराज वन्त | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१) को देहाय (ङ) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा २४ | रु.६,७९,४१,७०६।- |
| २. | सशस्त्र प्रहरी निरीक्षक विनबहादुर थापा | ऐ. | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) | रु.६,७९,४१,७०६।- |
| ३. | सशस्त्र प्रहरी नायब निरीक्षकहरू निलबहादुर श्रेष्ठ, देवेन्द्रकुमार श्रेष्ठ, लेखबहादुर खत्री | ऐ. मतियार | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ | |
| ४. | सशस्त्र प्रहरी जवान मिलन अधिकारी | ऐ. | ऐ. | |
| ५. | सदाज्योती ट्रान्सपोर्टका प्रतिनिधि उज्वल कुमार थपलिया | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८. (४) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८. (४) | रु.३,१६,३१,५७६।- |
| ६. | अदिती ट्रान्सपोर्टका संचालक भरतकुमार | ऐ. | ऐ. | रु.३,६३,१०,१३०।- |

| | | | | |
|---|---|---|---|---|
| | थापा | | | |
| ७. | सशस्त्र प्रहरी नायब महानिरीक्षक अरविन्द धिताल, पूर्व सशस्त्र प्रहरी उपरीक्षक जगतनारायण श्रेष्ठ तथा सशस्त्र प्रहरी नायब उपरीक्षक आनन्द थापामगर | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९(२) | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९(२) | |

६. मालपोत कार्यालय, बर्दियामा कार्यरत तत्कालीन ना.सु. प्रकाशचन्द्र बुढाथोकी, तत्कालीन खरिदार ईश्वरप्रसाद दाहाल र जिल्ला बर्दिया सोरहवा गा.वि.स. वडा नं. ७ बस्ने कोपीराज सापकोटा समेतले मिलेमतो गरी बर्दिया जिल्ला सोरहवा गा. वि. स. वडा नं. ७ कि.नं. ६०१, ६०३, ६०५, र ऐ. वडा नं. ८ कि नं १६६६ को सार्वजनिक जग्गा गैरकानूनी तरिकाले कोपीराज सापकोटाको नाममा दर्ता गराएको भन्ने समेतको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा मालपोत कार्यालय बर्दियाले कोपीराज सापकोटाको नाउँमा कायम गरेको नेपाल सरकारको जग्गा कोपीराज सापकोटाबाट मिति २०६७।६।११ मा दानपत्रबाट भवानी उच्च मा. वि.लाई हस्तान्तरण गरिएको कागजातहरूबाट खुल्न आएकोमा मालपोत कार्यालय बर्दियाका तत्कालीन ना.सु. प्रकाशचन्द्र बुढाथोकी र सोही कार्यालयका तत्कालीन खरिदार ईश्वरप्रसाद दाहाल समेतको मिलेमतोमा विद्यालयबाट जग्गा दर्ता गर्ने निर्णय नभएको र मालपोत कार्यालय, बर्दियाको निर्णय मिसिलमा उक्त अवधिको मुद्दा दायरी दर्ता तथा निर्णय पुस्तिका हेर्दा सो प्रकारको जग्गा दर्ता निर्णय नै नभएको भनी मिति २०७१।७।३० च. नं. २६३३ को पत्र प्राप्त हुन आएबाट निर्णय नै नभएको विषयलाई मिति २०६५।१०।१३ को निर्णय भनी नेपाल सरकारलाई गैरकानूनी हानि नोक्सानी पुऱ्याउने बदनियतले नेपाल सरकारको जग्गा व्यक्तिको नाममा दर्ता गराई प्रकाशचन्द्र बुढाथोकी र ईश्वरप्रसाद दाहालले आफूहरू र कोपीराज सापकोटालाई गैरकानूनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैरकानूनी हानि पुऱ्याउने बदनियतले कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ८ (१) र दफा ८ (१) को देहाय (ज) को कसुर गरेको पुष्टि हुन आएकोले तत्कालीन ना.सु. प्रकाशचन्द्र बुढाथोकी र तत्कालीन खरिदार ईश्वरप्रसाद दाहाललाई बिगो रु.१०,११,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) बमोजिम कैद र जरिवाना सजाय हुन तथा कोपीराज सापकोटाले वर्दियाका तत्कालीन ना.सु. प्रकाशचन्द्र बुढाथोकी र तत्कालीन खरिदार ईश्वरप्रसाद दाहालको सरसल्लाह र मिलेमतोमा आफूसमेतलाई गैरकानूनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैरकानूनी हानि पुऱ्याउने बदनियतले नेपाल सरकारको २२७८३.४३ वर्ग मिटर जग्गा आफ्नो नाममा दर्ता गराई कसुर र सजायबाट बच्ने उद्देश्यले उक्त जग्गा भवानी उच्च मा.वि. सोरहवालाई दानपत्रबाट हस्तान्तरण गर्ने कार्य गरेको पुष्टि हुन आई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसुर गरेकोले निज कोपीराज सापकोटालाई बिगो रु.१०,११,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) बमोजिम सजाय हुन मागदाबी लिई आयोगको मिति २०७२।१०।१७ को निर्णयानुसार मिति २०७२।११।४ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

७. बारा जिल्ला रतनपुरी गा.वि.स. सचिव आस महमद अन्सारीले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा अनियमित तवरले वितरण गरेको, नपाउने भ्रमण भत्ता समेत भुक्तानी लिएको, पुँजीगत निकासा, दलित बालबालिका निकासा तथा सडक निर्माणका लागि विभिन्न कार्यक्रमहरू देखाई विभिन्न मितिमा गरी जम्मा रु.१३,८३,५००।- हिनामिना हानि नोक्सानी दुरुपयोग गरे गराएको, मासेको पुष्टि हुन आएकोले निज गा.वि.स. सचिव आस महमद अन्सारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा रु.१३,८३,५००।- बिगो कायम गरी सोही ऐनको दफा १७ बिगो असुल उपर गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) तथा ३(१) को देहाय (च) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई तथा बारा जिल्ला रतनपुरी गा.वि.स. कार्यालयको खाता सञ्चालन कार्यको लागि तोकिएका जिल्ला विकास समितिको कार्यालय, बाराका तत्कालीन इन्जिनियर मेधुप्रसाद जयसवाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु.४,८३,५००।- कायम गरी असुल उपर गरी सोही दफाले निर्दिष्ट गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) तथा ३(१)को देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आयोगको मिति २०७२।१०।१७ को निर्णयानुसार मिति २०७२।१०।२२ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

८. सशस्त्र प्रहरी बलमा सनत बस्नेत, शैलेन्द्र श्रेष्ठ, वासुदेव वली लगायतका प्रमुखहरूले भ्रष्टाचार गरी अकुत सम्पत्ति आर्जन गरेका छन्। निजहरूले सामान खरिद तथा ढुवानीमा नक्कली बिल भरपाई बनाई व्यापक आर्थिक अनियमितता गरेका छन् भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा सशस्त्र प्रहरी बल प्रधान कार्यालय स्वयम्भू हलचोकले आ.व.०६८।६९ मा खरिद गरिएका सामानहरू मातहत युनिटहरूमा ढुवानी गर्ने प्रयोजनका लागि भनी मिति २०६८।९।१३ मा बोलपत्र आह्वान गरेको सूचनामा २० फिटे ट्रक भाडामा लिई २५० ट्रिप (थप घट हुन सक्ने) भनी उल्लेख गरेकोमा पर्न आएका बोलपत्रहरू मध्ये सबैभन्दा घटी दररेट पेश गर्ने अदिती ट्रान्सपोर्टका सञ्चालक भरतकुमार थापासँग मिति २०६८।१०।२३ मा रु.७७,७४,३००।- मा ढुवानी गर्ने सम्झौता गरेको भए तापनि ढुवानी प्रयोजनका लागि मिति २०६८।९।१३ मा सूचना प्रकाशित गर्नुपूर्व सत्यम् ट्रान्सपोर्ट धापासीको तर्फबाट विभिन्न युनिटमा सामान पठाएको भनी खर्च लेखी भुक्तानी लिने दिने कार्य गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले निम्न व्यक्तिहरूलाई निम्न बमोजिमको कसुरमा निम्न बमोजिमको सजाय हुन मागदाबी लिई आयोगको मिति २०७२।१०।१७ को निर्णयानुसार मिति २०७२।१०।२४ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

| सि.नं. | प्रतिवादीको नाम थर र पद | कसुर | मागदाबी | बिगो |
|---|---|---|---|---|
| १. | तत्कालीन सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र कुमार श्रेष्ठ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१) को देहाय (ङ) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा २४ | रु.८०,९३,६१०।- |
| २. | सशस्त्र प्रहरी निरीक्षक तकमान महरा | ऐ. | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) | रु.८०,९३,६१०।- |
| ३. | सशस्त्र प्रहरी नायब उपरीक्षक रामचन्द्र श्रेष्ठ | ऐ. | ऐ. | रु.१८,३९,५१०।– |

| | | | | |
|---|---|---|---|---|
| ४. | अदिती ट्रान्सपोर्टका संचालक भरतकुमार थापा | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(४) | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(४) | रु.५७,२१,५७०।- |

९. सशस्त्र प्रहरी बलमा सनत बस्नेत, शैलेन्द्र श्रेष्ठ, वासुदेव वली लगायतका प्रमुखहरूले भ्रष्टाचार गरी अकुत सम्पत्ति आर्जन गरेका छन्। निजहरूले सामान खरिद तथा ढुवानीमा नक्कली बिल भरपाई बनाई व्यापक आर्थिक अनियमितता गरेका छन् भन्ने समेतको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा पूर्व सशस्त्र प्रहरी महानिरीक्षक सनतकुमार बस्नेतको आदेश/निर्देशनमा लेखा शाखाका तत्कालीन शाखा प्रमुख स.प्र.नि. विनबहादुर थापाले आफू मातहतका कर्मचारीहरू तत्कालीन स.प्र.ना.नि. हाल स.प्र.नि. शिवबहादुर अधिकारी, तत्कालीन स.प्र.ना.नि. हाल स.प्र.नि. मनुहिरा महत, तत्कालीन स.प्र.स.नि.हरू हाल स.प्र.ना.नि.हरू देवेन्द्रकुमार श्रेष्ठ, निलबहादुर श्रेष्ठ र लेखबहादुर खत्री समेतका नाउँमा सामान ढुवानीका लागी पेश्की दिलाई सामान नै ढुवानी नगरी सेवा संचालनमै नभएका/नरहेका पदम ट्रान्सपोर्ट, मुना ट्रान्सपोर्ट, भैरव ट्रान्सपोर्ट, महाकाली ढुवानी सेवा र प्रकाश दीप क्यारियर तथा सञ्चालनमा रहेका बासुकी, अदिती र हाम्रो ट्रान्सपोर्ट समेतबाट सामान ढुवानी गराएको भनी उक्त ट्रान्सपोर्टहरूको झुठा/नक्कली बिलहरू पेश गर्न लगाउनुका साथै संचार उपकरण लगायतका सामानहरू यति एयरलाइन्स तथा बुद्ध एयरबाट हवाई कार्गो गरी पठाएको भनी झुठा विवरण भरी सामान ढुवानी गरेको बिल प्राप्त हुन आएकोले भुक्तानीका लागि पठाएको भन्ने व्यहोराको भण्डार शाखाको झुठा पत्र समेत लेखा शाखामा नै तयार गर्न लगाई उल्लेखित झुठा बिल भरपाई एवम् पत्रहरूका आधारमा निज लेखा प्रमुख विनबहादुर थापाले टिप्पणी उठाई तत्कालीन सशस्त्र प्रहरी महानिरीक्षक सनतकुमार बस्नेतबाट टिप्पणी सदर गराई रकम निकाली हिनामिना गरेको पुष्टि हुन आएकोले निम्न बमोजिमका व्यक्तिहरू उपर निम्न बमोजिमको कसुरमा देहाय बमोजिमको सजायको मागदाबी लिई आयोगको मिति २०७२।११।१२ को निर्णयानुसार मिति २०७२।११।१७ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

| सि.नं. | प्रतिवादीको नाम थर र पद | कसुर | मागदाबी | बिगो |
|---|---|---|---|---|
| १. | पूर्व सशस्त्र प्रहरी महानिरीक्षक सनत कुमार बस्नेत | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१) को देहाय (ङ) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा २४ | रु.९,१५,८१,१५१।- |
| २. | स.प्र.नि. विनबहादुर थापा | ऐ. | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) | रु.९,१५,८१,१५१।- |
| ३. | स.प्र.नि.मनु हिरा महत | ऐ. | ऐ. | रु.७३,२३,९५४।- |
| ४. | स.प्र.नि.शिव बहादुर अधिकारी | ऐ. | ऐ. | रु.२३,५९,०१०।- |
| ५. | स.प्र.ना.नि.देवेन्द्र कुमार श्रेष्ठ | ऐ. | ऐ. | रु.८३,८३,१३६।- |

| | | | | |
|---|---|---|---|---|
| ६. | स.प्र.ना.नि. लेखबहादुर खत्री | ऐ. | ऐ. | रु.१,०६,२९,७१२।- |
| ७. | स.प्र.ना.नि. निलकुमार श्रेष्ठ भन्ने निलबहादुर श्रेष्ठ | ऐ. | ऐ. | रु.१,०६,६४,७३४।- |

१०.बाजुरा जिल्ला कुलदेवमाडौं गा.वि.स. वडा नं. ८ फलासैनमा २०६३ सालबाट स्थापित श्री बडीमालिका क्याम्पसका प्रमुख नवराज जैशी र लेखापाल लालबहादुर रावलले बडीमालिका क्याम्पस, कुलदेवमाण्डौ-८, बाजुरालाई विश्वविद्यालय अनुदान आयोगबाट UGC Performance Grants अन्तर्गत आर्थिक वर्ष ०६४।६५ देखि २०७१।७२ सम्म प्राप्त जम्मा रु. १९,६६,०००।-, निर्माण सामग्री भुक्तानी गरेबापतको रकम रु. १०,८२,४८९।- र कामदारलाई भुक्तानी गरिएको भनिएको रकम रु. ७,२३,४५२।- समेत गरी जम्मा रकम रु.३७,७१,९४१।- तोकिएको शीर्षकमा खर्च नगरी बडीमालिका क्याम्पसलाई गैरकानूनी हानि र आफूहरूलाई गैरकानूनी लाभ पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय (ङ) बमोजिमको कसुर गरेको देखिएकाले बिगो रु.३७,७१,९४१।- कायम गरी क्याम्पस प्रमुख नवराज जैसी र लेखापाल लालबहादुर रावललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) अनुसार कसुरको मात्रा अनुसार कैद सजाय, बिगो बमोजिम जरिवाना हुन र निज क्याम्पस प्रमुख नवराज जैसी र लेखापाल लालबहादुर रावलबाट बिगो रु.३७,७१,९४१।- समेत असुल उपर गरी बडीमालिका क्याम्पस, कुलदेवमाण्डौ, बाजुरालाई दिलाई भराई पाउन मागदाबी लिई तथा क्याम्पसको लेखा परीक्षक तिलकबहादुर थापा र चेतबहादुर बमले लेखा परीक्षण गर्दा प्राविधिक कागजातहरू नरहेको अवस्थामा समेत भवन निर्माणको लेखा परीक्षण गरेको, क्याम्पसको ऋण सापटी रकम को कसबाट लिएको यकिन नभई सदर गरेको, जिन्सी हिसाब व्यवस्थित नभएको तथा क्याम्पसको शुल्क र आम्दानीको हिसाब किताब अद्यावधिक नभएको, सापटी र पाउनुपर्ने हिसाबको अनुसूची समेत स्पष्ट नहुँदा नहुँदै क्याम्पसले तयार गरेको झुठा कागजातहरूको आधारमा लेखा परीक्षण गरेको तथ्य पुष्टि हुन आएकोले लेखा परीक्षकहरू द्वय तिलकबहादुर थापा र चेतबहादुर बमले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (१) बमोजिमको कसुर गरेको हुँदा निज तिलकबहादुर थापा र चेतबहादुर बमलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (१) बमोजिम कसुरको मात्रा अनुसार कैद र जरिवाना हुन मागदाबी लिई आयोगको मिति २०७३।१।२३ को निर्णयानुसार मिति २०७३।२।१६ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

११.सिंहदरबार काठमाडौंको हाताभित्र रहेको शिक्षा तथा खेलकुद मन्त्रालय भवन निर्माण कार्यमा सिंहदरबार सचिवालय पुनः निर्माण समितिका तत्कालीन सदस्य सचिव मनिप्रसाद राई, तत्कालीन लेखा उपसचिव रामबहादुर के.सी., तत्कालीन इन्जिनियर जगतबहादुर रानाभाट र ठेकेदार कम्पनी Gorkha Construction Company-Chakreswori JV का आधिकारिक प्रतिनिधि विजयबाबु मल्लको आपसी सरसल्लाह र मिलोमतोमा आफूहरूलाई गैरकानूनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैरकानूनी हानी पुऱ्याउने बदनियतले मूल्य समायोजन बापतको बढी रकम रु.६८,७७,२५०।०४ भुक्तानी लिने र दिने कार्यहरू गरे गराएको सप्रमाण पुष्टि हुन आएकोले प्रतिवादीहरू सदस्य सचिव मनिप्रसाद राई, तत्कालीन लेखा उपसचिव रामबहादुर के.सी., तत्कालीन इन्जिनियर जगत बहादुर रानाभाटलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिमको कसुरमा बिगो रु ६८,७७,२५०।०४ कायम गरी भ्रष्टाचार निवारण

ऐन, २०५९ दफा ८ को उपदफा (३) बमोजिम कसुरको मात्रा अनुसार कैद र बिगो बमोजिम जरिवाना गरी बिगो रु.६८,७७,२५०।०४ समेत असुल उपर गरी पाउन मागदाबी लिई र शिक्षा तथा खेलकुद मन्त्रालयको भवन निर्माण कार्यमा संलग्न ठेकेदार कम्पनी Gorkha Construction Company-Chakreswori JV का आधिकारिक प्रतिनिधि विजयबाबु मल्ललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा कुल बिगो रु.६८,७७,२५०।०४ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुरको मात्रा अनुसार कैद सजाय र बिगो बमोजिम जरिवाना गरी बिगो रु.६८,७७,२५०।०४ समेत निज ठेकेदार कम्पनी Gorkha Construction Company-Chakreswori JV का आधिकारिक प्रतिनिधि विजयबाबु मल्लसँग असुल उपर गरी जफत गरी पाउन मागदाबी लिई आयोगको मिति २०७३।१।२९ को निर्णयानुसार मिति २०७३।२।७ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

**६.३.५ गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेका मुद्दाहरू :-**

१. नेपालको वन विनाशमा संगठित भएका सुरेश सिंहले वन माफियासँग साँठगाँठ गरी वन मासेर देशको भविष्यसँग खेलवाड गर्ने, वन विनाशबाट गैरकानूनी रूपले सम्पत्ति आर्जन गरी आफ्नो हैसियत नमिल्दो उच्च जीवनस्तर यापन गर्ने गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा वन विभागमा दरबन्दी रही हाल सागरनाथ वन विकास परियोजना कार्यालय, सर्लाहीमा कार्यरत सुरेश सिहंले मिति २०४६।५।२५ मा सार्वजनिक पदधारण गरेदेखि २०७०।४।२९ सम्मको जाँच अवधिमा समग्र आय रु.३३,७१,७०४।२५ र समग्र व्यय एवं लगानी रु. १,९४,०६,८२९।२५ देखिएकोमा उक्त जाँच अवधिमा निजको आयको तुलनामा व्यय रकम रु. १,६०,३५,१२५। बढी खर्च हुन आएको देखियो । निज सुरेश सिंहले गरेको खर्चबाट न्यायोचित खर्चलाई घटाउँदा समेत निजले उक्त जाँच अवधिमा रु.१,३६,७३,५६९।४२ गैरकानूनी तवरले सम्पत्ति आर्जन गरेको पुष्टि हुन आयो।अत: निज सुरेश सिंहले गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले बिगो रु.१,३६,७३,५६९।४२ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम बिगो बमोजिम जरिवाना र कैद सजाय हुन र निजले भ्रष्टाचार गरी गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्ति बिगो रु.१,३६,७३,५६९।४२ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम निज र निजकी श्रीमतीको नाममा रहेको सम्पत्तिबाट जफत गर्न मागदाबी लिई र निज सुरेश सिंहको जफत हुने सम्पत्तिमध्ये निजकी श्रीमती निर्मलादेवी सिंहको नाममा रहेको सोही चल अचल सम्पत्तिबाट र स्रोत नखुलेको सम्पत्तिमध्ये जाँच अवधिमा लुकाई राखेको रकम रु.३३,४१,९९९।९९ सनराईज बैंकबाट अनुसन्धानका क्रममा झिकी निकाली बेपत्ता पारेको सम्पत्ति निजकी श्रीमतीका नाममा रहेको स्रोत खुलेको सम्पत्तिबाट जम्मा बिगो रु.१,३६,७३,५६९।४२ मूल्यको सम्पत्ति भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत गरी पाउन मागदाबी लिने प्रयोजनका लागि दाबी लिई आयोगको मिति २०७२।१०।२४ को निर्णयानुसार मिति २०७२।१०।२५ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

२. नेपाल विद्युत प्राधिकरणका सहायक प्रबन्धक ध्रुवकुमार उप्रेतीले भ्रष्टाचार गरी गैर कानूनी रूपमा

सम्पत्ति आर्जन गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा निज ध्रुवकुमार उप्रेतीको आ.व. २०३६।३७ देखि २०६७।६८ सम्मको कुल आय रु.१,१०,३०,३४५।- र कुल व्यय रु.५,२८,४१,१५४।- भएको देखिंदा उक्त परीक्षण अवधिमा निजको आयभन्दा व्यय रु.४,१८,१०,८०९।- बढी हुन आएको र निज राष्ट्रसेवक भए पश्चात के कस्तो स्रोतबाट सम्पत्ति आर्जन गरेको हो भन्ने कुरा पुष्टि गर्न नसकेको देखिंदा निजले गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको पुष्टि हुन आयो। अतः निज ध्रुवकुमार उप्रेतीले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निजलाई बिगो रु.४,१८,१०,८०९।- कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६ग तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम बिगो बमोजिम जरिवाना र कैद सजाय हुन र निजले भ्रष्टाचार गरी गैरकानूनी आर्जन गरेको सम्पत्ति बिगो रु.४,१८,१०,८०९।-साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग, दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत गर्न मागदाबी लिई र निज ध्रुवकुमार उप्रेतीले आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिबाट निजकी श्रीमती सन्ध्या लामिछाने उप्रेतीको नाममा समेत चल अचल सम्पत्तिहरू राखेको देखिएकोले निजकी पत्नी सन्ध्या लामिछाने (उप्रेती) को नाममा रहेको काठमाडौं महानगरपालिका वडा.नं १६ को कि.नं १०७८ क्षेत्रफल ०-४-०-० मा बनेको घर, निजको नाममा ज्योति विकास बैंकको बचत खाता नं. ००१०००१९२६१० मा रहेको मौज्दात रकम रु.१३,३००।- र मुद्दती खाता नः ००१००००४६५२७/ ००१०२७००००३६०२०००००२ मा रहेको मौज्दात रकम रु.२५,००,०००।- एवं क्यालिबर इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.को शेयर खरिद गरेको रु.२,००,०००।- र हिमाल दोलखा हाइड्रोपावर कम्पनी लि.को शेयर खरिद गरेको रु.८१,००,०००।- मध्ये रु.५०,७१,४८३।- समेतका चल/अचल सम्पत्तिहरू साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग र दफा १९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत गरी पाउन मागदाबी लिई सो प्रयोजनको लागि निज सन्ध्या लामिछाने (उप्रेती) लाई समेत प्रतिवादी कायम गरी आयोगको मिति २०७२।१०।२४ को निर्णयानुसार मिति २०७२।१०।२८ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

३. बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनका अध्यक्ष डा. भक्तमान श्रेष्ठले अस्पतालमा प्रवेश गरेदेखि नै गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा डा. भक्तमान श्रेष्ठ मिति २०५४।४।१ गते सार्वजनिक पदमा सेवा प्रवेश गरेदेखि मिति २०७०।४।४ सम्मको जाँच अवधिमा समग्र आय रु.१,८५,५१,७३८।- र समग्र व्यय रु.३,७९,५८,०७१।- देखिएकोमा उक्त जाँच अवधिमा निजको आयको तुलनामा व्यय रु.१,९४,०६,३३३।- बढी देखिन आएकोमा निजले गरेको रु.२६,४९,२२०।- बढी व्यय भएको हदसम्मको रकमलाई न्यायोचित खर्च मानी सो खर्च रकमलाई कुल व्यय रकम रु.१,९४,०६,३३३।- बाट घटाउँदा निज डा. भक्तमान श्रेष्ठले जाँच अवधिमा जम्मा रु.१,६७,५७,११३।- गैरकानूनी सम्पत्ति आर्जन देखियो ।अतः निज डा. भक्तमान श्रेष्ठले गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज डा. भक्तमान श्रेष्ठलाई

बिगो रु.१,६७,५७,११३।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम बिगो बमोजिम जरिवाना र कैद सजाय हुन र निजले स्रोत पुष्टि गर्न नसकेको एवं भ्रष्टाचार गरी गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्तिको बिगो रु.१,६७,५७,११३।- भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत गर्न र निज डा. भक्तमान श्रेष्ठको जफत हुने सम्पत्तिमध्ये निजको नाममा प्राइम कमर्सियल बैंक, नारायणगढ शाखामा रहेको निजको खाता नं. ००३००२५५CP बाट रु.५,८३,३०६।- तथा निजकी श्रीमती शिलु श्रेष्ठको नाममा शुभेच्छा विकास बैंक लि., नारायणगढ शाखामा रहेको खाता नं. १११-००२५८-६ बाट रु.४३,००,०००।- निकाली त्रिवेणी विकास बैंक लि.को हकप्रद शेयर खरिद गरेको देखिंदा आयोगमा विवरण बुझाएपछि निजले खरिद गरेको त्रिवेणी विकास बैंकमा रहेको निजको नामको शेयर स्रोत नपुगेको सम्पत्तिबाट किनेको हदसम्म र निजको स्रोत नखुलेको सम्पत्ति मध्येबाट रु.२१,८५,०००।- मा श्रीमती शिलु श्रेष्ठको नाममा खरिद गरेको चितवन जिल्ला भरतपुर नगरपालिका वडा नं. ४ कि.नं. २०८६ क्षेत्रफल ०-३-० जग्गा निजले बिक्री गरेको र निजको स्रोत नखुलेको सम्पत्तिबाट शिलु श्रेष्ठको नामको राइजिङ विकास बैंक (हाल देव: विकास बैंक) को रु.१४,६४,४८४।- ऋण चुक्ता गरेको देखिंदा सो रकम तथा निज डा. भक्तमान श्रेष्ठले गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी लुकाउने छिपाउने बदनियतले १०+२ अध्ययन गर्ने छोरीहरू युलिया श्रेष्ठ तथा लारिसा श्रेष्ठको नामको शुभेच्छा विकास बैंक लि. नारायणगढ शाखाको मुद्दति खाताहरूमा आफैंले राखिदिएको देखिंदा युलिया श्रेष्ठको नाममा शुभेच्छा विकास बैंक नारायणगढमा रहेको मुद्दति खाता नं. ३३३-००४७१-३FD मा भएको रु.१२,७०,०००।- तथा लारिसा श्रेष्ठको नाममा सोही शुभेच्छा विकास बैंक, नारायणगढमा रहेको मुद्दति खाता नं. ३३३-००४७२-९FD मा रहेको रु.१२,७०,०००।- समेत कुल रु.२५,४०,०००।- बराबरको रकम निज भक्तमान श्रेष्ठको स्रोत खुलेका अन्य सम्पत्तिबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख समेतको प्रयोजनको लागि जफत हुन समेत मागदाबी लिई र निजले जाँच अवधिमा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिबाट निजकी श्रीमती शिलु श्रेष्ठको नाममा समेत चल अचल सम्पत्तिहरू राखेको देखिएकोले निजकी श्रीमती शिलु श्रेष्ठको नाममा रहेको चितवन भरतपुर ७ कि. नं. ४३७८ क्षेत्रफल ०-१-१० जग्गा खरिद गरेको रु. ६,९०,०००।- मध्ये रु.५,२०,१८८।- चितवन हस्पिटल प्रा. लि. मा गरेको शेयर लगानी रु.२०,००,०००।- मध्ये रु.८,८६,०००।- र निज शिलु श्रेष्ठको नाममा नारायणी विकास बैंकको बचत खाता नं ००२००००१७०SD मा रहेको मौज्दात रु.१,४०२।- शुभेच्छा विकास बैंक नारायणगढको खाता नं १११-००२५८-६ मा रहेको मौज्दात रकम रु.४५,८१,४७६।- मध्ये डा. भक्तमान श्रेष्ठले निकाली त्रिवेणी विकास बैंकको शेयर किनेको रु.४३,००,०००।- को हकमा निज डा. भक्तमान श्रेष्ठउपर नै दाबी लिइएको हुँदा बाँकी मौज्दात रु.२,८१,४८६।- तथा राइजिङ डेभलपमेन्ट बैंक हाल (देव: विकास बैंक) को खाता नं ००१००००४११०६ मा रहेको मौज्दात रु.२६,४६८।- समेतका चल अचल सम्पत्तिहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत हुन समेत मागदाबी लिई सो प्रयोजनको लागि निज शिलु श्रेष्ठलाई समेत प्रतिवादी कायम गरी आयोगको मिति

२०७२।१०।२४ को निर्णयानुसार मिति २०७२।११।२ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

४. भरतपुर अस्पताल चितवनका मेडिकल सुपरिटेण्डेण्ट डा. केशवराज भुर्तेलले अस्पतालमा प्रवेश गरेदेखि नै गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज डा. केशवराज भुर्तेलले सार्वजनिक पद धारण गरेको मिति २०३६।२।३१ देखि २०७० वैशाख २३ गतेसम्मको जाँच अवधिमा निजको समग्र आय रु.२,११,३८,१२०।- र समग्र व्यय रु.४,९३,६५,०२६।- देखिएकोमा उक्त जाँच अवधिमा निजको आयको तुलनामा व्यय रु.२,८२,२६,९०६।- बढी खर्च हुन आएकोमा रु.१८,७४,२३८।- बढी व्यय भएको हदसम्मको रकमलाई न्यायोचित खर्च मानी सो खर्च रकमलाई बढी देखिन आएको व्यय रकम रु.२,८२,२६,९०६।- बाट घटाउँदा जम्मा रु.२,६३,५२,६६८।- को स्रोत खुल्न नआएकोले उक्त रकम निजले गैरकानूनी रूपमा आर्जन गरेको देखिन आयो।

अत: निज डा.केशवराज भुर्तेलले गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज डा.केशवराज भुर्तेललाई बिगो रु.२,६३,५२,६६८।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम बिगो बमोजिम जरिवाना र कैद सजाय हुन र निजले भ्रष्टाचार गरी गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्तिको बिगो रु.२,६३,५२,६६८।- भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत गर्न र निज डा.केशवराज भुर्तेलको जफत हुने सम्पत्तिमध्ये निजको नाममा रु.१०,९०,०००।- मा खरिद गरेको चितवन जिल्ला, भरतपुर नगरपालिका वडा नं. ५ख कि.नं. ७२४ क्षेत्रफल ०-१-० जग्गा निजले बिक्री गरेको हुँदा सो जग्गा खरिद गर्दा स्रोत नखुलेको रकम रु. १०,६२,९९५।-, श्रीमती रुक्मणी भुर्तेलको नाममा खरिद गरी निज डा.केशवराज भुर्तेलको नाममा बिक्री नामसारी भएको चितवन मेडिकल कलेजको शेयर लगानी रु. ६५,९३,७००।- मध्ये निजले बिक्री गरेको ३२,५०० कित्ता शेयर बापतको रकम रु. ३२,५०,०००।-, निजले स्ट्याण्डर्ड चार्टड बैंकको कर्जा चुक्ता गरेको रकम रु. १२,०२,२८०।- मध्ये स्रोत नखुलेको रकम रु. ९,२०,४८३।-, निज डा. केशवराज भुर्तेलको स्रोत नखुलेको सम्पत्ति मध्येबाट श्रीमती रुक्मणी भुर्तेलको नाममा रु. ५३,४३,७५०।- मा खरिद गरेको चितवन जिल्ला, भरतपुर नगरपालिका वडा नं. ७/ग कि.नं. ३३० क्षेत्रफल ०-७-२$^{१}/_{२}$ जग्गा निजले बिक्री गरेको हुँदा सो जग्गा बापत स्रोत नखुलेको रकम रु.४९,५७,२९५।- र श्रीमती रुक्मणी भुर्तेलको नाममा रु.२०,००,०००।- मा खरिद गरेको चितवन जिल्ला, भरतपुर नगरपालिका वडा नं. १/ख कि.नं. २३५२ क्षेत्रफल ०-०-१४$^{३}/_{४}$ जग्गा निजले बिक्री गरेको देखिंदा सो रकम निज डा. केशवराज भुर्तेलको स्रोत खुलेका अन्य सम्पत्तिबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख समेतको प्रयोजनको लागि जफत हुन समेत मागदाबी लिई र डा. केशवराज भुर्तेलले जाँच अवधिमा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिबाट निजकी श्रीमती रुक्मणी भुर्तेलको नाममा समेत चल अचल सम्पत्तिहरू राखेको देखिएकोले निज रुक्मणी भुर्तेलको नाममा रहेको चितवन जिल्ला, भरतपुर नगरपालिका वडा नं. १/क कि.नं. १७३१, ४८१५ र ४८१७ को जम्मा क्षेत्रफल ०-३-१८ जग्गा खरिद गरेको रु.२०,००,०००।- मध्ये

रु.६,१५,३५३।- र निज रुक्मणी भुर्तेलको नाममा चितवन जिल्ला, भरतपुर नगरपालिका वडा नं. ३/क कि.नं. ३८६५ र ३८६६ को जम्मा क्षेत्रफल ०-५-० जग्गा खरिद गरेको रु.६२,५०,०००।- मध्ये रु.५६,४६,८७३।- समेतको चल अचल सम्पत्तिहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत गरी पाउन मागदाबी लिई सो प्रयोजनको लागि निज रुक्मणी भुर्तेललाई समेत प्रतिवादी कायम गरी आयोगको मिति २०७२।११।९ को निर्णयानुसार मिति २०७२।११।११ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

५. जिल्ला आयोजना कार्यालय धनकुटाका लेखा अधिकृत कुमारबहादुर कटवालले स्रोत नखुलेका गैरकानूनी सम्पत्ति आर्जन गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज कुमारबहादुर कटवालले सार्वजनिक पद धारण गरेपश्चात जाँच अवधि आ.व. २०६८।६९ सम्ममा आय आर्जन गरेको रकम रु.१,२५,८८,०६९।- र सोही अवधिमा निजको व्यय रकम रु. २,१७,३१,६७८।- भई रु. ९१,४३,६०९।- बढी व्यय भई स्रोत खुल्न आएको पाइएन भने स्रोत खुल्न नसकेका सम्पत्तिहरू मध्येबाट बिक्री गरी स्रोत नखुलेका सम्पत्तिहरूबाट बढी बढाउ गरिएका थैली कायम रकममा स्रोत नखुलेका सम्पत्तिको भाग रु.४६,७६,०२५।- समेत प्राप्त गरेको देखिंदा निज लेखा अधिकृत कुमारबहादुर कटवालले सार्वजनिक पदमा रही आफ्नो पदको दुरुपयोग गरी रु. १,३८,१९,६३४।- गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको देखिन आयो। अत: निज कुमारबहादुर कटवालले रु.१,३८,१९,६३४।- गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज कुमारबहादुर कटवाललाई बिगो रु. १,३८,१९,६३४।— कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम बिगो बमोजिम जरिवाना र कैद सजाय हुन र निजले स्रोत पुष्टि गर्न नसकेको एवं भ्रष्टाचार गरी गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्तिको बिगो रु. १,३८,१९,६३४।- भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत गर्न र स्रोत नखुलेको सम्पत्तिबाट बढी बढाउ लिखत अनुसार थैली कायम भएको सम्पत्ति समेत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम उल्लेखित सम्पत्तिहरू जफत गरी पाउन समेत मागदाबी लिई र प्रतिवादी कुमारबहादुर कटवालले जाँच अवधिमा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिबाट निजले आफ्नी श्रीमती दलकुमारी कटवाल, छोराहरू राजन कटवाल र रविन कटवालसमेतका नाममा जग्गा खरिद, घर निर्माण, विभिन्न कम्पनीहरू तथा वित्तीय संस्था एवं बैंकहरू एवं विद्यालय समेतमा शेयर लगानी लगायतका सम्पत्तिहरू जोड्नमा गरिएका खर्चहरू मध्ये स्रोत पुष्टि हुन नसकेको लागत मूल्य बराबरको स्रोत नखुलेको भागको सम्पत्ति जफत गर्ने प्रयोजनका लागि मात्र निज कुमारबहादुर कटवालकी श्रीमती दलकुमारी कटवाललाई प्रतिवादी कायम गरी आयोगको मिति २०७२।१२।१५ को निर्णयानुसार मिति २०७२।१२।१९ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको।

६. दुग्ध विकास संस्थान लैनचौरका प्रबन्धक डा. शत्रुघ्न प्रसाद साहले सार्वजनिक पदमा बहाल रहँदा गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज डा.शत्रुघ्न प्रसाद साहले सार्वजनिक पद धारणा गरेको आ.व. २०४५/४६ देखि जाँच अवधि आ.व. २०७२/७३ (माघ मसान्त) सम्ममा कुल आय रु.१,४४,९७,१३४।०६ भई

कुल व्यय रु.३,८३,६५,१६४।७१ देखिंदा उक्त परीक्षण अवधिमा निजको आयभन्दा व्यय रु. २,३८,६८,०३०।६५, बढी हुन आएको हुँदा निज डा. शत्रुघ्न प्रसाद साहको स्रोत नखुलेको सम्पत्ति जम्मा रु.२,३८,६८,०३०।६५ देखिन आयो ।

अत: निज डा. शत्रुघ्न प्रसाद साहले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज डा. शत्रुघ्न प्रसाद साहलाई बिगो रु.२,३८,६८,०३०।६५ कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६ग तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम बिगो बमोजिम जरिवाना र कैद सजाय हुन र निजले भ्रष्टाचार गरी गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्ति बिगो रु.२,३८,६८,०३०।६५ साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग, दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत गरी पाउन मागदाबी गरी र निजले परीक्षण अवधिमा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिबाट निजकी पत्नी सुशीलाकुमारी साहको नाममा समेत चल अचल सम्पत्तिहरू राखेको देखिएकोले निजकी पत्नी सुशीलाकुमारी साहको नाममा रहेको मकवानपुर जिल्ला, हेटौंडा नगरपालिका वडा नं. ४, कि.नं. ५६२८ र ५६२९, क्षेत्रफल ०-१-० जग्गा र सो जग्गामा बनेको १ तले घर, जिल्ला मकवानपुर, रातोमाटे-५, कित्ता नं. २४९७, क्षेत्रफल ०-६-० जग्गा, जिल्ला सर्लाही, धनगढा-४, कि.नं. ४८४, क्षेत्रफल ०-२-१३, कि.नं. ४८५, क्षेत्रफल ०-१-७ जग्गा, जिल्ला मकवानपुर, रातोमाटे-८, कि.नं.४६२, क्षेत्रफल ०-८-० जग्गा, जिल्ला सर्लाही, धनगढा-८, कित्ता नं. ५४५, क्षेत्रफल ०-०-१९ जग्गा र जिल्ला भक्तपुर, कटुञ्जे-२, कित्ता नं. ७८०, क्षेत्रफल ०-२-३-०, कि.नं. ८१२, क्षेत्रफल ०-१-०-०, कि.नं.२५७, क्षेत्रफल०-३-२-०, कि.नं. ८१०, क्षेत्रफल ०-१-२-० र कि.नं.२५४, क्षेत्रफल ०-०-१$^{१/२}$ रोपनी जग्गा खरिद र विभिन्न कम्पनीमा शेयर लगानी समेतका चल/अचल सम्पत्तिहरू साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख बमोजिम जफत गरी पाउन मागदाबी गरी निज सुशीलाकुमारी साहलाई बिगो जफत गर्ने प्रयोजनार्थ प्रतिवादी कायम गरी आयोगको मिति २०७३।१।२३ को निर्णयानुसार मिति २०७३।१।२७ मा विशेष अदालत काठमाडौंमा आरोप पत्र दायर गरिएको ।

७. डा. ल्हारक्याल लामाले सार्वजनिक पदमा बहाल रहँदा आफ्नो पद तथा अधिकारको दुरुपयोग गरी गैरकानूनी सम्पत्ति आर्जन गरेको भनी परेको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज डा. ल्हारक्याल लामाले सार्वजनिक पद धारण गरेको आ.व.२०५८/५९ देखि आ.व.२०७२/७३ (पौष मसान्त) सम्ममा कुल आय रु.२०,३४,४१,८२१।- र कुल व्यय रु.२९,७९,१४,०००।४७ भएको देखिंदा उक्त अवधिमा निजको आयभन्दा व्यय रु.९,४४,७२,१७९।४७ बढी हुन आएको देखिंदा सार्वजनिक पद धारण गरेका निज डा. ल्हारक्याल लामाको स्रोत नखुलेको सम्पत्ति जम्मा रु.९,४४,७२,१७९।४७ देखिन आयो ।

अत: डा.ल्हारक्याल लामाले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज डा.ल्हारक्याल लामालाई बिगो रु.९,४४,७२,१७९।४७ कायम गरी साविक

भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६ग तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम बिगो बमोजिम जरिवाना र कैद सजाय हुन र साविक संविधान सभाको सदस्य र हाल व्यवस्थापिका संसदका सदस्य रहेका निज डा.ल्हारक्याल लामालाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १४क तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा२४ बमोजिम थप कैद सजाय हुन एवं निजले भ्रष्टाचार गरी गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्ति र सोबाट बढे बढाएको स्रोत नखुलेका सम्पत्तिहरू समेतको बिगो रु.९,४४,७२,१७९।४७ साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग, दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत गर्न मागदाबी गरी आयोगको मिति २०७३।१।२९ को निर्णयानुसार मिति २०७३।१।३० मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

### ६.३.६ राजश्व चुहावट गरी भ्रष्टाचार गरेको मुद्दाहरू :-

१. जिल्ला झापा, मेचीनगर नगरपालिकाका कर्मचारीहरू सामुदायिक विकास अधिकृत अनन्तप्रकाश वस्ती समेतले विभिन्न दलका नेताहरू तथा नगर संयन्त्रका पदाधिकारीहरू समेतको मिलेमतोमा १७ वर्षदेखि जनप्रतिनिधिविहीन नगरपालिकाको रकम दुरुपयोग हुँदै आएको भन्ने समेतको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा मेचीनगर नगरपालिका, झापाले कृषिमण्डीको लागि जग्गा खरिद गर्दा बोलपत्रको सम्पूर्ण प्रक्रिया पूरा गरी साविक धुलावारी-५ हाल मेचीनगर नगरपालिका वडा नं.३ मा रहेका कित्ता नम्बरहरू १३६, १३७, १३८ र ९६२ का ५ बिगाहा खरिद गर्दा मेचीनगर नगरपालिकाले मालपोत कार्यालय, भद्रपुरलाई बुझाउनुपर्ने जग्गा रजिष्ट्रेशन बापतको नेपाल सरकारको राजश्व रु.१३,००,०००।- मध्ये रु.२,००,०००।- मात्र तिरेबाट बाँकी रु.११,००,०००।- राजश्व रकम कम बुझाई भ्रष्टाचार गरेको तथ्य पुष्टि हुन आएकोले देहायका व्यक्तिहरू उपर निम्न बमोजिमको कसुरमा निम्न बमोजिम सजायको मागदाबी लिई आयोगको मिति २०७२।१०।२४ को निर्णयानुसार मिति २०७२।११।१३ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको।

| सि.नं. | प्रतिवादीको नाम, थर र पद | कसुर | मागदाबी | बिगो |
|---|---|---|---|---|
| १. | मेचीनगर नगरपालिका, झापाका तत्कालीन कार्यकारी अधिकृत भीम प्रसाद पौडेल | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७, ३(१) र दफा ३(१) को देहाय (च) | रु.११,००,०००।- |
| २. | मेचीनगर नगरपालिका, झापाका ना.सु. रमेशकुमार आचार्य | ऐ. | ऐ. | रु.११,००,०००।- |
| ३. | मालपोत कार्यालय, भद्रपुर झापाका तत्कालीन शाखा अधिकृत कोमलप्रसाद खतिवडा | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७, सोही दफा ७ को देहाय (क) र (ख) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७, सोही दफा ७ को देहाय (क) र (ख), दफा ३(१) को देहाय (च) | रु.११,००,०००।- |

| | | | | |
|---|---|---|---|---|
| ४. | मालपोत कार्यालय, भद्रपुर झापाका मूल्यांकन शाखाका तत्कालीन ना.सु. इन्द्रप्रसाद सिवाकोटी | ऐ. | ऐ. | रु.११,००,०००।- |
| ५. | मालपोत कार्यालय, भद्रपुर, झापाका राजस्व शाखाका तत्कालीन खरिदार हिराबहादुर खड्का | ऐ. | ऐ. | रु.११,००,०००।- |
| ६. | लेखापढी व्यवसायी (लेखन्दास) अमरकुमार न्यौपाने | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) | |

२. त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान अन्तर्गतको राष्ट्रिय चिकित्सा शिक्षा शास्त्र अध्ययन केन्द्र महाराजगंजमा कार्यरत मुख्य कार्यालय सहायक उर्मिला लामाले उक्त केन्द्रमा कार्यरत रहँदा गरेको भ्रष्टाचारका सम्बन्धमा आवश्यक छानबिन गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउनुपर्ने भन्ने त्रिभुवन विश्वविद्यालयका उपकुलपतिको मिति २०७१।९।२ को निर्णयानुसार कारबाही प्रक्रिया अगाडि बढाउन सक्कल फाइल यस आयोगमा प्राप्त भएकोमा अनुसन्धान हुँदा एडभेन्चर अल्टरनेटिभ प्रा.लि. का मेनेजिङ डाइरेक्टर पासाङ टेण्डी शेर्पाले आयोगमा पेश गरेका भर्पाईबाट निज उर्मिला लामाले त्रिभुवन विश्वविद्यालयको राजश्व बापतको थप बिगो रकम हानि नोक्सानी गरेको प्रमाण संकलन हुन आएकोले दोहोरो परेका विवरणलाई हटाई हिसाब गर्दा लेटर प्याडमा हस्ताक्षर गरी बुझेको नेपाली रु.६,२८,०९१।-, हस्ताक्षर नगरी लेटर प्याडमा रकम उल्लेख गरी बुझेको नेपाली रु.४,८५,५३७।५०, हस्ताक्षर नगरी लेटर प्याडमा रकम उल्लेख गरी बुझेको अमेरिकन डलर ३,६५०।- (नेपाल राष्ट्र बैंकले निर्धारण गरेको तत् तत् मितिको विनिमय दरले हुन आउने नेपाली रु.२,८९,३६५।-) र हस्ताक्षर नगरिएको लेटर प्याडमा रकम उल्लेख नगरिएको तर कोर्षको अवधि र व्यहोरा खुलाई बुझेको अमेरिकन डलर १,४००।- (नेपाल राष्ट्र बैंकले निर्धारण गरेको तत् तत् मितिको विनिमय दरले हुन आउने नेपाली रु.१,१७,२७८।-) समेत गरी जम्मा रु.१५,२०,२७१।५० त्रिभुवन विश्वविद्यालयलाई हानि नोक्सानी पुर्याई निज उर्मिला लामाले आफूलाई गैरकानूनी लाभ लिई खाए मासेकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (क) र (ग) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ७ बमोजिम हानि नोक्सानी पुऱ्याएको बिगो रकमको दोब्बर सजाय गरी पाउन मागदाबी लिई आयोगको मिति २०७२।५।१७ को निर्णयानुसार मिति २०७२।५।२१ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको।

### ६.३.७ विविध विषयका मुद्दाहरू :-

१. प्र.नि. सन्तोष निरौला समेतको प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी सुरेन्द्र राम समेत भएको केही सार्वजनिक अपराध मुद्दाका प्रतिवादी एवं श्री जनता उ.मा.वि. सोनमतीगाढा सिरहाका शिक्षक सुरेन्द्र रामले इभर ब्राइट फ्युचर एकेडेमी फत्तेपुर सप्तरीमा पूर्वाञ्चल विश्वविद्यालयद्वारा

सञ्चालित बी.बी.एस. प्रथम वर्षको परीक्षाको केन्द्राध्यक्ष नियुक्त भई खटिएकोमा परीक्षा हुनु अगाडि नै प्रश्नपत्रको गोपनीयता भंग गरी भ्रष्टाचारजन्य कार्य गरेको देखिएकोले आवश्यक कारबाहीका लागि अनुरोध छ भनी इलाका प्रहरी कार्यालय (क) लहान सिरहाको च.नं. ७५१ मिति २०७१।६।११ को पत्रको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा सुरेन्द्र राम (चमार) ले इभरब्राइट फ्युचर एकेडेमी फत्तेपुर सप्तरीको केन्द्राध्यक्ष नियुक्ति भई पूर्वाञ्चल विश्वविद्यालयद्वारा मिति २०७१।६।५ गते दिउँसो १ बजेबाट सञ्चालित बी.बी.एस. प्रथम वर्षको **Business Economics** विषयको प्रश्नपत्रको गोपनीयता परीक्षा हुनुअगावै भंग गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज सुरेन्द्र राम (चमार) लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिम सजाय हुन मागदाबी लिई आयोगको मिति २०७२।१०।१७ को निर्णयानुसार मिति २०७२।११।६ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको थियो ।

२. भूमिराज प्राथमिक विद्यालय, गोकुलेश्वर, बैतडीलाई जिल्ला शिक्षा कार्यालय, बैतडीबाट प्राप्त भएको राहत शिक्षक कोटामा शिक्षक छनौट समितिले मिति २०६५।३।४ गतेका दिन एकल उमेदवार जस्मा नाथको परीक्षा लिएकोमा उक्त परीक्षामा निजले लिखिततर्फ १०० पूर्णाङ्कमा जम्मा २१ अंक मात्र प्राप्त गरी असफल भए पनि निजले लिखित परीक्षामा ४५ अंक र अन्तर्वार्तामा १५ गरी जम्मा ६० अंक प्राप्त गरेको भनी सूचना निकाली जिल्ला शिक्षा कार्यालय, बैतडीलाई समेत झुक्यानमा पारी जस्मा नाथको नियुक्ति समर्थन गराएको हुँदा आवश्यक कारबाही गरी जस्मा नाथलाई दिइएको नियुक्ति समेत बदर गरी पाऊँ भन्ने समेत व्यहोराको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा मिति २०६५।२।२९ गते बसेको भूमिराज प्राथमिक विद्यालय, गोकुलेश्वरको विद्यालय व्यवस्थापन समितिको बैठकले सेटिगाउँ उ.मा.वि. का प्र.अ. परमानन्द जोशीको संयोजकत्वमा शिक्षक छनौट समिति गठन गरी सोही दिन राहत शिक्षक कोटामा शिक्षक पूर्ति गर्नको लागि आवेदनको लागि ७ दिनको सूचना प्रकाशित गरी मिति २०६५।३।४ गते निवेदकहरूको परीक्षा लिने भन्ने निर्णय समेत गरेको देखिन आयो।एकल उम्मेदवार जस्मा नाथले मिति २०६५।३।४ गते दिएको परीक्षाको सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको माइन्युट पुस्तिकाको पेज ३५ मा छनौट समितिले लिएको परीक्षामा निज जस्मा नाथ अनुत्तीर्ण भएकोले सो को जानकारी विद्यालय व्यवस्थापन समितिलाई गराउने भनी शिक्षक छनौट समितिले मिति २०६५।३।४ मा निर्णय गरेकोमा उक्त माइन्युट पुस्तिकाको पेज ३५ को पानालाई च्याती झिकिएको र सोही माइन्युट पुस्तिकाको पेज नं. ३६ मा शिक्षक छनौट समिति तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कल्यान नाथ, विद्यालय व्यवस्थापन समितिका शिक्षक प्रतिनिधि सदस्य महानन्द जोशी र परीक्षार्थी जस्मा नाथ मात्रको उपस्थितिमा शिक्षक छनौट समितिको सिफारिस अनुसार सफल उम्मेदवार जस्मा नाथलाई शिक्षा नियमावली बमोजिम तलब भत्ता खान पाउने गरी नियुक्ति दिने निर्णय पारित गरियो भनी मिति २०६५।३।४ गते नै अर्को निर्णय गरेको पाइयो। शिक्षक छनौट समितिले असफल भनेर एकपटक माइन्युट लेखी निर्णय गरी सके पश्चात पुनः सोही परीक्षाको परिणाम फेरबदल गरी आफूलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले जस्मा नाथ स्वयं व्यवस्थापन समितिको बैठकमा उपस्थित भई आफ्नो समेत संलग्नतामा शिक्षक छनौट समितिले लिएको परीक्षामा आफूले २१ अंक प्राप्त गरी अनुत्तीर्ण भएको परीक्षाफलको परिणाम फेरबदल गरी, गराई ४५ अंक प्राप्त गरी सफल भएको भन्ने

बनाउन माइन्युट पुस्तिकाको पेज नं. ३५ च्याती झिकी माइन्युट पुस्तिकाको पेज नं. ३६ मा शिक्षक छनौट समितिको सिफारिस अनुसार सफल उम्मेदवार जस्मा नाथलाई शिक्षा नियमावली अनुसार तलब खान पाउने गरी नियुक्ति दिने भनी निर्णय र परीक्षाको परिणाम फेरबदल एवं हेरफेर गरी माइन्युटको व्यहोरा तयार गरी गर्न लगाई, सो परिणाम फेरबदल एवं हेरफेर गरिएको माइन्युटको पृष्ठ ३६ को व्यहोरा बमोजिम जस्मा नाथको नियुक्तिलाई जिल्ला शिक्षा कार्यालयबाट समेत समर्थन गरे गराएको माथि विवेचित आधार, कारण र प्रमाणहरूबाट पुष्टि हुन आएकोले भूमिराज प्राथमिक विद्यालयका विद्यालय व्यवस्थापन समिति तथा शिक्षक छनौट समितिका तत्कालीन अध्यक्ष कल्यान नाथ, तत्कालीन प्रधानाध्यापक गोपाल नाथ र शिक्षिका जस्मा नाथले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १३ बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा भूमिराज प्राथमिक विद्यालयका विद्यालय व्यवस्थापन समिति तथा शिक्षक छनौट समितिका अध्यक्ष कल्यान नाथ, प्रधानाध्यापक गोपाल नाथ र राहत शिक्षिका जस्मा नाथलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १३ बमोजिम सजाय हुन मागदाबी लिई आयोगको मिति २०७२।१०।१७ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

३. नेपालका मेडिकल कलेजहरू आवश्यक पूर्वाधारबिना नै सञ्चालन भएको, गुणस्तर एकदमै न्यून रहेको, अध्यापक तथा विद्यार्थीहरू समेत भारतीयमूलका नक्कली हुने गरेको लगायत मेडिकल काउन्सिलको मिलोमतोमा मेडिकल कलेजहरूले अनियमितता गरेको भन्ने समेतको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा त्रिभुवन विश्वविद्यालय, चिकित्सा शास्त्र अध्ययन संस्थानबाट सम्बन्धन प्राप्त निजीस्तरमा सञ्चालित गण्डकी मेडिकल कलेज एण्ड टिचिङ हस्पिटल प्रा.लि., पोखरा उ.म.न.पा-९ को शैक्षिक वर्ष २०७२/७३ को एम.बी.बी.एस. तर्फको सिट संख्या निर्धारण गर्नका लागि नियमित निरीक्षण गरी तोकिएको शर्त बमोजिम प्रतिवेदन पेश गर्न भनी नेपाल मेडिकल काउन्सिलको च.नं.११३ मिति २०७२।५।७ को पत्रानुसार प्रा.डा. गणेशकुमार राईको संयोजकत्वमा प्रा.डा. नरमाया थापा, उपप्राध्यापक डा.प्रदीप ज्ञवाली, डा.प्रेणितकुमार पोखरेल र उपप्राध्यापक डा. राजीव यादव सदस्य रहेको निरीक्षण टोली गठन भएकोमा सोही निरीक्षण टोलीले मिति २०७२ भाद्र ८ र ९ गते उक्त मेडिकल कलेजको निरीक्षण गरी नेपाल मेडिकल काउन्सिल र त्रिभुवन विश्वविद्यालय, चिकित्सा शास्त्र अध्ययन संस्थान, डिनको कार्यालय, महाराजगञ्जमा फरक फरक प्रतिवेदन बुझाई निज राष्ट्रसेवकहरू प्रा.डा. गणेशकुमार राई, प्रा.डा. नरमाया थापा, उप-प्राध्यापक डा.प्रदीप ज्ञवाली, उप-प्राध्यापक डा. राजीव यादव र डा.कृष्ण अधिकारी तथा निरीक्षण टोलीका सदस्य तोकिएका डा.प्रेणित कुमार पोखरेल समेतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको देखिँदा निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको सजायको मागदाबी लिई र निरीक्षण टोलीका सदस्यहरू प्रा.डा. नरमाया थापा र प्रा.डा. गणेशकुमार राई विशिष्ट श्रेणी वा सो सरहका राष्ट्रसेवकहरू भएकोले निजहरूको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजायको मागदाबी समेत गरी आयोगको मिति २०७३।१।२३ को निर्णयानुसार मिति २०७३।२।७ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

## ६.४ पुनरावेदन/पुनरावलोकन

### ६.४.१ पुनरावेदन

आयोगबाट विशेष अदालतमा दायर भएका मुद्दाहरू मध्ये आर्थिक वर्ष २०७२।७३ मा २७९ वटा मुद्दाहरूको फैसला प्राप्त भई करिब ६० प्रतिशत मुद्दामा आयोगलाई सफलता प्राप्त भएको छ । आ.व. २०७२।७३ मा भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएका फैसलाहरूमा चित्त नबुझी आयोगबाट सर्वोच्च अदालतमा दायर गरिएका पुनरावेदनहरूको विवरण निम्नानुसार उल्लेख गरिएको छ :-

१. लालबहादुर राईको नाति, विष्णुबहादुर राईको छोरा खोटाङ जिल्ला रतन्छा गा.वि.स.वडा नं. ९ घर भई उच्च माध्यमिक शिक्षा परिषद सानोठिमीमा कार्यरत विजेन्द्रकुमार राई.....

**मुद्दा : छात्रवृत्ति वितरण गर्दा भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७१।९।१३** **पुनरावेदन दर्ता मिति : २०७२।४।१५**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** विजेन्द्रकुमार राई तत्कालीन समयमा उच्च माध्यमिक शिक्षा परिषद पोखराको कार्यालय प्रमुख तथा छात्रवृत्ति छनौट उप-उपसमितिको संयोजक भएको, छात्रवृत्ति छनौट उपसमितिको संयोजक भएको व्यक्तिले छात्रवृत्ति छनौटसम्बन्धी निर्देशिका-२०६७ को व्यवस्था तथा परीक्षाको मूल्य मान्यता अनुरूप परीक्षा सञ्चालन गर्ने तथा उत्तरपुस्तिकाहरूको परीक्षण गराउनुपर्नेमा सो नगरी उत्तरपुस्तिकाको परीक्षण सुरक्षा गार्ड समेतबाट गराएको र निजले पदीय जिम्मेवारी पूरा नगरी परिक्षार्थीहरूको परीक्षाफल नै फरक पारेको तथ्य अनुसन्धानबाट पुष्टि भएकोमा निजलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

२. हुकुम पठानको नाति, बासली पठानको छोरा, जिल्ला रुपन्देही पोखरमिण्डी गा.वि.स. वडा नं.-१ स्थायी घर भई कृष्णनगर भन्सार कार्यालयमा ना.सु. पदमा कार्यरत सब्बिर अलि पठान समेत जना ३.....

**मुद्दा : राजश्व चुहावट गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७१।८।२९** **पुनरावेदन दर्ता मिति : २०७२।४।१५**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादीहरू सब्बिर अली पठानले १५,००० के.जी. Copra (नरिवल) मा राजश्व उठाउनुपर्नेमा जानिजानी बदनियत चिताई घटी राजश्व निर्धारण गरी भ्रष्टाचार गरी राजश्व चुहावट गरेको तथ्य मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि भइरहेकोमा प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ ।

३. वासुदेव सिंहको नाति रामचन्द्र सिंहको छोरा पर्सा जिल्ला वीरगञ्ज उपमहानगरपालिका वडा नं.-१५ मुरली बगैंचा स्थायी बसोबास भई जिल्ला शिक्षा कार्यालय पर्साका तत्कालीन इन्जिनियर नवीनकुमार सिंह.....

**मुद्दा : विद्यालयको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७१।९।१** **पुनरावेदन दर्ता मिति : २०७२।४।१५**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : जिल्ला शिक्षा कार्यालय, पर्साका तत्कालीन इन्जिनियर प्रतिवादी नवीनकुमार सिंहले भवन निर्माण सामग्री ट्रस्ट जस्तापाता ल्याउन भनी बुझिलिएको मदर्शा हुस्नुल उलुम सामुदायिक प्रा.वि.को रु.२,४०,०००।- र मदर्शा इस्लामिया दारुल कुंरुआन, धोबिनी-६ को रु.२,५०,०००।- समेत गरी जम्मा रु.४,९०,०००।- आफूले खाई मासी विद्यालयलाई हानि

नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेकोमा प्रतिवादीलाई कसुरबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ।

४. जिल्ला धुनषा तुलसी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई महानगरीय प्रहरी अपराध महाशाखा हनुमानढोकाका प्रहरी नायब निरीक्षक रुद्रराज पौडेल समेत जना ३.....

**मुद्दा : घूस रिसवत लिई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७१।११।१०** **पुनरावेदन दर्ता मिति : २०७२।४।१५**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : रुद्रराज पौडेल समेतका प्रतिवादीहरूको सामूहिक संलग्नतामा (Joint Participation) मा जाहेरवालाहरूलाई घटनास्थलमा लगि निजहरूलाई अपहरण तथा शरीर बन्धक गरी निजहरूलाई छुटकारा गर्न रु.१,५०,०००।- लिई भ्रष्टाचार गरेको पुष्टि भएको अवस्थामा भौतिक सबुद प्रमाणहरूको उचित मूल्यांकन नगरी निज प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसलामा प्रमाण मूल्यांकनमा गम्भीर त्रुटि हुँदा उक्त फैसला बदरभागी रहेको छ ।

५. जिल्ला सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं. ६ वतन भई हाल जिल्ला काठमाडौं का.म.न.पा.वडा नं. ७, सिफल जनहित गल्ली बस्ने दलबहादुर रावलको छोरा मालपोत कार्यालय पर्साका तत्कालीन प्रमुख मालपोत अधिकृत (हाल अवकाश प्राप्त) नेत्रबहादुर रावल समेत जना ४.....

**मुद्दा : भ्रष्टाचार (अनियमितता)**

**फैसला मिति : २०७१।८।२४** **पुनरावेदन दर्ता मिति : २०७२।४।१८**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : मिसिल संलग्न कागजातहरूबाट प्रतिवादीहरूले आरोपपत्र मागदाबी बमोजिमको कसुर गरेको पुष्टि भइरहेको अवस्थामा प्रतिवादीहरू मध्ये नेत्रबहादुर रावल र पशुपतिनाथ ठाकुरले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(ज) बमोजिम कसुर गरेको ठहर गरी सोही ऐनको दफा ८(१) बमोजिम निजहरूलाई ३ महिनाका दरले कैद र रु.३०,०००। का दरले जरिवाना र प्रतिवादीहरू हर्कबहादुर दाहाल र राजकुमार लाल दासलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(ज) बमोजिम मतियारको भूमिका खेली सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको ठहर गरी सोही दफा बमोजिम १ महिना १५ दिनका दरले कैद र रु.१५,०००। का दरले जरिवाना हुने गरी भएको हदसम्मको फैसला मिसिल संलग्न कागज प्रमाणबाट सोही हदसम्म त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

६. राम त्यागन साहको छोरा जिल्ला रौतहट दिपही गा.वि.स. वडा नं. १ स्थायी वतन भई ऐ. मर्यादपुर गा.वि.स.का सचिव विश्वनाथ प्रसाद साहसमेत जना ३.....

**मुद्दा : विकास निर्माणको रकम अनियमितता गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७१।१०।१२** **पुनरावेदन दर्ता मिति : २०७२।४।२०**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादीहरूले विकास निर्माण कार्यका लागि निकासा भएको सरकारी रकम विकास निर्माणमा खर्च नगरी एक आपसमा मिलेमतो गरी सरकारी रकम लिई खाई नेपाल सरकारलाई रु.४,७०,०००।- हानि नोक्सानी गरी भ्रष्टाचार गरेको तथ्य पुष्टि भइरहेकोमा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

७. जिल्ला सप्तरी १ नं. जोगिनिया गा.वि.स. वडा नं. ९ बस्ने भगवती राष्ट्रिय प्राथमिक विद्यालय सप्तरीका प्रधानाध्यापक नागेश्वर मण्डल.....

**मुद्दा : विद्यालय निर्माणका लागि प्राप्त रकम हिनामिना गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७१।८।१६ पुनरावेदन दर्ता मिति : २०७२।५।२**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादी नागेश्वर मण्डलले जिल्ला शिक्षा कार्यालय, सप्तरीबाट निकासा भएको सम्पूर्ण रकम हिनामिना गरी कार्य सम्पादन नगरेको तथ्य पुष्टि भइरहेको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा बिगो रु.९,००,०००।- असुल उपर गरी सोही ऐनको दफा ३ (१) (ङ) बमोजिम सजाय हुन गर्नुपर्नेमा प्रतिवादीलाई बिगो रु.३,५०,०००।- मात्र भ्रष्टाचार गरेको ठहर गरी ६ महिना कैद सजाय हुने ठहर गरी भएको हदैसम्मको फैसला सोही हदसम्म त्रुटिपूर्ण रही बदरभागी रहेको छ ।

८. जिल्ला सिरहा, औरही गा.वि.स. वडा नं. ३ स्थायी घर भई जिल्ला सर्लाही मलंगवा स्रोत केन्द्रका तत्कालीन स्रोतव्यक्ति पदमा कार्यरत भोगेन्द्रकुमार यादव समेत जना ३ जना.....

**मुद्दाः सञ्चालनमा नरहेको विद्यालय सञ्चालनमा रहेको भनी सरकारी अनुदानको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७१।१२।२५ पुनरावेदन दर्ता मिति : २०७२।५।२**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरूले सञ्चालनमा नै नभएको जिल्ला सर्लाही मलङ्गवा नगरपालिका वडा नं. ९ मा रहेको सन्तोषी प्रा.वि. मलङ्गवाको नाममा रु. १,६७,१६२।- निकासा गराई हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य विद्यालयले जिल्ला शिक्षा कार्यालयमा पेश गरेको Flash Report, निकासा भएको रकम खर्च गरेको कुनै बिल भरपाई श्रेस्ता समेत नराख्नुवाट पुष्टि भइरहेकोमा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

८. जिल्ला बारा कवहीगोठ गा.वि.स. वडा नं. ९ घर भई जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा कार्यरत रही हाल प्रहरी कार्यालय स.से.नि. नक्साल दरबन्दीका प्रहरी नायब उपरीक्षक रामेश्वर प्रसाद यादव समेत जना २.....

**मुद्दा : घूस रिसवत लिई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७१।११।२८ पुनरावेदन दर्ता मिति : २०७२।५।२**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** अनुसन्धान तहकिकातको सिलसिलामा जिल्ला प्रहरी कार्यालय, रुपन्देहीको हिरासतमा रहेका लागू औषध ब्राउन सुगर मुद्दाका प्रतिवादी सतीश प्रधानको मुद्दा कमजोर बनाउन लगाइदिन्छु भनी प्रहरी नायब उपरीक्षक रामेश्वरप्रसाद यादवले निजका नामको ३ वटा खाली चेक निजका आफन्तसँग मगाई चेक काट्न लगाई बैंकबाट रकम झिक्न लगाई उक्त रकम आफूले राखेको तथ्य मिसिल संलग्न प्रमाणबाट पुष्टि भइरहेकोमा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

९. जिल्ला मोरङ, विराटनगर उपमहानगरपालिका वडा नं. १४ कलेज रोडमा बस्ने नेपाल टेलिकम केन्द्रीय कार्यालय अन्तर्गत नेपाल टेलिकम विराटनगर शाखा कार्यालयका तत्कालीन प्रशासन सहायक इमु श्रेष्ठ.....

**मुद्दा : भ्रष्टाचार ।**

**फैसला मिति : २०७१।८।१५ पुनरावेदन दर्ता मिति : २०७२।५।२**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, विराटनगर शाखामा कार्यरत सहायक प्रशासकीय अधिकृत प्रदीपकुमार नकर्मी र प्रशासन सहायक इमु श्रेष्ठले आ.व.

२०६०।६१ देखि २०६६।६७ सम्मको कार्यालयमा संकलित राजश्व महसुल रकम संकलन गर्ने गरेको र प्रतिवादीहरू श्रीमान्/श्रीमतीको नाताका रहेका एउटै शाखामा कार्यरत रहेको हुँदा निजहरू दुवै जनाको मिलोमतोमा नेपाल दूरसञ्चार कम्पनीको रु.१,८४,५०,०६८।९६ हिनामिना गरेको पुष्टि भइरहेकोमा प्रतिवादीमध्ये प्रदीप कुमार नकर्मीलाई आरोपपत्र मागदाबी बमोजिम सजाय भए पनि प्रतिवादी इमु श्रेष्ठलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

१०. ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. २ सिद्धिपुरमा स्थायी बसोबास भई नेपाल दूरसञ्चार कम्पनी (नेपाल टेलिकम) को वरिष्ठ इन्जिनियर राजेन्द्र महर्जन समेत जना ८..

**मुद्दा : गलत प्रतिवेदन दिई सरकारी रकम हानि नोक्सानी गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७१।९।२२** **पुनरावेदन दर्ता मिति : २०७२।५।२**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : नेपाल दूरसञ्चार कम्पनीमा कार्यरत राजेन्द्र महर्जन समेतका प्रतिवादीहरूले सम्झौतामा उल्लेख भएको स्पेसिफिकेसन विपरीतको मालसामानलाई स्पेसिफिकेसन अनुसारकै भएको भनी प्रतिवेदन पेश गरी नेपाल दूरसञ्चार कम्पनीलाई नोक्सानी र आपूर्तिकर्तालाई फाइदा पुग्ने कार्य गरेको तथ्य निजहरूले पेश गरेका प्रतिवेदन समेतबाट पुष्टि भएको अवस्थामा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

११. जिल्ला महोत्तरी, रामगोपालपुर गा.वि.स.वडा नं. ७ वतन भएका रामनाथ मगरको नाति अम्बिका मगरको छोरा जिल्ला वन कार्यालय सर्लाहीका सहायक वन अधिकृत मुकुन्द मगर....

**मुद्दा : घूस रिसवत लिई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७१।१०।१२** **पुनरावेदन दर्ता मिति : २०७२।५।३**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादी मुकुन्द मगरले अ.हे.व.पदमा जागिर लगाइदिन्छु भनी मिति २०६७।३।८ देखि मिति २०६७।९।२१ सम्म पटक पटक गरि देवराज गिरी मार्फत जम्मा रु.६,९९,८००।- रकम लिएको तथ्य मुकुन्द मगरको रा.वा.बैंक जनकपुर शाखाको बचत हिसाब नं.३०४२६ मा रकम जम्मा भएको बैंक भौचरहरू तथा दाङ, तुलसीपुरस्थित मनी ट्रान्सफर, आइ.एम.ई. लगायतका मनी ट्रान्सफरहरूबाट विभिन्न मितिमा मुकुन्द मगरले प्राप्त गर्ने गरी रकम पठाएको भौचरहरूबाट पुष्टि भएकोमा निज प्रतिवादीलाई उक्त बिगो नै कायम गरी सजाय तथा जरिवाना गर्नुपर्नेमा आरोपपत्रमा मागदाबी लिइएको बिगो भन्दा कम बिगो रु.५,५०,०००। मात्र भ्रष्टाचार गरेको ठहर गरी सोही रकम मात्र जरिवाना गरी सजाय गर्न गरेको फैसला सोही हदसम्म त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

१२. जिल्ला धनुषा भुतही पटेर्वा गा.वि.स.वडा नं. ७ वतन भएका बलदेव लालकर्णको नाति चन्द्र किशोर लालकर्णको छोरा जिल्ला धनुषा, गा.वि.स.महुवाका तत्कालीन सचिव सत्यनारायण लाल कर्ण.....

**मुद्दा : घूस रिसवत लिई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७१।९।३** **पुनरावेदन दर्ता मिति : २०७२।५।३**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादी सत्यनारायण लाल कर्णले २०६८ मंसिरदेखि २०६९ असारसम्मको सामाजिक सुरक्षा भत्ता वितरण नगरी हिनामिना गरेको तथ्य केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन समेतबाट पुष्टि भएकोमा निजले हिनामिना गरी भ्रष्टाचार गरेको

रु.१,२७,२००।- लाई बिगो कायम गरी सजाय गर्नुपर्नेमा प्रतिवादीले रु.२४,०००।- मात्र भ्रष्टाचार गरेको ठहर गरी सजाय तथा जरिवाना गर्ने गरी भएको हदसम्मको फैसला सोही हदसम्म त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

१३. जिल्ला सिरहा गा.वि.स.बरियार पट्टी वडा नं. ४ वस्ने फौदार यादवको नाति बसेलाल यादवको छोरा जिल्ला शिक्षा कार्यालय सिरहाको मिर्चैया स्रोत केन्द्रमा कार्यरत स्रोत व्यक्ति मुनेन्द्र यादव समेत जना ७.....

**मुद्दा : जिल्ला सिरहा गा.वि.स.राधोपुर-६ सिसवनी स्थित श्री जनभावना प्राथमिक विद्यालय रहेको भनिएको ठाउँमा विद्यालय नभेटिएको, पठनपाठन नभएको र निकासा भएको सरकारी रकम दुरुपयोग तथा हिनामिना भएको**

**फैसला मिति : २०७१।११।२५ पुनरावेदन दर्ता मिति : २०७२।५।३**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरूले सञ्चालनमा नरहेको श्री जनभावना प्रा.वि.राधोपुर ६, सिराहाको नाममा रु.३,८३,७१४।९५ निकासा लिई खर्च गरेको तथ्य स्थलगत अनुगमन, स्थानीय व्यक्तिहरूले गरिदिएको मुचुल्का समेतबाट पुष्टि भइरहेको अवस्थामा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

१४. महोत्तरी जिल्ला सोनमा गा.वि.स.वडा नं. २ घर भई सोनियामाई प्रा.वि.सोनमा को प्रधानाध्यापक पदमा कार्यरत सुधिरकुमार यादव समेत जना ४.....

**मुद्दा : भ्रष्टाचार (रकम हिनामिना) ।**

**फैसला मिति : २०७२।२।१८ पुनरावेदन दर्ता मिति : २०७२।५।३**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरूले शिक्षा नियमावली, २०५९ को नियम ४ बमोजिम पूर्वाधार तयार नगरी सोनियामाई प्रा.वि. सोनमा, महोत्तरीका नाममा विद्यालय सञ्चालन अनुमति लिई विद्यालय स्थापना एवं सञ्चालन नै नगरी विद्यार्थीको संख्या काल्पनिक देखाई रु.१,२९,५२४।७५ जिल्ला शिक्षा कार्यालय, महोत्तरीबाट निकासा उक्त रकम हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य पुष्टि भइरहेको अवस्थामा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

१५. गंगाराम सिंहको नाति, मन्धर सिंह थारुको छोरा जिल्ला महोत्तरी, गोरहना गा.वि.स. वडा नं. ४, मझौलिया बस्ने त्रिभुवन सिंह थारु.....

**मुद्दा : सामाजिक सुरक्षा भत्तामा अनियमितता गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७१।१०।१३ पुनरावेदन दर्ता मिति : २०७२।५।९**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादी त्रिभुवन सिंह थारुले सामाजिक सुरक्षा बापतको रु.१,२४,०००।- वितरण नगरी भ्रष्टाचार गरेको तथ्य केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन समेतबाट पुष्टि भइरहेको अवस्थामा प्रतिवादीलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

१६. मुखी रायको नाति, सोनफी रायको छोरा, महोत्तरी जिल्ला सोनमा गाविस वडा नं २ घर भई, नेपाल राष्ट्रिय प्रा.वि. सोनमा-६, को प्रधानाध्यापक पदमा कार्यरत उपेन्द्रकुमार यादव समेत जना ९.....

**मुद्दा : सरकारी अनुदानको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको फैसला मिति : २०७२।२।३२ पुनरावेदन दर्ता मिति : २०७२।५।१०**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** श्री नेपाल राष्ट्रिय प्रा.वि. सोनमा–६ महोत्तरीमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सोनफी राय यादव समेतले शिक्षा नियमावली, २०५९ को नियम ४ बमोजिम पूर्वाधार तयार नगरी विद्यालय सञ्चालन अनुमति र थप कक्षाहरू समेत सञ्चालन गर्ने अनुमति लिई, विद्यालय स्थापना एवं सञ्चालन नै नगरी विद्यार्थी संख्या काल्पनिक राखेको कागज प्रमाण पेश गरी विद्यालयको नाममा निकासा भएको सरकारी रकम रु.६,६४,०८३।५० हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेको अवस्थामा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

१७.मिठुलाल दास कथबनियाको नाति गान्धी दास कथबनियाको छोरा सर्लाही जिल्ला अचलगढ गा.वि.स. वडा नं. ६, नरहरगञ्ज घर भई मिठुलाल दास प्रा.वि. अचलगढ-६, नरहरगञ्ज विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बलिराम दास कथबनिया समेत जना २.....

**मुद्दा : सरकारी अनुदानको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।१।२७** **पुनरावेदन दर्ता मिति :** २०७२।५।१०

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** बलिराम दास कथवनिया समेतका प्रतिवादीहरूले हुँदै नभएको मिठुलाल दास प्रा.वि. अचलगढ- ६ सर्लाहीको नाममा जि.शि.का. सर्लाहीबाट रु.१,४४,८२८।३८ रकम निकासा गराई बदनियत एवं व्यक्तिगत लाभ लिने उद्देश्यले पटक पटक विद्यालयको खाताबाट रु.१,४१,१५०।- झिकी खर्च गरी भ्रष्टाचार गरेको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेको अवस्थामा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

१८. जिल्ला रौतहट राजदेवी गा.वि.स.वडा नं. ६ बस्ने शिव शंकर साहको छोरा नापी कार्यालय टीकापुर कैलालीका सर्भेक्षक विनोद शाह समेत जना ४.....

**मुद्दा : पर्ती जग्गा व्यक्तिका नाममा दर्ता गरी सार्वजनिक सम्पत्ति हानि नोक्सानी पुऱ्याएको ।**

**फैसला मिति : २०७१।८।१२** **पुनरावेदन दर्ता मिति :** २०७२।५।१०

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** जिल्ला कैलाली जोशीपुर गा.वि.स.वडा नं.८ घुसुरीको साविक वडानं.१ को सार्वजनिक जग्गा कि.नं. ९९ को ०-८-०, कि.नं. १७८ को ०-३-१० र कि.नं. २८५ को ०-४-१० सोही गा.वि.स.का जगतराम कठरियाका नाममा र कि.नं. १०१० को १-१६-० नारायण कठरीका नाममा दर्ता गराई भ्रष्टाचार गरेको तथ्य उक्त मुद्दाका अन्य प्रतिवादीहरू अनिलकुमार मिश्र समेतलाई आरोपपत्र मागदाबी बमोजिम सजाय भएबाट पुष्टि भएको र विनोद साह समेतका प्रतिवादीहरूले समेत उक्त सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गराउने कार्य गरेको भन्ने तथ्य यी प्रतिवादीहरूले अनुसन्धानको क्रममा गरेको बयान तथा उक्त जग्गाको प्लट रजिष्टर समेतबाट पुष्टि भइरहेको अवस्थामा यी प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको हदसम्मको फैसला त्रुटिपूर्ण भई सोही हदसम्म बदरभागी रहेको छ ।

१९. कुमार यादवको नाति, उपेन्द्र यादवको छोरा सिरहा जिल्ला सिरहा नगरपालिका वडा नं. ९ घर भई जिल्ला शिक्षा कार्यालय सिरहाको सुखिपुर स्रोत केन्द्रमा कार्यरत स्रोत व्यक्ति श्यामकुमार यादव समेत जना ६.....

**मुद्दा : सरकारी रकमको दुरुपयोग तथा हिनामिना गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति :** २०७१।१०।२९ **पुनरावेदन दर्ता मिति :** २०७२।५।१०

**पुनरावेदनको संक्षिप्त व्यहोरा**: प्रतिवादीहरू श्यामकुमार यादव समेतले सञ्चालनमा नरहेको विद्यालयको नाममा रु.३,६३,५८४।९० निकासा लिई खर्च गरी हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

२०. जिल्ला सर्लाही सिसौट गा.वि.स.वडा नं.७ घर भई जिल्ला विकास समितको कार्यालय सर्लाहीमा कार्यरत इन्जिनियर रमेश प्रसाद यादव समेत जना १०.....

**मुद्दा : निर्णय बदर ।**

**फैसला मिति : २०७१।१२।१७** **पुनरावेदन दर्ता मिति :** २०७२।५।११

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** सर्लाही जिल्ला बगदह गा.वि.स.मा आ.व.०६६।६७ मा १७ वटा छुट्टाछुट्टै विकास निर्माणसम्बन्धी योजनाहरू सञ्चालन भएको, उक्त योजनाको लागत इष्टिमेट जिल्ला विकास समितिका इन्जिनियर रमेशप्रसाद यादव र सव-इन्जिनियर उमेशकुमार दासले तयार गरेको, योजनाहरू उपभोक्ता समिति गठन गरी निर्माण गर्नका लागि जिम्मा दिएको, लागत इष्टिमेट अनुसार नै काम भएको भनी इन्जिनियर रमेशप्रसाद यादव र सव-इन्जिनियर उमेशकुमार दासले मूल्यांकन गरेको र सोही आधारमा गा.वि.स. सचिव रामगुलाम रायले उपभोक्ता समितिका अध्यक्षहरूलाई रकम भुक्तानी गरेको तर जिल्ला प्रहरी कार्यालय सर्लाहीको च.नं. १२३० मिति २०६९।५।२० को पत्रसाथ प्राप्त मुचुल्काबाट उक्त योजनाहरू लागत इष्टिमेट अनुसार नभएको हुँदा रमेशप्रसाद यादव समेतले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (छ) बमोजिम अनुचित कार्य गरेको प्रष्ट हुँदा निजहरूलाई विभागीय कारबाही गर्न लेखी पठाइएको आयोगको मिति २०७०।४।१७ निर्णय बदर हुने ठहर गरी भएको विशेष अदालत, काठमाडौंको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

२१. विरबहादुर कुँवरको नाति गणेशबहादुर कुँवरको छोरा लुम्बनी अञ्चल गुल्मी जिल्ला हस्तिचौर गा.वि.स. वडा नं.३ स्थायी ठेगाना भई हाल जिल्ला शिक्षा कार्यालय रुपन्देहीमा कार्यरत विद्यालय निरीक्षक चन्द्रबहादुर कुँवर समेत जना ३.....

**मुद्दा : परीक्षाको परिणाम फेरबदल गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७१।११।२७** **पुनरावेदन दर्ता मिति :** २०७२।५।११

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** सुरु विशेष अदालतबाट प्रतिवादीहरूमध्ये मथुरा ढकाल र डोलराज अर्यालले आरोपपत्र मागदाबी बमोजिम कसुर गरेको ठहर गरी जरिवाना तथा सजाय भएको र प्रतिवादीहरू चन्द्रबहादुर कुँवर, एकप्रसाद श्रेष्ठ र मीनबहादुर दर्लामी समेतले एक आपसको मिलोमतोमा प्राप्तांकमा टिपेक्स प्रयोग गरी पुनः अंक प्रदान गरी परीक्षाको परिणाममा फेरबदल गरेको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेको हुँदा यी प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको हदसम्मको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

२२. बाबुराम अर्यालको छोरा जिल्ला गुल्मी आँपचौर गा.वि.स.वडा नं. १ घर भई जिल्ला प्राविधिक कार्यालय काठमाडौंमा प्रमुख जिल्ला इन्जिनियर पदमा कार्यरत महेश अर्याल.....

**मुद्दा : निर्णय बदर।**

**फैसला मिति : २०७१।९।२५** **पुनरावेदन दर्ता मिति :** २०७२।५।११

**पुनरावेदनको संक्षिप्त व्यहोरा**: प्रमुख इन्जिनियर महेश अर्यालले निर्माण इजाजत प्राप्त गर्नका लागि प्रक्रिया पूरा नगरी पर्न आएको दरखास्त आवश्यक चेकजाँच गर्दा कार्यालय प्रमुखले अपनाउनुपर्ने

भूमिका निर्वाह नगरेको, निर्णय पुस्तिकामा कैफियत जनाई सिफारिस सहितको निर्णय लेख्न लगाएको, कागजातहरूको चेकजाँच राम्रोसँग नगरेको र आफैंले गरेको निर्णय पुस्तिकामा दस्तखत नगरेको एवं गलत निर्णय हुनबाट रोक्न कुनै पहल नगरेको तथ्य अनुसन्धानबाट पुष्टि भई निजले अनुचित कार्य गरेको पुष्टि भएको हुँदा निजलाई विभागीय कारबाही गर्न लेखी पठाइएको आयोगको मिति २०७१।२।१६ निर्णय बदर हुने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

२३. जिल्ला महोत्तरी जलेश्वर नगरपालिका वडा नं. ४ घर भई जिल्ला धनुषा यज्ञभूमि गा.वि.स.का सचिव रमेशबहादुर राजलवट समेत जना २.....

**मुद्दा : सामाजिक सुरक्षा भत्ता अनियमितता गरी भ्रष्टाचार गरेको।**

**फैसला मिति : २०७१।१२।४** **पुनरावेदन दर्ता मिति :** २०७२।५।१४

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादी रमेशबहादुर राजलवट समेतले सामाजिक सुरक्षा भत्ता हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने तथ्य उजुरी निवेदन, केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन समेतबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

२४. जिल्ला महोत्तरी सरपल्लो गा.वि.स.वडा नं. २ स्थायी वतन भएका राम खेलावन मण्डलको छोरा जिल्ला वन कार्यालय, नवलपरासीका तत्कालीन वन अधिकृत हरिनारायण मण्डल समेत जना ११.....

**मुद्दा : प्रस्तावित सामुदायिक वन फडानी गरी भ्रष्टाचार गरेको।**

**फैसला मिति : २०७१।१२।१२** **पुनरावेदन दर्ता मिति :** २०७२।५।१४

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादीहरूले मधुवन सामुदायिक वनको बहुमूल्य साल र असना जातका रूखहरू अवैध रूपमा कटान गरी वन फँडानी गरेको तथ्य व्यवस्थापिका संसद प्राकृतिक स्रोत र साधन समितिको छानबिन प्रतिवेदन, स्थानीयवासीले राष्ट्रिय सतर्कता केन्द्रमा दिएको उजुरी निवेदन, उच्चस्तरीय वन विनाशसम्बन्धी आयोगको प्रतिवेदन समेतबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

२५. अनमोल राउतको नाति, सहदेव राउतको छोरा बारा जिल्ला कवहीगोठ गा.वि.स. वडा नं.९ च्युटाहा घर भई ने.रा.प्रा.वि. नयकाटोला इटही-९ का तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जंगविर राय समेत जना ७.....

**मुद्दा : भ्रष्टाचार (रकम हिनामिना)।**

**फैसला मिति :** २०७२।२।२ **पुनरावेदन दर्ता मिति :** २०७२।५।१४

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादीहरूले मिति २०६६।४।१ बाट नयकाटोला-९ इटही, बारास्थित ने.रा.प्रा.वि. नाममा सञ्चालन अनुमति लिई सो बमोजिम विद्यालय सञ्चालन नगरी, विभिन्न शीर्षकमा गरी रु.१४,२३,६९९।- निकासा गरी उक्त रकम खर्च गरेको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

२६. जिल्ला धनुषा, कुर्था गा.वि.स.वडा नं. ७ र जिल्ला ललितपुर, ललितपुर उप-महानगरपालिका वडा नं. १० ज्वागल कुपण्डोल वतन भएका तत्कालीन डिभिजन सडक कार्यालय, भरतपुरका कार्यालय प्रमुख वीरेन्द्र महासेठ समेत जना ६.....

**मुद्दा : भ्रष्टाचार (रकम हिनामिना)।**

**फैसला मिति : २०७१।९।११** **पुनरावेदन दर्ता मिति :** २०७२।५।१४

**पुनरावेदनको संक्षिप्त व्यहोरा**: सडक डिभिजन कार्यालय, भरतपुरबाट सडक उपयोग दस्तुर संकलन टोलवुथ मझिमटारमा खटिएका ना.सु.रघुनाथ सुवेदी, लेखापाल विष्णुप्रसाद पौडेल, आकाशवाणी अपरेटर खगेश्वर ढकाल र सडक उपभोग दस्तुर संकलन टोलवुथ नौबीसे धार्केमा खटिएका खरिदार राजकुमार कटुवाल, द्वितीय श्रेणीका मेकानिक रामकरण महतो समेतले सवारी साधनहरूबाट दस्तुर लिएबापत दिनुपर्ने रसिदको अर्धकट्टी सवारी धनीलाई नदिई पुन: प्रयोग गरेको र दस्तुर लिंदा अनिवार्य रूपमा दिनुपर्ने रसिदहरू नदिई उठाइएको रकम नेपाल सरकार सडक बोर्ड नेपालले प्राप्त गर्ने गरी बैंक दाखिला गर्नुपर्नेमा सो नगरी आरोपपत्र मागदाबी बमोजिमको कसुर गरेको तथ्य पुष्टि भइरहेकोमा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबी बमोजिम सजाय गर्नुपर्नेमा विशेष अदालत, काठमाडौंमाबाट प्रतिवादीहरूमध्ये विष्णुप्रसाद पौडेललाई आरोपपत्र मागदाबी बमोजिम कसुर गरेको ठहर गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ बमोजिम बिगोको दोब्बर हुने रु.६,२६,२०२।- जरिवाना तथा सोही ऐनको दफा ३(१) (घ) बमोजिम ६ महिना कैद सजाय हुने भएको र प्रतिवादीहरू राजकुमार कटुवाल र रामकरण महतोले आरोपपत्र मागदाबी बमोजिमको कसुर गरेको ठहर गरी आरोपपत्र मागदाबीको बिगो भन्दा कम बिगो ठहर गरी कम जरिवाना तथा सजाय हुने र अन्य प्रतिवादीहरू वीरेन्द्र महासेठ, रघुनाथ सुवेदी र खगेश्वर ढकालले आरोपपत्र मागदाबीबाट सफाइ पाउने ठहर गरी भएको हदसम्मको उक्त फैसला सोही हदसम्म त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

२७. खडानन्द शर्माको नाति हेमलाल शर्माको छोरा बाग्लुङ जिल्ला, बाग्लुङ न.पा. वडा नं. ५ बस्ने मालपोत कार्यालय, कास्कीमा मालपोत अधिकृत पदमा कार्यरत विश्वनाथ शर्मा समेत जना ४.....

**मुद्दा : भ्रष्टाचार (रकम हिनामिना)।**

**फैसला मिति :** २०७१।१०।२७ **पुनरावेदन दर्ता मिति :** २०७२।५।१४

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : मालपोत कार्यालय बाग्लुङ्गका तत्कालीन मालपोत अधिकृत विश्वनाथ शर्मा समेतले रु.१,२४,८४४।६५ राजश्व छली गरी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

२८. जानकीप्रसाद सिंहको नाति, चन्द्रकिशोर प्रसाद सिंहको छोरा सर्लाही जिल्ला डुमरिया गा.वि.स. वडा नं. १ घर भई जिल्ला शिक्षा कार्यालय, सर्लाहीका तत्कालीन का.मु. जिल्ला शिक्षा अधिकारी हेमन्तकुमार सिंह समेत जना ३.....

**मुद्दा : विद्यालयमा जाने सरकारी अनुदानको रूपमा निकासा भएको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको।**

**फैसला मिति : २०७२।२।३१** **पुनरावेदन दर्ता मिति :** २०७२।५।१५

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादी हेमन्तकुमार सिह समेतले पूर्वाधार नै नरहेको विद्यालयलाई रु.४,६०,४६९।- निकासा दिई/लिई आफूहरूलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानि पुऱ्याएको तथ्य स्थलगत निरीक्षण विद्यालय विवरण फाराम २०७०, राष्ट्रिय अनुसन्धान विभागको पत्र तथा प्रतिवादीहरूले अनुसन्धानको क्रममा गरेको बयान समेतबाट पुष्टि भइरहेको हुँदा

प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

२९. स्व. चुल्हाई रायको नाति, हरिनारायण रायको छोरा, जिल्ला सर्लाही, सिमरा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हसं जनता प्राथमिक विद्यालय सिमरा ५ का वि.व्य.स. का अध्यक्ष पदमा कार्यरत लालवावु राय समेत जना २.....

**मुद्दा : सञ्चालनमा नरहेको विद्यालय सञ्चालनमा रहेको भनी सरकारी अनुदानको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।२।१०** **पुनरावेदन दर्ता मिति :** २०७२।५।१५

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादीहरू लालवावु राय र विन्दुकुमारी यादव समेतले सञ्चालनमै नरहेको हंस जनता प्रा.वि.को नाममा रु.४,४९,०५२।- निकासा लिएको रकममध्ये रु.२,४९,०५२।- हिनामिना गरी खर्च गरेको तथ्य हंस जनता प्रा.वि. सिमरा निजी घरमा सञ्चालन भएको, भवन, कोठा, डेक्स, बेन्च शौचालय, हाजिरी तथा भर्ना रजिष्टरसमेत नभएको भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट खटिएको छानबिन टोलीले आफ्नो स्थलगत निरीक्षण गरी पेश गरेको प्रतिवेदन, जिल्ला प्रहरी कार्यालय सर्लाही, क्षेत्रीय शिक्षा निर्देशनालय, हेटौंडा तथा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय सर्लाहीको पत्र समेतबाट पुष्टि भएको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

३०. लोकनाथ वस्तीको नाति, पोटनाथ वस्तीको छोरा गोरखा जिल्ला, खोप्साङ गा.वि.स.वडा नं. २ स्थायी घर भई, जिल्ला वन कार्यालय सिन्धुपाल्चोकका तत्कालीन जिल्ला वन अधिकृत कृष्णप्रसाद वस्ती समेत जना २.....

**मुद्दा : राजश्व चुहावट गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति :** २०७२।३।२९ **पुनरावेदन दर्ता मिति :** २०७२।५।१८

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादी जिल्ला वन अधिकृत कृष्ण प्रसाद वस्तीले खरिदकर्ता नाम्छो ट्राभल्स एण्ड टुर्स प्रा.लि.का सञ्चालक आङ छिरिङ शेर्पासँग मिलोमतो गरी हतार हतारमा लिलाम प्रक्रिया नै पूरा नगरी घटी राजश्व असुल गरी नेपाल सरकारलाई रु.१७,१०,०००।- हानि नोक्सानी पुऱ्याएको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

३१. चना राउतको नाति, थापा राउतको छोरा, बारा जिल्ला महेन्द्र आदर्श गा.वि.स. वडा नं.६ च्युटाहा घर भई ने.रा.प्राथमिक विद्यालय, महेन्द्र आदर्श-६ का वि.व्य.स. अध्यक्ष कमल प्रसाद जैसवार समेत जना ४.....

**मुद्दा : सरकारी अनुदानको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति :** २०७२।२।१० **पुनरावेदन दर्ता मिति :** २०७२।५।२०

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : विद्यालयको भवन नै नभएकोमा वाँसको झ्याङमुनि विद्यालय देखाई बारा जिल्ला महेन्द्र आदर्श-६ नयाँ बस्तीस्थित नेपाल राष्ट्रिय प्रा.वि.को नाममा जिल्ला शिक्षा कार्यालय, बाराबाट रकम निकासा गराई प्रतिवादीहरूले रकम हिनामिना गरेको तथ्य आयोगबाट खटिएको टोलीले गरेको स्थलगत अनुगमन, राष्ट्रिय अनुसन्धान विभाग र जिल्ला प्राविधिक कार्यालयको निरीक्षण टोलीको प्रतिवेदन समेतबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

३२. जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. ३५ कोटेश्वर संजीवनी मार्ग स्थायी घर ठेगाना भएका स्व. लोकमान श्रेष्ठको नाति, स्व. तुलसीमान श्रेष्ठको छोरा महेश्वरमान श्रेष्ठ समेत जना ७.....

**मुद्दा : भ्रष्टाचार ।**

**फैसला मिति :** २०७१।१२।२ **पुनरावेदन दर्ता मिति : २०७२।५।२३**

**पुनरावेदनको संक्षिप्त व्यहोरा**: महेश्वरमान श्रेष्ठ समेतका प्रतिवादीहरूले आवेदन बापत लाग्ने शुल्क नै नलिई केवल फारम खरिद बापतको दस्तुरको आधारमा मात्र फारम दर्ता गर्न तोक आदेश गरी पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धन सम्बन्धी शर्त र प्रक्रिया, २०६२ को गम्भीर उल्लंघन गरेको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

३३. करविर वि.क. को नाति डम्बर सिंह वि.क.को छोरा मोरङ जिल्ला केरावारी गा.वि.स. वडा नं. ७ घर भई जिल्ला शिक्षा कार्यालय, सर्लाहीमा कार्यरत राजकुमार वि.क.समेत जना ४.....

**मुद्दा : भ्रष्टाचार ।**

**फैसला मिति : २०७२।२।१२ पुनरावेदन दर्ता मिति : २०७२।५।२७**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : रामचन्द्र सतिमाई प्रा.वि.मा जग्गा, भवन, फर्निचर, शौचालय लगायतका कुनै पनि आवश्यक पूर्वाधार नभएको, विद्यालयको पठन-पाठन ब्रम्हस्थान मन्दिरको हवन गर्ने ठाउँमा हुने गरेको, विद्यालयका अध्यक्ष प्रतिवादी भाग्यनारायण मिश्र र सदस्य रहेकी (प्रतिवादी) अनुराधा मिश्रका बालबच्चा उक्त विद्यालयमा अध्ययन नगर्ने गरेको भन्ने तथ्य स्थलगत अनुगमन प्रतिवेदन समेतबाट पुष्टि भइरहेको र प्रतिवादीहरूले विद्यालयको नाममा नेपाल सरकारबाट रु.३,६०,३३९।५३ निकासा गरी उक्त रकम हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

३४. शिवलाल लागेजुको नाति, चन्द्रलाल लागेजुको छोरा, जिल्ला भक्तपुर, चितपोल गा.वि.स.वडा नं.,१, नलिन्चोक बस्ने विद्युत विकास विभागका तत्कालीन इन्जिनियर रामगोपाल लागेजु.....

**मुद्दा : भ्रष्टाचार ।**

**फैसला मिति : २०७१।११।१४ पुनरावेदन दर्ता मिति : २०७२।५।२७**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : विद्युत विकास विभागका तत्कालीन इन्जिनियर, ऊर्जा मन्त्रालयका सि.डि.ई. रामगोपाल लागेजुले प्रवर्द्धक झ्यामोलोङग्मा हाइड्रोपावर डेभलपमेन्ट कम्पनी प्रा.लि. लाई कास्की जिल्ला माछापुछ्रे गा.वि.स. मा रहेको करुवा जलविद्युत आयोजनाको सर्वेक्षण अनुमतिपत्र नवीकरण गर्ने तथा पुनः जारी गर्दा बदनियतपूर्ण तरिकाले कार्य गरी नेपाल सरकारलाई रु.३,००,०००।— हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

३५. भक्तबहादुर श्रेष्ठको नाति कृष्णबहादुर श्रेष्ठको छोरा जिल्ला सर्लाही बरहथवा गा.वि.स.वडा नं. ७ घर भई सामुदायिक प्रा.वि.श्रीपुर-६ सर्लाहीको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष सुशीलप्रसाद श्रेष्ठ समेत जना २.....

**मुद्दा : विद्यालयमा जाने सरकारी अनुदानको रूपमा निकासा भएको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।२।१४** **पुनरावेदन दर्ता मिति : २०७२।५।२७**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादीहरूले फर्जी कागजात तयार गरी श्री सामुदायिक प्रा.वि. श्रीपुर ६ सर्लाही सञ्चालनमा रहेको देखाई विद्यालयको नाममा जिल्ला शिक्षा कार्यालय, सर्लाहीबाट रकम निकासा लिई खर्च गरी नेपाल सरकारको अनुदान रकम हिनामिना गरेको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

३६. जिल्ला काठमाडौं, काठमाडौं म.न.पा.वडा नं. ५ कालोपुल घर भई हाल व्यवस्थापिका संसद सचिवालय सिंहदरबार, काठमाडौंमा न्याय सेवा, कानून समूहको रा.प. प्रथम श्रेणी सह-सचिव पदमा कार्यरत रवि शर्मा अर्याल.....

**मुद्दा : निर्णय बदर ।**

**फैसला मिति : २०७१।१२।८** **पुनरावेदन दर्ता मिति : २०७२।५।२८**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : रवि शर्मा अर्याल ऊर्जा मन्त्रालयमा कानूनतर्फको सहसचिव पदमा कार्यरत रहँदा विद्युत ऐन, २०४९ को दफा ५ (१) विपरीत भोटेकोशी-५ (६० मेगावाट) आयोजनामा कालिका इनर्जी प्रा.लि. लाई विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र जारी हुन उपयुक्त हुने भनी निजबाट प्रदान गरिएको कानूनी रायका आधारमा अनुमति प्रदान गर्ने गरी निर्णय भएको र निजले दिएको उक्त राय कानून विपरीतको भई निजले अनुचित कार्य गरेको हुँदा निज उपर विभागीय कारबाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क. बमोजिम सम्बन्धित निकायमा लेखी पठाउने भनी आयोगबाट मिति २०७१।५।१३ को निर्णय बदर हुने गरी फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

३७. जि. मोरङ विराटनगर उ.म.न.पा. वडा नं. १३ स्थायी वतन भई हाल का.जि. का.म.न.पा. वडा नं.३५ कोटेश्वर बस्ने श्यामलाल पोखरेलको नाति भोलानाथ पोखरेलको छोरा मालपोत कार्यालय डिल्लीबजारमा तत्कालीन शाखा अधिकृत पदमा कार्यरत सीताराम पोखरेल समेत जना ७.....

**मुद्दा : गुठी अधीनस्थ जग्गा रैकर परिणत गरी गुठीको सम्पत्तिमा हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७१।११।४** **पुनरावेदन दर्ता मिति : २०७२।५।२८**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादीहरूले रैतान नम्बरीमा परिणत नभएको लिंगेजात्रा गुठीको काठमाडौं जिल्ला सरस्वती गा.वि.स. वडा नं. ६ (क) कि.नं. ४८६ क्षेत्रफल ०-६-२-० को जग्गा सुरेन्द्रराज जोशीका नाममा तथा कि.नं. ४८७ क्षेत्रफल ३-१३-२-० को जग्गालाई कवीन्द्र महर्जन र रवीन्द्र महर्जनका नाममा दर्ता गर्ने निर्णय गरी जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराई भ्रष्टाचार गरेको तथ्य प्रतिवादीहरूमध्ये मेघराज सापकोटा, कृष्णहरी भट्टराई, कवीन्द्र महर्जन, रवीन्द्र महर्जन र सुरेन्द्रराज जोशीलाई सुरु विशेष अदालतबाट आरोपपत्र मागदाबी बमोजिम कसुर गरेको ठहर गरी सजाय भएबाट पुष्टि भएको हुँदा सबै जना प्रतिवादीहरूको मिलोमतोबाट नै उक्त कार्य भएको हुँदा प्रतिवादीहरू सीताराम पोखरेल र गणेशबहादुर भट्टराईलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको र प्रतिवादीहरू मेघराज सापकोटा समेतलाई कसुरदार ठहर गरी सकेपश्चात आरोपपत्र

मागदाबी बमोजिमको बिगो समेत भराउनुपर्नेमा बिगो नभराई भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

३८. जिल्ला सिराहा सोनमती मझौरा गा.वि.स. वडा नं. १ घर भै इलाका वन कार्यालय भिमान सिन्धुलीका प्रमुख तथा सहायक वन अधिकृत शिवप्रसाद पूर्वे समेत जना २.....

**मुद्दा : घूस/रिसवत लिई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।३।२८ पुनरावेदन दर्ता मिति : २०७२।६।१**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : निवेदक टेकबहादुर बस्नेत र प्रतिवादी शिवप्रसाद पूर्वेबीच विधान कार्य योजनाका सम्बन्धमा बारम्बार टेलिफोनमा वार्तालाप भएको र प्रतिवादीले निवेदक टेकबहादुर बस्नेतसँग सो का लागि नै घूस रिसवत माग गरेको, प्रतिवादीले पहिला पनि त्यस्तो कार्यका लागि अन्य सेवाग्राहीसँग घूस रकम लिएको कुरा प्रतिवादी र निवेदक टेकबहादुर बस्नेतबीच भएको टेलिफोन वार्तालापको विभिन्न समयको फोन रेकर्डबाट देखिएको हुँदा प्रतिवादीले निवेदकसँग घूस रिसवत लिएको तथ्य पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

३९. जिल्ला मकवानपुर हटिया गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भै हाल ऐ. भीमफेदी गा.वि.स. वडा नं. ४ बस्ने कुलबहादुर श्रेष्ठको छोरा कुमार श्रेष्ठ समेत जना १२.....

**मुद्दा : भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७१।९।२९ पुनरावेदन दर्ता मिति : २०७२।६।१**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादीहरू कुमार श्रेष्ठ समेतले वास्तविक जग्गाधनी स्व. तीर्थराज बज्राचार्य २०५२ सालमा नै परलोक भइसकेको व्यक्तिको नाममा कायम रहेको जि. मकवानपुर भीमफेदी गा.वि.स. वडा नं. २ मा पर्ने कि.नं. ३९, ९३ र ऐ. वडा नं. ५ को कि.नं. १६१ समेत जग्गाको क्षेत्रफल ०-१५-२-१ को जग्गा झुठा किर्ते प्रमाणपत्र बनाई नक्कली व्यक्ति खडा गरी गराई आर्काको हकको सम्पत्ति बेसरोकारवाला व्यक्तिको नाममा रजिष्ट्रेशन पास गरे गराएको तथ्य श्री विशेष अदालत काठमाडौंबाट प्रतिवादीहरू कुमार श्रेष्ठ र लिलाबहादुर श्रेष्ठले आरोपित कसुर गरेको ठहर गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम जनही १ वर्ष कैद हुने ठहर गरी फैसला भएबाट पुष्टि भएकोमा अन्य प्रतिवादीहरूलाई सफाइ दिने र कसुर ठहर भएका प्रतिवादीहरू कुमार श्रेष्ठ र लिलाबहादुर श्रेष्ठलाई आरोपपत्रमा मागदाबी भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ को हकमा बोल्दै नबोली भएको हदसम्म उक्त फैसला मिसिल संलग्न कागज प्रमाणबाट सोही हदसम्म त्रुटिपूर्ण भई बदरभागी छ ।

४०. रामजी रायकी नातिनी, राधेश्याम रायको छोरी, महेशप्रसाद यादवकी श्रीमती, महोत्तरी जिल्ला सोनमा गा.वि.स. वडा नं १ घर भई बाबा बानेश्वर प्रा.वि. पर्सा देवाड–१, को प्रधानाध्यापक पदमा कार्यरत रीना कुमारी राय समेत जना ५.....

**मुद्दा : सरकारी अनुदानको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।३।२ पुनरावेदन दर्ता मिति : २०७२।६।७**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादीहरूले श्री बाबा बानेश्वर प्रा.वि. पर्सा देवाड–१, महोत्तरीको पूर्वाधार तयार नगरी विद्यालय सञ्चालन अनुमति र थप कक्षाहरू समेत अनुमति लिई विद्यालय स्थापना एवं सञ्चालन नै नगरी जिल्ला शिक्षा कार्यालयबाट जम्मा रु. २,४०,९७५।- निकासा लिई खर्च गरी गराई सरकारी रकम हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको तथ्य मिसिल संलग्न

कागजातहरूबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

४१. जिल्ला सप्तरी, राजविराज नगरपालिका वडा नं. ७ स्थायी ठेगाना भई साझा प्रकाशन सहकारी संस्था लिमिटेडका तत्कालीन अध्यक्ष तथा महाप्रबन्धक ममता झा समेत जना २.....

**मुद्दा : भ्रष्टाचार (सरकारी सम्पत्ति हानि नोक्सानी) गरेको ।**

**फैसला मिति : २०७१।१२।५ पुनरावेदन दर्ता मिति : २०७२।६।१३**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : साझा प्रकाशन सहकारी संस्था लिमिटेडका अध्यक्ष ममता झाले न्यूनतम शैक्षिक योग्यता (स्नातक उत्तीर्ण) नभएका माधवप्रसाद थपलियालाई सहायक स्तर प्रथम श्रेणीको पदमा बदनियतपूर्ण तरिकाले नियुक्ति दिई निजको तलब भत्ता बापतको बिगो रु.३,६६,५७७।४० भ्रष्टाचार गरेको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

४२. फुलचन गोयलको नाति ओमप्रकाश गोयलको छोरा का.जि. का.म.न.पा. वडा नं. ९ बस्ने कैलाशचन्द्र गोयल.....

**मुद्दा : निर्णय दर्ता बदर र हक कायम समेत ।**

**फैसला मिति : २०७२।३।३० पुनरावेदन दर्ता मिति : २०७२।६।१४**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : का.म.न.पा. वडा नं. ७ सिट नं. १०२-१०२७-१८ कि.नं. ८५ मा क्षे.फ. ०-०-३-३, कि.नं. ७५ मा ०-५-१-२, कि.नं. १७५ मा ०-१०-१-० र कि.नं. १७६ मा ०-१-१-२ साविक कि.न. १४० धोवीखोलाको जग्गा घुसेको तथ्य अनुसन्धानबाट देखिएको हुँदा सम्बन्धित कित्ताबाट कट्टा गरी नेपाल सरकारको नाममा कायम गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६५।५।२७ को निर्णय अनुसार मालपोत कार्यालय चाबहिलमा लेखी पठाइएको र मालपोत कार्यालय चाबहिलले मिति २०६५।८।३० का उक्त जग्गाहरू नेपाल सरकारको नाममा कामय गर्ने गरी भएको निर्णय बदर गरी उक्त जग्गाहरू कैलाशचन्द्र गोयलको नाममा हक कायम हुने गरी भएको उक्त फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ ।

४३. जानकीप्रसाद सिंहको नाति, चन्द्रकिशोर प्रसाद सिंहको छोरा, सर्लाही जिल्ला डुमरिया गा.वि.स. वडा नं. १ घर भै जिल्ला शिक्षा कार्यालय, सर्लाहीका तत्कालीन का.मु. जिल्ला शिक्षा अधिकारी हेमन्त कुमार सिंह समेत जना ९.....

**मुद्दा : भ्रष्टाचार ।**

**फैसला मिति : २०७२।२।११ पुनरावेदन दर्ता मिति : २०७२।६।१९**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : सर्लाही जिल्लास्थित सामुदायिक प्रा.वि. पकडी सिमरा-९ को सञ्चालनमा नै नरहेको विद्यालयका नाममा प्रतिवादीहरूको आपसी मिलेमतोमा उक्त विद्यालयलाई जिल्ला शिक्षा कार्यालय, सर्लाहीबाट निकासा भएको सरकारी अनुदान बापतको रु. १४,६५,८०३।९३ हिनामिना गरेको तथ्य स्थलगत निरीक्षण विद्यालय विवरण फारमबाट समेतका प्रमाणहरूबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

४४. जिल्ला खोटाङ दुर्छिम गा.वि.स. वडा नं. ६ बस्ने मनोरथ भट्टराईको नाति, प्रभुराम भट्टराईको छोरा मालपोत कार्यालय, भक्तपुरमा खरिदार पदमा कार्यरत भवकृष्ण भट्टराई.....

**मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।४।२५** **पुनरावेदन दर्ता मिति : २०७२।६।१९**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : मालपोत कार्यालय, भक्तपुरमा खरिदार पदमा कार्यरत भवकृष्ण भट्टराईले महानगरीय प्रहरी परिसर काठमाडौंमा अनुसन्धानको क्रममा रहेका सीताकुमारी साह समेत ६ जना व्यक्तिको राहदानीहरू निकाली दिन्छु भनी सनम लिम्बुबाट रु.२०,०००।- घूस रिसवत लिई भ्रष्टाचार गरेको तथ्य बरामदी मुचुल्का र बरामदी मुचुल्कामा सही गरेका लक्ष्मण चौहान तथा सुरेन्द्र वि.सी.ले अदालतमा उपस्थित भै वारदातका बारेमा सबिस्तार वर्णन गर्दै गरेको बकपत्र समेतबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

४५. जिल्ला काठमाडौं का.म.न.पा. वडा नं. २९ सामाखुशी बस्ने गंगाबहादुर सिंहको छोरा वर्ष ५५ को देवेन्द्र डंगोल समेत जना २.....

**मुद्दा : गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७१।११।१** **पुनरावेदन दर्ता मिति : २०७२।६।२१**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : काठमाडौं महानगरपालिकाका वरिष्ठ इन्जिनियर पदमा कार्यरत प्रतिवादी देवेन्द्र डंगोलको जम्मा सम्पत्ति रु.२,३०,७७,०४२।२३ देखिन आएकोमा निजको स्रोत खुलेको सम्पत्ति रु.८८,८३,०९४।१६ देखिन आएको र सो भन्दा बढी देखिन आएको रु.१,४१,९३,९४८।०७ बराबरको चल अचल सम्पत्तिको स्रोत खुल्न नसकी उक्त सम्पत्ति निज प्रतिवादीले गैरकानूनी रूपमा आर्जन गरी भ्रष्टाचारको कसुर गरेको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेकोमा विशेष अदालत काठमाडौंबाट स्रोत नखुलेको सम्पत्ति रु.९८,६८,५५४।४६ मात्र कायम गरी स्रोत नखुलेको रु.९८,६८,५५४।४६ र अनुजबहादुर सिंहका नाममा रहेको बा.७च. ६७५३ नं. को गाडी जफत हुने, अरूमा वादी दाबी नपुग्ने ठहर गरी भएको फैसला आरोपपत्र मागदाबी बमोजिमको बिगो कायम नगरी भएको हदसम्म त्रुटिपूर्ण हुँदा उक्त फैसला सोही हदसम्म त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

४६. गोपीलालको नाति, चुनियालालको छोरा, काभ्रेपलाञ्चोक जिल्ला धुलीखेल न.पा.वडा नं. ६ बस्ने तत्कालीन हुलाकी राजमार्ग योजना कार्यालयका प्रमुख मनोज श्रेष्ठ समेत जना ४.....

**मुद्दा : बेलिब्रिज निर्माणमा अनियमितता गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।३।२३** **पुनरावेदन दर्ता मिति : २०७२।६।२१**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादीहरूले बाँके जिल्लामा पर्ने हुलाकी राजमार्गको राप्ती नदीमा बेलिब्रिज बनाउँदा प्राविधिक तयारी र गृह कार्यबिना हचुवाको भरमा बेलिब्रिज निर्माण गरेकोमा उक्त बेलिब्रिज मिति २०७०।४।७ मा राप्ती नदीमा आएको बाढीले भत्काई नेपाल सरकारको बिगो रु.२५,६५,४९५।- हानि नोक्सानी गराई भ्रष्टाचार गरेको तथ्य प्राविधिकको प्रतिवेदन तथा सो प्रतिवेदन पेश गर्ने सम्पत न्यौपानेले विशेष अदालतमा समेत उपस्थित भै गरेको बकपत्र समेतले पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

४७. जिल्ला सर्लाही महिनाथपुर गा.वि.स. वडा नं. ९ घर भई प्रा.वि. महिनाथपुरको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदमा कार्यरत श्यामदेव राय समेत जना ६.....

**मुद्दा : सञ्चालनमा नरहेको विद्यालयलाई सञ्चालनमा रहेको भनी सरकारी अनुदानको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।३।१६** **पुनरावेदन दर्ता मिति : २०७२।६।२४**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादीहरूले प्रा.वि. महिनाथपुर, महिनाथपुर-९, सर्लाहीलाई प्राप्त अनुदान रकम हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य आयोगबाट भएको स्थलगत निरीक्षण समेतबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

४८. जिल्ला महोत्तरी सम्सी गा.वि.स. वडा नं. ८ घर भई सरस्वती प्रा.वि. सम्सी-९ को प्रधानाध्यापक पदमा कार्यरत रामप्रबोध यादव समेत जना ३.....

**मुद्दा : सरकारी अनुदानको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।४।२४** **पुनरावेदन दर्ता मिति : २०७२।६।२४**

**पुनरावेदनको संक्षिप्त व्यहोरा**: प्रतिवादीहरूले सरस्वती प्रा.वि., सम्सी-९, महोत्तरीको विद्यालय सञ्चालन गर्ने अनुमति लिई विद्यालयको भौतिक अवस्था र विद्यार्थी संख्या गलत देखाई फर्जी कागज प्रमाण समेत बनाई विद्यालय सञ्चालनमा रहेको देखाई जिल्ला शिक्षा कार्यालयबाट रु.७,२७,९१६।- निकासा गराई हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

४९. रूपलाल रायको नाति, परीक्षण रायको छोरा, जिल्ला सर्लाही महिनाथपुर गा.वि.स. वडा नं. ८ घर भै मधेस सहिद प्राथमिक विद्यालय धनकौल-६ का विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्रकिशोर राय समेत जना २.....

**मुद्दा : विद्यालयमा जाने सरकारी अनुदानको रूपमा निकासा भएको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।२।२६** **पुनरावेदन दर्ता मिति : २०७२।६।२४**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादीहरू चन्द्रकिशोर राय र मुकेशचन्द्र यादवले मधेस सहिद प्राथमिक विद्यालय धनकौल-६, सर्लाही विद्यालयको भौतिक पूर्वाधार र विद्यार्थी नहुँदा नहुँदै फर्जी विद्यार्थी देखाई विद्यालयलाई प्राप्त अनुदान रकम हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

५०. प्रभुराय यादवको नाति, किसुनी राय यादवको छोरा, जिल्ला सर्लाही, वसन्तपुर गा.वि.स. -४ स्थायी ठेगाना भै सुमित आदर्श विद्यामन्दिर-बसन्तपुर-४ को विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदमा कार्यरत चन्देश्वर राय यादव समेत जना ३.....

**मुद्दा : सञ्चालनमा नरहेको विद्यालय सञ्चालनमा रहेको भनी सरकारी अनुदानको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।२।२५** **पुनरावेदन दर्ता मिति : २०७२।६।२४**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादीहरूले सुमित आदर्श विद्यामन्दिर, बसन्तपुर-४, सर्लाहीको विद्यालय सञ्चालन गर्ने अनुमति लिई उक्त विद्यालयको नाममा जिल्ला शिक्षा कार्यालयबाट रकम निकासा गराई प्रतिवादीहरूले मिलेमतो गरी सरकारी अनुदानको रकम रु.१,७६,५५१।१८

हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

५१. ढग्गा झाको नाति, जगधारी झाको छोरा जिल्ला सर्लाही खैर्वा गा.वि.स. वडा नं. २ घर भै सरस्वती प्रा. वि. खैर्वा- २ को विद्यालय व्यवस्थापन समितिको अध्यक्ष राजेश्वर झा समेत जना २.....

**मुद्दा : सरकारी अनुदानको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।३।१७ पुनरावेदन दर्ता मिति : २०७२।६।२४**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : राजेश्वर झा र नुनु झाले सरस्वती प्रा.वि.,खैर्वा-२, सर्लाहीलाई प्राप्त अनुदान रकम रु.१,३८,३६५।- हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य स्थलगत निरीक्षण गर्दा खरको छानो भएको व्यक्तिको कच्ची घरमा एउटा कोठामा रहेको, फर्निचर, डेस्क बेञ्च, शौचालय, खानेपानी, विद्यार्थी संख्या नभएको र विद्यालय सञ्चालन नभएको भन्ने व्यहोराको प्रतिवेदन प्राप्त भएबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

५२. गंगाराम यादवको नाति, वासुदेव यादवको छोरा, धनुषा जिल्ला लक्कड गा.वि.स. वडा नं.७ टरिया बस्ने जनता राष्ट्रिय प्राथमिक विद्यालय टरिया लक्कड-७, का विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजेश्वर यादव समेत जना ३.....

**मुद्दा : सरकारी अनुदानको रकम दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।३।२८ पुनरावेदन दर्ता मिति : २०७२।६।२४**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादीहरूले जनता राष्ट्रिय प्रा.वि. टरिया लक्कड-७, धनुषास्थित सामुदायिक विद्यालयलाई प्राप्त अनुदान रकम हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

५३. जिल्ला सप्तरी गम्हरिया प्रवाह गा.वि.स. वडा नं.४ बस्ने महावीर यादवको छोरा श्री राष्ट्रिय प्राथमिक विद्यालय पट्टी प्रवाहाका तत्कालीन प्रधानाध्यापक चन्द्रदेव कुमार यादव समेत जना १४.....

**मुद्दा : भ्रष्टाचार (अनियमितता) ।**

**फैसला मिति : २०७२।३।१५ पुनरावेदन दर्ता मिति : २०७२।७।१०**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : श्री राष्ट्रिय प्राथमिक विद्यालय पट्टी प्रवाहा, सप्तरीका लागि आ.व. ०६४।६५ देखि आ.व. ०६८।६९ सम्म भौतिक निर्माणमा, मर्मत, समुदाय व्यवस्थापन हस्तान्तरण, कम्प्युटर खरिद, दिवा खाजा, PCF on Salary लगायतका शीर्षकमा गरी जम्मा रु.४७,७५,१३६।२२ निकासा भएको रकम हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य लेखापरीक्षण प्रतिवेदन समेतबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

५४. टनक साह तेलीको नाति, नथुनी साह तेलीको छोरा, पर्सा जिल्ला प्रसौनी भाठा गा.वि.स.वडा नं.१ स्थायी घर भै पर्सा जिल्ला अन्तर्गत पर्ने हरिहरपुर विर्ता गा.वि.स. का तत्कालीन सचिव छोटेलाल प्रसाद साह तेली समेत जना ३.....

**मुद्दा : भ्रष्टाचार (अनियमितता) ।**

**फैसला मिति : २०७२।३।२९** **पुनरावेदन दर्ता मिति : २०७२।७।१०**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : पर्सा जिल्ला हरिहरपुर, विर्ता गा.वि.स.का तत्कालीन सचिव छोटेलाल प्रसाद साह तेलीले समेतले सामाजिक सुरक्षा भत्ता वितरणको लागि जिल्ला विकास समिति, पर्साबाट आ.व. ०६८।६९ र ०६९।७० मा रकम निकासा गराई मृत्यु भइसकेको र उमेर नपुगेका विभिन्न व्यक्तिहरूको नक्कली भरपाई खडा गरी भत्ता वितरण गरी रु.१,७३,०००।- बदनियतपूर्वक हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य प्रतिवादीहरूले अनुसन्धानको क्रममा गरेको बयान समेतका मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

५५. राजनन्दन राय यादवको नाति, रामबाबु राय यादवको छोरा, अञ्चल जनकपुर जिल्ला महोत्तरी खैरवनी गा.वि.स. वडा नं. ८ बस्ने श्री जगरनाथ बाबा प्राथमिक विद्यालय खैरवनीका प्रधानाध्यापक धर्मेन्द्र कुमार यादव समेत जना ८.....

**मुद्दा : सरकारी अनुदान रकम हिनामिना गरी भ्रष्टाचार गरेको ।**

फैसला मिति : **२०७२।२।१३** **पुनरावेदन दर्ता मिति** : २०७२।७।१०

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादीहरूले शिक्षा नियमावली, २०५९ बमोजिमको पूर्वाधार नै नभएको अवस्थामा विद्यालय सञ्चालन अनुमति लिई तथा कक्षा अपग्रेड गराई जिल्ला शिक्षा कार्यालयबाट रु.७,००,४८९।२५ निकासा गराई हिनामिना गरेको तथ्य आयोगबाट खटिएको टोलीले स्थलगत निरीक्षण गरी पेश गरेको प्रतिवेदन तथा राष्ट्रिय अनुसन्धान विभागको पत्र समेतबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

५६. जिल्ला महोत्तरी, बथनाहा गा.वि.स. वडा नं.९ बस्ने राजेश्वर झाको नाति गौरीकान्त झाको छोरा जिल्ला शिक्षा कार्यालय पर्साका तत्कालीन जि.शि.अ. सदानन्द झा समेत जना १०.....

**मुद्दा : नक्कली विद्यालयको नाममा रहेको बैंक खातामा रकम निकासा गरी-गराई नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।२।२५** **पुनरावेदन दर्ता मिति : २०७२।७।१६**

**पुनरावेदनको संक्षिप्त व्यहोरा**: प्रतिवादीहरू सदानन्द झा समेत जना १० ले श्री राम प्रा.वि., मिर्जापुर-६, पर्सालाई प्राप्त नेपाल सरकारको अनुदान रकम रु.१२,४९,४२३।- हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य स्थलगत निरीक्षण प्रतिवेदन समेतबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

५७. तोखा मिश्रको नाति, राधाकान्तको छोरा, रामनगर बहुअर्वा गा.वि.स.-१, सर्लाही स्थायी ठेगाना भै श्री देवी प्रा.वि. रामनगर बहुअर्बा-१ का विद्यालय व्यवस्थापन समितिका अध्यक्ष देवचन्द्र मिश्र समेत जना २.....

**मुद्दा : भ्रष्टाचार (रकम हिनामिना)।**

**फैसला मिति : २०७२।३।१७** **पुनरावेदन दर्ता मिति : २०७२।७।१८**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादी देवचन्द्र मिश्र र ब्रजेन्द्र कुमार मिश्रको मिलेमतोमा सर्लाही जिल्लास्थित श्री देवी प्रा.वि. रामनगर बहुअर्वा-१ विद्यालयलाई प्राप्त रकममध्ये रु.१,६७,५००।- बदनियतपूर्ण तरिकाले आफूहरूलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानि पुऱ्याउने

कार्य गरी भ्रष्टाचार गरेको तथ्य प्रतिवादीहरूले अनुसन्धानको क्रममा गरेको बयान समेतका कागजातहरूबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

५८. रामायणरामको छोरा, बारा जिल्ला बहुअर्वा गा.वि.स.-१ घर भै नेपाल उच्च मा.वि. अमलेखगंज बाराका प्राचार्य किशोरी राम समेत जना २.....

**मुद्दा : भ्रष्टाचार (रकम हिनामिना)।**

**फैसला मिति : २०७२।२।२६ पुनरावेदन दर्ता मिति : २०७२।७।१८**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : बारा जिल्ला अमलेखगंज- १ स्थित श्री नेपाल उच्च माध्यमिक विद्यालयका प्राचार्य किशोरी राम र शिक्षक राम शाहले जिल्ला शिक्षा कार्यालय बाराले छात्रवृत्ति वितरणका लागि उपलब्ध गराएको रकम तथा विभिन्न शीर्षकको रकममध्ये रु.८,८४,२४२।- हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य प्रतिवादीहरूले अनुसन्धानको क्रममा गरेको बयान समेतका कागजातहरूबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

५९. स्वर्गीय मोहित यादवको नाति, रामअशिष यादवको छोरा, लगडी गडियानी-३ सिरहा स्थायी ठेगाना भै जनकपुर न.पा. वडा नं. ९ बस्ने हाल जिल्ला शिक्षा कार्यालय सिरहाको सहायक जिल्ला शिक्षा अधिकारी पदमा कार्यरत शत्रुघन यादव समेत जना १६.....

**मुद्दा : भ्रष्टाचार (रकम हिनामिना) ।**

**फैसला मिति : २०७२।३।१३ पुनरावेदन दर्ता मिति : २०७२।७।१८**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : जिल्ला शिक्षा कार्यालय, सप्तरीका तत्कालीन जिल्ला शिक्षा अधिकारी शत्रुघन यादव समेतका १६ जना प्रतिवादीहरूको आपसी मिलेमतोमा सप्तरी जिल्लास्थित सामुदायिक रा.प्रा.वि. गम्हरिया, प्रवाहा-८ बिसहरियालाई गैरकानूनी तवरले कक्षा सञ्चालन गर्न दिई उक्त विद्यालयलाई विभिन्न शीर्षकमा रकम निकासा गराई हिनामिना गरी गराई भ्रष्टाचार गरेको तथ्य प्रतिवादीहरूले अनुसन्धानको क्रममा गरेको बयान समेतका कागजातहरूबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

६०. जिल्ला महोत्तरी जलेश्वर न.पा. वडा नं. ४ स्थाई वतन भएका स्व. शदिक कवारीका छोरा साविकमा कम्पनी रजिष्ट्रार कार्यालयमा उप-रजिष्ट्रार पदमा रहेका लालबाबु कवारी समेत जना ३.....

**मुद्दा : घूस रिसवत लिई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।३।३ पुनरावेदन दर्ता मिति : २०७२।८।१६**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादी लालबाबु कवारी समेतले घूस रिसवत लिएको तथ्य मिसिल संलग्न कागजात तथा अदालतकै फैसलाबाट समेत पुष्टि भएकोमा विशेष अदालत काठमाडौंबाट लालबाबु कवारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुरमा निजलाई सोही ऐनको दफा ३(१)(घ) बमोजिम कैद ६(छ) महिना र सोही ऐनको दफा ३(१) बमोजिम पाँच लाख रुपैयाँ जरिवाना हुने र प्रतिवादी भानु कँडेलले रु.१०,००,०००। घूस रिसवत लिएको पुष्टि गरी सोही ऐनको दफा ३(२) को कसुरमा सोही ऐनको दफा ३(१) बमोजिम १ वर्ष ६ महिना कैद र दफा ३(१) बमोजिम दस लाख रुपैयाँ जरिवाना हुने र अर्का प्रतिवादी दिनेशप्रसाद अर्यालले भ्रष्टाचार

निवारण ऐन, २०५९ को दफा ५५ र दफा २२ को कसुर गरेकोले निजलाई सोही ऐनको दफा २२ बमोजिम ९ महिना कैद र पाँच लाख रुपैयाँ जरिवाना हुने र अरू कुरामा वादी दाबी नपुग्ने गरी फैसला भएको हुँदा प्रतिवादीमध्येका लालबाबु कवारीका हकमा कसुर ठहर गरी कैद र जरिवाना सजाय भएको तर निजका हकमा निजले लिएको घूस रिसवतको रकम जफत नगरिएको हदसम्म र प्रतिवादी भानु कँडेल र दिनेशप्रसाद अर्यालका हकमा अभियोग दाबीभन्दा कम सजाय हुने गरी तथा प्रतिवादी भानु कँडेलले लिएको घूस रिसवतको रकम जफत नगरिएको हदसम्म उक्त फैसला त्रुटिपूर्ण हुँदा सोही हदसम्म बदरभागी रहेको छ ।

६१. विलट खत्वेको नाति, निर्धन खत्वेको छोरा, धनुषा जिल्ला धनुषाधाम गा.वि.स. वडा नं.-२ बस्ने सहिद राष्ट्रिय प्राथमिक विद्यालय धनुषाधाम-२ का विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मंदिर खत्वे समेत जना ३.....

**मुद्दा : सरकारी अनुदान रकम हिनामिना गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।३।८ पुनरावेदन दर्ता मिति : २०७२।८।१६**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : सहिद राष्ट्रिय प्राथमिक विद्यालय तेजनगर, धनुषाका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मन्दिर खत्वे, प्र.अ. शिवजी मण्डल (खत्वे) र स्रोतव्यक्ति उद्धवबहादुर आचार्यले जिल्ला शिक्षा कार्यालय, धनुषामा झुठो विवरण पेश गरी कक्षा सञ्चालनको अनुमति लिई विद्यालय सञ्चालन नै नगरी विद्यालयको नाममा जिल्ला शिक्षा कार्यालय, धनुषाबाट आ.व.०६५।६६ देखि ०६९।७० सम्म विभिन्न मितिमा विभिन्न शीर्षकमा सरकारी अनुदानको रकम रु.१३,४५,५८१।- निकासा गराई हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

६२. महन्त रायको नाति, भरत राय यादवको छोरा, सर्लाही जिल्ला बसन्तपुर गा.वि.स.वडा नं ५ घर भै भरत जनता प्रा.वि. बसन्तपुर-५ का प्रधानाध्यापक विष्णुकान्त यादव समेत जना ३...

**मुद्दा : विद्यालयमा जाने सरकारी अनुदानको रूपमा निकासा भएको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।३।१ पुनरावेदन दर्ता मिति : २०७२।८।१६**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादीहरू विष्णुकान्त यादव समेत जना ३ ले भरत जनता प्रा.वि., बसन्तपुर-५, सर्लाहीलाई प्राप्त नेपाल सरकारको अनुदान रकम हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य स्थलगत निरीक्षण प्रतिवेदन समेतबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

६३. गिरिजा रायको नाति, गणेश रायको छोरा, जिल्ला सर्लाही, श्रीपुर गा.वि.स. वडा नं.१ स्थायी ठेगाना भई गणेश जनता प्रा.वि. श्रीपुर-१ कटानी भनिएको विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष शंकर राय समेत जना ३.....

**मुद्दा : सञ्चालनमा नरहेको विद्यालय सञ्चालनमा रहेको भनी सरकारी अनुदानको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।३।१५ पुनरावेदन दर्ता मिति : २०७२।८।१६**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादीहरू शंकर राय समेत जना ३ ले श्री गणेश जनता प्रा.वि., श्रीपुर-१, कटानी, सर्लाहीलाई प्राप्त नेपाल सरकारको अनुदान रकम हिनामिना गरी भ्रष्टाचार गरेको

तथ्य स्थलगत निरीक्षण प्रतिवेदन समेतबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

६४. दुखी कौडसिया यादवको नाति, किसुन कौडसिया यादवको छोरा, रौहट-९ सप्तरी बस्ने जिल्ला शिक्षा कार्यालय सप्तरीको स्रोतव्यक्ति रासिन्द्र प्रसाद यादव समेत जना ३.....

**मुद्दा : सरकारी अनुदान रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।५।१७ पुनरावेदन दर्ता मिति : २०७२।८।१६**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादीहरूले सप्तरी जिल्ला पातो स्रोतकेन्द्र अन्तर्गत जनता राष्ट्रिय प्राथमिक विद्यालय पातो-३ लाई जिल्ला शिक्षा कार्यालयबाट विभिन्न आ.व. हरूमा निकासा भएको रकम हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य जिल्ला प्राविधिक कार्यालय सप्तरीका इन्जिनियर तुलानन्द मिश्रले मिति २०७०।१०।२४ मा पेश गरेको प्रतिवेदन समेतबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

६५. लक्ष्मी सहनीको छोरी, प्रकाश सहनीको श्रीमती, बारा जिल्ला पिप्रविर्ता गा.वि.स. वडा नं ७ बस्ने ने.रा.प्रा.वि., कन्चनपुर पिप्रविर्ता-८ बाराका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सिजापती देवी सहनी समेत जना ८.....

**मुद्दा : सरकारी अनुदान रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।३।१० पुनरावेदन दर्ता मिति : २०७२।८।१६**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : ने.रा.प्रा.वि. पिप्राविर्ता-८ कन्चनपुर, बाराका विद्यालय व्यवस्थापन समिति अध्यक्ष सिजापती देवी सहनी, प्र.अ. महालाल प्रसाद सहनी समेत जना-८ ले जिल्ला शिक्षा कार्यालयबाट विद्यालयको नाममा प्राप्त भएको सरकारी रकम गैरकानूनी तवरले हिनामिना एवं मासी भ्रष्टाचार गरेको तथ्य विद्यालयको हाजिर रजिष्टर, छात्रवृत्ति वितरण भरपाई र फ्लास रिपोर्टहरूबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

६६. बतहु रायको नाति, लक्ष्मण रायको छोरा, जिल्ला सर्लाही, लौकठ गा.वि.स.वडा नं. १ स्थायी ठेगाना भै सन्तोष प्रा.वि. लौकठ-५ भनिएको विद्यालयका विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदमा कार्यरत विद्यानन्द यादव समेत जना ३.....

**मुद्दा : सञ्चालनमा नरहेको विद्यालय सञ्चालनमा रहेको भनी सरकारी अनुदानको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।३।१८ पुनरावेदन दर्ता मिति : २०७२।८।१६**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : सञ्चालनमा नै नरहेको सन्तोष प्रा.वि. बैरेज लौकठ-५, सर्लाहीका नाममा जिल्ला शिक्षा कार्यालयबाट विभिन्न आ.व. हरूमा कुल रु.८,४२,६००।- निकासा लिई प्रतिवादीहरूले हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य आयोगको स्थलगत निरीक्षण प्रतिवेदन, क्षेत्रीय शिक्षा निर्देशनालय, हेटौंडाको मिति २०७०।१२।९ को पत्र, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सर्लाहीको मिति २०७०।१२।१० को पत्र र जिल्ला प्रहरी कार्यालय, सर्लाहीको मिति २०७०।१२।९ को पत्र समेतबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

६७. विन्देश्वर ठाकुरकी छोरी जनकपुर अञ्चल, सर्लाही जिल्ला, खैर्वा गा.वि.स. वडा नं. ८ स्थायी

ठेगाना भई हाल सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ८ बस्ने सर्लाहीस्थित जयशिव सामुदायिक प्रा.वि. मलंगवा-८ का प्रधानाध्यापक रुवी कुमारी तिवारी समेत जना ३.....

**मुद्दा : सरकारी अनुदान रकम हिनामिना गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।४।३२** **पुनरावेदन दर्ता मिति : २०७२।८।१६**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : जय शिव सामुदायिक प्रा.वि. मलंगवा–८ सर्लाहीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरेन्द्र तिवारी र प्रधानाध्यापक रुवी कुमारीले हुँदै नभएको विद्यालयका नाममा जिल्ला शिक्षा कार्यालयबाट रकम निकासा खर्च गरी भ्रष्टाचार गरेको तथ्य आयोगको स्थलगत निरीक्षण प्रतिवेदन, Flash Report तथा विद्यालयको नाममा रहेको बैंक खाताको बैंक स्टेटमेन्ट समेतबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

६८. जगदेव दास यादवको नाति, रामप्रकाश दास यादवको छोरा, जिल्ला सिरहा, औरही गा.वि.स. वडा न. ३ स्थायी ठेगाना भै मलंगवा स्रोतकेन्द्रका तत्कालीन स्रोतव्यक्ति भोगेन्द्र कुमार समेत जना ४.....

**मुद्दा : सञ्चालनमा नरहेको विद्यालय सञ्चालनमा रहेको भनी सरकारी अनुदानको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।३।१४** **पुनरावेदन दर्ता मिति : २०७२।८।१६**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादीहरू भोगेन्द्र कुमार समेत जना ४ ले श्री सामुदायिक प्रा.वि., खोरिया-१, सर्लाहीलाई प्राप्त नेपाल सरकारको अनुदान रकम हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य आयोगबाट खटिएको छानबिन टोलीले स्थलगत अनुगमन निरीक्षण गरी पेश गरेको प्रतिवेदन समेतबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

६९. निरशु मियाको नाति, इमाम मियाको छोरा, सर्लाही जिल्ला मलंगवा नगरपालिका वडा नं.५ घर भई सामुदायिक प्रा.वि. मलंगवा-५ को विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा विद्यालयको खाता संचालक सहुव मिया मुकेरी समेत जना ३.....

**मुद्दा : विद्यालयको नाममा सरकारी अनुदान रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।२।२६** **पुनरावेदन दर्ता मिति : २०७२।८।२८**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : सामुदायिक प्राथमिक विद्यालय मलंगवा-५, सर्लाहीले नक्कली विद्यार्थी संख्या सहितको खर्च विवरण जिल्ला शिक्षा कार्यालय, सर्लाहीमा पेश गरी जिल्ला शिक्षा कार्यालय, सर्लाहीबाट उक्त विद्यालयको नाममा रु.८,६७,५६७।- रकम निकासा गराई हिनामिना तथा दुरुपयोग गरी खाइमासी हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको तथ्य आयोगबाट भएको स्थलगत अनुगमन प्रतिवेदन तथा राष्ट्रिय अनुसन्धान विभागको प.सं.१११ प्र-१(क) ७३,१०९९ मिति २०७१।२।१ को पत्र समेतबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

७०. धनुषा जिल्ला कचुरी ठेरा गा.वि.स. वडा नं.-९ बस्ने गंगाधर झाको नाति, रामरतन झाको छोरा, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कोमल कान्त झा समेत जना २.....

**मुद्दा : सरकारी अनुदान रकम दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

फैसला मिति : **२०७२।३।१४** **पुनरावेदन दर्ता मिति** : २०७२।८।२८

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरूले राष्ट्रिय प्राथमिक विद्यालय कचुरी ठेरा-९ धनुषाको आफ्नो नाममा घर जग्गा नभए तापनि विद्यालयले सुरु कक्षा सञ्चालनका लागि मिति २०६७।३।३१ मा अनुमति प्राप्त गरी झुठा विवरणका आधारमा विभिन्न आ.व. हरूमा जिल्ला शिक्षा कार्यालयबाट रकम निकासा गराई हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य जिल्ला प्रहरी कार्यालय, धनुषाको च.नं. ४८३५ मिति २०७१।३।२० को प्रतिवेदन, जिल्ला प्रशासन कार्यालय, धनुषाको च.नं. ९४४४ मिति २०७१।२।१२ को पत्र समेतका कागज प्रमाणहरूबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

७१. अगमलाल साहको नाति, देवीलालको छोरा, सुनसरी जिल्ला, हासपोसा गा.वि.स. वडा नं. २ घर भई पञ्चायत रजत जयन्ती नि.मा.वि. का शिक्षक दीपनारायण साह.....

**मुद्दा : भ्रष्टाचार (नक्कली प्रमाणपत्र)।**

**फैसला मिति : २०७२।४।२८** **पुनरावेदन दर्ता मिति : २०७२।९।१**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** सुनसरी जिल्लास्थित श्री पञ्चायत रजत जयन्ती नि.मा.वि. मा कार्यरत प्र.अ. दीपनारायण साहले भारत, विहार इन्टरमिडियट एजुकेसन काउन्सिल पटनाको परीक्षा आई. ए., वर्ष १९८३, अनुक्रमांक २००२७, योग ५७१, श्रेणी प्रथमको झुठा प्रमाणपत्र पेश गरेको र निजको प्रमाणपत्र भारत, विहार इन्टरमिडियट काउन्सिलबाट Not Found भनी प्रमाणीकरण भै आएबाट निजले नक्कली प्रमाणपत्र पेश गरेको तथ्य पुष्टि भइरहेको हुँदा प्रतिवादीलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

७२. फैलु मण्डलको नाति, धनुषी मण्डलको छोरा, सिरहा जिल्ला लगडीगोठ-३ बस्ने जिल्ला शिक्षा कार्यालय धनुषाका कार्यालय सहयोगी पदमा कार्यरत भै रामजानकी प्राथमिक विद्यालय जनकपुर-४, सरस्वतीनगर र जानकी गुरुकुल प्राथमिक विद्यालय जनकपुरका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बिल्टु मण्डल समेत जना ७.....

**मुद्दा : भ्रष्टाचार ।**

**फैसला मिति : २०७२।३।२०** **पुनरावेदन दर्ता मिति : २०७२।९।१**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरूले धनुषा जिल्लास्थित रामजानकी रा.प्रा.वि. जनकपुर-४ र जानकी गुरुकुल प्रा.वि. जनकपुर-४ अस्तित्वमा नै नरहेका विद्यालयहरूको नाममा विभिन्न आ.व.हरूमा जिल्ला शिक्षा कार्यालयबाट रकम निकासा गरी गराई हिनामिना गरेको तथ्य प्रतिवादीहरूले मौकामा गरेको बयान, स्थलगत निरीक्षण फारम तथा जिल्ला प्रहरी कार्यालय, धनुषाको च. नं. ४८३५ मिति २०७१।३।२० को पत्र समेतबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

७३. देवलाल यादवको नाति, लिलाधर यादवको छोरा, जिल्ला सप्तरी डिमन गा.वि.स.-१, बस्ने राष्ट्रिय प्रा.वि. डिमन- ७ रामटोलका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विनोदकुमार यादव समेत जना २.....

**मुद्दा : भ्रष्टाचार (रकम हिनामिना) ।**

**फैसला मिति : २०७२।५।२** **पुनरावेदन दर्ता मिति : २०७२।९।१**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** सप्तरी जिल्लास्थित राष्ट्रिय प्राथमिक विद्यालय डिमन- ७ को विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रतिवादी विनोदकुमार यादव र प्रधानाध्यापक प्रतिवादी मंजु कुमारी

यादवको मिलेमतोमा उक्त विद्यालयलाई निकासा प्राप्त रकममध्ये रु.४,८५,२९९।७१ खाइमासी भ्रष्टाचार गरेको तथ्य विद्यार्थी हाजिर रजिष्टर तथा आयोगले अनुसन्धानका सिलसिलामा गरेको स्थलगत निरीक्षण प्रतिवेदन समेतबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

७४. मुखी राय यादवको नाति, सोन्फी रायको छोरा, जिल्ला महोत्तरी सोनमा गा.वि.स.-२, बस्ने श्री राष्ट्रिय जनता प्रा.वि. सोनमाका प्रधानाध्यापक मुकेशकुमार यादव समेत जना २.....

**मुद्दा : भ्रष्टाचार (रकम हिनामिना) ।**

**फैसला मिति : २०७२।४।२७ पुनरावेदन दर्ता मिति : २०७२।९।१**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** राष्ट्रिय जनता प्राथमिक विद्यालय, सोनमा-४, महोत्तरीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रतिवादी उपेन्द्रकुमार यादव र प्रधानाध्यापक प्रतिवादी मुकेशकुमार यादवले विद्यालयको नाममा निकासा भएको रकम रु.३,५८,१७९।- हिनामिना र दुरुपयोग गरी भ्रष्टाचार गरेको तथ्य प्रतिवादीहरूको मौकाको बयान, स्थलगत निरीक्षण फारम तथा राष्ट्रिय अनुसन्धान विभागको च. नं. १११ मिति २०७१।२।७ को पत्र समेतबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

७५. रघुनाथको छोरा गोरखा जिल्ला तापाङ गा.वि.स. वडा नं. ६ ओख्ले घर भई समाज कल्याण परिषद लैनचौरका सहायक प्रथम (ना.सु.) प्रकाशचन्द्र भट्ट.....

**मुद्दा : भ्रष्टाचार (नक्कली प्रमाणपत्र)।**

**फैसला मिति : २०७२।५।३१ पुनरावेदन दर्ता मिति : २०७२।९।१**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** समाज कल्याण परिषद्, लैनचौरका सहायक प्रथम (ना.सु.) प्रकाशचन्द्र भट्टले ना.सु. पदमा बढुवा हुने प्रयोजनका लागि पेश गरेको भारत, विहार परीक्षा समिति बोर्डको इन्टरमिडियट तहको शैक्षिक योग्यताको प्रमाणपत्र झुठा रहेको भन्ने तथ्य निजको उक्त प्रमाणपत्र प्रमाणीकरण गर्न विहार परीक्षा समितिमा पठाइएकोमा उक्त समितिबाट प्रमाणीकरण विवरणको कैफियत महलमा FAIL भनी खुली आएबाट निजले नक्कली प्रमाणपत्र पेश गरेको तथ्य पुष्टि भइरहेको हुँदा प्रतिवादीलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

७६. अब्दुल मियाको नाति, ओलाइट मिया मुकेरीको छोरा, सर्लाही जिल्ला मलंगवा नगरपालिका वडा नं. ६ घर भई सामुदायिक प्रा.वि. मलंगवा-६ को विद्यालय व्यवस्थापन समितिका अध्यक्ष फेकु मिया समेत जना ४.....

**मुद्दा : विद्यालयको नाममा सरकारी अनुदानको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।३।८ पुनरावेदन दर्ता मिति : २०७२।९।३**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरू फेकु मिया समेत जना ४ ले श्री सामुदायिक प्राथमिक विद्यालय, मलंगवा-६, सर्लाहीलाई प्राप्त नेपाल सरकारको अनुदान रकम हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य आयोगको स्थलगत अनुगमन निरीक्षण प्रतिवेदन समेतबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

७७. सरुप रायको नातिनी, जैकान्त रायको छोरी जनकपुर अञ्चल, सर्लाही जिल्ला, मोतिपुर गा.वि.स. वडा नं. ७ घर भई श्री प्रा.वि. मोतिपुर-७ का प्रधानाध्यापक समिरकला कुमारी समेत जना २.....

**मुद्दा : सरकारी अनुदान रकम हिनामिना गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।२।२८ पुनरावेदन दर्ता मिति : २०७२।९।३**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरू समिरकला कुमारी र अखलेश्वर राय यादवले श्री प्रा.वि. मोतिपुर-७, सर्लाहीलाई प्राप्त सरकारी अनुदान रकम हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य आयोगबाट खटिएको छानबिन टोलीले स्थलगत अनुगमन गरी पेश गरेको प्रतिवेदन समेतबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

७८. राम स्वरूप रायको नाति, युगल किशोर रायको छोरा, जिल्ला सर्लाही खैर्वा गा.वि.स. वडा नं. ४ घर भई ऐ.ऐ. श्री रामजानकी प्रा.वि., खैर्वा-४ का विद्यालय व्यवस्थापन समितिका अध्यक्ष यादव विनोद कुमार समेत जना २.....

**मुद्दा : सरकारी अनुदान रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।४।३१ पुनरावेदन दर्ता मिति : २०७२।९।५**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरू यादव विनोद कुमार र ओविता कुमारी यादवले श्री राम जानकी प्रा.वि., खैर्वा, सर्लाहीलाई जिल्ला शिक्षा कार्यालयबाट निकासा भएको सरकारी अनुदान रकम रु.३,४०,२४३।५५ मध्ये रु.२,३८,४८८।- हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य आयोगबाट खटिएको छानबिन टोलीले स्थलगत अनुगमन गरी पेश गरेको प्रतिवेदन समेतबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

७९. जिल्ला सिरहा, कचनारी गा.वि.स. वडा नं. ७ बस्ने सुन्दर चौधरी यादवको नाति तेजी लाल यादवको छोरा जिल्ला शिक्षा कार्यालय सिरहाको जिझौल स्रोत केन्द्रमा कार्यरत स्रोत व्यक्ति राजेन्द्र प्रसाद यादव समेत जना ६.....

**मुद्दा : सरकारी अनुदान रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।२।२६ पुनरावेदन दर्ता मिति : २०७२।९।५**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरू राजेन्द्रप्रसाद यादव समेत जना ६ ले श्री शारदा प्रा.वि., जिझौल-५, सिरहालाई जिल्ला शिक्षा कार्यालयबाट निकासा भएको सरकारी अनुदान रकम हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य आयोगबाट खटिएको छानबिन टोलीले स्थलगत अनुगमन गरी पेश गरेको प्रतिवेदन समेतबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

८०. शेरबहादुर बखतीको नाति, भीमबहादुर बखतीको छोरा, बागमती अञ्चल, काठमाडौं जिल्ला थानकोट गा.वि.स. वडा नं. ८ स्थायी घर ठेगाना भई ऐ.ऐ. बस्ने तत्कालीन मालपोत कार्यालय, ललितपुरका प्रमुख मालपोत अधिकृत हरि बखती समेत जना ७.....

**मुद्दा : सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरी गराई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।५।३ पुनरावेदन दर्ता मिति : २०७२।९।२४**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** हरि बखती समेतका प्रतिवादीहरूले तत्कालीन नगर पञ्चायत ऐन,

२०१९ को दफा १७ को उपदफा (१) को देहाय खण्ड (य) तथा मालपोत ऐन, २०३४ को दफा ७(२) विपरीत मिति २०६८।५।२६ मा ललितपुर उपमहानगरपालिका वडा नं. ३ङ कि.नं. ८८२ को क्षे.फ.०-१३-३-० को जग्गा गोपालबहादुर खत्री क्षेत्री समेतको नाममा जग्गा दर्ता गर्ने निर्णय गरी भ्रष्टाचार गरेको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

८१. महावीर शाहको नाति, आनन्द शाहको छोरा, जिल्ला सर्लाही, लालबन्दी गा.वि.स. वडा नं. १ अस्थायी र जिल्ला सर्लाही, मंलगवा वडा नं. २ स्थायी वतन भई जनहित प्रा.वि. नेत्रगञ्ज-८ सर्लाहीको प्रधानाध्यापक पदमा कार्यरत किशोर शाह सोनार समेत जना ५.....

**मुद्दा : सञ्चालनमा नरहेको विद्यालयमा सरकारी अनुदानको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।४।३२ पुनरावेदन दर्ता मिति : २०७२।९।२९**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरू किशोर साह सोनार समेत जना- ५ ले जनहित प्रा.वि., नेत्रगञ्ज-८, सर्लाहीलाई जिल्ला शिक्षा कार्यालय, सर्लाहीबाट निकासा भएको रकममध्ये रु.२४,४६,१७२।- हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य आयोगबाट खटिएको छानबिन टोलीले स्थलगत अनुगमन गरी पेश गरेको प्रतिवेदन समेतबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

८२. भजु साहकी नातिनी, महुरी साहकी छोरी, महोत्तरी जिल्ला सोनमा गाविस वडा नं. १, घर भई श्री राम प्रा.वि. सोनाम–७, को प्रधानाध्यापक पदमा कार्यरत निकुकुमारी साह समेत जना ६..

**मुद्दा : सरकारी अनुदानको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।३।२० पुनरावेदन दर्ता मिति : २०७२।१०।२४**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरूले महोत्तरी जिल्लास्थित सोनमा गा.वि.स. अन्तर्गतको राम प्राथमिक विद्यालय सोनमा- ७ लाई जिल्ला शिक्षा कार्यालय, महोत्तरीबाट निकासा भएको रकममध्ये रु.५,१३,४१६।- प्रतिवादीहरूले आपसी मिलेमतोमा हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य प्रतिवादीहरूले मौकामा गरेको बयान तथा फ्लास रिपोर्ट समेतबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

८३. अनुप राय यादवको नाति, रामसेवक राय यादवको छोरा, जिल्ला रौतहट, जयनगर गा.वि.स. वडा नं.४ स्थायी ठेगाना भै जिल्ला शिक्षा कार्यालय सर्लाहीका तत्कालीन जिल्ला शिक्षा अधिकारी रामविनोद राय यादव समेत जना ११.....

**मुद्दा : सञ्चालनमा नरहेको विद्यालयको सरकारी अनुदानको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।३।२१ पुनरावेदन दर्ता मिति : २०७२।१०।२४**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरूले जनता प्राथमिक विद्यालय, धनकौल-५, सर्लाहीमा जिल्ला शिक्षा कार्यालयबाट निकासा भएको अनुदान रकम झुठा विवरण तयार गरी गराई सोही झुठा विवरणका आधारमा रकम निकासा लिने दिने गरी भ्रष्टाचार गरेको तथ्य आयोगबाट खटिएको टोलीले स्थलगत निरीक्षण गरी पेश गरेको प्रतिवेदन, जिल्ला प्रहरी कार्यालय सर्लाहीको च.नं. ९९०१ मिति २०७०।१२।९ को पत्र तथा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सर्लाहीको च.नं.

३३४ मिति २०७०।१२।१० को पत्रबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

८४. राजवंशीप्रसाद श्रीवास्तवको नाति, पन्चान्न प्रसाद श्रीवास्तवको छोरा, बारा जिल्ला पकडिया-४ घर ठेगाना भई जिल्ला स्वास्थ्य कार्यालय तनहुँमा कार्यरत अजयकुमार श्रीवास्तव समेत जना ५.....

**मुद्दा : झुठा बिल भरपाई बनाई सरकारी रकम भुक्तानी दिई भष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।५।२७ पुनरावेदन दर्ता मिति : २०७२।१०।२५**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरूले जिल्ला जनस्वास्थ्य कार्यालय, तनहुँको परिवार नियोजनसँग सम्बन्धित कार्यक्रम सञ्चालन नै नगरी कार्यक्रम सञ्चालन गरेको भनी विभिन्न व्यक्तिलाई रकम बुझाएको किर्ते हस्ताक्षर गरी झुठा बिल भरपाई तयार गरी भ्रष्टाचार गरेको तथ्य केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन तथा मिसिल संलग्न गो.भौ.नं. समेतबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

८५. शिवी रायको नाति, वासुदेव रायको छोरा जनकपुर अञ्चल, सर्लाही जिल्ला, वेल्ही गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई सर्लाही जिल्ला वेल्ही-६ स्थित डायमण्ड स्टार प्रा.वि.का प्रधानाध्यापक नागेश्वर राय समेत जना ३.....

**मुद्दा : सरकारी अनुदान रकम हिनामिना गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।३।२२ पुनरावेदन दर्ता मिति : २०७२।१०।२४**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** डायमण्ड स्टार प्रा.वि.वेल्ही-६ सर्लाहीले अनुमतिपत्र लिई ३ कक्षासम्म सञ्चालन गरेको भनी हुँदै नभएको विद्यार्थी संख्या देखाई विद्यालयका नाममा जिल्ला शिक्षा कार्यालय, सर्लाहीबाट रु.१,७९,७०३।- रकम निकासा लिई हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य आयोगको स्थलगत निरीक्षण प्रतिवेदन तथा राष्ट्रिय अनुसन्धान विभागको प.सं.१११प्र.१(क) ८३,१२५५ मिति २०७१।२।१८ को पत्र समेतबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

८६. जिल्ला सिरहा गा.वि.स. हकपारा- ८ बस्ने बाबुजी यादवको नाति जगरुप यादवको छोरा श्री बजरंग प्रा. वि. हकपारा-५ विद्यालयको प्रधानाध्यापक कृष्ण देव यादव समेत जना २.....

मुद्दा : सञ्चालनमा नरहेको विद्यालयमा निकासा भएको सरकारी रकमको दुरुपयोग तथा हिनामिना भएको ।

**फैसला मिति : २०७२।५।२७ पुनरावेदन दर्ता मिति : २०७२।१०।२४**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरूले जिल्ला सिरहा, हकपारा गा.वि.स-५ अवस्थित बजरंग प्रा.वि. नाममा जिल्ला शिक्षा कार्यालय, सिरहाबाट रकम निकासा गरी गराई हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य आयोगबाट खटी गएको टोलीले स्थलगत अनुगमन गरी पेश गरेको प्रतिवेदन तथा विद्यालयले जिल्ला शिक्षा कार्यालय, सिरहामा पेश गरेको Flash Report हरूबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

८७. जिल्ला सप्तरी पटेर्वा गा.वि.स.वडा नं. २ स्थायी वतन भई जिल्ला जनस्वास्थ्य कार्यालय झापाका तत्कालीन प्रमुख योगेन्द्र प्रसाद भगत समेत जना ४.....

**मुद्दा : भ्रष्टाचार (रकम हिनामिना) ।**

फैसला मिति : **२०७२।६।१५** **पुनरावेदन दर्ता मिति :** २०७२।१०।२४

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरू योगेन्द्र प्रसाद भगत समेत जना- ४ ले जिल्ला जनस्वास्थ्य कार्यालय, झापाबाट सोही जिल्लास्थित बनियानी, खजुरगाछी र तोपगाछीमा निशुल्क स्वास्थ्य शिवर सञ्चालनका लागि रु.१५,००,०००।- पेश्की लिई/दिई शिविरका लागि कार्यालयमा रहेका मौज्दात औषधीहरू नै प्रयोग गरी खरिद गर्दै नगरेका रु.११,०४,४००।- बराबरको औषधीहरूको नक्कली बिल भरपाई बनाई खरिद गरेको खर्च देखाई भ्रष्टाचार गरेको तथ्य केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशाला महाराजगञ्ज, काठमाडौंको परीक्षण प्रतिवेदन तथा झापा जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी मोहन वाग्लेको संयोजकत्वमा गठित छानबिन टोलीले पेश गरेको प्रतिवेदन समेतबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

८८. रुप नारायण साहकी छोरी महोत्तरी जिल्ला सम्सी गा.वि.स.- ८ घर भै राष्ट्रिय प्राथमिक विद्यालय सम्सी-६ को प्रधानाध्यापक पदमा कार्यरत वर्ष २८ की निर्मला कुमारी साह समेत जना ३.....

**मुद्दा : भ्रष्टाचार (रकम हिनामिना) ।**

**फैसला मिति : २०७२।३।२०** **पुनरावेदन दर्ता मिति : २०७२।१०।२०**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरूले महोत्तरी जिल्लास्थित बसविट्टी स्रोतकेन्द्र अन्तर्गत रहेको राष्ट्रिय प्राथमिक विद्यालय सम्सी- ६ को नाममा जिल्ला शिक्षा कार्यालय, महोत्तरीबाट निकासा प्राप्त रकममध्ये रु.६,११,८९६।- बदनियतसाथ खाईमासी भ्रष्टाचार गरेको तथ्य प्रतिवादीहरूले मौकामा गरेको बयान र विद्यालयले जिल्ला शिक्षा कार्यालय, मोरङमा पेश गरेको Flash Report हरूबाट पुष्टि भइरहेको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

८९. अयोध्या तिवारीको नाति, राम कुमार तिवारीको छोरा, सर्लाही जिल्ला इनर्वा वेश हाल खैर्वा गा.वि.स. वडा नं. ८ सिद्धार्थ मा.वि.वीरगंज चिनी कारखानाका तत्कालीन प्र.अ. जगन्नाथ तिवारी.....

**मुद्दा : पदको दुरुपयोग गरी बदनियतपूर्वक नेपाल सरकारलाई नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।३।२७** **पुनरावेदन दर्ता मिति : २०७२।१०।२०**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादी जगन्नाथ तिवारी झुठा विवरण पेश गरी बढुवा समेत भई विभिन्न शीर्षकमा गरी जम्मा रु.१०,५४,२४७।- बढी भुक्तानी लिई भ्रष्टाचार गरेको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भएको हुँदा प्रतिवादीलाई मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

९०. माझी रायको नाति, उपेन्द्र राय यादवको छोरा, सर्लाही जिल्ला, सलेमपुर गा.वि.स.वडा नं. ७ घर भई मधेसी सामुदायिक प्रा.वि.सलेमपुर-४ को विद्यालय व्यवस्थापन समितिको अध्यक्ष अशोककुमार यादव समेत जना ३.....

**मुद्दा : विद्यालयको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।५।२** **पुनरावेदन दर्ता मिति : २०७२।११।१२**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरूले मधेसी सामुदायिक प्राथमिक विद्यालय, सलेमपुर-४,

सर्लाहीलाई जिल्ला शिक्षा कार्यालय, सर्लाहीबाट निकासा भएको रु.१०,३५,६९९।७० मध्ये रु.१०,३०,५६०।- बैंकबाट निकाली हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य आयोगको स्थलगत अनुगमन प्रतिवेदन तथा राष्ट्रिय अनुसन्धान विभागको प.सं. १११। प्र१ (क) ७३,१०९९ मिति २०७१।२।१ को पत्र समेतबाट पुष्टि भएको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

९१. जनक रायको छोरा, जिल्ला सर्लाही हरिपूर्वा गा.वि.स.वडा नं. ५ सर्लाही स्थायी ठेगाना भई सोही ठाउँमा बस्ने गौशाला नमुना गा.वि.स.का तत्कालीन सचिव पदमा कार्यरत राम आशिष राय यादव समेत जना ४.....

**मुद्दा : हाट बजार ठेक्कामा दिंदा ठेकेदारहरूबाट सम्झौतामा भए बमोजिमको रकम नलिई मिन्हा गर्ने निर्णय गरी हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।६।१४ पुनरावेदन दर्ता मिति : २०७२।११।१२**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** महोत्तरी जिल्ला, गौशाला गा.वि.स.का सचिव राम आशिष राय यादवले ठेकेदारहरू वारिस नदाफ, शम्भु कुमार राय यादव तथा संजितकुमार रायको मिलोमतोमा बदनियतसाथ आफूहरूलाई फाइदा पुऱ्याई गाउँ विकास समितिलाई रु.२१,७४,९०१।- हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेकोमा विशेष अदालत, काठमाडौंबाट प्रतिवादीहरूमध्ये राम आशिष राय यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिम १० दिन कैद सजाय हुने र अन्य प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम जनही १० दिन कैद सजाय हुने र बिगोको हकमा राम आशिष राय यादवले दाबीको रकम लिए खाएको भन्ने नदेखिएको र निज बाहेक अन्य प्रतिवादीहरूबाट दाबीको बुझाउन बाँकी भनी आ.व.२०६३।६४ को सो गा.वि.स.को लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरेको रकम प्रतिवादीहरूबाटै कानून बमोजिम असुल उपर हुने भनी फैसला भएकोमा उक्त फैसलाले आरोपपत्र मागदाबी बमोजिम प्रतिवादीहरूलाई सजाय नगरी बिगो समेत नभराएको हदसम्म उक्त फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

९२. योगेन्द्रप्रसाद रायकी बुहारी, रामकैलाश प्रसाद यादवकी श्रीमती सर्लाही जिल्ला, मुसैली गा.वि.स. वडा नं. १ बस्ने राम सा.प्रा.वि. मुसैली-१ का प्र.अ. रुबीकुमारी यादव समेत जना २.....

**मुद्दा : सरकारी अनुदानको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।३।२० पुनरावेदन दर्ता मिति : २०७२।११।१२**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** राम सामुदायिक प्रा.वि.मुसैली-१ सर्लाहीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामकैलाश प्रसाद यादव र प्र.अ. रुबीकुमारी यादवले विद्यालयको भौतिक अवस्था र विद्यार्थी संख्या गलत देखाई, फर्जी कागज प्रमाण समेत बनाई रु.९,५०,२०८।४५ जिल्ला शिक्षा कार्यालयबाट निकासा लिई हिनामना गरेको तथ्य आयोगको स्थलगत अनुगमन प्रतिवेदन तथा राष्ट्रिय अनुसन्धान विभागको मिति २०७१।२।१ को पत्र समेतबाट पुष्टि भएको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

९३. सेम्ब दुवरीको नाति, सेम्ब मो. को छोरा अञ्चल नारायणी, जिल्ला रौतहट, गम्हरिया पर्सा गाविस गा.वि.स. वडा नं. ३ बस्ने श्री जनता प्राथमिक विद्यालय गम्हरिया पर्साको शौचालय तथा भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष मोहम्मद आलम समेत जना ६.....

**मुद्दा : सरकारी अनुदान रकम हिनामिना गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।७।१७ पुनरावेदन दर्ता मिति : २०७२।११।१०**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरूले आपसी मिलोमतो गरी बदनियतपूर्वक नभएको काम भएको भनी गलत प्रतिवेदन तयार गरी फछ्र्यौट गरेको पेश्की रु.१,८०,०००।- र कार्य सम्पन्न गरेको भनी लिए/दिएको भुक्तानी रु.२,०५,३१७।- गरी कुल ३,८५,३१७।- रकम भुक्तानी लिई/दिई सरकारी रकम हानि नोक्सानी र दुरुपयोग गरी भ्रष्टाचार गरेको तथ्य प्रतिवादीहरूले अनुसन्धानको क्रममा गरेको बयान लगायतका कागजातहरूबाट पुष्टि भएको हुँदा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

९४. ओखलढुंगा जिल्ला विभुटार गा.वि.स.वडा नं. १ घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ७ चाबहिल बस्ने शान्ति श्रेष्ठ.....

**मुद्दा : निर्णय बदर दर्ता बदर हक कायम समेत ।**

**फैसला मिति : २०७२।३।३० पुनरावेदन दर्ता मिति : २०७२।११।१३**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** का.म.न.पा. वडा नं. ७ सिट नं.१०२-१०२७-१८ कि.नं. ८५ मा क्षे.फ. ०-०-३-३, कि.नं. ७५ मा ०-५-१-२, कि.नं. १७५ मा ०-१०-१-० र कि.नं. १७६ मा ०-१-१-२ साविक कि.न. १४० धोवीखोलाको जग्गा घुसेको तथ्य अनुसन्धानबाट देखिएको हुँदा सम्बन्धित कित्ताबाट कट्टा गरी नेपाल सरकारको नाममा कायम गर्न मालपोत कार्यालय चाबहिलमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६५।५।२७ को निर्णय अनुसार लेखी पठाइएको र मालपोत कार्यालय चाबहिलले मिति २०६५।८।३० को उक्त जग्गाहरू नेपाल सरकारको नाममा कामय गर्ने गरी भएको निर्णय बदर गरी उक्त जग्गाहरू कि.नं. १७६ बाट कित्ताकाट भै नेपाल सरकारको नाममा कायम भएको जग्गा शान्ति श्रेष्ठको नाममा हक कायम हुने ठहर गरी भएको उक्त फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ ।

९५. गणेश ठाकुरको छोरा, महोत्तरी जिल्ला महोत्तरी गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई जिल्ला विकास समितिको कार्यालय, धनुषा अन्तर्गत जिल्ला प्राविधिक कार्यालय, धनुषाका निमित्त प्रमुख (इन्जिनियर) विनोदकुमार ठाकुर समेत ८७ जना.....

**मुद्दा : भ्रष्टाचार (विकास निर्माण कार्यमा अनियमितता) ।**

**फैसला मिति : २०७२।३।१ पुनरावेदन दर्ता मिति : २०७२।११।२८**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** विनोदकुमार ठाकुर समेतका प्रतिवादीहरूले धनुषा जिल्लामा आ.व.०६८।६९ मा सञ्चालित विभिन्न २५ वटा विकास निर्माण योजना कार्यमा अनियमितता गरी कुल बिगो रु.१,१३,९८,३८३।- भ्रष्टाचार गरेको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेकोमा विशेष अदालत, काठमाडौंबाट प्रतिवादीहरूमध्ये लक्ष्मी नारायण महतो, मदन मोहनलाल कर्ण, विनोदकुमार ठाकुर, अशोककुमार साह, रामेश्वर यादव र जीवनाथ चौधरीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को (ग)(घ)(ङ) बमोजिमको कसुर गरेको ठहर गरी, प्रतिवादीहरू प्रकाश मिश्र, उमाशंकर यादव र रघुनन्दन यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को कसुर गरेको ठहर गरी र अन्य प्रत्यर्थी/प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी फैसला भएकोमा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबी बमोजिमकै सजाय नभएको हदसम्म उक्त फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

९६. जिल्ला मकवानपुर गा. वि. स. मार्खु वडा नं. १ बस्ने कृष्णप्रसाद रिमालको नाति, सानुभाइ

रिमालको छोरा, श्री सरस्वती बालवोधिनी मा.वि.मार्खुका तत्कालीन प्रधानाध्यापक सहदेवकुमार रिमाल समेत जना २.....

**मुद्दा : भवन निर्माणमा लागत अनुमानभन्दा बढी खर्च देखाई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७१।९।१९** **पुनरावेदन दर्ता मिति : २०७२।१२।२**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** श्री सरस्वती बालवोधिनी मा.वि.मार्खु, मकवानपुरका तत्कालीन प्र.अ.सहदेव कुमार रिमाल र खाता सञ्चालन गर्ने तत्कालीन राहत शिक्षक पूर्णचन्द्र काफ्लेले विद्यालयको संचित रकमबाट रु.१२,३०,५७५।७१ बढी खर्च देखाई हिनामिना गरी विद्यालयलाई हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको तथ्य निर्मित भवनको कार्य सम्पन्न प्रतिवेदन समेतबाट पुष्टि भएकोमा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

९७. नथुनी मण्डलको नाति, जिया मण्डलको छोरा, जिल्ला महोत्तरी, खोपी गा.वि.स.-६, गोठबनौली वतन भई महोत्तरी जिल्ला, खोपी गाउँ विकास समितिको कार्यालयका कार्यालय सहायक महेन्द्र मण्डल.....

**मुद्दा : सामाजिक सुरक्षा भत्ता हिनामिना गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।३।२१** **पुनरावेदन दर्ता मिति : २०७२।१२।२**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** महोत्तरी जिल्ला, खोपी गाउँ विकास समितिको कार्यालयका कार्यालय सहायक महेन्द्र मण्डलले आ.व.०६४।६५ र ०६५।६६ मा सामाजिक सुरक्षा भत्ता रु.१,६९,५००।- आफूले लिने खाने मनसायले विभिन्न व्यक्तिको सहीछाप आफैंले गरी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याई आरोपपत्र मागदाबी बमोजिमको कसुर गरेको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेकोमा प्रतिवादी महेन्द्र मण्डललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) को कसुर गरेको ठहर गरी ३ (तीन) महिना कैद सजाय हुने ठहर गरी भएको हदसम्मको फैसला सोही हदसम्म त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

९८. रामलाल प्रसाद महतोको नाति,जटाधारी महतोको छोरा पर्सा जिल्ला, सूर्याहा गा.वि.स. वडा नं. २, स्थायी घर भै हाल नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय, पोखरियाका प्र.अ.शम्भुप्रसाद चौहान समेत जना २.....

मुद्दा : विद्यालयको भवन र शौचालय निर्माण गर्न आएको रकम हिनामिना गरी भ्रष्टाचार गरेको ।

फैसला मिति : **२०७२।९।९** **पुनरावेदन दर्ता मिति :** २०७२।१२।२

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरूले पोखरिया-४, पर्सास्थित नेपाल राष्ट्रिय नि.मा.वि., सतवरियामा विद्यालयको २ कोठे भवन निर्माण गर्न र शौचालय निर्माण गर्न निकासा भएको रकम जम्मा रु.८,५०,०००।- बाट विद्यालय भवन तथा शौचालय निर्माण नगरी हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य अनुसन्धानको क्रममा भएको स्थलगत अनुगमन प्रतिवेदन समेतबाट पुष्टि भएकोमा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

९९. धीरेन्द्रबहादुर शाहको नाति, लोकजंगबहादुर शाहको छोरा, अंचल सेती, जिल्ला कैलाली, थापापुर गा.वि.स., वडा नं.-२, स्थायी ठेगाना भई त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचर काठमाडौंका तत्कालीन का.मु.भन्सार प्रशासक सुदीपचन्द्र शाह समेत जना ४.....

**मुद्दा : घूस/रिसवत लिई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।३।२०** **पुनरावेदन दर्ता मिति : २०७२।१२।४**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयका तत्कालीन का.मु. भन्सार प्रशासक सुदिपचन्द्र शाहको निर्देशन एवं मिलेमतोमा सोही कार्यालयका नायब सुब्बा हरिवंश कार्कीले भन्सार कार्यालयबाट अवैध सुन चोरी निकासी पैठारी मुद्दामा थुनामा रहेका भारतीय नागरिक अभिषेक सरकारलाई छुटाउन भनी एजेन्टहरू देवराज भट्टराई र प्रेमकुमार अधिकारी मार्फत निवेदक संजयकुमार झासँग घूस/रिसवत लिई भ्रष्टाचार गरेको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेकोमा प्रतिवादीमध्येका हरिवंश कार्कीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुरमा दफा ३(१) बमोजिम रु.१०,००,०००।- जरिवाना र सोही ऐनको दफा ३(१)(ङ) बमोजिम २ वर्ष कैद हुने र प्रतिवादी देवराज भट्टराईले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(२) को कसुरमा दफा ३(१) बमोजिम रु.२२,४०,०००।- जरिवाना र सोही ऐनको दफा ३(१)(च) बमोजिम २ वर्ष ६ महिना कैद हुने तथा प्रतिवादीद्वय सुदिपचन्द्र शाह र प्रेमकुमार अधिकारीले आरोपित कसुरबाट सफाइ ठहर गरी भएको फैसलामा कसुरदार ठहर भएका प्रतिवादीहरूलाई आरोपपत्र मागदाबी बमोजिमको सजाय नभएको र प्रतिवादीद्वय सुदिपचन्द्र शाह र प्रेमकुमार अधिकारीलाई आरोपपत्र मागदाबीबाट सफाइ दिएको हदसम्म उक्त फैसला त्रुटिपूर्ण हुँदा सोही हदसम्म उक्त फैसला बदरभागी रहेको छ ।

१००. पेमा तेन्जी शेर्पाको नाति, कामी सार्की लामाको छोरा सोलुखुम्बु जिल्ला टाप्टिङ गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई जन्तरधाप-टाप्टिङ-गोराखानी सडक निर्माण उपभोक्ता समिति सोलुखुम्बुका तत्कालीन सचिव ओङडा शेर्पा.....

**मुद्दा : सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।८।२५** **पुनरावेदन दर्ता मिति : २०७२।१२।१२**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** जिल्ला सोलुखुम्बु, टाप्टिङ गा.वि.स., जन्तरधाप-टाप्टिङ-गोराखानी सडक निर्माण उपभोक्ता समितिका सचिव ओङडा शेर्पाले उक्त सडक निर्माण कार्यका लागि जिल्ला विकास समितिको कार्यालय, सोलुखुम्बुबाट आ.व. ०६८/६९ मा निकासा भएको रु.३,००,०००।- मध्ये रु.१,९२,५००।- सडक निर्माणका लागि डोजर ल्याउँछु भनी बुझिलिएकोमा सडक निर्माणको कुनै पनि कार्य नगरी उक्त रकम हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य निज प्रतिवादीलाई आरोपपत्र मागदाबी बमोजिम कसुर गरेको ठहर गरी सजाय भएबाट पुष्टि भइरहेकोमा निजले लिनुखानु गरेको बिगो समेत असुल उपर हुने गरी फैसला हुनुपर्नेमा प्रतिवादीले लिनुखानु गरी हिनामिना गरेको बिगो रकम असुल उपर गर्ने सम्बन्धमा केही नबोली भएको हदसम्मको सुरु अदालतको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला सोही हदसम्म बदरभागी रहेको छ ।

१०१. जयबहादुर श्रेष्ठको नाति, मोहनप्रसाद श्रेष्ठको छोरा, सुनसरी जिल्ला धरान न.पा., वडा नं. १५ स्थायी ठेगाना भई हाल जिल्ला शिक्षा कार्यालय, भोजपुरमा लेखा अधिकृत पदमा कार्यरत सुरेन्द्रप्रसाद श्रेष्ठ.....

**मुद्दा : बढुवा प्रयोजनका लागि अदालतको फैसलाले बदर भएको झुठा कागजात पेश गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।८।२३** **पुनरावेदन दर्ता मिति : २०७२।१२।१६**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादी सुरेन्द्रप्रसाद श्रेष्ठले मिति २०५८।५।५ को सम्मानित सर्वोच्च अदालतबाट भएको फैसलाले बदर भएको नेपाल प्रशासन सेवा रा.प.अन. प्रथम श्रेणीको

लेखापाल पदमा बढुवा भएको नियुक्ति पत्र पेश गरी सोही आधारमा बढुवा समितिको मिति २०७१।३।२९ को निर्णयबाट लेखा अधिकृत पदमा बढुवा भई भ्रष्टाचार गरेको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेकोमा प्रतिवादीलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

१०२. धनुषा जिल्ला कुर्ता गा.वि.स. वडा नं. ७ वतन भएका रिताई महतोको नाति, परिछन महतोको छोरा, तत्कालीन गाउँ विकास समितिको कार्यालय कनकपट्टीमा गा.वि.स. सचिव पदमा कार्यरत राम दयाल महतो.....

**मुद्दा : सामाजिक सुरक्षा भत्ता अनियमितता गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।८।२१ पुनरावेदन दर्ता मिति : २०७२।१२।१६**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादी रामदयाल महतोले सामाजिक सुरक्षा भत्ता वितरण भरपाईमा आफैंले औठा छाप लगाई रु.५४,०००।- सम्बन्धित व्यक्तिहरूलाई उपलब्ध नगराई आफूले खाई मासी भ्रष्टाचार गरेको तथ्य प्रतिवादीले अनुसन्धानको क्रममा गरेको बयान लगायतका कागजातहरूबाट पुष्टि भइरहेकोले प्रतिवादीलाई आरोपपत्र मागदाबी बमोजिम कसुर ठहर गरी सजाय गर्नुपर्नेमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) को कसुरसम्म गरेको ठहर गरी भएको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला सो हदसम्म बदरभागी रहेको छ ।

१०३. जिल्ला ललितपुर, ललितपुर उपमहानगरपालिका वडा नं. १ बस्ने श्री निरप्रसाद भट्टराईको छोरा, पोखरा विश्वविद्यालयका उपकुलपति प्रा. खगेन्द्रप्रसाद भट्टराई समेत २४ जना.....

**मुद्दा : पोखरा विश्वविद्यालयबाट कलेजहरूलाई सम्बन्धन दिंदा तथा खरिद लगायतका विभिन्न विषयहरूमा अनियमितता गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।४।१८ पुनरावेदन दर्ता मिति : २०७२।१२।२३**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरूले पोखरा विश्वविद्यालयबाट कलेजहरूलाई सम्बन्धन दिंदा तथा खरिद लगायतका विभिन्न विषयहरूमा अनियमितता गरी भ्रष्टाचार गरेको तथ्य मिसिल संलग्न कागजातहरू तथा प्रतिवादीहरूले अनुसन्धानको क्रममा गरेको बयान व्यहोराबाट पुष्टि भइरहेकोमा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

१०४. सुर्जमान मल्लको नाति, हिरासिंह मल्लको छोरा, डोटी जिल्ला घाँगल गा.वि.स.वडा नं. ६ बस्ने उपभोक्ता समितिका अध्यक्ष भजनसिंह मल्ल समेत जना ८.....

**मुद्दा : सडक निर्माणमा आएको खाद्यान्न र नगद अनियमितता गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।९।२ पुनरावेदन दर्ता मिति : २०७२।१२।२३**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरूले सडक निर्माणमा आएको खाद्यान्न (दाल,चामल) र नगद अनियमितता गरी भ्रष्टाचार गरेको तथ्य प्रतिवादीहरूले अनुसन्धानको क्रममा गरेको बयान, इन्जिनियर महानन्द जोशी समेतले पेश गरेको स्थलगत निरीक्षण प्रतिवेदन, स्थलगत निरीक्षण प्रतिवेदनको व्यहोरालाई इन्जिनियरहरू सुरेन्द्र कुमार साह र महानन्द जोशीले अदालतमा उपस्थित भई गरेको बकपत्र तथा मिसिल संलग्न कागजातहरूबाट पुष्टि भएकोमा विशेष अदालत, काठमाडौंबाट कसुर ठहर भएको प्रतिवादी भजनसिंह मल्ललाई बिगो रु.५,००,०००।- मात्र ठहर भएको र अन्य प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीको कसुरबाट सफाइ दिने ठहर गरी र हानि नोक्सानी गरेको लिए खाएको बिगो भराउने सम्बन्धमा केही नबोली भएको हदसम्मको फैसला त्रुटिपूर्ण भई बदरभागी

रहेको छ ।

१०५. महादेव राय यादवको नाति, रामबाबु प्रसाद यादवको छोरा, जिल्ला रौतहट, गा.वि.स. भसेढवा वडा नं.-८ झौवा घर भई राम प्राथमिक विद्यालय झौवा भसेढवा- ८ का विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्याममिकी प्रसाद यादव समेत जना ३.....

**मुद्दा : विद्यालयमा सरकारी अनुदानमा निकासा भएको रकम हिनामिना गरी भ्रष्टाचार गरेको । फैसला मिति : २०७२।१०।२० पुनरावेदन दर्ता मिति : २०७२।१२।२३**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** राम प्रा.वि. झौवा, भसेढवा-८, रौतहटका प्र.अ. वाल्मीकि प्रसाद यादव र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्याममिकी प्रसाद यादवले विद्यालयको बैंक खाताबाट जम्मा रु.२६,७१,८१०।३१ निकाली अनियमित तरिकाबाट विभिन्न शीर्षकमा खर्च लेखी दुरुपयोग एवं हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य आयोगबाट खटिएको टोलीले स्थलगत रूपमा निरीक्षण गरी पेश गरेको प्रतिवेदन समेतबाट पुष्टि भइरहेकोमा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

१०६. पूर्णबहादुर के.सी.को नाति, कृष्णबहादुर के.सी.को छोरा, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३४ बानेश्वर बस्ने अर्जुनबहादुर के.सी.....

**मुद्दा : जिन्सी सामान हिनामिना गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।१०।४ पुनरावेदन दर्ता मिति : २०७२।१२।२३**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** नेपाल विद्युत प्राधिकरण साविक काठमाडौं मध्य वितरण केन्द्र हाल रत्नपार्क वितरण केन्द्रका तत्कालीन स्टोर किपर अर्जुनबहादुर के.सी ले आफ्नो ओहदा वा सो सम्बन्धी कर्तव्य पालना गर्दा नेपाल विद्युत प्राधिकरण जस्तो सार्वजनिक संस्थाको सम्पत्तिको लापरवाही वा बदनियत गरी रु.५४,४८,६६४।६२ बराबरका विभिन्न जिन्सी सामानहरू हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य मिसिल संलग्न कागजातहरू तथा सुरु अदालतको फैसलाबाट समेत पुष्टि भएकोमा प्रतिवादीलाई आरोपपत्रमा मागदाबी गरिएको बिगो भन्दा कम बिगो रु.४७,५१,६७९।६७ ठहर गरी बाँकी बिगोबाट उन्मुक्ति दिने गरी भएको फैसलाको हदसम्म उक्त फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

१०७. पुलगित सिंहको नाति, राजेन्द्र सिंहको छोरा, महोत्तरी जिल्ला सिसवा कटैया गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भै महोत्तरी जिल्लाको बथनाहा गा.वि.स. का सचिव (ना.सु.) श्याम सुन्दर सिंह.....

**मुद्दा : सरकारी अनुदानको रकम हिनामिना गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।९।२० पुनरावेदन दर्ता मिति : २०७२।१२।२३**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** महोत्तरी जिल्ला अन्तर्गतको बथनाहा गा.वि.स. का तत्कालीन गा.वि.स. सचिव श्याम सुन्दर सिंहले आफ्नो कार्यकालमा जिल्ला विकास समिति, महोत्तरीबाट गा.वि.स.लाई प्राप्त पुँजीगत अनुदानको रकम रु.३४,४७,१६४।- बदनियतपूर्वक हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य प्रतिवादीले मौकामा गरेको बयान तथा जिल्ला प्रशासन कार्यालय, महोत्तरीको प्रतिवेदन समेतबाट पुष्टि भइरहेकोमा प्रतिवादीलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

१०८. जिल्ला मकवानपुर हेटौंडा नगरपालिका वडा नं. ५ स्थायी वतन भएका हेम गोपाल अमात्यको नाति, गोपाल अमात्यको छोरा, विनोद अमात्य समेत जना ३.....

**मुद्दा : घूस\रिसवत ।**

**फैसला मिति : २०७२।१०।०३** **पुनरावेदन दर्ता मिति : २०७२।१२।२३**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** जिल्ला स्वास्थ्य कार्यालय पर्वतले औषधी लगायतका सामानहरू खरिद गर्दा भ्रष्टाचार भएको भन्ने उजुरी उपर छानबिनका लागि भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोग पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखराका अनुसन्धान अधिकृत (शाखा अधिकृत) विनोद अमात्य, लेखा अधिकृत तोयानाथ शर्मा तथा सवारी चालक रामेश्वर ढुंगाना समेत आयोगको गाडी सहित स्थलगत निरीक्षणको लागि मिति २०७१।५।८ मा पर्वत जिल्लामा खटिई गएको, निजहरू न्यु फ्रेण्डली होटल, पर्वत, कुश्मामा बसी आफूहरूले छानबिन गर्नुपर्ने सम्पूर्ण कागजात जिल्ला स्वास्थ्य कार्यालय, पर्वतका सि.अ.हे.व. गोपाल आचार्य मार्फत होटलमा नै झिकाई त्यही होटलमा बसी कागजात अध्ययन गरेको र सोही अवस्थामा सि.अ.हे.व. गोपाल आचार्यलाई मध्यस्थकर्ताको रूपमा प्रयोग गरी तपाईंलाई अप्ठ्यारो पर्छ रु.२,००,०००।- देखि रु.२,५०,०००।- सम्म दिने भए केश मिलाइदिन्छौं भन्ने सन्देश निज मार्फत जिल्ला स्वास्थ्य कार्यालय, पर्वतका कार्यालय प्रमुख समक्ष पठाई जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख डा. नारायण ओझाले आयोगका कर्मचारीद्वय तोयानाथ शर्मा र विनोद अमात्यको माग बमोजिमको रकम रु.२,००,०००।- लेखा अधिकृत एवं निवेदक एकनारायण पौडेललाई दिनु भन्ने आदेशानुसार लेखा अधिकृतले सि.अ.हे.व. (मध्यस्थकर्ता) गोपाल आचार्यलाई रु.२,००,०००।- दिएकोमा निज गोपाल आचार्यले उक्त रकम होटल न्यु फ्रेण्डलीमा आई आयोगका कर्मचारी बसेको होटलको कोठामा तोयानाथ शर्मासमेत भएको अवस्थामा विनोद अमात्यलाई रु.१,५०,०००।- दिएको र बाँकी रु.५०,०००।- निजहरूका निमित्त होटलबास र खाना तथा निजहरूलाई ठुलीपोखरी हुँदै पोखरासम्म पुऱ्याउन जिल्ला स्वास्थ्य कार्यालयको गाडीमा इन्धन राख्दा खर्च भएको भनी रु.२,००,०००।- घूस/रिसवत लिए दिएको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेकोमा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइदिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

१०९. जिल्ला ताप्लेजुङ चाँगे गा.वि.स. वडा नं.-२ स्थायी घर भई हाल जिल्ला ललितपुर नखिपोट चोकमा डेरा गरी बस्ने पदमध्वज आङबुहाङको छोरा नेपाल क्रिकेट संघका तत्कालीन अध्यक्ष टंक आङबुहाङ लिम्बु समेत जना १८.....

**मुद्दा : नेपाल सरकार समेतबाट नेपाल क्रिकेट संघलाई उपलब्ध सम्पत्ति हानि नोक्सानी गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।७।१९** **पुनरावेदन दर्ता मिति : २०७३।१।२**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरूले नेपाल सरकार तथा विदेश संघ-संस्थाहरूबाट नेपाल क्रिकेट संघलाई प्राप्त अनुदान रकम सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१)को प्रक्रिया पूरा नगरी खर्च गरेको, अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (ICC) ले दिएको निर्देशन उल्लंघन गरेको, सामानहरू खरिद गर्दा स्टोर दाखिला गर्ने, माग फाराम खरिद आदेश लगायतका प्रक्रिया पुऱ्याई खरिद गर्ने नगरी बदनियतपूर्वक खर्च गरी भ्रष्टाचार गरेको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेकोमा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

११०.माझी रायको नाति, उपेन्द्र राय यादवको छोरा जिल्ला सर्लाही, सलेमपुर गा.वि.स. वडा नं. ७ घर भई सामुदायिक प्रा.वि. मोदनबाबा सलेमपुर -८ को विद्यालय व्यवस्थापन समितिका

अध्यक्ष अशोककुमार यादव समेत जना ३.....

**मुद्दा : विद्यालयको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।११।१२** **पुनरावेदन दर्ता मिति : २०७३।१।२१**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरू अशोक कुमार यादव समेतले सामुदायिक प्रा.वि. मोदनबाबा सलेमपुर-८, सर्लाहीलाई प्राप्त अनुदान रकम रु.११,७६,७८४।- हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य आयोगको स्थलगत अनुगमन निरीक्षण प्रतिवेदन समेतका कागजातहरूबाट पुष्टि भइरहेकोमा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

१११. जगन्नाथ देवकोटाको नाति, लालमणि देवकोटाको छोरा, सुर्खेत, वीरेन्द्रगनर-१, ढोडेखाली स्थायी घर भै मध्यपश्चिमाञ्चल विश्वविद्यालय, सुर्खेतका तत्कालीन उपकुलपति वर्ष ६२ का प्रा.डा. पदमलाल देवकोटा समेत जना १६.....

**मुद्दा : मध्यपश्चिमाञ्चल विश्वविद्यालयको सम्पत्ति (कोष) हानि नोक्सानी गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।९।२७** **पुनरावेदन दर्ता मिति : २०७३।१।२७**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** मध्यपश्चिमाञ्चल विश्वविद्यालयमा कार्यरत पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूले पदीय जिम्मेवारी एवं कर्तव्य पालनाका सिलसिलामा मध्यपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७ र मध्यपश्चिमाञ्चल विश्वविद्यालय, संगठन तथा शैक्षिक प्रशासनिक नियमावली, २०६९, शिक्षक कर्मचारी नियमावली, २०६९, आर्थिक प्रशासन नियमावली, २०६९ र प्रचलित कानून विपरीत कार्यक्रम नै नभएको विषयमा भए गरेको भनी नितान्त व्यक्तिगत प्रयोजनका खर्चका बिल राखी रकम हिनामिना गरेको, बैठक भत्ताका नाममा रकम हिनामिना गरेको, कम्प्युटर तथा जेनेरेटर खरिदमा रकम हिनामिना गरेको, विज्ञान तथा प्रविधि भवन निर्माणमा बढी भुक्तानी दिएको, आवास तथा फर्निसिङ बापतको सुविधाका नाममा रकम हिनामिना गरेको, नियम विपरीत विभिन्न व्यक्तिलाई गैरकानूनी रूपमा नियुक्ति दिएको समेतका विभिन्न कार्य गरी विश्वविद्यालयको कोषको बदनियतपूर्वक हानि नोक्सानी पुऱ्याई आफूहरूले गैरकानूनी लाभ लिई प्रतिवादीहरूले आरोपपत्र मागदाबी बमोजिमको भ्रष्टाचार गरको तथ्य प्रतिवादीहरूले अनुसन्धानको क्रममा गरेको बयान लगायतका मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेकोमा प्रतिवादी ठकेन्द्र प्रकाश गिरी, सुधन गौली, गणेशबहादुर रावत, कमल के.सी., पारसराम गिरी, जीवनकुमार थापा र गगन सिंह बोहरालाई आंशिक बिगोसम्म ठहर गरी र अन्य प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी फैसला भएको हुँदा प्रतिवादी ठकेन्द्र प्रकाश गिरी, सुधन गौली, गणेशबहादुर रावत, कमल के.सी., पारसराम गिरी, जीवनकुमार थापा र गगन सिंह बोहरालाई बाँकी बिगोबाट उन्मुक्ति दिइएको हकमा सो हदसम्म र आरोपपत्र मागदाबीबाट पूरै सफाइ पाएका प्रतिवादीहरू अभियोग मागदाबीबाट सफाइ पाउने गरी भएको फैसलाको हदसम्म उक्त फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।

११२. मानबहादुर ओलीको नाति, जीवलाल ओलीको छोरा, गुल्मी जिल्ला, पुर्कोट दह-७ घर भई प्रहरी प्रधान कार्यालय, प्रहरी गण नं. १ मा तत्कालीन प्रहरी नायब निरीक्षक पदमा कार्यरत पुष्पबहादुर ओली समेत जना ५.....

**मुद्दा : भ्रष्टाचार (रकम हिनामिना) ।**

**फैसला मिति : २०७२।८।२२** **पुनरावेदन दर्ता मिति : २०७३।१।२८**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरूले प्रहरी कल्याण कोषको इन्धन बिक्रीको कारोबारमा

अनियमितता गरी भ्रष्टाचार गरेको तथ्य तत्कालीन प्र.ना.म.नि. उपेन्द्र कान्त अर्यालको संयोजकत्वमा गठित छानबिन समितिको प्रतिवेदन तथा प्रतिवेदकहरूले विशेष अदालत काठमाडौंमा गरेको बकपत्र समेतबाट पुष्टि भइरहेकोमा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

११३. धर्मानन्दको नाति, लक्ष्मि प्रसादको छोरा, विराटनगर -५, मोरङ घर भई मालपोत कार्यालय धनकुटाको तत्कालीन मालपोत अधिकृत पदमा कार्यरत सुरेशकुमार थपलिया समेत जना १३.....

**मुद्दा : सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरी भ्रष्टाचार गरे गराएको ।**

**फैसला मिति : २०७२।११।५** **पुनरावेदन दर्ता मिति : २०७३।१।२८**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरू सुरेशकुमार थपलिया समेतले सरकारी जग्गा बलबहादुर भण्डारीका नाममा दर्ता गरी गराई रु.९,२०,०००।- भ्रष्टाचार गरेको तथ्य मिसिल संलग्न दर्ता श्रेस्ता समेतका कागजातहरूबाट पुष्टि भइरहेकोमा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

११४. जिल्ला सर्लाही गडहिया गा.वि.स. वडा नं. १ विर्ताटोल घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा. नयाँ बानेश्वर थापा गाउँ बस्ने संविधान सभा तथा व्यवस्थापिका संसदका तत्कालीन सदस्य शिवपुजन राय यादव समेत जना ११.....

**मुद्दा : कूटनीतिक राहदानी (सरकारी कागजात) सच्याई हेरफेर गरी अनधिकृत मानिस विदेश पठाई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।४।२६** **पुनरावेदन दर्ता मिति : २०७३।१।३०**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादी शिवपुजन राय यादवले आफ्ना नाममा नेपाल सरकारबाट जारी भएको कूटनीतिक राहदानी आफ्नो व्यक्तिगत स्वार्थ परिपूर्ति गर्न प्रयोग गरी प्रतिवादी सन्तोषराज उप्रेतीलाई जिम्मा लगाई निज मार्फत रु.बाइस लाख रकमको कारोबारमा सहमति जनाई आफू समेतले सो रकम बुझी लिई प्रतिवादी देवेन्द्र पौडेल, मनोजकुमार कार्की, गोपाल बानियाँ समेतसँग मिली उक्त राहदानीमा टाँसिएको आफ्नो फोटो उक्काई सो राहदानीमा केदारनाथ शर्मा चापागाईंको फोटो टाँस गरी प्रतिवादी सन्तोषराज उप्रेती समेतका प्रतिवादीहरूको सहकार्य र अध्यागमनका कर्मचारीहरूको मिलेमतोमा निज केदारनाथलाई अष्ट्रेलिया उडाएपछि निज केदारनाथले अष्ट्रेलियाबाट फिर्ता पठाएको राहदानीमा टाँस गरिएको भिसा, नेपाल तथा विदेशका अध्यागमन कार्यालयहरूबाट जारी भएका राहदानी बाहकले प्रस्थान एवं आगमन अनुमति प्राप्त गर्दा राहदानीमा टाँसिने स्टिकरहरू निज प्रतिवादी शिवपुजन राय यादव समेतका प्रतिवादीहरू मिली झिकी उडाई राहदानीका ती सम्बद्ध पृष्ठहरू समेत फेरबदल गरी उक्त राहदानीमा टाँसिएको केदारनाथ शर्मा चापागाईको फोटो उक्काई पुनःआफ्नो फोटो टाँस गर्ने कार्यमा सहमति जनाई मिली सरकारी कागज (कूटनीतिक राहदानी) सच्याई आफ्नो ओहदाको हैसियतले प्राप्त कूटनीतिक राहदानी दुरुपयोग गरी रिसवत लिएको पुष्टि भइरहेकोमा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबी बमोजिम सजाय हुनुपर्नेमा विशेष अदालत काठमाडौंबाट प्रतिवादी शिवपुजन राय यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम ३ महिना कैद र रु.१५,०००।- जरिवाना र निजलाई सोही ऐनको दफा २४ बमोजिम थप १ महिना कैद सजाय समेत हुने, प्रतिवादी केदार पौडेल भन्ने केदारनाथ शर्मा चापागाईंले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा दफा ११ र दफा १५ को कसुरमा निजलाई

सोही ऐनको दफा ११ बमोजिम ६ महिना कैद र जरिवाना रु.२५,०००।- तथा दफा १५ बमोजिम १ वर्ष कैद र रु.५०,०००।- जरिवाना हुने, प्रतिवादी सन्तोषराज उप्रेती, आशिष भन्ने डिलबहादुर घर्ती, देवेन्द्र पौडेल, गोपाल बानियाँ तथा मनोज कुमार कार्कीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ को कसुरमा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा ११ बमोजिम जनही १ वर्ष कैद र रु.५०,०००।- सजाय हुने, प्रतिवादीहरू रमेश लम्साल, देवीदत्त खत्री, इन्द्रकुमार सुनुवार र श्यामबाबु भण्डारी (निजका हकमा पछि पुरक अभियोगपत्र पेश गरिएको) ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ सम्मको कसुर गरेकाले निजहरूलाई सोही ऐनको दफा ११ बमोजिम जनही ४ महिना कैद र रु.१५,०००।- जरिवाना हुने गरी फैसला भएकोमा उक्त अदालतबाट प्रतिवादीहरूलाई आरोपपत्र मागदाबी बमोजिमकै कसुर कायम तथा सजाय नभएको हदसम्म उक्त फैसला त्रुटिपूर्ण भई सो फैसला सोही हदसम्म बदरभागी छ ।

११५. रामसिंहको नाति, रतिरामको छोरा, जिल्ला कैलाली धनगढी न.पा. वार्ड नं. ८ विर्ताटोल घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वार्ड नं. ३२ घट्टेकुलो बस्ने संविधान सभा तथा व्यवस्थापिका संसदका सदस्य नारदमुनि राना समेत जना ११.....

**मुद्दा : कूटनैतिक राहदानी (सरकारी कागजात) सच्याई हेरफेर गरी अनधिकृत मानिस विदेश पठाई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।४।२६** **पुनरावेदन दर्ता मिति : २०७३।१।३०**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादी नारदमुनि रानाले ०२१२४४ नं. को आफ्ना नाममा नेपाल सरकारबाट जारी भएको कूटनीतिक राहदानी आफ्नो व्यक्तिगत आर्थिक हित एवं स्वार्थ परिपूर्ति गर्न प्रयोग गरी प्रतिवादी निर्मल बानियाँको फोटो टाँस गर्न प्रतिवादी देवेन्द्र पौडेल, मनोज कुमार कार्की, गोपाल बानियाँ, डिलबहादुर घर्ती समेतलाई दिई निज प्रतिवादीहरूसँग मिली उक्त राहदानीमा टाँसिएको फोटो प्रतिवादी देवेन्द्र पौडेलले परिवर्तन गरे पश्चात पुनः डिलबहादुर घर्ती, गोपाल बानियाँ र मनोज कुमार कार्कीलाई दिई निजहरूद्वारा निर्मल बानियाँबाट लिएको रकममध्ये केही रकम त्रि. अ. वि. अध्यागमन कार्यालय काठमाडौंका कम्प्युटर अधिकृत प्रतिवादीहरू इन्द्रकुमार सुनुवार र व.अ.स. देवीदत्त खत्रीलाई दिई उडान अनुमतिका लागि सरल प्रक्रिया हुने गरी अवश्यक सहयोग (एयरपोर्ट सेटिङ) गर्न सहमत गराएको र प्रतिवादी इन्द्रकुमार सुनुवार र देवीदत्त खत्रीले उडान अनुमतिपत्र दिलाउन शा. अ. श्यामबाबु भण्डारी समेतको सहयोग लिई निजद्वारा गमन पत्र समेत नभराई र कम्प्युटर इन्ट्री समेत नगराई उडान अनुमति दिई अवुधावी हुँदै अष्ट्रेलियातर्फ उडाउनमा सहयोग गरी प्रतिवादीहरूको आपसी मिलेमतो र बदनियतमा रिसवत लिनुदिनु गरी सरकारी कागज (कूटनीतिक राहदानी) सच्याई आफ्नो ओहदाको हैसियतले प्राप्त कूटनीतिक राहदानी दुरुपयोग गरी भ्रष्टाचार गरेको पुष्टि भइरहेकोमा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबी बमोजिम सजाय हुनुपर्नेमा विशेष अदालत काठमाडौंबाट प्रतिवादी नारदमुनि रानालाई सफाइ दिने र अन्य प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ को कसुर गरेको ठहर गरी अरू कुरामा वादी नेपाल सरकारको दाबी पुग्न सक्दैन भनी फैसला भएको हुँदा उक्त अदालतबाट प्रतिवादी नारदमुनि रानालाई सफाइ दिएको र अन्य प्रतिवादीहरूलाई आरोपपत्र मागदाबी बमोजिमको कसुर गरेको ठहर नभएको हदसम्मको उक्त फैसला सोही हदसम्म त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

११६. विलट यादवको नाति, रामेश्वरप्रसाद यादवको छोरा, जिल्ला सप्तरी छिन्नमस्ता गा.वि.स. वडा नं. ७ मोहनपुर बस्ने तत्कालीन संविधान सभाका सभासद विश्वनाथ प्रसाद यादव समेत

जना १४.....

**मुद्दा : रकम लेनदेन गरी सरकारी कागजात (कूटनीतिक राहदानी) सच्याई हेरफेर गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।४।२६** **पुनरावेदन दर्ता मिति : २०७३।२।४**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरू विश्वनाथ प्रसाद यादव, गायत्री साह, खडानन्द ढकाल, भूमिनन्द भण्डारी, श्यामबाबु भण्डारी, इन्द्रकुमार सुनुवार, देवीदत्त खत्री, हरिचरण साह र सन्तोष राज उप्रेतीले मिलेमतो गरी सभासदहरूको राहदानीमा टाँसिएको निजहरूको फोटो उप्काई अर्कै व्यक्तिहरूको फोटो टाँसी अर्कै व्यक्तिहरूलाई विदेश पठाई बिगो रु.१,६२,००,०००।- आपसमा बाँडफाँड गरी लिनुखानु गरी भ्रष्टाचार गरेको तथ्य पुष्टि भइरहेकोमा अदालतबाट तत्कालीन सभासद प्रतिवादीहरू विश्वनाथ प्रसाद यादव र गायत्री साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ को कसुरमा जनही कैद ३ महिना र रु.१५,०००।- जरिवाना समेत भई सोही ऐनको दफा २४ बमोजिम थप जनही कैद १ महिना समेत हुने, प्रतिवादीहरू भूमिनन्द भण्डारी, श्यामबाबु भण्डारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ को कसुरमा ऐ.ऐनको दफा ११ बमोजिम जनही कैद ४ महिना तथा रु.१५,०००।- जरिवाना समेत हुने, साथै पूरक अभियोग पत्र (०७१-CR-००६३ मिति २०६८।५।२ मा दायर भएको) मा प्रतिवादी बनाइएका मध्येका प्रतिवादी पृथ्वी छन्त्याललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ तथा १५ को कसुरमा ऐ.ऐनको दफा ११ बमोजिम कैद ६ महिना तथा रु.२५,०००।- जरिवाना भई सोही ऐनको दफा १५ बमोजिम १ वर्ष कैद तथा रु.५०,०००।- जरिवाना समेत हुने, प्रतिवादी सन्तोषराज उप्रेती र पूरक अभियोगपत्रमा प्रतिवादी बनाइएका मध्येका प्रतिवादीहरू देवेन्द्र पौडेल, आशिष भन्ने डिलबहादुर घर्ती, गोपाल बानियाँ, मनोज कुमार कार्कीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ को कसुरमा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा ११ बमोजिम जनही कैद १ वर्ष र जरिवाना रु.५०,०००।- समेत हुने र प्रतिवादीहरू खडानन्द ढकाल, देवीदत्त खत्री, इन्द्र कुमार सुनुवार तथा हरिचरण साहलाई अभियोग मागदाबीबाट सफाइ दिने समेत ठहर गरी फैसला भएको हुँदा उक्त अदालतबाट प्रतिवादीहरू मध्ये विश्वनाथ प्रसाद यादव समेतलाई आरोपपत्र मागदाबी बमोजिमको कसुर गरेको ठहर नभएको हदसम्म र प्रतिवादीहरू खडानन्द ढकाल, देवीदत्त खत्री, इन्द्र कुमार सुनुवार तथा हरिचरण साहलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको हदसम्मको फैसला सोही हदसम्म त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

११७. जिल्ला गुल्मी वन्दा गा.वि.स.वडा नं. ६ बस्ने खुमानन्द ज्ञवालीको छोरा, दुर्गम क्षेत्र विकास समिति, अनुगमन कार्यालय, नेपालगन्जको तत्कालीन प्रमुख अनुगमन अधिकृत पदमा कार्यरत वामदेव ज्ञवाली समेत जना २.....

**मुद्दा : भ्रष्टाचार ।**

**फैसला मिति : २०७२।८।२९** **पुनरावेदन दर्ता मिति : २०७३।२।९**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** दुर्गम क्षेत्र विकास समिति, अनुगमन कार्यालय नेपालगंजका अनुगमन अधिकृत वामदेव ज्ञवालीले राधा स्ट्रक्चर एण्ड इन्जिनियरिङ प्रा.लि.लाई गैरकानूनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैरकानूनी हानि पुऱ्याउने बदनियतले सम्झौता बमोजिमको काम नै नहुँदै रु.१२,४५,२४०।- भुक्तानी गरी भ्रष्टाचार गरेको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेकोमा प्रतिवादी वामदेव ज्ञवालीलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने र प्रतिवादी चन्द्रप्रसाद

खतिवडालाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ बमोजिमको कसुर गरेको ठहर गरे पनि रु.१२,४५,२४०।- बिगो भराउनु नपर्ने गरी गरेको हदसम्मको फैसला सोही हदसम्म त्रुटिपूर्ण रही बदरभागी रहेको छ ।

११८. माझी रायको नाति, उपेन्द्र रायको छोरा, सर्लाही जिल्ला सलेमपुर गा.वि.स. वडा नं.७ घर भई चमेलीमाई सामुदायिक प्रा.वि. सलेमपुर-५ को विद्यालय व्यवस्थापन समिति अध्यक्ष अजयकुमार यादव समेत जना ४.....

**मुद्दा : विद्यालयको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।१०।१०** **पुनरावेदन दर्ता मिति : २०७३।२।२०**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरूले सर्लाही जिल्लास्थित चमेलीमाई सामुदायिक प्राथमिक विद्यालय सलेमपुर-५ को आवश्यक पूर्वाधारहरू नभएको तथा विद्यालय नियमित रूपमा सञ्चालनमा नरहेको अवस्थामा विद्यालयका नाममा रकम निकासा गरी भ्रष्टाचार गरेको तथ्य प्रतिवादीहरूले मौकामा गरेको बयान समेतका कागजातहरूबाट पुष्टि भइरहेकोमा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

११९. गणेशबहादुर लामाको नाति, लिलाबहादुर लामाको छोरा, काभ्रेपलाञ्चोक जिल्ला च्यासिङखर्क गा.वि.स.वडा नं. १ घर भै तत्काल घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, धादिङमा कार्यरत पाँचौं तहका प्रमुख शिक्षक लिइन्द्रबहादुर लामा.....

**मुद्दा : आफूले नपाएको अधिकार प्रयोग गरी झुठा विवरण सहितका कागजातहरू तयार गरी उद्योग दर्ता गरी भ्रष्टाचार गरेको।**

**फैसला मिति : २०७२।१२।७** **पुनरावेदन दर्ता मिति : २०७३।२।३१**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, धादिङमा कार्यरत पाँचौं तह प्रमुख शिक्षक लिइन्द्रबहादुर लामाले अख्तियार प्राप्त व्यक्तिले हस्ताक्षर गरी प्रमाणपत्र जारी गर्नुपर्नेमा आफूले नपाएको ओहदा, हैसियत, प्रयोग गरी नि.वरिष्ठ उद्योग अधिकृत र नि.महानिर्देशक भनी आफैंले हस्ताक्षर गरी उद्योग दर्ता प्रमाणपत्र जारी गरी जानीजानी आफूले नपाएको ओहदा र अधिकार प्रयोग गरी भ्रष्टाचार गरेको तथ्य मिसिल संलग्न कागजातबाट पुष्टि भइरहेकोमा प्रतिवादी लिइन्द्रबहादुर लामालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम ३ महिना कैद र रु. १०,०००।- जरिवाना हुने ठहर भई आरोपपत्र मागदाबी बमोजिमको कसुर ठहर गरी सजाय नभएको हदसम्म उक्त फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

१२०. अनुराग साहको नाति, बेचु साहको छोरा, बारा जिल्ला कलैया नगरपालिका-१० स्थायी ठेगाना भई बरैनिया गा.वि.स.का तत्कालीन गा.वि.स.सचिव हरिनारायण प्रसाद साह.....

**मुद्दा : गा.वि.स.को रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।१०।२८** **पुनरावेदन दर्ता मिति : २०७३।३।२०**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** बारा जिल्ला, वरैनिया गा.वि.स.का तत्कालीन सचिव हरिनारायण प्रसाद साहले अनियमित तवरले रु.७,०४,३००।- भुक्तानी हिनामिना, हानि नोक्सानी र दुरुपयोग गरी आफूलाई गैरकानूनी लाभ हुने कार्य गरी भ्रष्टाचार गरेको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेकोमा विशेष अदालत, काठमाडौंबाट प्रतिवादीलाई आरोपपत्र मागदाबीको बिगो भन्दा कम बिगो भ्रष्टाचार गरेको ठहर गरी कम बिगो असुल उपर गरी कम जरिवाना र कम कैद सजाय गर्ने गरी भएको सो हदसम्मको उक्त फैसला सोही हदसम्म त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

१२१. चिरन्जीवी पोखरेलको नाति, टीकादत्त पोखरेलको छोरा, मोरङ जिल्ला शनिश्चरे गा.वि.स.वडा नं. २ स्थायी घर भई हाल काठमाडौं धापासी वडा नं. ५, बसुन्धारा हाइटमा बस्ने आन्तरिक राजश्व विभागका तत्कालीन लेखा अधिकृत पिताम्बर प्रसाद पोखरेल समेत जना ५.....

**मुद्दा : आन्तरिक राजश्व विभागको रकम हिनामिना मस्यौट गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।११।२७ पुनरावेदन दर्ता मिति : २०७३।३।२०**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** आन्तरिक राजश्व विभागका लेखा अधिकृत पिताम्बर प्रसाद पोखरेलले विभागको नाममा नेपाल राष्ट्र बैंकमा रहेको खाताको चेकहरू आफैंले लेखी रकम निकालेका ३९ थान चेकहरू मध्ये २१ थान चेकहरूको दायाँपट्टि दस्तखत गर्ने पदाधिकारीको दस्तखत किर्ते गरी र अन्य चेकहरूमा बायाँतर्फ खाली स्थान छाडी खाली रहेको स्थानमा अंक र अक्षर थप गरी नेपाल राष्ट्र बैंकबाट आफू स्वयंले र साढुभाइ, भतिजा तथा चिनजानको मानिसको फर्मको नाममा बदनियतसाथ रु.३,१२,८५,९८९।१७ निकाली हिनामिना, मस्यौट गरी भ्रष्टाचार गरेको तथा अन्य प्रतिवादीहरूले पिताम्बर पोखरेललाई उक्त रकम हिनामिना गर्ने कार्यमा सहयोग गरी मतियारको भूमिका खेलको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेकोमा विशेष अदालत, काठमाडौंबाट प्रतिवादीहरू मध्ये पिताम्बर प्रसाद पोखरेललाई आरोपपत्र मागदाबी बमोजिमको कसुर गरेको ठहर गरे पनि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र १२ बमोजिमको सजाय गरिरहनु परेन तथा ब्याज भराउने सम्बन्धमा स्पष्ट कानूनको अभावमा ब्याज भराइरहनु परेन भनी र अन्य प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने ठहर गरी भएको हदसम्मको उक्त फैसला त्रुटिपूर्ण भई सोही हदसम्म बदरभागी छ ।

१२२. जिल्ला सिरहा, कचनारी गा.वि.स. वडा नं. ७ बस्ने सुन्दर चौधरी यादवको नाति, तेजीलाल यादवको छोरा, जिल्ला शिक्षा कार्यालय सिरहाको जिझौल स्रोत केन्द्रमा कार्यरत स्रोत व्यक्ति राजेन्द्रप्रसाद यादव समेत जना ६.....

**मुद्दा : सरकारी अनुदान रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७२।२।२६ पुनरावेदन दर्ता मिति : २०७३।३।२०**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरू राजेन्द्र प्रसाद यादवसमेत जना ६ ले श्री शारदा प्रा.वि., जिझौल-५, सिरहाको नाममा जिल्ला शिक्षा कार्यालय, सिरहाबाट रकम निकासा गरी गराई हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य आयोग समेतबाट गरिएको स्थलगत अनुगमन निरीक्षण प्रतिवेदन समेतबाट पुष्टि भइरहेकोमा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

१२३. चेतनारायणको छोरा, जिल्ला सिन्धुली नेत्रकाली गा.वि.स. वडा नं. ७ बस्ने नेत्रकाली ग्रामीण विद्युतीकरण उपभोक्ता समितिका अध्यक्ष अच्युत कुमार श्रेष्ठ समेत जना २.....

**मुद्दा : ग्रामीण विद्युतीकरणका लागि निकासा भएको रकम हिनामिना गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७३।१।९ पुनरावेदन दर्ता मिति : २०७३।३।२०**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** सिन्धुली जिल्ला, नेत्रकाली गाउँ विकास समितिको वडा नं. ५, ६ र ७ मा विद्युत आपूर्ति गर्न कुलो खनी पेल्ट्रिक सेट जडान गर्दा सम्झौता नै नभएको रु.१३,०००।- का दरले ३१ थान सोलारसेट रु.४,०३,०००।- मा खरिद गरी आफूखुसी बाँडेको प्राविधिक सहायक प्रतिवादी शम्भुबहादुर योञ्जनले मिलेमतोमा गलत कार्य सम्पन्न प्रतिवेदन बनाई पेश्की

फछ्र्यौट तथा रकम भुक्तानी गर्ने गराउने कार्य गरी प्रतिवादी अच्युतकुमार श्रेष्ठ र प्रतिवादी शम्भुबहादुर योञ्जनले भ्रष्टाचार गरेको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेकोमा प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

### ६.४.२ पुनरावलोकन

आ.व. ०७२।७३ मा निम्न मुद्दाहरूमा पुनरावलोकनको लागि श्री सर्वोच्च अदालतमा निवेदन दर्ता गरिएको छ ।

१. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ६ बस्ने मीनबहादुर अर्याल समेत जना ११.....

**मुद्दा : उत्प्रेषण परमादेश समेत ।**

**फैसला मिति : २०७१।११।१८ पुनरावलोकनको निवेदन दर्ता मिति : २०७२।६।१५**

**पुनरावलोकनको संक्षिप्त व्यहोरा :** भक्तपुर जिल्ला साविक कि.नं. ३४७ को सार्वजनिक जग्गा कान्छा सुवालका नाममा दर्ता गर्ने निर्णय नै दूषित रही उक्त दूषित दर्ता बदर गरी सरकारी वा सार्वजनिक जग्गाको साविकको अवस्थामा अभिलेख अद्यावधिक गरी उक्त जग्गाको जग्गाधनी प्रमाणपुर्जा नेपाल सरकारको नाममा तयार गरी जिल्ला प्रशासन कार्यालय भक्तपुरमा बुझाउन मालपोत कार्यालय भक्तपुरलाई लेखी पठाउने भन्ने समेत व्यहोराको आयोगको मिति २०७०।३।३१ को निर्णयानुसार मालपोत कार्यालय भक्तपुरलाई लेखी पठाइएको निर्णय कानूनसम्मत रहे भएको अवस्थामा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७१।११।१८ मा आयोगको निर्णय बदर हुने ठहर गरी गरेको अन्तिम आदेश/फैसला सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्त समेत विपरीत भई त्रुटिपूर्ण हुँदा बदरभागी रहेको छ ।

२. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३१ पुतलीसडक, कमलादीस्थित लिगल एड्भाइजर्स फोरमको प्रो. वरिष्ठ अधिवक्ता शम्भु थापा.....

**मुद्दा : उत्प्रेषण, परमादेश, प्रतिषेध, अधिकारपृच्छा समेत ।**

फैसला मिति : **२०७२।९।२७** **पुनरावलोकनको निवेदन दर्ता मिति :** २०७३।२।१२

**पुनरावलोकनको संक्षिप्त व्यहोरा :** विपक्षी रिट निवेदक उपर आयोग समक्ष परेको उजुरीलाई प्रारम्भिक रूपमा हेर्दा उक्त उजुरी राजश्वसँग सम्बन्धित रहेकोले उक्त उजुरीको सम्बन्धमा आयोगको प्रमुखको हैसियतले तोक आदेश लगाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ९ ले दिएको कानूनी व्यवस्था अनुरूप आवश्यक छानबिन एवं कारबाही प्रक्रिया सुरु गर्न पाउने निजका प्रत्यर्थी मध्येका राजश्व अनुसन्धान विभाग समक्ष पठाएको र उक्त कार्य संविधान र अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ बमोजिम कानूनसम्मत छ । आयोगले कानूनले प्रदान गरेको अधिकार क्षेत्रभित्रको कार्य भई आयोगका प्रमुख आयुक्तले सम्बन्धित निकाय समक्ष आवश्यक प्रक्रियाका लागि मात्र भनी आफ्नो अधिकार सीमाभित्र रही आफ्नो कानूनी कर्तव्य पूरा गरेको स्पष्ट रूपमा देखिंदा देखिंदै सो तर्फ कुनै प्रकारको विवेचना समेत नगरी तथ्यलाई लुकाई विपक्षीले दायर गरेको रिट निवेदनमा आयोगबाट हुँदै नभएको अधिकारको प्रयोग गरिएको भनी परमादेश समेतको आदेश जारी हुने ठहर गरी भएको फैसला सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्त समेतको प्रतिकूल हुँदा उक्त फैसला बदरभागी रहेको छ ।

## ६.५ कारबाही

आयोगले गरेको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको व्यक्तिले कुनै कसुर गरेको देखिएमा आयोगले निजलाई कसुरको मात्रा अनुसार विभागीय सजाय गर्न अख्तियारवालालाई लेखी पठाउन सक्ने, त्यस्तो कार्यबाट नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानि, नोक्सानी पुर्‍याएकोमा त्यस्तो हानि, नोक्सानी सम्बन्धित व्यक्तिबाट भरिभराउ गर्न वा आयोगले उपयुक्त ठानेको अन्य आवश्यक कारबाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउन सक्ने र प्रचलित कानून बमोजिम दुष्परिणाम सच्याउनका लागि सम्बन्धित अधिकारी वा निकायलाई लेखी पठाउन सक्ने कानूनी व्यवस्था भए अनुसार आर्थिक वर्ष २०७२।७३ मा आयोगको निर्णयबाट गरिएका कारबाहीहरूको विवरण तलका प्रकरणहरूमा उल्लेख गरिएको छ ।

### ६.५.१ विभागीय कारबाही

सार्वजनिक पद धारण गरेको व्यक्तिले पेश गरेको स्पष्टीकरण आयोगलाई सन्तोषजनक नलागेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ अनुसार आयोगले निजलाई कसुरको मात्रा अनुसार कारण र आधार खुलाई विभागीय सजाय गर्न अख्तियारवालालाई लेखी पठाउन सक्ने व्यवस्था छ । सोही अनुरूप आर्थिक वर्ष २०७२।७३ मा विभागीय कारबाहीका लागि विभिन्न निकायमा लेखी पठाइएको विवरण देहाय बमोजिम उल्लेख गरिएको छ ।

**१. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

(१) डोटी जिल्ला, मुडभरा गा.वि.स.का प्राविधिक सहायक तिलकबहादुर महराले दोहोरो तलब भत्ता खाई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा प्रा.स. तिलकबहादुर महराले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (छ) बमोजिमको अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७२।१२।१७ को निर्णयबाट निजलाई सोही ऐनको दफा ११ बमोजिम स्पष्टीकरण माग गरिएकोमा निजले मिति २०७२।१।७ मा पेश गरेको स्पष्टीकरणमा गा.वि.स.मा नियमित आफ्नो जिम्माको काम गरी बाँकी बचेको समयमा सेती प्राविधिक शिक्षालयमा अध्ययन गर्ने गरेको भनी उल्लेख गरेको भए तापनि उक्त कुरा कार्यालयमा जानकारी नगराएको, गा.वि.स.मा उपस्थित रहेकै दिन सेती प्राविधिक शिक्षालयमा निज उपस्थिति रहेको भन्ने सेती प्राविधिक शिक्षालय, दिपायलको पत्र समेतबाट खुल्न आएको र निजामती सेवा ऐन, २०४९ को दफा ४१ मा निजामती कर्मचारीले नेपाल सरकारबाट निर्धारित समयमा नियमित रूपले हाजिर हुनुपर्दछ र सकेसम्म पहिले बिदाको स्वीकृति नलिई कामबाट अनुपस्थित हुनु हुँदैन भनी उल्लेख भएको र दफा ४२ मा निजामती कर्मचारीले अनुशासनमा रही आफ्नो कर्तव्य, इमान्दारी र तत्परताका साथ पालना गर्नुपर्ने भन्ने उल्लेख भएकोमा आफ्नो कार्यालयको कार्य बीचमै छोडी अन्यत्रै उपस्थिति जनाउने निजको कार्यबाट उपरोक्त दफामा उल्लेखित आचरण पालना भएको अवस्था नदेखिएकोले निजको स्पष्टीकरण सन्तोषजनक नदेखिएको हुँदा निज प्रा.स. तिलकबहादुर महराले आरोपित कसुर गरेको प्रमाणित भएकोले विभागीय कारबाहीका लागि आयोगको मिति २०७२।४।१३ को निर्णयानुसार जिल्ला विकास समितिको कार्यालय डोटीमा लेखी पठाइएको ।

(२) जिल्ला प्राविधिक कार्यालय सिराहाका प्रमुख डि.ई. जगदीश महतोले स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागबाट प्राप्त साना सिंचाइ आयोजना तर्फ प्राप्त रु.२५,००,०००।- बाट पाँच योजनाहरू छनोट भएकोमा ती योजनाहरू कार्यान्वयनको क्रममा भ्रष्टाचार गरेको भन्ने

सम्बन्धमा अनुसन्धान हुँदा पथरापैनी साना सिंचाइ आयोजनामा उपभोक्ता समितिले गरेको कामभन्दा बढीको प्राविधिक प्रतिवेदन तयार गरी भुक्तानीका लागि सिफारिस गर्ने र भुक्तानी दिने कार्यमा संलग्न जिल्ला प्राविधिक कार्यालय सिराहाका डि.ई. जगदीश महतो, सव-इन्जिनियर दुखी हरिजन, असिस्टेन्ट सव-इन्जिनियर शैलेन्द्रकुमार साहले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को (ख),(ग) बमोजिमको अनुचित कार्य गरेको देखिएकोमा निजहरूमध्ये तत्कालीन डि.ई. जगदीश महतोले मिति २०६७।११।१७ बाट अनिवार्य अवकाश प्राप्त गरी सेवा निवृत्त भइसकेको हुँदा निजको हकमा केही गरिरहनु परेन, सव-इन्जिनियर दुखी हरिजन, असिस्टेन्ट सव-इन्जिनियर शैलेन्द्रकुमार साहसँग आयोगको मिति २०७२।२।२५ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ११ बमोजिम स्पष्टीकरण माग गरिएकोमा निजहरूले मिति २०७२।३।१ मा पेश गरेको स्पष्टीकरणमा वास्तविक योजनास्थलमा काम गर्दै र गराउँदै जाँदा काम अनुसारको नापजाँच गरी प्राविधिक प्रतिवेदन र मूल्यांकन पेश गरेको हो। कुनै बदनियत तथा प्रलोभनमा परी मूल्यांकन गरेको छैन। कुनै किसिमको विभागीय कारबाही नहोस् भन्ने व्यहोरा उल्लेख गरेको भए तापनि उक्त आयोजनामा भएको वास्तविक काम भन्दा रु.३,३९,४९०।४७ बढीको मूल्यांकन प्रतिवेदन तयार गरी सोही मूल्यांकन प्रतिवेदनको आधारमा उपभोक्ता समितिलाई रु.३,३९,४९०।४७ बढी भुक्तानी दिएको व्यहोरा यस आयोगको स्थलगत निरीक्षण टोलीको प्रतिवेदनबाट समेत देखिएकोले निजहरूले पेश गरेको स्पष्टीकरणको जवाफ तथ्यपरक नभई चित्त बुझ्दो नदेखिएको हुँदा विभागीय कारबाहीका लागि आयोगको मिति २०७२।४।१३ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाइएको ।

(३) मोरङ जिल्ला इन्द्रपुर गा.वि.स.का सचिव विनोदकुमार न्यौपाने र इन्द्रपुर गा.वि.स. का सह-लेखापाल वासुदेव सुवेदीले राजश्व रकम रु.१४,३५,१६०।— नौ महिनासम्म बैंक दाखिला नगरी आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने पदीय कर्तव्य पालना नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (छ) बमोजिमको अनुचित कार्य गरेको देखिएकोले निजहरूलाई सोही ऐनको दफा ११ बमोजिम मिति २०७१।९।१ को निर्णय बमोजिम स्पष्टीकरण माग गरिएकोमा निजहरूले दिएको स्पष्टीकरण सन्तोषजनक नदेखिएकोले गा.वि.स. सचिव विनोदकुमार न्यौपाने र सह लेखापाल वासुदेव सुवेदीलाई विभागीय सजाय गर्नका लागि आयोगको मिति २०७२।४।१९ को निर्णयानुसार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।

(४) जिल्ला विकास समितिको कार्यालय पर्वतले आ.व.२०६६।६७ मा उपभोक्ता समिति तथा गैर-सरकारी संस्था मार्फत सञ्चालन गरेको योजनाहरूमा नियमसंगत तरिकाले सम्झौतानुसार काम नभएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा तत्कालीन स्थानीय विकास अधिकृत विष्णु वहादुर थापा र योजना अधिकृत अच्युत रेग्मीले उपभोक्ता समिति मार्फत सम्झौता गरी कार्य गर्दा, नव चेतना सामुदायिक विकास संस्थाको कार्यको लागत अनुमान बेगर सम्झौता गरेको, संस्थाको प्राप्त बिल भरपाई कागजात हेरी जाँची, जोडजम्मा र प्रमाणित समेत नगरी पहिले दिएको पेश्की फछ्र्यौट नै नगरी दोस्रो पेश्की दिएको, च्युधारा डौधारे पहिरो नियन्त्रण कार्यको नापजाँच, कार्यसम्पन्न प्रतिवेदन, गा.वि.स.को सिफारिस एवं उपभोक्ता समितिको बैठकको निर्णय बेगर, ठेक्का बिल प्रमाणित नगरी, पहिले गएको पेश्की फछ्र्यौट नै नगरी दोस्रो पटक

पेश्की दिएको तथा अरमादी सानोबगर कालीगण्डकी नदी नियन्त्रण र अरमादी रिठ्ठेखोला नदी नियन्त्रणको कार्यको नापजाँच, कार्यसम्पन्न प्रतिवेदन, ठेक्का बिल, गा.वि.स.को सिफारिस, उपभोक्ता समितिको बैठकका निर्णयहरू समेत प्रमाणित नगरी पेश्की फछ्र्यौट गरी बाँकी रकम भुक्तानी गर्ने काम गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ को पालना नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (ख) र (छ) बमोजिम अनुचित कार्य गरेको देखिएको सम्बन्धमा निजहरूसँग आयोगको मिति २०७१।११।२९ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११ बमोजिम स्पष्टीकरण माग गरिएकोमा निजहरूले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएको हुँदा निजहरूलाई विभागीय कारबाही गर्न आयोगको मिति २०७२।४।२१ को निर्णयानुसार विष्णुबहादुर थापाको हकमा निज हाल अध्यागमन विभाग, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कार्यरत रहेकोले विभागीय प्रमुख सचिव गृह मन्त्रालय र अच्युतराज रेग्मीको हकमा निज हाल जिल्ला विकास समिति, ललितपुरमा कार्यरत रहेकोले विभागीय प्रमुख सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको।

(५) तत्कालीन कृष्णनगर गा.वि.स.का सचिव कृष्णकुमार चौधरीले गा.वि.स.मा नक्कली विशेष गाउँ परिषदको बैठक गरी गा.वि.स.को रकम हिनामिना गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा निजले तत्कालीन कृष्णनगर गा.वि.स.मा गा.वि.स.को रकम हिनामिना गर्ने उद्देश्यले मिति २०७०।१२।२८ मा नक्कली विशेष गाउँ परिषद बसी निर्णय गरिएको भनी झुठा विवरण तयार गरी पद अनुकूलको आचरण नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा दफा ३ को (ख) र (छ) बमोजिम अनुचित कार्य गरेकोले निजसँग आयोगको मिति २०७१।१२।१७ गतेको निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११ बमोजिम स्पष्टीकरण सोधिएकोमा निजले मिति २०७२।२।१० गतेका दिन पेश गरेको लिखित स्पष्टीकरणमा दुई वटा गा.वि.स.को जिम्मेवारी बहन गर्नुपर्ने हुँदा विशेष गाउँ परिषदको बैठकमा को को आए थाहा भएन र दस्तखत को कोलाई गराएको हो थाहा भएन भन्ने जस्तो गैरजिम्मेवारीपूर्ण स्पष्टीकरण दिएको हुँदा निजको स्पष्टीकरण सन्तोषजनक नभएकोले निजलाई विभागीय कारबाही गर्न आयोगको मिति २०७२।६।१ को निर्णयानुसार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।

(६) आ.व. २०६८।६९ मा नारायण नगरपालिका कार्यालय दैलेखको वडा नं. ५ मा उपभोक्ता समिति मार्फत सञ्चालित छालिकोट, सन्तके विद्युतीकरण कार्यमा पोलको गुणस्तर कमजोर भएको र सोही आ.व. मा नारायण नगरपालिका वडा नं. ४ मा उपभोक्ता समितिबाट सम्पन्न भएको महेन्द्र प्रा.वि. भवनको निर्माण कार्यमा प्लास्टरको गुणस्तर कमजोर भएको अनुसन्धानबाट देखिन आएकोमा नारायण नगरपालिका कार्यालयका सव-इन्जिनियर राजनकुमार तिवारी र सव-इन्जिनियर पूर्णप्रसाद कोइरालाले उक्त आयोजनाहरूको लागत अनुमान बमोजिम गुणस्तरीय काम भयो भएन सो को स्थलगत रूपमा निरीक्षण गरी कार्य सम्पन्न प्रतिवेदन गर्नुपर्नेमा सो नगरी उपभोक्ता समितिबाट सम्पन्न गुणस्तरीय नभएको कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश गरी आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने पदीय कर्तव्य पालना नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (छ)

को कार्य गरी अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७२।४।२२ को निर्णयानुसार निजहरूसँग ऐ ऐनको दफा ११ बमोजिम स्पष्टीकरण माग गरिएकोमा निजहरूले पेश गरेको स्पष्टीकरणमा नेपाल विद्युत प्राधिकरणले प्रयोग गर्ने पोल भन्दा कम गुणस्तर, कम नाप तौल र कम मूल्य भएका पोल प्रयोग भएको अवस्थामा र महेन्द्र प्रा.वि. भवनको निर्माण कार्यमा प्लास्टरको गुणस्तर कमजोर भएको अवस्थामा पनि कार्य सम्पन्न प्रतिवेदन पेश गरेको तथ्यलाई स्वीकार गरेको तथा आयोजनाहरूको लागत अनुमान बमोजिम गुणस्तरीय काम भयो वा भएन सो को स्थलगत रूपमा निरीक्षण गरी कार्य सम्पन्न प्रतिवेदन गर्नुपर्ने कर्तव्य र जिम्मेवारी भएका निज राष्ट्रसेवक कर्मचारीहरूले विधि र प्रक्रियालाई अवलम्बन नगरी उपभोक्ता समितिलाई दोषारोपण गरी हचुवा र गैरजिम्मेवारीपूर्ण स्पष्टीकरण पेश गरेको देखिएकोले नारायण नगरपालिका कार्यालय दैलेखका सवइन्जिनियरद्वय पूर्णप्रसाद कोइराला र राजनकुमार तिवारीलाई कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय कारबाही सजाय गर्न आयोगको मिति २०७२।६।१३ को निर्णयानुसार नारायण नगरपालिकाको कार्यालय, दैलेखमा लेखी पठाइएको ।

(७) नेपालगञ्ज उप-महानगरपालिकाको कार्यालय, नेपालगञ्जले चार बाहिनी चोकदेखि विद्युत प्राधिकरणसम्मको कालोपत्रे सडक निर्माण योजनाको काममा बोलपत्र बिक्री भइसकेपछि बोलपत्र सच्याई हेरफेर गरेको र म्याद समाप्त हुँदा पनि काम नसकिएको साथै ग्रावेलको thickness इस्टिमेट/सम्झौता अनुसार नभएको भन्ने समेतको व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा उक्त सडक निर्माणको स्पेसिफिकेशन अनुसारको Thickness लगायतका सबै कार्य सम्पन्न गर्ने व्यवस्थाका लागि प्राविधिकबाट निरीक्षण तथा रेखदेख हुन नसकेको साथै लगत इस्टिमेट र स्पेसिफिकेशन अनुसार Required Thickness पुगे नपुगेको नापजाँच गरी निक्यौल गर्नुपर्नेमा सो नगरिएको र कार्यादेश बमोजिमको काम समयमै सम्पन्न गर्नु गराउनुपर्नेमा सो समेत नगराई नेपालगञ्ज उप-महानगरपालिका कार्यालयका इन्जिनियर श्यामकाजी पियाले आफ्नो पदको प्रकृति अनुसार पालन गर्नुपर्ने पदीय कर्तव्य पालना नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ दफा ३ को देहाय (छ) बमोजिमको अनुचित कार्य गरेको देखिएकोले निजसँग आयोगको मिति २०७२।५।३१ को निर्णयानुसार स्पष्टीकरण माग गरिएकोमा निजले पेश गरेको जवाफ सन्तोषजनक नदेखिएकोले निजलाई विभागीय कारबाही गर्न आयोगको मिति २०७२।८।१३ को निर्णयानुसार नेपालगञ्ज उप-महानगरपालिकालाई लेखी पठाइएको ।

(८) जिल्ला विकास समितिको कार्यालय, धनकुटाका कार्यक्रम अधिकृत सिताराम गौतमले लामो समयदेखि एकै स्थानमा कार्यरत रही पदीय अधिकारको दुरुपयोग गरेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला विकास समितिको कार्यालय, धनकुटाका कार्यक्रम अधिकृत सिताराम गौतम मिति २०६७ मंसिरदेखि २०७० भदौसम्म र लेखापाल देवेन्द्र पौडेल मिति २०६७ मंसिरदेखि २०७१ आषाढसम्म पर्डेप नेपाल नामक संस्थाको क्रमशः अध्यक्ष र कोषाध्यक्ष रही काम गरेको पाइएको र जिल्ला विकास समितिको कार्यालय, धनकुटाबाट उक्त संस्थामा मिति २०६७ वैशाखदेखि २०७० आषाढसम्म फाक्सिन, बुढिमोरङ, आहाले, भिरगाउँ र फलाटे गा.वि.स.हरूमा प्रति गा.वि.स. प्रतिवर्ष रु.१,५०,०००।– र विभिन्न ४ वटा झोलुङे पुलहरूको सामाजिक परिचालन बापत रकम

रु.२,७५,९०२।- भुक्तानी भएको समेत देखियो। निजहरू सीताराम गौतम र देवेन्द्र पौडेल हाल उक्त संस्थाबाट हटे पनि नेपाल सरकारको जिम्मेवार पदमा रही एकै समयमा उक्त संस्था र जि.वि.स.को कार्यालय, धनकुटामा समेत कामकाज गरेको र जिल्ला विकास समितिको कार्यालय, धनकुटाबाट उक्त संस्थामा सामाजिक परिचालन बपत रकम समेत भुक्तानी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (छ) बमोजिमको अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७२।६।१७ को निर्णयानुसार स्पष्टीकरण माग गरिएकोमा निजहरूबाट पेश हुन आएको स्पष्टीकरणको जवाफमा एकै समयमा उक्त संस्था र जि.वि.स.को कार्यालय, धनकुटामा समेत काम काज गरेको र जि.वि.स.को कार्यालयबाट उक्त संस्थामा रकम निकासा हुने गरेको कुरालाई निजहरूले अन्यथा भन्न सकेको अवस्था नदेखिएको र निजहरूको स्पष्टीकरण सन्तोषजनक नदेखिएको हुँदा सीताराम गौतम र देवेन्द्र पौडेललाई विभागीय सजाय गर्न आयोगको मिति २०७२।१०।१७ को निर्णयानुसार जिल्ला विकास समितिको कार्यालय, धनकुटाका स्थानीय विकास अधिकारीलाई लेखी पठाइएको ।

(९) झापा जिल्ला शनीअर्जुन नगरपालिकाको कार्यालयमा कार्यरत प्राविधिक सहायक छविरमण पोखरेलले सेवाग्राहीबाट रु.५०००।- लिई कार्यालयमा रहने रसिदको प्रतिमा मूल्यांकन ट्रेस भनी रु.६०।- मात्र र सोही रसिदको सेवाग्राहीलाई दिएको प्रतिमा मूल्यांकन सिफारिस भनी रु.५०००।- मात्र उल्लेख भएको देखिएकोमा राजस्व दाखिला गर्दा रु.६०।- मात्र दाखिला गरी राजश्व खाई मास्ने मनसाय राखेको भन्ने समेत व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा मिति २०७१।४।८ मा सम्पत्ति मूल्यांकन गर्ने सन्दर्भमा प्राविधिक सहायक छविरमण पोखरेलले सेवाग्राही विष्णुकुमार शर्मा भट्टराईसँग सम्पत्ति मूल्यांकन बापत रु.५०००।- रकम लिई विविध रसिदको नं. ५९० को दुई प्रति रसिदमध्ये कार्यालयमा रहने प्रतिमा रु.६०।- र सेवाग्राहीलाई दिने प्रतिमा रु. ५०००।- उल्लेख गरी सोही अनुसारको राजस्व दाखिला गरेकोमा सोही दिन निज सेवाग्राहीले उक्त कार्यालयका प्रमुख समक्ष उजुरी गरेपछि निज छविरमण पोखरेलले कार्यालय प्रमुखको रोहबरमा उक्त रु.६०।- लेखिएको रसिदको कार्यालय प्रतिमा सच्याई रु.५०००।- नै कायम गरी सम्पूर्ण राजस्व समेत दाखिला गरेको देखियो। अतः निज प्राविधिक सहायक छविरमण पोखरेलले आफ्नो पदीय कर्तव्य एवम् जिम्मेवारी इमान्दारिताका साथ निर्वाह नगरी राजश्व रकम कम दाखिला गराउने प्रकृतिको कार्य गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ बमोजिम अनुचित कार्य गरेको विश्वास गर्नुपर्ने मनासिव कारण देखिन आएकोले निजसँग स्पष्टीकरण माग गरिएकोमा उक्त स्पष्टीकरण सन्तोषजनक नदेखिएकोले निजलाई विभागीय कारबाही गरी सो को जानकारी यस आयोगमा पठाउनका लागि आयोगको मिति २०७२।१०।१७ को निर्णयानुसार शनीअर्जुन नगरपालिकाको कार्यालय, झापाका कार्यकारी अधिकृतलाई लेखी पठाइएको।

(१०) वादी पदमलाल पराजुली र प्रतिवादी सावित्री गोतामे समेत भएको जालसाजी मुद्दामा गलत सिफारिस दिई कानून विपरीत कार्य गर्ने काभ्रेपलाञ्चोक जिल्ला ढुंखर्क गा.वि.स.का तत्कालीन सचिव माधव राउललाई आवश्यक कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउने ठहरी मिति २०७०।१०।२१ गते भएको काभ्रेपलाञ्चोक जिल्ला अदालतको फैसलामा निज

गा.वि.स. सचिवलाई कारबाही गरी सोको जानकारी दिनु भनी जिल्ला विकास समितिको कार्यालय, काभ्रेपलाञ्चोकलाई लेखी पठाउनुको साथै यस विषयमा छानबिन गरी आवश्यक कारबाही गर्नुपर्ने देखिएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत जानकारी गराउनु भन्ने भएकोले सो को जानकारी गराइएको भन्ने समेत व्यहोराको उक्त अदालतको पत्र एवं फैसलाको प्रतिलिपि आयोगमा प्राप्त भएको सम्बन्धमा अनुसन्धान हुँदा निज माधव राउलले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २७२ मा उल्लिखित नाता प्रमाणित गर्ने प्रक्रिया र कार्यविधि पूरा गरी मृत्यु दर्ता लगायतका सिफारिसहरू दिनुपर्ने र स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २५९ बमोजिम नाता प्रमाणित प्रमाणपत्र दिनुपर्नेमा सो कार्यहरू नगरी निवेदनको आधारमा मात्र नाता प्रमाणित प्रमाणपत्र, मृत्युदर्ता सिफारिस र नामसारीको लागि जिल्ला मालपोत कार्यालय काभ्रेपलाञ्चोकलाई सिफारिस दिई कानून बमोजिमको प्रक्रिया र कार्यविधिको अवलम्बन नगरी र आफ्नो पदले पालना गर्नुपर्ने कर्तव्य पालना समेत नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ बमोजिम अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७२।६।१ को निर्णयानुसार स्पष्टीकरण माग गरिएकोमा निजले पेश गरेको स्पष्टीकरणमा मिति २०६८।१।१ देखि २०६८।१।१० सम्म १० दिनको बसाईमा दूरदूरबाट विविध कामले गा.वि.स. सचिवलाई भेट्न आउने नागरिकहरूले दुःख नपाऊन भनी गा.वि.स.को कार्यालयमा गएर ६ दिनै कार्यालय खोली सेवा दिएको, भोलि पर्सि भनेर नागरिकलाई दुःख दिन नचाहेको तर बिना कुनै तालिम र अनुभवको कारण सिधैं कार्यस्थलमा गई सेवाप्रवाह गर्नुपर्ने अवस्था रहेको, गा.वि.स.सचिव, स्थानीय पञ्जिकाधिकारीको हैसियतले विविध सिफारिस दिँदा यस्तो यस्तो प्रक्रिया, कार्यविधि र समय सीमा राखेर मात्र सिफारिस गरिनुपर्छ भन्ने किसिमको तालिम, अभिमुखीकरण कार्यक्रम, नियमगत कुराहरूको कुनै पनि ज्ञान र तालिम नलिएको तथा जग्गाजमिनको दलाल गर्ने ठूलै गिरोहको जालमा परेको, कुनै प्रलोभनमा परी सिफारिस दिएको नभई अज्ञानमा गल्ती भएको भन्ने व्यहोरा उल्लेख गरेको देखिए तापनि उक्त स्पष्टीकरण सन्तोषजनक नदेखिएकोले निज गा.वि.स. सचिव माधव राउललाई कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय कारबाही गर्न आयोगको मिति २०७३।१।६ को निर्णयानुसार जिल्ला विकास समितिको कार्यालय, काभ्रेपलाञ्चोकलाई लेखी पठाइएको ।

## २. शिक्षा मन्त्रालय अन्तर्गत

(१) सर्लाही जिल्ला लौकठ गा.वि.स. वडा नं. ५ मा रहेको सन्तोष प्रा.वि. बैरेज विद्यालयमा सरकारी रकम दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला शिक्षा कार्यालय सर्लाहीका तत्कालीन शाखा अधिकृत कर्णबहादुर बुढाथोकी, प्रा.स. सुनिलकुमार कुशवाहा, तत्कालीन लेखापाल हरिचन्द्र अर्याल, लेखापाल सुर प्रसाद दंगाल, तत्कालीन शाखा अधिकृत ठूलोवावु दाहाल, तत्कालीन प्रा.स.श्री राजेश्वर प्रसाद चौरसिया, तत्कालीन लेखापाल रामचन्द्र ठाकुर, तत्कालीन लेखापाल विश्वराज पोखरेल,कोष तथा लेखा नियन्त्रक कार्यालय सर्लाहीका तत्कालीन निमित्त प्रमुख कोष नियन्त्रक मानदेव ठाकुर समेतले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को (ख) र (छ) द्वारा परिभाषित कसुर गरेको देखिएकोले आयोगको मिति २०७१।०७।३० को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग, ऐन २०४८ को दफा ११ बमोजिम स्पष्टीकरण माग

गरिएकोमा निजहरूले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएकोले जिल्ला शिक्षा कार्यालय सर्लाहीका तत्कालीन शाखा अधिकृत तथा हाल जिल्ला शिक्षा कार्यालय काठमाडौंका विद्यालय निरीक्षक कर्ण वहादुर वुढाथोकी, जिल्ला शिक्षा कार्यालय सर्लाहीका प्रा.स. सुनिलकुमार कुशवाहा, कोष तथा लेखा नियन्त्रक कार्यालय सर्लाहीका तत्कालीन निमित्त प्रमुख कोष नियन्त्रक तथा हाल पुनरावेदन अदालत राजविराज सप्तरीका मानदेव ठाकुर, जिल्ला शिक्षा कार्यालय सर्लाहीका तत्कालीन लेखापाल तथा हाल मध्यमान्चल सिंचाइ विकास डिभिजन न.५ भरतपुर चितवनका हरिचन्द्र अर्याल, जिल्ला शिक्षा कार्यालय सर्लाहीका लेखापाल सुर प्रसाद दगाल, जिल्ला शिक्षा कार्यालय सर्लाहीका तत्कालीन शाखा अधिकृत तथा हाल जिल्ला शिक्षा कार्यालय काभ्रेपलान्चोकका सहायक जिल्ला शिक्षा अधिकारी ठूलोवावु दाहाल, जिल्ला शिक्षा कार्यालय सर्लाहीका तत्कालीन प्रा.स. तथा हाल जिल्ला शिक्षा कार्यालय रौतहटका विद्यालय निरीक्षक श्री राजेश्वर प्रसाद चौरसिया, जिल्ला शिक्षा कार्यालय सर्लाहीका तत्कालीन लेखापाल तथा हाल जिल्ला विकास समिति धनुषाका रामचन्द्र ठाकुर, जिल्ला शिक्षा कार्यालय सर्लाहीका तत्कालीन लेखापाल तथा हाल महालेखा नियन्त्रकको कार्यालय अनामनगरका विश्वराज पोखरेललाई विभागीय कारबाहीको लागि आयोगको मिति २०७२।४।१३ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाइएको।

(२) गलत प्रक्रियाबाट शिक्षक नियुक्ति तथा पदस्थापन गरी नेपाल सरकारलाई हानि नोक्सानी पुर्‍याई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला शिक्षा कार्यालय, बाँकेका जिल्ला शिक्षा अधिकारी देवेन्द्रराज खनालले तालुक निकायको निर्देशन पालना नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(छ) बमोजिम अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७१।९।२८ को निर्णयानुसार निजसँग स्पष्टीकरण माग गरिएकोमा उक्त स्पष्टीकरणमा निजले मिति २०६८।८।२ मा भएको दरबन्दी मिलान कार्यदलको निर्णय गलत भएको भन्ने सम्बन्धमा आफूलाई थाहा नभएको र क्षेत्रीय शिक्षा निर्देशनालय, सुर्खेतको च.नं. ६५५ मिति २०७१।१।१४ को पत्रका सम्बन्धमा कुनै पनि जानकारी प्राप्त नभएको भनी उल्लेख गरेको व्यहोरा सन्तोषजनक नदेखिएको हुँदा जिल्ला शिक्षा कार्यालय, बाँकेका जिल्ला शिक्षा अधिकारी देवेन्द्रराज खनाललाई विभागीय कारबाही गर्न आयोगको मिति २०७२।४।१३ को निर्णयानुसार शिक्षा मन्त्रालयमा लेखी पठाइएको ।

(३) माध्यमिक प्रथम श्रेणीमा बढुवाका लागि शिक्षा नियमावली २०५७ को नियम ३९क (१) को देहाय (घ) बमोजिम मा.वि. द्वितीय श्रेणीमा १८ वर्ष पुग्नुपर्ने प्रावधान भएकोमा वीरगंज उ.म.न.पा. १७ स्थित श्री सिद्धार्थ मा.वि. (वीरगंज चिनी कारखाना) मा कार्यरत प्रधानाध्यापक श्री जगन्नाथ तिवारीको द्वितीय श्रेणी कायम भएको कुनै ठोष आधार प्रमाण बिना निजको द्वितीय श्रेणीमा २२ वर्ष ७ महिना ४ दिन अवधि किटान गरी शिक्षा सेवा आयोगमा पठाई जिल्ला शिक्षा कार्यालय पर्साका तत्कालीन कम्प्युटर अपरेटर शवनम श्रीवास्तव, विद्यालय निरीक्षक दिनेशकुमार गौड, विद्यालय निरीक्षक शिवजीप्रसाद र जिल्ला शिक्षा अधिकारी श्री प्रमोदकुमार शाहले अख्तियार दुरुपयोग अनुसन्धान आयोग, ऐन २०४८ को दफा ३ को देहाय (ख) र (छ) द्वारा परिभाषित कसुर गरेको देखिएकोले आयोगको मिति २०७१।११।२९ निर्णयानुसार निजहरूसँग ऐनको दफा ११ बमोजिम स्पष्टीकरण

माग गरिएकोमा निजहरूले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएकोले निजहरूलाई विभागीय कारबाहीको लागि आयोगको मिति २०७२।४।२० को निर्णयानुसार शिक्षा मन्त्रालयमा लेखी पठाइएको।

(४) नेपाल राष्ट्रिय प्राथमिक विद्यालय शंकरपुर कुडुवा-१ बारालाई निकासा भएको सरकारी अनुदान रकम हिनामिना/दुरुपयोग गरेको भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला शिक्षा कार्यालय, बाराका स्रोतव्यक्ति प्रमोदकुमार यादवले शिक्षा ऐन र नियमावली बमोजिम तोकिएको पदीय कर्तव्य सही रूपमा पालना गर्न नसकेको, विद्यालयको नियमित अनुगमन गर्न नसकेको तथा निर्णय वा आदेश गर्दा बाध्यात्मक रूपले अपनाउनुपर्ने कार्यविधि तथा कर्तव्य पूर्णरूपमा निर्वाह नगरेका कारणबाट नै उक्त विद्यालयले थप कक्षा सञ्चालन अनुमति एवं अनुदान रकम निकासा समेत प्राप्त गरेको हुँदा निजले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(ख) र (छ) बमोजिम अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७१।९।१३ को निर्णयानुसार ऐनको दफा ११ बमोजिम स्पष्टीकरण सोधिएकामा निजले पेश गरेको स्पष्टीकरणमा विद्यालय निरीक्षणमा जाने गरेको, flash Report आफूले पेश गर्ने गरेको तथ्य स्वीकार गरेको तर विद्यालयको सम्पूर्ण कार्यको जिम्मेवारी विद्यालय निरीक्षकको नहुने भन्ने निजको स्पष्टीकरण जवाफ चित्तबुझ्दो एवं सन्तोषजनक नभएकोले निज प्रमोदकुमार यादवलाई कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय कारबाही गर्न आयोगको मिति २०७२।८।१४ को निर्णयानुसार शिक्षा विभागमा लेखी पठाइएको।

(५) शिवगंगा नि.मा.वि. उर्मा, कैलालीमा अंग्रेजी विषयको राहत शिक्षक करारमा नियुक्ति गर्ने सम्बन्धमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शिवनारायण राना, जिल्ला शिक्षा कार्यालय, कैलालीका स्रोत व्यक्ति हरिकृष्ण पन्त र उक्त विद्यालयका प्रधानाध्यापक जुहारीलाल चौधरीले जिल्ला शिक्षा कार्यालय, कैलालीले दिएको निर्देशन बमोजिम बाध्यात्मक रूपले अपनाउनुपर्ने कार्यविधि र प्रक्रिया कानूनसम्मत रूपमा पालना नगरी र आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने पदीय कर्तव्यहरू जानिजानी एवं जिम्मेवारीपूर्वक पालना नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (ख) र (छ) को अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७२।८।१३ को निर्णयानुसार निजहरूसँग स्पष्टीकरण माग गरिएकोमा निजहरूले पेश गरेको स्पष्टीकरणमा विद्यालय जिल्लाको ग्रामीण स्थानमा रहेको, विद्यालयको परीक्षामा सम्मिलित परीक्षार्थीहरू दुर्गम क्षेत्रबाट परीक्षामा सहभागी हुन आएकाले गाँस, बासको समस्या हुने र दोस्रो दिन शनिबार समेत परेको तथा व्यवस्थापन समितिको दबाब समेतको कारणबाट सोही दिन अन्तर्वार्ताको कार्य अगाडि बढाइएको र अन्तर्वार्ताको अंक गणनाको सम्बन्धमा जिल्लामा विगतदेखि नै पदपूर्तिको लागि २५ पूर्णाङ्कको नै अन्तर्वार्ता लिने अभ्यास भएको भनी पेश गरेको पाईयो ।तथापी निजहरुले शिक्षा सेवा आयोग नियमावली, २०५७ को नियम २० बमोजिमको विधि र प्रक्रिया विपरीत लिखित परीक्षाको नतिजा प्रकाशन नै नगरी अन्तर्वार्ता लिएको र अन्तर्वार्ताको अंक गणना गर्दा समेत शिक्षा सेवा आयोग नियमावली, २०५७ को नियम २२ बमोजिमको व्यवस्थाहरू पालना नगरेको कारणबाट स्पष्टीकरण सन्तोषजनक देखिएन। अतः जिल्ला शिक्षा कार्यालय, कैलालीका स्रोत व्यक्ति हरिकृष्ण पन्त र शिव गंगा नि.मा.वि.उर्मा,

कैलालीका प्रधानाध्यापक जुहारीलाल चौधरीलाई विभागीय सजाय गर्न र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शिवनारायण रानालाई जिल्ला शिक्षा समिति मार्फत कानून बमोजिमको प्रक्रिया पूरा गरी अन्य आवश्यक कारबाही गर्न गराउन आयोगको मिति २०७२।११।१३ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, कैलालीलाई लेखी पठाइएको ।

(६) श्री देवी नि.मा.वि., फूलबारी-३, ताप्लेजुङका निमित्त प्रधानाध्यापक इन्द्रप्रसाद गुरुङले विद्यालय मर्मत, शौचालय निर्माण, छात्रवृत्तिको रकम, शिक्षक, शिक्षिका तथा कर्मचारीको तलब भत्ता समेत जानिजानी हिनामिना गरी मिति २०७०।४।२० गतेदेखि मिति २०७२।२।१९ गतेसम्म (१ वर्ष ११ महिना) विद्यालयमा अनुपस्थित रहेकोमा आयोगबाट छानबिन भएको थाहा पाएपछि विद्यालय मर्मत सम्भार, शौचालय निर्माण र छात्रवृत्तिको रु.३,२९,९२०।-, विद्यालयका शिक्षक, शिक्षिका र कर्मचारीको तलब भत्ता बापतको रु.२,४६,७७१।- समेत जम्मा रु.५,७६,१९२।- सम्बन्धित व्यक्तिलाई फिर्ता र विद्यालयको खातामा जम्मा गरेको भएतापनि उक्त कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(छ) बमोजिमको अनुचित कार्य देखिएकोले निज शिक्षक इन्द्रप्रसाद गुरुङलाई आयोगको मिति २०७२।४।१४ को निर्णयानुसार स्पष्टीकरण माग गरिएकोमा निजको स्पष्टीकरणको जवाफ विषयवस्तु र तथ्यभन्दा फरक रहेको र सन्तोषजनक नभएकोले श्री देवी नि.मा.वि., फूलबारी- ३, ताप्लेजुङका तत्कालीन निमित्त प्रधानाध्यापक एवं शिक्षक इन्द्रप्रसाद गुरुङलाई कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय कारबाही गरि त्यसको जानकारी आयोगमा पठाउन आयोगको मिति २०७२।१२।२३ को निर्णयानुसार शिक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौंमा लेखी पठाइएको ।

(७) आदर्श उच्च माध्यमिक विद्यालय, गर्पन, सुर्खेतका तत्कालीन प्रधानाध्यापक खुमप्रसाद लामिछानेले एस.एल.सी.मा अनुत्तीर्ण विद्यार्थीहरूबाट रकम लिई उत्तीर्ण भएको प्रमाणपत्र उपलब्ध गराई अनियमितता गरेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा निज प्रधानाध्यापक खुमप्रसाद लामिछानेले एस.एल.सी. परीक्षामा फेल भएका विद्यार्थीहरूलाई एस.एल.सी. परीक्षा उत्तीर्ण भएको हो, होइन भन्ने यकिन नै नगरी चारित्रिक प्रमाणपत्र दिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (ख) र (छ) बमोजिमको अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७२।६।१७ को निर्णयानुसार निजसँग सोही ऐनको दफा दफा ११(१) बमोजिम ७ (सात) दिनको म्याद दिई स्पष्टीकरण माग गरिएकोमा निजले पेश गरेको स्पष्टीकरणको जवाफमा चारित्रिक प्रमाणपत्र दिएको स्वीकार गरेको, झुक्याइएको भन्ने निजको भनाई सन्तोषजनक नदेखिएको र अनुसन्धान तहकिकातबाट निजले अनुचित कार्य गरेको पुष्टि भैरहेको हुँदा निज तत्कालीन प्रधानाध्यापक खुमप्रसाद लामिछानेलाई कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय सजाय गर्न आयोगको मिति २०७३।१।५ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, सुर्खेतमा लेखी पठाइएको ।

(८) सिरहा जिल्ला, माडर गा.वि.स. स्थित लालजी सकुन्तला मा.वि. का प्रधानाध्यापक शिवकुमार यादवले मा.वि. राहत दरबन्दीमा प्रक्रिया नपुऱ्याई शिक्षक प्रमेन्द्रकुमार यादवलाई नियुक्ति गरेको उजुरीका विषयमा अनुसन्धान हुँदा निजले शिक्षा नियमावली, २०५९ ले तोकेको

प्रक्रिया र कार्यविधिको पालना नगरी विद्यालयमा शिक्षक नियुक्ति गर्ने गराउने कार्य गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (ख) र (छ) बमोजिमको अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७२।८।१३ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११ बमोजिम स्पष्टीकरण माग गरिएकोमा निजले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएकोले निज प्र.अ. शिवकुमार यादवलाई कानून बमोजिमको प्रक्रिया पुरा गरी विभागीय कारबाही सजाय गर्न आयोगको मिति २०७३।१।१३ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, सिरहालाई लेखी पठाइएको ।

(९) करफोक विद्या मन्दिर उच्च माध्यमिक विद्यालय, पञ्चकन्या, इलामका पूर्व प्रधानाध्यापक प्रेम सापकोटाले जिल्ला शिक्षा कार्यालय, इलामको जोडकोष अनुदान र प्रोत्साहन अनुदान बापत मिति २०६६ असारमा ४ कोठे भवन निर्माणार्थ निकासा भएको रु.९,८८,५६८।- कुनै भौतिक संरचना नबनाई गैरकानूनी ढंगले एकलौटी रूपमा खर्च गरेको र निज प्रेम सापकोटाले प्रधानाध्यापक/प्राचार्य पदको जिम्मेवारी लिंदा विद्यालयको खातामा रहेको रु. २४,७८,१०४।६६ सञ्चालक समितिको निर्णयबिना एकलौटी रूपमा हिनामिना गरी भ्रष्टाचार गरेको हुँदा कारबाही गरी पाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा भवन निर्माणका निमित्त जिल्ला शिक्षा कार्यालय, इलामसँग योजना सम्झौता भएको अवस्थामा निकासा रकमबाट भवन निर्माण कार्य नगरी विद्यालयलाई आर्थिक संकट परेको भनी आफूमा हुँदै नभएको अधिकार प्रयोग गरी विद्यालय व्यवस्थापन समितिको निर्णय नभई तलब भत्ता शीर्षकमा रकमान्तर गरी क्याम्पसलाई सापटी उपलब्ध गराउने, उच्च माध्यमिक विद्यालय तथा क्याम्पसका शिक्षक कर्मचारीहरूको तलब भत्ता भुक्तानी गर्ने कार्य गरी निज प्रधानाध्यापक/प्राचार्य प्रेम सापकोटाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (क) र (छ) बमोजिमको अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७३।१।१३ को निर्णयानुसार सोही ऐनको दफा ११ बमोजिम निजसँग स्पष्टीकरण माग गरिएकोमा निजले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएकोले निज प्रेम सापकोटालाई कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय कारबाही गर्न आयोगको मिति २०७३।१।३ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, इलामलाई लेखी पठाइएको ।

(१०) जनता प्रा.वि. छघरे, फूलबरिया, सिरहाका तत्कालीन प्र.अ. अनौठी मुखियाले विद्यालयको दुई कोठे भवन निर्माण गर्दा रकम हिनामिना गरी अनियमितता गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा निजले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा ३(छ) बमोजिमको अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७२।१०।१७ मा स्पष्टीकरण माग गरिएकोमा निजले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएको निज अनौठी मुखियालाई कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय कारबाही सजाय गर्न गराउन आयोगको मिति २०७३।१।२३ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, सिरहालाई लेखी पठाइएको।

(११) धनकुटा जिल्ला स्थित उत्तरपानी प्राविधिक शिक्षालयका प्रमुखले बिना विज्ञापन स्थायी शिक्षक नियुक्ति गरेको, कर्मचारी लामो समयसम्म करारमा नियुक्त गरेको, स्टोर किपर टिकाराम राईले केही विद्यार्थीको भर्ना शुल्क राजश्व कोषमा दाखिला नगरेको, शिक्षालयको

पुराना सामग्री, जस्तापाताको बिना टेण्डर बिक्री गरेको, शिक्षालयको लागि निर्माण गरेको खानेपानीको मोटर ठेकेदार र शिक्षालयको मिलेमतोमा पुरानो जडान गरी हाल बिग्रिएको भन्ने समेतका उजुरीहरूका सम्बन्धमा अनुसन्धान हुँदा शिक्षालय प्रमुख रामनारायण यादव, लेखा अधिकृत जीवननाथ देवकोटा र स्टोरकिपर टिकाराम राईले जानिजानी बाध्यात्मक रूपले अपनाउनुपर्ने कार्यविधिको पालना नगरेको, सेवा करारमा कर्मचारी नियुक्ति गर्दा, सवारी साधन मर्मत तथा मालसामान खरिद गर्दा सार्वजनिक खरिद ऐन,२०६३ र ऐ. नियमावली, २०६४ को व्यवस्थाहरू पालन नगरेको र शिक्षालयको सम्पत्ति बिक्री गर्दा आर्थिक ऐन तथा नियमावली पालना नगरेको, विद्यार्थी भर्ना शुल्क समयमा नै शिक्षालय खातामा जम्मा नगरेको र आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने पदीय कर्तव्य पालना नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (ख) र (छ) बमोजिमको अनुचित कार्य गरेको देखिएकोले निजहरूसँग आयोगको मिति  मिति २०७३।१।५ को निर्णयानुसार स्पष्टीकरण माग गरिएकोमा निजहरूले पेश गरेको  स्पष्टीकरण जवाफ सन्तोषजनक नदेखिएकोले प्रमुख रामनारायण यादव, प्रशासकीय अधिकृत जीवननाथ देवकोटा र स्टोरकिपर (कम्प्युटर अपरेटर) टिकाराम राईलाई प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय कारबाही गर्न आयोगको मिति २०७३।२।१८ को निर्णयानुसार प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदलाई लेखी पठाइएको ।

३. **सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत**

(१) हेटौंडा नगरपालिकामा विभिन्न अनियमितता भएको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान गर्दा हेटौंडा नगरपालिकाका तत्कालीन कार्यकारी अधिकृत भरतबहादुर ढुंगानाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ (चौथो संशोधन सहित) को नियम २१७ को उपनियम १(क) मा रहेको व्यवस्थाको उल्लंघन गरी मिति २०६७।१०।७ मा भानुभक्त थपलियालाई मासिक रु.१५,५९०।- पारिश्रमिक दिने गरी सिधैं सूचना अधिकृत पदमा नियुक्ति दिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ दफा ३ को खण्ड (ख) र (छ) बमोजिम अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७२।२।२५ को निर्णायानुसार निज तत्कालीन कार्यकारी अधिकृतसँग अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११ बमोजिम स्पष्टीकरण माग गरिएकोमा निजले स्पष्टीकरणमा, भानुभक्त थपलीया जस्तो योग्य, अनुभवी र सक्षम व्यक्तिलाई करारमा नियुक्ति गरेर मैले संस्थालाई हानि नोक्सानी पुऱ्याएको छैन, फाइदा नै पुऱ्याएको छु तर करारमा नियुक्ति गर्दा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ (चौथो संशोधन) मा भएको व्यवस्था असावधानीवश त्रुटि भएको भनी स्वीकार गरेको पाइयो। नगरपालिकाको कार्यकारी अधिकृत जस्तो जिम्मेवार व्यक्तिले कानूनी व्यवस्थाको उल्लंघन गरी सूचना अधिकृत पदमा नियुक्त गरेको र निजले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएको हुँदा हेटौंडा नगरपालिकाका तत्कालीन कार्यकारी अधिकृत हाल सूचना तथा सञ्चार मन्त्रालयका उपसचिव भरतबहादुर ढुंगानालाई विभागीय कारबाही गर्न आयोगको मिति २०७२।४।३२ को निर्णयानुसार सूचना तथा संचार मन्त्रालयमा लेखी पठाइएको ।

४. **स्वास्थ्य मन्त्रालय अन्तर्गत**

(१) जिल्ला स्वास्थ्य कार्यालय डडेलधुराले आ.व. २०६९।७० र २०७०।७१ मा औषधी,

उपकरण र मालसामान खरिद गर्दा सूचीकृत नै नभएका फर्महरूबाट औषधी, उपकरण र मालसामान खरिद गरिएको, बोलपत्र छल्ने उद्देश्यले टुक्राटुक्रा पारी दरभाउपत्रको माध्मयबाट औषधी उपकरण तथा मालसामानहरू खरिद गरी अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा आ.व. २०७०।७१ मा औषधी खरिदमा रु.१,२६,०४,६००।- निकासा भएकोमा रु.७२,७०,३६३।- को औषधी टेण्डर प्रक्रियाबाट र रु.५३,३४,२३७।- को सोझै खरिद गरिएको साथै सोही आ.व. मा मेसिनरी औजार खरिदमा रु.१२,४४,८८५।- निकासा भएकोमा सो बराबरकै उपकरणहरू सोझै खरिद गरेको देखिन आयो। उक्त कार्यालयले खरिद गरेका औषधी, उपकरण तथा मालसामानहरू प्रचलित सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४ को बर्खिलाप हुने गरी खरिद गरी तत्कालीन कार्यालय प्रमुख रिता भण्डारी जोशी र लेखापाल टोलप्रसाद पोखरेलले आफ्नो पदीय दायित्व निर्वाह गर्दा बाध्यात्मक रूपमा परिपालना गर्नुपर्ने प्रक्रिया पूर्ण रूपमा अवलम्बन नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ऐन, २०४८ को दफा ३ को देहाय (ख), (घ), (छ) बमोजिमको अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७२।४।२० निर्णयानुसार निजहरूसँग सोही ऐनको दफा ११ बमोजिम स्पष्टीकरण माग गरिएकोमा निजहरूले आयोग समक्ष पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएकोले तत्कालीन कार्यालय प्रमुख रिता भण्डारी जोशीको हकमा विभागीय कारबाही गर्न मिति २०७२।५।१७ को निर्णयानुसार स्वास्थ्य मन्त्रालयमा लेखी पठाइएको।

(२) तत्कालीन जिल्ला जनस्वास्थ्य कार्यालय महोत्तरीका प्रमुख समेतको मिलोमतोमा सुत्केरी भत्ता वितरण, भवन मर्मत एंव औषधी खरिदमा अनियमितता भएकोले कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला जनस्वास्थ्य कार्यालय, महोत्तरीका कार्यालय प्रमुख, विजयकुमार झा र लेखा प्रमुख कृष्णदेव साहले सार्वजनिक खरिद ऐन र नियमावलीको प्रक्रिया पूरा नगरी रु.१,२०,००,०००।- बराबरका औषधीहरू बजारबाट सोझै खरिद गरी आफ्नो पदीय दायित्व निर्वाह गर्दा बाध्यात्मक रूपमा पालना गर्नुपर्ने प्रक्रिया पूर्णरूपमा अवलम्बन नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को (ख) र (छ) बमोजिम अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७१।११।२९ को निर्णयानुसार निजहरूलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को ११ बमोजिम स्पष्टीकरण माग गरिएकोमा तत्कालीन कार्यालय प्रमुख विजयकुमार झाले स्पष्टीकरणमा समयमै बजेट तथा कार्यक्रम प्राप्त हुन नसकेकोले वर्षातको समयमा बाढीको प्रकोपबाट उत्पन्न हुन सक्ने महामारीलाई ध्यानमा राख्दै जनदबाबलाई थेग्न नसकी बजारबाट सोझै औषधीहरू खरिद गरी वितरण गरिएको हो भन्ने व्यहोरा उल्लेख गरेको र तत्कालीन लेखा प्रमुख कृष्णदेव साहले छोटो समयको बाबजुद स्थानीय विकास अधिकारीको अध्यक्षतामा बसेको सर्वदलीय संयत्र सहितको संयुक्त बैठकले थोक दर रेटमा औषधीहरू खरिद गर्ने निर्णय भएकोले औषधीहरू खरिद गरी जनताको ज्यान जोगाउने कार्य गरिएको भन्ने व्यहोरा उल्लेख गरेको भए तापनि कार्यालय प्रमुख र लेखा प्रमुख जस्तो नेपाल सरकारको जिम्मेवार पदमा कार्यरत राष्ट्र सेवकहरूले नेपाल कानूनले तोकेको विधि र प्रक्रियालाई अवलम्बन गरी वित्तीय अनुशासन कायम राख्नुपर्ने जिम्मेवारी र कर्तव्य भएकोमा समय अभाव र जनदबाबलाई थेग्न बजारबाट सोझै खरिद गरी कानूनी

प्रक्रिया अनुसार खरिद गर्न नसकिएको भन्ने हचुवा र गैरजिम्मेवारीपूर्ण लिखित स्पष्टीकरण पेश गरेको र उक्त स्पष्टीकरण सन्तोषजनक नभएकोले तत्कालीन कार्यालय प्रमुख विजयकुमार झाको हकमा कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय सजाय गर्न आयोगको मिति २०७२।५।३१ को निर्णयानुसार स्वास्थ्य मन्त्रालयमा लेखी पठाइएको।

(३) नारायणी उप-क्षेत्रीय अस्पताल वीरगन्जका चिकित्सक डाक्टर फारुक अहमद मिकरानीले कार्यालयमा लामो समय अनुपस्थित रही एकै पटक हाजिर गरेको र काठमाडौंस्थित मेडिकेयर अस्पतालमा बिरामी जाँच गरेको दिनमा समेत वीरगन्जस्थित कार्यालयमा हाजिर गर्ने गरेको हुँदा आवश्यक कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले नारायणी उपक्षेत्रीय अस्पताल वीरगन्जमा अनुपस्थित रहेको अवधिको हाजिर गरी रु.७२१६५।६० भुक्तानी लिई आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने पदीय कर्तव्य पालना नगरेको देखिएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११ बमोजिम स्पष्टीकरण माग गरिएकोमा निजले मेडिकेयर अस्पताल काठमाडौंमा बिरामी जाँच गरेको दिन पनि नारायणी उपक्षेत्रीय अस्पताल वीरगन्जमा हाजिर गरी तलब भत्ता लिएको तथ्यलाई स्वीकार गर्दै दोहोरो हाजिरी गरेको अवधिको तलब भत्ताको रकम राजश्व दाखिला गरेको स्पष्टीकरणमा उल्लेख गरेको र हाजिरी कपीमा गरेको हाजिरी कसरी भयो थाहा भएन भनी दिएको जवाफ सन्तोषजनक नदेखिएकोले कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय कारबाहीको सजाय गर्न आयोगको मिति २०७२।८।१४ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाइएको ।

(४) कान्ति बाल अस्पताल, महाराजगञ्ज, काठमाडौंका कार्यालय सहयोगी भीमप्रसाद पुडासैनीले कान्ति बाल अस्पताल, महाराजगञ्ज र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुरमा समेत दोहोरो जागिर खाएको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज भीमप्रसाद पुडासैनीले कान्ति बाल अस्पताल नियमावली, २०६३ को नियम १२.८ को उपनियम (१) को खण्ड (घ) मा अख्तियारवालाको पूर्व स्वीकृति नलिई अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न नहुने भन्ने व्यवस्थाको उल्लंघन गरी अख्तियारवालाको पूर्व स्वीकृति नलिई मिति २०६७।४।३ देखि मिति २०७१।१२।११ सम्म कान्ति बाल अस्पताल, महाराजगञ्ज, काठमाडौं र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुरमा समेत दोहोरो नोकरी गरी कान्ति बाल अस्पताल नियमावली, २०६३ को नियम १२.८ को उपनियम (१) को खण्ड (घ) बमोजिमको आचरण उल्लंघन गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (छ) बमोजिमको अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७२।१०।१७ को निर्णयानुसार निजसँग अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११ बमोजिम स्पष्टीकरण माग गरिएकोमा निजबाट पेश भएको स्पष्टीकरण सन्तोषजनक नभएकोले निजलाई कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय कारबाही सजाय गर्नका लागि आयोगको मिति २०७३।२।१० को निर्णयानुसार कान्ति बाल अस्पताल, महाराजगञ्ज, काठमाडौंमा लेखी पठाइएको ।

## ५. अर्थ मन्त्रालय अन्तर्गत

(१) जिल्ला स्वास्थ्य कार्यालय डडेलधुराले आ.व. २०६९।७० र २०७०।७१ मा औषधी, उपकरण र मालसामान खरिद गर्दा सूचीकृत नै नभएका फर्महरूबाट औषधी, उपकरण र

मालसामान खरिद गरिएको, बोलपत्र छल्ने उद्देश्यले टुक्राटुक्रा पारी दरभाउपत्रको माध्मयबाट औषधी उपकरण तथा मालसामानहरू खरिद गरी अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा आ.व. २०७०।७१ मा औषधी खरिदमा रु.१,२६,०४,६००।- निकासा भएकोमा रु.७२,७०,३६३।- को औषधी टेण्डर प्रक्रियाबाट र रु.५३,३४,२३७।- को सोझै खरिद गरिएको साथै सोही आ.व. मा मेसिनरी औजार खरिदमा रु.१२,४४,८८५।- निकासा भएकोमा सो बराबरकै उपकरणहरू सोझै खरिद गरेको देखिन आयो। उक्त कार्यालयले खरिद गरेका औषधी, उपकरण तथा मालसामानहरू प्रचलित सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४ को बर्खिलाप हुने गरी खरिद गरी तत्कालीन कार्यालय प्रमुख रिता भण्डारी जोशी र लेखापाल टोलप्रसाद पोखरेलले आफ्नो पदीय दायित्व निर्वाह गर्दा बाध्यात्मक रूपमा परिपालना गर्नुपर्ने प्रक्रिया पूर्ण रूपमा अवलम्बन नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ऐन, २०४८ को दफा ३ को देहाय (ख), (घ), (छ) बमोजिमको अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७२।४।२० निर्णयानुसार निजहरूसँग सोही ऐनको दफा ११ बमोजिम स्पष्टीकरण माग गरिएकोमा निजहरूले आयोग समक्ष पेश गरेको स्पष्टीकरणको जवाफ सन्तोषजनक नदेखिएकोले तत्कालीन लेखापाल टोलप्रसाद पोखरेलको हकमा विभागीय कारबाही गर्न आयोगको मिति २०७२।५।१७ को निर्णयानुसार महालेखा नियन्त्रण कार्यालयमा लेखी पठाइएको।

(२) तत्कालीन जिल्ला जनस्वास्थ्य कार्यालय महोत्तरीका प्रमुख समेतको मिलोमतोमा सुत्केरी भत्ता वितरण, भवन मर्मत एंव औषधी खरिदमा अनियमितता भएकोले कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा जिल्ला जनस्वास्थ्य कार्यालय, महोत्तरीका कार्यालय प्रमुख, विजयकुमार झा र लेखा प्रमुख कृष्णदेव साहले सार्वजनिक खरिद ऐन र नियमावलीको प्रक्रिया पूरा नगरी रु.१,२०,००,०००।- बराबरको औषधीहरू बजारबाट सोझै खरिद गरी आफ्नो पदीय दायित्व निर्वाह गर्दा बाध्यात्मक रूपमा परिपालना गर्नुपर्ने प्रक्रिया पूर्ण रूपमा अवलम्बन नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को (ख) र (छ) बमोजिम अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७१।११।२९ को निर्णयानुसार निजहरूलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को ११ बमोजिम स्पष्टीकरण माग गरिएकोमा तत्कालीन कार्यालय प्रमुख विजयकुमार झाले स्पष्टीकरणमा समयमै बजेट तथा कार्यक्रम प्राप्त हुन नसकेकोले वर्षातको समयमा बाढीको प्रकोपबाट उत्पन्न हुन सक्ने महामारीलाई ध्यानमा राख्दै जनदबाबलाई थेग्न नसकी बजारबाट सोझै औषधीहरू खरिद गरी वितरण गरिएको हो भन्ने व्यहोरा उल्लेख गरेको र तत्कालीन लेखा प्रमुख कृष्णदेव साहले छोटो समयको बाबजुद स्थानीय विकास अधिकारीको अध्यक्षतामा बसेको सर्वदलीय संयत्र सहितको संयुक्त बैठकले थोक दर रेटमा औषधीहरू खरिद गर्ने निर्णय भएकोले औषधीहरू खरिद गरी जनताको ज्यान जोगाउने कार्य गरिएको भन्ने व्यहोरा उल्लेख गरेको भए तापनि कार्यालय प्रमुख र लेखा प्रमुख जस्तो नेपाल सरकारको जिम्मेवार पदमा कार्यरत राष्ट्र सेवकहरूले नेपाल कानूनले तोकेको विधि र प्रक्रियालाई अबलम्बन गरी वित्तीय अनुशासन कायम राख्नुपर्ने जिम्मेवारी र कर्तव्य भएकोमा समय अभाव र जनदबाबलाई थेग्न बजारबाट सोझै खरिद गरी कानूनी प्रक्रिया अनुसार खरिद गर्न नसकिएको भन्ने हचुवा र गैरजिम्मेवारीपूर्ण

लिखित स्पष्टीकरण पेश गरेको र उक्त स्पष्टीकरण सन्तोषजनक नभएकोले तत्कालीन लेखा प्रमुख कृष्णदेव साहको हकमा कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय सजाय गर्न आयोगको मिति २०७२।५।३१ को निर्णयानुसार महालेखा नियन्त्रक कार्यालयमा लेखी पठाइएको ।

(३) जिल्ला विकास समितिको कार्यालय, बाजुराका तत्कालीन लेखापाल गजेन्द्रबहादुर खत्रीले चोरी मुद्दामा थुनामा रहेका तत्कालीन गा.वि.स. सचिव रामप्रसाद जोशीको नाममा पूरै तलब भत्ता निकाली आधा आफैंले लिए राखेको तथा निज रामप्रसाद जोशी रमाना लिई अन्य कार्यालयमा गइसकेपछि समेत निजको नाममा तलब भत्ता निकाली आफैंले लिई राखी आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने पदीय कर्तव्य पालन नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (छ) बमोजिमको अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७१।११।२९ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११ बमोजिम स्पष्टीकरण सोधिएकोमा निज लेखापाल गजेन्द्रबहादुर खत्रीले पेश गरेको स्पष्टीकरणमा जवाफमा गा.वि.स. सचिव रामप्रसाद जोशीले मिति २०७०।६।१५ देखि लागू हुने गरी रमाना लिएको भन्ने जानकारी लेखा फाँटमा प्राप्त हुन नआएको कारण निजको नाममा पुस महिनासम्मको तलब भत्ता झिकिन गएको हो निज रमाना भै गइसकेको भन्ने थाहा भएपछि सो रकम जिल्ला विकास समितिको कार्यालयको खातामा जम्मा गरिदिएको हुँ भनी उल्लेख गरेको भएतापनि अर्काको नामको तलबी भरपाईमा निज स्वयंले दस्तखत गरी रकम बुझी लिएको देखिन आएबाट निजले दिएको स्पष्टीकरण सन्तोषजनक नभएकोले निज लेखापाल गजेन्द्रबहादुर खत्री उपर कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय कारबाहीको सजाय गर्नको लागि महालेखा नियन्त्रक कार्यालयमा आयोगको मिति २०७२।८।१४ को निर्णयानुसार लेखी पठाइएको ।

(४) महिला तथा बालबालिका कार्यालय, मोरङका तत्कालीन लेखापाल राजेन्द्र सुवेदीले महिला तथा बालबालिका विभागले काठमाडौंमा सञ्चालन गरेको योजना तर्जुमा गोष्ठीमा भाग लिन जाँदा कार्यालय प्रमुखको किर्ते दस्तखत गरी दोहोरो भत्ता बुझी अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज लेखापाल राजेन्द्र सुवेदीले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (क) र (छ) बमोजिमको अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७२।१।१५ को निर्णयानुसार स्पष्टीकरण माग गरिएकोमा निजले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएकोले निज तत्कालीन लेखापाल राजेन्द्र सुवेदीलाई कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय सजाय गर्नका लागि आयोगको मिति २०७३।३।१५ को निर्णयानुसार महालेखा नियन्त्रकको कार्यालयलाई लेखी पठाइएको ।

## ६. भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

(१) नापी कार्यालय भक्तपुरमा कार्यरत उमाकान्त यादव समेतका व्यक्तिहरूको मिलोमतोमा अनधिकृत रूपमा रोजिना श्रेष्ठ र प्रमोदकुमार यादवलाई सरकारी कामकाज लगाई अख्तियारको दुरुपयोग गरेको भन्ने समेतका सम्बन्धमा अनुसन्धान हुँदा सिरुटार-६,भक्तपुर बस्ने रोजिना श्रेष्ठ र रौतहट गा.वि.स.-८, सप्तरी बस्ने प्रमोदकुमार यादवले नापी कार्यालय भक्तपुरमा जंजिरदार पदमा कामकाज गर्न पाउँ भन्ने व्यहोराको निवेदन समेत दिई

कार्यालयमा नापी सर्वेक्षक धर्म व्यन्जनकारसँग बसी नक्सा ट्रेस गर्ने र निजहरूले गरेको ट्रेस नक्सालाई सर्वेक्षक धर्म व्यन्जनकार समेतले प्रमाणित गर्ने तथा निजहरूले गरेको त्यस्तो कार्यलाई कार्यालय प्रमुखले मौन रूपमा सहमति दिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (क) र (छ) बमोजिमको अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७२।१।१५ को निर्णयानुसार ऐनको दफा ११ बमोजिम स्पष्टीकरण माग गरिएकोमा सर्वेक्षक धर्म व्यञ्जनकारले दिएको स्पष्टीकरण चित्त बुझ्दो नै रहेको तर कार्यालय प्रमुख चन्द्र सिंह विष्टले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएको, निजले आफू कार्यालय प्रमुखको जिम्मेवारी लिएर बसेको अवस्थामा कार्यालयमा भइरहेको अवैधानिक र गैरकानूनी कार्य प्रति सहमति जनाएको तथा त्यस्तो कार्यको कहीं कतै अस्विकार गरेको नदेखिएकोले निजलाई विभागीय कारबाही गर्न आयोगको मिति २०७२।५।१७ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको।

(२) मालपोत कार्यालय, इलाममा कार्यरत कर्मचारीहरूको मिलेमतोमा ऋणी होमप्रसाद काफ्ले र धनी टठबहादुर पाण्डे भएको र.नं.५८९ मिति २०७०।५।३० को राजीनामा पास गर्दा न्यूनतम मूल्यांकनभन्दा कम मूल्य रु.२,००,०००।- मात्र राखी राजश्व छली गरेकाले कारबाही गरी पाउँ भनी टेलिफोन मार्फत प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा मालपोत कार्यालय, इलामबाट मिति २०७०।५।३० मा र.नं.५८९ को लिखत पारित गर्दा मालपोत अधिकृत दाताराम घिमिरे, नायब सुब्बाहरू कुलप्रसाद देवान र गोविन्द तिमिल्सिना तथा खरिदार अमृतबहादुर कुँवरले आफूलाई प्राप्त अधिकार सम्बन्धित कानून, निर्णय वा आदेश विपरीत अर्कै उद्देश्य वा कार्यमा प्रयोग गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (छ) बमोजिम आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने पदीय कर्तव्य पालना नगरी अनुचित कार्य गरेको पाइएकोले आयोगको मिति २०७२।४।१५ को निर्णयानुसार निजहरूसँग स्पष्टीकरण माग गरिएकोमा दाताराम घिमिरे, कुल प्रसाद देवान र गोविन्द तिमिल्सिनाबाट पेश हुन आएको स्पष्टीकरणको जवाफमा आफूहरूले प्रचलित ऐन, कानून बमोजिम आफ्नो पदीय जिम्मेवारी बहन गरेको भन्ने समेत व्यहोराको उल्लेख हुन आएको र निजहरू राजस्व रकम हिनामिना गर्ने कार्यमा संलग्न रहेको भन्ने अवस्था समेत मिसिलबाट नदेखिंदा निजहरूका हकमा हाल केही गरिरहनु परेन।सोही पारित राजीनामा लिखतको न्यूनतम मूल्यांकन अंक भिडाउने कार्यमा संलग्न रहेका खरिदार अमृतबहादुर कुँवरबाट पेश हुन आएको स्पष्टीकरण जवाफमा न्यूनतम मूल्यांकनभन्दा कम थैली अंक राखी लिखत पारित गरी राजश्व हिनामिना गरेको विषयमा स्पष्ट जवाफ दिन नसकेको र निजबाट पेश हुन आएको स्पष्टीकरण सन्तोषजनक नदेखिएको हुँदा निजको सेवा, समूहसँग सम्बन्धित ऐन, कानूनहरू बमोजिमको प्रक्रिया अवलम्बन गरी निज खरिदार अमृतबहादुर कुँवरलाई विभागीय कारबाहीको सजाय गरी आयोग समेतलाई जानकारी गराउन आयोगको मिति २०७२।१०।१७ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था विभागमा लेखी पठाइएको।

(३) मालपोत कार्यालय रूपन्देहीमा करौता गा.वि.स.वडा नं. ९ख को कि.नं. ३९० क्षेत्रफल ०-०-१९ को जग्गालाई ०-१२-५ बनाई मालपोत कार्यालय र नापी कार्यालय, रूपन्देहीले कुनै प्रक्रिया पूरा नगरी कर्मचारीहरूको मिलोमतोमा जग्गा पास गरिदिएको भन्ने व्यहोराको

प्रतिवेदन (उजुरी) का सम्बन्धमा अनुसन्धान हुँदा मालपोत कार्यालय, रूपन्देहीका मालपोत अधिकृत राधेश्याम बस्याल, ना.सु. मिनबहादुर श्रेष्ठ, ना.सु. रोमनाथ ज्ञवाली र कम्प्युटर अपरेटर ऋषिराम अर्जेल तथा नापी कार्यालय, रूपन्देहीका नापी सर्भेक्षक राजेन्द्रलाल श्रीवास्तव समेतले अस्वभाविक रूपमा बढ जग्गाको सम्बन्धमा टिप्पणी उठाई प्रमुख मालपोत अधिकृत (कार्यालय प्रमुख) समक्ष पेश गरी कानूनसम्मत रूपमा निर्णय गर्नुपर्नेमा सो नगरी बाध्यात्मक रूपले अपनाउनुपर्ने कार्यविधिको पालना नगरी मिलोमतोमा जग्गा पास गरिदिई आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने पदीय कर्तव्य जानिजानी पालना नगरी अनुचित कार्य गरेको देखिएको हुँदा आयोगको मिति २०७२।४।१९ को निर्णयानुसार निजहरूसँग अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११(१) बमोजिम स्पष्टीकरण माग गरिएकोमा निजहरूले पेश गरेको स्पष्टीकरण जवाफहरू सन्तोषजनक देखिन नआएकोले निजहरू मालपोत कार्यालय, रूपन्देहीका मालपोत अधिकृत राधेश्याम बस्याल, ना.सु. मिनबहादुर श्रेष्ठ, ना.सु. रोमनाथ ज्ञवाली र कम्प्युटर अपरेटर ऋषिराम अर्जेल तथा नापी कार्यालय, रूपन्देहीका नापी सर्भेक्षक राजेन्द्रलाल श्रीवास्तवलाई आयोगको मिति २०७२।१०।२९ को निर्णयानुसार विभागीय सजायको लागि अख्तियारवाला समक्ष लेखी पठाइएको।

(४) नापी शाखा, भक्तपुरका अमिन प्रमोदकुमार साह समेतले मिलेमतोमा ट्रेस पेपरमा किर्ते दस्तखत र पटक पटक किर्ते केरमेट गरी झुक्याई आधार बिना बढी मोल पर्ने मूलबाटोको जग्गा पास गराउन खोजेकोले कारबाही गरिपाउँ भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा भक्तपुर जिल्ला बालकोट गा.वि.स. वडा नं. २ स्थित कि.नं. २२५८ क्षेत्रफल ०-१४-२ को आशुतोष प्रिन्टर्सको नाममा जग्गाधनी कायम भई एन.आई.डि.सि. डेभलपमेन्ट बैंक लि. को नाममा रोक्का रहेको जग्गामध्ये उत्तर पश्चिमतर्फबाट ०-३-२-० जग्गा कित्ताकाट गर्ने गरी फुकुवा भई मिति २०७१।८।२४ मा दिने आशुतोष प्रिन्टर्सका तर्फबाट शीतल शाह र लिने जिल्ला महोत्तरी, श्रीपुर-८ बस्ने नुतन कुमारी यादवबीच बिक्री गर्न रजिष्ट्रेशन कागज तयार भएकोमा जग्गाको तर्फ विवाद भई दाता प्रोपाइटर शीतल शाहको अनुरोधमा सो लिखत बदर भई हाल काठमाडौं जिल्ला अदालतमा लेनदेन मुद्दा परी रोक्का राखेको अवस्था देखिन्छ।सो जग्गाको कित्ताकाट गर्दा ट्रेसिङ पेपरमा हाम्रो रोहबरमा भएको कि.का. ठिक छ भनी दिने लिने दुवै पक्षले हस्ताक्षर गर्नुपर्नेमा उल्लिखित व्यवस्थाको पालना नगरी नापी कार्यालय, भक्तपुरका सर्भेक्षक (रा.प.अनं.प्रथम प्रा.) प्रमोदकुमार साहले ट्रेस तयार गरेको र नापी अधिकृत अरविन्दकुमारले प्रमाणित गरेको देखिन्छ। कित्ता काटको आदेश भएपछि कित्ताकाट गरी कायम भएका कित्ताहरू छुट्टै ट्रेसिङ पेपरमा उतार गरी कित्ताकाट ट्रेस दुईप्रति तयार गर्ने र सो ट्रेसमा लिने दिने दुवै पक्ष, अमिन, निरीक्षक र शाखा प्रमुखबाट सहीछाप गराई दुवै प्रति लिखतसँगै मालपोत कार्यालय पठाउनुपर्ने भन्ने नापी शाखा एवं नापी गोश्वरा कार्यविधि, २०६० को दफा २.१.१० मा व्यवस्था भएकोमा सो व्यवस्थाको पालना नगरी नापी कार्यालय, भक्तपुरका सर्भेक्षक र नापी अधिकृतले जानिजानी निर्णय गर्दा बाध्यात्मक रूपले अपनाउनुपर्ने कार्यविधिको पालना नगरी र आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने पदीय कर्तव्य पालना नगरी अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७२।१०।१७ को निर्णयानुसार नापी कार्यालय, भक्तपुरका नापी

सर्भेक्षक प्रमोदकुमार साह र नापी अधिकृत अरविन्दकुमारले अनुचित कार्य गरेको हुँदा निजहरूसँग अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११ (१) बमोजिम स्पष्टीकरण माग गरिएकोमा निजहरूले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएकोले नापी कार्यालय, भक्तपुरका सर्भेक्षक प्रमोदकुमार साह र नापी अधिकृत अरविन्दकुमारलाई कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय कारबाही सजाय गर्न आयोगको मिति २०७३।१।५ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाइएको ।

(५) जिल्ला बाग्लुङ, बिहुँ गा.वि.स. वडा नं. ४ स्थित कि.नं. ६९४ को सार्वजनिक गौचर जग्गा व्यक्तिको नाममा दर्ता गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा सुकुम्वासी समस्या समाधान आयोग, जिल्ला समिति, बाग्लुङबाट जानिजानी आफ्नो अधिकार नभएको जग्गा व्यक्तिको नाममा दर्ता गरी गराई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (क) बमोजिम अनुचित कार्य गरेको देखिएकोले सो जग्गा दर्ता गर्ने गराउने कार्यमा संलग्न नापी विभागका नापी अधिकृत देवबहादुर लामिछाने तथा भवन निर्माण तथा सम्भार डिभिजन कार्यालय, अनामनगरका इन्जिनियर अमरबहादुर थापासँग आयोगबाट मिति २०७२।१०।१७ मा निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११ बमोजिम स्पष्टीकरण माग गरिएकोमा निजहरूले दिएको स्पष्टीकरण जवाफ सन्तोषजनक नदेखिएकोले नापी विभागका नापी अधिकृत देवबहादुर लामिछानेको हकमा कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय सजाय कारबाही गर्न गराउन आयोगको मिति २०७३।१।१३ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको।

(६) बारा जिल्ला स्थित युनाइटेड विकास बैंक लिमिटेडको नाममा दृष्टि बन्धक भएको जग्गा फुकुवा गरी व्यक्तिको नाममा मालपोत कार्यालय बाराका कर्मचारीले नामसारी गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा बारा जिल्लास्थित तत्कालीन रामपुर खेस्राहा वडा नं.-८ स्थित कि.नं. ११९,२०६ र २१० को ज.वि. ०-१८-५ हरेराम सिंह भट्टराईको नाउँमा दर्ता रहेको जग्गा का.म.न.पा.-३४ स्थित वासुकी ट्रेड कर्न्सनले युनाइटेड विकास बैंक लिमिटेडबाट ऋण लिन धितो स्वरूप मालपोत कार्यालय, बारामा दृष्टिबन्धक पारित गराएकोमा कार्यालयबाट बैंकलाई जग्गा रोक्का रहेको भनी पत्राचार गरेको तर रोक्का अभिलेख रजिष्टरमा सो व्यहोरा नजनाइएका कारण रोक्का गरिएको जग्गा अर्कै व्यक्ति मरछियादेवी तेलिनको नाउँमा राजीनामा लिखत पारित देखियो। मालपोत नियमावली, २०३६ को नियम ५ (घ) मा प्रचलित कानून बमोजिम स्थापित कुनै बैंक, वित्तीय संस्था वा स्थानीय निकायले आफ्नो आर्थिक कारोबारको सिलसिलामा कुनै घर, जग्गा रोक्का राख्न लेखी पठाएमा मालपोत कार्यालयले सो घर, जग्गा कसैलाई बेचबिखन गर्न वा अरू कुनै प्रकारले हक हस्तान्तरण गर्न नपाउने गरी रोक्का किताबमा जनाई अधिकृत स्तरको कर्मचारीबाट प्रमाणित गरी रोक्का गर्नुपर्नेछ भनी उल्लेख भएकोमा। उक्त व्यवस्था मालपोत कार्यालय, बाराबाट पालना भएको देखिएन। रोक्का गर्ने गराउने कार्यमा संलग्न रहेका कर्मचारी तत्कालीन ना.सु. रन्जन घिमिरेले रोक्काको जानकारी मात्र दिई रोक्का रजिष्टरमा उल्लेख नगरेको र अनुसन्धानको क्रममा भएको बयानमा समेत निजले अत्यन्त भीडभाड र फाँटवालाको विश्वासको कारण आफूबाट उक्त कार्य हुन गएको भनी उल्लेख गरेको हुँदा निज नायब

सुब्बा (हाल शाखा अधिकृत मालपोत कार्यालय, सिन्धुपाल्चोक) रन्जन घिमिरेले जानिजानी आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने कार्य, कर्तव्य पालना नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (घ) बमोजिमको अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७३।१।१३ निर्णयानुसार निजसँग अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११ बमोजिम स्पष्टीकरण माग गरिएकोमा स्पष्टीकरण सन्तोषजनक नदेखिएकोले हाल जिल्ला मालपोत कार्यालय, सिन्धुपाल्चोकमा कार्यरत शाखा अधिकृत रन्जन घिमिरेलाई कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय कारबाही गर्न/गराउन आयोगको मिति २०७३।२।१८ को निर्णय अनुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरबारमा लेखी पठाइएको ।

(७) सिंहदरबार हाताभित्र रहेको शिक्षा तथा खेलकुद मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको भवन निर्माणमा सिंहदरबार सचिवालय पुनः निर्माण समितिले अनियमितता गरेको भन्ने समेत व्यहोराको उजुरी निवेदनको सम्बन्धमा अनुसन्धान हुँदा सिंहदरबार सचिवालय पुनः निर्माण समितिका तत्कालीन लेखा अधिकृत एकराज गिरीले शिक्षा तथा खेलकुद मन्त्रालयको भवन निर्माण कार्यको १६ औं Running bill भुक्तानी गर्दा सो भन्दा पहिले भुक्तानी भएका Running bill हरूमा बढी रकम भुक्तानी भए नभएको यकिन गरेर मात्र भुक्तानी गर्नुपर्नेमा सो नगरी बढी रकम भुक्तानी गरी जानिजानी आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने पदीय कर्तव्य निर्वाह नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (छ) बमोजिमको अनुचित कार्य गरेको देखिएकोले निज लेखा अधिकृत एकराज गिरीलाई आयोगको मिति २०७३।१।२९ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११ को उपदफा (१) बमोजिम स्पष्टीकरण माग गरिएकोमा निजले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएकोले सिंहदरबार सचिवालय पुनः निर्माण समितिका तत्कालीन लेखा अधिकृत एकराज गिरी (हाल लेखा अधिकृत, राष्ट्रिय भू-उपयोग आयोजना, मध्य बानेश्वर काठमाडौं) लाई प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय कारबाही गर्न आयोगको मिति २०७३।२।२५ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरबार, काठमाडौंलाई लेखी पठाइएको ।

**७. श्रम मन्त्रालय अन्तर्गत**

(१) नक्कली तथा सच्च्याइएका कागजातहरूबाट मेनपावरहरूले वैदेशिक रोजगार विभागका कर्मचारीहरूको मिलेमतोमा वैदेशिक रोजगारमा कामदारहरू पठाएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा पूर्व तथा अन्तिम श्रम स्वीकृति प्रदान गर्ने कार्यमा कागजात रुजु गर्ने कर्मचारीहरू टा.ना.सु. केशवराज ढुंगाना, ना.सु. सूर्यप्रसाद रेग्मी, ना.सु. चन्द्रदेव भट्ट, ना.सु. यादव सापकोटा, ना.सु. रामदत्त चौलागाई, ना.सु. कमल मरासिनी, ना.सु. लक्ष्मी भण्डारी, ना.सु. मित्रलाल लुइटेल, ना.सु. शेरबहादुर खड्का, तत्कालीन ना.सु. हाल शाखा अधिकृत बसन्त नेपाल, अन्तिम श्रम स्वीकृति निस्सा (स्टिकर) प्रदान गर्ने कार्यमा भिसा अनलाइन चेक गर्ने कर्मचारीहरू कम्प्युटर अपरेटर अमर महरा, डम्बरबहादुर वि.क. र कम्प्युटर अधिकृत प्रेम शर्मा, पूर्व श्रम स्वीकृतिका लागि कागजातहरू ठीक छ भनी निर्देशक समक्ष फाइल पेश गर्ने शाखा अधिकृतहरू नानीराम थापा, रेणु सिंह ठकुरी र जगदीशचन्द्र शिवाकोटी, अन्तिम

श्रम स्वीकृति फाइल सदर गरी निस्सा प्रदान गर्ने शाखा अधिकृतहरू पुष्कर बस्नेत, राजकुमार के.सी., मिनराज पौडेल र ज्ञाननाथ ढकाल तथा पूर्व श्रम स्वीकृति प्रदान गर्ने कर्मचारीहरू निर्देशक कमल भण्डारी, निर्देशक पवनकुमार तिमल्सिना र निर्देशक नारायणप्रसाद रिसाल समेतले श्रम स्वीकृतिका लागी पेश हुन आएका कागजहरू दुरुस्त तरिकाले रुजु चेक जाँच गर्नुपर्नेमा भ्रष्टाचारजन्य कार्यलाई प्रश्रय पुग्ने गरी लापरबाही ढंगबाट हचुवाको भरमा कागज चेक जाँच सिफारिस तथा स्वीकृत गरी कुनै निर्णय वा आदेश गर्दा बाध्यात्मक रूपले अपनाउनुपर्ने कार्यविधिको पालन नगरी आफ्नो पद एवं तोकिए बमोजिम जिम्मेवारीको प्रकृति अनुसार पालना गर्नुपर्ने पदीय कर्तव्य पालना नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग, ऐन २०४८ को दफा ३ को (ख) र (छ) द्वारा परिभाषित अनुचित कार्य गरेको देखिन आएकोले आयोगको मिति २०७१।११।२७ को निर्णयानुसार स्पष्टीकरण माग गरिएकोमा सो मध्ये शाखा अधिकृत रेणु सिंह ठकुरी र शाखा अधिकृत मिनराज पौडैलले सेवाबाट अवकाश प्राप्त गरिसकेको भन्ने व्यहोरा वैदेशिक रोजगार विभागको मिति २०७२।३।१८ को पत्रबाट खुल्न आएकोले निजहरू उपर केही गरिरहन परेन। अन्य कर्मचारीहरूको हकमा निजहरूले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएकोले निज कर्मचारीहरू टा.ना.सु. केशवराज ढुंगाना, ना.सु. सूर्यप्रसाद रेग्मी, ना.सु. चन्द्रदेव भट्ट, ना.सु. यादव सापकोटा, ना.सु. रामदत्त चौलागाई, ना.सु. कमल मरासिनी, ना.सु. लक्ष्मी भण्डारी, ना.सु. मित्रलाल लुइटेल, ना.सु. शेरबहादुर खड्का, तत्कालीन ना.सु. हाल शाखा अधिकृत बसन्त नेपाल, कम्प्युटर अपरेटर अमर महरा, कम्प्युटर अपरेटर डम्बरबहादुर वि.क र कम्प्युटर अधिकृत प्रेम शर्मा, शाखा अधिकृत नानीराम थापा, शाखा अधिकृत जगदीशचन्द्र शिवाकोटी, शाखा अधिकृत पुष्कर बस्नेत, शाखा अधिकृत राजकुमार के.सी., शाखा अधिकृत ज्ञाननाथ ढकाल, निर्देशक कमल भण्डारी, निर्देशक पवनकुमार तिमल्सिना र निर्देशक नारायणप्रसाद रिसाल समेतलाई विभागीय कारबाही गर्न आयोगको मिति २०७२।५।३१ को निर्णयानुसार वैदेशिक रोजगार विभागलाई लेखी पठाइएको।

## ८. ऊर्जा मन्त्रालय अन्तर्गत

(१) जिल्ला विकास समिति कन्चनपुरले आ.व. २०७०।७१ का लागि पशु चौपाया निकासी कर उठाउने ठेक्कामा नियम विपरीत ठेक्का स्वीकृत गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा जि.वि.स. कन्चनपुरले मिति २०७०।२।२८ मा पश्चिम नेपाल दैनिक पत्रिकामा सूचना प्रकाशन गरी पशु चौपाया निकासी कर ठेक्काका लागि टेण्डर आह्वान गरेकोमा उक्त कार्यको लागि ८ वटा दर्तावाला फर्महरूले प्रस्ताव पेश गरेको पाइयो। प्रस्ताव पेश गरेका फर्महरू मध्ये सोनी कन्सट्रक्सनले एउटा प्रस्तावमा रु.६,३५,०००।-, अर्को प्रस्तावमा रु.३,३८,५००।- र भगवती स. मिलले एउटा प्रस्ताव रु.३,९७,७७७।- र अर्को प्रस्तावमा रु.३,४७,७७७।- उल्लेख गरी एउटै फर्मको नामबाट २/२ वटा प्रस्तावहरू पेश गरेका र उक्त प्रस्तावहरूलाई बोलपत्र मूल्यांकन समितिले स्वीकार गरी ती प्रस्तावहरूको समेत मूल्यांकन गरी रु.६,३५,०००।- को प्रस्ताव पेश गर्ने सोनी कन्सट्रक्सनको प्रस्ताव सबैभन्दा बढी भएकोले सो प्रस्तावलाई स्वीकार गर्ने गरी मिति २०७०।३।२२ मा गरेको सिफारिसलाई जिल्ला विकास समिति कन्चनपुरका स्थानीय विकास अधिकारी लक्ष्मण ढकालले मिति २०७०।४।१९ मा स्वीकृत गरेको पाइयो। सरकारी कार्यालयले आह्वान

गरेको बोलपत्र सूचनामा एउटा फर्मले एउटा मात्र प्रस्ताव पेश गर्न पाउने कानूनी व्यवस्था रहेकोमा जि.वि.स. कन्चनपुरले एउटै फर्मका २/२ वटा प्रस्तावहरू स्वीकार गरी उक्त बोलपत्रहरूलाई बोलपत्र मूल्यांकन समितिले मूल्यांकन गरी सोही २/२ वटा प्रस्ताव पेश गर्ने मध्येको सोनी कन्सट्रक्सनले पेश गरेका प्रस्तावलाई स्थानीय विकास अधिकारी लक्ष्मण ढकालले स्वीकृति प्रदान गरी निजले आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने पदीय कर्तव्य एवं कार्यविधि पालना नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(ख)(छ) बमोजिमको अनुचित कार्य गरेको हुँदा निजलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ बमोजिम विभागीय कारबाही गर्ने प्रयोजनार्थ सोही ऐनको दफा ११ बमोजिम स्पष्टीकरण माग गरिएकोमा निजले आयोग समक्ष पेश गरेको स्पष्टीकरण चित्त बुझ्दो नदेखिएको र निज हाल विद्युत विकास विभाग विजुलीबजारमा दरबन्दी कायम भै कार्यरत रहेको देखिएकोले आयोगको मिति २०७२।५।३१ को निर्णयानुसार विभागीय कारबाही गरी सो को जानकारी आयोगमा गराउन ऊर्जा मन्त्रालयलाई लेखी पठाइएको।

**९. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत**

(१) डिभिजन सडक कार्यालय काठमाडौं-२, टेकुका इन्जिनियर ललिजन खनाल समेतले राम सागर विल्डर्स फर्म मार्फत काठमाडौं उपत्याकाको ठेक्का नं.१३ अन्तर्गत त्रिवेणी मार्ग दहचोकमा ८० मिटर सडक कालोपत्रे गरे बापत घूस/रिसवत माग गरेको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा उक्त कार्यको ठेक्का पाएको रामसागर विल्डर्सको म्याद थप निवेदनहरूमा केही नबोली म्याद सकिएको ठेक्काका ठेकेदारसँग २०७२ श्रावण ७ गते साथै फिल्डमा पुगी एउटै गाडीमा फर्की होटेलमा बस्ने, ठेकेदारले सव-इन्जिनियर गोविन्द गैरेलाई रुपैयाँ दिन थालेपछि उपल्लो दर्जाको कर्मचारीको हैसियतले निर्वाह गर्नुपर्ने भूमिका निर्वाह नगरी कुनै प्रतिक्रिया नजनाई बाहिरिने जस्ता कार्य गरी निजामती सेवा ऐन, २०४९ को दफा ५५ मा उल्लेखित आचरण पालना नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(छ) बमोजिम अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७२।४।१७ को निर्णयानुसार सोही ऐनको दफा ११ बमोजिम स्पष्टीकरण माग गरिएकोमा निजले पेश गरेको स्पष्टीकरणमा सन्तोषजनक नदेखिएकोले निज ललिजन खनाललाई विभागीय कारबाही गर्न आयोगको मिति २०७२।६।१ को निर्णयानुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा लेखी पठाइएको।

**१०. वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत**

(१) गौरीशंकर संरक्षण क्षेत्रका कर्मचारीहरूको मिलेमतोमा जडिबुटी लगायतका वन पैदावार विनाश भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा गौरीशंकर संरक्षण क्षेत्र आयोजना, दोलखाका आयोजना प्रमुख सत्यनारायण शाहले नेपाल राजपत्र भाग ५ (खण्डा ६०, संख्या ३८) मिति २०६७।९।२६ मा प्रकाशित वन तथा भू-संरक्षण मन्त्रालयको सूचना अनुसार संकलन, उपयोग, बिक्री वितरण, ओसारपसार र विदेश निकासीको लागि प्रतिबन्ध लगाइएको झ्याउ (Lichean Spp) को निकासी अनुमति दिई आफूलाई नभएको अधिकारको प्रयोग गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(क) बमोजिम अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७२।४।२० को निर्णयानुसार निजसँग ऐनको दफा

११ बमोजिम स्पष्टीकरण माग गरिएकोमा निजले पेश गरेको स्पष्टीकरणको जवाफमा झ्याउ प्रतिबन्धित जडिबुटीको सूचीमा रहेको जानकारी नभएकोले निकासी दिएको भन्ने उल्लेख गरेको पाइयो । नेपाल राजपत्रमा प्रकाशित भएको सूचना जानकारी नभएको भन्ने निजको स्पष्टीकरण सन्तोषजनक नभएकोले निज सत्यनारायण शाहलाई विभागीय कारबाही सजाय गरी जानकारी गराउन आयोगको मिति २०७२।६।१७ को निर्णयानुसार अख्तियारवाला वन तथा भू-संरक्षण मन्त्रालयलाई लेखी पठाइएको।

(२) पर्सा वन्यजन्तु आरक्षका प्रमुख संरक्षण अधिकृत निलाम्बर मिश्र सहितको प्रत्यक्ष संलग्नतामा उक्त आरक्षभित्रका दर्जनौं रूखहरू अवैध रूपमा कटान गरिएको र सो सम्बन्धमा वन तथा भू-संरक्षण मन्त्रालयद्वारा गठित छानबिन समितिले निज मिश्रलाई दोषी ठहर गर्दै मन्त्रालय र विभागमा प्रतिवेदन दिए पनि त्यस उपर कुनै कारबाही नभएको समेत व्यहोराको समाचार विभिन्न पत्रपत्रिकामा छापिएको सम्बन्धमा अनुसन्धान हुँदा पर्सा वन्यजन्तु आरक्षभित्रको अवैध वन फडानी सम्बन्धमा आरक्षका प्रमुख संरक्षण अधिकृत निलाम्वर मिश्र र सहायक संरक्षण अधिकृत पशुपति अधिकारीले सम्भावित घटनाको पूर्वानुमान गर्न नसकेको, मातहतका कर्मचारीहरूको प्रभावकारी सुपरीवेक्षण गर्न नसकेको, घटनामा आशंका गरिएका गोठालो मानबहादुर पुलामीलाई हिरासतमा नलिई जिम्मा लगाउँदा भागेको जस्ता कार्यहरू गरी आफ्नो पदीय जिम्मेवारी अनुरूपको दायित्व पूरा नगरी र गेम स्काउटहरू वसन्त न्यौपाने, कुमार ढुंगाना र नारायणकुमार बानियाँले वन फडानीका विषयमा प्राप्त सूचनाहरू समयमै माथिल्लो अधिकारीसम्म पुर्‍याउने पदीय जिम्मेवारी अनुरूपको कर्तव्य पूरा नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(छ) बमोजिमको अनुचित कार्य गरेकोले सोही ऐनको दफा ११ बमोजिम आयोगको मिति २०७२।५।१ को निर्णयानुसार निजहरूसँग स्पष्टीकरण माग गरिएकोमा प्रमुख संरक्षण अधिकृत निलाम्बर मिश्र मिति २०७१।३।२६ गतेदेखि लागू हुने गरी अनिवार्य अवकाश भइसकेको भनी पर्सा वन्यजन्तु आरक्षबाट लेखी आएको हुँदा गेम स्काउट वसन्त न्यौपाने, गेम स्काउट कुमार ढुंगाना र गेम स्काउट नारायणकुमार बानियाँले जंगली हात्तीले सरकारी घर पालुवा हात्तीलाई आक्रमण गर्ने हुँदा त्यस समयमा हात्तीसारेले जंगली हात्ती भएतिर लैजान नमानेको, वर्षातमा झाडी बढेको र ढड्डीका कारण हामी पैदल गस्ती गर्न जान सम्भव नभएको साथै कार्यालयबाट बराबर क्रसर उद्योग बन्द गर्न पत्राचार गरेको हुँदा सहायक संरक्षण अधिकृत पशुपति अधिकारीले हामीलाई भाद्र महिनादेखि मनहरीको सिम्पानी डिउटी खटाउनुभएका कारण काठ कटानी भएको बारेमा अनभिज्ञ भयौं भन्ने समेतको व्यहोराको प्रायः एकै मिलान व्यहोराको स्पष्टीकरण पेश गरेका र मिसिल संलग्न कागजात अध्ययन गर्दा समेत स्पष्टीकरण व्यहोरा सन्तोषजनक देखिएको हुँदा निजहरूको हकमा हाल केही गरिरहन परेन।सहायक संरक्षण अधिकृत पशुपति अधिकारीको हकमा जानिजानी आफ्नो पदीय कर्तव्य पालना नगरी अनुचित कार्य गरेको तथ्य स्थापित भई पेश गरेको स्पष्टीकरण समेत सन्तोषजनक नरहेको हुँदा निज सहायक संरक्षण अधिकृत पशुपति अधिकारीलाई कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय कारबाही गर्न गराउन आयोगको मिति २०७३।१।२३ को निर्णयानुसार वन तथा भूसंरक्षण मन्त्रालयमा लेखी पठाइएको ।

(३) जिल्ला वन कार्यालय, कैलाली अन्तर्गत धनगढी रेञ्ज पोष्टका सहायक वन अधिकृत

रामनारायण यादवले वन क्षेत्रको जग्गा खनजोत गरी वन अतिक्रमण गरेको मुद्दाका अभियुक्तसँग घूस लिई निजलाई थुना मुक्त गरेको र मुद्दा नचलाएको भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले जानिजानी निर्णय गर्दा बाध्यात्मक रूपले अपनाउनुपर्ने कार्यविधिको पालना नगरेको, आफ्नो तजबिजी अधिकार बदनियतसाथ एवं स्वेच्छाचारी रूपमा प्रयोग गरेको र आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने पदीय कर्तव्य समेत पालना नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय खण्ड (ख), (घ) र (छ) बमोजिमको अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७२।४।२० को निर्णयानुसार निजसँग अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११ बमोजिम स्पष्टीकरण माग गरिएकोमा उक्त स्पष्टीकरण सन्तोषजनक नदेखिएकोले निजलाई प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय कारबाही गर्न गराउन आयोगको मिति २०७३।२।१० को निर्णयानुसार वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएको ।

(४) नवलपरासी जिल्ला बेनिमणिपुर गा.वि.स.वडा नं.५ स्थित झरना सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीहरूले उक्त सामुदायिक वन क्षेत्रका काठ अनधिकृत रूपमा कटानी गरेकोले सम्बन्धित व्यक्तिहरूलाई कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा इलाका वन कार्यालय, सर्दी, नवलपरासीका कार्यालय प्रमुख रवीन्द्र जि.सी., वन कार्य सहयोगी हेमलाल सापकोटा तथा वन रक्षक गोबिन्दबहादुर रानाले आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने पदीय कर्तव्य पालना नगरी लापरबाहीपूर्वक काम कारबाही गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय खण्ड (छ) बमोजिमको अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७२।४।१९ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११(१) बमोजिम स्पष्टीकरण माग गरिएकोमा स्पष्टीकरण सन्तोषजनक देखिन नआएकोले निजहरू इलाका वन कार्यालय, सर्दी, नवलपरासीका कार्यालय प्रमुख रवीन्द्र जि.सी., वन कार्य सहयोगी हेमलाल सापकोटा तथा वन रक्षक गोबिन्दबहादुर रानालाई कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय सजाय गर्नका लागि आयोगको मिति २०७२।१०।१७ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाइएको ।

(५) डडेल्धुरा जिल्लाको आलिताल गा.वि.स. अन्तर्गत मेलगाजा भन्ने स्थानमा वन कर्मचारीहरू समेतको मिलेमतोमा अवैध काठ कटान गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा सेक्टर वन कार्यालय, जोगबुढाका तत्कालीन कार्यालय प्रमुख एवं सहायक वन अधिकृत सुरेशचन्द्र डि.सी. र इलाका वन कार्यालय, आलितालका तत्कालीन कार्यालय प्रमुख एवं सहायक वन अधिकृत दानबहादुर श्रेष्ठले आफ्नो पदीय कर्तव्य र जिम्मेवारी अनुरूपको कार्य नगरी लापरबाहीपूर्वक काम कारबाही गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय देहाय खण्ड (छ) बमोजिमको अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७२।५।३१ को निर्णयानुसार निजहरूसँग सोही ऐनको दफा ११ बमोजिम स्पष्टीकरण माग गरिएकोमा निजहरूले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएकोले निजहरू सुरेशचन्द्र डि.सी. र दानबहादुर श्रेष्ठलाई कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय कारबाही गर्न आयोगको मिति २०७३।१।७ को निर्णयानुसार वन तथा भू- संरक्षण

मन्त्रालय, काठमाडौंलाई लेखी पठाइएको ।

**११. खानेपानी तथा सरसफाई मन्त्रालय अन्तर्गत**

(१) डोटी जिल्ला मुडभरा गा.वि.स. स्थित सामुदायिक खानेपानी उपभोक्ता समितिका अध्यक्ष लालबहादुर महरा समेतले खानेपानी आयोजनामा पाइप तथा फिटिङ खरिदका नाममा फर्जी बिल पेश गरी लाखौं रकम भ्रष्टाचार गरेकोले उक्त भ्रष्टाचारमा संलग्न कर्मचारी र प्राविधिक समेतलाई आवश्यक कारबाही गरी हिनामिना रकम असुल उपर समेत गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा डोटी जिल्ला मुडभरा गा.वि.स. स्थित खानेपानी आयोजनाको लागत इस्टिमेट अनुसार ५५ वटा धारा उल्लेख भएकोमा ४६ वटा धाराहरू मात्र निर्माण भएको, १४ वटा धाराबाट पानी नआएको, कुनै धारामा पाइप लाइन नै विस्तार नभएको, ९ वटा धाराहरू बन्दै नबनेका र इस्टिमेट बमोजिम पाइप जमिनमुनि पुर्ने काम समेत नभएको अवस्थामा उक्त खानेपानी आयोजनालाई कागजी रूपमा कार्य सम्पन्न भएको भनी मिति २०६७।१२।२९ मा झुठा प्रतिवेदन तयार गरी तत्कालीन इकाई प्रमुख पूर्णप्रसाद उपाध्याय, तत्कालीन इन्जिनियर राम लखन ठाकुर र तत्कालीन ओभरसियर नवराज जोशीले भुक्तानी लिने दिने कार्यमा संलग्न भई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (छ) बमोजिम अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७२।५।१ को निर्णयानुसार १५ दिनको समयावधि दिई स्पष्टीकरण माग गरिएकोमा निजहरूबाट प्राप्त स्पष्टीकरणमा हाल उक्त आयोजनाको बाँकी रहेको सम्पूर्ण कार्यहरू सम्पन्न भई फरफारक भएको पुष्टि भएको देखिए तापनि तत्कालीन अवस्थामा उक्त आयोजनाको लागत इस्टिमेट अनुसार सम्पूर्ण निर्माण कार्य सम्पन्न नभए पनि कार्य सम्पन्न भएको भनी गलत प्रतिवेदन दिने तथा सोही प्रतिवेदनको आधारमा रकम भुक्तानी गरी जानिजानी लापरबाही गरिएको देखिन आएको र कार्य सम्पन्न नै नभई कार्य सम्पन्न भएको भनी प्रतिवेदन पेश भएको विषयलाई निजहरूले अन्यथा भन्न सकेको समेत नदेखिएकोले निजहरूको स्पष्टीकरण सन्तोषजनक देखिएन। अतः आयोजनाका तत्कालीन इकाई प्रमुख पूर्णप्रसाद उपाध्याय, तत्कालीन इन्जिनियर रामलखन ठाकुर र तत्कालीन ओभरसियर नवराज जोशीलाई आयोगको मिति २०७२।११।१३ को निर्णयानुसार विभागीय सजाय कारबाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाइएको ।

**१२. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत**

(१) महिला तथा बालबालिका कार्यालय, कालिकोटका निमित्त महिला विकास अधिकृत हसिना पराजुली सुवदी, सहायक लेखापाल मलिम रावत र सुपरभाइजर सम्झना अधिकारी समेतको मिलोमतोमा महिलाहरूको नाममा आएको आ.व. २०६८/६९ र आ.व. २०६९/७० का विभिन्न शीर्षकहरूको रकममा व्यापक भ्रष्टाचार गरेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा महिला तथा बालबालिका कार्यालय, कालिकोटमा कार्यरत तत्कालीन नि. महिला विकास अधिकृत हसिना पराजुली सुवेदी, सुपरभाइजर सम्झना अधिकारी र स.ले.पा. मलिम रावतले आफ्नो पदको प्रकृति अनुसारको पदीय कर्तव्य र जिम्मेवारी पूरा नगरेको, सरकारी रकम खर्चको लेखा दुरुस्त नराखेको, आर्थिक कारोबार समयमा नै फरफारक नगरेको, पेश्की फछ्र्यौट समयमै नगरेको र उजुरी परेपछि मात्र तिर्ने बुझाउने, फछ्र्यौट गर्ने गरेको देखिएको र निज नि. महिला विकास अधिकृत हसिना पराजुली सुवेदी, सुपरभाइजर सम्झना अधिकारी र स.ले.पा. मलिम राउतको उक्त कार्यहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (ख) र (छ) बमोजिमको अनुचित कार्यहरू भए गरेको देखिंदा निजहरूलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११ बमोजिम आयोगको मिति २०७२।६।१९ को निर्णयानुसार स्पष्टीकरण माग गरिएकोमा निजहरूले पेश गरेका स्पष्टीकरणहरू

सन्तोषजनक नदेखिएकोले महिला विकास अधिकृत हसिना पराजुली सुवेदी, स.ले.प. मलिम रावत र सुपरभाइजर सम्झना अधिकारीलाई कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय कारबाही सजाय गर्न आयोगको मिति २०७३।१।५ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाइएको ।

**१३. सहरी विकास मन्त्रालय अन्तर्गत**

(१) भूकम्प प्रभावित घर-परिवारलाई उपलब्ध गराउन सहरी विकास मन्त्रालयबाट खरिद गरिएको त्रिपाल खरिद र वितरण प्रक्रियामा अनियमितता भएको तथा पारदर्शी नभएको भन्ने समेत विषयमा अनुसन्धान हुँदा सहरी विकास मन्त्रालयले मिति २०७२।१।१३ देखि मिति २०७२।१।१९ सम्म त्रिपाल खरिद गर्ने क्रममा त्रिपालकै कारोबार गर्ने व्यवसायीसँग समन्वय नगरी मन्त्रालयमा स्टेसनरी एवं मर्मत लगायतका काम गर्दै आएका विभिन्न फर्महरूलाई बिचौलियाको रूपमा प्रयोग गरी त्रिपाल खरिद गरेको पाइयो। आपूर्तिकर्ताले आपूर्ति गरेको त्रिपालहरूको स्रोततर्फ हेर्दा माता इन्टरप्राइजेज लगायतका आपूर्तिकर्ताहरूले अत्यधिक मात्रामा ११० र १२० GSM का त्रिपालहरू प्रतिवर्ग फिटको करिब रु.४।- का दरले खरिद गरी गुणस्तर, परिमाण, साइज, संख्या र दर समेत अस्वाभाविक रूपमा बढाई २०० देखि २५० GSM को त्रिपाल आपूर्ति गरेको देखाई आपूर्ति नै नगरिएका बढी GSM का त्रिपालको गुणस्तर परीक्षण गर्न समेत पठाएको देखियो। उक्त कार्यमा संलग्न जिम्मेवार अधिकारीहरूमध्ये मन्त्रालयका सचिव अर्जुनकुमार कार्कीले आफू कार्यरत मन्त्रालयलाई नेपाल सरकारले सुम्पिएको त्रिपाल खरिद तथा वितरण प्रक्रिया जस्तो महत्वपूर्ण जिम्मेवारी एवं दायित्वलाई सम्भव भएसम्म उच्च प्राथमिकतामा राखी मन्त्रालयबाट भए गरेका कामकारबाहीहरूको कानूनी तथा प्रशासनिक प्रक्रिया पूरा गरी पारदर्शी ढंगबाट खरिद तथा वितरण प्रक्रियाको व्यवस्थापन गर्न नियमित रूपमा अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण जस्ता कार्यहरू गर्नु गराउनुपर्नेमा तल्लो तहका कर्मचारीहरूलाई मौखिक जिम्मेवारी दिई निर्णयार्थ पेश हुन आएको यथार्थ व्यहोरा उल्लेख नभएको टिप्पणीको आधारमा महालेखा परीक्षकको विभागले निर्धारण गरे बमोजिमको श्रेस्ता कागजात बिना नै खरिद समर्थन गरी आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने पदीय कर्तव्य पालना नगरेको देखियो । त्यसैगरी सह-सचिव वासुदेव गुरागाईंले त्रिपालको खरिद समर्थन गराउने प्रयोजनको लागि खरिद गरिएको त्रिपालको मूल्य, परिमाण र गुणस्तरमा अस्वाभाविक रूपमा फरक पारी, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम खरिद समर्थन गर्न आवश्यक पर्ने बिल भरपाई लगायतका कागजातहरू संलग्न भए नभएको यकिन गरी खरिद समर्थनका लागि अख्तियारवाला समक्ष पेश गर्नुपर्नेमा आफू समक्ष पेश हुन आएको टिप्पणीमा उल्लेखित व्यहोराको तथ्यतर्फ अध्ययन तथा विश्लेषण नै नगरी आर्थिक प्रशासन शाखाबाट पेश भएको रायलाई समर्थन गर्दै गलत विवरण उल्लेख भएको टिप्पणीलाई निर्णयार्थ पेश गरेको देखियो। साथै सह-सचिव शम्भु के.सी., प्रमुख लेखा नियन्त्रक नारायण निरौला र सि.डि.ई. निलमकुमार डंगोलले मिति २०७२।१।२० मा त्रिपाल खरिद कार्यको लागि गठित विशेष खरिद समितिको पदाधिकारीको हैसियतले वार्ताद्वारा त्रिपाल खरिद गर्दा वार्ता गरिएको प्रमाणलाई लिपिबद्ध नगरेको, वार्ताद्वारा आपूर्ति गर्ने आपूर्तिकर्ताहरूमध्ये केही आपूर्तिकर्ताहरूलाई निर्णय गरी आपूर्ति गर्न आदेश दिएको र केहीलाई मौखिक रूपमा आपूर्ति

गर्न निर्देशन दिई निर्णय प्रक्रियामा एकरूपता कायम नगरेको, प्रस्ताव आह्वान गरी त्रिपाल खरिद गर्ने प्रयोजनको लागि प्रकाशित सूचना बमोजिम पेश हुन आएका प्रस्तावमा उल्लेखित दरलाई समयमै विश्लेषण गरी शीघ्र खरिद गर्दा नेपाल सरकारलाई हुने लाभ र पछि खरिद गर्दा हुने हानि-नोक्सानीका विषयमा अध्ययन विश्लेषण नगरेको देखियो। यसरी उल्लिखित पदाधिकारीहरूले आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने पदीय कर्तव्य पालना नगरी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याउने बदनियतले कार्य गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(छ) बमोजिमको अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७२।४।२७ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११(१) बमोजिम स्पष्टीकरण माग गरिएकोमा निजहरूले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएको हुँदा आयोगको मिति २०७२।८।२२ को निर्णयानुसार निजहरूलाई कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय कारबाही गर्न अख्तियारवाला समक्ष लेखी पठाइएको।

(२) प्रधानमन्त्री निवास बालुवाटारमा स्वचालित गेट तथा भेइकल वेरियर (Vehicle Barrier) निर्माण कार्य गरिसकेपछि भुक्तानी माग गर्दा भवन निर्माण सम्भार डिभिजन कार्यालय, काठमाडौंका इन्जिनियर रामशरण क्षेत्रीले भुक्तानीको रकमको २५% ले हुन आउने रकम माग गरेको भन्ने विषयमा भएको टेलिफोन संवादको अडियो रेकर्ड सहित परेको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा इन्जिनियर रामशरण क्षेत्रीले उजुरीकर्ताले आयोगमा पेश गरेको सिडीमा प्रस्तुत भएको टेलिफोन संवादमा बोलेका कुराहरू (आवाज) आफ्नो भएको स्वीकार गरी बयान गरेको, अनुसन्धानमा बुझिएका टेक्नोलोजी सेल्स प्रा.लि. का निर्देशक लक्ष्मणप्रसाद रिमाल, सिद्धि निर्माण सेवाका अजय डंगोल, सिद्धिनारायण महर्जनको कागज व्यहोरा समेतका आधार प्रमाणहरूबाट भवन निर्माण सम्भार डिभिजन कार्यालयका इन्जिनियर रामशरण क्षेत्रीले आफ्नो पद ओहोदाले गर्नुपर्ने काम गरिदिनका लागि कार्यालयबाट चेकबाट रकम भुक्तानी गरे पश्चात भुक्तानी भएको रकमको २५% रकम छाडेर अरू रकम मात्र लैजानको लागि सेवाग्राहीलाई भनेको कार्यबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (छ) बमोजिम जानिजानी लापरबाही गरी आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने पदीय कर्तव्य नगरेको पुष्टि हुन आएको देखिंदा आयोगको मिति २०७२।१०।१७ को निर्णयानुसार निजसँग अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११ बमोजिम ७ (सात) दिनको म्याद तोकी स्पष्टीकरण माग गरिएकोमा निजले पेश गरेको स्पष्टीकरणमा सन्तोषजनक नदेखिएकोले निजलाई कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय कारबाही गर्न आयोगको मिति २०७३।१।५ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाइएको।

(३) जिल्ला बाग्लुङ, बिहुँ गा.वि.स. वडा नं. ४ स्थित कि.नं. ६९४ को सार्वजनिक गौचर जग्गा व्यक्तिको नाममा दर्ता गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा सुकुम्बासी समस्या समाधान आयोग, जिल्ला समिति, बाग्लुङबाट जानिजानी आफ्नो अधिकार नभएको जग्गा व्यक्तिको नाममा दर्ता गरी गराई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (क) बमोजिम अनुचित कार्य गरेको देखिएकोले सो जग्गा दर्ता गर्ने गराउने कार्यमा संलग्न नापी विभागका नापी अधिकृत देवबहादुर लामिछाने तथा

भवन निर्माण तथा सम्भार डिभिजन कार्यालय, अनामनगरका इन्जिनियर अमरबहादुर थापालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११ बमोजिम आयोगको मिति २०७२।१०।१७ को निर्णयानुसार निजहरूसँग स्पष्टीकरण माग गरिएकोमा निजहरूले दिएको स्पष्टीकरण जवाफ सन्तोषजनक नदेखिएकोले भवन निर्माण तथा सम्भार डिभिजन कार्यालय, अनामनगरका इन्जिनियर अमरबहादुर थापाको हकमा कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय कारबाही गर्न गराउन आयोगको मिति २०७३।१।१३ को निर्णयानुसार सहरी विकास मन्त्रालयमा लेखी पठाइएको ।

**१४. सिंचाइ मन्त्रालय अन्तर्गत**

१. २०७२ वैशाख १२ को भूकम्प पश्चात भूकम्पले क्षति पुगेको सिंचाइ योजनाहरूको मर्मतका लागि सिंचाइ विकास डिभिजन, ओखलढुंगाबाट खरिद तथा वितरण भएका पाइप समेतका सम्बन्धमा छानबिन कार्य टोलीको प्रतिवेदनमा औंल्याइएका विषयमा अनुसन्धान हुँदा भूकम्पबाट क्षतिग्रस्त भएका सिंचाइ आयोजनाहरू तत्काल मर्मत सम्भार गर्ने भनी जिल्ला दैवीप्रकोप उद्धार समिति, ओखलढुंगाको निर्णय भएको हुँदा सो बमोजिम गर्नु भनी मिति २०७२।२।११ मा जिल्ला प्रशासन कार्यालय, ओखलढुंगाले सिंचाइ विकास सव डिभिजन नं.५, ओखलढुंगालाई पत्र लेखेको देखियो । योजनाको पहिचान, सिफारिस एवं छानिएका योजनाहरूको बारेमा दैवीप्रकोप उद्धार समितिलाई जानकारी भएको खुल्न नआएकोले सम्भव भएसम्मका विकल्पहरू समेतको विश्लेषण गरी कानूनी व्यवस्था एवं आधार खुलाई निर्णय गर्नुपर्ने कर्तव्य एवं दायित्व भएका अधिकार प्राप्त अधिकारी एवं पूर्वाञ्चल सिंचाइ विकास सव डिभिजन नं.५, ओखलढुंगाका कार्यालय प्रमुख सि.डि.ई. हरिनारायण यादवले सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ ले निर्दिष्ट गरेका कुनै पनि प्रक्रिया र कार्यविधि नअपनाई, निर्णयसम्म पनि नगरी ठाडो पत्रका आधारमा रु.६८,९८,०४१।५० रकम खर्च गरी कृष्टल प्लाष्टिक प्रोडक्ट प्रा.लि. हेटौंडाबाट HDPE पाइप खरिद एवं ढुवानी गरी वितरण गरेको देखियो ।उक्त कार्यवाट निज सि.डि.ई. हरिनारायण यादवले जानिजानी निर्णय वा आदेश गर्दा बाध्यात्मक रूपले अपनाउनुपर्ने कार्यविधिको पालना नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (ख) को अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०७३।१।५ को निर्णयानुसार निज सि.डि.ई. हरिनारायण यादवलाई अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा ११ बमोजिम स्पष्टीकरण माग गरिएकोमा निजले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएकोले कानून बमोजिम प्रक्रिया पूरा गरी विभागीय कारबाही सजाय गर्न आयोगको मिति २०७३।३।१५ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाइएको ।

**१५. कृषि मन्त्रालय अन्तर्गत**

१. कृषि सामग्री कम्पनी लि. उपशाखा कार्यालय, गुलरिया, बर्दियाका उपशाखा प्रमुख नरहरि पोखरेलले कार्यालयको पर्खाल भत्काउने क्रममा निस्केको इँटा आफ्नो घरमा प्रयोग गरेको, कार्यालय परिसरमा रहेको सिमलको रूख कटान गरी खाइमासी जिल्ला प्राविधिक कार्यालय, बर्दिया र जिल्ला वन कार्यालय, बर्दियाले गरेको मूल्यांकन अनुसार हुन आउने जम्मा रु.७०,२९०।५२ बराबरको सरकारी सम्पत्ति हिनामिना गरेको देखिएकोमा निजले अनुसन्धानकै क्रममा हिनामिना हुन आएको सामान बराबरको रकम कार्यालयकै खातामा

दाखिला गरेको भौचर पेश हुन आएको पाइयो । निजले हिनामिना गरेको रकम अनुसन्धानको क्रममा दाखिला गरे तापनि तत्कालीन समयमा निजले जानिजानी आफ्नो पदीय ओहदाले गर्नुपर्ने कर्तव्य पालना नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (छ) बमोजिमको अनुचित कार्य गरेको देखिन आएकोले निज कृषि सामग्री कम्पनी लि. उपशाखा कार्यालय, गुलरिया, बर्दियाका कायम मुकायम उपशाखा प्रमुख नरहरि पोखरेललाई आयोगको मिति २०७३।२।१८ गतेको निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११को उपदफा (१) बमोजिम स्पष्टीकरण माग गरिएकोमा निजले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएको । निज नरहरि पोखरेललाई प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय कारबाही गर्न आयोगको मिति २०७३।३।२७ को निर्णयानुसार कृषि सामग्री कम्पनी लिमिटेड प्रधान कार्यालय, काठमाडौंलाई लेखी पठाइएको ।

### ६.५.२ सचेत

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ को उपदफा (१) मा सार्वजनिक पद धारण गरेको व्यक्तिले पेश गरेको स्पष्टीकरण आयोगलाई सन्तोषजनक नलागेमा आयोगले निजलाई सचेत गराउन सक्ने व्यवस्था छ । सोही अनुरूप आयोगबाट आर्थिक वर्ष २०७२।७३ मा सचेत गराइएको विवरण देहायमा उल्लेख गरिएको छ ।

**१. नेपाल ट्रष्टको कार्यालय**

(१) एन्जिल टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरका तत्कालीन प्रमुख जिल्ला अधिकारी (हाल सह-सचिव, नेपाल ट्रष्टको कार्यालय, दरबारमार्ग) परशुराम अर्यालले सरकारी स्वामित्वको क्षेत्रभित्रका खयर र जामुनका रूखहरू प्रक्रिया मिचेर कटान गरी पर्खाल निर्माणका क्रममा अनियमितता गरेको भन्ने समेत समाचार एवं उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (ख) र (छ) बमोजिमको अनुचित कार्य गरेको देखिएकोले सोही ऐनको दफा ११ बमोजिम आयोगको मिति २०७२।६।२० को निर्णयानुसार निजसँग स्पष्टीकरण माग गरिएकोमा निजले पेश गरेको स्पष्टीकरणमा ठेकेदारले त्यहाँका रूखका दाउरा इट्टा ल्याउँदा केही लगेछन् र सो लगेबापत तत्काल राजश्व स्वरूप रु.५०००।- राजश्व खातामा जम्मा गर्न लगाएको थिएँ भन्ने निजको स्वीकारोक्ति तथा अंगरक्षक र पत्रकारलाई दोष लगाएर जिम्मेवारी वोध गरेको नदेखिँदा निजको स्पष्टीकरण सन्तोषजनक नदेखिएकोले निज परशुराम अर्याललाई सचेत गराउन नेपाल ट्रष्टको कार्यालय, दरबारमार्ग, काठमाडौंलाई आयोगको मिति २०७२।८।१३ को निर्णय अनुसार लेखी पठाइएको ।

**२. संघीय मामिला तथा स्थानीय विकास**

(१) रौतहट जिल्ला स्थिति गौर नगरपालिका कार्यालयको, आ.व. ०७१।०७२ मा जगेडा कोषबाट सञ्चालन हुने निर्माणसम्बन्धी बोलपत्र मिति २०७१।९।१ गते गोरखापत्रमा सूचना प्रकाशित गरी ३० दिनको म्याद दिइएको, २०७१।१०।३ मा पुनः गोरखापत्रमा ९ दिनभित्र टेण्डर खरिद र दर्ता गर्ने म्याद, सार्वजनिक खरिद ऐन र नियमावली विपरीत थप गरेको, उजुरीकर्ताले सि.नं. १-५ जम्मा टेण्डर फर्म नियमानुसार दर्ता गरिसकेको र टेण्डर खोल्दा सि.नं. १-५ सम्मको टेण्डर बुकमा अंक र अक्षर आफूखुशी सम्बन्धित कर्मचारीहरूसँग मिली टेण्डर बुकमा थपघट गरी टेण्डर अनियमितता गरिएको, नगरपालिका कार्यकारी अधिकृत र त्यसमा संलग्न कर्मचारीहरूलाई आवश्यक कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा गौर नगरपालिका कार्यालय, रौतहटले मिति २०७१।९।१ मा ३० दिने म्याद दिई बोलपत्र खरिदसम्बन्धी सार्वजनिक सूचना गोरखापत्रमा प्रकाशित गरेको देखियो। सो बोलपत्र खरिदको म्याद ९ दिन थप गरेको सूचना पुनः गोरखापत्रमा मिति २०७१।१०।३ मा प्रकाशित भएको देखियो। प्रथम पटक सूचना प्रकाशित भै सो सूचनाको म्याद समाप्त भएपछि पुनः बोलपत्र खरिद र पेश गर्ने सूचना प्रकाशित गरेको कार्य

सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को कानूनी व्यवस्था विपरीत देखिएकोले निज कार्यकारी अधिकृत सुनिलकुमार यादवले जानजानी आफूलाई प्राप्त अधिकार सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ विपरीत प्रयोग गरेको र आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने पदीय कर्तव्यहरू पालना नगरेको समेत देखिन आई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ देहाय (ख) र (छ) को कार्यहरू गरी अनुचित कार्यहरू गरेको देखिएकोले निज कार्यकारी अधिकृत सुनिलकुमार यादवलाई मिति २०७२।१०।१७ को निर्णय अनुसार सचेत गराइएको ।

२. जिल्ला प्राविधिक कार्यालय, डडेलधुराको विनियोजित बजेटबाट मष्टामाण्डौ गा.वि.स. भवन निर्माण गर्न ठेक्का सम्झौता गर्ने क्रममा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ को उपनियम (३) बमोजिम थप ८% कार्य सम्पादन जमानत लिनुपर्नेमा सो नगरेको, मिति २०७०।२।२५ गते कार्य सम्पन्न म्याद समाप्त भइसकेको ठेक्का सम्झौतामा म्याद थप नभएको अवस्थामा प्रचलित कानूनले तोकेको हर्जना सहित ठेक्का फर फारक गर्नुपर्नेमा सो नगरी निर्माण व्यवसायीलाई मोविलाइजेशन पेश्की कटाई थप रु.१९,८१९।- भुक्तानी गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा ठेक्का प्रक्रियामा संलग्न कार्यालय प्रमुख ई. श्याम बहादुर खड्का र लेखापाल कृष्णप्रसाद भट्ट, लेखापाल खगेन्द्रराज पण्डित, सव इन्जिनियर प्रेम कमल जोशीले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को (ख) र (छ) बमोजिमको अनुचित कार्य गरेको देखिएकोले सोही ऐनको दफा ११ बमोजिम निजहरूसँग स्पष्टीकरण माग गरिएकोमा कार्यालय प्रमुख ई. श्याम बहादुर खड्का र लेखापाल कृष्णप्रसाद भट्ट, लेखापाल खगेन्द्रराज पण्डित, सव इन्जिनियर प्रेमकमल जोशीले पेश गरेको स्पष्टीकरणमा ठेकेदार स्थानीय व्यक्ति भएकोले स्थानीय स्तरमा ढुंगा, बालुवा र काठ उपलब्ध हुनसक्ने देखिएकोले थप जमानत नलिई बोलपत्र स्वीकृतिका लागि सिफारिस गरिएको तथा ठेकेदारले बोलपत्रको म्याद समाप्त नहुँदै रु.६,४३,०००।- बरावरको निर्माण कार्य सम्पन्न गरेकोमा रु.२,११,८१९।- को बिलमा रु.१,९२,०००।- पेश्की कटाइ रु.१९,८१९।- भुक्तानी दिएको, ठेक्का अवधि समाप्त भएपछि पनि कार्य जारी राखेको, करिब ५७% कार्य सम्पन्न गरेकोमा ३६% बराबर कार्यको मात्र भुक्तानी गरेको भनी जवाफहरू पेश गरे तापनि निजहरूले सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमका प्रक्रियाहरू पूरा गरेको नपाइएकोले निजहरूको स्पष्टीकरण जवाफ सन्तोषजनक नदेखिएकोले ई. श्यामबहादुर खड्का, लेखापाल कृष्णप्रसाद भट्ट, लेखापाल खगेन्द्रराज पण्डित, सव इन्जिनियर प्रेमकमल जोशीलाई आयोगको मिति २०७३।१।६ निर्णयानुसार सचेत गराइएको ।

३. **श्रम तथा रोजगार**

श्रम विभाग, मीनभवनबाट आर्थिक वर्ष ०७१।७२ मा श्रम विवाद समाधानसम्बन्धी क्षमता अभिवृद्धि तालिम दिने क्रममा महानिर्देशक रवीन्द्र मोहन भट्टराईको प्रत्यक्ष निर्देशनमा शा.अ. प्रेमराज लुइँटेल र लेखाका कर्मचारीहरूको मिलेमतोमा रु. ३ लाख बढी फर्जी बिल भर्पाई तयार गरी रकम हिनामिना गरेकोले निजहरूमाथि कारबाही हुन भन्ने समेत उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा श्रम विभागका महानिर्देशक रवीन्द्रमोहन भट्टराई, निर्देशक वरुण कुमार झाँ, लेखा अधिकृत घनश्याम न्यौपाने र शाखा अधिकृत प्रेमराज लुइँटेल (हाल उद्योग

मन्त्रालयका) ले श्रम विवाद समाधान सम्बन्धी तालिम संचालनका लागि मालसामान तथा सेवा खरिद गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९,११,१२,८२ र ८५(४) बमोजिम विधि, प्रक्रिया अवलम्बन नगरेको देखियो ।उक्त तालिममा सहभागी कर्मचारीहरूमध्ये मनोजकुमार यादव र दयानन्द नेपालले काठमाडौंबाट क्रमशः नेपालगञ्ज र झापा जाँदाको प्लेन टिकट संलग्न नगरीकनै प्लेन भाडा भुक्तानी दिने कार्य प्रेमराज लुइँटेलले गरेकोमा खाता सन्चालक द्वय महानिर्देशक र ले.अ.ले बिना प्लेन टिकट पेश्की फछ्र्यौट गरेको देखियो । साथै नेपाल सरकार, अर्थ मन्त्रालयद्वारा जारी कार्य संचालन निर्देशिका, २०७० ले निर्धारण गरेको मापदण्ड तथा निर्देशन विपरीत महानिर्देशक रवीन्द्रमोहन भट्टराईले तालिम कार्यक्रम उदघाटन तथा समापनको अध्यक्षता भत्ता लिएको देखिएको, विभागको सवारी साधन प्रयोग गरिरहेको अवस्थामा सवारी साधन भता समेत लिएको देखियो । र त्यसैगरी विभागकै कर्मचारीद्वय घनश्याम न्यौपाने र वरुणकुमार झाले प्रशिक्षक भत्ता उक्त निर्देशिकाले निर्धारण गरेको मापदण्डभन्दा बढी बाह्य प्रशिक्षक सरह लिएको तथा प्रेमराज लुइँटेलले बाह्य प्रशिक्षक सरह प्रशिक्षक भत्ताका अलावा प्रतिवेदन तयारी, कार्यक्रम संचालक तथा उत्प्रेरक भत्ताका रूपमा उक्त निर्देशिकाले निर्धारण गरेको मापदण्डभन्दा बढी लिएको रकम समेत लेखापरीक्षणमा बेरुजु देखाएपश्चात राजश्व खातामा रु.९९,१७८।- दाखिला गरिसकेको देखियो ।

साथै, सहभागी कर्मचारीहरूमध्ये श्रम कार्यालय भेरी, नेपालगञ्जका कारखाना निरीक्षक मनोजकुमार यादवले काठमाडौंबाट नेपालगञ्ज फर्किंदा बिना टिकट रु.६७७०।- प्लेन भाडाबापत भनी रकम बुझेको तर बसबाट गएको र श्रम कार्यालय, बुटवलका कारखाना निरीक्षक राधेश्याम झाले बुटवलबाट काठमाडौं आउने क्रममा प्लेन टिकट बापत रु.२१६०।- बढी रकम र फर्किंदा रु.६०००।- नक्कली टिकट पेश गरी भ्रमण खर्च बुझेको देखियो । त्यसैगरी श्रम कार्यालय, विराटनगरका कारखाना निरीक्षक मणिनाथ गोपले विराटनगरबाट काठमाडौं आउने क्रममा रु.२१८०।- प्लेन टिकटभन्दा बढी र फर्किंदा प्लेनबाटै गएको दिनभन्दा एक दिनपछिको प्लेन टिकट समेत राखेर पुनः २१८०।- बढी रकम प्लेन टिकट बापत बुझेको र श्रम कार्यालय झापाका निमित्त कार्यालय प्रमुख दयानन्द नेपाल झापाबाट काठमाडौं आउँदा प्लेन टिकट बापत रु.३०६०।- बढी बुझेको तथा फर्किंदा बसबाट गए तापनि बिना प्लेन टिकट प्लेन भाडा बापत रु.८१०५।- बुझेको देखिएकोमा सम्बन्धित एयरलाइन्सहरूबाट प्लेन टिकट भिडाई हेर्दा र निजहरूले बयानमा समेत स्वीकार गरेकोमा आयोगले छानबिन थाले पश्चात मनोज कुमार यादव, राधेश्याम झा, मणिनाथ गोप र दयानन्द नेपालले क्रमशः रु.४७७०।-, रु.६६६०।-, रु.५३६०।- र रु. ९६००।- राजश्व खातामा दाखिला गरेको देखियो ।यसरी श्रम विभागका महानिर्देशक रवीन्द्रमोहन भट्टराई, निर्देशक वरुणकुमार झा, लेखा अधिकृत घनश्याम न्यौपाने र शाखा अधिकृत प्रेमराज लुइँटेल (हाल उद्योग मन्त्रालय) ले सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अर्थ मन्त्रालयद्वारा जारी कार्य संचालन निर्देशिका, २०७० ले निर्धारण गरेका तालिम संचालनसम्बन्धी मापदण्ड तथा प्रावधानहरू पूर्ण रूपमा पालना गर्नुपर्नेमा नगरेको र श्रम कार्यालय बुटवल, विराटनगर, नेपालगञ्ज र भद्रपुरका क्रमशः का.नि. राधेश्याम झा, का.नि. मणिनाथ गोप, का.नि. मनोजकुमार यादव र निमित्त

का.प्र.दयानन्द नेपालले भ्रमण खर्च नियमावली, २०६४ (चौथो संशोधन २०७२) बमोजिमको व्यवस्था पालना नगरेकोले निजहरूलाई सो सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२(१) बमोजिम सचेत गराउन श्रम तथा रोजगार मन्त्रालयलाई आयोगको मिति २०७२।१०।१७ को निर्णय अनुसार लेखी पठाइएको ।

**३. कृषि विकास मन्त्रालय अन्तर्गत**

(१) कृषि सामग्री कम्पनी लिमिटेडले डि.ए.पी. मल खरिद गर्नको लागि मिति २०७१।२।२० गते प्रकाशित गरेको ग्लोबल टेण्डरको सूचना बमोजिम पर्न आएका रीतपूर्वकको ग्लोबल टेण्डरहरूलाई रद्द गरी G to G बाट डि.ए.पि.मल खरिद गर्नको लागि टेण्डर मूल्यांकन कार्यदलका सदस्यहरू नवरत्न गौतम, गंगाधर अर्याल, केशव कुमार पाण्डे, विष्णुप्रसाद पोखरेल, उर्मिला पोखरेल, गोविन्द भण्डारी, अच्युतप्रसाद पौडेल, नारायण मरासिनीले गरेको सिफारिसलाई कृषि सामग्री कम्पनी लिमिटेडका तत्कालीन नि.प्रबन्ध संचालक हाल प्रबन्ध संचालक अमरराज खैरले स्वीकृत गरी जानिजानी आफ्नो पदीय कर्तव्य पालना नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (छ) बमोजिमको अनुचित कार्य गरेको देखिएकोले मिति २०७२।६।१३ मा निजहरूसँग स्पष्टीकरण माग गरिएकोमा "कृषि सामग्री कम्पनीले आ.व. ०७१।७२ को कार्यक्रम अन्तर्गत २५००० मे.टन डि.ए.पी. मल खरिदका लागि मिति २०७१।२।२० मा ग्लोबल टेण्डर आह्वान गरेकोमा उक्त सूचना बमोजिम पर्न आएका बोलपत्रहरूको मूल्यांकन गर्दा Yunitianhu United Commerce, China को कवोल अंक सि.आई.एफ.Indo-Nepal Railhead डेलिभरीका लागि अमेरिकी डलर ५५१.७५ प्रति मे.टन भई सबैभन्दा कम रहेको थियो । ग्लोबल टेण्डर मूल्यांकनकै क्रममा रहेकोमा गहुँबालीको समय सुरु भएको र सोका लागि डि.ए.पि.मल अत्यन्त न्यून रहेकोले तत्काल आपूर्ति आवश्यक थियो । ग्लोबल टेण्डरबाट प्राप्त हुने मल सम्झौता भएको करिब ४-५ महिनापछि मात्र प्राप्त हुने तर जि.टु.जि.बाट सम्झौता भएको १ महिनाभित्रमा नै मल प्राप्त हुने र बोलपत्रको मूल्य अमेरिकी डलर ५५१.७५ प्र.मे.ट. भन्दा जि.टु.जि.को मूल्य अमेरिकी डलर ५४८ (ढुवानी खर्च समेत) प्र.मे.टन भई सस्तो पर्ने भएकोले तत्कालको आवश्यकता पूरा गर्नको लागि जि.टु.जि. अन्तर्गत भारत सरकारबाट खरिद गर्नु उपयुक्त देखिएको र बोलपत्रको मूल्यभन्दा जि.टु. जि.को मूल्य सस्तो पर्ने भएकोले नै असल नियतका साथ ग्लोबल टेण्डर रद्द गरी जि.टु.जि.बाट डि.ए.पि.मल खरिद गर्नको लागि सिफारिस तथा स्वीकृत गरिएको हो।" भन्ने समेत प्रायः एकैमिलान व्यहोराको स्पष्टीकरण जवाफ ग्लोबल टेण्डर मूल्यांकन कार्यदलका सदस्यहरू नवरत्न गौतम, गंगाधर अर्याल, केशवकुमार पाण्डे, विष्णुप्रसाद पोखरेल, उर्मिला पोखरेल, गोविन्द भण्डारी, अच्युतप्रसाद पौडेल, नारायण मरासिनी र उक्त सिफारिसलाई स्वीकृत गर्ने कम्पनीका तत्कालीन नि.प्रबन्ध संचालक हाल प्रबन्ध संचालक अमरराज खैरले पेश गरेको पाइयो । निजहरूले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा १ को देहाय (ग) बमोजिम ग्लोबल टेण्डर रद्द गरेकोमा उक्त दफामा, "सार्वजनिक निकायले माग गरिएको मालसामान, निर्माण कार्य, परामर्श सेवा वा अन्य सेवा आवश्यक नभएमा बोलपत्र

अस्वीकृत वा खरिद कारबाही रद्द गर्ने सक्नेछ" भन्ने व्यवस्था रहेको हुँदा कम्पनीलाई डि.ए.पी.मल आवश्यक रहेको तथ्य कम्पनीले जि.टु.जि.बाट मल खरिद गर्ने निर्णय गरेबाट र अनुसन्धानबाट संकलित कागजातहरूबाट निजहरूले अनुचित कार्य गरेको पुष्टि भएकोले टेण्डर मूल्यांकन कार्यदलका सदस्यहरू तथा कार्यदलको सिफारिसलाई स्वीकृत गर्ने कम्पनीका प्रबन्ध संचालकले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएको हुँदा ग्लोबल टेण्डर मूल्यांकन कार्यदलका सदस्यहरू मध्ये नवरत्न गौतम, गंगाधर अर्याल, विष्णुप्रसाद पोखरेल, उर्मिला पोखरेल, गोविन्द भण्डारी, अच्युतप्रसाद पौडेल, नारायण मरासिनी र उक्त सिफारिसलाई स्वीकृत गर्ने कम्पनीका तत्कालीन नि.प्रबन्ध संचालक हाल प्रबन्ध संचालक अमरराज खैरलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ बमोजिम सचेत गराउने र ग्लोबल टेण्डर मूल्यांकन कार्यदलका सदस्यहरू मध्येका तत्कालीन उप-सचिव (कानून) केशवकुमार पाण्डे हाल जिल्ला न्यायाधीशमा नियुक्ति भैसकेको हुँदा निज समेत सदस्य रहेको कृषि सामग्री कम्पनी लि.को टेण्डर मूल्यांकन कार्यदलले रीतपूर्वकको बोलपत्र मिति २०७१।४।२१ मा रद्द गरेको विषयमा उक्त कार्यदलका अन्य सदस्यहरूलाई सचेत गराइएको जानकारी सहित आवश्यक कारबाहीका लागि न्यायपरिषद सचिवालयलाई आयोगको मिति २०७३।१।६ को निर्णय अनुसार लेखी पठाइएको।

### ६.५.३ असुल उपर

सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानि नोक्सानी पुऱ्याएकोमा त्यस्तो हानि नोक्सानी सम्बन्धित व्यक्तिबाट भरिभराउ गर्न सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउन सक्ने व्यवस्था अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क. मा भए अनुरूप आर्थिक वर्ष ०७२।७३ को सम्बन्धमा आयोगबाट निम्न बमोजिम गर्ने गरी अख्तियारवालाहरूलाई लेखी पठाइएको छ ।

**१. अर्थ मन्त्रालय अन्तर्गत**

(१) तनहुँ जिल्लास्थित होस्टे हैंसे बाल विकास समाज, तनहुँका कार्यक्रम संयोजक चेतबहादुर थापाले व्यास नगरपालिका-५ लाई प्राप्त हुने साझा सुविधा केन्द्र निर्माणको लागि घरेलु तथा साना उद्योग विकास समिति, मुख्य कार्यालय, दमौली, तनहुँबाट प्राप्त आर्थिक वर्ष ०६८।६९ को रकम रु.७५,०००।- फर्जी बिल भरपाई गराई अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय र उक्त संस्थाबीच मिति २०६८।११।२३ र मिति २०६९।११।२४ मा सम्झौता भए बमोजिम कार्यक्रम सञ्चालनका लागि आ.व. ०६८/६९ र ०६९/७० मा मूल्य अभिवृद्धिकर समेत गरी रु.३८,५२,९७३।- प्राप्त भएको र उक्त संस्थालाई प्राप्त कार्यक्रम बजेटबाट १३% मूल्य अभिवृद्धि कर बापत आ.व. ०६८।६९ मा रु.२,४६,७२३।६८ र आ.व.२०६९।७० मा रु.१,९६,५३८।८१ गरी जम्मा रु.४,४३,२६२।४९ बुझाउनुपर्नेमा जम्मा रु.६३,९४०।- मात्र दाखिला गरी बाँकी रु.३,७९,३२२।४९ मूल्य अभिवृद्धि कर बुझाएको नदेखिएकोले उक्त संस्थाका अध्यक्ष बलराम मिश्र र कार्यक्रम संयोजक चेतबहादुर थापाबाट असुल-उपर गरी गराई सो को जानकारी दिन आयोगको मिति २०७२।१।६ को निर्णयानुसार आन्तरिक राजश्व विभाग, लाजिम्पाट र आन्तरिक राजश्व कार्यालय,कास्कीलाई लेखी पठाइएको ।

**२. उद्योग मन्त्रालय अन्तर्गत**

(१) तनहुँ जिल्लास्थित होस्टे हैंसे बाल विकास समाज, तनहुँका कार्यक्रम संयोजक चेतबहादुर थापाले व्यास नगरपालिका-५ लाई प्राप्त हुने साझा सुविधा केन्द्र निर्माणको लागि घरेलु तथा साना उद्योग विकास समिति, मुख्य कार्यालय, दमौली, तनहुँबाट प्राप्त आर्थिक वर्ष ०६८।६९ को रकम रु.७५,०००।- फर्जी बिल भरपाई गराई अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा तनहुँ जिल्लास्थित घरेलु तथा साना उद्योग विकास समिति, तनहुँको नाममा आ.व. २०६८।६९ र २०६९।७० मा उद्यमीहरूको लागि साझा सुविधा केन्द्र निर्माणको सिलसिलामा रु.२,९८,३२०।- र रु.२,००,०००।- गरी जम्मा रु.४,९८,३२०।- प्राप्त भै घरेलु तथा साना उद्योग विकास समिति, तनहुँ र होस्टे हैंसे बाल विकास समाज, तनहुँका बीचमा योजना कार्यान्वयनको लागि मिति २०६८।११।२३ र २०६९।११।२४ मा सम्झौता भएकोमा उक्त रकम तनहुँ जिल्लाका मनपाङ-५, लामीडाँडा, ब्यास नगरपालिका-५, छिम्केश्वरी-२ र अन्य उद्यमीहरूको समूहहरूमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका-२०७०, साझा सुविधा केन्द्र स्थापना तथा सञ्चालनसम्बन्धी सहयोगी पुस्तिका, कार्यालय र सेवा प्रदायक संस्थाबीचको सम्झौतालाई पूर्णतया अंगीकार नगरी समूहहरूमा सोझै रकम उपलब्ध गराएको, उपलब्ध गराएको सो रकम समूहहरूमा छरिएर

रहेको, उद्यमीहरूको लागि निर्माण हुनुपर्ने C.F.C. भवन समेत नबनेको र नेपाल सरकारले उपलब्ध गराएको रकमको समेत लक्ष्य प्राप्त हुन नसकेको देखिन आएकोले बजेट कार्यान्वयनमा संलग्न घरेलु तथा साना उद्योग विकास समिति, तनहुँका तत्कालीन वरिष्ठ उद्योग अधिकृत नारायणमणि लामिछाने, लेखा अधिकृत टेकनाथ पराजुली, सेवा प्रदायक संस्था होस्टे हैंसे बाल विकास समाजका अध्यक्ष परशुराम मिश्र र संस्थाका कार्यक्रम अधिकृत चेतबहादुर थापा समेत चारै जनाबाट रु.४,९८,३२०।- दामासाहीले असुल गरी गराई जानकारी दिन आयोगको मिति २०७२।१।६ को निर्णयानुसार उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति, दमौली, तनहुँ र जिल्ला प्रशासन कार्यालय, तनहुँलाई लेखी पठाइएको ।

**३. पशुपंछी विकास मन्त्रालय अन्तर्गत**

(१) जिल्ला पशु सेवा कार्यालय सर्लाहीमा कार्यरत डा. सुधिरकुमार सिंहले विभिन्न संघ/संस्था तथा प्रोजेक्टहरूबाट समन्वय गरी रकम लिएको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा आ.व.२०६६।६७ को लेखापरीक्षणको प्रतिवेदनमा कार्यालयले घुम्ती कोषतर्फ ऋण प्रवाह गरेको रकम रु.३,५०,०८३।९२ मध्ये रु.२,७७,५९६।९२ भाखा नाघेको र लगानी भएको ऋण रकम भाखा नाघेको अवस्थामा घुम्तीकोष निर्देशिका अनुसार कारबाही गरी असुल उपर गर्नुपर्ने उल्लेख भएकोमा सो मध्ये हालसम्म रु.१,७९,६७०।- मात्र असुल उपर भएको देखिएकाले असुल हुन बाँकी रकम रु.९७,९२६।९२ तीन महिनाभित्र असुल उपर गरी जानकारी दिन जिल्ला पशु सेवा कार्यालय सर्लाहीलाई आयोगको मिति २०७२।४।२० को निर्णयानुसार लेखी पठाइएको ।

**४. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत**

(१) समाज कल्याण परिषद्का निर्देशक मदनप्रसाद रिमालले २०७१।८।११ मा उमेरको हदम्यादको कारण अनिवार्य अवकाश पाउनुपर्नेमा बदनियतपूर्वक २ वर्ष म्याद थप गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा समाज कल्याण परिषदका सदस्य-सचिव रवीन्द्रकुमार यादवले मिति २०७१।१।२५ मा निर्देशक मदनप्रसाद रिमालको सेवा अवधि थप गर्न भनी कार्य सञ्चालन समितिको अध्यक्ष समक्ष निज मदनप्रसाद रिमाल पूर्ण जिम्मेवारी प्राप्त एक मात्र निर्देशक रहेको, २०५७ सालदेखि बढुवा लगायतका पदपूर्ति हुन नसकी समाज कल्याण परिषद्को विभाग सम्हाल्ने व्यक्तिको अभाव रहेको र निजको अनुपस्थितिमा परिषदको संस्थागत स्मरण भएको व्यक्ति गुमाई परिषदको कार्य सञ्चालनमा बाधा उत्पन्न हुन सक्ने व्यहोरा उल्लेख गर्दै निज निर्देशक मन प्रसाद रिमाल २०४२ सालदेखि परिषदमा कार्यरत रहेको परिवेशमा निजले ६ महिना अगावै स्वेच्छिक अवकाश लिन सक्ने तथ्यलाई दृष्टिगत गरी उपरोक्त नियमावली बमोजिम निजको सेवा अवधि थप गर्नु आवश्यक देखिएको हुँदा समाज कल्याण परिषदको कर्मचारी सेवा शर्त नियमावली, २०५० को नियम ३३ को उपनियम (२) बमोजिम निजको अनिवार्य अवकाश हुने मिति २०७१।८।१२ देखि दुई वर्षका लागि सेवा अवधि थप गर्ने सिफारिस गरेको भनिएकोमा निजले मदनप्रसाद रिमालबाट विगतमा भए गरेको अनुशासनहीन काम कारबाहीहरू बदनियतपूर्वक लुकाई उल्लेख नै नगरी सिफारिस गरेको देखिएकोले समाज कल्याण परिषद कर्मचारी सेवा शर्त नियमावली, २०५० को नियम ३३(२) मा उप-नियम (१) मा जेसुकै लेखिए तापनि परिषदको हितका लागि कुनै कर्मचारीको सेवा अति आवश्यक छ भन्ने लागेमा सदस्य-सचिवको सिफारिसमा समितिले निजलाई २ वर्षसम्म सेवामा काम लगाउन

सक्नेछ भन्ने उल्लेख भएको भए तापनि सदस्य-सचिवबाट सिफारिस गरिएका निज मदनप्रसाद रिमाल मिति २०६७।७।५ को कार्य सञ्चालन समितिको निर्णयले निलम्बनमा परेको, पत्रकार घटनाको छानबिन टोलीले दोषी देखाई कारबाहीको सिफारिस गरेको, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नयाँ कर्णाली विकास केन्द्रलाई उपलब्ध गराएको अनुदान रकमका सम्बन्धमा छानबिन गरी अनुचित कार्य गरेको ठहर गरी निजलाई विभागीय कारबाही गर्न लेखी पठाएको व्यहोरालाई समेत बेवास्ता गरी बदनियतपूर्वक नोकरीको निरन्तरता जस्तो गरी समाज कल्याण परिषदको कर्मचारीको सेवा शर्त नियमावली, २०५० मा व्यवस्था नै नभएको म्याद थप गर्ने कार्यलाई कानून बमोजिम गरे भएको कार्य भन्न मिल्ने अवस्था नदेखिएकोले । अनुचित कार्यहरूमा संलग्न निर्देशक मदनप्रसाद रिमाललाई भएका कारबाही र दोषहरूलाई बदनियतपूर्वक ढाकछोप गरी समाज कल्याण परिषदको कर्मचारीको सेवा शर्त नियमावली, २०५० को प्रतिकूल हुने गरी सदस्य-सचिवबाट सिफारिस गरी समाज कल्याण परिषदलाई थप आर्थिक दायित्व पर्ने गरी नोकरीको निरन्तरता एवं म्याद थप गर्ने निर्णय भएबाट सदस्य-सचिव रवीन्द्रकुमार यादवले जानिजानी आफ्नो अधिकार नभएको काम गरेको, निर्णय गर्दा बाध्यात्मकरूपले अपनाउनुपर्ने कार्यविधिको पालना नगरेको, आफूलाई प्राप्त अधिकार सम्बन्धित कानून विपरीत अर्कै उद्देश्य वा कार्यमा प्रयोग गरेको, आफ्नो अधिकारको बदनियतसाथ प्रयोग गरेको देखिन आई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (क), (ख), (ग) र (घ) बमोजिमको अनुचित कार्यहरू गरेको परिणामबाट समाज कल्याण परिषदलाई पुग्न गएको नोक्सानीतर्फ हेर्दा निर्देशक मदनप्रसाद रिमालले समाज कल्याण परिषदका कर्मचारीहरूको सेवा शर्त नियमावली, २०५० बमोजिम अनिवार्य अवकाश हुने मिति २०७१।८।१२ गतेदेखि राजीनामा स्वीकृत भएको मिति २०७२।४।४ सम्म जम्मा २०२ दिनको समाज कल्याण परिषदबाट भुक्तानी लिएको तलब र भत्ता गरी जम्मा रु.२,८२,२९८।- तथा २०२ दिन सेवा अवधि बढेको कारण निजले अवकाश पश्चात प्राप्त गर्ने उपदानमा समेत वृद्धि भई समाज कल्याण परिषदलाई थप आर्थिक दायित्व पुग्न गएको रु.७५,२३७।४२ र २०२ दिनको अवधिको अतिरिक्त उपदान रु.६०,१८९।९४ र सो को २५% थपले हुने रु.१५,०४७।४८ समेत गरी जम्मा रु.३,५७,५३५।४२ समाज कल्याण परिषदलाई थप आर्थिक दायित्व पुग्न गएको देखिंदा सो रकम रु.३,५७,५३५।४२ समाज कल्याण परिषद्का सदस्य-सचिव रवीन्द्रकुमार यादवबाट भरिभराउ गरी गराई समाज कल्याण परिषदमा दाखिला गर्न लगाउन आयोगको मिति २०७२।१२।२४ को निर्णयानुसार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई लेखी पठाइएको।

**५. वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत**

(१) उदयपुर जिल्ला, त्रिवेणी गाउँ विकास समिति स्थित सितापोखरी सामुदायिक वन उपभोक्ता समूहले तालिम नगरी वन व्यवस्थापन तालिम भएको भनी खर्च गरेको बिल भरपाई देखाएको, समूहलाई वन मुद्दा लाग्दा भए नभएका खर्च देखाएको, अनावश्यक रूपमा बिना निर्णय सापटी लिएको, वन प्राविधिकलाई भत्ता दिएको, आ.व. २०६५।६६ को ले.प.मा अ.ल्या. गर्दा रु.२१,०००।- छुट हुन गएको भन्ने समेतका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा आयोगको मिति २०७२।१२।२३ निर्णयानुसार देहायबमोजिम गरिएको।

- वन व्यवस्थापन तालिममा उपस्थित नै नभएका इबलाल प्रधान, श्यामलाल प्रधान र बुध्दमाया

सुन्दासको नाउँमा विभिन्न शीर्षकमा खर्च गरेको रकम रु.२,२५०।- निजहरूलाई बुझाएको नदेखिएकोले सो रकम तालिमका कोअर्डिनेटर गोबिन्द खत्री र डोटीप्रसाद गौतमबाट असुल उपर गरी सितापोखरी सामुदायिक वन उपभोक्ता समूहको खातामा जम्मा गर्ने व्यवस्था गर्न गराउन जिल्ला वन कार्यालय, उदयपुरलाई लेखी पठाइएको।

- वन पैदावर कटान सम्बन्धी बिषयमा परेको मुद्दामा भए नभएका खर्च देखाएको भन्ने सम्बन्धमा समूहको विधानको दफा ८.५ मा "यस समूहले गरेको कुनै पनि कृयाकलापमा चित्त नबुझी कसैले अदालत वा सम्बन्धित निकायमा नालिस वा उजुरी दिएमा प्रतिवाद गर्ने कार्य समितिले गर्नुपर्नेछ। त्यस बापत लाग्ने सम्पूर्ण खर्च समूहको कोषबाट वेहोरिनेछ" भन्ने उल्लेख भएतापनि उक्त खर्च मध्ये रु.२,२५,१००।- भरपाई बेगर खर्च लेखेको पाइएकोले उक्त रकम सितापोखरी सामुदायिक वनका तत्कालीन पदाधिकारीहरू प्रेमबहादुर खड्का, टंकप्रसाद कटेल, डोक्रध्वज राउत, डोटीप्रसाद गौतम, गोबिन्दबहादुर खत्री र गणेशबहादुर बुढाथोकी समेतबाट तीन महिनाभित्र फछ्र्यौट गर्न लगाउने र सो अवधि भित्र फछ्र्यौट गर्न नसकेमा नियमानुसार निजहरूबाट दामासाहीले असुल उपर गरी सितापोखरी सामुदायिक वन उपभोक्ता समूहको खातामा जम्मा गर्न लगाउने व्यवस्था गर्न गराउन जिल्ला वन कार्यालय, उदयपुरलाई लेखी पठाइएको।
- उपभोक्ता समूहबाट सापट लिएका र लेखापरीक्षण प्रतिवेदनहरूमा समेत औँल्याइएका असुल उपर हुन बाँकी रहेका पर्शुराम अधिकारीबाट रु.१९,०१०।-, केदारनाथ कट्टेलबाट रु.२,०१७।७६, प्रभुराम शर्माबाट रु.५३,३६७।-, नेत्रप्रसाद गौतमबाट रु.३८,७६८।५०, मनकुमारी भुजेलबाट रु.३४,०००।-, डोक्रध्वज राउतबाट रु.२१,२९२।- र रामप्रसाद गौतमबाट रु.८९,७००।- मध्ये भाखा नाघेका रकमहरू र त्यसमा लाग्ने ब्याज समेत ६ महिनाभित्र कानूनी प्रक्रिया अवलम्बन गरी गराई असुल उपर गरी सामुदायिक वनको खातामा जम्मा गर्ने गराउने र असुल उपर हुन नसकेमा आवश्यक कानूनी कारबाही गर्न गराउन जिल्ला वन कार्यालय, उदयपुरलाई लेखी पठाइएको।

## ६. शिक्षा मन्त्रालय अन्तर्गत

(१) त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान अन्तर्गतको मुख्य कार्यालय सहायक पदमा कार्यरत उर्मिला लामाले विश्वविद्यालयको कोष हिनामिना गरेको भन्ने सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा विश्वविद्यालयको कोषबाट निज उर्मिला लामाले पेश्की लिएको रकम रु.१०,०००।- कानून बमोजिम असुल उपर गर्न आयोगको मिति २०७२।५।१७ को निर्णयानुसार चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगंजलाई लेखी पठाइएको।

(२) श्री रामजानकी प्राथमिक विद्यालय, बरहथवा- ८, वनटोल, सर्लाहीको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापक समेतले विद्यालयमा अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला शिक्षा कार्यालय, सर्लाहीबाट रामजानकी प्राथमिक विद्यालय, बरहथवालाई आ.व. २०६६।६७ देखि २०६९।७० सम्ममा पाठ्यपुस्तक, छात्रवृत्ति, एसआईपी, पीसीएफ सेलरी र पीसीएफ ननसेलरीमा गरी जम्मा रु.२,६१,४३०।- निकासा भएको र उक्त विद्यालयको बैंक खाताबाट विभिन्न मितिमा रु.२,५८,७२१।- झिकी खर्च गरिएकोमा उक्त रकम राजश्व खातामा दाखिला भइसकेको भनी जिल्ला शिक्षा कार्यालय, सर्लाहीबाट लेखी आएकोले अनुदान रकम सम्बन्धमा केही गरिरहन परेन । रामजानकी प्राथमिक विद्यालय,

बरहथवा-८ सर्लाहीको नाममा नेपाल बैंक लिमिटेड, मलंगवा, सर्लाहीमा रहेको खाता चल्ती हिसाब नं.१९०४३ मा बाँकी रहेको रकम रु.२,७०९।- नेपाल सरकारको राजश्व खातामा जम्मा गर्ने व्यवस्था गर्न गराउनका लागि आयोगको मिति २०७२।६।१७ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, सर्लाहीलाई लेखी पठाइएको।

(३) धर्मघर उ.मा.वि. सलेना, बैतडीका प्र.अ. केशवदत्त भट्ट र विद्यालय व्यवस्थापन समितिको अध्यक्ष भानबहादुर चन्द समेतले विद्यालयको मुद्दती खाताको रकम रु. ३,००,०००।- वार्षिक २०% ब्याज दरमा ऋण लगानी गरिएकोमा अन्य ऋणीको ब्याज सहित सावाँ असुल भएको तर भानबहादुर चन्दको ब्याज थोरै अभिभावकहरूको बैठकबाट मिनाहा गरी सावाँ मात्रै बुझ्ने सम्बन्धी गरेको दूषित निर्णय बदर गरी पाउँ भन्ने समेत व्यहोराको उजुरी/निवेदनको सम्बन्धमा अनुसन्धान हुँदा धर्मघर उच्च मा.वि. विद्यालय व्यवस्थापन समितिको मिति २०५६।१०।२५ को निर्णयानुसार विद्यालयको आन्तरिक स्रोत (चन्दा संकलन) बाट जम्मा भई राष्ट्रिय वाणिज्य बैंक, बैतडीको मुद्दती खातामा रहेको रु ३,००,०००।- मिति २०५७।३।२० मा झिकी विभिन्न व्यक्तिहरूले ऋण लिएको देखियो । विद्यालयबाट ऋण लिएकाहरू मध्ये विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष भानबहादुर चन्द बाहेक अन्यले विद्यालयलाई बुझाउनुपर्ने सावाँ तथा ब्याज समेत समयमै बुझाएको निजले विद्यालयको मिति २०७२।२।१२ गतेको अभिभावक भेलामा ब्याज मिनाहाका लागि निवेदन दिएकोमा अभिभावक भेलाबाट निज जिम्मा रहेको रु.१,१२,०००।- को ब्याज मिनाहा गरे पश्चात निजले बुझाउनुपर्ने सावाँ बापतको रकम रु.१,१२,०००।- मिति २०७२।२।१३ मा तिरिसकेको देखिंदा तिर्न बाँकी ब्याज बापतको रकम रु.१,४५,८४६।५८ तीन महिनाभित्र असुल गरी सो को जानकारी यस आयोगमा उपलब्ध गराउन मिति २०७३।३।१९ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय बैतडीलाई लेखी पठाइएको ।

(४) रौतहट जिल्लास्थित जनता प्राथमिक विद्यालय भसेढवा- ७, लाई जिल्ला शिक्षा कार्यालय, रौतहटबाट विभिन्न शीर्षकमा निकासा भई प्राप्त सरकारी अनुदान रकम दुरुपयोग, हिनामिना भएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला शिक्षा कार्यालय, रौतहटबाट उक्त विद्यालयलाई आ.व. ०६७।६८ देखि ०६९।७० सम्ममा पाठ्यपुस्तक, छात्रवृत्ति, PCF Salary, SIP Non Salary, विद्यालय कर्मचारी व्यवस्थापन र मसलन्द समेतमा गरी जम्मा रु.३,४८,५७१।२० निकासा भएकोमा विभिन्न मितिमा गरी रु.३,४७,४००।- खर्च भएको देखियो हाल उक्त रकम बेरुजु खातामा दाखिला भइसकेको भनी जिल्ला शिक्षा कार्यालय, रौतहटबाट लेखी आएकोले सरकारको अनुदान रकम फिर्ता भएको र जिल्ला शिक्षा समितिको मिति २०७१।८।१० को निर्णय अनुसार उक्त विद्यालय बन्द समेत भइसकेको देखिंदा विद्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक, गौर शाखामा चल्ती हिसाब नं. ३५०३ मा बाँकी रहेको रकम रु.१,१७१।२४ राजश्व खातामा जम्मा गर्ने व्यवस्था गर्न आयोगको मिति २०७२।११।१३ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, रौतहटलाई लेखी पठाइएको ।

(५) रौतहट जिल्लास्थित श्री जनहित प्राथमिक विद्यालय, महुलियालाई विभिन्न शीर्षकमा निकासा भएको अनुदान रकम दुरुपयोग भएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला शिक्षा कार्यालय, रौतहटबाट जनहित प्राथमिक विद्यालय, महुलिया मठिया-६ लाई आ.व. २०६६।६७ देखि २०६९।७० सम्ममा पाठ्यपुस्तक, छात्रवृत्ति, SIP, PCF Salary, र PCF ननसेलरीमा गरी

जम्मा रु.६,५४,९४६।७७ निकासा भएको र हाल रु.२,०१,८२६।६१ मौज्दात रहेको देखियो । विद्यालयको बैंक खाताबाट विभिन्न मितिमा अनियमित तवरले खर्च गरिएको रकम रु.५,८३,९६०।- फिर्ता दाखिला भइसकेको भनी जिल्ला शिक्षा कार्यालय, रौतहटबाट लेखी आएकोले अनियमित तवरले खर्च गरिएको रकम नेपाल सरकारलाई प्राप्त भएको र जिल्ला शिक्षा समितिको मिति २०७१।८।१० को निर्णय अनुसार उक्त विद्यालय बन्द भइसकेको देखिंदा विद्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक, गौर शाखामा चल्ती हिसाब नं. ५१३१ मा बाँकी रहेको रकम रु.२,००,८२६।६१ नेपाल सरकारको राजश्व खातामा जम्मा गर्ने व्यवस्थाका लागि आयोगको मिति २०७२।११।१३ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, रौतहटलाई लेखी पठाइएको ।

(६) बाल प्राथमिक विद्यालय, बरहथवा-५ हजरियारोड, सर्लाहीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापक समेतले भ्रष्टाचार गरेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला शिक्षा कार्यालय, सर्लाहीबाट बाल प्राथमिक विद्यालयलाई आ.व. ०६६।६७ देखि ०७०।७१ सम्म पाठ्य पुस्तक, विद्यालय सहयोग, छात्रवृत्ति, पि.सि.एफ. अनुदान र एस.आई.पि.मा गरी कुल रु.३,४८,९६५।१५ निकासा दिएको देखियो । उक्त विद्यालयको बैंक खाताबाट विभिन्न मितिमा रु.३,५०,१५०।- खर्च गरिएको र रु.३,८१५।१५ बैंक खातामै रहेकोमा रु.३,५३,९६५।१५ राजश्व शीर्षक नं.१५११२ मा दाखिला भइसकेको जिल्ला शिक्षा कार्यालय, सर्लाहीको पत्रबाट लेखी आएको हुँदा उक्त विद्यालयका नाममा नेपाल बैंक लिमिटेड, मलंगवा शाखाको खातामा रहेको रु.३,८१५।१५ रकम नेपाल सरकारको राजश्व खातामा जम्मा गर्ने, गराउने व्यवस्था गर्ने आयोगको मिति २०७२।११।१३ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, सर्लाहीलाई लेखी पठाइएको ।

(७) सिरहा जिल्ला रामनगर मिर्चैया-४ स्थित श्री माँ दुर्गा प्राथमिक विद्यालयलाई निकासा भएको अनुदान रकम हिनामिना भएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा श्री माँ दुर्गा प्राथमिक विद्यालयलाई जिल्ला शिक्षा कार्यालय, सिरहाबाट मिति २०६८।३।१६ देखि २०७०।५।१९ सम्मको अवधिमा कुल रु.१,७९,१४१।- निकासा भएको देखियो। अनुसन्धानकै क्रममा उक्त विद्यालयले मिति २०७१।३।२७ मा रु.१,७७,९०५।- नेपाल सरकारको राजश्व खातामा दाखिला गरेको भौचर प्राप्त भएको र बाँकी रु.१,२३६।- विद्यालयको नामको राष्ट्रिय वाणिज्य बैंक सिरहाको खाता नं. ४१३७ मा रहेको देखियो । जिल्ला शिक्षा कार्यालय, सिरहाको मिति २०७१।३।२७ को पत्रद्वारा उक्त विद्यालय श्री मोहन उच्च माध्यमिक विद्यालय, मिर्चैयामा समायोजन भएको देखिंदा विद्यालयको नाममा बैंक खातामा रहेको रकम रु.१,२३६।- राजश्व दाखिला गर्ने व्यवस्था मिलाउन आयोगको मिति २०७२।११।१३ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, सिरहालाई लेखी पठाइएको ।

**७. सहरी विकास मन्त्रालय अन्तर्गत**

(१) सर्लाही जिल्लाको हजरिया गा.वि.स.मा बजार व्यवस्थापन, पुस्तकालय भवन र भुइयादेवीको मन्दिर निर्माण समेतका विभिन्न काममा उपभोक्ता समितिका पदाधिकारी र गा.वि.स. सचिव समेतको मिलेमतोमा रकम हिनामिना भएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा राष्ट्रिय योजना आयोगबाट हजरिया गा.वि.स. नमुना गा.वि.स. को रूपमा छनौट भई सहरी क्षेत्र विकास एवं बजार विस्तार, पुस्तकालय, प्रतीक्षालय, भुइयादेवीको मन्दिर निर्माण लगायतका कार्य गर्नका

लागि सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, धनुषाबाट आ.व. २०६६।६७ मा रु.३०,००,०००।- विनियोजन भएको देखियो। उक्त निर्माण कार्य गर्नका लागि गा.वि.स.को कार्यालय, हजरियाबाट अध्यक्ष राम विलाश भारथी, उपाध्यक्ष धर्मेन्द्र पासवान, सचिव रामवावु प्रसाद सिंह, कोषाध्यक्ष नरेशकुमार सिंह, सदस्यहरू अनुठा महतो, धनबहादुर राउत, उमेश यादव, राजेन्द्र राय, बद्री राय र रामदेव महतो (गा.वि.स. सचिव समेत) रहेको उपभोक्ता समिति गठन गरी समितिको बैंक खाता अध्यक्ष राम विलास भारथी, सचिव रामबाबु प्रसाद सिंह, कोषाध्यक्ष नरेशकुमार सिंह र सदस्य रामदेव महतोको संयुक्त दस्तखतबाट खाता सञ्चालन गर्ने निर्णय गरेको देखियो।उक्त कार्यका लागि आयोजनाको लागत अनुमान रु.३६,०४,९५८।४१ रहेकोमा सम्बन्धित उपभोक्ता समितिबाट रु.७,२०,९९१।६८ व्यहोर्ने र सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय, धनुषाबाट रु.२८,८३,९६६।७३ रकम निकासा हुने गरी मिति २०६७।१।१५ मा उपभोक्ता समिति र सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, धनुषाकाबीच मिति २०६७।३।१० गतेभित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको देखियो । उक्त सम्झौता अनुसार पटक पटक गरी जम्मा रु.२८,८३,०००।-उपभोक्ता समितिको खातामा निकासा भएको देखियो । सम्झौता अवधिभित्र रु.२२,००,५५०।७६ रकम बराबरको मात्र निर्माण कार्य भएको र बाँकी पेश्की हालसम्म फछ्र्यौट समेत नगरेको देखिँदा सम्झौता बमोजिमको कार्य उपभोक्ता समितिबाट तीन महिनाभित्र सम्पन्न गराई पेश्की फछ्र्यौट गरी कार्य सम्पन्न भएको जानकारी आयोगमा पठाउन र सम्झौता बमोजिमको कार्य सम्पन्न नगरेमा रु.६,८२,४४९।२४ समितिका पदाधिकारीहरूबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह तीन महिनाभित्र असुल उपर गरी सो को जानकारी पठाउन आयोगको मिति २०७२।११।१३ को निर्णयानुसार सहरी विकास मन्त्रालयमा लेखी पठाइएको ।

**८. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत**

(१) लमजुङ जिल्ला तार्कुघाट गाउँ विकास समिति वडा नं. ५, पांग्रेफाँट स्थित आ.व. २०६३।६४ देखि निर्माण गर्न थालिएको बहुउद्देश्यीय सामुदायिक भवन निर्माण गर्दा उपभोक्ता समितिका अध्यक्षहरूले अनियमितता गरेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा उपभोक्ता समितिका तत्कालीन अध्यक्ष दुर्गाभक्त धमलाले २०६५।३।८ गते भवन निर्माण गर्न राजा इन्टरप्राइजेज बेशीसहरबाट सिमेन्ट खरिद गरेको रु.२६,२५०।- को बिल नं. १५४९ मा बिक्रेताको सहीछाप नरहेको, अध्यक्ष शिवकुमार श्रेष्ठले पेश गरेको जनश्रमदान बापतको डोर हाजिरी फाराममा रु.३०,०००।- र अध्यक्ष महम्मद मियाँले पेश गरेको डोर हाजिरी फारममा रु.१६,९००।- रकम बुझ्ने व्यक्तिको सहीछाप नरहेकोले सो रकम दुरुपयोग गरी नेपाल सरकारलाई हानि नोक्सानी गरेको देखिएकोले उक्त रकम सम्बन्धित उपभोक्ता समितिका अध्यक्षहरूबाट भरिभराउ गर्न आयोगको मिति २०७२।४।२१ को निर्णयानुसार जिल्ला विकास समिति लमजुङलाई लेखी पठाइएको ।

(२) गाउँ विकास समितिको कार्यालय हरैया, बाराका तत्कालीन सचिव सीताराम साहले रु. २,००,०००।- घूस लिई अधिकारको दुरुपयोग गरी बिर्जु हजारालाई कार्यालय सहयोगी पदमा नियुक्ति गरेको र हालका गा.वि.स सचिव डुलराज पंगेनीले उक्त नियुक्ति बदरको लागि कुनै कारबाही अगाडि नबढाएको देखिंदा बिर्जु हजाराको नियुक्ति बदर गरी निजले खाइपाई आएको

तलबसमेत असुल उपर गरी निज सीताराम साह र सचिव डुलराज पंगेनीलाई कारबाही गरिपाउ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा हरैयाको गाउँ परिषदको मिति २०६८।९।२९ को निर्णय अनुसार तत्कालीन सचिव सीताराम साहले २०६९।१।२७ मा बिर्जु हजारालाई कार्यालय सहयोगी पदमा स्थायी नियुक्ति दिएको देखिए पनि उक्त नियुक्ति स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१५(१) को खण्ड (ख) बमोजिम गठित पदपूर्ति समितिले सिफारिस गर्नुपर्नेमा सो समितिको सिफारिस बिना नै भएको र सोही नियमावलीको नियम २१६ को उपनियम (८) मा स्वीकृत दरबन्दी बाहेकको पदमा नियुक्ति पाएको व्यक्तिले खाएको तलब, भत्ताको रकम नियुक्तिको आदेश दिने वा नियुक्ति गर्ने र नियुक्ति हुने व्यक्तिबाट समानुपातिक रूपमा असुल गरिने व्यवस्था रहेको देखिएकोले बिर्जु हजारालाई नियुक्ति दिएको मितिदेखि हालसम्म दिएको तलब भत्ता बापतको रकम रु.५,२८,०५०।- स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१६ को उपनियम (८) बमोजिम सम्बन्धितबाट भरिभराउ गर्न आयोगको मिति २०७३।१।१३ को निर्णयानुसार स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको।

(३) पर्सा जिल्ला हरपुर गा.वि.स.का सचिव हेमकान्तलाल कर्णले आ.व.०६५/६६ र आ.व.०६६/६७ को गा.वि.स.को रकम हिनामिना गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ६७ बमोजिम गाउँ विकास समितिले आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समिति, सामुदायिक संस्था, गै.स.स. सँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था रहेकोमा सो विपरीत निजले आफैं विभिन्न कार्यक्रमका लागि भनी आ.व. ०६६।६७ मा पेश्की रु.५,२८,२००।- पेश्की लिएको र सो हालसम्म फछ्र्यौट नभएको देखियो । स्थानीय निकाय आर्थिक नियमावली, २०६४ को परिच्छेद-८ अन्तर्गत गा.वि.स. सचिवले आफ्नो नाममा पेश्की लिन नमिल्ने व्यवस्था रहेको र नियम १९० ले पेश्की फछ्र्यौट नगरेमा म्याद नाघेको मितिदेखि १० प्रतिशतका दरले ब्याज समेत लगाई सरकारी बाँकी सरह असुल उपर गरिने व्यवस्था गरे अनुसार निजको नाममा नियम विपरीत फछ्र्यौट हुन बाँकी रहेको रकम कानून बमोजिम असुल उपर गर्न गराउन आयोगको मिति २०७३।३।१४ को निर्णयानुसार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई लेखी पठाइएको।

(४) चन्द्र अयोध्यापुर गा.वि.स. सिरहाका गा.वि.स. सचिव राजप्रसाद लामा समेतले सामाजिक सुरक्षा भत्ता वितरणमा समेत अनियमितता गरेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा उक्त गा.वि.स.को बाली संरक्षण कार्यक्रम अन्तर्गत मिति २०७०।३।१२ मा रु.२,७६,०००।- प्रा.स. पशुपती यादवले पेश्की लिई वितरण गर्दा भर्पाई नभिडेको ३६ जनाको जम्मा रु.४३,२००।-, ज्येष्ठ नागरिक भत्ता वितरण गर्न मिति २०७१।३।४ मा गा.वि.स.बाट पेश्की लिई सो वितरण गरेको भर्पाई नबुझाएको रु.३२,५८६।-, आ.व.२०७०।७१ मा गा.वि.स.बाट उठाएको मालपोत रकम बैंक खातामा बुझाएको भौचर पेश नभएको रु.१३,६४३।२५ र सोही आ.व.को सिलाई बुनाई कार्यक्रममा खर्च भएको भनिएको रकमको बिल भर्पाई संलग्न नभएको रु.१५,०००।- समेत गरी जम्मा रु.१,०४,४२९।२५ निज पशुपती यादवबाट भरिभराउ गर्न गराउन आयोगको मिति २०७२।६।१९ को निर्णयानुसार जि.वि.स.को कार्यालय सिरहालाई लेखी पठाइएको ।

**आयोगको प्रयासबाट विभिन्न क्यासिनोहरूको रोयल्टी असुल उपर**

नेपालमा सञ्चालित विभिन्न क्यासिनोहरूले प्रचलित कानून बमोजिम नेपाल सरकारलाई तिर्नु बुझाउनुपर्ने कर, शुल्क जरिवाना रकम बाँकी बक्यौता रहेको र सो असुल उपर गर्ने निकायहरू उदासीन रहेकोले आवश्यक छानबिन गरी रकम उठाउने व्यवस्था गरी पाउँ भन्ने उजुरी सम्बन्धमा छानबिन हुँदा छानबिनकै क्रममा सो सम्बन्धमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई लेखी पठाइएकोमा उक्त मन्त्रालयबाट रोयल्टी रकम असुल उपरसम्बन्धी कारबाही भई गरी करिब रु.६ करोड असुल उपर गरिएको तथा तोकिएको समयभित्र रकम नबुझाउने फूलबारी लिमिटेड, नेपाल रिक्रिएसन सेन्टर, अन्नपूर्ण इन्टरनेसनल, याक एण्ड यति होटल, होटल एभरेष्ट इन्टरनेसनल, सोल्टी होटल, मल्ल होटल र ह्याप्पी आवर प्रा. लि. को नाममा रहेको एकमुष्ट बक्यौता रकम रु. १,३२,८०,९४,४५६।५२ (एक अर्ब बत्तीस करोड असी लाख चौरानब्बे हजार चार सय छपन्न पैसा बाउन्न मात्र) सरकारी बाँकी सरह असुल उपर गर्न केन्द्रीय तहसिल कार्यालयमा लगत कसी पठाएको देखिएकोले आयोगको समवेत प्रयासबाट नै उक्त रकम नेपाल सरकारलाई प्राप्त हुने भएको छ ।

(५) बारा जिल्ला रतनपुरी गा.वि.स.का सचिव आस महमद अन्सारी समेतले सामाजिक सुरक्षा भत्ता लगायत विभिन्न शीर्षकका सरकारी रकमहरू हिनामिना गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा निजले तामागढीदेखि डम्बरपुरसम्मको बाटो मर्मतका लागि रु.१९,१९,४५२।- पेश्की लिएकोमा रु.१७,६४,०००।- मात्र पेश्की लिएको देखाई गो.भौ.नं.२० मिति २०६८।३।३० बाट जम्मा रु.३०,६०,०००।- को काम भएको भनी नापी विवरण पेश गरेको देखियो । निजले लिएको पेश्की रु.१९,१९,४५२।- मध्ये रु.१,५५,४५२।- पेश्की फछ्र्यौट गर्न बाँकी रहेको खुल्न आउनुका साथै निजको बयानबाट समेत सो पुष्टि हुन आएको देखिंदा फछ्र्यौट गर्न बाँकी रु.१,५५,४५२।- निज गा.वि.स. सचिव आस महमद अन्सारीबाट कानून बमोजिमको प्रक्रिया पूरा गरी भरिभराउ गर्न आयोगको मिति २०७२।१०।१७ को निर्णयानुसार जिल्ला विकास समितिको कार्यालय, बारालाई लेखी पठाइएको ।

(६) जिल्ला बारा, पिप्राबसतपुर गा.वि.स.का तत्कालीन गा.वि.स. सचिव जयपतप्रसाद यादवले आ.व. ०६७।६८ को सामाजिक सुरक्षा भत्ता, बाल संरक्षण अनुदान रकम, पियन तलब भत्ता समेत बैंकबाट झिकी वितरण नै नगरी हिनामिना गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा भत्ता वितरण गरेको भरपाई कागजहरूमा भएको औंठाछाप र तत्कालीन गा.वि.स. सचिव जयपतप्रसाद यादवको औंठाछाप केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशाला, काठमाडौंमा परीक्षणको लागि पठाइएकोमा उक्त प्रयोगशालाको मिति २०७१।२।९ को परीक्षण प्रतिवेदनमा १०६ जना व्यक्तिहरूको रकम बुझेको भरपाईमा भएको औंठाछापसँग जयपतप्रसाद यादवको औंठाछाप मिलेको भन्ने देखियो । यसबाट निजले रु.१,६५,६००।- सामाजिक सुरक्षा भत्ता र बाल संरक्षण अनुदान रकम सम्बन्धित सेवाग्राहीलाई वितरण नगरी अनियमितता गरी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएको पुष्टि हुन आयो । निज तत्कालीन गा.वि.स. सचिव जयपत प्रसाद यादवको मिति २०७१।१०।१८ गते मृत्यु भइसकेको भन्ने जिल्ला प्रहरी कार्यालय, बाराको मिति २०७२।२।१३ को पत्रसाथ प्राप्त मृत्यु दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिबाट खुल्न आएकोले सेवाग्राहीलाई वितरण नगरिएको रु.१,६५,६००।- कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी भरिभराउ दाखिला गर्न गराउन आयोगको मिति २०७३।१।७ को निर्णयानुसार जिल्ला विकास समितिको कार्यालय, बारालाई लेखी

पठाइएको ।

**९. स्वास्थ्य मन्त्रालय अन्तर्गत**

(१) जिल्ला स्वास्थ्य कार्यालय बाजुराका कार्यालय प्रमुख डा. भवानी शर्मा समेतले आ.व. ०६७।६८ र आ.व. ०६८।६९ मा औषधी खरिद लगायतका कार्यमा झुठा तथा किर्ते बिल भर्पाई खडा गरी रकम हिनामिना गरेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा महालेखा परीक्षकको आ.व. ०६७।६८ र ०६८।६९ को लेखापरीक्षण प्रतिवेदनहरू बमोजिम आ.व. ०६७।६८ को असुल उपर हुनुपर्ने रकम रु.१७,६८,४३१।- मध्ये रु.१५,२१,९२८।- असुल उपर भइसकेको र रु.२,४६,५०३।- असुल उपर हुन बाँकी रहेको देखियो । त्यसै गरी आ.व. ०६८।६९ मा रु.३,३३,४६२।४४ असुल उपर हुनुपर्ने देखियो ।यसरी उक्त प्रतिवेदनमा असुल उपर हुनुपर्ने भनी उल्लेख भएको रु.५,७९,९६५।४४ रकम असुल उपर गर्न गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क. बमोजिम जिल्ला स्वास्थ्य कार्यालय, बाजुरालाई आयोगको मिति २०७२।४।३१ को निर्णयानुसार लेखी पठाइएको ।

(२) नारायणी उप-क्षेत्रीय अस्पताल वीरगन्जका चिकित्सक डाक्टर फारुक अहमद मिकरानीले कार्यालयमा लामो समय अनुपस्थित रही एकै पटक हाजिर गरेको र काठमाडौंस्थित मेडिकेयर अस्पतालमा बिरामी जाँच गरेको दिनमा समेत वीरगञ्जस्थित कार्यालयमा हाजिर गर्ने गरेको भन्ने समेतको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज डा.फारुक अहमद मिकरानी २०७१ साल श्रावण १० गतेदेखि ऐ २२ गतेसम्म दिन १३ र २०७१ साल कार्तिक ६ गतेदेखि ऐ २१ गतेसम्म दिन १६ समेत गरी जम्मा २९ दिन कार्यालयमा अनुपस्थित रहेकोमा प्रशासन शाखाका कर्मचारीले हाजिरी रजिष्टरमा रातो चिन्ह लगाएको र सो रातो चिन्ह लगाएको ठाउँमा निजले पुनः हाजिर गरेको देखियो । साथै निजले मिति २०७१।२।५ देखि २०७१।१०।४ सम्म ४६ दिन र २०७२ वैशाख महिनामा ५ दिन गरी जम्मा दिन ५१ मा काठमाडौंस्थित मेडिकेयर अस्पतालमा बिरामी जाँचेको र निज कार्यरत नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा पनि हाजिर गरेको देखियो । यसरी नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा अनुपस्थित रहेको अवस्थाका दिनमा हाजिर गरेको कुरा निजले आफ्नो बयानमा समेत स्वीकार गरेको देखिंदा निजले मेडिकेयर अस्पतालमा काम गरी नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा अनुपस्थित रहेको अवस्थामा नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जबाट लिएको ८० दिनको तलब भत्ता रकम रु.७२,१६५।६० भरिभराउ गर्न गराउन आयोगको मिति २०७२।६।१७ को निर्णयानुसार नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा लेखी पठाइएको ।

### ६.५.४ दुष्परिणाम सच्याउने

**१. शिक्षा मन्त्रालय अन्तर्गत**

(१) कैलाली जिल्लास्थित शिवगंगा निम्न माध्यमिक विद्यालय, उर्माको अंग्रेजी विषयको राहत शिक्षक नियुक्ति गर्दा अनियमितता गरेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा विद्यालयमा अंग्रेजी विषयको राहत शिक्षक करारमा नियुक्ति गर्न विद्यालय व्यवस्थापन समितिको निर्णयबाट मिति २०७१।५।१९ मा अनुमति माग भएकोमा जिल्ला शिक्षा कार्यालय, कैलालीले मिति २०७१।५।२३ मा शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २४(३) र (४) बमोजिमका उम्मेदवारलाई मेरिटको आधारमा शिक्षा नियमावली, २०५९ को नियम ९७ बमोजिम करारमा नियुक्ति गर्न अनुमति दिनुको साथै शिक्षक सेवा आयोगबाट प्रकाशित सूचीका उम्मेदवार उपलब्ध हुन नसकेमा शिक्षा नियमावली, २०५९ को नियम ९७ को उपनियम (३) बमोजिम र सो पछिका नियमका आधारमा नियुक्ति गर्न लेखी पठाएको देखियो। उक्त विद्यालयले शिक्षक सेवा आयोगबाट प्रकाशित सूचीका उम्मेदवार नियुक्ति गर्न १५ दिने सार्वजनिक सूचना प्रकाशित नगरी फायल संलग्न मात्र राखेको, करार सूचीका उम्मेदवारहरूबाट दरखास्त नपरेको भनी मिति २०७१।७।११ मा खुलाबाट नियुक्ति गर्न सूचना प्रकाशित गर्ने निर्णय भएको तर मुचुल्का टाँस नगरिएको र मिति २०७१।७।३० मा पुनः ५ दिने म्याद थपको सूचना प्रकाशित गर्ने भन्ने निर्णय भएको तर सूचना र टाँस मुचुल्का फायल संलग्न नभएको, उक्त म्यादमा चार जना उम्मेदवारले दरखास्त दिएको, मिति २०७१।८।१२ गतेका दिन निजहरूको लिखित (वस्तुगत र विषयगत) परीक्षा लिइएको र उक्त लिखित परीक्षाको नतिजा प्रकाशित नै नगरी चारैजना उम्मेदवारहरूको अन्तर्वार्ता लिने कार्य गरेको समेत देखिन आयो। उम्मेदवारहरूको अन्तर्वार्ता लिंदा शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २२ मा तोकिएको १० अंक को अन्तर्वार्ता नलिई २५ अंकको अन्तर्वार्ता लिएको र परीक्षा समितिमा १ जना मात्र विषय विज्ञ राखेको पाइयो भने सोही दिन परीक्षा समितिको बैठक बसी इन्द्रा रानालाई सफल उम्मेदवार भनी नतिजा प्रकाशित गरिएको र विद्यालय व्यवस्थापन समितिको मिति २०७१।८।१४ को बैठकबाट निजलाई नि.मा.वि.तहको अंग्रेजी विषयको शिक्षकमा नियुक्ति समर्थनका लागि जिल्ला शिक्षा कार्यालय, कैलालीमा पठाउने निर्णय भएको पाइएकोले शिवगंगा नि.मा.वि. उर्मा कैलालीमा शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ को विधि र प्रक्रिया अवलम्बन नगरी अंग्रेजी विषयका शिक्षक इन्द्रा रानालाई गरिएको नियुक्ति विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शिवनारायण राना, जिल्ला शिक्षा कार्यालय कैलालीका स्रोत व्यक्ति हरिकृष्ण पन्त र प्र.अ. जुहारीलाल चौधरीले गरेको अनुचित कार्यको दुष्परिणाम हुँदा प्रचलित कानून बमोजिम सच्याउनका लागि आयोगको मिति २०७२।८।१३ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख. बमोजिम जिल्ला शिक्षा कार्यालय, कैलालीमा लेखी पठाइएको ।

(२) नवलपरासी जिल्ला स्थित देवचुली उच्च मा.वि. मा अस्थायी मा.वि. शिक्षकको पदमा कृष्णप्रसाद सापकोटालाई शिक्षा ऐन, नियमावली विपरीत ४१ वर्ष पूरा भइसकेको अवस्थामा विद्यालयका तत्कालीन प्राचार्य देवराज पौडेल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद पराजुली तथा जिल्ला शिक्षा कार्यालय, नवलपरासी समेतको मिलेमतोमा अनियमित तरिकाले नियुक्ति

गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा शिक्षा ऐन, नियमावली विपरीत उमेरको हद नाघेको व्यक्तिलाई मावि शिक्षकको पदमा गरिएको नियुक्ति विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद पराजुली, प्राचार्य देवराज पौडेल र तत्कालीन जिल्ला शिक्षा अधिकारी बरखुप्रसाद रजकले गरेको अनुचित कार्यको दुष्परिणाम हुँदा प्रचलित कानून बमोजिम सच्याउने कार्य गर्नु गराउनु भनी आयोगको मिति २०७३।१।५ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, नवलपरासीमा लेखी पठाइएको।

(३) धनकुटा जिल्लास्थित उत्तरपानी प्राविधिक शिक्षालयका प्रमुखले बिना विज्ञापन स्थायी शिक्षक नियुक्ति गरेको, कर्मचारी लामो समयसम्म करारमा नियुक्त गरेको, स्टोर किपर टिकाराम राईले केही विद्यार्थीको भर्ना शुल्क राजश्व कोषमा दाखिला नगरेको, भन्ने समेतका सम्बन्धमा अनुसन्धान हुँदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, सानोठिमी, भक्तपुरले उत्तरपानी प्राविधिक शिक्षालय, धनकुटालाई रिक्त कर्मचारीहरूको पद खुलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद कर्मचारी सेवा शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६९ परिच्छेद २ को विनियम ९ को उपविनियम (४) मा भएको व्यवस्था बमोजिम सेवा करारमा लिन अख्तियारी दिएको देखियो। जिल्ला धनुषा धवौली गा.वि.स.-७ का राजेशप्रसाद मण्डलले मिति २०७०।२।१ मा नियुक्ति पत्र पाउँ भनी दिएको निवेदनमा शिक्षालय प्रमुख रामनारायण यादवले प्राप्त अख्तियारी अनुसार निजलाई जेठ १ गतेदेखि लागू हुने गरी नियुक्ति दिनु हुन भनी तोक आदेश दिएको पाइयो। त्यसैगरी सेवा करारमा लिएका अन्य कर्मचारीहरूको हकमा नियमानुसार नियुक्ति दिने भन्ने तोक लगाएको देखियो। बढीमा १ वर्षको लागि मिति २०७०।२।२ मा अनिता राना मगरलाई सहायक कृषि प्रशिक्षक पदमा, जयकुमार शर्मालाई मर्मत सहायक पदमा, जितेन्द्रकुमार यादवलाई कार्यालय सहयोगी पदमा, विशेश्वर यादवलाई कार्यालय सहयोगी पदमा र टेकबहादुर पूर्वछाने मगरलाई कार्यालय सहयोगी पदमा, मिति २०७०।२।१४ मा राजेशप्रसाद मण्डललाई कृषि प्रशिक्षक पदमा, कृष्ण विश्वकर्मालाई कार्यालय सहयोगी पदमा, मिति २०७०।११।१४ मा डिल्लीप्रसाद रिजाललाई हलुका सवारी चालक पदमा सेवा करारमा नियुक्ति गरिएको र मिति २०७१।३।३१ मा जयकुमार शर्मा, अनिता रानामगर, राजेशप्रसाद मण्डल, टेकबहादुर पूर्वछाने मगर, कृष्ण विश्वकर्मा, विशेश्वर यादव र जितेन्द्रकुमार यादवलाई सोही पदमा म्याद थप गरिएको, मिति २०७२।१।३१ को निर्णयानुसार मिति २०७२।२।१ देखि लागू हुने गरी कृष्ण विश्वकर्मा बाहेक ६ जना कर्मचारीहरूलाई १ वर्षका लागि म्याद थप गरी लामो समयसम्म सेवा करारमा लिएको र कार्यालय सहयोगीलाई सुरु सम्झौतामा मासिक पारिश्रमिक रु.१०,०००।- तोकी प्रत्येक कर्मचारीहरूलाई श्रेणी अनुसार तलबमान दिने र तलबमानमा वृद्धि भए सोही अनुसार वृद्धि पनि गर्दै जाने भनी रकम समेत उल्लेख भएको देखिँदा सेवा करारमा लिएका प्रत्येक कर्मचारीले रु.१००,०००।- भन्दा बढी पारिश्रमिक लिएको हुँदा उक्त अख्तियारीमा उल्लेखित विनियमावली, २०६९ को विनियम ९ उपविनियम (४) र सार्वजनिक खरिद नियमवाली, २०६४ को नियम ९५ को पालना भएको नदेखिएकोले सेवा करारमा कर्मचारी नियुक्ति गर्दा बाध्यात्मक रूपले अपनाउनुपर्ने कार्यविधिको पालना नगरी अनुचित कार्य गरेको देखिएकोले अनुचित कार्यहरूबाट नियुक्ति भएका कृषि प्रशिक्षक राजेशप्रसाद मण्डल, कृषि सहायक प्रशिक्षक अनिता राना मगर, मर्मत सहायक जयकुमार शर्मा, कार्यालय सहयोगीहरू क्रमशः विशेश्वरप्रसाद

यादव, जितेन्द्र यादव, टेकबहादुर पूर्वछाने मगर र कृष्ण विश्वकर्माको नियुक्ति (दुष्परिणाम) लाई प्रचलित कानून बमोजिम सच्याउने कार्य गर्न गराउन आयोगको मिति २०७३।१।५ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख. बमोजिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद भक्तपुरलाई लेखी पठाइएको ।

(४) भूमिराज प्राथमिक विद्यालय, गोकुलेश्वर, बैतडीलाई जिल्ला शिक्षा कार्यालय, बैतडीबाट प्राप्त भएको राहत शिक्षक कोटामा शिक्षक छनौट समितिले मिति २०६५।३।४ गतेका दिन एकल उमेदवार जस्मा नाथको परीक्षा लिएकोमा उक्त परीक्षामा निजले लिखिततर्फ १०० पूर्णाङ्कमा जम्मा २१ अंक मात्र प्राप्त गरी असफल भए पनि निजले लिखित परीक्षामा ४५ अंक र अन्तर्वार्तामा १५ गरी जम्मा ६० अंक प्राप्त गरेको भनी सूचना निकाली जिल्ला शिक्षा कार्यालय, बैतडीलाई समेत झुक्यानमा पारी सफल भएको भनी जिल्ला शिक्षा कार्यालय, बैतडीबाट जस्मा नाथको नियुक्ति समर्थन गराएको हुँदा आवश्यक कारबाही गरी जस्मा नाथलाई दिइएको नियुक्ति समेत बदर गरी पाउँ भन्ने समेत व्यहोराको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा मिति २०६५।२।२९ गते बसेको भूमिराज प्राथमिक विद्यालय, गोकुलेश्वरको विद्यालय व्यवस्थापन समितिको बैठकले सेटिगाउँ उ.मा.वि. का प्र.अ. परमानन्द जोशीको संयोजकत्वमा शिक्षक छनौट समिति गठन गरी सोही दिन राहत शिक्षक कोटामा शिक्षक पूर्ति गर्नको लागि आवेदनका लागि ७ दिनको सूचना प्रकाशित गरी मिति २०६५।३।४ गते निवेदकहरूको परीक्षा लिने भन्ने निर्णय समेत गरेको देखिन आयो। एकल उम्मेदवार जस्मा नाथले मिति २०६५।३।४ गते दिएको परीक्षाको सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको माइन्युट पुस्तिकाको पेज ३५ मा छनौट समितिले लिएको परीक्षामा निज जस्मा नाथ अनुत्तीर्ण भएकोले सो को जानकारी विद्यालय व्यवस्थापन समितिलाई गराउने भनी शिक्षक छनौट समितिले मिति २०६५।३।४ मा निर्णय गरेकोमा उक्त माइन्युट पुस्तिकाको पेज ३५ को पानालाई च्याती झिकिएको र सोही माइन्युट पुस्तिकाको पेज नं .३६ मा शिक्षक छनौट समिति तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कल्यान नाथ, विद्यालय व्यवस्थापन समितिका शिक्षक प्रतिनिधि सदस्य महानन्द जोशी र परीक्षार्थी जस्मा नाथ मात्रको उपस्थितिमा शिक्षक छनौट समितिको सिफारिस अनुसार सफल उम्मेदवार जस्मा नाथलाई शिक्षा नियमावली बमोजिम तलब भत्ता खान पाउने गरी नियुक्ति दिने निर्णय पारित गरियो भनी मिति २०६५।३।४ गते नै अर्को निर्णय गरेको पाइयो। यसरी शिक्षक छनौट समिति एवं विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूले माइन्युट पुस्तिकामा एकपटक अनुत्तीर्ण भएको भनी लेखिएको व्यहोरालाई परिवर्तन गरी परीक्षाको परिणाम फेरबदल गरी गराई पुनः माइन्युट गरी गराई अनुत्तीर्ण भएको व्यक्ति जस्मा नाथलाई शिक्षक पदमा नियुक्ति गर्ने निर्णयबाट सिर्जना भएको दुष्परिणाम प्रचलित कानून बमोजिम सच्याउनका लागि आयोगको मिति २०७३।३।२७ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, बैतडीलाई लेखी पठाइएको ।

## २. युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत

(१) सन् २०१४ सेप्टेम्बर/अक्टोबरमा दक्षिण कोरियाको इन्चोनमा सम्पन्न १७ औं एसियाली खेलकुद प्रतियोगितामा खेलाडीको आवरणमा लिएर गएका ४ जना व्यक्तिलाई प्रतिव्यक्ति १५ लाख लिई कोरियाली भूमिमा नै भगाएको अभियोगमा १ वर्षका लागि खेलकुद गतिविधिमा प्रतिबन्ध लगाइएका केशवकुमार विष्टलाई मिति २०७२।३।१० गतेको मन्त्रीस्तरीय

निर्णयबाट मन्त्रीको निजी सचिवालयको लेटरप्याडमा राष्ट्रिय खेलकुद परिषदको सदस्य सचिव पदमा नियुक्त गरिएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा माननीय युवा तथा खेलकुद मन्त्रीबाट केशवकुमार विष्टलाई राष्ट्रिय खेलकुद परिषदको सदस्य सचिव पदमा गैरकानूनी तवरबाट नियुक्त गरेको देखिएकोले आयोगको मिति २०७२।५।२५ को निर्णयानुसार सो नियुक्तिका सम्बन्धमा आवश्यक कारबाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख. बमोजिम युवा तथा खेलकुद मन्त्रालयमा लेखी पठाइएको।

**३. भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत**

(१) जिल्ला भोजपुर, टक्सार गा.वि.स. वडा नं. ६ स्थित सरकारी जंगल जनिएको जग्गा मालपोत/नापी कार्यालय, भोजपुरका कर्मचारीहरू समेतको मिलेमतोमा व्यक्ति विशेषको नाममा कायम गरे गराएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा भोजपुर जिल्ला टक्सार गा.वि.स. वडा नं. ६ हाल भोजपुर नगरपालिका वडा नं. ७ मा पर्ने कि.नं. १७४, १७८ र १८० को मिति २०३९।१।१५ मा सर्भे नापी भई फिल्डबुक तयार हुँदा कि.नं. १७४ को जग्गाको क्षेत्रफल ५४-७-२-० कायम रही विरहको महलमा जंगल भनी जनिएकोले उक्त जग्गा मालपोत ऐन, २०३४ को दफा २(ख२) बमोजिम सरकारी जग्गा हो भन्ने देखियो। उक्त कि.नं. १७४ को जग्गाको सीमारेखा मेटाई कि.नं. १८० र ८५२ मा घुसाई अस्वाभाविक क्षेत्रफल बढाएको भन्ने सम्बन्धमा हेर्दा उक्त कि.नं. १७४ को जग्गाको साँधमा रहेको तत्काल सर्भे नापी हुँदाका बखत कि.नं.१८० को जग्गा लोकनाथ पाध्या घिमिरेको नाममा दर्ता रही क्षेत्रफल १-५-३-२ रहेकोमा मिति २०४६।१।५ को पारित २१३५ नं. को लिखतले लोकनाथ घिमिरेबाट दिपाहाङ राईको नाममा कायम भई मालपोत कार्यालय, भोजपुरको मि.नं. १७५ मिति २०४७।८।१० को निर्णय अनुसार क्षेत्रफल ११-५-३-१ कायम गरेको र कि.नं. ८५२ को सन्दर्भमा हेर्दा सर्भे नापीका बखत ज्ञानेन्द्रप्रसाद कोइराला र वावुराम कोइरालाको संयुक्त नाममा कि.नं. १७८ कायम भई क्षेत्रफल २-१४-१-० फिल्डबुकमा जनिएकोमा प्लट रजिष्टर्ड र मोठ श्रेस्ता अनुसार १ नं. नापी गोश्वाराको मिति २०३९।७।३ को निर्णय अनुसार उक्त कि.नं. १७८ कित्ताकाट भई कि.नं. ८५१ र ८५२ कायम भई क्षेत्रफल क्रमशः ०-२-०-३ र २-१२-०-३ कायम भई ज्ञानेन्द्रप्रसाद कोइराला र वावुराम कोइरालाको संयुक्त नाममा नै दर्ता रहेको अवस्थामा मालपोत कार्यालय, भोजपुरको मिति २०४१।९।२१ को निर्णय अनुसार कि.नं. ८५२ को जग्गाको श्रेस्ताबाट ज्ञानेन्द्रप्रसाद कोइरालाको नाम खारेज गरी वावुराम कोइरालाको नाम मात्र कायम राखेको र सो जग्गा र.नं. ९०९ मिति २०४१।९।३० को पारित लिखत बमोजिम वावुराम कोइरालाबाट विष्णुमाया घिमिरे, गंगादेवी घिमिरे र लक्ष्मीदेवी घिमिरेको संयुक्त नाममा हस्तान्तरण भई श्रेस्ता कायम भएपछि मि.नं. २७४ मिति २०४७।११।६ को निर्णयले क्षेत्रफल २३-६-३-२ कायम गरी श्रेस्ता जनाई जग्गा धनी प्रमाणपुर्जा दिएको अवस्था समेत देखिएकोले कि.नं. १७४ को सरकारी वन क्षेत्रको जग्गाको क्षेत्रफल घटाउने र व्यक्ति विशेषको जग्गाको क्षेत्रफल बढाउने कार्य मालपोत कार्यालय, भोजपुर र मेन्टेनेन्स नापी शाखा, भोजपुरका कर्मचारीहरूबाट भए गरेको देखिन आएकोले भोजपुर जिल्ला टक्सार-६ को कि.नं. १७४ को वन भएको सरकारी जग्गाको क्षेत्रफल घटी पारी व्यक्तिहरूको जग्गाको क्षेत्रफल बढाउने कार्य गरी उत्पन्न दुष्परिणामलाई जि.भोजपुर टक्सार-६ को कि.नं. १७४ को सरकारी जग्गाको नक्सामा साबिक बमोजिम क्षेत्रफल कायम

हुने गरी सच्याई नक्सा कायम गर्ने गराउने कार्य गरी सरकारी जग्गा (सरकारी सम्पत्ति) को संरक्षण गर्न गराउन आयोगको मिति २०७२।६।१९ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख. बमोजिम लेखी पठाइएको ।

(२) नापी कार्यालय, चाबहिलका नापी अधिकृत राम विनयकुमार सिंहले काठमाडौं, जोरपाटी गा.वि.स. वडा नं.७क कि.नं.४६२ को व्यक्तिको नामको जग्गामा सरकारी सार्वजनिक जग्गा समेत कायम गरिएको हुँदा कारबाही गरी पाउँ भन्ने सम्बन्धमा अनुसन्धान हुँदा जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम साबिकमा नाप नक्सा भई सेरफ लामा समेतको नाममा दर्ता रहेको का.जि. जोरपाटी गा.वि.स. वडा नं.७क कि.नं.४६२ क्षेत्रफल ५-२-०-० जग्गा बिक्री वितरण हुँदै बाँकी रहेको १-२-०-० जग्गा पुनः नापी बमोजिम हाल साबिक गरी श्रेस्ता अद्यावधिक गरी पाउँ भनी सेरफ लामा समेतले मालपोत कार्यालय, चाबहिलमा मिति २०६७।४।१७ मा निवेदन दिएकोमा २०६४ सालमा भएको पुनः नापजाँच बमोजिम कायम भएको का.जि. जोरपाटी गा.वि.स. वडा नं.७ सिट नं.१०२-०९९०-१६ कि.नं.१०५ क्षेत्रफल ७९९.९० वर्गमिटर जग्गामध्ये कित्ताकाट गरी कि.नं.१९५ क्षेत्रफल ७३१.३४ वर्ग मिटर र ऐ.ऐ. सिट नं.१०२-०९९०-११ कि.नं.१५७ क्षेत्रफल १३५७.३० वर्ग मिटर जग्गामध्ये कित्ताकाट गरी कि.नं.१९८ क्षेत्रफल ३९.७५ वर्ग मिटर समेत जम्मा क्षेत्रफल ७७१.०९ व.मि. जग्गा मालपोत कार्यालय, चाबहिलको मिति २०६७।८।१९ को निर्णयबाट निज सेरफ लामा समेतको नाममा साबिक नापी बमोजिमको जग्गाभन्दा करिब ०-५-३-२ बढी जग्गा हाल साबिक गरी जग्गाधनी दर्ता श्रेस्ता कायम गरेकोमा दक्षिण तथा पश्चिमतर्फ रहेको व्यक्ति विशेषको जग्गाबाट क्षेत्रफल ०-४-३-० र उत्तरतर्फको जग्गाबाट क्षेत्रफल ०-१-०-२ समेत जम्मा क्षेत्रफल ०-५-३-२ रोपनी जग्गा बढ्न गएको देखियो। व्यक्ति विशेषको जग्गाबाट बढ्न गएकोतर्फ निज सेरफ लामा समेतको नाममा हाल साबिक गर्ने निर्णय गर्नु अगाडि नै पश्चिम र दक्षिणतर्फ रहेका सँधियार जग्गाधनीले आफ्नो जग्गा दर्ता गराइसकेको भन्ने व्यहोरा नापी कार्यालय, चाबहिलको मिति २०६७।६।५ को विवरण खुलाइएको पत्रबाट देखिएकोले त्यसतर्फ केही गरिरहनुपर्ने देखिएन। बाटोतर्फको जग्गा बढेको सम्बन्धमा उक्त कि.नं.४६२ को उत्तरतर्फ रहेको कुलोको जग्गाको चौडाइ पश्चिमतर्फ ५ फिट, बीच भागमा ७ फिट र पूर्वतर्फ ६ फिट रहेकोमा हाल नापी बमोजिम कायम रहेको बाटोको जग्गाको पश्चिमतर्फ १८.१० फिट बीच भागमा १७.९ फिट र पूर्वतर्फ १७.०० फिट रहेको देखिएकोले साबिक र हालको नक्सालाई तुलनात्मक रूपमा अध्ययन गर्दा साबिक कुलोको जग्गाको चौडाइ हाल बाटोमा परिणत हुँदाको अवस्थामा घटेको देखिएन। साथै नापी विभाग, योजना तथा अनुगमन शाखाको च.नं.१७० मिति २०७१।६।६ को पत्रमा "साबिक २०१९ सालको सेटलाइट इमेज, साबिक २०२१ सालको नक्साबाट तयार नक्सामा पुनः नापजाँच भै तयार भएको नक्सालाई भिडाई हेर्दा एक आपसमा भिडेको नदेखिएको साथै २०२१ सालको नापी र पुनः नापीबाट तयार नक्साको अवस्था समेत एक आपसमा मिलेको देखिएन। मार्जिनको बाटो साबिक जोरपाटी ७क को तर्फबाट नम्बरी सिमाना बाहेक बाटो एक आपसमा नभिड्ने, साबिकमा प्रयोग गरिएको प्रविधि, नापजाँच कार्यमा प्रयोग भएमा तत्कालीन उपकरण, भौगोलिक अवस्था, विभिन्न चरणमा ट्रेस भई कायम भएको सिमानाको आधारमा भएको भोगबाट सिर्जित प्राविधिक समस्या भएको

व्यहोरा ओभरल्याप नक्साबाट देखिएको, अस्थिर अवस्थामा प्राविधिक तौरतरिकाबाट प्रष्ट्याउने अवस्था नरहेको र साबिक नक्सा पुनः नापीबाट तयार नक्सामा हुबहु ओभरल्याप हुन सक्ने अवस्था नरहेको हुँदा उक्त कित्तामा सरकारी सार्वजनिक जग्गा घुसेको भनी किटानी गर्न प्राविधिक रूपमा कठिनाइ भएको" भनी लेखी आएकोमा हालको नापी बमोजिम कुलोको जग्गाको चौडाइ साबिकभन्दा बढेको अवस्थामा साँधमा रहेको व्यक्ति विशेषको जग्गा घटेको अवस्था विद्यमान रहनुपर्नेमा सेरफ लामा समेतको नाममा रहेको जग्गाको चौडाइ समेत बढेको अवस्था रहेको, साबिक नापी बमोजिम व्यक्तिको नाममा कायम रहेको जग्गाको ट्रायल चेक गर्दा समेत कि.नं.४६२ को जग्गाको क्षेत्रफल १-२-०-० रोपनी नै रहेको तथ्य अनुसन्धानका क्रममा भएको स्थलगत प्रतिवेदनबाट देखिएको, नापी विभागबाट प्राप्त प्राविधिक प्रतिवेदन समेतको आधारमा २०२१ सालको नापी र पुनः नापीबाट तयार भएको नक्सा एक आपसमा नमिलेको भनी लेखी आएको र नापी कार्यालय, चाबहिलबाट प्राप्त मिति २०६९।४।५ को ओभरल्याप नक्सा समेतको आधारमा उक्त कि.नं.४६२ को जग्गाको उत्तरतर्फ रहेको कुलोको जग्गाको चौडाइ नक्सामा भएको चौडाइभन्दा बढी नै रहेको स्पष्ट हुन आएको छ। अतः सरकारी तथा सार्वजनिक जग्गा र व्यक्ति विशेषको नाममा रहेका जग्गा साँधमा रहेका र सो दुवै जग्गाहरू बढेको अवस्थामा व्यक्तिको जग्गा साबिक नक्सा बमोजिम कायम गरी सो बाहेकको जग्गा नेपाल सरकारको नाममा कायम गर्नुपर्नेमा व्यक्तिको नाममा दर्ता रहेको साबिक नक्साभन्दा उत्तरतर्फ रहेको नेपाल सरकारको नाममा दर्ता गर्नुपर्ने अवस्थाको क्षेत्रफल ०-१-०-२ रोपनी साबिक कुलोको सरकारी जग्गा पुनः नापी बमोजिम व्यक्तिको नाममा दर्ता हुन गएको अवस्था देखियो। यस्तो अवस्थामा मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (२) मा "कसैले यो दफा प्रारम्भ हुनुभन्दा अघि वा पछि कुनै सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा दर्ता गरी आवाद गरेकोमा त्यस्तो दर्ता स्वतः बदर हुनेछ। त्यस्तो जग्गाको व्यक्ति विशेषका नाममा रहेको दर्ता लगत समेत मालपोत कार्यालय वा नेपाल सरकारले तोकेको अधिकारीले कट्टा गर्नेछ" भन्ने व्यवस्था रहेको देखिएकोले तीन महिनाभित्र प्रचलित कानून बमोजिम दर्तावाला व्यक्तिलाई बुझी नेपाल सरकारको नाममा कायम गर्नुपर्ने अवस्थाको उल्लेखित क्षेत्रफल ३९.५ व.मि. अर्थात ०-१-१-० जग्गाको व्यक्तिको नाममा रहेको लगतकट्टा गरी नेपाल सरकारको नाममा कायम गरी दुष्परिणाम सच्याई सोको जानकारी आयोगमा पठाउनका लागि आयोगको मिति २०७३।२।११ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख बमोजिम मालपोत कार्यालय, चाबहिललाई लेखी पठाइएको ।

**४. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत**

(१) गाउँ विकास समितिको कार्यालय हरैया, बाराको तत्कालीन गाउँ विकास समिति सचिव सीताराम साहले घूस लिई अधिकारको दुरुपयोग गरी बिर्जु हजारालाई कार्यालय सहयोगी पदमा नियुक्ति गरेको भन्ने सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१६ को उपनियम (८) मा स्वीकृत दरबन्दी बाहेकको पदमा नियुक्ति भएको व्यक्तिले खाएको तलब, भत्ताको रकम नियुक्तिको आदेश दिने वा नियुक्ति गर्ने र नियुक्ति हुने व्यक्तिबाट समानुपातिक रूपमा असुल गरिने व्यवस्था रहेको र बिर्जु हजाराको नियुक्ति स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१५(१) को खण्ड (ख) तथा सोही

नियमावलीको नियम २१६ को उपनियम (६) को व्यवस्था विपरीत भएको देखिएको र सो नियुक्ति गर्ने गराउने कार्यमा गाउँ विकास समितिको कार्यालय, हरैयाका तत्कालीन गाउँ विकास समिति सचिव सीताराम साहले जानिजानी आफ्नो अधिकार नभएको कार्य गरेको र बाध्यात्मक रूपले अपनाउनुपर्ने कार्यविधिको पालना नगरेको देखिएकोले गाउँ विकास समिति सचिव सीताराम साहको अनुचित कार्यबाट भएको बिर्जु हजाराको नियुक्ति (दुष्परिणाम) प्रचलित कानून बमोजिम सच्याउनका लागि आयोगको मिति २०७३।१।१३ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख. बमोजिम संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको।

(२) कैलाली जिल्लाको टीकापुर नगर विकास समितिभित्रको प्लट नं. ९ (ग) कि.नं. १५६४ को क्षेत्रफल ०.८१२८ व.मि. को जग्गा अवैधानिक रूपबाट व्यक्तिको नाममा कायम गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा टीकापुर नगर विकास समितिको मिति २०७२।३।१७ को पत्रानुसार टीकापुर न.पा. वडा नं. ९ (ग) अन्तर्गत ब्लक नं. ३३ का विभिन्न घडेरी प्लटहरू मध्ये दा.खा. हुन बाँकी रहेका घडेरी प्लट नं.२७ क्षे.फ.३१२.५० व.मि. श्री विष्णुप्रसाद जैशीका नाममा मिति २०६७।९।२५ गते र प्लट नं. ९७ क्षे.फ. ९२८.५० व.मि. श्री लक्ष्मी शाहीको नाममा मिति २०६७।१०।३ मा दा.खा. गर्न पठाइएको आदेश अनुसार नापी टोली, टीकापुरले निवेदनका साथ फाइल दर्ता गरी नगर विकास समितिको नाममा बाँकी रहेको टीकापुर ९ (ग) साबिक कि.नं. १४३१ बदर गरी कित्ता नं. १५५९ विष्णुप्रसाद जैशी तथा कि.नं.१५६० लक्ष्मी शाहीको नाममा कित्ता कायम गरेको देखिएको र बाँकी कि.नं. १५६१ टीकापुर नगर विकास समितिको नाममा बाँकी रहनुपर्नेमा कि.नं. १५६१-१५७४ सम्म कित्ताहरूको कित्ताकाट आदेश नगर विकास समितिले नदिएको अवस्थामा नापी कार्यालयका तत्कालीन अमिन उपेन्द्र यादवले टीकापुर नगर विकास समितिको टीकापुर वडा नं. ९ (ग) कि.नं. १५६४ को क्षेत्रफल ०.८१२८ व.मि.रहेको जग्गाको प्लट ९ (ग) को प्लट रजिष्टरको पाना ५३ मा ओभरराइटिङ गरी कि.नं. १५६४ मा टीकापुर नगर विकास समिति बाँकी लेखेको माथि खेदु डगौरा, जि.कै. टि.न.पा. वडा नं. ३ लेखेको देखियो। यसरी तत्कालीन अमिन उपेन्द्र यादवको अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम सुधार गरी नगर विकास समिति टीकापुर वडा नं. ९ (ग) कि.नं. १५६४ को क्षेत्रफल ०.८१२८ व.मि. रहेको जग्गाको प्लट ९ (ग) को प्लट रजिष्टरमा ओभरराइटिङ गरी खेदु डगौरा, जि.कैलाली, टीकापुर न.पा. ३ लेखिएको व्यहोरा सच्याउन तथा टि.न.वि.स. बाँकी भन्ने व्यहोरा कायम गर्न आयोगको मिति २०७३।३।२२ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ को देहाय (ख) बमोजिम टीकापुर नगर विकास समिति, टीकापुर कैलालीलाई लेखी पठाइएको ।

### ६.५.५ आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा प्रेषित

**१. गृह मन्त्रालय अन्तर्गत**

(१) सोलुखुम्बु जिल्ला सल्लेरी गा.वि.स.का सचिव ख्यामराज खतिवडाले सम्बन्धित पक्षबाट रकम लिई सोलखुम्बु जिल्ला सल्लेरी गा.वि.स. वडा नं. ८ बस्ने मृतक आङकामी शेर्पाको सोही वडाको कि.नं. १९९, २०२ र २०१ को ४१ रोपनी जग्गा मृतक आङकामी शेर्पाकी एकमात्र श्रीमती भनी झुठा सर्जमिन मुचुल्का तयार गरी मिङमा शेर्पाको नाममा नामसारी गरेको भनी परेको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा मृतक आङकामी शेर्पाको नामको सल्लेरी ८ सोलुखुम्बुको कि.नं. १९९, २०२ र २०१ को २०४२० वर्ग मिटर क्षेत्रफलको जग्गा मृतककी एकमात्र श्रीमती भएको व्यहोराले मिङमा शेर्पाको नाममा नामसारी भइसकेको देखियो। फुर्वा ल्हेमी शेर्पाले आफू मृतककी सहोदर श्रीमती जीवित भएको अवस्थामा किर्ते नागरिकताको आधारमा मिङमा शेर्पाको नाममा नामसारी भएको सोही जग्गामा हकदाबी गरी मिङमा शेर्पाको किर्ते नागरिकता बदर गरी पाउँ भनी निवेदन गरेको पाइयो।फुर्वा ल्हेमी शेर्पा मृतक आङकामी शेर्पाकी श्रीमती भएको प्रमाण संलग्न गरी सम्बन्धित निकायमा जान सक्ने र आफूविरुद्ध तयार भएका कागजातहरू बदर गराई आफ्नो हकभोग प्राप्त गर्न सक्ने नै हुँदा सो तर्फ केही गरिरहनु नपर्ने देखिएकोले मालपोत कार्यालय सोलुखुम्बुमा रोक्का रहेको उपर्युक्त जग्गा कानूनबमोजिम फुकुवा गर्न तथा झुठो विवरण पेश गरी मिङमा शेर्पाले किर्ते नागरिकता लिएको विषयमा अनुसन्धान गरी कारबाही गर्न प्रस्तुत उजुरी र सम्बद्ध कागजातहरू आयोगको मिति २०७२।४।१३ को निर्णयानुसार क्रमशः भूमिसुधार मन्त्रालय र गृह मन्त्रालयमा पठाइएको ।

(२) जिल्ला प्राविधिक कार्यालय बाराका प्रमुख जिल्ला इन्जिनियर शीतल प्रसाद गुप्ताले जिविसको कार्यालय बाराका लेखापाल प्रेमबाबु प्रसादको मिलेमतोमा बैंकमा धरौटीको रूपमा राखिएको रु. २ करोड २५ लाख बराबरको परफरमेन्स बण्ड रु.२५ लाख घूस लिई व्यवस्थापिका संसद लेखा समिति र स्थानीय विकास मन्त्रालको राजस्व असुली गर्ने निर्णय विपरीत मिति २०६७।३।१७ मा उक्त परफरमेन्स बण्ड फुकुवा गरिदिन पत्राचार गरेको हुँदा छानबिन गरी कारबाही गरी पाउँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज गुप्ताको बयान, जिल्ला विकास समितिको कार्यालय बाराको मिति २०६८।८।५ को पत्रसाथ प्राप्त कागजातहरू, मिति २०७०।११।१२ को पत्रबाट प्राप्त राय प्रतिक्रिया र परफरमेन्स बण्डको रकम फुकुवा गरी दिने जिल्ला विकास समितिको कार्यालय बाराको च.नं. ३४६८ मिति २०६७।३।१७ को पत्रको सम्बन्धमा केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको मिति २०७०।६।१० को परीक्षण प्रतिवेदन समेतका आधारमा सो परफरमेन्स बण्ड फुकुवा गरिदिन जिल्ला विकास समितिको कार्यालय बाराबाट लेखिएको पत्र किर्ते गरी पत्राचार भएको देखिएको र सो कार्य सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूचीभित्रको विषय भएको देखिंदा आवश्यक कारबाहीका लागि आयोगको मिति २०७२।४।१८ को निर्णयानुसार परीक्षण प्रतिवेदनको प्रतिलिपि जिल्ला प्रहरी कार्यालय बारामा पठाइएको।

(३) बैतडी जिल्ला दशरथचन्द न.पा.५ मा सडक निर्माण कार्यको उपभोक्ता समिति र गाविस सचिवले नगरपालिकाबाट भुक्तानी लिएको रकम हिनामिना गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा दशरथचन्द नगरपालिका वडा नं. ५ भैंसेगौडा-आला सडक निर्माणका लागि दशरथचन्द

नगरपालिका कार्यालयबाट रु.७,००,०००।- विनियोजन भएकोमा नगरपालिकाका प्राविधिकले पेश गरेको कार्य सम्पन्न प्रतिवेदन, नापी किताब र उपभोक्ता समितिका अध्यक्षले पेश गरेको बिल भर्पाई र डोर हाजिरी फारामबाट करिब ४०० मिटर सडक निर्माण सम्पन्न भई सञ्चालनमा रहेको र सो को मूल्यांकन नगरपालिकाले उपलब्ध गराएको रकमभन्दा बढी नै भएको देखिएकोले उपभोक्ता समितिका अध्यक्ष दान सिंह रावलले धरौंटी बापत राखेको जग्गा फुकुवा गर्न आयोगको मिति २०७२।४।१९ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, बैतडीलाई लेखी पठाइएको ।

(४) आफूलाई राष्ट्रिय अनुसन्धान विभागको कर्मचारी तथा तत्कालीन AIG जीतबहादुर के.सी. को सहायक भन्ने अनिलकुमार गुप्ताले राष्ट्रिय अनुसन्धान विभागमा जागिर लगाइदिन्छु भनी विभिन्न व्यक्तिबाट रु.२५ लाख असुलेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा बाबुलाल यादवले आरोपित अनिलकुमार गुप्तालाई रु.१,७४,५००।- IME गरी पठाएको रकमको निस्सा समेत संलग्न रहेको र बाबुलाल यादवले मिति २०७१।६।२७ मा आयोगमा उपस्थित भई गरेको बयानमा निजलाई अनिलकुमार गुप्ताले राष्ट्रिय अनुसन्धान विभागमा जागिर लगाइदिन्छु भनी रु.१,७४,५००।- IME गरी पठाएको स्वीकार गरेको देखियो। आरोपित अनिलकुमार गुप्तालाई उपस्थित गराउनका लागि श्री राष्ट्रिय अनुसन्धान विभागलाई लेखी पठाइएकोमा उक्त विभागको मिति २०७१।१०।१४ को पत्र अनुसार अनिलकुमार गुप्ता नाम गरेको व्यक्ति उक्त विभाग वा अन्तर्गतको कर्मचारी नभएको व्यहोरा उल्लेख भई आएकोले प्रस्तुत उजुरीको विषय सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्रको मुलुकी ऐन, ठगीको महलले सजाय हुने मुद्दा भएको देखिएकोले यसमा सम्बन्धित जिल्ला प्रहरी कार्यालयबाट छानबिन गरी आवश्यक कारबाही गर्न आयोगको मिति २०७२।४।२१ को निर्णयानुसार प्रहरी प्रधान कार्यालयलाई लेखी पठाइएको ।

(५) भक्तपुर जिल्ला साबिक दिव्यश्वरी गा.वि.स.वडा नं. ३(ख) कि.नं. ३५, ४९, ५१, ५८ र ऐ वडा नं. ४(ख) कि.नं. ३१९ समेत जग्गाको हुँदै नभएको २०२३ सालको असुली कुशल भैरवथली सि.नं. ९४३।४३३ न.नं. १८३३ ३१ नं. मौजाको किर्ते लगत तयार गरी छुट जग्गा दर्ता गर्न खोजेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा दिव्यश्वरी गा.वि.स.वडा नं. ३(ख) कि.नं. ३५, ४९, ५१, ५८ र ऐ वडा नं. ४(ख) कि.नं. ३१९ श्रेस्ताबाट जग्गाधनी महलमा सुवर्ण शम्सेर जनिई विभिन्न व्यक्तिहरू मोही भएको दर्ता बाँकी रहेको देखियो भने फिल्डबुकबाट जग्गाधनी महलमा खाली रही तत् तत् व्यक्तिहरू मोही जनिई कैफियत महलमा यो जग्गा बालुवाटार बस्ने सुवर्ण शम्सेरको हो भनी उल्लेख भएको देखियो । मालपोत कार्यालय, भक्तपुरको मिति २०७१।७।२ को पत्रसाथ प्राप्त जग्गा दर्ता मिसिल अध्ययन गर्दा ६ नं. नापी गोश्वारा ७ नं. नापी टोलीमा छुट जग्गा दर्ता माग गर्ने हेमान्द्री शम्सेर ज.ब.रा., हाटक शम्सेर ज.ब.रा. र रुक्म शम्सेर ज.ब.रा. समेतको निवेदनमा नापी गोश्वाराले लगत उतार उपलब्ध गराइदिने भनी मिति २०६३।७।१० मा मालपोत कार्यालय, भक्तपुरमा पत्राचार गरेकोमा मालपोत कार्यालय, भक्तपुरले मिति २०६३।७।१० सि.नं. ९४३।४३३ न नं. १८३३ ३१ नं. कुशल भैरवथलीको कनक शम्सेर ज.ब.रा. को नाममा असुली लगत कायम रहेको भनी लगत उतार पठाइएको देखियो। नापी गोश्वाराबाट सो जग्गा दर्ता सम्बन्धमा कुनै निर्णय नभई मालपोत कार्यालय, भक्तपुरमा जग्गा दर्ता फाइल प्राप्त भई कारबाही अघि

बढाउने क्रममा पुनः लगत भिडाउँदा लगत शाखाबाट शंकास्पद देखिएकोले लगत भिडाउन नसकिने भनी प्रशासन शाखालाई जानकारी गराएको देखियो। प्रशासन शाखाबाट सो लगत सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेश गर्न टोली गठन भएकोमा छानबिन टोलीले सो लगत शंकास्पद देखिएकोले थप छानबिन गर्नुपर्ने राय सहितको प्रतिवेदन पेश गरेको देखियो । सि.नं. ९४३।४३३ न नं. १८३३ ३१ नं. कुशल भैरवथलीको कनक शम्सेर ज.ब.रा. को नामको शंकास्पद लगत भिडाई जग्गा दर्ता माग गर्नेहरूसँग मालपोत कार्यालय, भक्तपुरबाट थप प्रमाण माग गर्दा निवेदकहरूबाट थप प्रमाण पेश गर्न सकेको देखिएन। मालपोत कार्यालय, भक्तपुरमा उल्लिखित जग्गा दर्तासम्बन्धी कारबाही विचाराधीन रहेको देखियो। सि.नं. ९४३।४३३ न नं. १८३३ ३१ नं. कुशल भैरवथलीको कनक शम्सेर ज.ब.रा. को नामको शंकास्पद लगत सम्बन्धमा जग्गा दर्ता माग गर्ने व्यक्तिहरू र तत्कालीन लगत शाखामा कार्यरत खरिदार देवराज के.सी. समेतले लगत किर्ते भएको भन्ने सम्बन्धमा जानकारी नभएको, आफ्नो संलग्नता नभएको भन्ने व्यहोराको बयान दिएको देखियो। सो लगत सम्बन्धमा केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको मिति २०७१।९।२२ को परीक्षण प्रतिवेदनबाट देवराज के.सी. को हस्ताक्षर सम्बन्धमा few similarities in the combination of figures '३,१' and letter 'न' when compared with specimen writing marked S1 to S8 र लगतपछि थप भएको भन्ने सम्बन्धमा No definite opinion could be expressed भनी उल्लेख भई आएको देखियो भने राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको मिति २०७२।१।२३ को परीक्षण प्रतिवेदनको विशेषज्ञको राय खण्डमा ९४३।४३३ को महलमा रहेको हस्ताक्षर (वि-१) सँग देवराज के.सी. बाट मिति २०७१ साल मंसिर १८ गते लिइएको (न.१) तथा मिति २०६३।७।१० मा मालपोत कार्यालय, भक्तपुरले लगत सम्बन्धमा लेखेको पत्रको हस्ताक्षर (न.२) को हस्ताक्षर मिल्दैन। ९४३।४३३ को महलमा रहेको हस्ताक्षर (वि-१) सँग सोही पेजमा रहेको बाँकी हस्ताक्षर तथा सो सँगैको लगत्तैको पेजमा रहेको हस्ताक्षरको लेखाइ लेख्न प्रयोग भएको मसी लेखाइको ढाँचा तथा अन्य पेजहरूमा रहेका लेखाइका ढाँचा अनुसार उक्त वि-1 को हस्ताक्षर उक्त स्थानमा पछि थपिएको हुन सक्ने संकेत पाइन्छ भनी उल्लेख भई आएको देखिंदा भक्तपुर जिल्ला साबिक दिव्यश्वरी कुशल भैरवथली असुलीतर्फको सि.नं. ९४३।४३३ न नं. १८३३ ३१ नं. को लगत किर्ते गरेपछि थप गरिएको स्थिति र अवस्था देखियो। अतः सरकारी अड्डामा रहेको सरकारी श्रेस्ता किर्ते भएको विषय सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची (१) भित्रको मुद्दाको विषय भएको देखिंदा कानून बमोजिम जो जे बुझ्नुपर्ने हो बुझी किर्ते गर्ने गराउनेहरू उपर कानून बमोजिम आवश्यक कारबाही गर्न गराउन आवश्यक कागजातहरू सहित आयोगको मिति २०७२।६।१५ को निर्णयानुसार जिल्ला प्रहरी कार्यालय, भक्तपुरलाई लेखी पठाइएको ।

(६) मालपोत कार्यालय, पर्सा समेतको मिलेमतोमा जिल्ला पर्सा मसिहानी गा.वि.स. वडा नं. ६ कि.नं.१४४, १४५ र ऐ वडा नं. ५ को कि.नं. १७३ को सरकारी पर्ती जग्गा किर्ते गरी व्यक्तिको नाममा दर्ता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा मालपोत कार्यालय, पर्सामा रहेको श्रेस्तामा विवरण खुर्किएको, नयाँ विवरण थपिएको, माथिल्लो कैफियत पनि थपिएको जस्तो देखिएको भनी उक्त कार्यालयबाट लेखी आएकोले उक्त जग्गाको किर्ते श्रेस्ता तयार गर्न खोजिएको पुष्टि भएको र उक्त

कार्य सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्रको सरकारी कागज किर्ते मुद्दा अन्तर्गत पर्ने देखिंदा सो सम्बन्धमा थप अनुसन्धान कारबाहीका लागि आयोगको मिति २०७२।६।१७ को निर्णयानुसार जिल्ला प्रहरी कार्यालय, पर्सामा लेखी पठाइएको।

(७) बारा जिल्ला रामपुर टोकनी गा.वि.स. वडा नं.३ कि.नं.२ को क्षे.फ.१-३-१५ मा पानीघट्टा, मसानघाट, हनुमान मन्दिर समेत रहेको जग्गा ओम प्रकाश यादव समेतले अतिक्रमण गरेकोले उक्त सरकारी सार्वजनिक जग्गा संरक्षण गरी पाउँ भन्ने सम्बन्धमा अनुसन्धान हुँदा बारा जिल्ला रामपुर टोकनी गा.वि.स. वडा नं.३ कि.नं.२ को १-३-१५ बिगाहा जग्गा २०२२ सालको नापीमा जग्गाधनी महलमा पर्ती र कैफियत महलमा ऐलानी आवाद लायक पर्ती हो भनी नाप नक्सा कायम रहेकोमा मालपोत कार्यालय, बाराबाट २०२९।१०।२६ मा सरस्वती देवीको नाममा दर्ता भएको देखियो।जग्गा दर्तावाल सरस्वती देवीको २०४० सालमा मृत्यु पश्चात २०५४।९।२३ मा निज सरस्वती देवीका पति सत्यनारायण माडवारीको नाममा नामसारी भएको र सत्यनारायण माडवारीको २०६७ सालमा मृत्यु भए पश्चात मिति २०६८।६।१२ मा हकदार छोरा राधाकृष्ण माडवारीको नाममा नामसारी भई आए पश्चात राधाकृष्ण माडवारीले रुकान्ती देवीलाई मिति २०६८।१०।२९ मा बिक्री गरेको देखियो तथापि यस सम्बन्धमा जिल्ला प्रशासन कार्यालय बाराका स.प्र.जि.अ. को संयोजकत्वमा गठित समितिको छानबिन प्रतिवेदन, स्थलगत सर्जमिन, साबिक फिल्डबुक समेतका आधारमा उक्त जग्गा मालपोत ऐन, २०३४ को दफा २(ख२) आकर्षित हुने प्रकृतिको देखिएको र उक्त कित्ता नं.२ को जग्गाको छानबिनकै क्रममा मालपोत कार्यालय, बाराको मिति २०७२।१।३० को निर्णयबाट मालपोत ऐन, २०३४ को दफा २४(२) अनुसार रुकान्ती देवीको नाम श्रेस्ताबाट कट्टा गरी नेपाल सरकारको नाममा श्रेस्ता कायम गरी जग्गाधनी प्रमाणपुर्जा समेत बनाइसकेको भन्ने मालपोत कार्यालय, बाराको च.नं.१२१०३ मिति २०७२।१।३० को पत्र र पत्रसाथ प्राप्त कागजातबाट देखिएकोले उपर्युक्त कि.नं.२ क्षेत्रफल १-३-१५ बिगाहा जग्गामा भएको फिल्ड अतिक्रमण हटाई स्थानीय प्रशासन ऐन, २०२८ को दफा ५(५) को देहाय खण्ड (ग) बमोजिम रेखदेख एवं संरक्षण गर्न गराउन आयोगको मिति २०७२।६।२० को निर्णयानुसार प्रमुख जिल्ला अधिकारी, बारालाई लेखी पठाइएको ।

(८) राष्ट्रिय क्षयरोग केन्द्र, भक्तपुरका शाखा अधिकृत रुद्रबहादुर कार्कीले आ.व. २०६८।६९ सालमा ग्लोबल फण्डको अन्दाजी २ करोड पचास लाखको औषधी खरिद कार्यलाई प्याकेज बनाई केन्द्रका निर्देशक र भुषण मेडिकल हलका प्रोप्राइटर भुवन बुढाथोकी समेतको मिलेमतोमा भ्रष्टाचार गरेको साथै स्टोर किपरले JICA, WHO लगायतबाट प्राप्त भएका करोडौं मूल्य बराबरका गाडी, मोटरसाइकल सहितका जिन्सी सामानहरू हिनामिना गरेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा राष्ट्रिय क्षयरोग केन्द्र, भक्तपुरले आ. व. २०६८।६९ सालमा practical approach to lung health (PAL) कार्यक्रम अन्तर्गत श्वास प्रश्वाससम्बन्धी औषधीहरू खरिद गर्न अनुमानित मूल्य रु.२,०८,९८,०००।- राखी पहिलो पटक दि राइजिङ नेपाल पत्रिकामा ३० डिसेम्बर २०११ (१५ पौष २०६८) मा सूचना प्रकाशित गरेकोमा उक्त बोलपत्र अनुसार प्राप्त आवेदनहरू मध्ये तीनवटाको प्रक्रिया नपुगेको र एउटा भुषण मेडिकलले लागत अनुमानभन्दा बढी रकम रु.२,२७,९९,४६०।- कबोल अंकित गरी आवेदन पेश गरेको

पाइए पश्चात राष्ट्रिय क्षयरोग केन्द्रले सबै बोलपत्रहरू रद्द गरी रद्दको जानकारी सार्वजनिक रूपमा प्रकाशित गरी पुनः दोस्रो पटक उक्त कार्यक्रमका लागि पाँच (५) वटा जिल्लाहरू सिराहा, धनुषा, तनहुँ, बर्दिया र बैतडीको माग समेतलाई जोडी औषधीको प्रति एकाई दर रेट पहिलेकै राखी परिणाम तथा लागत अनुमानमा वृद्धि गरी भ्याट बाहेक कुल रु.२,४६,५५,०००।- को लागत अनुमान तयार गरी ७ मार्च २०१२ (२५ फाल्गुण २०६८) दि राइजिङ नेपाल पत्रिकामा दोस्रो पटक बोलपत्र आह्वानको सूचना प्रकाशित गरेको देखियो। यस पटक प्राप्त बोलपत्र आवेदनहरू मध्ये सबैभन्दा कम कबोल रकम भुषण मेडिकल हलको नै रु.२,४६,५०,२३६।- (भ्याट समेत) भएको र प्राप्त नमुनाको फर्मासिस्टबाट औषधीको स्पेसिफिकेसन चेक गराई नियमानुसार सारभुत रूपमा प्रभावग्राही उक्त बोलपत्रलाई स्वीकृत गरी, सम्झौता गरिएको र खरिद सम्झौता अनुरूप प्राप्त भएको औषधीहरूको पुनः सम्बन्धित विज्ञ फर्मासिस्टबाट स्पेसिफिकेसन अनुसार भए नभएको परीक्षण गर्दा स्पेसिफिकेसन मुताबिक भएको भन्ने परीक्षण रिपोर्ट प्राप्त भए पश्चात स्टोरमा दाखिला भई भुक्तानी दिएको अवस्था देखिए तापनि औषधी खरिदका लागि आह्वान गरिएको बोलपत्रमा भुषण मेडिकल हलले पेश गरेको कागजातमा गरिएको नोटरी पब्लिकको छाप तथा दस्तखत मेरो होइन भनी नोटरी पब्लिक इन्द्रबहादुर लामाको बयानबाट खुलेको र नोटरी पब्लिकको छाप तथा दस्तखत किर्ते गरेको विषय सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्रको विषय भएको हुँदा सो सम्बन्धमा कानून बमोजिम आवश्यक कारबाही गर्न गराउन आयोगको मिति २०७२।६।२० को निर्णयानुसार महानगरीय प्रहरी परिसर भक्तपुरमा लेखी पठाइएको ।

(९) रौतहट जिल्लास्थित श्री दलित प्राथामिक विद्यालय, इनरवारीका प्र.अ. श्री शिवधारी पटेलले विद्यालयको खाताबाट रु.३,७०,२४२।- रकम झिकी विद्यालयमा फिर्ता नगरेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा दलित प्रा.वि. विद्यालय व्यवस्थापन समितिका तत्कालीन अध्यक्ष मेघनदास तत्मा र प्र.अ. रामचलितर महराले आ.व. ०६९।७० सम्ममा क्रमशः रु.१,१०,०००।— र रु.६,५९,५००।— पेश्की लिई हालसम्म फछ्र्यौट गरे गराएको नदेखिएको हुँदा निजहरूले लिएको पेश्की रकमहरू कानून बमोजिमको प्रक्रिया पूरा गरी यथाशीघ्र फरफारक एवं असुल उपर गर्न गराउन आयोगको मिति २०७२।८।१३ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, रौतहटलाई लेखी पठाइएको ।

(१०) धनुषा जिल्लास्थित वासुदेव उच्च माध्यमिक विद्यालय, बहुअर्वाका तत्कालीन निमित्त प्रधानाध्यापक तपेश्वरकुमार मल्लिकले विद्यालयमा निकासा भएको सरकारी अनुदान रकम हिनामिना गरेको भन्ने समेतका सम्बन्धमा अनुसन्धान हुँदा वासुदेव उच्च माध्यमिक विद्यालय, बहुअर्वा, धनुषाका तत्कालीन निमित्त प्रधानाध्यापक तपेश्वरकुमार मल्लिकले विद्यार्थीको छात्रवृत्ति बापत निकासा भएको रकम समयमै छात्र छात्राहरूलाई पूरा वितरण नगरी आफैसँग राखेको, शिक्षकहरूको सञ्चयकोष, नागरिक लगानी कोष तथा बिमा बापतको रकम तथा सामाजिक सुरक्षा कर बापत जम्मा गर्नुपर्ने रकम यथासमयमै सम्बन्धित खातामा जम्मा नगरेको, भौतिक निर्माण तथा मर्मतको रकम समेत बैंकबाट निकाली आफैंसँग राखेकोमा छानबिन सुरु गरेपश्चात निज तपेश्वरकुमार मल्लिकले उक्त रकमहरू विभिन्न मितिमा नेपाल बैंक लिमिटेड, जनकपुर शाखामा रहेको विद्यालयको खातामा दाखिला गरेको भनी उक्त विद्यालयको मिति २०७२।२।२१ को पत्रबाट लेखी आएको देखियो । मिति २०६८।९।१३ मा पाँच जना

शिक्षक प्रा.वि. राहत र पि.सि.एफ.मा करारमा नियुक्ति गर्दाको प्रक्रियाको सम्बन्धमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शुभनारायण यादव अध्यक्ष रहेको शिक्षक छनौट समितिले तोकिएको काम सम्पन्न गरी मिति २०६८।९।१३ मा विद्यालय व्यवस्थापन समितिमा नियुक्तिका लागि सिफारिस गरेकोमा निर्णय पुस्तिकामा छनौट समितिले नियुक्तिको लागि सिफारिस गरे अनुरूप नियुक्ति दिने भनी निर्णय भएको हस्ताक्षरका सम्बन्धमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शुभनारायण यादवले उक्त हस्ताक्षर आफ्नो होइन, कसले गरेको हो थाहा भएन भनी बयानमा उल्लेख गरेको र उक्त हस्ताक्षर राष्ट्रिय विधि विज्ञान प्रयोगशाला खुमलटारबाट परीक्षण गराउँदा मिति २०७१।११।१५ को पत्रद्वारा 'वि-१ को हस्ताक्षरहरूसँग नं.-१, नं.-२, नं.-३, नं.-४ तथा नं.-५ का हस्ताक्षरहरू मिल्दैनन्' भनी परीक्षण प्रतिवेदन प्राप्त भएकोले विवादित हस्ताक्षरसँग नमुना हस्ताक्षर नमिलेको विषय सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिमको आवश्यक कारबाही गर्न गराउन आयोगको मिति २०७२।११।१३ को निर्णयानुसार आवश्यक कागजात सहित जिल्ला प्रहरी कार्यालय, धनुषालाई लेखी पठाइएको ।

(११) धनुषा जिल्लास्थित के.एस.एच.एस.बी. उच्च मा.वि. (कागिश्वरूप सिं बौवेलाल उच्च माध्यमिक विद्यालय) खजुरी, महुवाका तत्कालीन लेखापाल मनोजकुमार यादवले किर्ते नियुक्ति पत्र बनाई समितिको निर्णय विपरीत बढी तलब भत्ता खाएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा लेखापाल मनोजकुमार यादवले मिति २०६६।१०।१२ उल्लेख गरी कम्प्युटर टाइप गरी लिएको लेखापाल पदको नियुक्ति पत्र शंकास्पद देखिन आएको र सोही पत्रका आधारमा निजले तलब, भत्ता र ग्रेड लगायतका सुविधाहरू खाइपाई आएको देखिन आएको हुँदा उक्त कागजातहरू किर्ते हुन, होइनन् ? किर्ते भए किर्ते गर्ने गराउने र यसको आधारमा सुविधा लिने दिने उपर प्रचलित कानून बमोजिम आवश्यक कारबाही गर्न गराउन आयोगको मिति २०७२।११।१३ को निर्णयानुसार सम्बन्धित कागजातहरू सहित जिल्ला प्रहरी कार्यालय, धनुषालाई लेखी पठाइएको ।

(१२) जिल्ला प्रहरी कार्यालय, बर्दियाका प्रहरी नायब निरीक्षक नरबहादुर सुनार (वि.क.) ले वृजेशकुमार यादवविरुद्ध दर्ता भएको ठगी मुद्दा मिलाउन र निजलाई थुनामुक्त गर्नका लागि घूस/रिसवत माग गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा उजुरी निवेदक निरंकार यादवले आफ्नो भाइ वृजेशकुमार यादवलाई ठगी मुद्दाबाट छुटाउने उद्देश्यले घूस रिसवत रकम माग गरेको भनी उजुरी निवेदन दिएको व्यहोरामा घूस रिसवत रकम निज प्र.ना.नि.को सँग साथ वा निजले राखेको, लुकाएको स्थानबाट बरामद भएको अवस्था नभई उजुरकर्ताले टेबुलमा राखेको अवस्थामा बरामद भएको बरामदी मुचुल्का, प्रतिवेदन व्यहोरा र बुझिएका व्यक्तिहरूको कागज व्यहोराबाट देखिएको र घूस/रिसवत रकम लिने उद्देश्यले प्रहरी कर्मचारीहरूले उजुरवालाको भाइ वृजेशकुमार यादव उपर ठगी मुद्दा अदालतमा दायर नगरेको अवस्था नभई अदालतमा ठगी मुद्दा दायर भएको भन्ने देखिएको, पोलिग्राफ परीक्षण प्रतिवेदनबाट उजुरवालाले झुठा बोलेको भन्ने देखिएको समेतका आधार र कारणहरूबाट उजुरी दिनुपर्ने सम्मको कारण नभई दुःख दिने वा हानि नोक्सानी पुऱ्याउने नियतले प्रहरी कर्मचारी प्र.ना.नि. नरबहादुर सुनार (वि.क.) समेत उपर झुठा उजुर दिएको देखिएको हुँदा निज निरंकार यादवलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २४ग बमोजिम रु.५०००।- जरिवाना

गर्ने निर्णय भएकोले सो जरिवाना रकम कानून बमोजिम असुल उपर गरी राजश्व दाखिला गर्न आयोगको मिति २०७२।१२।३० को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, बर्दियामा लेखी पठाइएको।

साथै निज उजुरकर्ता निरंकार यादवका वावु रामचन्द्र यादवको नागरिकताको प्रमाणपत्र नभएकै अवस्थामा वि.सं. २०६३ सालमा निजका छोराहरू निरंकार यादव, वृजेशकुमार यादव र अर्को एक जनाले वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको भन्ने समेतको व्यहोरा मिसिल संलग्न कागजातबाट देखिएको हुँदा निजहरूले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्रका सम्बन्धमा जो जे बुझ्नुपर्ने हो बुझी छानबिन गरी कानून बमोजिम गर्न गराउन आयोगको मिति २०७२।१२।३० को निर्णयानुसार प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंमा लेखी पठाइएको।

(१३) महिला तथा बालबालिका कार्यालय, मोरङका तत्कालीन लेखापाल राजेन्द्र सुवेदीले महिला तथा बालबालिका विभागले काठमाडौंमा सञ्चालन गरेको योजना तर्जुमा गोष्ठीमा भाग लिन जाँदा कार्यालय प्रमुखको किर्ते दस्तखत गरी दोहोरो भत्ता बुझी अनियमितता गरेको भन्ने समेतको सम्बन्धमा लेखापाल राजेन्द्र सुवेदीले योजना तर्जुमा गोष्ठी काठमाडौंमा सहभागी हुँदा मिति २०७१।९।२५ देखि २०७१।९।२९ सम्मको रु.१०,८४०।- दैनिक भ्रमण भत्ता महिला तथा बालबालिका विभागबाट मिति २०७१।९।२८ मा बुझेको देखियो भने गोष्ठीबाट फर्की कार्यालयमा हाजिर भएपछि मिति २०७१।१०।२३ मा कोष तथा लेखा नियन्त्रक कार्यालय, मोरङबाट भुक्तानी आदेश बनाई सोही अवधि (मिति २०७१।९।२५ देखि २०७१।९।३०) को सोही गोष्ठीमा भाग लिएको भ्रमण आदेश र दैनिक भ्रमण भत्ताको बिल पेश गरी रु.१०,५४०।- भुक्तानी लिएको देखिएबाट निजले एकै मितिको एउटै गोष्ठीमा भाग लिएकोमा दोहोरो दैनिक भ्रमण भत्ता भुक्तानी लिएको देखियो । यसरी दोहोरो भत्ता भुक्तानी लिंदा दैनिक भ्रमण भत्ताको बिल (म.ले.प.फा.नं. ४) मा कार्यालय प्रमुख (स्वीकृत गर्ने अधिकारी) को महलमा आफैंले दस्तखत गरी उक्त रकम रु.१०,५४०।- दोहोरो बुझेको समेत अनुसन्धानबाट खुल्न आएकोमा अनुसन्धानको क्रममा निज राजेन्द्र सुवेदीले उक्त रकम रु.१०,५४०।- कृषि विकास बैंक, विराटनगर शाखामा महिला तथा बालबालिका कार्यालय, मोरङको नाममा मिति २०७२।५।१० मा राजश्व दाखिला गरी भौचर पेश गरेको देखियो ।निज लेखापाल राजेन्द्र सुवेदीले महिला तथा बालबालिका कार्यालय, मोरङका कार्यालय प्रमुख महेश्वरी विष्टको किर्ते दस्तखत गरेको तथ्यलाई कार्यालय प्रमुख महेश्वरी विष्टले गरेको बयान कागजको व्यहोराबाट तथा लेखापाल राजेन्द्र सुवेदीले स्वीकार गरी हतारमा नाम मात्र लेखेको हो, किर्ते दस्तखत गरेको हैन भन्ने बयानबाट पनि पुष्टि हुन आएको देखिंदा निज राजेन्द्र सुवेदीको उक्त कार्य सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची- १ भित्रको कसुर भएको देखिएकोले आवश्यक कारबाहीका लागि उजुरी समेतका सम्बन्धित कागजातहरूका प्रतिलिपि समेत आयोगको मिति २०७३।१।५ को निर्णयानुसार प्रहरी प्रधान कार्यालय, नक्सालमा पठाइएको ।

(१४) सुनसरीस्थित खनार गा.वि.स. वडा नं ६ (क) कि.नं.१४६ मर्तापैनी (कुलो) को जग्गा,खनार गाउँ विकास समितिको कार्यालयले रु.२,००,०००।- रकम गाउँ विकास समितिको खातामा जम्मा गर्ने शर्तमा अरिहन्त रियल स्टेट उद्योगलाई भोगचलन गर्न दिएर अनियमितता गरेको

भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा खनार गा.वि.स.को मिति २०६८।२।२ को सर्वदलीय बैठकको निर्णय अनुसार खनार गा.वि.स.वडा नं ६ (क) हाल इटहरी न.पा. वडा नं १३ को कि.नं. १४६ को पैनीको जग्गासँग सन्धि सर्पन पर्ने व्यक्तिहरूबाट स्वतः र निःशुल्क रूपमा उपयोग हुन सक्ने भनी व्यहोरा जनाई रु २,००,०००।- गा.वि.स.को खातामा जम्मा गराई स्वामित्व हस्तान्तरण नगरी भोगचलन गर्नका लागि मात्र अरिहन्त रियल स्टेट डेभलपर्स, विराटनगर- ९, मोरङलाई दिइएको र उक्त रकम गाउँ विकास समितिको कार्यालयको खातामा आम्दानी गरी सो रकम गा.वि.स.को खातामा बैंक जम्मा समेत गरेको देखियो ।उक्त जग्गाको सम्बन्धमा कायम रहेका प्रिन्ट नक्सा ,कम्प्युटर नक्सा, क्षेत्रीय किताब, प्लट रजिस्टर, जग्गाधनी प्रमाण पुर्जाका श्रेस्ताहरू, कम्पनी तथा उद्योग दर्ता प्रमाणपत्रहरू, खनार गाउँ विकास समितिका तत्कालीन सचिव केशव खतिवडाको बयान कागज र स्थलगत अध्ययन मुचुल्का समेतका कागज प्रमाणबाट सुनसरी जिल्ला खनार गा.वि.स. वडा नं. ६ (क) को जग्गाहरूको मिति २०२४।१।११ मा नापी हुँदा धरान विराटनगर कोशी राजमार्गको कि.नं. १४९ कायम गरी सो सडकदेखि पश्चिमतर्फ अरिहन्त रियल स्टेट एण्ड डेभलपर्स प्रा.लि.,विराटनगर- ९, मोरङका नाममा निजी जग्गाका रूपमा दर्ता भै सोही कम्पनीको स्वामित्वमा रहेका कि.नं. ५४५, ५०८, ५४७, ७२७, ३५५, ६५५ र ७२७ तथा विराटनगर- ९, मोरङका हंशराज जैनको नाममा दर्ता रहेका कि.नं. ५३३, ५१६, ५३१, ५१८ र ५२० समेतका निजी जग्गाहरूको बीचमा उत्तर दक्षिण फैलिएको कि.नं.१४६ क्षेत्रफल १ बिगाहा २ कठ्ठा कुलो (मर्ता वा निष्क्रिय पैनी) को रूपमा कायम रहेको देखियो । प्रस्तुत उजुरी दाबीका सम्बन्धमा आयोगबाट मिति २०७०।११।१६ भएको निर्णयमा 'राजनीतिक दलहरूको सर्वदलीय संयन्त्रले गरेको अवधारणागत निर्णयलाई प्रचलित कानूनको परिधिभित्र रही शर्तनामा तयार गरेको भए पनि उक्त उद्योगलाई जग्गा भोगचलनको सिफारिस दिएको छैन, उक्त उद्योगबाट स्थानीय स्तरको विकास निर्माणका लागि गा.वि.स.मा रकम जम्मा गरेको रकम रु.२ लाख खनार गा.वि.स.को नाममा राष्ट्रिय वाणिज्य बैंक, इनरुवा शाखामा रहेको बैंक खातामा जम्मा गरी राखेको भन्ने प्रतिक्रिया हेर्दा उक्त जग्गा नेपाल सरकारको स्वामित्वको देखिएकोले सम्बन्धित जिल्ला प्रशासन कार्यालय,सुनसरीलाई संरक्षण गर्न' भनी उल्लेख भएकोले उक्त जग्गाको दर्ता श्रेस्ता, नक्सा दुरुस्त रहे नरहेको सम्बन्धमा स्थलगत रूपमा यकिन गरी/गराई आयोगको मिति २०७०।११।१६ को निर्णयानुसार ती सरकारी जग्गाहरूको संरक्षण र सम्बर्धन गर्ने कार्य गर्न/गराउन आयोगको मिति २०७३।१।२३ को बैठकको निर्णयानुसार जिल्ला प्रशासन कार्यालय,सुनसरीमा लेखी पठाइएको।

(१५) वैदेशिक रोजगार विभाग अन्तर्गत वैदेशिक रोजगार विभाग, काठमाडौं कार्यालयले मेनपावर व्यवसायीसँग मिलेमतो गरी लट नं. ७४९५६ बाट मिति २०७२।४।२६ गते १० जना कामदारहरूको लागि गलत कागजहरूको आधारमा अन्तिम श्रम स्वीकृति प्रदान गरेकोले संलग्नहरूलाई कारबाही गरी पाउँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा वैदेशिक रोजगारको लागि कतारस्थित STEELCO Trading & Contracting कम्पनीमा कामदार पठाउन अमिदावा बुद्ध मेनपावर प्रा.लि.ले वैदेशिक रोजगार विभागबाट प्राप्त गरेको लट नं ७४९५६ को पूर्व स्वीकृति फाइलबाट मिति २०७२।४।२६ गते १० जना कामदारहरूका लागि अन्तिम श्रम स्वीकृति लिने क्रममा वैदेशिक रोजगार विभाग काठमाडौं कार्यालयको

dofe_qatar@dofe.gov.np मा steelmohd26@gmail.com बाट प्राप्त हुन आएको कतार स्थित STEELCO Trading & Contracting कम्पनीले विभिन्न १७ वटा कम्पनीहरूको नाम उल्लेख गरी मिति इ.सं. ५।८।२०१५ मा लेखिएको ग्यारेण्टी लेटर र सो को राजदूतावास प्रमाणितका सम्बन्धमा Verify को लागि दोहास्थित नेपाली राजदूतावासलाई मिति २०७२।५।२८ मा च.नं. ३७६ को पत्रसाथ संलग्न राखी पठाइएकोमा उल्लेखित पत्र राजदूतावासबाट प्रमाणीकरण भएको अभिलेखबाट नदेखिएको व्यहोरा खुलाई मिति २०७२।५।३० प.सं. ०७२।७३।प्र.।१३४ को पत्र राजदूतावासको nembdoha@gmail.com बाट प्राप्त हुन आएबाट इ.सं. ५।८।२०१५ मा लेखिएको ग्यारेण्टी लेटर र राजदूतावासको पत्र समेत नक्कली भएको खुल्न आएबाट सरकारी छाप दस्तखत किर्तेतर्फ थप अनुसन्धान एवं कारबाहीका लागि उक्त पत्र र व्यहोरा खुलाई प्रहरी प्रधान कार्यालय, काठमाडौंमा लेखी पठाइएको ।

(१६) मिति २०७१।३।१ मा वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागको टोलीले ललितपुर-२२, मनिन्डो, शंखमूल क्षेत्रको अनुगमन गर्दा उक्त क्षेत्रमा रहेको भवानी स्टोरमा नेपाल सरकारलाई जापान सरकारद्वारा अनुदानमा प्राप्त ३० के.जी. तौलको २३९ बोरा जापनिज ताइचिन चामल बिक्री वितरण गर्न लागेको अवस्थामा फेला पारी उक्त चामललाई शिलबन्दी गरी, चामल बिक्री गर्ने व्यवसायीहरू तथा सो चामल उपलब्ध गराउने नेपाल खाद्य संस्थानका कर्मचारीहरूको समेत संलग्नता रहेको देखिँदा छानबिन हुनुपर्ने भन्ने समेत व्यहोराको वाणिज्य तथा आपूर्ति मन्त्रालयको प.सं.२०७०।०७१ च.नं.१६७० मिति २०७१।३।४ को बोधार्थ पत्र र कान्तिपुर दैनिकमा २०७१।३।३ मा प्रकाशित समाचार तथा यसै विषयमा थप छानबिन एवं कारबाही गर्नुपर्ने देखिएको भन्ने राष्ट्रिय सतर्कता केन्द्रको प.सं.०७०।७१ च.नं.१८१५०५२११६ मिति २०७१।३।३० को पत्र एवं उजुरीहरूका सम्बन्धमा अनुसन्धान गरी चामल खरिदकर्ता व्यवसायीहरूको तीनपुस्ते विवरण र ठेगाना सहित राजनप्रसाद फुयाल तथा कृष्णप्रसाद बजगाईलाई प्रचलित नेपाल कानून बमोजिम जे जो कारबाही गर्नुपर्ने हो सो कारबाही गर्नका लागि मिति २०७३।२।२५ को निर्णयानुसार प्रमुख जिल्ला अधिकारी, काठमाडौंलाई लेखी पठाइएको।

(१७) जिल्ला कृषि विकास कार्यालय, संखुवासभाका कार्यालय प्रमुख नीलकण्ठ पोखेल, कृषि प्रसार अधिकृत रामबहादुर ठाकुर समेतले आ.व. ०६९।७० मा साना सिंचाइ कुलोको लागि कृषकसँग सम्झौता भए तापनि कृषकलाई चेकमा सही गराई समूहको छाप समेत लगाउन लगाई चेक आफैं राख्ने गरेको, पाइप वितरणमा अनियमितता गरेको, कागती, सुन्तला, जुनार, अलैंचीका बिरुवा खरिद तथा वितरणमा अनियमितता गरेको, अनुदानको मल बिक्री गरेको, गोठ सुधार कार्यक्रम, नर्सरी स्थापना, भकारो सुधार कार्यक्रममा फर्जी बिल भरपाई बनाई मासेको भन्ने व्यहोराको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला कृषि विकास कार्यालय, संखुवासभाद्वारा आ.व. ०६९।७० को एक तृतीयांश स्वीकृत कार्यक्रम अनुसार धनकुटादेखि वितरण केन्द्रहरू खाँदबारी र चैनपुरका लागि रासायनिक मल तथा बीउ ढुवानी तथा बिक्री वितरणसम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानसम्बन्धी सूचना मिति २०६९।५।३० गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरे बापत उत्सर्ग प्रकाशन प्रा.लि. बाट जारी भएको इन्भ्वाइस नं. १०४२ को रु.८,१३६।- को बिल पेश नगरी तत्काल राजधानी राष्ट्रिय

दैनिक पत्रिकाको स्थानीय संवाददाताको रूपमा कार्यरत रही हाल कान्तिपुर दैनिक पत्रिकाको स्थानीय संवाददाता जिल्ला संखुवासभा खाँदबारी नगरपालिका वडा नं. १ बस्ने वीरेन्द्र शाक्यको छोरो वर्ष ३१ को दीपेन्द्र शाक्यले इन्भ्वाइस नं. ५१७२ मिति २०६९।५।३१ गतेको रु.२४,२३८।५० को किर्ते बिल तयार गरी जिल्ला कृषि विकास कार्यालय, संखुवासभामा पेश गरी भ्याटसहित रु.२४,२३८।५० भुक्तानी लिएको पाइएको र निज दीपेन्द्र शाक्यको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ आकर्षित हुने अवस्था नदेखिंदा निजलाई मुलुकी ऐन ठगीको महल अनुसार हदैसम्मको कारबाही हुन आयोगको मिति २०७३।३।१५ को निर्णयानुसार जिल्ला प्रहरी कार्यालय, संखुवासभालाई लेखी पठाइएको।

**विशाल बजार कम्पनी लिमिटेडको शेयर नेपाल सरकारको नाममा कायम**

विशाल बजार कम्पनी लिमिटेडको शुक्रपथस्थित विशाल बजार रहेको स्थानको कुल जग्गामध्ये ८ रोपनी ४ आना जग्गा तत्कालीन श्री ५ को सरकारले वि.स. २०२६ मा उक्त कम्पनीलाई उपलब्ध गराएकोमा त्यस बापत प्राप्त हुनुपर्ने प्रतिफल प्राप्त नगरेकोले नेपाल सरकारलाई त्यस बापत प्राप्त हुनुपर्ने प्रतिफल उपलब्ध गराउने सम्बन्धमा परेको उजुरी उपर अनुसन्धान गरी आयोगले मिति २०५३।११।१७ मा उक्त जग्गाको मूल्यांकन गरी सो मूल्यांकित रकम बराबरको शेयर नेपाल सरकारका नाममा कायम गराउन गृह मन्त्रालयलाई लेखी पठाएबमोजिम नेपाल सरकारले प्रचलित बजार मूल्य बमोजिम मूल्यांकन गरी रु.३९,६०,००,०००।- बराबरको ३९ लाख कित्ता शेयर नेपाल सरकारको नाममा कायम गर्ने निर्णय गरेकोमा उक्त निर्णय उपर सम्मानित सर्वोच्च अदालतमा रिट दर्ता भएको र सम्मानित अदालतले मिति २०६०।१०।२३ मा सो सम्बन्धमा नेपाल सरकारले गरेको निर्णय नै सदर गरेको साथै उक्त आदेश भएको ६ महिनाभित्र आदेश बमोजिमको कार्य सम्पन्न गर्न निर्देशन गरेकोमा नेपाल सरकारले वि.स. २०६१ सालमा प्रचलित बजार मूल्यको आधारमा उक्त जग्गाको पुनर्मूल्यांकन गरी रु.३,९६,००,००,०००।- बराबरको विशाल बजार कम्पनी लिमिटेडको ३ करोड ९६ लाख कित्ता शेयर नेपाल सरकार अर्थ मन्त्रालयको नाममा कायम गरेकोमा सो निर्णय उपर यस आयोगलाई समेत विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा पुनः रिट दायर भएकोमा सम्मानित अदालतबाट मिति २०७२।२।२६ गते नेपाल सरकारबाट वि.स. २०६१ मा भएको निर्णय नै सदर गर्ने अन्तिम फैसला भएबाट यस सम्बन्धमा आयोगको मिति २०५३।११।१७ को निर्णय बमोजिम नै उक्त शेयर नेपाल सरकारको नाममा कायम भएको छ।

## २. शिक्षा मन्त्रालय अन्तर्गत

(१) जिल्ला सुनसरी गौतमपुर गा.वि.स. वडा नं.४ स्थित जनता माध्यमिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष दोरिकलाल साह र सोही विद्यालयका प्र.अ. चौधरी यादवले भवन निर्माण गर्न सम्झौता गरी कामकाज नगरी दुरुपयोग गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा जनता माध्यमिक विद्यालय गौतमपुर-४ सुनसरीलाई आ.व. ०६५।६६ देखि आ.व. ०६७।६८ सम्म विद्यालय भवन निर्माण, छात्रा शौचालय निर्माण र कक्षाकोठा मर्मत अन्तर्गतका शीर्षकहरूमा विभिन्न स्रोतहरूबाट रकम निकासा प्राप्त भएकोमा जिल्ला शिक्षा कार्यालय सुनसरीको मिति २०७१।९।२५ को पत्रबाट रु.११,२५,०००।- कार्य सम्पन्न नगरी पेश्की फछर्यौट गर्न बाँकी रहेको देखिएकोले प्रचलित कानून बमोजिम पेश्की फछर्यौट गर्न आयोगको मिति २०७२।४।२१ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान

आयोग ऐन, २०४८ को दफा १२क. बमोजिम जिल्ला शिक्षा कार्यालय सुनसरीमा लेखी पठाइएको।

(२) बाँके जिल्लास्थित बघौडा क्षेत्रमा विद्यालयमा पठन पाठन नियमित नभएको भन्ने सम्बन्धमा अनुगमन गर्दा विद्यार्थी संख्या न्यून भएको, ने.रा.प्रा.वि. महातिनिया कुटकइयामा शिक्षक विद्यार्थी नै अनुपस्थित देखिएको हुँदा शिक्षकको उपस्थिति र विद्यार्थीहरूको भर्ना सम्बन्धमा अनुगमन प्रभावकारी बनाउन र ने.रा.प्रा.वि. महातिनिया कुटकइया, बाँकेमा कार्यरत शिक्षकहरू मिति २०७१।८।१ देखि २०७१।८।३ सम्म अनुपस्थित रहेको सम्बन्धमा आवश्यक कारबाही गर्न आयोगको मिति २०७२।४।२१ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२(क) बमोजिम जिल्ला शिक्षा कार्यालय बाँकेमा लेखी पठाइएको।

(३) सप्तरी जिल्लास्थित राष्ट्रिय प्राथमिक विद्यालय, लालापट्टीले सरकारी अनुदान रकमको दुरुपयोग गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, राजविराजको मिति २०७२।२।२० को पत्रसाथ प्राप्त उक्त विद्यालयको बैंक खाता नं. ५३८३ को बैंक स्टेटमेन्टबाट मिति २०६७।११।१५ देखि मिति २०७०।६।२१ सम्म विभिन्न शीर्षकहरूमा रु.५७४,३७८।७७ र मिति २०७१।३।३१ मा रु.२९,७००।- गरी कुल जम्मा रु.६०४,०७८।७७ उक्त विद्यालयको बैंक खातामा जम्मा भएको देखियो।निकासा भएको रकममध्येबाट विभिन्न खर्च शीर्षकहरूमा जम्मा रु.५५३,३००।- खर्च गरेको र रु.२१,०७८।७७ खातामा बाँकी रहेको देखियो।मिति २०७०।११।५ मा भौतिक निर्माणतर्फको रु.३००,०००।- र मिति २०७२।२।१३ मा अन्य विभिन्न शीर्षकहरूमा खर्च भएको रु.२५३,३००।- विद्यालयको खातामा जम्मा गरेको सक्कलै बैंक भौचर श्री राष्ट्रिय प्राथमिक विद्यालय, लालापट्टीको मिति २०७२।२।१३ को पत्रसाथ प्राप्त हुन आएको पाइयो भने शिक्षा मन्त्रालयको मिति २०७१।५।१० को पत्रबाट श्री राष्ट्रिय प्राथमिक विद्यालय लालापट्टी मिति २०७१।५।९ को निर्णयानुसार बन्द गर्न सिफारिस गरिएको र सप्तरी जिल्ला अन्तर्गतको सि.नं. ८ मा सो विद्यालय बन्द गरिएको सूचीमा समेत परेको देखिएको हुँदा निकासा भएको रकम उक्त विद्यालयको बैंक खातामा जम्मा भएको अवस्था देखियो।जिल्ला शिक्षा कार्यालय, सप्तरीलाई सो विद्यालयको खातामा जम्मा मौज्दात रहेको रकम बेरुजु खातामा जम्मा गर्न लगाई विद्यालयको उक्त खाता बन्द गर्न र राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, राजविराजलाई रोक्का रहेको श्री राष्ट्रिय प्राथमिक विद्यालय, लालापट्टीको बैंक खाता खोलिदिन आयोगको मिति २०७२।६।१४ को निर्णयानुसार लेखी पठाइएको।

(४) श्री प्रा.वि. गढो-४, रौतहटलाई जिल्ला शिक्षा कार्यालय, रौतहटबाट विभिन्न शीर्षकमा निकासा भई प्राप्त सरकारी अनुदान रकम दुरुपयोग भएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला शिक्षा कार्यालय, रौतहटबाट उक्त विद्यालयमा छात्रवृत्तितर्फ रु.९०,२४०।- निकासा भै रु.१८,०९५।- वितरण भएको, पाठ्यपुस्तकतर्फ रु.६५,५९६।- निकासा भै रु.८,३००।- वितरण भएको, SIP Non Salary तर्फ रु.१,१२,२५८।४० निकासा भै रु.६८,००५।- खर्च भएको, PCF Salary तर्फ रु.१,४४,९७१।२७ निकासा भै रु.१,४४,४००।- खर्च भएको, निर्माणतर्फ रु.६,५०,०००।- निकासा भै रु.२,६३,७१९।२० खर्च भएको, विद्यालय

व्यवस्थापनतर्फ रु.३८,१५२।- निकासा भै रु.७,०००।- खर्च भएको, मसलन्द खर्चतर्फ रु.२९,१७०।८० निकासा भै रु.२२,०००।- खर्च भएको र कक्षा १ मा भर्नातर्फ रु.४,९३८।- निकासा भएको देखियो।निकासा रकम र खर्चको विवरणलाई हेर्दा उक्त विद्यालयले छात्रवृत्ति, पाठ्यपुस्तक, SIP Non Salary, PCF Salary, निर्माण, विद्यालय व्यवस्थापन, मसलन्द र अन्य समेत गरी जम्मा रु.७,०३,८०७।२७ विद्यालयको खातामा मौज्दात रहनुपर्नेमा मिति २०७०।८।१६ सम्म उक्त विद्यालयको बैंक खातामा जम्मा रु.३,५२,०३०।२७ मात्र मौज्दात रहेको देखिएकोले रु.३,५१,७७७।- बढी खर्च गरेको देखिएकोमा उक्त विद्यालयका प्रधानाध्यापकहरू सुरेशप्रसाद र मुन्ना चौधरी, विद्यालय व्यवस्थापन समितिका सदस्य किरण कुमारी साह र शिक्षिका आशा कुमारी साहले भौचर नम्बर ३२४२३७०९ बाट नेपाल सरकारको राजश्व खातामा उक्त रकम जम्मा गरेको जिल्ला शिक्षा कार्यालय रौतहटको मिति २०७२।४।२८ को पत्रसाथ प्राप्त भएको र जिल्ला शिक्षा समितिको मिति २०७१।८।१० को निर्णय अनुसार उक्त विद्यालय बन्द भइसकेको भनी जिल्ला शिक्षा कार्यालय, रौतहटको मिति २०७१।८।२८ को पत्र प्राप्त भएको देखिएकोले उक्त विद्यालयको नाममा बैंक खातामा जम्मा रहेको रकम नेपाल सरकारलाई प्राप्त गराई उक्त विद्यालयको बैंक खाता बन्द गर्न आयोगको मिति २०७२।६।१७ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, रौतहटलाई लेखी पठाइएको ।

(५) सर्लाही जिल्ला कोठियार भवानीपुर गा.वि स. वडा नं. १ मा रहेको सामुदायिक प्रा.वि., कोठियार भवानीपुर मा सरकारी रकम दुरुपयोग गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला शिक्षा कार्यालय सर्लाहीबाट मिति २०६६।९।१ देखि २०७०।४।६ सम्म उक्त विद्यालयको खातामा कुल रु.५,०६६९४।७५ अनुदान निकासा गरिएकोमा मिति २०७०।६।२० सम्म कुल रु.४,६१३६५।- खर्च भई रु.४८,३२९।७५ बैंक मौज्दातमा रहेको उक्त विद्यालयको बैंक खाताबाट देखियो।सामुदायिक प्रा.वि. भवानीपुरले नेपाल बैंक लिमिटेड मलंगवामा मिति २०७१।३।२३ मा भौचर नम्बर २५३५४७१३ बाट निकासा भएको रकम रु.५,२११४४।- दाखिला गरेको बैंक भौचर तथा जिल्ला शिक्षा कार्यालय सर्लाहीको मिति २०७१।४।२ को पत्रबाट देखिएको र शिक्षा मन्त्रालयको मिति २०७१।५।१० को विद्यालय बन्द र गाभ्ने निर्णय कार्यान्वयन गर्ने सम्बन्धी सूचीको क्र.सं. ७५ मा उक्त विद्यालय समावेश भएको देखिएकोले विद्यालको बैंक खातामा रहेको रकम बेरुजु खातामा जम्मा गर्न लगाई उक्त विद्यालयको खाता बन्द गर्न र सो प्रयोजनको लागि नेपाल बैंक लिमिटेड मलंगवालाई रोक्का रहेको खाता फुकुवा गरिदिन आयोगको मिति २०७२।६।१९ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय सर्लाहीलाई लेखी पठाइएको ।

(६) त्रिभुवन विश्विविद्यालय अन्तर्गत ललितकला क्याम्पस भोटाहिटीमा उप प्रशिक्षक पदमा करार सेवामा कार्यरत उत्तम डंगोलको करार अवधि थप गर्दा अनियमितता भएको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा ललितकला क्याम्पस भोटाहिटीमा मूर्तिकला विषयमा १ (एक) शिक्षण सहायक करार सेवामा नियुक्ति गर्ने माग भए अनुसार त्रि.वि. सेवा आयोगले त्रि.वि. शिक्षक र कर्मचारी सेवा सम्बन्धी नियम, २०५० को परिच्छेद २ को नियम १०.२ बमोजिम तोकेको कार्यविधि पूरा गरी नियुक्ति गर्न स्वीकृति दिएको र उक्त क्याम्पसबाट दरखास्त आह्वान गरी प्रक्रिया पूरा गरी सहायक प्रशिक्षक पदमा नियुक्ति गरी समर्थनका लागि अनुरोध

गरे बमोजिम निज उत्तम डंगोलले मिति २०६७।३।१६ देखि हाजिर भई काम गरेको र स्नातक उत्तीर्ण गरेकोले उप-प्रशिक्षक पदमा मिति २०६७।५।२ को निर्णयानुसार करार नियुक्ति समर्थन गरिएको देखियो । निज उत्तम डंगोलले मिति २०६८।३।१६ देखि २०७० पौष मसान्तसम्मको करार नवीकरणका लागि अनुरोध गरे अनुसार मिति २०७०।६।७ को निर्णयानुसार निजको करार सेवा अवधि मिति २०६८।३।१६ देखि २०७० पौष मसान्तसम्मको थप गरी नवीकरण गरिएको पाइयो भने २०७०।६।९ देखि हाजिर गराई सो मितिदेखि २०७० पौष मसान्तसम्मको तलबभत्ता भुक्तानी दिइएको तर गैरहाजिर अवधि २०६९ श्रावणदेखि २०७०।६।८ सम्मको तलबभत्ता भुक्तानी गरेको पाइएन। अतः करार अवधि समाप्त भएको लामो समय (२वर्ष ३ महिना) पछि निर्णय गरी करार सेवा अवधि थप गरिएको कार्य स्वस्थ मान्न नसकिएकाले अध्यापन गराउने प्रशिक्षक वा शिक्षकको आवश्यकता र औचित्य समेतको विश्लेषणका आधारमा नियुक्ति गर्नुपर्ने अवस्था भएमा त्रि.वि. ऐन नियम बमोजिम त्रि.वि. सेवा आयोगले तोकेको प्रक्रिया र कार्यविधि पूरा गरी प्रतिस्पर्धाको माध्यमबाट करार वा अस्थायी पद पूर्तिको व्यवस्था गर्न गराउन आयोगको मिति २०७२।८।१३ को निर्णयानुसार त्रि.वि. रजिष्ट्रारको कार्यालयलाई लेखी पठाइएको ।

(७) श्री धापासी नि.मा.वि., काठमाडौंका विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र प्र.अ. उषा सिंहको मिलोमतोमा विद्यालय भवन निर्माण समेतका कार्यमा उठेको रकम घोटाला गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा काठमाडौं जिल्ला साबिक धापासी गा.वि.स. वडा नं. १ स्थित ३-१०-०-० क्षेत्रफलको जग्गामा धापासी नि.मा.वि.को लागि भवन निर्माण गर्न मिति २०६६।६।८ मा रिटेनिङ वाल बनाउन सुरु गरी आ.व. ०६८।६९ मा काम सम्पन्न गरी हाल कक्षा सञ्चालन भएको पाइयो । ४१४४.०८ वर्ग फिट क्षेत्रफल भएको चार तले भवनमा ८ कोठा रहेको र सो भवन बनाउँदा आन्तरिक स्रोतबाट रु.१६,०६,३३५।४३ र बाह्य स्रोतबाट रु.३२,९६,१०६।- गरी जम्मा रु.४९,०२,४४१।४३ खर्च लागेको भनी उल्लेख भई आएको पाइयो । उक्त रकम खर्च भएको सम्बन्धमा लेखापरीक्षण हुँदा कुनै बेरुजु नदेखिएको, सामाजिक परीक्षणमा कुनै कैफियत नदेखिएको र जिल्ला शिक्षा कार्यालय, काठमाडौंका सम्बन्धित विद्यालय निरीक्षकले स्थलगत निरीक्षण गरी रकम हिनामिना गरेको नपाइएको भनी प्रतिवेदन समेत दिएको देखिएकोले उक्त विद्यालयको भवन निर्माणमा संलग्न व्यक्तिहरूले रकम घोटाला गरी भ्रष्टाचार गरेको भन्ने उजुरी व्यहोरा प्रमाणित हुन सकेको देखिएन। तर उक्त विद्यालयलाई जिल्ला शिक्षा कार्यालय, काठमाडौंबाट शौचालय निर्माणको लागि पठाइएको रु.३,५०,०००।- बेरुजु देखिएकोले शौचालय निर्माणको काम सम्पन्न भएको भए बिल भर्पाई पेश गरी फछ्र्यौट गर्न/गराउन र काम नै नभएको भए पेश्की रकम असुल उपर गर्न/गराउनको लागि आयोगको मिति २०७२।९।१ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, काठमाडौंलाई लेखी पठाइएको ।

(८) दोलखा जिल्लास्थित कालिकादेवी माध्यमिक विद्यालयका प्र.अ. चक्रबहादुर तामाङले राहत शिक्षक इन्द्रबहादुर जिरेलको तलब भत्ता लगायतको रकममा अनियमितता गरेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा इन्द्रबहादुर जिरेल मिति २०६६।४।९ गतेदेखि लागू हुने गरी राहत शिक्षक पदमा नियुक्ति भएको र निजले २०६८ साल चैत्र महिनाभन्दा अगाडिको तलब भत्ता पाउनुपर्ने भनी विद्यालय समक्ष माग राखेको देखियो। मिति २०६६।४।९ देखि

२०६८ साल फागुन महिनासम्मको निज इन्द्रबहादुर जिरेलको नाममा भुक्तानी हुने गरी जिल्ला शिक्षा कार्यालय, दोलखाबाट रु.४,२५,९०७।— पहिलो, दोस्रो, तेस्रो चौमासिकहरूबाट तलब भत्ता निकासा भएको विद्यालय अनुदान निकासा माग फारामबाट देखियो । कालिकादेवी माध्यमिक विद्यालय, दोलखाका प्र.अ. चक्रबहादुर तामाङले राहत शिक्षक इन्द्रबहादुर जिरेलको तलबभत्ता बापतको रकम निजलाई नबुझाई आफैंले खर्च गरेकोमा उक्त रकम (रु.४,२५,९०७।-) जिल्ला शिक्षा कार्यालय, दोलखा मार्फत नेपाल बैंक लिमिटेड, चरीकोटमा राजस्व भौचर नं. २६०४६३६३ कार्यालय कोड नं. २२-३५०-०१ बाट खाता नं. क१-१-०-४ मा मिति २०७२।५।२७ गते जम्मा गरेको सक्कल बैंक भौचर समेतबाट देखिँदा बिगो रकम असुल उपर दाखिला भइसकेको हुँदा हाल केही गरिरहन परेन तथापि निज प्र.अ. चक्रबहादुर तामाङले आफ्नो कर्तव्य पालना गर्दा हेलचेक्र्याई गरेको देखिएकोले अब आइन्दा सो तर्फ निजलाई सतर्क गर्न गराउन आयोगको मिति २०७२।११।१३ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, दोलखालाई लेखी पठाइएको ।

(९) नवलपरासी जिल्लास्थित देवचुली उच्च मा.वि.मा अस्थायी मा.वि. शिक्षकको पदमा कृष्ण प्रसाद सापकोटालाई शिक्षा ऐन, नियमावली विपरीत ४१ वर्ष पूरा भइसकेको अवस्थामा विद्यालयका तत्कालीन प्राचार्य देवराज पौडेल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद पराजुली तथा जिल्ला शिक्षा कार्यालय, नवलपरासी समेतको मिलेमतोमा अनियमित तरिकाले नियुक्ति गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा देवचुली उच्च मा.वि.मा रिक्त रहेको मा.वि.स्तरको शिक्षक पदमा मिति २०६५।९।१ देखि लागू हुने गरी नियुक्ति भएका कृष्णप्रसाद सापकोटाको उमेर ४१ वर्ष ३ महिना भएको देखिएको र अस्थायी शिक्षकको रूपमा नियुक्ति गर्दा रिक्त दरबन्दीमा कानून बमोजिम विज्ञापन प्रकाशित गरी लिखित र मौखिक परीक्षा लिई उक्त परीक्षाहरूमा उच्चतम अंक प्राप्त गर्ने उत्तीर्ण उम्मेदवारलाई कानूनी प्रक्रिया पूरा गरी नियुक्ति गर्नुपर्नेमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद पराजुली र प्राचार्य देवराज पौडेलले विद्यालयको रिक्त दरबन्दीमा ४० वर्ष उमेर नाघेका व्यक्तिलाई विज्ञापन प्रकाशित नगरी सोझै नियुक्ति दिई जानिजानी बाध्यात्मक रूपले अपनाउनुपर्ने कार्यविधिको पालना नगरी आफ्नो अधिकार नै नभएको काम गरी पदीय कर्तव्य पालना नगरेको देखियो ।साथै तत्कालीन जिल्ला शिक्षा अधिकारी बरखु प्रसाद रजकले उक्त कार्य कानून बमोजिम भए नभएको, प्रक्रिया र कार्यविधि पूरा गरे नगरेको, अधिकार क्षेत्रभित्रको काम गरे नगरेको भन्नेतर्फ आवश्यक जाँचबुझ गर्नुपर्नेमा नगरी कृष्णप्रसाद सापकोटाको नियुक्तिलाई समर्थन गरेको देखिएकोले तत्कालीन जिल्ला शिक्षा अधिकारी बरखुप्रसाद रजक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद पराजुली र प्राचार्य देवराज पौडेलले जानिजानी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (क), (ख) र (छ) बमोजिमको अनुचित कार्यहरू गरेको पुष्टि हुन आएकोले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद पराजुलीलाई आवश्यक कारबाही गर्न गराउन आयोगको मिति २०७३।१।५ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, नवलपरासीमा लेखी पठाइएको ।

(१०) जिल्ला शिक्षा कार्यालय, कास्कीका तत्कालीन उप-सचिव रुद्रनारायण सापकोटाले आ.व. २०६९।७० मा सञ्चालित कास्की साक्षरोत्तर कार्यक्रममा विभिन्न संघ संस्थाबाट समेत रकम ल्याई नक्कली बिल भरपाई बनाई भ्रष्टाचार गरेको भन्ने समेतका सम्बन्धमा अनुसन्धान हुँदा

अनौपचारिक शिक्षा तथा साक्षर नेपाल अभियान कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७० को बुँदा नं.१६ अन्तर्गत क्रियाकलापगत कार्यान्वयन प्रक्रिया र अनुगमन सूचकहरूको क्रमसंख्या १.६ मा सहभागीका लागि मसलन्द अन्तर्गत हिमाली जिल्लामा रु.१००।-, पहाडी जिल्लामा रु.९०।- र अन्य जिल्लामा रु.७५।- प्रति सहभागीका दरले जिल्ला शिक्षा कार्यालय, कास्कीले साक्षरोत्तर कार्यक्रम सञ्चालन गर्ने संस्था वा निकायलाई निकासा दिने तथा सामग्री खरिद, ढुवानी र वितरणको कार्यक्रम सञ्चालन गर्ने निकाय स्वयंले गर्नुपर्ने भन्ने उल्लेख रहेको देखियो। जिल्ला शिक्षा कार्यालय, कास्कीका तत्कालीन उपसचिव रुद्रनारायण सापकोटाले अनौपचारिक शिक्षा केन्द्र अन्तर्गत जिल्ला शिक्षा कार्यालय मार्फत अनौपचारिक शिक्षा तथा साक्षर नेपाल अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६९ बमोजिम सञ्चालित साक्षरोत्तर कक्षा सञ्चालन गर्ने, साथसाथै साक्षरोत्तर पूरा गरेका व्यक्तिलाई सीपमूलक तालिम सञ्चालनका लागि विनियोजित रकम सम्बन्धित सामुदायिक अध्ययन केन्द्रको बैंक खातामा निकासा नपठाई आफैंले पेश्की लिई तालिम कार्यक्रम सञ्चालन गरेको साथै पाठ्यपुस्तक र मसलन्द सामग्री आपूर्ति गर्ने आपूर्तिकर्ता (व्यापारी) र सामुदायिक अध्ययन केन्द्रका पदाधिकारीबीचको लेनदेनमा संलग्नता राखेको देखियो ।

कास्की अभियान अन्तर्गत उक्त आ.व.मा कास्की जिल्लामा सरकारी तवरबाट १६,३४६ र साझेदारीबाट ७००६ जनालाई गरी कुल २३,३५२ निरक्षरहरूलाई साक्षर गराउनुपर्ने कार्यक्रम रहेकोमा निजले मिति २०७०।१।२ गते देउराली बुक्स एण्ड स्टेसनर्स महेन्द्रपुल पोखराको बिजक नम्बर ०७५ बाट सहभागीहरूको लागि भनी १८००० को संख्यामा पेन्सिल, इरेजर, कटर आदि खरिद गरेको देखियो भने साथी नेपाल नामक गैरसरकारी संस्थाबाट ५ वटा कक्षा सञ्चालनका लागि आवश्यक स्टेसनरी (कपी, पेन्सिल, डटपेन, चक, इरेजर, डष्टर, रजिष्टर आदि), अनौपचारिक सेवा केन्द्र (इन्सेक) बाट स्टेसनरी बापत रु.२१,०००।-, सिविन बाल हेल्पलाइनबाट दुई वटा कक्षाका लागि रु.२४,०००।- र गोनेसा (असल छिमेकी) बाट ४००० प्रतिका दरले कपि, पेन्सिल, इरेजर बुझेको देखियो। एकातिर कार्यालयबाट रकम पेश्की लिएर आवश्यक संख्यामा सामग्रीहरू किनेको देखियो भने अर्कोतिर विभिन्न संघ संस्थाबाट नगद र जिन्सी सामग्री समेत बुझेको देखियो।विभिन्न संस्थाबाट प्राप्त जिन्सी सामाग्रीहरू सहभागीहरूलाई बुझाएको विवरणको भरपाई देखिएन उक्त तथ्य क्षेत्रीय शिक्षा निर्देशनालय, पोखराका उपनिर्देशक खेमराज पौडेल समेतले दिएको प्रतिवेदनमा समेत उल्लेख रहेको पाइयो।साथै अन्नपूर्ण बहुउद्देश्यीय सामुदायिक अध्ययन केन्द्रले मिति २०७०।३।२३ मा जिल्ला शिक्षा कार्यालय, कास्कीबाट कार्यक्रमको लागि बजेट निकासा प्राप्त गरे पश्चात अनौपचारिक शिक्षा तथा साक्षरोत्तर कार्यक्रम संस्था आफैंले सञ्चालन गर्नु गराउनुपर्नेमा तत्कालीन उपसचिव रुद्रनारायण सापकोटाले आफ्नो पदीय जिम्मेवारीलाई पन्छाएर सामुदायिक अध्ययन केन्द्रसँग साक्षरोत्तर कार्यक्रम सञ्चालनको लागि मिति २०७०।७।२२ मा रु.३,५३,५३०।- पेश्की मागेको देखियो ।उक्त सामुदायिक केन्द्रलाई निकासा दिएको रकम रु.७,४५,०००।- मध्ये खर्च भई बाँकी रहन गएको रु.३,९०,२१२।- संस्थाले मिति २०७१।१२।१ मा पोखरास्थित नेपाल राष्ट्र बैंकको बेरुजु खातामा जम्मा गर्नुले पनि रकम हचुवाको भरमा निकासा दिएको प्रमाणित हुन आयो । अतः असल छिमेकी नामक गैरसरकारी संस्था (गोनेसा) ले मिति २०६९।१२।१४ मा अस्मिता ट्रेड कन्सर्न, पोखरा-८,

सिर्जनाचोकबाट रु.४०,८६०।- बराबरको ४००० प्रति पेन्सिल, इरेजर, कटर खरिद गरेको सामग्री र कृपाग्रुप, पोखरा-८, मझेरीपाटनबाट मिति २०६९।१२।४ मा खरिद गरेको ४००० प्रति कपी रु.५५,५९६।- र सिविन बाल हेल्पलाइनबाट चेकबाट बुझिलिएको रकम रु.२४,०००।- र अनौपचारिक सेवा केन्द्र इन्सेकबाट स्टेसनरीका लागि बुझेको रकम रु.२१,०००।- समेत जम्मा रु.१,४१,४५६।- निजले गैरसरकारी संस्थाहरूबाट प्राप्त गरेको देखिए तापनि उक्त रकम बराबरको नगद र जिन्सीको फछ्र्यौट गरेको विवरण पेश गर्न नसकी निजले जानिजानी आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने पदीय कर्तव्य पालना नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (छ) बमोजिमको अनुचित कार्य गरेको देखिंदा निज रुद्रनारायण सापकोटालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क. र अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम २५ को देहाय (ग) बमोजिम बढीमा दुई वर्षसम्मका लागि त्यस्तो जिम्मेवारीको पदमा काम गर्न नलगाउन आयोगको मिति २०७३।१।५ को निर्णयानुसार नेपाल सरकार, शिक्षा मन्त्रालयमा लेखी पठाइएको ।

(११) मध्यपश्चिम विश्वविद्यालय, सुर्खेतको मिति २०७२।२।१ मा प्रकाशित विज्ञापनमा खुलाउनुपर्ने कुराहरू नखुलाई अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा मध्यपश्चिम विश्वविद्यालय, सुर्खेतको कार्यकारी परिषदको मिति २०७१।११।२६ को बैठकले इन्जिनियरिङ संकाय अन्तर्गत इन्जिनियरिङ महाविद्यालयमा शिक्षकहरूको दरबन्दी नभएकोले उक्त निकायबाट माग भए बमोजिम सेवा आयोगको प्रक्रिया अपनाई उप-प्राध्यापक सिभिल (स्ट्रकचरल) पदमा १ जनाको दरबन्दी स्वीकृत गरेको पाइयो। विश्वविद्यालयले स्वीकृत गरेको उक्त दरबन्दीमा पदपूर्ति गर्नका लागि इन्जिनियरिङ संकायका निमित्त डिन अनन्तराज घिमिरेको अध्यक्षतामा मिति २०७१।१२।५ मा बसेको बैठकले उप-प्राध्यापक सिभिल (स्ट्रकचरल) मा विज्ञापन गर्ने निर्णय गरे अनुसार प्रकाशित विज्ञापनमा कुनै पनि दरखास्त नपरेको हुँदा मिति २०७२।१।३१ गते निमित्त डिन अनन्तराज घिमिरेको अध्यक्षतामा पुनः बैठक बसी पुनः विज्ञापन गर्ने निर्णय गरे अनुसार मिति २०७२।२।१ मा क्षेत्रीय ख वर्गको पत्रिका लोकमन्च दैनिकमा विज्ञापन प्रकाशित गरेको पाइयो ।प्रकाशित विज्ञापनमा विजयकुमार पण्डितको मात्र दरखास्त परेको हुँदा निजसँग लिखित तथा मौखिक परीक्षा लिई नियुक्तिका लागि सिफारिस गरेको पाइयो । मध्यपश्चिम विश्वविद्यालयको सेवा आयोग कार्यविधि हालसम्म लागू नभएको भनी विश्वविद्यालयको मिति २०७२।५।१५ को पत्रबाट खुलाइ आएको हुँदा मिति २०७२।२।१ मा प्रकाशित विज्ञापनमा सेवा आयोग कार्यविधि, २०७० को पालना गर्नुपर्ने बाध्यात्मक अवस्था नभएको हुँदा उजुरी बमोजिमको प्रक्रिया पूरा नगरेको भन्न मिल्ने अवस्था देखिएन।तथापि विश्वविद्यालयको सेवा आयोगको कार्यविधि पूरा गरी प्रचलित कानून बमोजिम प्रतिस्पर्धाका आधारमा नियुक्तिको व्यवस्था मिलाउन आयोगको मिति २०७१।५।५ को निर्णयानुसार मध्यपश्चिम विश्वविद्यालय, सुर्खेतमा लेखी पठाइएकोमा हालसम्म कार्यान्वयन नभएको एवं सेवा आयोग कार्यविधि हालसम्म लागू भएको अवस्था नदेखिएकोले आयोगको पूर्व निर्णयानुसार सेवा आयोग कार्यविधि यथाशीघ्र लागू गरी गराई सोही बमोजिमको विधि र प्रक्रिया पूरा गरी प्रतिस्पर्धाका आधारमा मात्र विश्वविद्यालयको रिक्त पदमा नियुक्ति गर्ने व्यवस्था गरी आयोगलाई जानकारी गराउन आयोगको मिति २०७३।१।६ को निर्णयानुसार मध्यपश्चिम

विश्वविद्यालय, सुर्खेतलाई लेखी पठाइएको।

(१२) सिराहा जिल्लास्थित बाबुजी राय जुनाई ठाकुर माध्यमिक विद्यालय, फूलबरियाका प्रधानाध्यापक विन्देश्वर महतोले विद्यालयको विभिन्न शीर्षकका रकम हिनामिना गरेको, पर्खाल निर्माण, मर्मत सम्भारमा भ्रष्टाचार गरेको, कोचिङ पढाउँदा उठाएको रकम भ्रष्टाचार गरेको, छात्रवृत्तिको रकमबाट कमसल गुण भएको झोला खरिद गरी विद्यार्थीलाई बाँडी बाँकी रकम हिनामिना गरेको र पि.सि.एफ कोटामा बिना प्रक्रिया शिक्षक नियुक्ति गरेको भन्ने समेत व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामकुमार यादव र प्रधानाध्यापक विन्देश्वर महतोले विद्यालयको निजी स्रोतबाट मासिक रु.१६,५००।- तलब भत्ता दिने गरी कम्प्युटर र गणित विषय अध्यापनका लागि मो. इशा राईनलाई २०७१।१।२६ गतेका दिन विद्यालय व्यवस्थापन समितिको निर्णय गरी मिति २०७१।१।८ देखि लागू हुने गरी नियुक्ति गरी मिति २०७१।१२।४ मा अवकाश दिइएकोमा उक्त नियुक्ति शिक्षा नियमावली, २०५९ को नियम ९७ मा उल्लेखित करारमा शिक्षक नियुक्तिसम्बन्धी व्यवस्था अनुसार गरेको नपाइएको र आ.व. ०६९/७० मा दलित तथा सीमान्तकृत विद्यार्थीहरूका लागि निकासा प्राप्त भएको जम्मा रु.२,८६,२४०।- बाट विद्यालय व्यवस्थापन समितिको मिति २०७०।३।१४ गतेको निर्णयले कक्षा १ देखि कक्षा १० सम्मका सम्पूर्ण विद्यार्थीहरूलाई मनकामना झोला उद्योग, लाहान, सिराहाबाट रु.२,००,५२५।- को १०८६ थान झोला खरिद गरी वितरण गरेको कार्य आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ मा उल्लेखित स्वीकृत बजेटबाट खर्च गर्ने व्यवस्था बमोजिम नभएको हुँदा उक्त विद्यालयका अध्यक्ष र प्रधानाध्यापक विन्देश्वर महतोले जानिजानी आफ्नो पदको प्रकृति अनुसार पालन गर्नुपर्ने पदीय कर्तव्य पालना नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (छ) बमोजिमको अनुचित कार्य गरेको देखिन आएको हुँदा उक्त विद्यालयका विद्यालय व्यवस्थापन समितिका तत्कालीन अध्यक्ष रामकुमार यादवको हकमा कानून बमोजिमको प्रक्रिया पूरा गरी आवश्यक कारबाही गर्न गराउन आयोगको मिति २०७३।१।२३ को बैठकको निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, सिराहालाई लेखी पठाइएको।

(१३) धनुषा जिल्ला जनकपुर नगरपालिका अन्तर्गत पर्ने श्री माध्यमिक विद्यालयका सोहनी, मुजेलियाका प्र. अ. दामोदर झाले उक्त विद्यालयमा विभिन्न शीर्षकमा अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा उक्त विद्यालयको भत्केको भवनमा रहेको इँटा काठहरू नवनिर्मित भवनमा लगाइएको, अरु काठ स्टोरमा रहेको र उक्त विद्यालयको नयाँ भवन निर्माण गर्दा काठ लगायतका चिजवस्तुहरू हिनामिना हानि नोक्सानी भएको नदेखिएको तथापी प्र.अ. दामोदर झाले २०६७ श्रावणदेखि ऐ. पौष मसान्तसम्म विभिन्न निकासा रकम खर्च गरेको रु.१४,१७,७०३।- को हालसम्म श्रेस्ता पेश नगरेको सन्दर्भमा आवश्यक प्रमाण कागजातहरू संकलन गरी कानून बमोजिमको प्रक्रिया पुर्‍याई लेखापरीक्षकबाट औंल्याएको बेरुजुलाई नियमित वा असुलउपर जो जे गर्नुपर्ने हो गरी सो को जानकारी ३ महिनाभित्र आयोगमा पठाउन जिल्ला शिक्षा कार्यालय, धनुषालाई आयोगको मिति २०७३।२।११ को निर्णयानुसार लेखी पठाइएको ।

(१४) काठमाडौं जिल्लास्थित श्री ज्ञानोदय माध्यमिक विद्यालय वाफल काठमाडौंमा व्यापक आर्थिक

हिनामिना र अधिकारको दुरुपयोग गरेको भन्ने विषयको उजुरी उपर अनुसन्धान हुँदा उक्त विद्यालयका प्र.अ. नातिकाजी महर्जन, शिक्षक कुलदीप प्रकाश बुढाथोकी, शिक्षिका निरु थापा र शिक्षिका निनादेवी बज्राचार्यले जिल्ला शिक्षा कार्यालयबाट निकासा भएको ग्रेडमा निजी स्रोतबाट समेत थप गरी ग्रेड खाएकोमा अनुसन्धानको क्रममा निजहरूले बढी खाएको ग्रेड बापतको रकम रु.७,९०,७६८।- दाखिला गरी भौचर समेत पेश हुन आएकोले सो सम्बन्धमा केही कारबाही गर्नुपरेन।शिक्षा नियमावली, २०५९ को नियम ८४ को उपनियम (६) बमोजिम शिक्षकले हप्तामा कम्तीमा २४ पिरियड पढाउनुपर्ने व्यवस्था रहेकोमा सबै शिक्षकलाई सो बमोजिम कक्षा नतोकी घटी कक्षा तोकी पठन पाठन भएको पाइएकोले यस सम्बन्धमा तोकिएको कक्षा नघट्ने गरी कक्षा तोकी पठन पाठन गर्ने व्यवस्था मिलाउन ज्ञानोदय उच्च मा.वि. लाई तथा शिक्षक रमेश तिम्सिना र गोविन्द भण्डारीले नियम अनुसार स्वीकृति नलिई क्रमशः गंगा सेकेन्डरी स्कुल पुरानो कालिमाटी र हिमालय एकेडेमी कीर्तिपुरमा पढाएको देखिएकोले प्रचलित कानून विपरीत बिनास्वीकृति अन्य विद्यालयमा पठन पाठन गर्ने कार्यलाई निरुत्साहित गर्दै आवश्यक कारबाही गर्न जिल्ला शिक्षा कार्यालय काठमाडौंलाई आयोगको मिति २०७३।३।२२ को निर्णयानुसार लेखी पठाइएको ।

(१५) जिल्ला कपिलवस्तु, तौलिहवा नगरपालिका वडा नं. २ आनन्दवागस्थित रत्नराज्य लक्ष्मी उच्च माध्यमिक विद्यालयमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकले विद्यालयको रकम हिनामिना गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा रत्नराज्य लक्ष्मी उच्च माध्यमिक विद्यालयमा जिल्ला शिक्षा कार्यालय, कपिलवस्तुबाट पाठ्यपुस्तक तथा छात्रवृत्ति वितरणको लागि आ.व. ०६८।६९ देखि ०७०।७१ सम्म निकासा प्राप्त भएको जम्मा रु.१०,४३,६५२।- मध्ये पाठ्यपुस्तकतर्फ रु.४,५९,४८८।- निकासा भएकोमा रु.१,८५,२५३।- भुक्तानी भै रु.२,७४,२३५।- बाँकी रहेको, छात्रवृत्तितर्फ रु.५,८४,१६४।- निकासा भएकोमा रु.१,१५,२५०।- वितरण भै रु.४,६८,९१४।- वितरण हुन बाँकी रहेको देखियो। पाठ्यपुस्तक तथा छात्रवृत्तिको जम्मा रु.७,४३,१४९।- वितरण गर्न बाँकी देखिएकोले सो रकम विद्यालयको नामको बैंक मौज्दात हुनुपर्नेमा विद्यालयको रकम जम्मा गरिने राष्ट्रिय वाणिज्य बैंक, तौलिहवाको खाताहरू च.हि.नं. ६२९ र च.हि.नं ७४७ मा मिति २०७१ आषाढ मसान्तसम्म रु.३,७६,९८२।१५ मात्र मौज्दात रहेको बैंक स्टेटमेन्टहरूबाट देखिंदा पाठ्यपुस्तक तथा छात्रवृत्तिको शीर्षकको रु.३,६६,१६६।८५ नपुग देखियो। सो मध्ये रु.१,६४,५५२।- कार्यालय सहयोगी गीताराम अधिकारीको मृत्यु हुँदा निजको परिवारलाई फिर्ता हुने गरी दिएकोमा हालसम्म फिर्ता प्राप्त भएको अवस्था देखिएन। साथै रु.१,२०,०००।- उक्त विद्यालयको उच्च माध्यमिक विद्यालय शिक्षक तलब भत्तामा खर्च गरेको भन्ने देखियो।यसरी विद्यालय व्यवस्थापन समितिले निर्णय गरी पाठ्यपुस्तक तथा छात्रवृत्तिको शीर्षकको रु.३,६६,१६६।८५ अन्य शीर्षकमा खर्च गरेको देखिएको र कार्यालय सहयोगी गीताराम अधिकारीको मृत्यु हुँदा निजको परिवारलाई दिइएको रकम रु.१,६४,५५२।- हालसम्म फिर्ता प्राप्त भएको नदेखिंदा कानून बमोजिम यथाशीघ्र फिर्ता गर्न गराउन र अब आइन्दा यस किसिमले खर्च नगर्ने नगराउने व्यवस्था गर्न आयोगको मिति २०७३।३।२७ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, कपिलवस्तुलाई लेखी पठाइएको साथै शिक्षा ऐन तथा नियामावलीमा विद्यालय निरीक्षकबाट प्रत्येक महिनामा कम्तीमा एक

पटक विद्यालयको निरीक्षण तथा सुपरीवेक्षण गर्नुपर्ने व्यवस्था रहेको भए पनि सदरमुकाम तौलिहवा बजारमा रहेको र जिल्ला शिक्षा कार्यालय, कपिलवस्तुबाट नजिकै रहेको उक्त रत्नराज्य लक्ष्मी उच्च माध्यमिक विद्यालयको नियमित रूपमा अनुगमन निरीक्षण भए गरेको नपाइएकोले शिक्षा ऐन तथा नियमावलीले तोके बमोजिम नियमित रूपमा अनुगमन, निरीक्षण गर्ने गराउने व्यवस्था गर्न आयोगको मिति २०७३।३।२७ को निर्णयानुसार शिक्षा विभागलाई लेखी पठाइएको ।

(१६) जिल्ला सुनसरी, जल्पापुर गा.वि.स वडा नं. ३ स्थित श्री प्राथमिक विद्यालय, जल्पापुरको विद्यालय भवन निर्माण समितिका अध्यक्ष शिवनाथ मण्डल र प्रधानाध्यापक ब्रह्मदेव गोठियाले विद्यालय भवन निर्माणको लागि जिल्ला शिक्षा कार्यालय, सुनसरीबाट निकासा भएको रकम अनियमितता गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आ.व. ०६७।६८ मा जिल्ला शिक्षा कार्यालय, सुनसरीबाट श्री प्राथमिक विद्यालय, जल्पापुरलाई २ कोठे भवन निर्माणको लागि प्राप्त भएको रु.६,५०,०००।- मा श्री प्राथमिक विद्यालय, जल्पापुरका प्रधानाध्यापक ब्रह्मदेव गोठियाले शिवनाथ मण्डलको अध्यक्षतामा भवन निर्माण समिति गठन गरी शिवनाथ मण्डललाई पटक पटक गरी रु.८,२६,०००।- पेश्की दिएकोमा निकासा रकमभन्दा बढी रकम पेश्की दिएको रु.१,७६,०००।- मध्ये लेखापरीक्षण प्रतिवेदनबाट शिवनाथ मण्डललाई रु.८८,०००।- र प्रधानाध्यापक ब्रह्मदेव गोठियालाई रु.८८,०००।- दामासाहीले असुल गर्न कायम गरेको बेरुजुमध्ये प्रधानाध्यापक ब्रह्मदेव गोठियाको नाममा कायम भएको अन्य बेरुजु समेतको रकम जम्मा रु.१,३२,९६३।१२ निज प्र.अ. ब्रम्हदेव गोठियाको तलबबाट पटक पटक कट्टा गरी विद्यालयको खातामा जम्मा गरिसकेको व्यहोरा जिल्ला शिक्षा कार्यालय, सुनसरीको मिति २०७२।११।१८ को पत्रद्वारा लेखी आएको हुँदा निज प्र.अ. ब्रह्मदेव गोठियाको सम्बन्धमा हाल केही गरिरहनु परेन। भवन निर्माणका लागि पटक पटक गरी रु.८,२६,०००।- पेश्की लिई तत्कालीन समयमा भएको प्राविधिक मूल्यांकन अनुसार जम्मा रु.३,६१,९१७।४८ को मात्र भवन निर्माण कार्य भए गरेको पाइएकोले भवन निर्माण समितिका अध्यक्ष शिवनाथ मण्डलको नाममा लेखापरीक्षणबाट औंल्याएको भवन निर्माणतर्फको रु.२,८८,०८२।- र बढी भुक्तानी लिएको रु.८८,०००।- समेत जम्मा बेरुजु रकम रु.३,७६,०८२।५२ हालसम्म फछ्र्यौट भएको नपाइएकोले उक्त रकम कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी गराई निजबाट यथाशीघ्र असुल फछ्र्यौट गर्न गराउन आयोगको मिति २०७३।३।२७ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, सुनसरीलाई लेखी पठाइएको ।

## ३. स्थानीय विकास मन्त्रालय अन्तर्गत

(१) नारायण नगरपालिका अन्तर्गत २०६८ र २०६९ असार मसान्तसम्मका योजनाहरू सम्पन्न नभएको, बिल बनाई जाँचपास गरी हाकिम र प्राविधिकहरूको मिलोमतोमा खर्च रकम हिनामिना गरेको र नगरपालिकाको बजेट खारेज गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा उक्त नगरपालिकामा आ.व.२०६५।६६ मा निकासा भएको रु.६१,७७,९४५।- मिति २०६६।३।३० मा राष्ट्रिय वाणिज्य बैंक दैलेखमा जम्मा गरेकोमा बैंकबाट भूलबस उक्त रकम सो कार्यालयको लेजरमा दोहोरो पोष्टिङ हुन गएको र उक्त रकम मिति २०६८ फागुन २१ मा हिसाब मिलान भएको राष्ट्रिय वाणिज्य बैंक प्रधान कार्यालयको पत्रबाट देखिन आएको

हुँदा नगरपालिकाको बजेट खारेज गरेको भन्ने उजुरी पुष्टि नभए तापनि आ.व. ०६८।६९ मा नारायण नगरपालिका वडा नं. ४ मा उपभोक्ता समिति मार्फत सञ्चालित महेन्द्र प्रा.वि. भवनको प्लास्टरको गुणस्तर कमजोर रहेको भन्ने सम्बन्धमा जिल्ला प्राविधिक कार्यालय दैलेखबाट खटिएका सव- इन्जिनियर देवेन्द्र सिंह मालको टोलीबाट स्थलगत प्राविधिक मूल्यांकन हुँदा उक्त प्लास्टरमा सिमेन्टको मात्रा कम भएको र आवश्यक मात्रमा क्युरिङ नभएकोले उक्त विद्यालय भवनको प्लास्टरको मर्मत सुधार गर्न रु.१,४२,४२५.२०।- थप रकम लाग्ने भनी प्राविधिक प्रतिवेदनबाट देखिन आएकोले पुनः गुणस्तरीय प्लास्टर सोही रकमबाट उपभोक्ता समितिबाट गर्न लगाउन आयोगको मिति २०७२।४।२२ को निर्णयानुसार नारायण नगरपालिका कार्यालय दैलेखलाई लेखी पठाइएको।

(२) स्थानीय विकास मन्त्रालय, बौद्धदर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिका पदाधिकारीहरूले अस्थायी कर्मचारीलाई बढुवा समेत गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान गरी देहाय बमोजिम गर्न आयोगको मिति २०७२।४।३१ को निर्णयानुसार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।

- गुम्बा विकास समितिका तत्कालीन सदस्य सचिव अजितमान तामाङको टोलीले मिति २०६४।४।७ गतेको ५१ औं बैठकको निर्णय नं. ४ (घ) को नीतिगत निर्णय बमोजिम १२ वर्षसम्म एउटै पदमा रही निरन्तर सेवा गरेका कर्मचारीहरूलाई कार्यक्षमता र अनुभवका आधारमा बढुवा गर्ने भन्ने निर्णयानुसार भनी ओभरसियर ज्ञानबहादुर शेर्पालाई इन्जिनियर पदमा, सहलेखापाल प्रदीप श्रेष्ठलाई लेखापाल पदमा र २०६४।१।२७ मा सदस्य सचिव शेरबहादुर तामाङको टोलीले मुखिया जपना विडारीलाई खरिदार पदमा समायोजन बढुवा गरी अस्थायी पदमा कार्यरत उपरोक्त कर्मचारीहरू समेतलाई गैरकानूनी रूपमा माथिल्लो तहमा बढुवा गरी कानून विपरीत कार्य गरेकोले उक्त बढुवा निर्णयलाई सच्याई साबिक पदमा यथावत कायम गर्ने ।
- ३५ वर्षदेखि नियमावली नै नबनाई तोक आदेशको भरमा कर्मचारीको पदपूर्ति गरी बेथितिपूर्वक कर्मचारी प्रशासन चलाइरहेको देखिएकोले यथाशीघ्र कर्मचारी सेवा शर्तसम्बन्धी नियमावली लागू गरी कर्मचारीको व्यवस्था गर्ने ।
- बौद्धदर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिको नाममा आ.व. २०५१।५२ देखि हालसम्म रहेको कुल बेरुजु रु.४,४२,०५,९६३।- मध्ये रु.१,४२,४६,३२६।- फछ्र्यौट भै रु.२,९९,५९,६३७।- फछ्र्यौट हुन बाँकी रहेको भनी उक्त समितिको च.नं १२३६ मिति २०७१।११।२६ को पत्रद्वारा उल्लेख भै आएको देखिएकोले उक्त बाँकी रकम आगामी पौष मसान्तभित्र फछ्र्यौट गर्ने ।

(३) जिल्ला सप्तरी, बोरिया गा.वि.स. वडा नं. ७ को सखरारोडदेखि इटहरी विष्णुपुरा वडा नं. ९ सम्मको सडक विस्तार गर्ने कार्य र राजविराज नगरपालिकाले LGCPD कार्यक्रम अन्तर्गतको सिभिल इन्जिनियर पदपूर्ति तथा उक्त नगरपालिकाको Compound Wall को गिलेसन (पसल कबल) निर्माण समेत कार्यमा अनियमितता भएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा बोरिया गा.वि.स.को आ.व. ०६९।७० को लेखापरीक्षण प्रतिवेदन अनुसार बजरङ्गवली उपभोक्ता समितिका मुसहरू यादवले रु.६४,९९३।-, जयमाँ लक्ष्मीदेवी उपभोक्ता समितिले रु.२८,३७७।, दलित समुदायका बद्री मण्डलले रु.२२,०००।-, अपांग समुदायका देवनकुमार

यादवले रु.२२,०००।-, मुस्लिम समुदायका इस्रायल मन्सुरीले रु.२२,०००।-, जिबछ मण्डलले रु.४४,०००।-, रमेशकुमार यादवले रु.४०,०००।-, मधेसी समुदायका शम्भु यादवले रु.२२,०००।-, रामप्रसाद मण्डलले रु.४४,०००।-, सुखाइ खङ्गले रु.२२,९३२।-, सुरेन्द्र मण्डलले रु.१०,२००।-, देवलाल यादव उप स्वास्थ्य चौकीका इन्चार्जले रु.१०,०००।-, प्रितम यादवले रु.२५,०००।- समेत जम्मा रु.३,७७,५०२।- विभिन्न कार्यक्रमका लागि पेश्की रकम लिएकोमा उक्त रकमहरू हालसम्म पनि फछर्यौट नगरी बाँकी नै रही बेरुजु कायम भएको देखिन आएकोले उल्लेखित बेरुजु रकमहरू सम्बन्धित समुदाय/व्यक्तिबाट स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ र स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ बमोजिम यथाशीघ्र पेश्की फछर्यौट गरी गराई सो को जानकारी आयोगमा पठाउन आयोगको मिति २०७२।६।१ को निर्णयानुसार जिल्ला विकास समितिको कार्यालय, सप्तरीलाई लेखी पठाइएको ।

(४) पर्वत जिल्लास्थित धर्मोदय उ.मा.वि.भोर्लेका शिक्षक चक्रपाणी सापकोटा समेतका व्यक्तिहरूले नक्कली उपभोक्ता समिति गठन गरी विभिन्न आयोजनाहरूमा व्यापक भ्रष्टाचार गरेको भन्ने समेतका सम्बन्धमा अनुसन्धान हुँदा पर्वत जिल्लास्थित सरौखोला गाउँ विकास परिषदबाट यज्ञश्वर निम्न माध्यमिक विद्यालय, भोर्लेका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चक्रपाणी सापकोटा, प्र.अ.ज्ञानेन्द्रराज पौडेल र शिक्षक राजुप्रसाद सापकोटाले जबर्जस्ती विनियोजन गर्न लगाएको रकम तीनै जनाबाट जनही रु.१,४१,०४०।- का दरले असुल उपर गरी रु.४,२३,१२०।- मिति २०७१।९।३० मा नेपाल बैंक लि. शाखा कार्यालय, कुश्मा मार्फत राजश्व शीर्षक नं. १५११२ मा बेरुजु दाखिला गरेको जिल्ला शिक्षा कार्यालय, पर्वतको मिति २०७१।१०।२ को पत्रबाट देखियो । मेदिखोला-पोखरेफाँट-काँहु बयरघारी सडक अन्तर्गत सुबेदी निर्माण सेवा, पर्वतबाट भएको काम अन्तर्गत Gabion Works को चेकजाँच गर्दा ग्यावियन तार ठाउँ ठाउँमा खिया लागेको, जालीमा ढुंगा भर्दा Void रहेको र ग्यावियनको परिणाम नापी किताब अनुसार १०९.०० घ.मि. हुनुपर्नेमा ९१.०० घ.मि. मात्र रहेको पाइएकोले रु.६३,०००।- (भ्याट बाहेक) बढी भुक्तानी गरेको स्थलगत रूपमा नापजाँच गर्दा देखिएको सम्बन्धमा सुवेदी निर्माण सेवा, पर्वतले मिति २०७२।१०।१२ मा भौचर नम्बर २१७२२१२ बाट डिभिजन सडक कार्यालय, पोखराको नेपाल राष्ट्र बैंकको कार्यालय कोड नम्बर ४७३३७०३ राजश्व शीर्षक १५११२ मा रु.६३,०००।- रकम दाखिला गरेको सक्कलै भौचर मिति २०७२।१०।१२ मा पेश गरेको भए तापनि उपभोक्ता समितिले सडक निर्माणको लागि मेसिनरी औजारहरू जस्तै ब्रेकर तथा डोजर जस्ता Heavy Equipment प्रयोग गर्न नपाउने कानूनी प्रावधान रहेकोमा उल्लेखित सामग्रीहरू प्रयोग गरेको देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ र १५६ मा उल्लेखित कानूनी व्यवस्थाको पूर्ण पालना गर्न/गराउन आयोगको मिति २०७२।१२।२३ को निर्णयानुसार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र भौतिक पूर्वधार तथा यातायात मन्त्रालयमा लेखी पठाइएको ।

(५) गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्न उद्यम विकास सहजकर्ता छनौटका लागि जिल्ला उद्यमी समूह संघ, सर्लाहीले सञ्चालन गरेको परीक्षा अपारदर्शी र

अनियमित भएको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्न उद्यम विकास सहजकर्ता छनौटका सम्बन्धमा २०७०।३।१८ गतेको स्थानीय लोकतन्त्र दैनिक पत्रिकामा कार्यालयको नामबाट दरखास्त दिने अन्तिम मिति २०७०।३।१८ र मिति २०७०।३।१९ गते लिखित तथा मौखिक परीक्षा भनी सूचना प्रकाशित भएको देखियो ।सो सम्बन्धमा मिति २०७०।३।१८ मा प्रकाशित सूचनाबाट भ्रम सिर्जना भएकोमा त्यसलाई जानकारीमा लिई छनौट समितिका संयोजक नगिना रायबाट तत्कालै खण्डन गर्नुपर्ने वा सो सच्याउनुपर्नेमा नगरेको, कार्यालयबाट अन्य कार्यालयमा पत्राचार भएकोमा त्यसको अभिलेखहरू पनि व्यवस्थित तरिकाले राखेको नपाइएको तथा एकै प्रकृतिको विज्ञापनमा फरक फरक मिति उल्लेख गरिएको विषयमा एकरूपता कायम गर्न गराउन नसकेको हदसम्ममा निज नगिना रायलाई जे जो कारबाही गर्नुपर्ने हो गर्न आयोगको मिति २०७२।१२।२३ को निर्णयानुसार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।

(६) महोत्तरी जिल्ला बगडा गा.वि.स. का सचिव राम एकवाल साहले आ.व. २०६६।६७ र २०६७।६८ को बजेट अनियमित रूपमा खर्च गरेको हुँदा छानबिन गरी कारबाही गरी पाउँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा बगडा गा.वि.स. वडा नं. ९ सुखैनिया टोलमा विद्युत जडानको लागि यु.एन.डि.पि. ले उपलब्ध गराएको रु.४,५०,०००।- को सामग्री र नेपाल विद्युत प्राधिकरणले उपलब्ध गराएको १३ वटा सिमेन्टको पोल तथा गा.वि.स.को कार्यालय, बगडाबाट उपभोक्ता समितिलाई उपलब्ध गराइएको पेश्की रु.५,९९,५००।- समेतबाट विद्युत जडान गर्ने कार्य सम्पन्न भएको भए तापनि उक्त कार्यका लागि उपभोक्ता समितिले लिएको पेश्की रु.५,९९,५००।- हालसम्म फछ्र्यौट भएको नदेखिएकोले पेश्की रकम बिल भरपाई हेरी जाँची कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी अबिलम्ब फछ्र्यौट गर्न गराउन आयोगको मिति २०७३।१।२३ को निर्णयानुसार जिल्ला विकास समितिको कार्यालय, महोत्तरीलाई लेखी पठाइएको ।

(७) बाग्लुङ जिल्ला अन्तर्गतको निसी गा.वि.स.मा आ.व. २०६४।६५ देखि २०६९।७० सम्ममा जि.वि.स. र गा.वि.स.मा प्राप्त बजेट अनुदान रकम राजिव वि.क., हिरा वि.क., मिलन वि.क., धनसुर बम, हेम प्रसाद भूसाल, नरेन्द्रबहादुर घर्ती मगर, प्रेमबहादुर घर्ती मगर, डोरबहादुर घर्ती मगर, कुशल बुढा मगर र हिरा पुनले दलित सचेतीकरण रु.१,४१,०००।-, बाल विकास भवन निर्माण मसेगौडा रु.४३,०००।-, खानेपानी मर्मत हयाडी पुतलीबजार रु.४५,०००।-, कटुवालडेरा र बाल विकास रु.१,००,०००।-, गधा खरिद रु.३५,०००।-, वृद्धाभत्ता रु.२०,०००।-, दलित सचेतीकरण र कामीडाँडा तटबन्ध रु.३,००,०००।-, दलित सचेतीकरण रु. ७६,०००।-, जनजाति सचेतीकरण रु.८६,०००।-, सुपथ मूल्यको पसल रु.१,००,०००।, बनौलो काठ बिक्री रु.५,००,०००।-, भवन निर्माण रु. ६,५०,०००।-, कृषि विकास कार्यक्रममा रु.६०,०००।-, कृषि सडक रु.७,२५,०००।-, जनजाति सचेतीकरण १,३०,०००।-, पवित्र ज्ञानकुञ्ज प्रा.वि. भवन निर्माण रु.१,२०,०००।-, नौ बहिनी खानेपानी रु.१,००,०००।-, खानेपानी मर्मत रु.४०,०००।-, कृषि सडक मर्मत रु.३०,०००।-, प्यानपाइप खरिद तथा वितरण रु.४,००,०००।-, फर्निचर रु.५०,०००।-, छात्रवृत्ति रु.६४,०००।-, कृषि सडक रु.१,२०,०००।-, त्रिलोचन युवा क्लब भवन तथा फर्निचर

रु.१,२५,०००।- र विधवा असहाय भैंसी वितरण रु.७०,०००।- रकमहरू भ्रष्टाचार गरेको र सर्वदलीय संयन्त्रले रकम फिर्ता गर्न अनुरोध गर्दासमेत अटेर गरेकोले निजहरूलाई कारबाही गरी पाउँ भन्ने समेतको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा महालेखा परीक्षकको कार्यालयको आ.व.०६९।७० को प्रतिवेदनमा उल्लेख भएका पेश्की रकमहरू क्रमशः नरेन्द्र घर्ती मगरले छाना निर्माण बापत रु.९५,४००।-, हिले नमुना फर्निचर बापत रु.६३,०००।-, कमला पुनले महिला कार्यक्रम बापत रु.७६,०००।- र हेमप्रसाद भुसालले कृषि कार्यक्रम निसी गा.वि.स.को रु.६३,३००।- गरी कुल रकम रु.२,९७,७००।- अविलम्ब कानून बमोजिमको प्रक्रिया पूरा गरी फछ्र्यौट गरी गराई सो को जानकारी पठाउन आयोगको मिति २०७३।२।२४ को निर्णयानुसार संघीय  मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार, काठमाडौंमा लेखी पठाइएको ।

(८) साबिक पोखरिया नमुना गाविसबाट आ.व. २०६४।६५ र २०६५।६६ मा विभिन्न शीर्षकमा रामेश्वर प्रसाद रौनियार समेत २५ जना व्यक्तिहरूले रकम हिनामिना गरेकोले आवश्यक कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा देहायका व्यक्तिहरूले विभिन्न शीर्षकमा लिएको पेश्कीमा रु.५,८८,८४२।२४ हालसम्म पनि फछ्र्यौट हुन बाँकी रहेकोले नियमानुसार पेश्की तथा बाँकी असुल उपर गर्नुपर्ने रकम यथाशीघ्र असुल तथा फछ्र्यौट गरी सो को जानकारी आयोगलाई पठाउन आयोगको मिति २०७३।३।१५ को निर्णयानुसार जिल्ला विकास समिति पर्सा र पोखरिया नगरपालिकाको कार्यालय पोखरिया पर्सामा लेखी पठाइएको ।

| सि.न | नाम | ठेगाना | पेश्की रकम रु. | प्रयोजन |
|---|---|---|---|---|
| १. | रामेश्वर प्र.रौनियार | पोखरिया वार्ड नं ७ | ११९५१७।५७ | विद्यालय निर्माण कार्य |
| २. | सुरेश पासवान | पोखरिया वार्ड नं २ | ६००००।- | दलित विद्यालय घर निर्माण |
| ३. | योगेन्द्र महतो पूर्व गा.वि.स सचिव | जि.वि.स पर्सा | ८८६६८।- | विभिन्न विकास निर्माण |
| ४. | भगवान प्र.कुर्मी | पोखरिया वार्ड नं २ | ३००००।- | सडक मर्मत कार्य |
| ५. | मनोज प्र.कुर्मी | पोखरिया वार्ड नं १ | ४५०००।- | विभिन्न निर्माण कार्य |
| ६. | शिव प्र.कुर्मी | पोखरिया वार्ड नं ३ | ४४३५।- | नाला मर्मत कार्य |
| ७. | रामानन्द बैठा धोवी | पोखरिया वार्ड नं २ | ५२०८५।- | नाला निर्माण कार्य |
| ८. | राजेश गिरी | पोखरिया वार्ड नं १ | ७५०००।- | विभिन्न कार्य |
| ९. | प्रा.वि सतबरिया | पोखरिया वार्ड नं ५ | २५०००।- | भवन मर्मत |
| १०. | राजेश्वर प्र.चौहान | पोखरिया वार्ड नं ६ | ३००००।- | सडक मर्मत कार्य |
| ११. | रिषीराज गिरी | पोखरिया वार्ड नं १ | ४०००।- | सडक मर्मत कार्य |
| १२. | अब्दुल मिया | पोखरिया वार्ड नं ४ | १००००।- | सडक मर्मत कार्य |
| १३. | नागेन्द्र ठाकुर हजाम | पोखरिया वार्ड नं १ | ३६६८०।- | हाटबजार किस्ता |
| १४. | रामजीवन राउत कुर्मी | पोखरिया वार्ड नं २ | ८४५६।६७ | बसविसौनी ठेक्का |
| | | | रु.५,८८,८४२।२४ | |

**आयोगको प्रयासबाट नेपाल सरकारलाई थप राजस्व प्राप्त**

जिल्ला विकास समितिको कार्यालय कैलालीबाट चालु आ.व.को गिट्टी बालुवा लगायतको ठेक्काको लागि आह्वान गरिएको बोलपत्रमा कार्यालयले ठेकेदारहरूसँग मिलोमतो गरी नेपाल सरकारलाई प्राप्त हुने राजश्व रकम न्यून हुने गरी बोलपत्र स्वीकृति गरेको भन्ने उजुरी सम्बन्धमा छानबिन हुँदा जिल्ला विकास समितिको कार्यालयबाट उक्त सामग्रीहरूको निकासीको लागि रु.३ करोड २० लाख ५० हजारमा ४ वटा बोलपत्र स्वीकृत भएकोमा त्यस सम्बन्धमा आयोगबाट छानबिनकै क्रममा जिविसको कार्यालयले उक्त टेण्डर रद्द गरी पुनः बोलपत्र आह्वान गरेकोमा उक्त सामग्रीहरूको निकासीको रु. ७ करोड ४८ लाख ८१ हजार ८ सय ८१ रुपैयाँमा बोलपत्र स्वीकृत भई नेपाल सरकारलाई थप राजश्व रु. ४ करोड २८ लाख ३१ हजार ८ सय ८१ रुपैयाँ प्राप्त हुन आएको।

## ४. सहरी विकास मन्त्रालय अन्तर्गत

(१) भूकम्प प्रभावित घर-परिवारलाई उपलब्ध गराउन सहरी विकास मन्त्रालयबाट खरिद गरिएको त्रिपालमा भएको अनियमितता लगायत वितरण प्रक्रिया पारदर्शी नभएको भन्ने समेतका विषयमा अनुसन्धान हुँदा मिति २०७२।१।२० भन्दा अगाडि अर्थात् पहिलो चरणमा त्रिपाल आपूर्ति गर्ने आपूर्तिकर्ताहरू मध्ये नासा ट्रेड कन्सर्नले आपूर्ति गरेको १५० जी. एस. एम. को त्रिपालको गुणस्तर परीक्षण नगराई आपूर्ति नै नगरेको १८० जी. एस. एम. को त्रिपालको गुणस्तर परीक्षण गराएको, इन्टरटेक टारपोलिन्स, बुटवलले आपूर्ति गरेको त्रिपालको गुणस्तर परीक्षण नगराएको, मन्त्रालयबाट मिति २०७२।१।२० पछि दोस्रो र तेस्रो चरणमा विभिन्न आपूर्तिकर्ताहरूबाट खरिद गरिएका त्रिपालहरूको गुणस्तर परीक्षणको लागि नेपाल गुणस्तर तथा नापतौल विभागमा पठाएको नमुनाको नतिजा मध्ये बानियाँ ट्रेडर्स, हिमशिखर सप्लाई एण्ड ट्रेडर्स, एस.पी. इन्टरप्राइजेज, रक्की इन्टरप्राइजेज र बाबा इन्टरप्राइजेजले आपूर्ति गरेको त्रिपालको नमुना परीक्षणको नतिजा आपूर्ति गरेको भनिए बमोजिमको गुणस्तरको नभई कम गुणस्तरको भएको व्यहोरा परीक्षण प्रतिवेदनबाट पुष्टि हुन आएको र सहरी विकास मन्त्रालयको च.नं. ६१७ मिति २०७२।१।१४ को पत्रानुसार हिमाल टेन्टस् प्रा.लि.पाटन औद्योगिक क्षेत्रले माता इन्टरप्राइजेज मार्फत सहरी विकास मन्त्रालयलाई उपलब्ध गराएको त्रिपालको रकम भुक्तानी समेतका विषयमा आपूर्तिकर्ताहरूसँग भएको सम्झौता सम्बन्धमा मन्त्रालयको पत्राचार/आदेश र प्रचलित कानून बमोजिम आवश्यक कारबाही गर्न आयोगको मिति २०७२।४।२७ को निर्णयानुसार सहरी विकास मन्त्रालयमा लेखी पठाइएको ।

## ५. भूमि सुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

(१). ललितपुर जिल्ला गोदावरी गा.वि.स. वडा नं. ८ स्थित हामीले परापूर्वकालदेखि भोगचलन गर्दै आएको कि.नं. ५०,७९,५१,५७,६५,५६,५८,७७,७८,७४,८८,६७ र ८९ का हदबन्दीभन्दा बढीका जग्गाहरू हामीले आ-आफ्नो नाममा दर्ता गरी पाउँ भनी गरेको निवेदन माथि बेवास्ता गरी मालपोत कार्यालय ललितपुरबाट कर्मचारीहरूको मिलेमतोद्वारा मोटो रकम लेनदेन गरी एकतर्फी रूपमा का.जि.का.म.न.पा. वडा नं. ३ बस्ने महेश शमशेर ज.ब.रा.का नाममा दर्ता गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा ललितपुर जिल्ला गोदावरी गा.वि.स. वडा नं. ८ स्थित उल्लेखित जग्गाहरू भूमिसम्बन्धी ऐन, २०२१ प्रारम्भ भएपछि जग्गाधनी पिताम्बर शम्शेरको वारेस भई जनकराज तुलाधरले पेश गरेको ७ नं. फाँटवारीमा

ललितपुर जिल्ला विशंखु गाविस अन्तर्गत मौजे विशंखु कि.नं. ३९ को विशंखु अम्बल मध्ये कोतेतार पाखो गोदावरी खेत समेत उल्लेख गरी पेश गरेको र फाँटवारीमा परेको हदबन्दीभन्दा बढी जग्गा मध्ये भूमिसम्बन्धी ऐन, २०२१ को दफा १३ को उपदफा ३ बमोजिम कुन जग्गा राख्ने र कुन जग्गा छोड्ने भनी जग्गा धनीले रोज्न पाउने सन्दर्भमा निज पिताम्बर शम्शेरका वारेस जनकराज तुलाधरले भूमिसुधार कार्यालय, ललितपुरमा मिति २०२२।११।३० मा छोड्ने जग्गा भनी पेश गरेको फाँटवारी विवरणको सि.नं. ७५ मौजा नं. ४९ मा लेखिएको व्यहोराबाट सो मौजे विशंखु कि.नं. ३९ को जग्गा नै छाड्नेमा राखेको देखियो भने मालपोत कार्यालय ललितपुरको मिति २०६६।११।१४ को निर्णयानुसार दर्ता भएका ललितपुर जिल्ला किटनी गाविस वडा नं. ८ कि.नं. ५० ७९, ५१, ५७, ६५, ५६, ५८, ७७, ७८, ७४, ८८, ६७ र ८९ का जग्गाहरू निज पिताम्बर शमशेरको नाउँबाट महेश शमशेरको नाउमा नामसारी दर्ता गर्ने निर्णय गरेको र सो निर्णय गर्दा सोही मौजे विशंखुको सोही र.प.नं. ३९ को लगत भिडाई दर्ता गरेको देखिएको र उक्त जग्गाहरू भूमिसुधार कार्यालय ललितपुरबाट मिति २०२३।९।१२ मा भएका निर्णय पर्चा बमोजिम हदबन्दीभन्दा बढी जग्गा भएका कारण नेपाल सरकारले प्राप्त गर्ने जग्गा अन्तर्गत परेको देखिएको अवस्थामा उक्त जग्गाहरू भूमि सम्बन्धी ऐन,२०२१ बमोजिम निज जग्गाधनीको कायम हुन/गर्न नमिल्ने भई नामसारी भई गएमा समेत जग्गा राख्न नमिल्ने पिताम्बर शमशेरको हकवाला महेश शमशेरको नाममा दर्ता गरेको देखिएकोले दर्तावाला जग्गाधनीबाट कुनै पनि समयमा हक हस्तान्तरण गर्न सक्ने अवस्था विद्यमान रहेको हुँदा भूमिसम्बन्धी ऐन,२०२१ अनुसार उल्लेखित जग्गाहरूलाई तत्काल रोक्का गरी सो सम्बन्धमा ३ महिनाभित्र प्रचलित कानून बमोजिम हदबन्दीसम्बन्धी कारबाही टुंग्याई सो को जानकारी आयोगमा पठाउन आयोगको मिति २०७२।५।१७ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

(२) भक्तपुर जिल्ला साबिक दिव्यश्वरी गा.वि.स.वडा नं. ३(ख) कि.नं. ३५, ४९, ५१, ५८ र ऐ वडा नं. ४(ख) कि.नं. ३१९ समेत जग्गाको हुँदै नभएको २०२३ सालको असुली कुशल भैरवथली सि.नं. ९४३/४३३ न.नं. १८३३ ३१ नं. मौजाको किर्ते लगत तयार गरी छुट जग्गा दर्ता गर्न खोजेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा साबिक दिव्यश्वरी गा.वि.स. वडा नं.३(ख) कि.नं. ३५,४९,५१,५८ र ऐ वडा नं.४(ख) कि.नं. ३१९ समेतको छुट जग्गा दर्ता माग गर्दा भिडाइएको साबिक दिव्यश्वरी कुशल भैरवथली सि.नं. ९४३/४३३ न.नं. १८३३ ३१ नं. को लगत किर्ते गरी पछि थप गरिएको परीक्षण प्रतिवेदनबाट पुष्टि भएकोले सो थप गरिएको लगत बमोजिमको कुनै पनि काम कारबाही नगर्ने नगराउने आवश्यक व्यवस्था मिलाउन आयोगको मिति २०७२।६।१५ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी पठाइएको ।

(३) मालपोत कार्यालय, पर्सा समेतको मिलेमतोमा जिल्ला पर्सा मसिहानी गा.वि.स. वडा नं. ६ कि.नं. १४४, १४५ र ऐ वडा नं. ५ को कि.नं. १७३ को सरकारी पर्ती जग्गा किर्ते गरी व्यक्तिको नाममा दर्ता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा पर्सा जिल्ला, मसिहानी गा.वि.स. वडा नं. ५ को कि.नं. १७३ र वडा नं. ६ को कि.नं. १४५ का जग्गाहरूको फिल्डबुकमा सर्वे नापीकै बखत किसान र जग्गाधनीको महल खाली, विरहमा पर्ती लेखिएको हुँदा उक्त जग्गाहरू मालपोत ऐन, २०३४

को दफा २ को देहाय (ख२) मा उल्लिखित सरकारी जग्गाभित्र पर्ने देखिंदा प्रचलित कानून बमोजिम नेपाल सरकारको नाममा दर्ता श्रेस्ता कायम गरी आयोगलाई जानकारी गराउन आयोगको मिति २०७२।६।१७ को निर्णयानुसार मालपोत कार्यालय, पर्सालाई लेखी पठाइएको।

(४) आफू मालपोत कार्यालय, सुनसरीमा ना.सु. पदमा कार्यरत रहेको अवस्थामा किर्ते लिखत तयार गरी एक व्यक्तिको जग्गा अर्को व्यक्तिबाट लिखत गरी बिक्री वितरण गरेको भन्ने उजुरीको अनुसन्धानको सिलसिलामा विशेष प्रहरी विभागले म बाट रु. ५,०००।- धरौट माग गरिएकोमा तत्काल नगद धरौट राख्न नसकी श्रीमती लावन्यबालादेवी चापागाईंको नाममा दर्ता कायम रहेको झापा जिल्ला साबिक अनारमनी गा.वि.स. वडा नं. ४(ग) कि.नं. १०५९ को क्षेत्रफल ०-१-० जग्गा जेथा धरौटी राखेकोमा सो विषयमा २०५२ सालमै संलग्न कर्मचारीलाई विभागीय कारबाही भै टुंगो लागिसकेकोले मेरी श्रीमतीको नाममा रहेको उल्लिखित जग्गा रोक्का फुकुवा गरी पाउँ भनी प्रकाशचन्द्र चापागाईंले दिएको निवेदन सम्बन्धमा अनुसन्धान हुँदा लावन्यबालादेवी मैनाली चापागाईंको नाममा रहेको उल्लिखित कि.नं.को जग्गा विशेष प्रहरी विभागको च.नं. ६३ मिति २०५१।५।८ को पत्रानुसार मालपोत कार्यालय, झापाबाट रोक्का रहेको देखियो । प्रकाशचन्द्र चापागाईं उपर विशेष प्रहरी विभागको च.नं. ४७ मिति २०५१।९।१७ को पत्रबाट विभागीय कारबाही गरी जानकारी पठाउने भनी मालपोत विभाग, बबरमहलमा लेखी पठाइएकोमा उक्त विभागबाट सतर्क रही काम गर्नुपर्नेमा नभएको हुँदा आइन्दा सतर्कतापूर्वक कार्य गर्ने गरी सचेत गराउन मिति २०५४।४।२८ मा भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा पेश भई उक्त मन्त्रालयबाट सम्बन्धित कर्मचारीहरूलाई निजामती सेवा ऐन, २०४९ को दफा ५९(१) अनुरूप नसिहत दिन लोकसेवा आयोगको परामर्श लिई पेश गर्ने भनी निर्णय भएको तर लोकसेवा आयोगबाट राय परामर्श लिएको नदेखिएको र विभागीय कारबाही गर्ने तत्कालीन फाँट प्रमुख लगायत सहायक कर्मचारी धेरै वर्षअघि अवकाश पाइसकेको हुँदा के-कसको लापरबाहीबाट विभागीय कारबाही नभएको हो भनी यकिन जानकारी लिन कठिनाइ भएको भनी भूमिसुधार तथा व्यवस्थापन विभागको च.नं. ७१५ मिति २०७२।९।१२ को पत्रबाट लेखी आएको देखियो । विभागीय कारबाहीका लागि लेखिएका कर्मचारीहरू मालपोत अधिकृत रेशमबहादुर थापा र ना.सु. गणेश पोखेल अवकाश भइसकेका तथा प्रकाशचन्द्र चापागाईं समेत अवकाश भइसकेको निवेदन साथ निजले पेश गरेको अवकाश कर्मचारीको परिचयपत्रको प्रतिलिपिबाट देखिएकोले निज प्रकाशचन्द्र चापागाईंलाई हाल विभागीय कारबाही गर्न सकिने स्थिति र अवस्था समेत नहुँदा विशेष प्रहरी विभागको च.नं. ६३ मिति २०५१।५।८ को पत्रबाट रोक्का रहेको निवेदककी श्रीमतीको नाममा रहेको झापा जिल्ला साबिक अनारमनी गा.वि.स. वडा नं. ४(ग) कि.नं. १०५९ को क्षेत्रफल ०-१-० जग्गा प्रस्तुत सन्दर्भमा रोक्का राखी रहनुपर्ने अवस्था नदेखिएकोले अन्य कारणले रोक्का राख्न पर्नेमा बाहेक सो जग्गा फुकुवा गरिदिनका लागि आयोगको मिति २०७२।१०।१७ को निर्णयानुसार सम्बन्धित निकायमा पत्राचार गरिएको ।

(५) जिल्ला बारलुङ बिहुँ गा.वि.स. वडा नं. ४ स्थित कि.नं. ६९४ को सार्वजनिक गौचर जग्गा व्यक्तिको नाममा दर्ता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा अनुचित कार्यबाट व्यक्तिको नाममा दर्ता भएको जिल्ला बारलुङ, बिहुँ गा.वि.स. वडा नं.४ स्थित कि.नं.६९४, क्षे.फ. ४-११-

२-० को जग्गाको सम्बन्धमा प्रचलित कानून बमोजिमको निर्णय गरी सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्न आयोगको मिति २०७२।१०।१७ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी पठाइएको।

(६) हिमालयन बैंक लि.ले नेपाल स्टिल प्रा.लि.लाई दिएको ऋण असुलीका क्रममा रोक्का राखेका जग्गाहरू बैंकको स्वीकृति बेगर मालपोत कार्यालय, चाबहिलले फुकुवा गरेको भन्ने समेतको विषयमा अनुसन्धान हुँदा हिमालयन बैंक लि.ले नेपाल स्टिल प्रा.लि.लाई दिएको ऋण असुलीका क्रममा नेपाल स्टिल प्रा. लि.का नाममा कायम रहेको जग्गा बिगाह २-१३-११-४ र सो मा रहेको मिल र मेसिनरी समेत रोक्का राखी ऋण लगानी र असुली गरेको देखियो। नेपाल स्टिल प्रा.लि. ऋण भुक्तानी गर्न नसकेको अवस्था भएबाट उक्त बैंकले ऋण असुलीका लागि ऋण असुली न्यायाधिकरणमा उजुरी निवेदन गरेको र ऋण असुली न्यायाधिकरणबाट मिति २०६७।१।१२ मा कर्जा सुरक्षण बापत धितोमा रहेको जेथाबाट भराई दिनुपर्ने सो बाट बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम नेपाल स्टिल प्रा.लि. को अन्य चल अचल जायजेथाबाट भराई दिनुपर्ने र सो बाट समेत बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम व्यक्तिगत जमानी दिनेहरूको जायजेथाबाट प्रचलित कानून बमोजिम भराई दिनुपर्ने गरी फैसला भएको पाइयो ।सो फैसला पश्चात हिमालयन बैंक लि. ले उक्त नेपाल स्टिल प्रा.लि.का सञ्चालकहरूको मात्र सम्पत्ति रोक्का राख्नुपर्नेमा छुट्टिभिन्न भएको पिताका नाममा रहेको सम्पत्ति पनि रोक्का राखेको कार्य ऋण असुली न्यायाधिकरणको फैसला बमोजिम भए गरेको नदेखिंदा अनुसन्धानका क्रममा च.नं.११६० मिति २०७१।९।९ को पत्रद्वारा रोक्का राखिएको कि.नं.७२ र कि.नं.७३ का जग्गाहरू रोक्का राखिरहन उपयुक्त नदेखिएकोले अन्य कुनै कारणले रोक्का राख्नुपर्नेमा बाहेक प्रस्तुत विषयबाट फुकुवा गरी दिनका लागि आयोगको मिति २०७२।११।२७ को निर्णयानुसार सम्बन्धित कार्यालयमा लेखी पठाइएको।

(७) साबिक नापी बमोजिम पिता बलदेव शम्शेर ज.ब.रा. को नाममा दर्ता भएको साबिक पर्सा जिल्ला छपकैया गा.वि.स. वडा नं.१ शीतलपुर हाल वीरगञ्ज उपमहानगरपालिका वडा नं. १ को कि.नं. ६० र १८४ को क्रमशः क्षेत्रफल १-१८-० र ०-११-१० को जग्गा नयाँ नापी टोलीबाट नाप नक्सा हुँदा नापी विभागका कर्मचारी रमेश राजभण्डारीले पदीय दुरुपयोग गरी आफ्नो पिता चन्द्र राजभण्डारीको नाममा नापी गराई दर्ता समेत गराएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा चन्द्र राजभण्डारीले साबिक कि.नं.१८४ भिडाई नापीको बखतमै दर्ता पुर्जा लिई हाल साबिक गराउन मालपोत कार्यालयमा निवेदन दिई कारबाही चलिरहेकोमा चन्द्र राजभण्डारीले मिति २०७१।१२।१५ मा मालपोत कार्यालय, पर्सामा उपस्थित भई, मैले प्राप्त गरेको जग्गाधनी प्रमाण पुर्जा साबिक शीतलपुर छपकैया वडा नं. १ कि.नं.१८४ संकेत नं. भिडी दर्ता भएको जग्गा मालपोत कार्यालयमा रहेको मोठ श्रेस्ता भिडाउँदा उक्त कि.नं. १८४ को जग्गा काठमाडौं जिल्ला थापाथली बस्ने बलदेव शम्शेरको नाममा साबिक मोठ श्रेस्ता कायम रहेको थाहा हुन आएकोले मेरो नाममा कायम भएको दर्ता श्रेस्ता खारेज गरी बलदेव शम्शेरको हकदारको नाममा प्रमाणको आधारमा जग्गा दर्ता अद्यावधिक गरिदिएमा मेरो पूर्ण मञ्जुरी छ भन्ने निवेदन पेश गरी मञ्जुरी सनाखतको कागज गरिदिएको देखियो भने कि.नं. ६० को जग्गाका सम्बन्धमा अरुणकुमार अग्रवालको नाउँमा म्याद जारी भई मिति

२०७०।४।३१ मा बलदेव शम्शेर ज.ब.रा. का नामको साबिक नापी बमोजिम कायम कि.नं. ६० को जग्गा नयाँ नापी हुँदा हाल मेरो नाममा भिडेका कित्ताहरू मध्ये केहि कित्ताको फिल्डवुकमा भुलले मेरो नाउ जनिएको हो। सो कित्ता मेरो नम्वरी भोगमा छैन । साबिक प्रमाण अनुसार जे जसको हुनुपर्ने हो सो बमोजिम गरी गराई लिए दिएमा मेरो तर्फबाट कुनै बाधा विरोध छैन भनी अरुणकुमार अग्रवालले आफ्नो दाबी छाडी मञ्जुरी गरेको देखियो। अतः प्रस्तुत उजुरी निवेदनमा उल्लेखित विषयका सम्बन्धमा मालपोत कार्यालय, पर्साबाट प्रचलित कानून बमोजिम निर्णय लिन सक्ने नै अवस्था रहे भएको देखिएको हुँदा आयोगको च.नं. ८७१ मिति २०७०।६।९ को पत्रबाट उल्लेखित जग्गाको रोक्का फुकुवा गरी बलदेव शम्शेरका हकदार प्रजय शम्शेर ज.ब.रा. समेतले मालपोत कार्यालय, पर्सामा हाल साबिक गरी पाउँ भनी दिएको निवेदनका सम्बन्धमा जो जे बुझ्नुपर्ने हो बुझी कानून बमोजिम गर्नु भनी आयोगको मिति २०७३।१।५ को निर्णयानुसार मालपोत कार्यालय, पर्सालाई लेखी पठाइएको ।

(८) निवेदक नवीन राणाले आफ्नो नाममा रहेको का.जि. गोठाटार गा.वि.स. वडा नं. ४ सिट नं. १०२-१११०-७ कि.नं. २२२ क्षे.फ. ०-२-३-२ को जग्गा आयोगको मिति २०६६।५।१२ च. नं. १८८ को पत्रबाट रोक्का रहेको हुँदा उक्त कि.नं. को जग्गा फुकुवा गरी पाउँ भनी दिएको निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा निवेदकको नामको जग्गा आयोगको कारबाही अन्तर्गत रोक्का राखिराख्नु पर्ने आधार र कारण नदेखिएकोले अन्य कारणले रोक्का राख्नुपर्नेमा बाहेक फुकुवा गरिदिन आयोगको मिति २०७३।१।७ को निर्णयानुसार मालपोत कार्यालय, चाबहिल, काठमाडौंलाई लेखी पठाइएको ।

(९) काठमाडौं जिल्ला, का. म. न. पा. वडा नं. १, नक्साल बस्ने प्रेममान डंगोलले आफ्ना स्व. पिता कृष्णमान डंगोलको नाममा रहेको ललितपुर जिल्ला, बाँडेगाउँ वडा नं. ८क. कि. नं. १३१ क्षे.फ. २-४-२ जग्गा विशेष प्रहरी विभाग, सिंहदरबारको च. नं.११४९ मिति २०४०।६।२५ को पत्रले रोक्का रहेकोमा हालसम्म फुकुवा नभएकोले रोक्का फुकुवा गरी पाउँ भनी मिति २०७०।१२।१३ मा र आफ्ना पिता साबिकमा शाही नेपाली सेनामा संगीत निर्देशकको पदमा कार्यरत रहेको र निज स्वयंलाई विशेष प्रहरी विभागबाट कुनै कारबाही चलेको नभई पिताले आफ्ना कुनै मित्रको लागि उक्त जग्गा जेथा जमानीमा राखिदिएको अवस्था भएकोले आफ्ना स्व. पिता कृष्णमान डंगोलको नाममा रहेको उक्त जग्गाको रोक्का फुकुवा गरी पाउँ भनी पुनः मिति २०७२।१२।१७ गते दिएको निवेदनहरूका सम्बन्धमा अनुसन्धान हुँदा निवेदक प्रेममान डंगोलले दिएको निवेदन व्यहोराबाट निजका पिता साबिकमा शाही नेपाली सेनामा संगीत निर्देशकको पदमा कार्यरत रहेको र निज स्वयंलाई विशेष प्रहरी विभागबाट कुनै कारबाही चलेको भन्ने देखिन नआएको, निवेदन व्यहोराबाट निजले अन्य व्यक्तिका लागि उक्त जग्गा धितो राखिदिएको भन्नेसम्म देखिन आएको, जग्गा रोक्का रहेका निज कृष्णमान डंगोलको मिति २०६२।४।२२ मा निधन भएको तथ्य निवेदकले पेश गरेको मृत्यु दर्ताको प्रमाणपत्रको फोटोकपीबाट देखिएको, उक्त जग्गा विशेष प्रहरी विभाग, सिंहदरबारको च.नं.११४९ मिति २०४०।६।२५ को पत्रले रोक्का रहेको देखिए तापनि साबिकको विशेष प्रहरी विभागले यस आयोगमा पठाएका कागज पत्रहरूको अभिलेखबाट पनि निज कृष्णमान डंगोलका सम्बन्धमा र उक्त जग्गा रोक्का सम्बन्धमा कुनै अभिलेख विवरण रहेको नदेखिएको, निवेदक तथा निवेदकका पिता कृष्णमान डंगोल उपर कुनै मुद्दा चलेको वा कुनै अड्डा अदालतबाट कुनै कसुर ठहर भएको भन्ने समेत अभिलेखबाट देखिन खुल्न नआएको हुँदा उक्त

जग्गा रोक्का राखी रहनुपर्नेसम्मको कुनै मनासिव आधार, कारण र अवस्था समेत देखिन नआएको हुँदा साबिकको विशेष प्रहरी विभाग, सिंहदरबारको च. नं.११४९ मिति २०४०।६।२५ को पत्रबाट हालसम्म रोक्का रहेको कृष्णमान डंगोलको नामको ललितपुर जिल्ला, बाडेगाउँ वडा नं. ८क. कि. नं. १३१ क्षे. फ. २-४-२ जग्गा रोक्का अन्य कारणले रोक्का राख्नुपर्नेमा बाहेक फुकुवा गरिदिनको लागि आयोगको मिति २०७३।१।७ को निर्णयानुसार सम्बन्धित निकायमा लेखी पठाइएको।

(१०) कैलाली जिल्ला, श्रीपुर गा.वि.स. वडा नं. ५ बस्ने भोला सिं चौधरीले आफ्नो दाजु कृष्णबहादुर चौधरी २०३८ साल तिर टि. सि. एन. आयोजना कार्यालय, कैलालीमा कार्यरत रहँदा रु.१३२५। बढी निकाली लिए खाएको भन्ने विषयको अनुसन्धानको सिलसिलामा विशेष प्रहरी विभाग, डोर मुकाम, धनगढीले मेरा नाममा रहेको कैलाली जिल्ला, तारानगर ४ग. कि. नं. १३१ क्षे. फ. ०-४-० बिगाहा जग्गा मिति २०३८।८।१ मा रोक्का राखेको र टि. सि. एन. कार्यालय, धनगढीमा सो बारेमा बुझ्दा कुनै कागजात समेत फेला पर्न नसकेको, मिति २०७१।३।२६ मा दाजु कृष्णबहादुर चौधरीको निधन भइसकेको अवस्था हुँदा उक्त जग्गा फुकुवा गरी पाउँ भन्ने समेतको व्यहोरा खुलाई मिति २०७२।१२।१४ मा दिएको निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा उक्त जग्गा विशेष प्रहरी विभाग, डोर मुकाम, धनगढी उल्लेख भै कार्यालयको रोक्का डायरीमा मिति २०३८।८।१ मा रोक्का राखिएको र सो सँग सम्बन्धित अन्य कुनै कागजात कार्यालयमा नभएकोले उक्त जग्गा यथावत रोक्का राख्नुपर्ने हो वा फुकुवा गर्नुपर्ने हो रोक्का डायरीको फोटोकपी साथै राखी निर्देशन पाउँ भनी मालपोत कार्यालय, धनगढी, कैलालीको च.नं. ७९०१ मिति २०७२।१२।४ को पत्र समेत प्राप्त हुन आएको पाइयो। निवेदकले रोक्का फुकुवा गरी पाउँ भनी निवेदनसाथ पेश गरेका कागजातबाट उक्त जग्गा विशेष प्रहरी विभाग, डोर मुकाम, धनगढीबाट रोक्का राखिएको देखिएको र कृष्णबहादुर चौधरी टि. सि. एन. आयोजना कार्यालय, कैलालीमा कार्यरत रहँदाका अवस्थामा रु.१३२५।- रकम झिकी खाएको भन्ने विषयमा निज उपर दि टिम्बर कर्पोरेसन अफ नेपाल, हेटौंडाले मिति २०४०।१।२९ मा स्पष्टीकरण पेश गर्ने भनी स्पष्टीकरण सोधनी भै कारबाही चलेको भन्ने देखिए पनि सो विषयमा निजउपर थप के कस्तो कारबाही भई टुंगो लागेको हो सो को कुनै थप अभिलेख प्राप्त हुन सकेको देखिएन। रोक्का रहेको जग्गा विशेष प्रहरी विभाग, डोर मुकाम, धनगढीबाट रोक्का रहेको भन्ने देखिए तापनि निवेदकले जसका लागि जग्गा धितो राखेको र रोक्का राखिएको हो निज कृष्णबहादुर चौधरी उपरको कारबाहीको अभिलेख देखिएन। साबिकको विशेष प्रहरी विभागको यस आयोगमा रहेका कागजपत्रहरूका अभिलेखमा हेर्दा कृष्णबहादुर चौधरीका सम्बन्धमा कुनै अभिलेख विवरण अभिलेखीकरण भएको पनि देखिएन। निवेदक तथा निवेदकका दाजु उपर कुनै मुद्दा चलेको वा कुनै अड्डा अदालतबाट कुनै कसुर ठहर भएको भन्ने समेत अभिलेखबाट नदेखिएको तथा कृष्णबहादुर चौधरीको मिति २०७१।३।२६ मा मृत्यु भइसकेको भन्ने समेत देखिएको हुँदा उक्त जग्गा रोक्का राखी रहनुपर्नेसम्मको कुनै मनासिव आधार, कारण र अवस्था समेत देखिन नआएको हुँदा साबिकको विशेष प्रहरी विभाग, डोर मुकाम, धनगढीबाट मिति २०३८।८।१ मा रोक्का रही हालसम्म फुकुवा हुन नसकेको निवेदक भोजा सिं चौधरीका नामको कि.नं.१३१ क्षे. फ. ०-४-० बिगाहा जग्गा अन्य कारणले रोक्का राख्नुपर्नेमा बाहेक फुकुवा गरिदिनका लागि आयोगको मिति

२०७३।१।७ को निर्णयानुसार सम्बन्धित निकायमा लेखी पठाइएको ।

(११) भूमिसुधार कार्यालय, बाराबाट हदबन्दीमा रोक्का रहेका विशुनदयाल साह तेलीको नाममा रहेका बारा जिल्ला गडवाल गा.वि.स.समेतका जग्गाहरू रोक्का रहेकै अवस्थामा मालपोत कार्यालय, बाराले दा.खा. नामसारी गरेको भन्ने समेतको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा बारा जिल्ला गडवाल गा.वि.स. वडा नं ६ बस्ने जवाहरप्रसाद साह तेली समेतको दा.खा. गरी पाउँ भन्ने व्यहोराको मिति २०४३।३।३१ मा दिएको निवेदन उपर मालपोत कार्यालय, बाराका तत्कालीन प्रमुख मालपोत अधिकृत गेहनाथ भण्डारीले मिति २०५५।६।२ को निर्णय पर्चाबाट भू.सु.का. बाराको मिति २०५५।३।२२ को पत्रबाट भू.सु. ऐन, २०२१ को दफा ७ अन्तर्गत हदबन्दीमा कारबाही चलिरहेको भन्ने देखिएको र दा.खा. सम्बन्धी माग भएको जग्गा यस कार्यालयको रोक्का रेकर्डमा रोक्का रहेको हुँदा रोक्का फुकुवा भएका बखत दा.खा. सम्बन्धी कारबाही हुने नै हुँदा हाललाई दा.खा. गर्न मिलेन भन्ने समेतको निर्णय गरेको देखिएकोमा मालपोत कार्यालय, बाराको उक्त निर्णय उपर बारा जिल्ला अदालत, कलैयामा मुद्दा परी उक्त अदालतको च.नं. २२५४, मिति २०५५।७।२५ पत्रसाथ मालपोत कार्यालय, बारामा आदेश प्राप्त भएपछि सोही विषयमा मालपोत कार्यालय, बाराबाट मिति २०५५।८।२० मा पुनः न्यायपालिकाको आदेश मान्नुपर्ने बाध्यात्मक व्यवस्था नेपाल अधिराज्यको संविधान, २०४७ को भाग ११ धारा ९६(१) ले व्यवस्था गरेको हुँदा निवेदकको बण्डा (अदालतबाट भएको) अनुसार मागदाबीको जग्गाहरू कृषि विकास बैंकबाट रोक्का भएका कित्ताहरूको हकमा रोक्का फुकुवा भएका बखत कारबाही गर्ने, ऐलानी कित्ताहरूको हकमा केही गर्न नपर्ने, अन्य बण्डापत्रमा उल्लेख भएका कित्ताहरू निवेदकहरूका नाउँमा दा.खा. गर्न हालसम्मको मालपोत बक्यौता रहेको देखिएको हुँदा सम्बन्धित गा.वि.स.ले मालपोत लिने हुँदा सम्बन्धित गा.वि.स.हरूलाई बक्यौता मालपोत असुल गर्न जानकारी दिने। निवेदकहरूले मालपोत तिरेको रसिद पेस गरेपछि नियमानुसार दा.खा. गरिदिने र हदबन्दी प्रयोजनको लागि निवेदकहरूको नाउँमा दा.खा. भएपछि दा.खा. हुने व्यक्तिहरूका नाउँबाट पुनः रोक्का राख्ने भन्ने समेतको निर्णय भएको र मालपोत कार्यालय, बाराका तत्कालीन प्रमुख मालपोत अधिकृत गेहनाथ भण्डारी समेतको निर्णयबाट विशुनदयाल साह तेलीको नाममा दर्ता रहेको बारा जिल्ला, गडवाल गा.वि.स. समेतका जग्गाहरू मिति २०५५।८।२० मा जवाहरप्रसाद साह तेली समेतका नाउँमा नामसारी दा.खा. गरिदिने र हदबन्दी सम्बन्धी कारबाही प्रयोजनको लागि दा.खा. भइसकेपछि दा.खा. हुने व्यक्तिहरूका नाउँबाट पुनः रोक्का राख्ने गरी बारा जिल्ला अदालतको आदेशानुसार भएको निर्णयलाई अन्यथा मान्न नसकिए पनि विगत लामो समयदेखि जिल्ला बारा, गडवाल गा.वि.स. वडा नं. ६ बस्ने विशुनदयाल साह तेलीको नामको जग्गा सम्बन्धमा भूमिसम्बन्धी ऐन, २०२१ मा भएको व्यवस्था बमोजिम हदबन्दीसम्बन्धी कारबाही भूमिसुधार कार्यालय, बारामा विचाराधीन रही हालसम्म पनि टुंगो लागेको नदेखिएकोले जो जे बुझ्नुपर्ने हो बुझी प्रचलित कानून बमोजिम हदबन्दीसम्बन्धी कारबाही किनारा यथाशीघ्र गर्नको लागि आयोगको मिति २०७३।१।२३ को निर्णयानुसार भूमिसुधार कार्यालय, बारालाई लेखी पठाइएको ।

(१२) यस आयोगको मिति २०७२।११।११ को निर्णयानुसार तत्कालीन श्री ५ को सरकारद्वारा गठित सरकारी तथा सार्वजनिक जग्गा संरक्षणसम्बन्धी उच्चस्तरीय आयोग (रावल आयोग) ले

दिएको प्रतिवेदन, २०५२ को कार्यान्वयनको अवस्था, भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम हदबन्दीभन्दा बढी भई प्राप्त भएका एवं जफत भएका जग्गाको कार्यान्वयनको अवस्था तथा काठमाडौं उपत्यकाभित्र रहेका वागमती, विष्णुमती, धोबिखोला, मनोहरा नदीका जग्गाको अतिक्रमण सम्बन्धमा अध्ययन, छानबिन हुँदा भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम हदबन्दीभन्दा बढी जग्गा राख्ने जग्गावालाहरूको त्यस्तो बढी जग्गा सोही कानून बमोजिम नेपाल सरकारको नाममा प्राप्त भएको र जग्गावालाले ७ नं. फाँटवारी पेश गर्दा फाँटवारीमा नदेखाई लुकाई वा झुठा विवरण पेश गरी नेपालभित्रका ३८ जिल्लामा राखेका जग्गा जफत भएको देखियो। ती जग्गामध्ये भूमिसम्बन्धी ऐन, २०२१ तथा भूमिसम्बन्धी नियमहरू, २०२१ बमोजिम प्राप्त वा जफत गरी बिक्री वितरण गर्न बाँकी रहेका उल्लिखित ३८ जिल्लाका जग्गाहरू मध्ये हालसम्म २९ जिल्लाहरूबाट मात्र विवरण प्राप्त हुन आई ९ जिल्लाको विवरण प्राप्त हुन बाँकी रहेको देखियो। २९ जिल्लाबाट प्राप्त विवरण अनुसार भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम हदबन्दीभन्दा बढी जग्गा भई प्राप्त गरिएका वा फाँटवारी पेश गर्दा लुकाई वा झुठा विवरण पेश गरी जफत गरिएका र बिक्री वितरण गर्न बाँकी रहेको जग्गाको क्षेत्रफल तराईतर्फ ५२२३-०८-०० बिगाहा र पहाडतर्फ ६२६५-०-२-२ रोपनी रहेको व्यहोरा आयोगलाई जानकारी भयो। हदबन्दीभन्दा बढी भई प्राप्त भएका एवं ७ नं. फाँटवारीमा नदेखाई लुकाएका वा झुठा विवरण पेश गरी जफत भएका जग्गाहरूको श्रेस्ता नेपाल सरकारको नाममा कायम गर्नका लागि भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाउने भनी यस आयोगबाट मिति २०७१।१२।१३ मा निर्णय भई सो अनुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइसकेको अवस्था समेत रहेको देखिएकोले विवरण प्राप्त हुन बाँकी रहेका ९ जिल्लाबाट समेत यथाशीघ्र विवरण प्राप्त गरी सो जग्गाहरूलाई नेपाल सरकारको नाममा ल्याई आवश्यक व्यवस्थापनका लागि आयोगको मिति २०७३।२।२६ को निर्णयानुसार नेपाल सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी पठाइएको।

(१३) यस आयोगमा साझा यातायात सहकारी संस्था लिमिटेडका अध्यक्ष कनकमणि दीक्षितका उपरमा परेको सम्पत्तिसम्बन्धी उजुरीको अनुसन्धान गर्ने सिलसिलामा स्वर्गीय रानी जगदम्बा कुमारी देवी राणाबाट स्थापित "जगदमबा दातव्य औषधालय" र "मदनधारा समिति" को नाममा रहेको जग्गाका सम्बन्धमा अनुसन्धान हुँदा श्री जगदम्बा दातव्य औषधालय जगदम्बा कुमारी देवीको निजी प्रयासमा तेह्रथुम जिल्ला संक्रान्ति आठराईस्थित श्री जगदम्बा दातव्य औषधालय स्थापना भएको र सो औषधालयका नाममा मोरङ जिल्ला दुलारी गा.वि.स. वडा नं.५ग र ५घ अन्तर्गत क्षेत्रफल बिगाहा ४८-१२-०८ एवं ताप्लेजुङ जिल्ला निघुराधिन गा.वि.स. वडा नं.१ अन्तर्गत क्षेत्रफल रोपनी ५३-१३-०-३ जग्गा दर्ता रहेको र जगदम्बा दातव्य औषधालय सञ्चालनका लागि तत्कालीन श्री ५ को सरकारको मिति २०२९।३।२८ को निर्णयानुसार प्रमुख जिल्ला अधिकारी, तेह्रथुमको अध्यक्षतामा रानी जगदम्बाका प्रतिनिधि, औषधालयका प्रमुख र जिल्ला पञ्चायतको प्रतिनिधि सदस्य रहेको चार सदस्यीय सञ्चालक समिति गठन भएकोमा उक्त समितिलाई पुनर्गठन गरी नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६९।१०।२६ र स्वास्थ्य सेवा विभागको मिति २०६९।११।३ को निर्णयबाट प्रमुख जिल्ला अधिकारी जिल्ला प्रशासन कार्यालय, तेह्रथुमको अध्यक्षतामा रानी जगदम्बाको प्रतिनिधि कमलमणि दीक्षित, जिल्लाका वरिष्ठ राजनीतिक प्रतिनिधि-तुलसी सुब्बा, व्यवस्थापनविद्

डा.ओमकृष्ण सिटौला, तुलसीप्रसाद दाहाल, डम्बरबहादुर इङनाम, विष्णुमाया लिम्बु, औषधालयका प्रमुख सदस्य रहेको समिति गठन गरेको देखियो ।नेपाल सरकारले प्रमुख जिल्ला अधिकारी जिल्ला प्रशासन कार्यालय, तेह्रथुमलाई हालसम्म संस्थाको कुनै वैधानिकता नदेखिएकोले पुनर्गठित सञ्चालक समितिले संस्था सञ्चालनको निमित्त आवश्यक कानूनी हैसियत प्राप्त गर्न संस्था सञ्चालनको आवश्यक प्रक्रिया अगाडि बढाउने भनी निर्देशन समेत दिएको र यसै क्रममा जिल्ला प्रशासन कार्यालय, तेह्रथुमबाट मिति २०७०।९।७ को पत्रबाट उक्त जगदम्बा दातव्य औषधालयलाई कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित श्री जगदम्बा दातव्य औषधालय (मुनाफा वितरण नगर्ने कम्पनीको रूपमा) स्वास्थ्य मन्त्रालयको आवश्यक सहमति लिई दर्ता गर्ने भनी मिति २०७०।९।५ मा सञ्चालक समितिले निर्णय गरेको हुँदा उक्त जगदम्बा दातव्य औषधालयलाई मुनाफा रहित कम्पनीको रूपमा दर्ता गर्न मिल्ने नमिल्ने वा संस्थालाई कुन हैसियतमा सञ्चालन गर्न उपयुक्त हुन्छ राय उपलब्ध गराई दिनुहुन भनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको राय माग गरेको देखियो ।सो सम्वन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिति २०७०।९।१९ को पत्रबाट यस मन्त्रालयको मिति २०६९।१०।२६ को निर्णय अनुसार जगदम्बा दातव्य औषधालयको कुनै वैधानिकता नदेखिएकोले पुनर्गठित सञ्चालक समितिले संस्था सञ्चालनको निमित्त आवश्यक कानूनी हैसियत प्राप्त गरी संस्था सञ्चालनको प्रक्रिया अगाडि बढाउने भनी स्वास्थ्य सेवा विभागको मिति २०६९।११।३ को पत्रबाट लेखिए बमोजिम जगदम्बा दातव्य औषधालय कम्पनी ऐन, २०६३ अन्तर्गत कम्पनीमा संस्थापन गर्नका लागि कमलमणि दीक्षित श्री दरबार टोल पाटन ढोका, ओमकृष्ण सिटौला संक्रान्ति बजार तेह्रथुम, डम्बरबहादुर इङनाम इवा-६ तेह्रथुम, कुलप्रसाद काफ्ले डाँडागाउँ-६ तेह्रथुम, विष्णुकुमारी लिम्बु संक्रान्तिबजार-५ तेह्रथुम, तुलसीप्रसाद दाहाल संक्रान्तिबजार-६ तेह्रथुम र तुलसी सुब्बा-म्याङलुङ तेह्रथुमले कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरमा मिति २०७०।१२।२७ मा निवेदन दिएको र कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७१।१।४ मा दर्ता नं.१२१६४५/७०/७१ मा श्री जगदम्बा दातव्य औषधालय कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको देखियो । यसरी दर्ता भएको जगदम्बा दातव्य औषधालय नामको मुनाफा वितरण नगर्ने कम्पनीको प्रबन्धपत्र अध्ययन गर्दा प्रबन्धपत्रको दफा ६ को उपदफा (१) को खण्ड (घ) बमोजिम नेपाल राज्यका विभिन्न मालपोत कार्यालयहरूमा जगदम्बा दातव्य औषधालयको नाममा दर्ता भएको जग्गा-जमिन, भवनहरू कम्पनीको प्रारम्भिक पुँजी तथा सम्पत्तिको रूपमा रहने व्यवस्था भएको र त्यस्तो सम्पत्ति सोही प्रबन्धपत्रको दफा ५ को उपदफा (१) र (२) बमोजिम सल्लाहकार समितिको सहमतिमा कम्पनीले बिक्री गर्न सक्ने अवस्था रहेको र कम्पनीले श्री जगदम्बा दातव्य औषधालयको नाममा ताप्लेजुङ जिल्ला निघुराधिन गा.वि.स. र मोरङ जिल्ला दुलारी गा.वि.स. अन्तर्गत रहेका जग्गाहरूको रु.१०,०१,०९,६८२।- मूल्यांकन गरी कम्पनीको पुँजी अन्तर्गत समावेश गरेको समेत मिति २०७१।१०।२४ को स्वतन्त्र लेखापरीक्षणको प्रतिवेदनबाट देखियो। यसरी हालसम्म भेटिएको उल्लेखित तथ्यगत आधारहरूलाई मध्यनजर गर्दा औषधालय स्थापना गर्ने दाताबाट औषधालयको कामको लागि एउटा समितिको पनि गठन गर्नु होला। त्यस समितिमा मेरातर्फबाट एक जना सदस्य मेरा सेक्रेटरी श्री कमलमणि दीक्षितलाई राखिदिनु होला। औषधालयसम्बन्धी ज्यावद जिम्मेवारी पछि परन्तुसम्म औषधालय समितिमाथि

नै रहने छ, पछि परन्तुसम्म औषधालय सुचारु रूपले चल्न सक्ने गर्नालाई पैसाको प्रबन्ध सुयोग्य तरिकाले गर्नु गराउनु होला भन्ने मनसाय व्यक्त भएको अवस्था र औषधालय सञ्चालनका लागि साबिकमा तत्कालीन श्री ५ को सरकारबाट समिति गठन गरी नेपाल सरकारको दायित्व अन्तर्गत लिएको अवस्थामा त्यस्तो समितिलाई विस्थापित गर्ने तथा श्री जगदम्बा दातव्य औषधालयको नाममा रहेको सम्पत्तिलाई कम्पनी ऐन, २०६३ अन्तर्गत दर्ता भएको कम्पनीको स्वामित्व कायम गर्ने तथा त्यस्तो कम्पनीले औषधालयको नाममा रहेको जग्गा समेत बिक्री वितरण गर्न सक्ने गरी दाताको इच्छा विरुद्ध समितिको सदस्यमा राखिनुपर्ने व्यक्ति निज कमलमणि दीक्षितलाई समितिको अध्यक्ष नै बनाउने गरी श्री जगदम्बा दातव्य औषधालयलाई कम्पनी ऐन, २०६३ अन्तर्गत दर्ता गर्ने गराउने गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग र कम्पनी रजिष्ट्रारको कार्यालयबाट भए गरेको कार्यलाई उपयुक्त मान्न सकिने अवस्था देखिएन ।

मदनधारा औषधालय मोरङ जिल्ला दुलारी गा.वि.स. वडा नं. ५ग अन्तर्गत क्षेत्रफल बिगाहा ७-०-१२ जग्गा मदनधारा समितिको नाममा दर्ता रहेको तर मदनधारा समिति के-कुन कार्यका लागि कुन समयमा स्थापना भएको हो भन्ने सम्बन्धमा कुनै प्रमाण पेश भएको अवस्था रहेको देखिएन ।मदनधारा समिति गठन गरी पाउँ भनी कमलमणि दीक्षित ल.पु.उ.म.न.पा. समेतले कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७०।९।२ मा निवेदन पेश गरेको र मदनधारा समिति मिति २०७०।१०।२९ मा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं.११९६४४/०७०/७१ मा दर्ता भएको देखियो ।मदनधारा समितिको स्वीकृत प्रबन्धपत्रको दफा ६ को कम्पनीको प्रारम्भिक पुँजी रकम शीर्षक अन्तर्गत उपदफा (१) को देहाय खण्ड (ग) मा नेपाल राज्यका विभिन्न मालपोत कार्यालयहरूमा मदनधारा समितिको नाममा रहेको पूर्ण स्वामित्वको जग्गा जमिन भवन तथा दर्ताका जमिनहरू कम्पनीको प्रारम्भिक पुँजी तथा सम्पत्तिको रूपमा रहने व्यवस्था रहेको, प्रबन्धपत्रको दफा ५ मा कम्पनीले जग्गा बिक्री गर्न सक्ने व्यवस्था रहेको र नयाँ दर्ता भएको मदनधारा समिति नामक कम्पनीले जग्गा नाप जाँचको समयमा नै मदनधारा समितिको नाममा दर्ता रहेको मोरङ जिल्ला दुलारी गा.वि.स. अन्तर्गतको जग्गालाई कम्पनीले रु.१,८९,२०,०००।- मूल्यांकन गरी कम्पनीको स्थिर सम्पत्ति अन्तर्गत समावेश गरेको समेत मिति २०७१।१०।२५ को स्वतन्त्र लेखापरीक्षणको प्रतिवेदनबाट देखियो।यसरी कुन उद्देश्यको लागि कुन मितिमा स्थापना भएको भन्ने व्यहोरा नै यकिन नगरी सोही मदनधारा समिति नामको कम्पनी दर्ता गरी साबिकको मदनधारा समितिको नाममा रहेको अचल सम्पत्तिलाई उक्त कम्पनीको नाममा स्वामित्व कायम गर्ने र त्यस्तो स्वामित्व कायम भएको अचल सम्पत्तिलाई उक्त कम्पनीले बिक्री समेत गर्न सक्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरबाट भए गरेका उल्लेखित कार्यलाई उपयुक्त मान्न सकिने अवस्था देखिएन ।अतः माथि उल्लेखित दुवै विषयको सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मंत्रालय, स्वास्थ्य सेवा विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर र जिल्ला प्रशासन कार्यालय, तेह्रथुमको अध्यक्षतामा श्री जगदम्बा दातव्य औषधालय समितिबाट भए गरेका काम कारबाहीसम्बन्धी आवश्यक कागजात प्राप्त गरी थप अनुसन्धान गर्नुपर्ने अवस्था देखिएकोले त्यसतर्फ विस्तृत अनुसन्धानका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २० बमोजिम अनुसन्धान

अधिकृत तोक्नेतर्फ कारबाही अगाडि बढाउने र उल्लिखित पृष्ठभूमिमा श्री जगदम्बा दातव्य औषधालय एवं मदनधारा समितिको नाममा ताप्लेजुङ जिल्ला निघुराधिन वडा नं. १ स्थित र मोरङ जिल्ला दुलारी गा.वि.स. वडा नं. ५ स्थित रहेका जग्गाहरू कम्पनी ऐन, २०६३ अन्तर्गत दर्ता रहेका उल्लिखित मदन धारा समिति र श्री जगदम्बा दातव्य औषधालय नामक कम्पनीबाट बिक्री वितरण गर्न सक्ने अवस्था रहेको देखिएकोले यस आयोगबाट अर्को निर्णय नभएसम्मका लागि माथि उल्लिखित स्थानहरूमा श्री जगदम्बा दातव्य औषधालय र मदनधारा समितिको नाममा रहेका उल्लिखित जग्गाहरू कुनै बैंक वा वित्तीय संस्था वा व्यक्तिसँग धितोबन्धक राख्न लगायत अरू कसैलाई कुनै प्रकारले हक हस्तान्तरण हुन नपाउने गरी रोक्का राख्नका लागि आयोगको मिति २०७३।२।२६ को निर्णयानुसार मालपोत कार्यालय, बेलबारी र मालपोत कार्यालय, ताप्लेजुङलाई लेखी यसको जानकारी भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा समेत पठाइएको ।

(१४) कपिलवस्तु जिल्ला पुरुषोत्तमपुर गा.वि.स. वडा नं. ५ बस्ने गणेश पुजन चौधरीले आफ्ना पिता सुखराज चौधरीले जिल्ला वन कार्यालय, कपिलवस्तुका तत्कालीन जिल्ला वन अधिकृत मोहन कोइरालासमेत भएको साबिकको विशेष प्रहरी विभागबाट भइरहेको भ्रष्टाचार मुद्दाको अनुसन्धानको सिलसिलामा भरतकिशोर चौधरीका हकमा कपिलवस्तु जिल्ला, पुरुषोत्तमपुर गा.वि.स. वडा नं.५ख. कि. नं. १०६ क्षे. फ. १-०-१३, कि. नं. २८९ क्षे. फ. १-१५-२ र वडा नं. ६ कि. नं. ३६६ क्षे. फ. १-६-१३ जग्गा जमानत दिई साबिकको विशेष प्रहरी विभागको मिति २०५०।६।२९ च. नं. ७२ को पत्रले रोक्का भई हालसम्म पनि रोक्का नै रहेको र मिति २०५१।१०।१६ मा पिता सुखराज चौधरीको निधन भइसकेको अवस्था हुँदा उक्त जग्गा फुकुवा गरी पाउँ भन्ने समेतको व्यहोरा खुलाई मिति २०७३।३।६ मा दिएको निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा साबिकको विशेष प्रहरी विभागबाट भ्रष्टाचार मुद्दाको अनुसन्धानको सिलसिलामा भरतकिशोर चौधरीका हकमा निवेदकका पिता सुखराज चौधरीले कपिलवस्तु जिल्ला, पुरुषोत्तमपुर गा.वि.स. वडा नं.५ख. कि. नं. १०६ क्षे.फ. १-०-१३, कि. नं. २८९ क्षे. फ. १-१५-२ र वडा नं. ६ कि. नं. ३६६ क्षे. फ. १-६-१३ जग्गा जमानत दिन मन्जुर भए बमोजिम साबिकको विशेष प्रहरी विभागको मिति २०५०।६।२९ च. नं. ७२ को पत्रले रोक्का भई हालसम्म पनि रोक्का नै रहेको देखियो । निवेदकले निवेदनसाथ पेश गरेको पुनरावेदन अदालत, बुटवलमा दायर गरेको आरोपपत्र, पुनरावेदन अदालत, बुटवलको मिति २०५६।५।३१ को फैसला तथा सो फैसला उपर नेपाल सरकारका तर्फबाट सर्वोच्च अदालतमा परेको पुनरावेदन उपर सर्वोच्च अदालतबाट मिति २०६३।९।१० मा भएको फैसला समेतबाट निवेदकका पिताले जेथा जमानी दिई रोक्का राखिएको भनिएका भरत किशोर चौधरीका हकमा मुद्दा चलेको भन्ने देखिएन।निवेदक तथा निवेदकका पिता सुखराज चौधरी उपर कुनै मुद्दा चलेको वा कुनै अड्डा अदालतबाट कुनै कसुर ठहर भएको भन्ने समेत देखिन, खुल्न नआएको तथा जग्गाधनीका रूपमा रहेका निवेदकका पिता सुखराज चौधरीको मिति २०५१।१०।१६ मा मृत्यु भइसकेको समेत अवस्था हुँदा उक्त जग्गा रोक्का रहिरहनुपर्ने कुनै मनासिव, आधार, कारण र अवस्था समेत नदेखिएको हुँदा साबिकको विशेष प्रहरी विभागको मिति २०५०।६।२९ च. नं. ७२ को पत्रले रोक्का रही हालसम्म फुकुवा नभएको निवेदक गणेश पुजन चौधरीका पिता सुखराज चौधरीको नाममा रहेको कपिलवस्तु जिल्ला पुरुषोत्तमपुर

गा.वि.स. वडा नं.५ख. कि. नं. १०६ क्षे.फ. १-०-१३, कि. नं. २८९ क्षे. फ. १-१५-२ र वडा नं. ६ कि. नं. ३६६ क्षे. फ. १-६-१३ बिगाहा जग्गा अन्य कारणले रोक्का राख्नुपर्नेमा बाहेक फुकुवा गरिदिनका लागि आयोगको मिति २०७३।३।२९ को निर्णयानुसार सम्बन्धित निकायमा लेखी पठाइएको ।

(१५) उपेक्षित उत्पीडित दलित वर्ग उत्थान विकास समिति, दाङ मार्फत प्राप्त रकम रु.२,७०,०००।- दलित उपभोक्ता समिति, दाङका अध्यक्ष कोमल विश्वकर्माले पेश्की लिई उक्त रकम हिनामिना गरेको विषयमा अनुसन्धानको क्रममा जिल्ला प्रशासन कार्यालय, दाङले माग गरेको धरौटी बापत कोमल विश्वकर्मा मेरो ज्वाइँ नाता पर्ने भएकोले मेरो आमा पुनि चुनारनीको नाममा रहेको जिल्ला दाङ हेकुली गा.वि.स. वडा नं. ४ क कि.नं. ६५, ४७८ र ४८० का जग्गा धरौटी बापत दिई २०६३ सालमा रोक्का राखिएकोमा उक्त उजुरीको टुंगो लागिसकेको र हाल आमाको मृत्यु समेत भइसकेकोले अनुसन्धानको क्रममा रोक्का राखेको उक्त जग्गाको रोक्का फुकुवा गरी पाउँ भनी रामलाल चुनाराले मिति २०७२।२।३० मा दिएको निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा कोमल विश्वकर्मा समेत भएको भ्रष्टाचार मुद्दामा निजलाई माग भएको धरौटी बापत पुनी चुनारनीको नाममा दर्ता भएको जिल्ला दाङ, हेकुली गा.वि.स. वडा नं. ४ क कि.नं. ६५, ४७८ र ४८० का जग्गाहरू रोक्का राखिएको मालपोत कार्यालय, दाङको च.नं. २९३९ मिति २०६३।९।१० को पत्र समेतबाट देखियो । रामलाल चुनाराकी आमा पुनी चुनाराको मिति २०६५।११।९ मा मृत्यु भएको निवेदन साथ पेश गरेको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपिबाट देखिएको तथा नाता प्रमाणितको प्रतिलिपिबाट रामलाल चुनारा पुनी चुनाराको छोरा भएको देखियो । उपेक्षित उत्पीडित र दलित वर्ग उत्थान विकास समिति, काठमाडौंको दलित विकास कार्यक्रम अन्तर्गत दलित उपभोक्ता समिति, दाङका अध्यक्ष कोमल वि.क.ले जिल्ला विकास समितिको कार्यालय, दाङ मार्फत बाख्रा तथा भैंसी वितरण गर्ने भनी मिति २०६२।११।३ मा रु.२,७०,०००।- पेश्की लिएकोमा वितरण नगरी हिनामिना गरेको रकम र सो को हर्जाना १०% ले रु.२७,०००।- समेत निजले विभिन्न मितिमा नेपाल बैंक लिमिटेड, शाखा कार्यालय, दाङमा रहेको खातामा दाखिला गरेको बैंक भौचरबाट देखिएको हुँदा आयोगको मिति २०७३।२।२४ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को १९ को उपदफा (१२) बमोजिम उक्त उजुरी तामेलीमा राख्ने गरी निर्णय भएको हुँदा अनुसन्धानको क्रममा रोक्का रहेको दाङ जिल्ला, हेकुली गा.वि.स. वडा नं. ४ क कि.नं. ६५, ४७८ र ४८० का जग्गाहरू उक्त मुद्दाको रोहबाट रोक्का राखी रहनुपर्ने अवस्था नदेखिंदा अन्य कारणबाट रोक्का राख्न नपर्ने भए सो जग्गाहरू रोक्का फुकुवा गर्न आयोगको मिति २०७३।३।२९ को निर्णयानुसार मालपोत कार्यालय, दाङलाई लेखी पठाइएको ।

## ६. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत

(१) सन् २०१४ सेप्टेम्बर/अक्टोबरमा दक्षिण कोरियाको इन्चोनमा सम्पन्न १७ औं एसियाली खेलकुद प्रतियोगितामा खेलाडीको आवरणमा लिएर गएका ४ जना व्यक्तिलाई प्रतिव्यक्ति १५ लाख लिई कोरियाली भूमिमा नै भगाएको अभियोगमा १ वर्षका लागि खेलकुद गतिविधिमा प्रतिबन्ध लगाइएका केशवकुमार विष्टलाई मिति २०७२।३।१० गतेको मन्त्रीस्तरीय निर्णयबाट मन्त्रीको निजी सचिवालयको लेटरप्याडमा राष्ट्रिय खेलकुद परिषदको सदस्य सचिव

पदमा नियुक्त गरिएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा सन् २०१४ मा दक्षिण कोरियाको इन्चोनमा भएको १७ औं एसियाली खेलकुद प्रतियोगितामा सहभागी खेलाडीहरू मध्ये उसु, एथलेटिक्स र सेपाक ताक्रो खेलमा सहभागी खेलाडीहरू खेल प्रशिक्षक तथा टिम व्यवस्थापकको लापरबाही एवं गैरजिम्मेवारीका कारण भागी पलायन भएको सन्दर्भमा संलग्न खेलाडी, प्रशिक्षक, टिम व्यवस्थापक तथा सम्बन्धित खेल संघलाई कारबाहीका निमित्त माननीय युवा तथा खेलकुद मन्त्री पुरुषोत्तम पौडेलको अध्यक्षतामा मिति २०७१।७।२ गते बसेको कार्य सम्पादन तथा व्यवस्थापन समितिको समीक्षात्मक बैठकको निर्णय नं.२ मा उक्त खेलमा सहभागी खेल प्रशिक्षक र व्यवस्थापकको भूमिका निर्वाह गर्ने सेपाक ताक्रोका व्यवस्थापक केशव विष्ट, उसुका चन्द्र तामाङ तथा एथलेटिक्सका विक्रमजंग थापा समेतलाई निजहरूले सम्पादन गर्दै आएको मुख्य जिम्मेवारीबाट १ वर्षसम्मको लागि विभागीय कारबाही गर्न रा.खे.प.लाई सिफारिस गर्ने, भनी निर्णय भएकोमा तत्कालीन नेपाल सेपाक ताक्रो खेलका टिम व्यवस्थापक केशवकुमार विष्टलाई जिम्मेवारीबाट मुक्त गरेको १ वर्ष अवधि व्यतीत नहुँदै युवा तथा खेलकुद मन्त्रीको निजी सचिवालयको लेटरप्याडमा मिति २०७२।३।१० को पत्रले राष्ट्रिय खेलकुद परिषदको सदस्यमा मनोनयन गरी सोही मितिमै सदस्य सचिव पदमा नियुक्त गरेको देखियो । खेलकुद विकास नियमावली, २०४९ को नियम १०(क) बमोजिम बनेको राष्ट्रिय खेलकुद परिषद्, राष्ट्रिय खेल संघ कार्य सहजीकरण कार्यविधि, २०७० को परिच्छेद १० को दफा १०.४ अनुसार निलम्बन वा खारेजीमा भएको राष्ट्रिय संघ, संघ पदाधिकारी तथा सदस्यहरूले कुनै खेलकुद गतिविधि सञ्चालन गर्न सहभागी हुन र कुनै सरकारी सुविधा प्रयोग गर्न पाउने छैन भनी स्पष्ट किटानी व्यवस्था गरेको समेत सन्दर्भमा माननीय युवा तथा खेलकुद मन्त्री पुरुषोत्तम पौडेलले जानिजानी आफूलाई प्राप्त अधिकार सम्बन्धित कानून, निर्णय वा आदेश विपरीत अर्कै उद्देश्यले प्रयोग गरी आफ्नो तजविजी अधिकार बदनियतसाथ स्वेच्छाचारी रूपमा प्रयोग गर्नुका साथै आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने कुनै पदीय कर्तव्य पालना नगरेको पुष्टि हुन आएकोले निजले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (ग), (घ) र (छ) अनुसारको अनुचित कार्य गरेको हुँदा माननीय मन्त्री श्री पुरुषोत्तम पौडेललाई सोही ऐनको दफा १२क. बमोजिम कारबाही हुन आयोगको मिति २०७२।५।२५ को निर्णयानुसार सम्माननीय प्रधानमन्त्रीज्यूलाई अनुरोध गरिएको।

(२) नेपाल विद्युत प्राधिकरण अन्तर्गत १३२ के.भि. सोलु कोरिडोर प्रसारण लाइन आयोजना ठेक्का नं. ICB-TL/SC/071/72-1 अन्तर्गत ठेक्काका शर्तहरू परिवर्तन गरी अनियमितता गरेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा सोलु कोरिडोर अन्तर्गत निर्माणको प्रक्रियामा रहेका एवं निर्माणाधीन तल्लो सोलु जलविद्युत आयोजना लगायतका विद्युत खरिद बिक्री सम्झौता (PPA) भएका र PPA हुने गरी विद्युत उत्पादनको अनुमतिपत्र जारी भएका जलविद्युत आयोजनाहरूबाट उत्पादित विद्युत राष्ट्रिय प्रसारण लाइनमा जोड्ने प्रयोजनका लागि नेपाल सरकार र भारतीय निर्यात आयात बैंक (Export Import Bank of India : EXIM Bank) बीच मिति २१ अक्टोबर २०११ मा समझदारी (MoU) भई सो आयोजनाको लागि अमेरिकी डलर २ करोड ९० लाख रकम व्यवस्था भएको पाइयो।मिति २०७४।१०।१ मा विद्युत उत्पादनको मिति (Required Commercial Operation Date : RCOD) तोकिएको माथिल्लो सोलु खोला जलविद्युत आयोजना (१८ मे.वा.) बाट उत्पादित विद्युत खरिद गर्न मिति

२०६९।९।१६ मा PPA भएको समेतका देहायका आयोजनाहरूबाट आपूर्ति हुने जम्मा २१४.७ मे.वा.विद्युत राष्ट्रिय प्रसारण लाइनमा जोडिने गरी नेपाल विद्युत प्राधिकरण र सम्बन्धित प्रवर्द्धक कम्पनीहरूबीच PPA भएको पाइयो ।

| सि.नं. | जलविद्युत आयोजनाको नाम | जडित क्षमता (मे.वा.) | PPA मिति | RCOD | हर्जाना % |
|---|---|---|---|---|---|
| १. | माथिल्लो सोलु खोला | १८ | २०६९।९।१६ | २०७४।१०।१ | ५ |
| २. | जुनबेसी खोला | ५.२ | २०६९।१२।२९ | २०७४।४।१ | ५ |
| ३. | तल्लो सोलु | ८२ | २०७०।७।१५ | २०७५।४।१ | ४५ |
| ४. | सोलु | २३.५ | २०७०।७।२४ | २०७५।४।१ | ४५ |
| ५. | सोलु खोला (दूधकोशी) | ८६ | २०७१।११।१३ | २०७६।१२।१० | ५ |

सो सम्झौतापत्रमा प्राधिकरणले कम्पनीबाट आपूर्ति हुने विद्युत शक्ति लिनका लागि प्राधिकरणबाट हुनुपर्ने कार्यहरू समयभित्र पूरा गरिसक्नुपर्ने र प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) बाट ६ महिना परको मितिसम्ममा पनि व्यापारिक उत्पादन सुरु हुन नसकेमा प्राधिकरणले Contract Energy को ४५% Energy सम्मको मूल्य कम्पनीलाई हर्जाना स्वरूप तिर्नुपर्ने प्रावधान रहेबाट प्रस्तुत आयोजना मुलुकको संवेदनशील आयोजनाको रूपमा रहेको देखियो ।

सोलु कोरिडोर प्रसारण लाइन आयोजना निर्माणका लागि मिति ८ फेब्रुअरी २०१५ मा बोलपत्र आह्वान हुँदा ८ वटा बोलपत्र पेश हुन आएको र बोलपत्रदाता J/v of Jaguar Overseas Limited & BS Limited ले सबैभन्दा कम अर्थात अमेरिकी डलर २,०३,५४,१६७।३६ (स्वीकृत लागत अनुमानभन्दा २६.८९% घटी) कबोल गरेको पनि देखियो। बोलपत्रसाथ पेश भएको Bid Security मान्य नभएको, अख्तियारीनामा रीतपूर्वक नभएको, End User Certificate जारी गर्ने संस्था आधिकारिक नभएको र जग (Foundation) को काम नगरेको एवं प्रत्येक पार्टनरको भूमिका स्पष्ट नखुलाएको भनी बोलपत्रदाताको बोलपत्र सारभूतरूपमा प्रभावग्राही नहुने भनी दोस्रो घटी अमेरिकी डलर २,३०,७६,९५२।२९ (स्वीकृत लागत अनुमानभन्दा १७% घटी) कबोल गर्ने बोलपत्रदाता Mohan Energy Corporation Pvt. Ltd. को बोलपत्र स्वीकृतिका लागि छनौट गर्ने गरी नेपाल विद्युत प्राधिकरण, सञ्चालक समितिबाट मिति २०७२।५।४ मा निर्णय भएको पाइयो। सो निर्णयमा ऊर्जा मन्त्रालयका सचिव समेत दुई जना सञ्चालकहरूले बोलपत्र मूल्यांकन गर्दा स्थापित क्राइटेरिया बमोजिम मूल्यांकन नगरेको, न्यूनतम कबोल गर्ने बोलपत्रदातालाई अयोग्य ठहर गर्दा निर्धारण गरिएको आधार विश्वसनीय र वस्तुनिष्ठ नभएको साथै सो सम्बन्धमा एक समिति समेत गठन गरेकोमा सो को प्रतिवेदन प्रस्तुत नगरिएको भन्ने व्यहोराको फरक मत प्रस्तुत गरेको देखियो ।

बोलपत्रसाथ पेश गर्नुपर्ने Bid Security का सम्बन्धमा Instructions to Bidders (ITB) को Clause १७.१ मा "The bid security can be in Nepalese Rupees or the equivalent in a freely convertible currency." भनी नेपाली वा अन्य परिवर्त्य जुनसुकै मुद्रामा पनि हुनसक्ने व्यवस्था गरिएको र सोही Clause अन्तर्गत Bid Data Sheet (BDS) मा बोलपत्र जमानतको रकम अमेरिकी डलर ७,४०,०००।- उल्लेख गरिएको देखियो । उक्त J/v का तर्फबाट Nepal SBI Bank Ltd., Kathmandu द्वारा जारी भएको भा.रु. (INR) 48,100,000। अथवा नेपाली रुपैयाँ ७,६९,६०,०००।- को बोलपत्र जमानत पेश गरेको देखियो । बोलपत्र दाखिला गर्ने अन्तिम

दिन अर्थात मिति २०७१।१२।३० को नेपाल राष्ट्र बैंकको विनिमय दरका आधारमा हिसाब गर्दा सो रकम अमेरिकी डलर ७,४०,०००।- भन्दा बढी नै हुने देखियो भने ITB को Clause 17.2 र 17.3 मा अमेरिकी डलरमा पेश नगरेको बोलपत्र जमानत अस्वीकृत हुने कुनै प्रावधान उल्लेख गरिएको पनि देखिएन। साथै नेपाल विद्युत प्राधिकरण अन्तर्गत Kabeli Corridor 132 KV Transmission Line project (ICB-KC 67-1) को लागि आह्वान गरिएको बोलपत्रमा बोलपत्र जमानतका सम्बन्धमा "....Bid security of minimum US $ 300,000 or Nepalese Rupees 22,00,000 or an equivalent amount in freely convertible currency...." उल्लेख भएको र J/v of Jaguar Overseas Limited & Aster Tele Services Private Limited ले पेश गरेको भा.रु. (INR) 15,00,000।- को बोलपत्र जमानत स्वीकार गरी सोही J/v ले नै ठेक्का सम्झौता गरी हाल सो योजना निर्माणाधीन अवस्थामा रहेको देखियो। EXIM Bank of India को ऋण सहयोगमा निर्माण हुन गइरहेको Koshi Corridor 220 KV Transmission Line निर्माणको लागि आह्वान गरिएको बोलपत्रसम्बन्धी कागजातमा बोलपत्र जमानतका सम्बन्धमा NRs. 110 million or an equivalent amount in USD or in INR उल्लेख भएको देखियो। यसप्रकार भारतीय मुद्रालाई कावेली कोरिडोरको ठेक्कामा स्वीकार गरिसकेको र कोशी कोरिडोरको ठेक्कामा समेत भारतीय मुद्रामा बोलपत्र जमानत दाखिला गर्नसक्ने प्रावधान राखी हाल बोलपत्र मूल्यांकनको चरणमा रहेको सन्दर्भमा प्रस्तुत ठेक्कामा भारतीय मुद्रामा जारी र नेपाली रुपैयाँमा Equivalent समेत दिइएको Bid Security लाई अस्वीकार गरेको देखियो ।

बोलपत्र सम्बन्धी कागजातको ITB को Clause 5 मा "....The bidder shall as part of their bid, submit a written power of attorney authorizing the signatory of the bid to commit the bidder....." उल्लेख भएको देखियो। बोलपत्रदाता JV of Jaguar Overseas Limited & BS Limited मा Jaguar Overseas Limited र BS Limited ले आ-आफ्नो फर्मको तर्फबाट CEO द्वय क्रमशः Mr. K.S. Aswathanarayana र Mr S. Rajagopalan का नाममा Power of Attorney जारी गरेको देखियो । Mr. S. Rajagopalan लाई BS Limited का जिम्मेवार पदाधिकारीले मान्यता प्राप्त ढाँचामा Power of Attorney नदिइएको भनी BS Limited ले पेश गरेको Power of Attorney लाई मूल्यांकनका क्रममा मान्यता नदिइएको र सोही कारण जनाई Joint Venture Agreement लाई पनि मान्यता नदिइएको पाइयो । सो सम्बन्धमा बोलपत्रसम्बन्धी कागजातमा Power of Attorney को कुनै पनि Standard ढाँचा संलग्न नगरिएकोले विभिन्न बोलपत्रदाताहरूले Power of Attorney छुट्टाछुट्टै ढाँचामा पेश गर्नसक्ने अवस्था रहँदा रहँदै यही ढाँचामा हुनुपर्छ भनी Power of Attorney को ढाँचालाई मूल्यांकनको आधार बनाएको देखियो। साथै बोलपत्रदाताले पेश गरेको Power of Attorney का सम्बन्धमा कुनै द्विविधा भए स्पष्टताका लागि थप जानकारी माग गर्न सकिने व्यवस्था विद्यमान हुँदाहुँदै सो नगरी उक्त Power of Attorney लाई मान्यता नदिएको देखियो । बोलपत्रसम्बन्धी कागजातमा JV Partner ले आफूले गर्ने कार्यको विवरण पेश गर्नुपर्ने उल्लेख गरेअनुसार J/v of Jaguar Overseas Limited & BS Limited ले पेश गरेको Each Partner को Role सन्तोषजनक नभएको भनी सो J/v को बोलपत्र सारभूतरूपमा अप्रभावग्राही हुने गरी मूल्यांकन गरेको देखियो । बोलपत्रसम्बन्धी कागजातमा Role of each partner उल्लेख गर्नुपर्ने व्यहोरा उल्लेख भए तापनि प्रत्येक Partner को न्यूनतम Role के हुनुपर्ने र उक्त Role उल्लेख नगरेमा बोलपत्र अस्वीकृत हुने वा नहुने भन्ने सम्बन्धमा बोलपत्रसम्बन्धी कागजातमा केही उल्लेख गरेको देखिएन । साथै बोलपत्रसम्बन्धी कागजातको

ITB को Clause ५.२ (e) मा "...All partners of Joint venture shall be liable jointly and severally for execution of the contract in accordance with the contract terms and a statement to this effect shall be included in the authorization mentioned …." भनी उल्लेख गरिएको तथा Letter of Bid मा "...We have examined and have no reservations to the Bidding Document, including addenda issued in accordance with instructions to Bidders (ITB)..." भन्ने प्रावधानमा Bidder ले कुनै असहमति जनाएको देखिएन। अतः बोलपत्रसम्बन्धी कागजातमा उल्लेख गरिएको मूल्यांकनका आधारहरूमा स्पष्टरूपमा Role of Each Partner उल्लेख नगरिएको सन्दर्भमा यदि द्विविधा भएको भए स्पष्टताका लागि जानकारी माग गर्न सकिनेमा सो नगरी निर्णयमा पुगेको देखियो।

बोलपत्र कागजातको Volume १, Section ३, Evaluation and qualification criteria मा "The bidder as a principal contractor must have completed physical construction including tower foundation, erection and stringing of at least ६० KMs of ११० KV or above voltage level transmission line in hilly terrain." उल्लेख गरेको देखियो। WAPCOS Limited (a Joint Venture of Government of India, Ministry of Water Resources) ले M/s Jaguar Overseas Limited लाई २७ सेप्टेम्बर २००९ मा दिएको Experience Certificate मा "- M/s Jaguar have completed the works related to design and testing of towers, supply of towers, conductor, fitting and other erection of towers and fittings and stringing of conductors in June २००९–." उल्लेख भएको देखियो। सो Certificate अनुसार M/s Jaguar Overseas Limited ले Tower Foundation को कार्य नगरेको र अफगानिस्तानमा गरेको सो कार्यको WAPCOS Limited बाट जारी भएको कार्यानुभव पत्रलाई End user certificate मान्न नसकिने भनी उक्त Experience लाई मान्यता नदिई बोलपत्र मूल्यांकन गरेको देखियो । TurnKey Contract मा डिजाइन, आपूर्ति, निर्माण र जडान गरी हस्तान्तरण गरिने हुँदा अफगानिस्तानमा निर्माण गरेको उक्त Turnkey project मा Foundation को कार्य नगरेको भनी विश्वास गर्ने आधार देखिएन। साथै सो Certificate मा Foundation को कार्य गरे नगरेको भन्ने विषयमा कुनै द्विविधा उत्पन्न भएमा थप स्पष्टीकरण माग गरी निक्यौंल गर्न सकिने व्यवस्था रहेको देखियो। साथै प्राधिकरण अन्तर्गत १३२ के.भि. कावेली कोरिडोर प्रसारण लाइन निर्माणको लागि आह्वान गरिएको बोलपत्रमा Jaguar Overseas Limited ले पेश गरेको सोही कार्यको Experience Certificate लाई End user Certificate को रूपमा मान्यता दिई JV of Jaguar-Aster सँग सम्झौता गरी हाल निर्माणाधीन अवस्थामा रहेको देखिन आएकोले उक्त अनुभवलाई मान्यता नदिई मूल्यांकन गरेको देखियो। मिति २०७२।३।२९ मा बोलपत्र मूल्यांकन अध्ययनका लागि सुरेन्द्र राजभण्डारीको संयोजकत्वमा चार सदस्यीय अध्ययन समिति गठन भई सो समितिले उपरोक्त चारवटै Issue हरूमा Clarification माग गरी निक्यौंलमा पुग्नुपर्ने राय सहितको अध्ययन प्रतिवेदन पेश गरेको देखियो। सो प्रतिवेदन आयोगमा उपलब्ध गराइदिन नेपाल विद्युत प्राधिकरणलाई अनुरोध गरिएकोमा प्रतिवेदन पेश भएको नदेखिएको भनी प्राधिकरणले आयोगमा उपलब्ध नगराएको र सञ्चालक समिति समक्ष पनि पेश गरेको देखिएन। सो प्रतिवेदनका सम्बन्धमा प्रस्तुत ठेक्काको निर्णयमा फरक मत प्रस्तुतकर्ताहरूले समेत उल्लेख गरेको देखिएको र सो अध्ययन समितिका पदाधिकारीहरूले पनि प्राधिकरणका कार्यकारी निर्देशक समक्ष अध्ययन प्रतिवेदन पेश गरेको भनी स्वीकार गरी बयान दिएबाट आफू अनुकूलको प्रतिवेदन प्राप्त नभएकोले सो प्रतिवेदनलाई लुकाउने प्रयास गरेको समेत

देखियो।

यसरी सबैभन्दा कम रकम कबोल गर्ने बोलपत्रदाता J/v of Jaguar Overseas Limited & BS Limited ले पेश गरेको कागजातका सम्बन्धमा माथि उल्लेखित विभिन्न चारवटा विषयहरूमा बोलपत्र सम्बन्धी कागजातको ITB २७ तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(४) बमोजिम आवश्यक जानकारी (Clarification) माग गरी निक्यौंल गर्न सकिने अवस्था विद्यमान रहँदा रहँदै र ऊर्जा सचिव लगायतका दुई जना सञ्चालक समितिका सदस्यबाट सोही विषयलाई लिएर फरक मत दर्ता गराएको अवस्थामा मिति २०७२।३।२९ को अध्ययन समितिको प्रतिवेदन समेतलाई अनदेखा गरी उपरोक्त प्रावधान बमोजिमको प्रक्रिया पूरा नगरी जानाजानी लापरबाहीपूर्वक प्राधिकरणलाई कमभन्दा कम आर्थिक भार पर्नेतर्फ प्रयासै नगरी सबैभन्दा घटी कबोल गर्ने बोलपत्रदाताको कबोल अंकभन्दा अमेरिकी डलर २७,२२,७८४।९३ (करिब रु. २७ करोड) बढी कबोल गर्ने बोलपत्रदाताको बोलपत्र जसरी भए पनि स्वीकृत गर्ने मनसाय राखी प्राधिकरणको हित प्रतिकूल हुने गरी ठेक्का स्वीकृतिका लागि छनौट गर्ने नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिका अध्यक्ष राधाकुमारी ज्ञवाली, सञ्चालक सदस्यहरू लक्ष्मणप्रसाद अग्रवाल, मनोजकुमार मिश्र, सुरज लामिछाने र सदस्य सचिव एवं कार्यकारी निर्देशक मुकेशराज काफ्ले र बोलपत्र मूल्यांकन समितिका पदाधिकारीहरू जनार्दन प्रसाद गौतम, इन्दिरा श्रेष्ठ, रमेश प्रसाद पौडेल, ध्रुवराज भट्ट र राजन ढुंगेलले अपनाउनुपर्ने कार्यविधि/प्रक्रिया नअपनाई र आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने पदीय कर्तव्य समेतको पालना नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(ख) र ३(छ) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले आयोगको मिति २०७२।६।१ को निर्णयानुसार नेपाल सरकार, ऊर्जा मन्त्रालयका मा. मन्त्री तथा नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिका अध्यक्ष राधाकुमारी ज्ञवालीलाई सोही ऐनको दफा १२क. बमोजिम आवश्यक कारबाही हुन सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष लेखी पठाइएको।

(३) चितवन राष्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख संरक्षण अधिकृत कमलजंग कुँवरले माता सन्तोषी सप्लायर्सका प्रोपाइटर रामहरि अर्याललाई निकुञ्ज कार्यालय, चितवन कसरामा रहेका हात्ती तथा कर्मचारीहरूलाई २०६९ साल असोजदेखि पौषसम्म चार महिनाको रासन तथा दाना खुवाएको बापतको रकम दिन आलटाल गरी बदनियतपूर्वक भुक्तानी रोकी आर्थिक अनियमितता गर्ने सोचका साथ दुःख दिएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले मिति २०६८ माघ १ देखि २०६९ साल पौष मसान्तसम्म सार्वजनिक खरिद ऐनको परिधिभित्र रही माता सन्तोषी सप्लायर्सका प्रोपाइटर रामहरि अर्याल, पदमपोखरी- ५, मकवानपुरसँग निकुञ्जमा कार्यरत कर्मचारी रासनको लागि दैनिक रु.६७।५४ तथा एक हात्तीको लागि दैनिक रु.३३२।१३ दाना आपूर्ति गर्ने गरी मिति २०६८।१०।१७ मा ठेक्का सम्झौता गरी रासन सप्लाइका लागि कार्यादेश दिएको देखियो। चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको मिति २०६८।११।४ र मिति २०६८।११।२६ को पत्रबाट माता सन्तोषी सप्लायर्सका प्रोपाइटर रामहरि अर्याललाई नियमित रूपमा रासन तथा दाना आपूर्तिका लागि पत्राचार गरिएको तथा मिति २०६८।१२।२ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, मकवानपुरलाई बोधार्थ दिई जिल्ला प्रहरी कार्यालय, मकवानपुरसँग माता सन्तोषी सप्लायर्सका प्रोपाइटर रामहरि अर्यालले नियमित रासन आपूर्ति नगरेको हुँदा निजको घर ठेगानामा सूचना

टाँस गर्ने कार्यका लागि सहयोग गरिदिनु हुन भनी पत्राचार गरेको देखियो । साथै चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट मिति २०६८।१२।३ मा निज रामहरिको नाममा म्याद तामेल भए पश्चात निजले सम्झौता अनुसारको रासन दाना नियमित आपूर्ति गर्नेछु भनी मिति २०६८।१२।५ मा चितवन राष्ट्रिय निकुञ्ज कार्यालयमा स्वयं उपस्थित भई निवेदनसमेत दिएको देखियो । पुनः चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको मिति २०६९।५।१४ को पत्रबाट सप्लायर्स रामहरि अर्यालले २०६९ श्रावण १५ देखि हात्तीको दाना आपूर्ति नगरेकोले दाना नियमित गर्न भनी पत्राचार गरेको देखिंदा दाना सप्लायर्स रामहरि अर्यालबाट सम्झौता बमोजिमको दाना सप्लाई नियमित रूपमा नभएको देखियो। आफूले गरेको सम्झौता अनुसारको रासन तथा दाना नियमित रूपमा सप्लाई नभएकोले हात्तीको लागि दाना कर्मचारीले आफैं किनी खुवाएको र २४ दिन घाँस मात्र खुवाएको भन्ने समेत हात्तीको स्याहार-सुसारमा खटिएका कर्मचारीहरूको लिखित बयान व्यहोरा रहेको र अनुसन्धानको क्रममा संकलन भई आएका कागजातहरूबाट समेत सो व्यहोरा खुल्न आएको देखियो । अतः यसरी सम्झौता बमोजिमको अवधिसम्म रु.८,३०,२८५।४३ बराबरको दाना आपूर्ति नगरी माता सन्तोषी सप्लायर्सका प्रोपाइटर रामहरि अर्यालले सम्झौता अनुरूपको कानूनी दायित्व पालना नगरेको देखिन आयो । चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको संरक्षणमा रहेका हात्ती जस्तो संवेदनशील जनावरको दाना आपूर्तिमा संयमित र संवेदनशील भई नियमित रूपमा रासन दाना आपूर्ति गर्नुपर्नेमा सो नगरी निज रामहरि अर्यालले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) को खण्ड (ग) बमोजिमको कार्य गरेको देखिंदा निज माता सन्तोषी सप्लायर्सका प्रोपाइटर रामहरि अर्याललाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) बमोजिम कालोसूचीमा राख्न आयोगको मिति २०७३।१।७ को निर्णयानुसार सार्वजनिक खरिद अनुगमन कार्यालय, काठमाडौंलाई लेखी पठाइएको ।

(४) नेपाल स्वास्थ्य अनुसन्धान परिषदका अध्यक्ष र सदस्यको नियुक्ति प्रक्रिया अनियमित रहेको, स्वास्थ्यसम्बन्धी अध्ययन तथा अनुसन्धान नै नगरेको व्यक्ति पनि नियुक्तिमा परेको भन्ने लगायतको उजुरी सम्बन्धमा छानबिन हुँदा नेपाल स्वास्थ्य अनुसन्धान परिषदमा पदाधिकारीहरूको नियुक्ति विभिन्न मितिमा मन्त्रीस्तरको निर्णयबाट भएको देखिएको र उपरोक्त नियुक्तिहरूका सम्बन्धमा नेपाल स्वास्थ्य अनुसन्धान परिषद ऐन, २०४७ को दफा ७(१)(क) मा परिषद कार्य सञ्चालनको निमित्त स्वास्थ्यसम्बन्धी अध्ययन तथा अनुसन्धानमा अनुभव प्राप्त आधुनिक चिकित्सा प्रणाली तथा आयुर्वेदिक चिकित्सा प्रणालीका चिकित्सकहरू मध्येबाट नेपाल सरकारद्वारा मनोनीत ७ (सात) जना व्यक्ति सदस्य रहने र नेपाल सरकारले तोकेको १ जना व्यक्ति सदस्य-सचिव रहने व्यवस्था रहेको देखियो। त्यसैगरी सोही दफाको उपदफा २ मा नेपाल सरकारले उपदफा (१) को खण्ड (क) बमोजिम मनोनीत सदस्यहरू मध्येबाट १ जना अध्यक्ष तथा १ जना उपाध्यक्ष तोकिदिने छ भनी उल्लेख भएको देखियो। यसरी नेपाल स्वास्थ्य अनुसन्धान परिषद ऐन, २०४७ को दफा ७(१)(क) र (च), दफा ७(२) बमोजिम उपरोक्त पदाधिकारीहरूको नियुक्ति नेपाल सरकारले गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था र कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा २(झ) को (च) मा नेपाल सरकार भन्नाले नेपालको कार्यकारिणी अधिकार प्रयोग गर्ने मन्त्रिपरिषदलाई सम्झनुपर्छ भन्ने व्यवस्था रहेको साथै सम्मानित श्री सर्वोच्च अदालतको पूर्ण इजलासबाट नेपाल सरकारलाई भएको कुनै

अधिकार मन्त्रिपरिषद बाहेकको अन्य निकाय वा पदाधिकारीबाट प्रयोग गर्न नपाइने भनी (ने.का.प. २०६८, नि.नं. ८६४४, पृष्ठ १११८) प्रतिपादित सिद्धान्त समेतको सन्दर्भमा नेपाल सरकार (मन्त्रिपरिषद) ले गर्नुपर्ने नियुक्ति तत्कालीन मन्त्रीबाट भएको देखिएको हुँदा उपरोक्त पदाधिकारीहरूको मनोनयनलाई कानूनसम्मत मान्न मिल्ने नदेखिएकोले यो र यस्तै प्रकारले नेपाल मेडिकल काउन्सिल, नेपाल नर्सिङ परिषद, नेपाल स्वास्थ्य व्यावसायिक परिषद, नेपाल फार्मेसी परिषद, नेपाल आयुर्वेदिक चिकित्सा परिषद, लुम्बिनी विकास कोष, वी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल लगायतका पदाधिकारीहरूका सम्बन्धमा निर्णय हुन र निजहरूलाई उपलब्ध गराइएको तलब, भत्ता लगायतका सम्पूर्ण सेवा सुविधा असुल उपर हुनुपर्ने हो/होइन ? भन्ने सम्बन्धमा उपयुक्त निर्णय हुन आयोगको मिति २०७३।१।१५ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा लेखी पठाइएको ।

**७. ऊर्जा मन्त्रालय अन्तर्गत**

(१) नेपाल विद्युत प्राधिकरण अन्तर्गत १३२ के.भि. सोलु कोरिडोर प्रसारण लाइन आयोजना ठेक्का नं. ICB-TL/SC/०७१/७२-१ अन्तर्गत ठेक्काका शर्तहरू परिवर्तन गरी अनियमितता गरेको भन्ने समेत व्यहोराको उजुरी निवेदन उपर अनुसन्धान हुँदा सन् २०११ अक्टोबर २१ मै सो आयोजना निर्माण सम्बन्धमा नेपाल सरकार र भारतीय निर्यात आयात बैंक (EXIM Bank) बीच MOU भएको देखियो । समयमा प्रसारण लाइन निर्माण गर्न नसकेमा नेपाल विद्युत प्राधिकरणले ठूलो रकम हर्जाना तिर्नुपर्ने गरी सोलु कोरिडोर अन्तर्गतका जलविद्युत आयोजनाहरूसँग मिति २०६९।९।१६ देखि विद्युत खरिद बिक्री सम्झौता गर्दै आए तापनि समयमै प्रसारण लाइन निर्माणसम्बन्धी खरिद प्रक्रिया अगाडि बढाई निर्माण गर्नेतर्फ भने पहल गरेको पाइएन। समय रहँदा आयोजना निर्माणमा तदारुकता नदेखाउने र अन्तिम घडीमा ठूलो हर्जाना तिर्नुपर्ने बाध्यता देखाएर निर्णय गर्ने गरेको समेत पाइयो। जलस्रोतको धनी देशमा वर्षायाममा समेत चरम लोडसेडिङको समस्या भोग्नुपर्ने, उद्योगधन्दा पूर्ण क्षमतामा सञ्चालन गर्न नसकी देशको कुल गार्हस्थ उत्पादनमै नकारात्मक असर परिरहेको वर्तमान परिप्रेक्ष्यमा विद्युत प्रसारणसम्बन्धी एकाधिकार प्राप्त नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक र सञ्चालक समिति समेतको गैरजिम्मेवारी एवं लापरबाहीपूर्ण काम कारबाहीको नतिजाका रूपमा सोलु कोरिडोर १३२ के.भि. प्रसारण लाइन निर्माणको ठेक्का प्रकरण समस्याका रूपमा देखिन आयो । साथै प्रस्तुत प्रसारण लाइन आयोजनासँग सम्बन्धित २१४.७ मे.वा. जडित क्षमताको पाँचवटा विभिन्न जलविद्युत आयोजनाहरूसँग करिब ३ वर्ष अगाडिदेखि नै विद्युत खरिद बिक्री सम्झौता समेत भएको अवस्थामा समयमै सोलु कोरिडोर १३२ के.भि. प्रसारण लाइन आयोजनाको निर्माण कार्य सम्पन्न नभएमा प्राधिकरणले विद्युत उत्पादक कम्पनीहरूलाई ठूलो रकम हर्जाना स्वरूप तिर्नु बुझाउनुपर्ने अवस्था सिर्जना भई प्राधिकरणलाई ठूलो हानि नोक्सानी पर्ने अवस्था समेतलाई ध्यानमा राखी प्राधिकरणको अधिकतम हित हुने गरी प्रचलित कानूनको परिधिमा रही तत्काल उपयुक्त निर्णय गर्न आयोगको मिति २०७२।६।१ को निर्णयानुसार नेपाल विद्युत प्राधिकरण, सञ्चालक समितिमा लेखी पठाइएको ।

**८. वन मन्त्रालय अन्तर्गत**

(१) भोजपुर र खोटाङ जिल्लाको सिमानामा पर्ने ट्याम्के टावर निर्माण गर्दा जिल्ला वन कार्यालय

तथा वन मन्त्रालयको सहमति नलिई काम सुरु गरेको, हिसाब फरफारक नगरेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला विकास समितिको कार्यालय, खोटाङको मिति २०७२।३।१८ को पत्रबाट उक्त कार्यालयबाट निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत किरात गणतन्त्र टावर निर्माण समितिलाई रु.४७,०३,७५०।- पेश्की भुक्तानी गएको र हालसम्म उक्त पेश्की फछ्र्यौट भएको देखिएन । जिल्ला वन कार्यालय भोजपुरको मिति २०७२।३।२५ को पत्रबाट किरात गणतन्त्र टावर निर्माण समितिले वनक्षेत्रभित्र टावर निर्माण गर्ने अनुमति लिन प्रस्ताव वन तथा भू-संरक्षण मन्त्रालयमा पेश गरे अनुसार वन विभागबाट भएको आदेशानुसार उक्त क्षेत्रको सर्भे नक्सांकन र रूख बिरुवाको लगत लिने कार्य जारी रहेको व्यहोरा लेखी आएबाट निर्माण कार्य गर्नपूर्व नै प्राप्त गरी सक्नुपर्ने पूर्व स्वीकृति प्राप्त नभई कानूनी प्रक्रियाकै क्रममा रहेको देखियो। अतः जिल्ला विकास समितिको कार्यालय, खोटाङबाट किरात गणतन्त्र टावर निर्माण समिति ट्याम्के भोजपुरलाई ट्याम्के टावर निर्माण गर्न उपलब्ध गराएको रकम रु.४७,०३,७५०।- प्रचलित कानून बमोजिम पेश्की फछ्र्यौट गर्न गराउन जिल्ला विकास समितिको कार्यालय, खोटाङलाई र वन क्षेत्रभित्र टावर निर्माणको लागि माग भएको अनुमतिका सम्बन्धमा प्रचलित कानून बमोजिम कारबाही टुङ्ग्याउन जिल्ला वन कार्यालय, भोजपुरलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क. बमोजिम आयोगको मिति २०७२।६।१४ को निर्णयानुसार लेखी पठाइएको ।

(२) महोत्तरी जिल्ला, किसाननगर ९ स्थित प्रौढ सामुदायिक वन उपभोक्ता समूहले कोषको रकम हिनामिना गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा महोत्तरी जिल्लास्थित प्रौढ सामुदायिक वन उपभोक्ता समूहले मिति २०६६।५।१९ को निर्णयानुसार समूहका प्रत्येक सदस्यलाई ऋणको रूपमा रु.८,०००।- उपलव्ध गराएको र आ.व. ०६९।७० को उक्त समूहको लेखापरीक्षण प्रतिवेदनबाट ब्याज समेत गरी कुल रु.६,६१,०४६।१८ समूहमा फिर्ता भएको देखियो ।त्यसैगरी उक्त समूहको आ.व.०६४।६५ देखि ०६८।६९, ०६९।७० र ०७०।७१ का लेखापरीक्षण प्रतिवेदनहरूबाट अनिलकुमार नायक (काठ ठेकेदार) बाट रु.९२,०००।- असुल उपर गर्नुपर्ने भनी उल्लेख भएकोमा सो रकम असुल भएको नदेखिएकोले उक्त रकम ब्याज सहित तीन महिनाभित्र असुल एवम् भरिभराउ गरी समूहको खातामा जम्मा गरी सो को जानकारी आयोगमा पठाउन आयोगको मिति २०७२।६।१७ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क. बमोजिम प्रौढ सामुदायिक वन उपभोक्ता समूह, महोत्तरीलाई जिल्ला वन कार्यालय महोत्तरी मार्फत लेखी पठाइएको ।

(३) जिल्ला वन कार्यालय, डोटीको रेञ्जर पदमा २०६८ मंसिरमा नियुक्ति लिएका मनोज ऐरले सोही समयमा वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पसमा B.Sc. Forestry अध्ययन गरेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा निजले अध्ययन कार्यमा पेश्की घर बिदा तथा बिरामी बिदा लिएको तथा सम्बन्धित कार्यालयले समेत बिदा उपरको कारबाही समयमा गरेको देखिएन। निजामती सेवा नियमावली, २०५० को नियम ५७ को घर बिदा अन्तर्गत पेश्की बिदाको व्यवस्था नरहेको, त्यसैगरी निजामती सेवा नियमावली, २०५० को नियम ५८ को बिरामी बिदा अन्तर्गत उपनियम (३) र (९) को बिरामी पर्दाको अवस्थामा बाहेक पेश्की बिदाको व्यवस्था गरेको देखिएन। निजामती सेवा नियमावली, २०५० को नियम ६४ को उपनियम (१) मा निजामती कर्मचारीले आफूलाई चाहिएको बिदाको अवधि र कारण भए सो समेत खोली

अनुसूची- १३ बमोजिमको ढाँचामा आफ्नो कार्यालय मार्फत बिदा दिने अधिकारी समक्ष निवेदन पेश गर्नुपर्ने छ, बिदा दिने अधिकारीले पनि घर बिदा र बिरामी बिदाको हकमा बिदा माग भएको ७ दिनभित्र स्वीकृत वा अस्वीकृत गर्नुपर्ने छ र सो अवधिभित्र निर्णय भएको जानकारी नदिएमा सो बिदा स्वीकृत भएको मानिने छ भन्ने उल्लेख भएकोमा निज रेञ्जरले बिदा माग गर्दा अनुसूची १३ को ढाँचाको निवेदन पेश नगरेको र निजको २०६९ सालको सुरुमा कुनै पनि बिदा सञ्चित नभएको अवस्थामा निजले सञ्चित वा पछि पाक्ने जुनसुकै बिदाबाट कट्टा हुने गरी २०६९ वैशाखमा ११ दिन, श्रावणमा २० दिन, आश्विन, कार्तिक र मंसिरमा गरी ९ दिन बिदा माग गरेकोमा उक्त बिदा उपर कुनै कारबाही नभएको र हाजिरी रजिष्टर समेत खाली रहेको देखियो। रेञ्जर मनोज ऐरले पेश्की बिदा माग गरी अध्ययन कार्यमा गई आफ्नो कार्यालयमा अनुपस्थित रहेको अवधिको हाजिरी तथा बिदा अभिलेख समेत व्यवस्थापन नभएको र जिल्ला वन कार्यालय, कैलालीमा रमाना हुँदाका बखत सञ्चित बिदा नियमानुसारले हुन आउने भन्दा बढी देखाइएको र २०६९ सालमा माग गरिएको जम्मा बिदा दिन ५२ मध्ये उक्त वर्षको नियमानुसार मौखिक अनुरोधमा समेत स्वीकृत हुने भैपरी आउने र पर्व बिदा दिन १२ लाई छोडी बाँकी रहन आउने दिन ४० कार्यालयमा अनुपस्थित रहेको तथा निजले आफ्नो सरुवा रमाना पत्रमा नियमानुसारले हुने सञ्चित बिदा भन्दा बढी सञ्चित देखाई आफैंले पटक पटक अध्ययनको क्रममा बिदा माग गरेको अवस्थालाई समेत नजरअन्दाज गरी रमाना लिएको देखियो। त्यसैगरी तत्कालीन जिल्ला वन अधिकृत जयमगंल प्रसाद बिदा दिने अधिकारी भएकोमा निजले रेञ्जर मनोज ऐरको बिदा मागेको निवेदन उपर कुनै कारबाही नगरेको र हाजिरी रजिष्टर समेत अद्यावधिक गर्न नलगाएको संलग्न कागजातबाट देखिएको र तत्कालीन ना.सु. गजेन्द्रबहादुर रोकायाले रेञ्जर मनोज ऐरको २०६९ सालको निजामती सेवा नियमावली, २०५० को नियम ६९ को अनुसूची- १४ बमोजिम तयार गरिने बिदाको अभिलेखमा माग गरिएको बिदा तथा हाजिरी व्यवस्थापन नगरी बिदा सञ्चित नभएको वा स्वीकृत नगरिएको अवस्थामा गयलकट्टीतर्फ कारबाही गर्नुपर्नेमा हचुवाको भरमा वार्षिक बिदा अभिलेख फाराम तयार गरी घर बिदा दिन ३० र बिरामी बिदा दिन १२ सञ्चित देखाई जिल्ला वन अधिकृत जयमंगल प्रसादले उक्त बिदा अभिलेख प्रमाणित गरेको समेत अवस्था देखिन आएको हुँदा सो सम्बन्धमा निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० मा भएका कानूनी व्यवस्थाहरूको सही रूपमा प्रयोग र पालना भएको अवस्था नदेखिएकोले कानूनी व्यवस्थाहरू अक्षरश पालना गर्ने गराउनेतर्फ ध्यान पुऱ्याउन आयोगको मिति २०७२।१०।१७ को निर्णयानुसार वन तथा भूसंरक्षण मन्त्रालयमा लेखी पठाइएको।

४. जिल्ला उदयपुर, त्रिवेणी गाउँ विकास समितिस्थित सितापोखरी सामुदायिक वन उपभोक्ता समितिले समूहलाई वन मुद्दा लाग्दा भए नभएका खर्च देखाएको भन्ने समेतका सम्बन्धमा अनुसन्धान हुँदा सितापोखरी सामुदायिक वन उपभोक्ता समितिको विधानको दफा ८.५ मा समूहले गरेको कुनै क्रियाकलापका विरुद्ध नालिस वा उजुरी दिएमा त्यसको प्रतिवाद समितिले गर्ने र त्यसबापत लाग्ने सम्पूर्ण खर्च समूहको कोषबाट व्यहोरिने उल्लेख भएको देखियो । सरकारी मुद्दामा जाहेरवाला केवल सूचकमात्र हुने र निजले आफ्नोतर्फबाट कुनै खर्च गर्न नपर्ने र त्यस्ता मुद्दाहरूको बहस पैरवी नेपाल सरकारको तर्फबाट हुने व्यवस्था रहेकोमा मिति २०७० वैशाख ४ गतेको वन उपभोक्ता समूहको भेलाले जिल्ला अदालत र पुनरावेदन

अदालतमा जाँदा बादी (सूचक) मनकुमारी भुजेलको खर्च बिल प्राप्त भएपछि आमभेलाले भुक्तानी गरिने भनी निर्णय गरेकोले सो निर्णय उक्त समितिको विधान प्रतिकूल भएकोले प्रस्तुत मुद्दाको सम्बन्धमा जाहेरवालालाई मुद्दाको खर्च बापत भनी कुनै रकम दिन नमिल्ने, यदि दिएको भए सो रकम नियमानुसार असुल उपर गरी सामुदायिक वनको खातामा जम्मा गर्न गराउन आयोगको मिति २०७२।१२।२३ को निर्णयानुसार जिल्ला वन कार्यालय, उदयपुरलाई लेखी पठाइएको ।

५. नमुना हरियाली सामुदायिक वन उपभोक्ता समूह, जाँते-३, बेल्टार, मोरङका पदाधिकारीहरूले वन पैदावार बिक्रीबाट प्राप्त रकम वन कर्मचारीहरू समेतको संलग्नतामा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा नमुना हरियाली सामुदायिक वन उपभोक्ता समूह जाँते-३, मोरङलाई वन पैदावार बिक्रीबाट रु.८९,१९,०१८।- प्राप्त भएकोमा सो रकम मध्येबाट वन विकास, सामाजिक विकास, गरिबी न्यूनीकरण र अन्य कार्यहरू सञ्चालन समेतमा गरी रु.४९,७१,३४९।- खर्च भएको र अनुसन्धानकै क्रममा रु.१७,२९,२७५।- जम्मा भई हाल रु.४०,४७,४९१।- उपभोक्ता समूहको राष्ट्रिय वाणिज्य बैंक, उर्लाबारी शाखा, मोरङमा रहेको बैंक खातामा मौज्दात रहेको देखियो । अनुसन्धानको क्रममा स्थलगत निरीक्षण गर्दा ९८.०५ हे. क्षेत्रफलमा रहेको सामुदायिक वनमा ४० घरधुरी मात्र उपभोक्ता रहेको, उपभोक्ताहरूले वनको उचित संरक्षण गरेको, वन पैदावार बिक्रीबाट प्राप्त रकम गरिबी निवारण, सामाजिक विकास, वन विकास, गरिबी न्यूनीकरणका लागि बाख्रा पालन, मौरीपालन, केरा खेती, कुखुरापालन, कागज निर्माण जस्ता कार्यमा समितिको एवं आम भेलाको निर्णय अनुसार खर्च भएको भन्ने समेत खुलेको देखियो। अतः वन पैदावार उपभोक्ताहरूको कार्य समिति एवं आम भेलाको निर्णय अनुसार गरिबी निवारण, सामाजिक विकास, वन विकास तथा गरिबी न्यूनीकरण जस्ता कार्यक्रममा वन पैदावार बिक्रीबाट प्राप्त भएको रकम खर्च गरेको कार्यलाई अनियमितता भन्न मिल्ने अवस्था नदेखिएकोले यस सम्बन्धमा थप केही गरी रहनुपर्ने देखिएन । वन उपभोक्ता समितिका पदाधिकारीहरूलाई समूहको हिसाब किताब ठीक दुरुस्त राख्न र प्रशिक्षित गर्न गराउन आवश्यक देखिएकोले सोको लागि आवश्यक व्यवस्था गर्न गराउन आयोगको मिति २०७३।१।५ को निर्णयानुसार जिल्ला वन कार्यालय, मोरङमा लेखी पठाइएको ।

६. चितवन राष्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख संरक्षण अधिकृत कमलजंग कुँवरले माता सन्तोषी सप्लायर्सका प्रोपाइटर रामहरी अर्याललाई निकुञ्ज कार्यालय, चितवन कसरामा रहेका हात्ती तथा कर्मचारीहरूलाई २०६९ साल असोजदेखि पौषसम्म चार महिनाको रासन तथा दाना खुवाएको बापतको रकम दिन आलटाल गरी बदनियतपूर्वक भुक्तानी रोकी आर्थिक अनियमितता गर्ने सोचका साथ दुःख दिएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले मिति २०६८ माघ १ देखि २०६९ साल पौष मसान्तसम्म सार्वजनिक खरिद ऐनको परिधिभित्र रही माता सन्तोषी सप्लायर्सका प्रोपाइटर रामहरी अर्याल, पदमपोखरी- ५, मकवानपुरसँग निकुञ्जमा कार्यरत कर्मचारी रासनको लागि दैनिक रु.६७।५४ तथा एक हात्तीको लागि दैनिक रु.३३२।१३ दाना आपूर्ति गर्ने गरी मिति २०६८।१०।१७ मा ठेक्का सम्झौता गरी रासन सप्लाइको लागि कार्यादेश दिएको देखियो।चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको मिति २०६८।११।४ र मिति २०६८।११।२६ को पत्रबाट माता सन्तोषी सप्लायर्सका प्रोपाइटर रामहरी अर्याललाई नियमित रूपमा रासन तथा दाना आपूर्तिका लागि

पत्राचार गरिएको तथा मिति २०६८।१२।२ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, मकवानपुरलाई बोधार्थ दिई जिल्ला प्रहरी कार्यालय, मकवानपुरसँग माता सन्तोषी सप्लायर्सका प्रोपाइटर रामहरी अर्यालले नियमित रासन आपूर्ति नगरेको हुँदा निजको घर ठेगानामा सूचना टाँस गर्ने कार्यका लागि सहयोग गरिदिनु हुन भनी पत्राचार गरेको देखियो ।साथै चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट मिति २०६८।१२।३ मा निज रामहरीको नाममा म्याद तामेल भए पश्चात निज सप्लार्यस रामहरी अर्यालले सम्झौता अनुसारको रासन दाना नियमित आपूर्ति गर्नेछु भनी मिति २०६८।१२।५ मा चितवन राष्ट्रिय निकुञ्ज कार्यालयमा स्वयं उपस्थित भई निवेदन समेत दिएको देखियो । पुनः चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको मिति २०६९।५।१४ को पत्रबाट सप्लायर्स रामहरी अर्यालले २०६९ श्रावण १५ देखि हात्तीको दाना आपूर्ति नगरेकोले दाना नियमित गर्न भनी पत्राचार गरेको देखिंदा दाना सप्लायर्स रामहरी अर्यालबाट सम्झौता बमोजिमको दाना सप्लाई नियमित रूपमा नभएको देखियो।आफूले गरेको सम्झौता अनुसारको रासन तथा दाना नियमित रूपमा सप्लाई नभएकोले हात्तीको लागि दाना कर्मचारीले आफैं किनी खुवाएको र २४ दिन घाँस मात्र खुवाएको भन्ने समेत हात्तीको स्याहार-सुसारमा खटिएका कर्मचारीहरूको लिखित बयान व्यहोरा रहेको र अनुसन्धानको क्रममा संकलन भई आएका कागजातहरूबाट समेत सो व्यहोरा खुल्न आएको देखियो । अतः सम्झौता बमोजिमको अवधिसम्म रु.८,३०,२८५।४३ बराबरको दाना आपूर्ति नगरी माता सन्तोषी सप्लायर्सका प्रोपाइटर रामहरी अर्यालले सम्झौता अनुरूपको कानूनी दायित्व पालना नगरेको देखिन आयो । चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको संरक्षणमा रहेका हात्ती जस्तो संवेदनशील जनावरको दाना आपूर्तिमा संयमित र संवेदनशील भई नियमित रूपमा रासन दाना आपूर्ति गर्नुपर्नेमा सो नगरी निज रामहरी अर्यालले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) को खण्ड (ग) बमोजिमको कार्य गरेको देखिंदा निज माता सन्तोषी सप्लायर्सका प्रोपाइटर रामहरी अर्याललाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) बमोजिम कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमनको कार्यालय, काठमाडौंलाई लेखी पठाइएकोले निज रामहरी अर्याललाई भुक्तानी हुन बाँकी रहेको रकमको हकमा कानून बमोजिम गर्न आयोगको मिति २०७३।१।७ को निर्णयानुसार चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, चितवनलाई लेखी पठाइएको ।

**९. युवा तथा खेलकुद मन्त्रालय**

(१) राष्ट्रिय खेलकुद परिषदमा कार्यरत द्वितीय श्रेणीका अधिकृत सुरेशकुमार ढुंगानाले विभिन्न समयमा सदस्य सचिवको पि.ए. हुँदा पेश्की लिई दशौं वर्ष भैसक्दा पनि नतिरेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा राष्ट्रिय खेलकुद परिषदका नायव वरिष्ठ प्रशासकीय अधिकृत सुरेशकुमार ढुंगानाले मिति २०५४।१०।२७ देखि पटक-पटक गरी विभिन्न शीर्षकमा लिएको पेश्की रकममध्ये मिति २०७१।३।१९ सम्म रु.१७,१२,४७८।४२ फछ्र्यौट हुन बाँकी देखिएको र महालेखा परीक्षकको विभागबाट लेखापरीक्षण हुँदा निज लगायत विभिन्न व्यक्ति, पदाधिकारी र संघ/संस्थाको नाममा कुल रु.३०,७९,०९,२०३।८२ पेश्की बाँकी रहेको देखाई सो रकम फछ्र्यौट गर्न र ताकेता गर्न वा पेश्की फछ्र्यौट नगर्नेलाई कानूनी कारबाही गर्नेतर्फ परिषद सक्रिय रहेको पाइएन भन्ने व्यहोरा समेत प्रतिवेदनमा उल्लेख गरेको पाइयो। राष्ट्रिय खेलकुद परिषदबाट दिइएको पेश्की फछ्र्यौट गर्ने/गराउने सम्बन्धमा पटक-पटक

पत्राचार एवं गोरखापत्रमा सार्वजनिक सूचना समेत प्रकाशित गरेको र सो गर्दा पनि परिषदबाट रकम पेश्की लिनेहरूबाट पेश्की फछ्र्यौट हुन नसकेको कारण पेश्कीको अंक बढ्दै गएकोले राष्ट्रिय खेलकुद परिषदको बोर्ड बैठकबाटै परिषदका कोषाध्यक्षको संयोजकत्वमा पेश्की तथा बेरुजु फछ्र्यौट कार्यदल गठन गरी उक्त कार्यदलले सम्बन्धित व्यक्तिलाई पत्राचार तथा सार्वजनिक सूचना समेत प्रकाशित गरी करिब रु.२८ करोड बराबरको रकमको पेश्की फछ्र्यौट समेत गरेको र फछ्र्यौट नगर्ने संघ/संस्थाहरूको अनुदान रोक्का गर्ने तथा कर्मचारीहरूको तलब रोक्का गर्ने प्रक्रिया समेत बढाउन लागिएको भन्ने व्यहोरा उल्लेख गरी राष्ट्रिय खेलकुद परिषदले मिति २०७२।६।२२ मा लेखी पठाएको देखिएकोले राष्ट्रिय खेलकुद परिषदका कर्मचारीहरूले विभिन्न प्रयोजनको लागि लिएको पेश्की फछ्र्यौट गर्न गराउन कार्यालयले अपनाउने अन्य प्रक्रियाका अतिरिक्त राष्ट्रिय खेलकुद परिषद आर्थिक प्रशासन नियमावली, २०६२ को कानूनी व्यवस्था अनुरूप समेत गरी राष्ट्रिय खेलकुद परिषदका नायव वरिष्ठ प्रशासकीय अधिकृत सुरेशकुमार ढुंगानाको नाममा रहेको पेश्की/बेरुजु रकम रु.१७,१२,४७८।४२ अविलम्ब फछ्र्यौट गराई सो को जानकारी गराउन आयोगको मिति २०७२।११।१३ को निर्णयानुसार राष्ट्रिय खेलकुद परिषदलाई लेखी पठाइएको ।

२. नेपाल बास्केट बल संघका अध्यक्ष लामा टेण्डी शेर्पाले राष्ट्रिय खेलकुद परिषद्बाट लिएको पेश्की रकम फछ्र्यौट नगरेको, तेस्रो दक्षिण एसियाली बास्केट बल प्रतियोगिता आयोजना गर्ने सन्दर्भमा बास्केट बल संघलाई राष्ट्रिय खेलकुद परिषद्ले रकम उपलब्ध गराएकोमा निजले विभिन्न कारण देखाई उक्त प्रतियोगिता नै सारी कमसल खालको कम मूल्य पर्ने बास्केट बल बोर्ड लगायत डिजिटल स्कोरबोर्ड र बास्केट बलका अन्य सामग्री खरिद गरी लाखौं रकम हिनामिना गरेको, खेलकुदका विभिन्न पदमा कब्जा जमाई ठूलो आर्थिक अनियमितता गरी भ्रष्टाचार गरेको र नेपाल बास्केट बल संघको बूढानीलकण्ठस्थित कोर्ट निर्माणका लागि परिषद्बाट करिब पच्चीस लाख रुपैयाँ लगी पाँच लाख रुपैयाँको पनि काम नगरी सबै रकम अनियमितता गरेको भन्ने समेतको विषयको उजुरी उपर अनुसन्धान हुँदा नेपाल बास्केट बल संघका अध्यक्ष लामा टेण्डी शेर्पाले राष्ट्रिय खेलकुद परिषद्बाट मिति २०६५।१०।२ देखि मिति २०७०।१२।१९ सम्म अनुदान तथा पेश्की स्वरूप लिएको रु. ९८,५२,५२५। मध्ये रु. ४७,१६,८०७।- पेश्की फछ्र्यौट नगरेकोले उक्त पेश्की रकम प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी यथाशीघ्र फछ्र्यौट गर्न, गराउन आयोगको मिति २०७३।२।१८ को निर्णयानुसार राष्ट्रिय खेलकुद परिषद्लाई लेखी पठाइएको।

**१०. स्वास्थ्य मन्त्रालय अन्तर्गत**

(१) भीम अस्पताल विकास समिति भैरहवामा आ.व. ०६६।६७ देखि ०७०।७१ सम्म औषधी तथा सर्जिकल सामानहरू बिना बोलपत्र सोझै खरिद गरी कमिसन लिई लाखौं घोटाला भएको, सटर तथा जग्गा भाडा बोलपत्रबाट नदिइएको जसमा मे.सु. डा. मनोहर जोशी, लेखा अधिकृत मित्रलाल त्रिपाठी, ना.सु. विष्णु आचार्य र खरिदार गोविन्द ज्ञवालीको मिलेमतो रहेको भन्ने समेत व्यहोराको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा भीम अस्पताल भैरहवाको जग्गा तथा सटर कबल २०४२ सालदेखि नै भाडामा दिँदै आएको र कुल ३३ वटै सटरहरू बोलपत्रको माध्यमबाट भाडामा लगाउने कार्य गरेको देखिने आवश्यक कागजातहरू समेत पेश हुन आएकोले यस सम्बन्धमा थप केही बोलिरहन परेन। साथै भीम अस्पताल, भैरहवाको अस्पताल

विकास समितिले भैरहवा अस्पताल विकास समिति गठन आदेश, २०५९ को दफा ८ अनुरूप करारमा १ जना अ.हे.व. नियुक्तिका लागि मिति २०६७।२।१ मा विज्ञापन प्रकाशित गरी प्रतिस्पर्धाबाट छनौट गरी २ जना अ.हे.व. करारमा नियुक्ति गरेर कामकाज गराउँदै आएको देखियो। भैरहवा अस्पताल विकास समितिले गर्ने सम्पूर्ण प्रशासनिक कार्यहरूलाई व्यवस्थित तथा नियमानुसार सञ्चालन गर्नका लागि अस्पताल विकास समितिको विनियमावली निर्माण गर्न गराउन आयोगको मिति २०७२।११।१३ को निर्णयानुसार सरोकारवालालाई लेखी पठाइएको ।

**११. भौतिक पूर्वधार तथा यातायात मन्त्रालय अन्तर्गत**

१. पर्वत जिल्ला स्थित धर्मोदय उ.मा.वि.भोर्लेका शिक्षक चक्रपाणी सापकोटा समेतका व्यक्तिहरूले नक्कली उपभोक्ता समिति गठन गरी विभिन्न आयोजनाहरूमा व्यापक भ्रष्टाचार गरेको भन्ने समेतका सम्बन्धमा अनुसन्धान हुँदा पर्वत जिल्लास्थित सरौखोला गाउँ विकास परिषदबाट यज्ञश्वर निम्न माध्यमिक विद्यालय, भोर्लेका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चक्रपाणी सापकोटा, प्र.अ.ज्ञानेन्द्रराज पौडेल र शिक्षक राजुप्रसाद सापकोटाले जबर्जस्ती विनियोजन गर्न लगाएको रकम तीनै जनाबाट जनही रु.१,४१,०४०।- का दरले असुल उपर गरी रु.४,२३,१२०।- मिति २०७१।९।३० मा नेपाल बैंक लि. शाखा कार्यालय, कुश्मा मार्फत राजश्व शीर्षक नं. १५११२ मा बेरुजु दाखिला गरेको जिल्ला शिक्षा कार्यालय, पर्वतको मिति २०७१।१०।२ को पत्रबाट देखियो । मेदिखोला-पोखरेफाँट-काँहु बयरघारी सडक अन्तर्गत सुवेदी निर्माण सेवा, पर्वतबाट भएको काम अन्तर्गत Gabion Works को चेकजाँच गर्दा ग्याबियन तार ठाउँ ठाउँमा खियाँ लागेको, जालीमा ढुङ्गा भर्दा Void रहेको र ग्याबियनको परिणाम नापी किताब अनुसार १०९.०० घ.मि. हुनुपर्नेमा ९१.०० घ.मि. मात्र रहेको पाइएकोले रु.६३,०००।- (भ्याट बाहेक) बढी भुक्तानी गरेको स्थलगत रूपमा नापजाँच गर्दा देखिएको सम्बन्धमा सुवेदी निर्माण सेवा, पर्वतले मिति २०७२।१०।१२ मा भौचर नम्बर २१७२२१२ वाट डिभिजन सडक कार्यालय, पोखराको नेपाल राष्ट्र बैंकको कार्यालय कोड नम्बर ४७३३७०३ राजश्व शीर्षक १५११२ मा रु.६३,०००।- रकम दाखिला गरेको सक्कलै प्रति भौचर मिति २०७२।१०।१२ मा पेश गरेको भए तापनि तर उपभोक्ता समितिले सडक निर्माणको लागि मेसिनरी औजारहरू जस्तै ब्रेकर तथा डोजर जस्ता Heavy Equipment प्रयोग गर्न नपाउने कानूनी प्रावधान रहेकोमा उल्लेखित सामग्रीहरू प्रयोग गरेको देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ र १५६ मा उल्लेखित कानूनी व्यवस्थाको पूर्ण पालना गर्न/गराउन आयोगको मिति २०७२।१२।२३ को निर्णयानुसार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र भौतिक पूर्वधार तथा यातायात मन्त्रालयमा लेखी पठाइएको।

**१२. सहकारी तथा गरिबी निवारण मन्त्रालय**

(१) काठमाडौं जिल्ला बूढानीलकण्ठ-१ चपली-भद्रकाली निवासी माइला तामाङ र कान्छीमाया तामाङले तौलुङ शिवपुरी बचत तथा ऋण सहकारी संस्था, बूढानीलकण्ठ-३, काठमाडौंबाट २०६७ सालमा ऋण लिई सो चुक्ता गरी धितो फुकुवा भएको ४ वर्षपछि डिभिजन सहकारी कार्यालय, काठमाडौं मार्फत पुनः धितो रोक्का राखेकोले धितो रोक्का राख्ने संलग्नहरूलाई कारबाही

गरी पाउँ भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा काठमाडौं विष्णु बूढानीलकण्ठ-१, स्थित चपली-भद्रकालीका माइला तामाङले मिति २०६७।४।२३ मा तौलुङ शिवपुरी बचत तथा ऋण सहकारी संस्था, बूढानीलकण्ठ, काठमाडौंबाट रु.७,००,०००।- कर्जा लिएको र कान्छीमाया तामाङले मिति २०६७।६।५ मा रु.२५,००,०००।- कर्जा लिएकोमा दुवै जनाले २०६८।३।२ मा कर्जा चुक्ता गरी धितो फुकुवा गरेको ३ वर्षपछि मिति २०७१।४।६ मा डिभिजन सहकारी कार्यालय, काठमाडौंमार्फत पुनः धितो रोक्का गरेको अवस्था देखियो। सहकारी संस्थामा ऋणीले राखेको धितो फुकुवा गर्ने विषय डिभिजन सहकारी कार्यालय, काठमाडौंसँग सम्बन्धित देखिएकोले यस विषयमा जो जे बुझ्नुपर्ने हो बुझी कानून बमोजिम आवश्यक कारबाही गर्न आयोगको मिति २०७२।१२।२३ को निर्णयानुसार डिभिजन सहकारी कार्यालय, काठमाडौंलाई लेखी पठाइएको ।

**१३. अर्थ मन्त्रालय अन्तर्गत**

(१) जिल्ला उदयपुर, त्रिवेणी गाउँ विकास समिति स्थित सितापोखरी सामुदायिक वन उपभोक्ता समितिले तालिम नगरी वन व्यवस्थापन तालिम भएको भनी खर्च गरेको बिल भरपाई देखाएको, समूहलाई वन मुद्दा लाग्दा भए नभएका खर्च देखाएको, अनावश्यकरूपमा बिना निर्णय सापटी लिएको, वन प्राविधिकलाई भत्ता दिएको, आ.व. ०६५।६६ को ले.प.मा अ.ल्या. गर्दा रु.२१,०००।- छुट हुन गएको भन्ने समेतका सम्बन्धमा अनुसन्धान हुँदा लेखापरीक्षण गर्दा रु.२१,०००।- अ.ल्या. नगरिएको भन्ने सम्बन्धमा आ.व. ०६५।६६ को लेखापरीक्षण प्रतिवेदनको अ.ल्या. शीर्षकमा प्रभु राय शर्मा र केदारनाथ कटेलबाट लिनुपर्ने रु.२१,०००।- कम भै रु.६,५१,४३६।७२ अ.ल्या. गरेको पाइयो। लेखा परीक्षकले लेखापरीक्षण गर्दा गत आ.व.को हिसाब किताब समेत हेरी भए गरेका आम्दानी खर्चको दुरुस्त प्रतिवेदन तयार गर्नुपर्नेमा सो नगरी लापरबाही गरेको देखिएकोले आ.व. ०६५।६६ को लेखापरीक्षण गर्ने लेखा परीक्षक श्री टीकाराम राउत, सदस्यता नं. ३७२८ लाई कानून बमोजिम जो जे गर्नुपर्छ आवश्यक कारबाही गर्न आयोगको मिति २०७२।१२।२३ को निर्णयानुसार नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थामा लेखी पठाइएको ।

(२) युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट सहकारीहरूले प्राप्त गर्नुपर्ने किस्ता रकम नपाएको, नेपाल सरकारले युवा तथा साना व्यवसायी स्वरोजगार कोषलाई छुट्याइएको रकम कम ब्याजदरमा विभिन्न बैंकहरूमा राखी बैंकहरूबाट कमिसन लिएको भन्ने समेतका सम्बन्धमा अनुसन्धान हुँदा युवा तथा साना व्यवसायी स्वरोजगार कोष सञ्चालन नियमावली, २०६५ र युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय लगानी निर्देशिका, २०६९ अनुसार बेरोजगार युवाहरू, द्वन्द्वपीडित, अपांग, पिछडिएको क्षेत्रलाई विभिन्न सीपमूलक तालिम तथा स्वरोजगार अवसर प्रदान गर्ने उद्देश्यका साथ ऋण लगानी गर्ने, वित्तीय संस्था तथा सहकारी संस्था मार्फत युवा स्वरोजगार कार्यक्रममा लगानी गर्ने वातावरण बनाउन स्थानीय स्तरमा सहयोगी संस्थाहरूको संयन्त्र निर्माण गर्ने, कोषको उद्देश्य अनुसार काम गर्ने, वित्तीय संस्था तथा सहकारी संस्थाबाट सहुलियत ब्याजदरमा बिना धितो दुई लाख रुपैयाँसम्म आवधिक ऋण उपलब्ध गराउने, कोषको उद्देश्य अनुसार काम गर्ने व्यक्तिहरूले गठन गरेको समूहलाई प्रतिपरिवार एक जनाभन्दा बढी व्यक्तिले नपाउने र जनही बढीमा दुई लाखमा नबढ्ने गरी बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाबाट पचास लाख रुपैयाँसम्म सहुलियत ब्याजदरमा बिना धितो आवधिक

ऋण उपलब्ध गराउने गरेको देखियो। यसका लागि विपन्न वर्ग कर्जा सापटी अन्तर्गत विभिन्न बैंक र वित्तीय संस्थाहरूबाट ३% ब्याजदरमा ऋण प्राप्त हुने व्यवस्था रहेको र यसरी प्राप्त भएको रकम विभिन्न बैंक वित्तीय संस्था तथा सहकारीहरूलाई थोक कर्जा प्रवाह गर्न प्रयोग गरिएको देखियो। ६२४ वटा सहकारी संस्था तथा २४ वटा बैंक र वित्तीय संस्थाहरूलाई लगानी गरी सो बाट असुल हुँदै गएको रकम तथा बाँकी रहेका रकमहरू विभिन्न बैंकमा अधिकतम ब्याज आर्जन हुने गरी कल खातामा राखेको पाइयो। नेपाल सरकारबाट आर्थिक वर्ष २०७०।७१ मा कोषको सञ्चालन खर्च, ब्याज अनुदान बिमा खर्च तथा तालिम लगायतका खर्चका लागि रु.२९,३२,५०,०००।- बजेट व्यवस्था भएकोमा रु.१२,८५,००,५७३।४७ खर्च भै बाँकी रकम राजस्व खातामा फिर्ता गएको देखियो । खर्च भएको रकम कोषको सञ्चालक समितिले गरेका निर्णय, सार्वजनिक खरिद ऐन नियम र निर्देशिका तथा सञ्चालक समितिको निर्णयानुसार कायम भएका मापदण्डको आधारमा खर्च भएको पाइयो तथा कोषबाट ऋण प्रवाह गर्दा लक्षित वर्गको पहिचान तथा निजहरूको आवश्यकता अनुकूल हुने गरी सीपमूलक तालिम कार्यक्रमको व्यवस्था गरी तोकिए बमोजिमको कार्यविधि, मापदण्ड अनुसार स्वरोजगार कार्यक्रम सञ्चालन गर्न, कोषको रकमको ब्याजदर निर्धारण गर्दा कोषको अधिकतम हित हुने गरी प्रतिस्पर्धा गराई निर्धारण गर्न, कोषबाट भएको लगानीको भरपर्दो अनुगमनको व्यवस्था मिलाउन तथा कोषबाट विगतमा विभिन्न वित्तीय संस्थाहरू मार्फत भएको लगानी सम्बन्धमा जोखिममा परेका ऋणहरूको तत्काल असुलीको कारबाही अगाडि बढाउन आयोगको मिति २०७२।१२।३० को निर्णयानुसार युवा तथा स्वरोजगार कोषलाई लेखी पठाइएको ।

(३) तातोपानी भन्सार नाकाबाट अवैधरूपमा चोरी पैठारी भइआएको ३५ किलोग्राम सुनको बारेमा मिति २०७०।३।२५ मा भीमबहादुर तामाङले केन्द्रीय अनुसन्धान ब्युरोका प्रहरी कर्मचारीलाई सूचना दिएको आधारमा उक्त सुन बरामद भएकोमा पुरस्कार रकम मासी खान नक्कली सुराकी खडा गरेको हुँदा सम्बन्धित प्रहरी कर्मचारी उपर कारबाही गरी सुराकी बापतको पुरस्कार रकम दिलाई पाउँ भन्ने समेत विषयको उजुरीको अनुसन्धान गरी वास्तविक सुराकीलाई पुरस्कार रकम दिने सम्बन्धमा हाल प्रचलित कानून बमोजिम आवश्यक निर्णय गर्न आयोगको मिति २०७३।१।२३ को निर्णयानुसार राजश्व अनुसन्धान विभाग, हरिहरभवनमा लेखी पठाइएको ।

(४) प्यूठान जिल्ला, खुङ्ग गा.वि.स.मा सञ्चालित खोरचौर खानेपानी तथा सरसफाइ कार्यक्रमको रकम हिनामिना गरेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा खोरचौर खानेपानी तथा सरसफाइ आयोजना ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति मार्फत सञ्चालन भएको र कन्सल्टेन्ट मार्फत योजनाको समग्र मूल्यांकन गरी भुक्तानी प्रक्रियामा ल्याएको पाइयो। उपभोक्ता समिति तथा सहयोगी संस्था मल्लरानी ग्रामीण विकास तथा सरोकार केन्द्रले गरेको खर्चलाई पारदर्शी बनाउन सार्वजनिक सुनुवाइ समेत गरेको देखियो। तापनि निर्माण भइसकेपछिका संरचनाहरू साबिक डिजाइन अनुसार दुरुस्त नभएको तर भुक्तानी गर्दा भने डिजाइन अनुसार नै भुक्तानी भए गरेको देखिंदा निर्माणस्थलको वास्तविक नापजाँच गरी भुक्तानी भएको भन्न सकिने अवस्था देखिएन भने आयोजनालाई सिमेन्ट, पाइप, फिटिङका सामानहरू उपलब्ध गराउने लक्ष्मी ट्रेडर्स, धर्मवर्ती-१, प्यूठानले नेपाल सरकारलाई बुझाउनुपर्ने कर रकम

बुझाएको देखिएन। अतः लक्ष्मी ट्रेडर्सले छली गरेको कर रकमका सम्बन्धमा आवश्यक कारबाहीका लागि आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौंलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ (१) को देहाय (ख) र (ग) बमोजिम आयोगको मिति २०७२।८।१३ को निर्णयानुसार लेखी पठाइएको ।

**१४. स्वास्थ्य मन्त्रालय**

(१) कास्की जिल्ला, पोखरा उपमहानगरपालिका वडा नं. -१६ बाटुलेचौर स्थित बाटुलेचौर स्वास्थ्य चौकी र पोखरा-कोमागाने मातृ शिशु मितेरी अस्पताल समिति उपर सो स्वास्थ्य चौकी हाताभित्र रहेका रूखपातहरू बिक्री गरी रकम हिनामिना गरेको, सो चौकीको भवन भत्काउँदा निस्केको सामग्रीहरू आफ्ना मान्छेलाई बिक्री वितरण गरी रकम हिनामिना गरेको, स्वास्थ्य चौकीको जग्गा अतिक्रमण गरेकोले छानबिन गरिपाउँ भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा पोखरा उप-महानगरपालिका र जापानको कोमागाने सहरबीच भगिनी सम्बन्ध स्थापना भई सोको उपलब्धि स्वरूप पोखरा उप-महानगरपालिका वडा नं.-१६ स्थित बाटुलेचौर स्वास्थ्य चौकी परिसरमा पोखरा-कोमागाने मातृ शिशु मितेरी अस्पताल निर्माण भई स्वास्थ्य सेवा विभागको मिति २०७०।३।२६ को पत्रबाट अस्पताल सेवा सञ्चालनको अस्थायी स्वीकृति समेत प्राप्त भएको र सोही परिसरमा रहेको बाटुलेचौर स्वास्थ्य चौकीको भवन पुरानो र जीर्ण अवस्थामा रहेकोले सो स्वास्थ्य चौकीको नयाँ भवन निर्माण गर्न पोखरा उप-महानगरपालिकाको कार्यालयले प्रतिबद्धता जनाए अनुरूप स्वास्थ्य सेवा विभागको मिति २०६९।८।२१ को पत्रानुसार उक्त बाटुलेचौर स्वास्थ्य चौकी भवन भत्काई पुनः निर्माण गर्न स्वीकृति प्रदान गरिए अनुसार उक्त भवन भत्काउँदा निस्केका पुराना काठ, ढुंगा आदि सामानहरू लिलामका लागि मिति २०६९।९।२ मा सूचना प्रकाशन गरी सो सूचना बमोजिम मिति २०६९।९।५ मा लिलाम बढाबढ गराई प्राप्त भएको रकम रु.४,५०,४००।- मध्ये भवन भत्काउँदा लागेको खर्च रकम रु.५१,०००।- कट्टा गरी बाँकी रहेको रकम रु.३,९९,४००।- उक्त स्वास्थ्य चौकीको नाममा कैलाश विकास बैंक, पोखरामा रहेको खाता नं. ००६०००००८२०१ मा नगद जम्मा गरेको मिति २०७१।१०।२५ को बैंक भौचर समेत जिल्ला जनस्वास्थ्य कार्यालय, कास्कीको मिति २०७१।१०।२६ को पत्रसाथ संलग्न प्रतिवेदन समेतबाट देखिन आयो ।बाटुलेचौर स्वास्थ्य चौकीको नाममा भोगाधिकार रहेको जग्गा अतिक्रमण भएको भन्ने सम्बन्धमा पोखरा उप-महानगरपालिका वडा नं. १६ को साबिक कि.नं. ६९९ को क्षेत्रफल १२-१२-१-० जग्गा मध्ये साबिकको पर्खाल भत्काई पछि पर्खाल लगाउँदा ०-४-३-१ क्षेत्रफल जग्गा बाटोमा छाडी पर्खाल लगाएको र बाँकी जग्गा ११-८-०-३ क्षेत्रफल पर्खालभित्र कायम भएको र सोको भोगाधिकार सोही बाटुलेचौर स्वास्थ्य चौकीकै नाममा नै रहेको समेत व्यहोराको नापी कार्यालय, कास्कीको मिति २०७१।११।२२ को प्रतिवेदन समेतबाट देखिन आएकोले उजुरी व्यहोरा प्रमाणित हुने तथ्ययुक्त आधार प्रमाणहरू हाल देखिएन । बाटुलेचौर स्वास्थ्य चौकीको हाताभित्र पोखरा कोमागाने मातृ शिशु मितेरी अस्पताल समेत सञ्चालन भई एउटै हाताभित्र दुई वटा स्वास्थ्य संस्था सञ्चालन हुन उपयुक्त नहुने भनी सो स्वास्थ्य चौकीको स्तर वृद्धि गरी उक्त मितेरी अस्पतालमा मिलान गरी सामुदायिक अस्पतालको रूपमा सञ्चालन गर्ने सम्बन्धमा पोखरा उप-महानगरपालिका र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबीच पत्राचार भई कार्य प्रारम्भ समेत भए गरेको भन्ने साबिक स्वास्थ्य तथा

जनसंख्या मन्त्रालयको च.नं. १७२ मिति २०७२।११।२५ को पत्र समेतबाट देखिन आएको सन्दर्भमा त्यसरी स्वास्थ्य चौकी र मितेरी अस्पताल मिलान गर्दा सामुदायिक अस्पतालको रूपमा स्थापना र सञ्चालन हुन सक्ने दिगो र भरपर्दो आधारहरू भए सो आधारहरू समेत यकिन गरेर मात्र स्वीकृतितर्फको कारबाही प्रक्रिया अघि बढाउने व्यवस्था गर्न गराउन आयोगको मिति २०७२।१२।३० को निर्णयानुसार स्वास्थ्य मन्त्रालयलाई लेखी पठाइएको ।

(२) नेपालका मेडिकल कलेजहरू आवश्यक पूर्वाधारबिना नै सञ्चालन भएको, गुणस्तर एकदमै न्यून रहेको, अध्यापक तथा विद्यार्थीहरू समेत भारतीयमूलका नक्कली हुने गरेको लगायत मेडिकल काउन्सिलको मिलोमतोमा मेडिकल कलेजहरूले अनियमितता गरेको भन्ने समेतको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा नेपाल मेडिकल काउन्सिलले गण्डकी मेडिकल कलेजको चालू शैक्षिक सत्र ०७२।७३ मा एम.बी.बी.एस. तर्फ सिट संख्या निर्धारण गर्दा Accreditation Standard for MBBS Degree Program, २०१३ को मापदण्ड विपरीत यथेष्ठ भौतिक पूर्वाधार र फ्याकल्टीहरूको व्यवस्था नगरी अघिल्लो शैक्षिक वर्ष ०७१।७२ भन्दा शैक्षिक वर्ष ०७२।७३ मा बढी भर्ना गर्न अनुमति दिएको सिट संख्या १५ आगामी शैक्षिक वर्ष ०७३।७४ मा एम.बी.बी.एस. कार्यक्रममा उक्त कलेजले प्राप्त गर्ने सिट संख्यामा मिलान गर्न गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) को देहाय (ग) बमोजिम आयोगको मिति २०७३।१।२३ को निर्णयानुसार नेपाल सरकार, स्वास्थ्य मन्त्रालय मार्फत नेपाल मेडिकल काउन्सिललाई तथा आगामी शैक्षिक वर्षदेखि सिट संख्या निर्धारण गर्दा विश्वविद्यालयको अद्यावधिक गरिएको स्वीकृत फ्याकल्टी सूची, भौतिक पूर्वाधार तथा अन्य जनशक्ति समेतलाई दृष्टिगत गरी सिट संख्या निर्धारण गर्न नेपाल सरकार, शिक्षा मन्त्रालय मार्फत त्रिभुवन विश्वविद्यालय उपकुलपतिको कार्यालयलाई र नेपाल सरकार, स्वास्थ्य मन्त्रालय मार्फत नेपाल मेडिकल काउन्सिललाई सुझाव लेखि पठाएको।

६.५.६ ध्यानाकर्षण

१. **स्थानीय विकास मन्त्रालय अन्तर्गत**

१. भक्तपुर जिल्ला कटुन्जे गा.वि.स.का सचिव लगायतका कर्मचारीहरूले गा.वि.स.बाट उठ्ने आम्दानी रकम हिनामिना गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा गा.वि.स.वाट विभिन्न सिफारिस गरिदिए वापत हुने राजश्वको रसिद काट्ने, सो को दैनिक आम्दानी रजिष्ट्रमा प्रविष्टि गर्ने, रकमको मात्रा हेरी नियमित रूपमा बैंक दाखिला गर्ने, बैंक नगदी किताबमा चढाउने र मासिक रूपमा आम्दानी र दाखिलाको हिसाब राख्ने गरेको देखियो। घर निर्माणको सिफारिस हेर्दा पनि इन्जिनियरबाट स्वीकृत घरको वर्गफिटको आधारमा मापदण्डमा तोकिए बमोजिम राजश्व लिने गरिएको, प्राप्त प्रत्येक सिफारिसमा राजश्व रसिदको प्रति संलग्न रहेको र सो को खातामा प्रविष्टि र बैंक दाखिला गर्ने गरेको देखियो । तर केही कागजातमा राजस्व रसिद नकाटेर रु.९,७१५।- राजस्व छुट्न गएकोमा, सो पछि विभिन्न मितिमा ७ वटा रसिद काटेर आम्दानी जनाएको र उजुरी परेर जि.वि.स को अनुगमन पश्चात मात्र यो गल्ती थाहा पाएको देखियो । आरोपित गा.वि.स. सचिव रमेश फाँजु तथा सहायक कर्मचारीहरू सिर्मिला जोन्छें र निश्चल खड्काले गरेको बयानमा पनि अनियमितता गर्ने उद्देश्य नरहेको, काम चापले केही त्रुटि भएको, त्रुटि थाहा पाएपछि सच्याएको भन्ने उल्लेख गरेको देखियो। उपरोक्त कार्यमा सम्बन्धित कर्मचारीहरूको लापरबाही भएको देखिए तापनि सम्पूर्ण राजश्व आम्दानी र दाखिला गरेको रकम र लेखांकन राख्ने तरिका हेर्दा अनियमितता गर्ने मनसाय राखेको देखिएन। अतः आइन्दा कार्य गर्दा यस्तो गल्ती नगर्न आयोगको मिति २०७२।४।१३ को निर्णयानुसार निजहरूलाई ध्यानाकर्षण गराइएको ।

(२) **स्वास्थ्य मन्त्रालय अन्तर्गत**

१. सुदूरपश्चिम क्षेत्रीय स्वास्थ्य निर्देशानलय दिपायलको आ.व. २०६९।७० को वार्षिक समीक्षा गोष्ठीमा अनियमितता भएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा आ.व. २०६९।७० को क्षेत्रीय समीक्षा गोष्ठी धनगढीको हसनपुरस्थित होटल डिभोटीमा सञ्चालन भएको देखियो। उक्त वार्षिक समीक्षा गोष्ठीमा स्वास्थ्य तथा जनसंख्या मन्त्री तथा मन्त्रालयका सचिव लगायत जम्मा १५० जनाको सहभागिता रहेको र नेपाल सरकारबाट समीक्षा गोष्ठीको लागि भनी छुट्याइएको रु.६,००,०००।- र अन्य संघसंस्थाबाट रु.६,२५,२१६।- गरी जम्मा रु.१२,२५,२१६।- खर्च भएको देखियो । नेपाल सरकार अर्थ मन्त्रालयको मापदण्ड अनुसार प्रतिसहभागी प्रतिदिन खाजा र खानामा रु. १५० स्वीकृत भएकोले सहभागी संख्या १५० जनाको प्रतिव्यक्ति रु.१५० ले जम्मा रु.६७,५००।- खर्च गर्न पाइनेमा उक्त गोष्ठीमा खाजा खर्च बापत रु.२,७१,३४७।- भुक्तानी भएको देखियो भने बाँकी रकम दै.भ्र.भ. लगायत स्टेसनरीमा खर्च भएको देखियो। यसरी गोष्ठीको खाजा खर्चमध्ये रु.१,८८,८४७।- नेपाल सरकारको स्वीकृत मापदण्डभन्दा बढी खर्च गरेको देखिएकोले तत्कालीन क्षेत्रीय प्रमुख परशुराम श्रेष्ठ, लेखापाल अमरद्वीप महतो तथा तत्कालीन फोकल पर्सन सिताराम घिमिरेलाई आयोगको मिति २०७२।४।२० को निर्णयानुसार ध्यानाकर्षण गराइएको।

३. **कृषि विकास मन्त्रालय अन्तर्गत**

(१) खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका वरिष्ठ खाद्य अनुसन्धान अधिकृत (रा.प.द्वि.प्रा.) पूर्णचन्द्र वस्तीले अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमा काम गर्न जाने क्रममा असाधारण बिदा

लिएर नपुग बिदालाई विभिन्न प्रभाव/प्रलोभनको आडमा पछिबाट काजमा परिणत गर्ने गरेको लगायतका विषय र सोही कार्यालयका खाद्य अनुसन्धान अधिकृतहरू बालकुमारी शर्मा, एकिन्द्र प्रसाद तिमल्सेना र यधुनाथ गुरागाईंले एक पटक एम.एस.सी. अध्ययन गर्न अध्ययन बिदा लिएर फर्की आएपछि शर्तअनुसारको सरकारी सेवा अवधि पूरा नगर्दै पि.एच.डि. अध्ययन गर्न पुनः अध्ययन बिदा लिई दोहोरो सुविधा लिई अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने समेतका सम्बन्धमा अनुसन्धान हुँदा वरिष्ठ खाद्य अनुसन्धान अधिकृत पूर्णचन्द्र वस्तीको २०६६ सालको हाजिरी रजिष्टरमा निजको संचित घर बिदा १८० दिन रहेकोमा निजले २०६६ सालमा ४० दिन घर बिदा लिएपश्चात २०६७ सालमा निजको घर बिदाको प्रविष्टि गर्दा १७० दिन बाँकी रहेको देखिएवाट त्रुटि देखियो अतः उक्त अवधिको बिदाको दिन मिलान गराउन र खाद्य अनुसन्धान अधिकृतहरू बालकुमारी शर्मा, एकिन्द्र प्रसाद तिमल्सेना र यदुनाथ गुरागाईं समेतले एक पटक एम.एस.सी. अध्ययन बिदा लिएर फर्की आएपछि निजामती सेवा ऐन, २०४९ को दफा ४०ग मा तोकिए अनुसारको सेवा अवधि पूरा नगर्दै उक्त दफा ४०ग. को व्यवस्था विपरीत निजामती सेवा नियमावली, २०५० को नियम ६१ को उपनियम (२) बमोजिमको अवधि ननाघ्ने गरी नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०६६।६।२७ को निर्णयको आधारमा पि.एच.डि. अध्ययन गर्न पुनः अध्ययन बिदामा बसी तीनै जना पि.एच.डी. अध्ययनको सिलसिलामा नेपाल बाहिर रहेको देखिएकोले निजहरूको अध्ययन बिदाको भुक्तानी पश्चात कार्यालयमा हाजिर भइसकेपछि अघिल्लो र पछिल्लो कबुलियतनामा अनुसारको अवधि अनिवार्य रूपमा नेपाल सरकारको सेवा गराउन र आगामी दिनमा निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० को अक्षरशः परिपालना गर्न गराउन एवं परिपत्रको आधारमा निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० विपरीत कार्य नगर्न नगराउन कृषि विकास मन्त्रालयलाई आयोगको मिति २०७२।४।२२ को निर्णयानुसार ध्यानाकर्षण गराइएको।

(२) गुणस्तर तथा नापतौल क्षेत्रीय कार्यालय बुटवलमा कार्यरत कर्मचारी शम्भु आचार्यले सरकारी छाप र पदको दुरुपयोग गरी स्टिकर समेत बिक्री गरेर लाखौं रुपैयाँ फाइदा गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा आ.व. २०६९।७० देखि २०७१।७२ को पौष मसान्तसम्म जम्मा स्टिकर १६२३० प्रति जारी भएकोमा १०५१९ प्रति खर्च भई ५६९० प्रति स्टिकर मौज्दात रहेको रेकर्डबाट देखियो। उक्त कार्यालयले नाप्ने तौलने यन्त्रहरूको जाँच गरे बापत अनुसूची-९ बमोजिम नेपाल सरकारले निर्धारण गरेको दस्तुर लिई जाँचपास प्रमाणपत्र दिने गरेको र सो वापत आ.व. २०६९।७० मा रु.१३,१४,०२८।-, २०७०।७१ मा रु.१६,६५,१७०।- र २०७१।७२ को फागुन मसान्तसम्म रु.१३,०८,३३४।- राजश्व प्राप्त भई सरकारी कोषमा दाखिला गरिसकेको देखियो ।उक्त कार्यालयका वरिष्ठ निरीक्षक अखिलेश्वर प्रसाद वर्माले स्टिकर आफैंले जिम्मा लिने र कर्मचारीहरूलाई आवश्यकता अनुसार दिने गरेको भए पनि को कसले कति स्टिकर जिम्मा लिएको, के कति प्रयोग भई के कति बाँकी छ, भन्ने खुल्न सक्ने गरी रेकर्ड सहितको स्टिकरहरू नियन्त्रण र व्यवस्थापन गरेको नदेखिएको साथै निरीक्षक शम्भु आचार्यले विवरण नभरिएको स्टिकरमा दस्तखत गरी राखेको कारण दस्तखत भएको स्टिकरहरूमा सरकारी छाप समेत लागी अनधिकृत व्यक्तिसम्म पुगेको देखिएकोले आफ्नो जिम्माको सरकारी सामग्रीहरू सुरक्षित गरी राख्न नसकेको कारण नाप्ने

तौलने यन्त्रमध्ये इलेक्ट्रोनिक व्यालेन्समा लगाउने स्टिकरको नियन्त्रण व्यवस्था कमजोर भएको र आयोगबाट अनुसन्धान कारबाही सुरु गरे पश्चात मात्र गुणस्तर तथा नापतौल विभागले स्टिकरको नमुना सहित नियन्त्रणको पक्षलाई समेत समेटी सबै क्षेत्रीय कार्यालयलाई परिपत्र गरेको हुँदा अब आइन्दा आ-आफ्नो पदिय दायित्व जिम्मेवारीपूर्वक निर्वाह गर्न आयोगको मिति २०७२।११।१३ को निर्णयानुसार नेपाल गुणस्तर तथा नाप तौल क्षेत्रीय कार्यालय, बुटवलका वरिष्ठ निरीक्षक अखिलेश्वरप्रसाद वर्मा र निरीक्षक शम्भुप्रसाद आचार्यलाई ध्यानाकर्षण गराइएको ।

**४. पशुपन्छी विकास मन्त्रालय**

(१) नेपाल सरकारले औषधि खरिद गर्न दिएको वजेटबाट औषधि खरिद नगरी नक्कली विल भरपाई देखाएर खरिद गरेको, कृषकहरूलाई नै औषधि र सिरिञ्ज खरिद गर्न लगाउने गरेको, भ्याक्सिन कोष (Revolving Fund) को रु. ७५,०००।- हिनामिना गरेको, मर्मत सम्भारको रु.३,००,०००।- मर्मत नै नगरी अनियमितता र भ्रष्टाचार गरेकोले जिल्ला पशुसेवा कार्यालय सर्लाहीका प्रमुख डा. जगवीर यादव, लेखापाल ब्रह्मदेव महतो र स्टोर किपर (नायब पशु स्वास्थ्य प्राविधिक) मोदन रायलाई कारबाही गरी पाउँ भन्ने समेतका सम्बन्धमा अनुसन्धान हुँदा कार्यालयबाट खरिद गरिएका विभिन्न औषधिहरू स्टोर दाखिला भई सम्बन्धित फाँटको कर्मचारीले माग फाराम भरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराई औषधी बुझी उक्त औषधीहरू डिस्पेन्सरी रजिष्टर अनुसार वितरण गरिएको भए तापनि कृषकले भर्पाई गरेको कागज फायल संलग्न देखिएन। स्टोर किपर (ना.प.स्वा.प्रा.) मोदन रायको जिल्ला पशु सेवा कार्यालय, नुवाकोटमा सरुवा भएकोमा निजको जिम्माको भ्याक्सिन कोषको रकम रु.४८,६६०।- निजले बैंक दाखिला गरी बरबुझारथ भएपछि मात्र रमाना गर्नुपर्नेमा निज रमाना भइसकेपछि उक्त रकम निजको २०६९ साल मंसिर र पौष महिनाको तलब तथा सरुवा भ्रमण खर्च बापतको रु.३२,०२०।५४ बाट कट्टा गरी बाँकी हुने रकम रु.१६,६३९।४६ सोही समयमा दाखिला नगरी पछि दाखिला गरेको देखियो। यसरी कुनै पनि निजामती कर्मचारी सरुवा वा बढुवा भै जाँदा वा अनिवार्य अवकाश हुँदा वा सेवाबाट बर्खास्त हुँदा आफ्नो जिम्मामा रहेको नगदी जिन्सी राजश्व समेत सबै साबिकवालाले हालवालालाई बुझाउनुपर्नेमा सो नगरी रमाना दिएको, भ्याक्सिन कोषको स्थापना सकारात्मक उद्देश्यका साथ भएको भएतापनि कोष सञ्चालन गर्ने सम्बन्धमा कुनै कार्यविधि निर्देशिका नरहेको, कार्यालयको बा१झ ५४३३ को गाडी पटक पटक मर्मत गरिएको देखिए तापनि मर्मत बापतको पेश्की सम्बन्धित व्यक्तिलाई दिनुपर्नेमा नदिई लेखापाललाई दिने गरेको देखिएकोले आगामी दिनमा कार्यालयको स्टोरको जिम्मा प्रशासन सेवाको कर्मचारीलाई दिन, पेश्की रकम लेखा सञ्चालन गर्ने कर्मचारीलाई नदिन, कार्यालयबाट अन्यत्र सरुवा भएका कर्मचारीको बरबुझारथ भएपछि मात्र रमाना दिन, भ्याक्सिन कोष सञ्चालन गर्न कार्यविधि/निर्देशिका तयार गर्न तथा कार्यालय सञ्चालन निजामती सेवा ऐन, २०४९, निजामती सेवा नियमावली, २०५०, आर्थिक कार्यविधि नियमावली, २०६४ लगायत अन्य प्रचलित कानून बमोजिम गर्न गराउन जिल्ला पशुसेवा कार्यालय, सर्लाहीलाई आयोगको मिति २०७२।४।२२ को निर्णयानुसार ध्यानाकर्षण गराइएको ।

(२) केन्द्रीय भेडा बाख्रा प्रवर्द्धन कार्यालय, हरिहरभवन, ललितपुरले आर्थिक वर्ष ०७०।७१ मा भेडा सप्लाइ गर्ने कार्यको लागि टेण्डर आह्वान गरी भेडा सप्लाइ नै नगरी बिल पेश भएको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा केन्द्रीय भेडा बाख्रा प्रवर्द्धन कार्यालय, हरिहरभवन, ललितपुरमा आ.व. २०७०।७१ मा ५२ थान भेडा खरिद गर्नका लागि बोलपत्र आह्वान भै सिन्धु सर्जिकल कन्सर्न प्रा. लि., काठमाडौंसँग सम्झौता भई २०७१ अषाढ मसान्तभित्र भेडा आपूर्ति गर्ने गरी सम्झौता भएकोमा मिति २०७१।३।२३ मा न्युजिल्याण्डबाट भेडा आपूर्ति भएको भनी जिन्सी खातामा आम्दानी बाँधी मिति २०७१।३।२५ मा रु.२,२०,०४,४००।- भुक्तानी भएको देखियो।त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय, काठमाडौंबाट जाँचपास भएको कागजातका आधारमा मिति २०७१।४।२६ देखि मिति २०७१।५।५ सम्ममा ५ पटक गरी ५१ थान भेडा नेपालभित्र प्रवेश गराई राजश्व तिरेको, भेडा नेपालमा आउनुपूर्व नै जिन्सी खातामा आम्दानी बाँधी भुक्तानी दिए तापनि सम्बन्धित आपूर्तिकर्ताले बैंक मार्फत मिति २०७१।५।२१ मा रकम भुक्तानी प्राप्त गरेको देखियो।अतः केन्द्रीय भेडा बाख्रा प्रवर्द्धन कार्यालय, हरिहरभवन, ललितपुरमा न्युजिल्याण्डबाट भेडा खरिद गरी सो को रकम भुक्तानी गर्ने कार्य गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ र ठेक्का सम्झौताको पालना भएको देखिएन । उपर्युक्त कार्यबाट नेपाल सरकारलाई आर्थिक व्ययभार नबढेको, सरकारी रकम नोक्सानी नभएको र भुक्तानीको निर्णय गर्ने तत्कालीन निमित्त कार्यालय प्रमुख कृष्णबहादुर नगरकोटीले आफ्नो पदबाट स्वेच्छिक अवकाश लिइसकेको अवस्था समेत देखिएको हुँदा अब आइन्दा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा ठेक्का सम्झौतामा उल्लेखित शर्तहरूको पूर्ण परिपालना गर्ने गराउने र यस प्रकारको त्रुटि पुनः नदोहोऱ्याउने व्यवस्था गर्न गराउन आयोगको मिति २०७२।१।५ को निर्णयानुसार केन्द्रीय भेडा बाख्रा प्रवर्द्धन कार्यालय, हरिहरभवन, ललितपुरको ध्यानाकर्षण गराइएको ।

**५. वन तथा भू-संरक्षण मन्त्रालय**

(१) जिल्ला वन कार्यालय, सुनसरीमा कार्यरत सहायक वन अधिकृतहरू शशिन्द्र यादव, बेचन यादव र राजेन्द्रप्रसाद शाहले नर्सरी निर्माण र बेर्ना उत्पादन कार्यक्रममा किर्ते बिल भरपाई पेश गरी रकम हिनामिना गरेको र सो कार्यमा डि.एफ.ओ. राजबहादुर राउतको समेत मिलेमतो रहेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला वन अधिकृत राजबहादुर राउत जिल्ला वन कार्यालय, सुनसरीमा २०६८ सालदेखि २०७१ सालको भाद्र महिनासम्म कार्यालय प्रमुखको हैसियतले कार्यरत रहेकोले कार्यालयको स्वीकृत वार्षिक कार्यक्रमहरू सञ्चालन गर्ने गराउने जिम्मेवारी निजको रहेको देखियो।वन नियमावली २०५१ को नियम २२ (१) बमोजिम लागत अनुमान स्वीकृत गर्ने र नियम २२(४) बमोजिम स.व.अ.हरूले सञ्चालन गरेका विकास कार्यक्रमको जाँचपास गर्ने कर्तव्य वन अधिकृतको हुने र आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम ७४ (३) अनुसार पेश्की रकमको बिल भरपाई सहितको विवरण प्राप्त भएपछि २१ दिनभित्रमा कार्यालयले पेश्की फछ्र्यौट गरिसक्नुपर्ने कानूनी व्यवस्था रहेको देखियो । सोको अलावा आ.व.को अन्तिममा पेश्की दिन नमिल्ने र पेश्की फछ्र्यौट गर्ने मुख्य दायित्व कार्यालय प्रमुखको भएकोमा उल्लेखित कानूनी प्रावधान विपरीत स.व.अ. वेचन यादवले सञ्चालन गरेका १६ वटा कार्यक्रमको लागत इस्टिमेट

स्वीकृत नगरी पेश्की दिएको, स.व.अ. राजेन्द्रप्रसाद शाहको भुटाहा वन नर्सरी र वसन्तपुरको वृक्षरोपणको जाँचपास आफैंले गर्नुपर्नेमा स.व.अ. विजयलाल कर्णबाट गराएको, स.व.अ. वेचन यादव र शशिन्द्र यादवले सञ्चालन गरेको कार्यक्रमको जाँचपास नै नगराएको, स.व.अ. राजेन्द्रप्रसाद शाहलाई आ.व. को अन्तिम मिति २०७१।३।३२ मा समेत पेश्की दिएको, पेश्की फछ्र्यौटका लागि सबै स.व.अ. ले मिति २०७१।३।३२ मा नै बिल भरपाई पेश गरेकोमा भाद्रसम्म पनि पेश्की फछ्र्यौट नगरेको तथा उल्लेखित स.व.अ.हरूले सञ्चालन गरेका कार्यहरूको कार्य सम्पन्न प्रतिवेदन र जाँचपास फाराम समेत सदर गरेको नदेखिएबाट निजका उल्लेखित कार्यहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (ख), (घ), (च) र (छ) बमोजिमको अनुचित कार्यहरू भएको हुँदा आयोगको मिति २०७३।४।३२ को निर्णयानुसार निजलाई ध्यानाकर्षण गराउनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क. बमोजिम वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएको ।

साथै जिल्ला वन कार्यालयबाट आ.व. २०७०।७१ बिरुवा उत्पादन तथा नर्सरी सञ्चालन कार्यक्रम स्वीकृत भई उक्त कार्यक्रम सञ्चालनको लागि स.व.अ. शशिन्द्र यादवले रु.८,००,०००। पेश्की लिएकोमा उक्त रकमबाट सुनसरी जिल्ला, औरावनी गा.वि.स. वडा नं.-५ स्थित काली दुर्गा मन्दिर परिसरमा रु.५०,०००।- मा नयाँ नर्सरी निर्माण गरी बिरुवा उत्पादन र वितरण गरेको भए तापनि उक्त कार्यको लागत इस्टिमेटमा काँडेतार लगाउने भनेकोमा ग्याबिन जाली खरिद गरी इस्टिमेटभन्दा रु.३१,९०१।- बढी खर्च गरेको, नर्सरी बेड निर्माणको लागि इँटा खरिद ढुवानीमा रु.९,९००।-, नर्सरीको घर छाप्रो बनाउने कार्यक्रमको टिन लगायतका सामान खरिदमा रु.१०,१३१।-, कुर्सी जडान तथा ढलानमा रु.५,३९०।-, ज्यामीमा रु.४,२३५।-, पानी ट्यांकी निर्माणमा रु.१६,१४३।- बढी खर्च गरेको बिल भरपाई पेश गरेको देखियो।यसरी एउटा सामान खरिद गर्ने भनेकोमा अर्को सामान खरिद गर्ने तथा इस्टिमेटभन्दा बढी सामान खरिद गर्नको लागि लागत इस्टिमेट संशोधन र स्वीकृत गराउनुपर्नेमा सो नगरेको, सम्पादित कार्यको जाँचपास नगराएको, कार्य सम्पन्न प्रतिवेदन समेत स्वीकृत गराएको नदेखिएकोले निजको उक्त कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (ख), घ), (छ) बमोजिमको अनुचित कार्य भएको हुँदा आयोगको मिति २०७३।२।३२ को निर्णयानुसार निजलाई ध्यानाकर्षण गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क. बमोजिम वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएको।

त्यसैगरी जिल्ला वन कार्यालयबाट आ.व. ०७०।७१ मा स.व.अ. राजेन्द्रप्रसाद शाहले बिरुवा उत्पादन र नर्सरी निर्माण कार्यक्रमका लागि रु.११,२०,०००।- र वृक्षरोपण कार्यक्रम रु.४,९९,५१५।- गरी जम्मा रु.१५,७५,०००।- पेश्की लिई सुनसरी जिल्ला रामनगर भुटाहा गा.वि.स. वडा नं. ८ मा रहेको वन नर्सरीमा बिरुवा उत्पादन र वितरणमा रु.१,४०,०००।- खर्च गर्नुका साथै ऐ. वसन्तपुरमा १७ हेक्टर सार्वजनिक जग्गामा वृक्षरोपण गरेको भए तापनि भुटाहा वन नर्सरीको हकमा वार्षिक स्वीकृत कार्यक्रमभन्दा रु.१०,०८९।- बढीको खर्च गरेको, कार्य सम्पन्न प्रतिवेदनमा रु.११,७७,२३४।- को बिल पेश गरी स्वीकृत वार्षिक कार्यक्रमभन्दा रु.५७,२३४।- बढी खर्च देखाएको, २६०० गोटा

इँटा खरिद गर्ने इस्टिमेट भएकोमा ३७२० गोटा इँटा खरिद गरेको, बीउ संकलन, औषधी खरिद तथा अन्य सामानमा इस्टिमेट ब्रेक डाउन नगरी लमसममा तयार गरेको, बढी सामान किन्नको लागि इस्टिमेट संशोधन र स्वीकृत गराउनुपर्नेमा सो नगरेको तथा कार्य सम्पन्न प्रतिवेदन समेत स्वीकृत गराएको नदेखिएबाट निजको उक्त कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (ख), (घ),(छ) बमोजिमको अनुचित कार्य भएको हुँदा आयोगको मिति २०७३।४।३२ को निर्णयानुसार निजलाई ध्यानाकर्षण गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क. बमोजिम वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएको ।

(२) महोत्तरी जिल्ला, किसाननगर-९ स्थित प्रौढ सामुदायिक वन उपभोक्ता समूहले कोषको रकम हिनामिना गरेको भन्ने राष्ट्रिय सतर्कता केन्द्रमा परेको उजुरीको सम्बन्धमा स्थलगत अध्ययन गरी प्रतिवेदन पेश गर्ने जिल्ला वन कार्यालय, महोत्तरीका सहायक वन अधिकृत मणिराम यादवले प्रौढ सामुदायिक वन उपभोक्ता समूहको निर्णय र लेखापरीक्षण प्रतिवेदन समेत अध्ययन नगरी रकम बाँडी लिएको बुझिएको भन्ने व्यहोराको प्रतिवेदन पेश गरेको देखिएकोले अब आइन्दा सम्बद्ध कागज प्रमाणहरूको अध्ययन गरी मात्र प्रतिवेदन पेश गर्न निजलाई ध्यानाकर्षण गराउन आयोगको मिति २०७२।६।१७ को निर्णयानुसार जिल्ला वन कार्यालय, महोत्तरीलाई लेखी पठाइएको।

**६. शिक्षा मन्त्रालय अन्तर्गत**

(१) श्री जनप्रिय उ.मा.वि. मसुरिया कैलालीको चारकोठे भवन निर्माणमा व्यापक आर्थिक हिनामिना भएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा सम्झौता बमोजिम निर्माण कार्य मिति २०६७।१२।२० देखि सुरु गर्नुपर्नेमा निर्माण कार्य विलम्ब गर्दै मिति २०६८।११।१२ मा मात्रै कार्य प्रारम्भ गरेको, भवनको जग निर्माणपछिको निर्माण कार्य समेत सुचारु गरी समयमा निर्माण कार्य सम्पन्न गर्नुपर्ने कर्तव्य तत्कालीन अवस्थाका प्र.अ.को रहेकोमा २०६८ सालबाट हालसम्म प्र.अ. रहेका जंगबहादुर देउवा समेतले आफ्नो जिम्मेवारी बहन नगरेको देखियो। त्यस्तै जि.शि.अ. राकेश श्रीवास्तवले प्राविधिक निरीक्षण गरी गराई सम्पन्न कार्यको आधारमा मात्रै रकम निकासा गर्ने र कार्य सम्पन्न हुन नसके रकम रोक्का राख्नुपर्नेमा निजले उक्त जिम्मेवारी पूरा गरेको देखिएन साथै अन्तिम किस्ता भुक्तानी दिने जि.शि.अ. घनश्याम अर्यालले हचुवाको भरमा रकम निकासा दिएको देखियो भने साइट हेर्ने इन्जिनियरद्वय शिवकान्त चौधरी र शेरबहादुर पुजाराले निर्माण सम्पन्न भएको निर्माण कार्यको आधारमा मात्रै रकम निकासा गर्न सिफारिस गर्नुपर्नेमा सो नगरी हचुवाको भरमा रकम निकासाको लागि सिफारिस गरेको अवस्था देखिएको भए तापनि हाल उक्त विद्यालयको भवन निर्माण भइसकेको, भवन बनाउँदा रु.४५,००,०००।- खर्च भएकोमा जि.शि.का.बाट रु.२४,००,०००।- मात्र प्राप्त भएको र भवनको भौतिक अवस्था सन्तोषजनक रहेको तथ्य समेतका आधारमा अब आइन्दा प्रचलित ऐन नियमलाई आधार मानी कानून बमोजिम मात्र कार्य गर्न गराउन आयोगको मिति २०७२।५।१ को निर्णयानुसार सम्बन्धित कार्यालयहरूलाई ध्यानाकर्षण गराइएको ।

**७. स्वास्थ्य मन्त्रालय अन्तर्गत**

१. सिंहदरबार वैद्यखाना विकास समिति,अनामनगर,काठमाडौंका प्रबन्ध निर्देशक डा.राजेन्द्रकुमार

गिरीले अनियमित तरिकाले दाङ, तुल्सीपुर-६ का मनोज के.सी.लाई करार सेवामा नियुक्ति गरेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा उक्त समितिका वरिष्ठ गुणस्तर नियन्त्रक गोविन्द शर्मा ढकालको अनुपस्थितिमा औषधीको गुणस्तर हेर्न भनी फर्मासिस्ट दरबन्दीमा मिति २०७१।८।४ देखि ३ महिनाका लागि करार सेवामा दाङ,तुल्सीपुर-६ का मनोज के.सी.लाई नियुक्ति गरिएको र मिति २०७१।९।१३ को बोर्ड बैठकको निर्णयानुसार सो करार नियुक्तिलाई समर्थन गरिएकोमा २०७१।१०।४ को बोर्ड बैठकबाट पुनः १ वर्षका लागि उत्पादन अधिकृत (अधिकृत छैठौं) पदमा करार सेवामा नियमानुसार नियुक्ति गर्नका लागि प्रबन्ध निर्देशकलाई जिम्मा दिने निर्णय गरी सो नियुक्ति सम्बन्धमा अधिकार प्रदान गरिएको देखियो।करार सेवामा नियुक्ति भएका मनोज के.सी को Lovely Professional University, India बाट प्राप्त गरेको शैक्षिक योग्यता Bachelor of Pharmacy in Ayurveda समकक्षता निर्धारण समेत नभएको अवस्थामा समेत मान्यता दिई सोही आधारमा उत्पादन अधिकृत पदमा करार सेवामा नियुक्ति गरिएको करार सेवामा नियुक्ति गर्ने प्रक्रियाका सम्बन्धमा सिंहदरबार वैद्यखाना विकास समिति कर्मचारी प्रशासन नियमावली,२०६३ को नियम ५.५ सँग सम्बन्धित अनुसूची-७ (क) मा "प्राविधिक अधिकृत छैठौं तह फर्माकोग्नोसिस्ट पदमा सुरु नियुक्तिको लागि न्यूनतम शैक्षिक योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट फर्माकोग्नोसी विषयमा स्नातक वा सो सरहको शैक्षिक उपाधि हासिल गरेको हुनुपर्ने" भन्ने उल्लेख भएको तथा सिंहदरबार वैद्यखाना विकास समिति कर्मचारी प्रशासन नियमावलीको नियम ४.८ मा "६ महिनासम्मको करार सेवामा नियुक्ति गर्नुपर्ने भएमा १५ दिनको म्याद राखी विज्ञापन गर्नुपर्ने र त्यस्तो विज्ञापन गर्दा पूर्ति गर्नुपर्ने पदको नाम,तह,पदसंख्या,सेवा,समूह,उप समूह,स्थायी वा करार,आवश्यक न्यूनतम योग्यता,कामको किसिम,परीक्षाको किसिम,परीक्षा दस्तुर,उमेरको हद,नागरिकता,दरखास्त दिने म्याद,दोब्बर दस्तुर तिरी दरखास्त दिने म्याद,प्रतिक्षा सूचीमा राखिने उम्मेदवारको संख्या जस्ता कुराहरू अनिवार्य रूपमा खुलाई सर्वसाधारणले थाहा पाउने गरी राष्ट्रियस्तरको कुनै एक दैनिक पत्रिकामा प्रकाशित गर्नुपर्ने" स्पष्ट कानूनी व्यवस्था उल्लेख गरिएको देखियो । यसरी कानूनी व्यवस्था बमोजिम नगरी बोर्ड बैठकको निर्णय भनी सामान्य प्रक्रियाबाट निज मनोज के.सी.को समकक्षता निर्धारण समेत नभएको शैक्षिक योग्यतालाई आधार मानी करार सेवामा नियुक्ति गरिएको कार्य कानूनसम्मत नभएकोले आगामी दिनमा करार सेवामा नियुक्ति गर्नुपर्ने भएमा प्रचलित कानूनमा भएको व्यवस्थालाई अनिवार्य रूपमा अक्षरसः पालना गर्नु/गराउन वैद्यखाना विकास समितिका प्रबन्ध निर्देशक डा. राजेन्द्रकुमार गिरीलाई ध्यानाकर्षण गर्न/गराउन आयोगको मिति २०७२।१२।२४ को निर्णयानुसार स्वास्थ्य मन्त्रालयमा लेखी पठाइएको ।

## ६.६ विभिन्न निकायमा पठाइएका सुझाव

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ मा आयोगले आफ्नो काम कारबाहीको सिलसिलामा जानकारीमा आएका तथ्यहरूका आधारमा सम्बन्धित कार्यालय, पदाधिकारी वा सार्वजनिक संस्थालाई सुझाव दिन सक्ने कानूनी व्यवस्था भए अनुरूप आर्थिक वर्ष २०७२।७३ मा आयोगले दिएका सुझावहरू निम्नानुसार छन्।

### १. कृषि विकास मन्त्रालय अन्तर्गत

(१) कृषि विकास मन्त्रालय अन्तर्गत बाँके नेपालगन्जस्थित साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजनाका तत्कालीन निर्देशक शम्भुप्रसाद देव समेत उपर परेको भ्रष्टाचारसम्बन्धी उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा प्रा.स. विरबहादुर कुँवरले कार्यक्रम सञ्चालन गर्न भनी आयोजनाबाट रु.३५,७०,०००।- पेश्की लिएकोमा केही रकम कार्यक्रममा खर्च भएको र रु.२२,५०,०००।- आयोजनाका निर्देशक शम्भुप्रसाद देवलाई सापटी दिएको छु निजसँग मागी फिर्ता गर्न तयार छु भनी बयान गरेको तथा कृषि विकास मन्त्रालयको मिति २०७१।८।७ को पत्रबाट निजले पेश्की फछ्र्यौट सम्बन्धमा पेश भएको निवेदनमा आवश्यक कागजात संलग्न नभएको र रीत प्रक्रिया नपुगेका कारण पेश्की फछ्र्यौट गर्न नसकिएको हुँदा निजको तलब भत्ता रोक्का गरिएको भनी उल्लेख भएको देखिएकोले निजले कार्यक्रम सञ्चालन गर्न लिएको पेश्की रकम ३ महिनाभित्र फछ्र्यौट गराई आयोगमा जानकारी गराउन तथा आयोजनाका तत्कालीन प्रा.स. उदय प्रताप देवले कृषि व्यवसाय अनुदान निर्देशिका, सम्बन्धी अभिमुखीकरण गोष्ठी, आयोजनासँग सम्बन्धित सरोकारवालाहरूसँग अन्तरक्रिया गोष्ठी अन्तर आयोजना गोष्ठी कार्यक्रम सञ्चालन गर्न भनी रु.२१,००,०००।- पेश्की लिएकोमा कार्यक्रम सञ्चालन गर्दा रु.१६,४९,२३७।७० खर्च भएको र आयोजना प्रमुख शम्भुप्रसाद देवलाई रु.७,५०,०००।- नगद दिएकोमा निज शम्भुप्रसाद देवले हालसम्म फिर्ता नगरेकोले उक्त रकम तिर्न आफू तयार रहेको भनी बयान गरेको तथा कृषि विकास मन्त्रालयको मिति २०७१।८।७ को पत्रबाट निजले पेश्की फछ्र्यौट सम्बन्धमा पेश भएको निवेदनमा आवश्यक कागजात संलग्न नभएको र रीत प्रक्रिया नपुगेका कारण पेश्की फछ्र्यौट गर्न नसकिएको हुँदा निजको तलब भत्ता रोक्का गरिएको भनी उल्लेख भएको देखिएकोले निजले कार्यक्रम सञ्चालन गर्न लिएको पेश्की रकम नियमानुसार ३ महिनाभित्र फछ्र्यौट गराई आयोगमा जानकारी गराउन मिति २०७२।४।१० को निर्णयानुसार कृषि विकास मन्त्रालयमा लेखी पठाइएको।

(२) कृषि सामग्री कम्पनी लिमिटेड, कुलेश्वर, काठमाडौंले आ.व.०६८।६९ मा ग्लोबल टेण्डरको मूल्यभन्दा महँगोमा जि.टु.जी.बाट डि.ए.पी. मल खरिद गरेको र आ.व.०७१।७२ मा ग्लोबल टेण्डर रद्द गरी जि.टु.जी.बाट मल खरिद गर्न लागेको भन्ने लगायतका सम्बन्धमा अनुसन्धान हुँदा कृषि सामग्री कम्पनी लि.सरकारी कम्पनी भएको कारण यसले मल खरिद गर्ने कार्यमा सार्वजनिक खरिद ऐन, २०६३ मा भएको व्यवस्थालाई पालना गर्नुपर्ने व्यवस्था रहेको तर जि.टु.जी.बाट मल खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को व्यवस्था पालना गर्नु नपर्ने देखियो। तत्कालको अभाव पूर्ति गर्नको लागि जि.टु.जी.बाट मल खरिद गर्नुपर्ने बाध्यता रहे पनि कम्पनीले मल खरिदसम्बन्धी कार्य योजना बनाई सोही अनुरूप मल खरिद गर्नुपर्नेमा सो नगरी लामो समयसम्म मल खरिद नगर्ने र खेती बालीको समयमा मल अभाव भएको कारण देखाई जि.टु.जी.बाट मल खरिद गर्ने कार्यबाट देशलाई बढी आर्थिक भार पर्ने गरेको र उक्त कार्य

त्रुटिपूर्ण रहेको देखियो। तसर्थ कृषि विकास मन्त्रालयले अनुदानको रकमबाट मल खरिद गर्नको लागि विनियोजन भएको बजेट समयमा नै निकासा लिई कृषि सामग्री कम्पनी लि. लाई निकासा दिन र आर्थिक वर्षको सुरुमा नै कुन कुन मल के कति परिमाणमा ग्लोबल टेण्डरबाट खरिद गर्ने र के कति परिमाणमा जि.टु. जी. बाट खरिद गर्ने भन्ने कार्ययोजना, खरिद कार्यविधि बनाएर सोही बमोजिम मल खरिद गर्ने व्यवस्था मिलाउन आयोगको मिति २०७२।६।१३ को निर्णयानुसार कृषि विकास मन्त्रालयका सचिवलाई सुझाव लेखी पठाइएको ।

(३) राष्ट्रिय बीउ बिजन कम्पनी, नेपालगन्ज स्थित गोदाममा कर्मचारीको लापरबाहीले ६१ मेट्रिक टन गहुँको बीउ कुहियो भन्ने समेतका सम्बन्धमा अनुसन्धान हुँदा राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेड, मुख्य शाखा कार्यालय, नेपालगन्जले आ.व. ०६८।६९ मा विभिन्न जातको गहुँ बीउ ११९.६७५ मे.टन खरिद गरेकोमा ४५.९८० मे.टन बिक्री भएको र बाँकी रहन गएको ६१.७६९ मे.टन विषादीयुक्त (ट्रिटेड) विभिन्न जातको गहुँ बीउलाई सञ्चालक समितिको २३९ औं बैठकको निर्देशन र महालेखा परीक्षकको लेखा परीक्षण प्रतिवेदनबाट प्राप्त भएको सुझाव अनुसार राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेड, केन्द्रीय कार्यालयबाट गाडी सडाउन निर्देशन भए अनुसार मिति ०७१।३।८ मा गाडी सडाउने निर्देशिका, २०६४ वमोजिम विभिन्न कार्यालयका प्रतिनिधिहरूको रोहबरमा गाडी सडाएको देखिन्छ ।राष्ट्रिय बीउ बिजन कम्पनी लि. को कार्यक्षेत्रमा कति परिमाणमा बीउ माग हुने हो, कति खपत वा बिक्री हुने हो, सो को वस्तुगत आकलन गर्ने र खरिद गरिएको बीउ बिजन बिक्री हुन नसकेमा बीउ बिजन अभाव भएका अन्य क्षेत्रमा पठाउने लगायतका विषयहरू प्रभावकारी रूपमा व्यवस्थापन हुन नसकेको कारण एकातर्फ बीउ बिजनको अभाव हुने र अर्कोतर्फ बर्सेनि बीउ बिजन सड्ने र संरक्षण गर्न नसकिने अवस्था परी गाड्नुपर्ने स्थिति देखिएकोले आगामी दिनहरूमा राष्ट्रिय बीउ बिजन कम्पनीबाट बीउ व्यवस्थापनका सम्बन्धमा सिजन अनुसारको बीउ बिजनको माग र बिक्रीको आकलन, खरिद र विषादीयुक्त (ट्रिटेड) गर्ने कार्यलाई वस्तुगत र यथार्थपरक बनाउन मापदण्ड तयार गरी लागू गर्न गराउन, एक स्थानमा खरिद भै बिक्री हुन नसकेको बीउ बिजन अभाव भएका अर्को स्थानमा स्थानान्तरण गर्ने कार्यलाई प्राथमिकता दिई कार्यान्वयन गर्न गराउन र बीउ बिजन व्यवस्थापन कार्यलाई मातहत कार्यालय र कार्यालय प्रमुखहरूको कार्यसम्पादनसँग आबद्धता गर्न र सञ्चालकको कम्पनिको मूल्याङ्कन हुने व्यवस्था गर्न गराउन आयोगको मिति २०७३।१।५ को निर्णयानुसार राष्ट्रिय विउ विजन कम्पनीमा सुझाव लेखी पठाइएको ।

(४) नेपाल कृषि अनुसन्धान परिषदका तत्कालीन कार्यकारी निर्देशक डा. दिलबहादुर गुरुङले गोष्ठी र दिवस मनाउने नाउँमा संस्थामा रहेको करोडौं रकम खर्च गरी व्यापक दुरुपयोग गरेको भन्ने समेतका सम्बन्धमा अनुसन्धान हुँदा नेपाल कृषि अनुसन्धान परिषदका कर्मचारीहरूलाई वैदेशिक भ्रमणमा मनोनयन गर्दा नेपाल कृषि अनुसन्धान परिषद्को कर्मचारी प्रशासन विनियम, २०४९ को विनियम ३९(२) बमोजिम ३ वर्ष स्थायी सेवा भएको हुनुपर्ने व्यवस्था रहेकोमा तालिम तथा अध्ययन भ्रमणको हकमा वैदेशिक सहयोगमा सञ्चालित आयोजनाहरूमा कार्यरत कर्मचारीहरूलाई नै पठाउनुपर्ने उल्लेख भई आउने तथा सोही परियोजनामा काम नगर्नेलाई मनोनयन गरेमा सिट नै रद्द गर्ने हुनाले त्यस्तो तालिम वा अध्ययन भ्रमण र गोष्ठीमा पठाउँदा नोकरी अवधि ३ वर्ष नपुगे पनि परिषदबाट सामूहिक निर्णय गरी पठाउने गरिएको पाइयो। अतः अब आइन्दा वैदेशिक तालिम र अध्ययन भ्रमणमा कर्मचारीहरू पठाउँदा उपयुक्त संयन्त्र मार्फत

मनोनयन गर्न, कर्मचारीको मनोनयनको आधार र औचित्य यकिन गरी सिफारिस गर्न र उक्त संयन्त्रको सिफारिसको आधारमा मात्र मनोनयन गर्न उपयुक्त व्यवस्था गर्न गराउन आयोगको मिति २०७३।१।५ को निर्णयानुसार कृषि विकास मन्त्रालयलाई सुझाव लेखी पठाइएको।

**२. शिक्षा मन्त्रालय अन्तर्गत**

(१) सिरहा जिल्लास्थित कन्या प्रा.वि. का तत्कालीन प्र.अ. राम अधिन यादवले शिक्षा कार्यालयलबाट तोकेको अडिटरबाट अडिट नगराई अर्कैबाट गराएको, विद्यार्थीको संख्याभन्दा बढी विद्यार्थी देखाई खाजा भत्ता निकासा गरी अनियमितता गरेको, छात्रवृत्तिको रकम नबाँडेको, आय व्यय ठीक नराखेको, दुईवटा ब्लकको रकम निकासा गरी एउटा नबनाई रकम खाएको, २०६७ सालमा ट्वाइलेट निर्माणको रकम निकासा गरी पुरानोलाई मर्मत गरी रकम खाएको, कम्प्युटर मर्मतमा रकम निकासा गराएको नक्कली बढुवा भएको आशंका लागेको आफ्नो परिवार सबैलाई जागिर खुवाएको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा तत्कालीन प्र.अ. राम अधिन यादवले भ्रष्टाचारजन्य कार्य गरेको पुष्टि हुने अवस्था नदेखिए तापनि विद्यालयको नाममा निकासा भएको शौचालय निर्माण र ब्लक निर्माणको नियमानुसार रकम फछ्र्यौट हुन बाँकी देखिएको हुँदा निर्माण कार्यको प्राविधिक मूल्यांकन गरी गराई फछ्र्यौट गर्नुपर्ने हकमा फछ्र्यौट गरी बाँकी रहेको रकमको हकमा सरकारी बाँकी सरह निज राम अधिन यादवबाट असुल उपर गर्न आयोगको मिति २०७२।४।१३ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय सिरहामा लेखी पठाइएको ।

(२) डोटी जिल्ला खिरसैन गा.वि.स. मा रहेको श्री शाजेन्द्रश्वर उ.मा.वि. का तत्कालीन प्र.अ. धनबहादुर खड्का र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नवल सिंह खड्काको मिलेमतोमा विद्यालयको रकम हिनामिना गरेको भन्ने समेतका सम्बन्धमा अनुसन्धान हुँदा २०५२ सालमा श्री शाजेन्द्रश्वर मा.वि.प्रस्तावित सञ्चालन गर्न अनुमति लिंदा रा.वा. बैंक शाखा कार्यालय डोटीको मुद्दती खातामा रु.१,६६,०००।- जम्मा गरी कारोबार गरिरहेकोमा उक्त मुद्दती खाता धितो राखी तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नवल सिंह खड्काको नाममा २०५४।६।१४ मा रु.१,४९,०००।- कर्जा लिएको र सो रकम विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार विद्यालयको भौतिक विकासमा सहयोग प्राप्त गर्ने उद्देश्यले तत्कालीन खिरसैन साँफे सडक आयोजनामा ठेकेदार प्रतिनिधि दिनेश बस्नेतलाई रु.१,१९,०००।- ऋण दिएको र बाँकी रु.३०,०००।- अध्यक्ष आफैंले राखेको देखियो । ठेकेदार प्रतिनिधिलाई दिएको ऋण रकमको सावाँ ब्याज समेत असुल उपर भै आएको तर उक्त रकम विद्यालयको खातामा जम्मा नगरेकोले मिति २०५७।६।१६ का दिन कर्जाको म्याद सकिएको हुँदा कर्जा खराबमा गई हिसाब राफसाफ भएको अवस्थामा २०६२ सालमा जिल्ला प्रशासन कार्यालय डोटीमा उजुरी परी निज अध्यक्ष नवल सिंह खड्कालाई थुनी कारबाही गर्दा रु.९६,०००।- असुल उपर भई खातामा जम्मा गरेको र बाँकी रकम बुझाउने सर्तमा थुना मुक्त भएको देखियो।सामाजिक लेखा परीक्षण हुँदा निज अध्यक्षको नाउँमा बाँकी रु.७०,०००।- मात्र बेरुजु कायम गर्नुपर्नेमा रु.१,६६,०००।- नै बेरुजु कायम भएको देखियो।उपरोक्त बाँकी रु.७०,०००।-मिति २०७१।९।२३ मा पुनः दाखिला गरेको र निज हाल विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा समेत नरहेको देखियो।प्र.अ. धनबहादुर खड्का समेतले उक्त रकम ठेकेदारलाई ऋण लगानी गरी लामो समयसम्म विद्यालयको रकम बेरुजु राखी अनुचित

कार्य गरेको भएतापनि निज हाल सेवाबाट अवकाश पाइसकेकाले विभागीय सजायको अवस्था नरहेको देखियो । शिक्षक झपटबहादुर खड्का मिति २०५३।७।१२ देखि अनुमति पत्र आवश्यक नपर्ने अवस्थामा अस्थायी प्रा.वि. शिक्षकमा नियुक्ति पाई काम काज गर्दै आइरहेको र मिति २०५९।४।२२ देखि मिति २०६३।१०।२४ सम्म निजले कार्यरतको आधारमा अस्थायी अध्यापन अनुमति प्राप्त गरेको देखियो। २०६० सालमा निज विशेष शिक्षा अन्तर्गत करार शिक्षकको रूपमा स्थानान्तरण भई हालसम्म अध्यापनमा रहेको देखिएकोले शिक्षक सेवा नियमावली, २०५७ ले अध्यापन अनुमति पत्र अनिवार्य रहेको अवस्थामा निजलाई शिक्षा नियमावली, २०५९ (संशोधन सहित) बमोजिम जे जस्तो कारबाही गर्नुपर्ने हो सो गर्न आयोगको मिति २०७२।४।१८ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय डोटीमा लेखी पठाइएको ।

(३) ललितपुर जिल्ला, गिम्दी गा.वि.स. स्थित श्री जनक मा.वि. श्री काउसे प्रा.वि.तथा श्री सोभानी प्रा.वि. हरूमा अस्थायी राहत कोटामा शिक्षकहरू नियुक्ति गर्ने कार्य गर्दा प्र.अ.ले विद्यालय व्यवस्थापन समितिलाई समेत जानकारी नै नदिई किर्ते माइन्युट तयार पारी कानूनी विधि र प्रक्रिया पूरा नगरी शिक्षक नियुक्ति गर्नुका साथै आर्थिक अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा विज्ञापनबिना नै विद्यालय व्यवस्थापन समितिको बैठकबाट मात्र नियुक्ति गर्ने व्यहोराको निर्णय गराएर गैरकानूनी तरिकाबाट प्रा.वि. तथा नि.मा.वि. दरबन्दीहरूमा पटक-पटक शिक्षकहरू नियुक्ति गरेको देखियो।शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम (९६) तथा प्रचलित अन्य ऐन, कानूनमा उल्लेखित विधि र प्रक्रिया विपरीत हुने गरी नियुक्ति दिने कार्यमा संलग्न देखिएका विद्यालयका प्र.अ. श्री गोकर्णबहादुर फुयाललाई अब उप्रान्त यस प्रकारका गल्ती तथा कमजोरी नदोहोरिने गरी ऐन नियमले तोकेको अधीनमा रहेर मात्र शिक्षक नियुक्ति गर्न निर्देशन दिन आयोगको २०७२।४।३१ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, ललितपुरमा लेखी पठाइएको।

साथै सोही जिल्लाको गिम्द-६ स्थित श्री काउसे प्रा.वि.का प्र.अ. श्रीमती रूपा घिमिरे (धिमाल) ले जि.शि.का.बाट प्राप्त प्रा.वि. राहत दरबन्दीमा विद्यालय व्यवस्थापन समितिलाई समेत थाहा नै नदिई कागजात समेत मिलाई सोही विद्यालयमा बाल विकास कक्षामा अध्यापन गर्ने सहयोगीको रूपमा कार्यरत देवकी संजेललाई नियुक्ति गरेको तथा आफू सुत्केरी हुँदा लामो समयसम्म स्कुल नगएको र विद्यालयको भवन निर्माणमा अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा विद्यालय व्यवस्थापन समितिले शिक्षा नियमावली, २०५९ ले तोकेका विधि र प्रक्रिया पूरा नगरी वैकल्पिक शिक्षक नियुक्ति गरेको तथा उक्त समितिलाई प्रचलित कानूनी व्यवस्था विपरीत शिक्षकको बिदा स्वीकृत गर्ने अधिकार नै नभएकोमा बिदा स्वीकृत गरेको देखियो। अतः अब उप्रान्त प्रचलित ऐन, नियमले तोकेको विधि र प्रक्रिया पूरा गरेर मात्र शिक्षक नियुक्ति गर्न तथा बिदा स्वीकृत गर्ने गराउने व्यवस्था मिलाउन विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिन आयोगको मिति २०७२।४।३१ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, ललितपुरमा लेखी पठाइएको ।

(४) सर्लाही जिल्ला हरिपूर्वा स्रोत केन्द्र अन्तर्गत रहेको दलित उत्थान जनता प्राथमिक विद्यालय धनकौल-२ मा विद्यार्थी नै नभएको भन्ने समेतका सम्बन्धमा अनुसन्धान हुँदा उक्त विद्यालयले जिल्ला शिक्षा कार्यालय सर्लाहीबाट मिति २०६५।५।१५ मा शैक्षिक सत्र २०६५ देखि प्राथमिक तहको कक्षा १ सञ्चालन अनुमति लिएको र मिति २०६६।६।६ मा कक्षा २

अपग्रेड अनुमति र मिति २०६८।६।२९ मा कक्षा ३ अपग्रेड अनुमति लिएको देखियो। मिति २०६५।९।१७ देखि मिति २०७०।८।२५ सम्म रु.१३३९६४७।१५ जिल्ला शिक्षा कार्यालय सर्लाहीबाट निकासा भएको देखियो भने धनकौल गा.वि.स.बाट भवन निर्माणमा आ.व.०६६।६७ मा रु.२५०००।- र आ.व. ०६७।६८ मा रु.८०००।- गरी जम्मा रु.३३०००।- अनुदान प्राप्त भै भवन निर्माणमा खर्च भएको भनी लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भएको देखियो।त्यसैगरी धनकौल गा.वि.स.वडा नं.१ को कि.नं.७३ को क्षेत्रफल ०-५-० ऐलानी पर्ती जग्गा २०६५ सालदेखि दलित उत्थान जनता प्रा.वि.धनकौलले भोग चलन गर्दै आएको छ भनी मिति २०६७।३।२२ मा गाउँ विकास समितिको कार्यालय धनकौल सर्लाहीले सिफारिस गरेको देखियो।दलित उत्थान जनता प्रा.वि.धनकौलको नव निर्माण भवनमा गाउँलेले विवाद गरेकोमा हाल विवाद नरहेको हुँदा गा.वि.स.बाट प्राप्त जग्गामा नै भवन निर्माणार्थ आदेश दिनु हुन भनी स्रोत व्यक्ति लक्ष्मीप्रसाद रायले मिति २०६९।५।२७ मा जिल्ला शिक्षा कार्यालय सर्लाहीमा निवेदन दिएबाट यस विद्यालयको आफ्नै नाममा जग्गा रहेको देखिएन।उक्त विद्यालयमा मिति २०६६।११।१२ देखि स्थायी शिक्षक विन्देश्वर साहले यसै विद्यालयबाट तलब भत्ता पाउने गरी काजमा रही निज नै प्रधानाध्यापक पदमा रहेको देखियो।साथै विद्यालयमा २५।३० जना विद्यार्थी रहेको, भत्केको अवस्थाको बाँसको कच्ची घर रूखमुनि पढाइ हुने गरेको शौचालय नरहेको भन्ने राष्ट्रिय अनुसन्धान विभागको मिति २०७१।१।२ को पत्र प्राप्त भएको देखियो।विद्यालयले छात्रवृत्ति, पाठयपुस्तक, नन स्यालरी, स्यालरी, क्यास, एस.आई.पि.अडिट,मसलन्द र स्थायी शिक्षक तलब विद्यालय सहयोगी समेतका शीर्षकमा मिति २०६५।९।१७ देखि मिति २०७०।८।२५ सम्म रु.१३,३९,६४७।१५ निकासा प्राप्त गरेकोमा निकासा भएको उक्त रकममध्ये स्थायी शिक्षक तलब, विद्यालय सहयोगी समेतका शीर्षकमा निकासा भएको रकम कटाई अनियमितता गरेको बाँकी रकम रु.३,२२,४९५।- मिति २०७१।३।३१ मा भौचर नं.२५३५८६६९ बाट बेरुजु खातामा जम्मा गरेको भनी जिल्ला शिक्षा कार्यालय सर्लाहीको पत्रबाट देखिई अनियमितता गरेको रकम असुल उपर भैसकेको देखिंदा यस सम्बन्धमा केही गरिरहनु परेन ।शिक्षा ऐन र शिक्षा नियमावली बमोजिम विद्यालयको लागि आवश्यक पर्ने आफ्नो जग्गामा भवन, फर्निचर, शौचालय समेतका भौतिक पूर्वाधारको कमी देखिएको अवस्था विद्यमान रहेको हुँदा उक्त प्राथमिक विद्यालयलाई प्रदान गरिएको अनुमति सम्बन्धमा शिक्षा ऐन, २०२८ को दफा १५ र शिक्षा नियमावली,२०५९ को नियम १२(क) र १८(ट) मा उल्लेखित जे-जस्तो कारबाही गर्नुपर्ने हो गर्न आयोगको मिति २०७२।५।१ को निर्णयानुसार शिक्षा मन्त्रालयमा लेखी पठाइएको।

(५) त्रिभुवन विश्वविद्यालय अन्तर्गत MBBS र BAMS मा अध्ययन गर्नका लागि निर्धारण गरिएको पूर्व कोटामा आम विद्यार्थीले प्रतिस्पर्धा गर्नेतर्फको कोटा कटौती गरी अनुचित तवरले त्रिभुवन विश्वविद्यालयका प्राध्यापक र कर्मचारीहरूको सन्ततिका लागि कोटा वृद्धि गरिएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा चिकित्सा शास्त्र अध्ययन संस्थानमा त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को निर्णयबाट MBBS र BAMS मा अध्ययनका लागि त्रिभुवन विश्वविद्यालयका प्राध्यापकहरू र कर्मचारीहरूका सन्ततिका लागि एक एक गरी जम्मा दुई कोटा हाल थप आरक्षणको निर्णय गरेको र त्रिभुवन विश्वविद्यालय चिकित्सा शास्त्र अध्ययन संस्थान, विद्या परिषद् (Faculty board) को निर्णय अनुसार विगत वर्षहरूमा प्राध्यापक र कर्मचारीहरूका

सन्ततिका लागि छुट्याइएको एक कोटालाई वृद्धि गरी दुई कोटा आरक्षण गरी पूर्ण प्रतिस्पर्धाको कोटालाई कटौती गरेको देखियो। खुल्ला प्रतिस्पर्धाको माध्यमबाट अध्ययनका लागि प्रवेश पाउने अवसरमा संकुचन ल्याई आन्तरिक रूपमा संस्थामा कार्यरत व्यक्तिका सन्ततिहरूका लागि थप कोटा निर्धारण गर्नु न्यायोचित नहुने हुँदा साबिक बमोजिमको एक कोटा कायम गर्न उपयुक्त हुने देखिएकोले आयोगको मिति २०७२।५।१७ को निर्णयानुसार त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थानमा लेखी पठाई सोको जानकारी नेपाल मेडिकल काउन्सिल, शिक्षा मन्त्रालय र त्रिभुवन विश्वविद्यालयका उपकुलपति समेतलाई दिइएको।

(६) दोलखा जिल्ला, लामिडाँडा गा.वि.स.स्थित श्री हिलेपानी संस्कृत उ.मा.वि.मा विद्यालय व्यवस्थापन समितिलाई कुनै जानकारी नै नदिई जिल्ला शिक्षा कार्यालयबाट भवन निर्माणको लागि निकासा भएको बजेटमा फर्जी बिल भरपाई बनाई रकम हिनामिना गरेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा दोलखा जिल्ला लामिडाँडा गा.वि.स. स्थित कि.नं. १०४१ क्षेत्रफल २२ रोपनी जग्गामा उक्त विद्यालयको ४ कोठे भवन निर्माण गर्नको लागि भवनको नक्सा शिक्षा विभागबाट स्वीकृत भएको देखियो। उक्त भवन निर्माणको लागि लागत इस्टिमेट रु.३०,१२,०४३।- अनुमान गरी जिल्ला शिक्षा कार्यालयबाट आ.व.०६७।६८ मा रु.१० लाख र आर्थिक वर्ष ०६८।६९ मा रु.१४ लाख गरी कुल रु.२४ लाख उपलब्ध गराइएको देखियो। मिति २०६८।८।४ गते विद्यालय व्यवस्थापन समितिका सदस्यको अध्यक्षतामा बसेको बैठकको निर्णय नं. १ मा जिल्ला शिक्षा कार्यालयबाट प्राप्त भएको रु.२४ लाखले नपुग भएमा बढीमा रु.३ लाख विद्यालयको आन्तरिक कोषबाट खर्च गर्ने, त्यसबाट पनि नपुग भएमा अन्य स्रोतको खोजी गर्ने र निर्णय नं. २ मा उक्त भवन प्राविधिक इस्टिमेट अनुसार सम्पन्न गर्ने निर्णय भएको देखियो। यसरी जिल्ला शिक्षा कार्यालयबाट अनुदानस्वरूप निकासा प्राप्त भएको रु.२४ लाख र विद्यालयको कोषबाट बढीमा रु.३ लाखसम्म खर्च गर्ने गरी विद्यालय व्यवस्थापन समितिबाट निर्णय भएको र हालसम्म कार्य सम्पन्न भएको भवनको प्राविधिक मूल्यांकनबाट रु.३७,०४,१०२।- मात्र मूल्यांकन भएको हुँदा रु.५४ लाख खर्च हुन गएको भनी प्र.अ.ले पेश गरेको बिल भरपाई समेतको व्यहोरा सत्यता पूर्ण छ भन्न सकिएन। एस.एल.सी. को प्रमाणपत्र र विद्यालय छाडी जाँदाको प्रमाणपत्र लिन अभिभावक विद्यार्थीले चर्को शुल्कः तिर्नुपर्ने अवस्था विद्यमान रहेको भन्ने आरोपका बारेमा, जिल्लाभरका विद्यालयहरूले लिने गरेको शुल्कमा पुनरावलोकन गरी शिक्षा ऐन, नियम बमोजिम अभिभावक तथा विद्यार्थीहरूले मर्का परेको अनुभूति हुन नपाउने गरी औचित्ययुक्त शुल्क मात्र लिने व्यवस्था मिलाउनु हुन तथा प्र.अ. महेश्वर ढुङ्गेलले विद्यालय भवन निर्माण गर्दा वास्तविक खर्चभन्दा बढीको बिल भरपाई पेश गरेको साथै निजले प्रचलित कानूनी व्यवस्था उल्लंघन गरी आफूखुसी बिदा तथा काज सुविधा उपभोग गरेको भन्ने समेतका आरोपका विषयमा कानून बमोजिम कारबाही गर्न र उक्त विद्यालयको अनुगमन कार्यलाई प्राथमिकतामा राखी अपूर्ण अवस्थामा रहेको भवन निर्माणको कामलाई पूर्णता दिई पठन-पाठन सञ्चालनमा ल्याउन आयोगको मिति २०७२।५।३१ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, दोलखालाई सुझाव दिइएको ।

(७) कंचनपुर जिल्लास्थित ओमकार निम्न माध्यमिक विद्यालय, दोधारा चाँदनीको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बलबहादुर गुरुङ र प्रधानाध्यापक कृष्णराम सुनारले विद्यालयमा अनियमितता तथा भ्रष्टाचार गरेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा उक्त विद्यालयलाई प्राप्त निकासा रकमहरू मध्येबाट मिति २०७१।३।३ मा राहत शिक्षक टंकलाल जोशीलाई धेरै पहिले देखिको भुक्तानी दिन बाँकी भनी रु.४५,३३५।-, २०६४ सालको वर्षे बिदामा काम गरेको भनी रु.५,१६०।- तथा शैक्षिक सामग्री खरिद गरिएको भनी रु.४,०००।- भुक्तानी दिइएको देखियो।प्रधानाध्यापक कृष्णराम सुनारले २०६५।९।९ मा भारतमा चन्दा उठाउन गएको भनी रु.१२,०००।- भुक्तानी लिएको र सहयोगी कार्यकर्ता विद्या सुनारलाई अनौपचारिक कक्षाको शैक्षिक सामग्री खरिद गरेको भनी रु.५,०००।- बिना बिल भुक्तानी दिएको र सहयोगी कार्यकर्ता दिलमाया सुनारलाई २०६६ कार्तिक देखि २०६६ चैत्रसम्म कार्यालय सहयोगी पदको मासिक रु.५००।- का दरले रु.३,०००।- दोहोरो भुक्तानी दिइएको समेत गरी जम्मा रकम रु.७४,४९५।- मिति २०७२।४।२४ मा राजश्व खाता नं. १५११२ मा दाखिला गरेको भौचरको फोटोकपी जिल्ला शिक्षा कार्यालय, कञ्चनपुरको मिति २०७२।४।२४ को पत्रसाथ प्राप्त हुन आएको भए पनि उक्त विद्यालयको आ.व. ०६०।६१ देखि हालसम्मको लेखा परीक्षण र सामाजिक परीक्षण समेत नगराएको, शिक्षक नियुक्ति गर्दा बिना विज्ञापन नियुक्ति गरेको, नि.मा.वि. तहमा शिक्षक नियुक्ति गर्दा विषय खुलाई नियुक्ति नगरेको, कार्यालय सहयोगीको लागि निकासा रकमबाट नि.मा.वि. तहमा व्यवस्था नै नभएको लेखापाल नियुक्ति गरी तलब भत्ता भुक्तानी दिएको र शिक्षा ऐन, नियम बमोजिम तोकेको ढाँचामा श्रेस्ताहरू नराखेको समेत खुल्न आएबाट आ.व. ०६०।६१ देखि हालसम्मको लेखापरीक्षण भएको अवस्था नदेखिंदा तीन महिनाभित्र लेखा परीक्षण गर्न गराउन जिल्ला शिक्षा कार्यालय कञ्चनपुरलाई आयोगको मिति २०७२।८।१३ को निर्णयानुसार लेखी पठाइएको ।

(८) कालिका उच्च माध्यमिक विद्यालय, रामबजार, पोखरामा २०६३ सालदेखि नियुक्ति पत्र लिई कार्यरत रहेका शिक्षक रमेश पोखरेल आफू पढाउन नगई व्यवस्थापन समिति र प्रधानाध्यापक समेतको मिलेमतोमा आफ्नो ठाउँमा खेताला (सट्टा) शिक्षक राखेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा दृष्टिविहीन शिक्षक रमेश पोखरेल गैरहाजिर भएको, नभएको बिदा हाजिर खातामा बिदा जनाएको र एकै दिन दुईतिर (विद्यालय र नेत्रहीन संघ) हाजिर गरेको मिसिल संलग्न कागजातहरू समेतबाट देखियो।त्यसो भए तापनि निज दृष्टिविहीन शिक्षक रमेश पोखरेलले बयान गर्दा मैले सहयोगी शिक्षक राखी विद्यार्थीकै हित गरेको हुँ।सरकारसँग थप पारिश्रमिक मागेको पनि छैन त्यसैले विद्यालय र सरकारको कुनै पनि हानि नोक्सानी नगरेको र भोलिका दिनमा पनि राज्यको सहयोगी बनेर काम गर्ने प्रतिबद्धता समेत व्यक्त गरेको देखियो। सट्टा शिक्षकको रूपमा काम गर्ने अनिता पोखरेलले मलाई कानूनको विषयमा जानकारी थिएन, विद्यालयलाई पनि सहज हुने भएकाले मैले पढाएकी हुँ।कसैले पढाउनु हुँदैन भनेर पनि नभनेको भनी बयान समेत गरी दिएको र सम्बन्धित निकाय र सरोकारवालाहरू समेत उक्त कार्यमा मौन रही उक्त गलत कार्यको समर्थन समेत गरेको देखिन आएको आधार र कारणहरू समेतबाट निज शिक्षक रमेश पोखरेल तत्कालीन विद्यालय निरीक्षकहरू क्रमशः गुरुप्रसाद पौडेल, केदार आचार्य र खेमराज पौडेल तथा विद्यालय व्यवस्थान समितिका कार्यहरू त्रुटिपूर्ण रहेकोले र निजहरूलाई पदीय जिम्मेवारी एवम् अधिकारको पालना समयमा नै गर्न र यस

प्रकारका त्रुटिपूर्ण कार्यहरू कुनै पनि प्रकारबाट नहुने तर्फ सचेत रहन आयोगको मिति २०७२।१०।१७ को निर्णयानुसार नेपाल सरकार, शिक्षा मन्त्रालय मार्फत लेखी पठाइएको।

(९) बाल प्राथमिक विद्यालय, बरहथवा-५ हजरियारोड, सर्लाहीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापक समेतले विद्यालयमा अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा बाल प्राथमिक विद्यालय, बरहथवा- ५ हजरियारोडले सुरुमा कक्षा-१ सञ्चालनको लागि मिति २०६५।८।१५ मा अनुमति पाई सञ्चालनमा रहेको र जिल्ला शिक्षा कार्यालय, सर्लाहीबाट उक्त विद्यालयलाई आ.व.०६६।६७ देखि ०७०।७१ सम्म पाठ्यपुस्तक, विद्यालय सहयोग, छात्रवृत्ति, पि.सि.एफ.अनुदान र एस.आई.पि.मा गरी कुल जम्मा रु.३,४८,९६५।१५ निकासा दिइएको र नेपाल बैंक लिमिटेड, मलंगवाबाट प्राप्त बैंक स्टेटमेन्ट अनुसार उक्त विद्यालयको खातामा मिति २०६५।९।१७ देखि २०७०।१०।२३ सम्म कुल जम्मा रु.३,५३,९६५।१५ जम्मा भएको देखियो। उक्त विद्यालयको बैंक खाताबाट विभिन्न मितिमा रु.३,५०,१५०।- झिकी खर्च गरिएकोमा उक्त रकम मिति २०७१।३।३१ मा राजश्व खातामा दाखिला भैसकेको भनी जिल्ला शिक्षा कार्यालय, सर्लाहीको मिति २०७१।३।३१ को पत्रबाट लेखी आएकोमा जिल्ला शिक्षा कार्यालय, सर्लाहीबाट निकासा भएको रकममध्ये हाल उक्त विद्यालयका नाममा नेपाल बैंक लिमिटेड, मलंगवा शाखाको खाता नं.१९२२१ मा रु.३,८१५।१५ देखिएको हुँदा उक्त रकम नेपाल सरकारको राजश्व खातामा जम्मा गर्ने, गराउने व्यवस्था हुन र उक्त विद्यालयलाई प्रदान गरिएको अनुमतिका सम्बन्धमा शिक्षा ऐन, २०२८ को दफा १५ र शिक्षा नियमावली, २०५९ को नियम १२(क) र नियम १८(ट) मा उल्लेखित जे जस्तो कारबाही गर्नुपर्ने हो सो गर्ने व्यवस्थाको लागि आयोगको मिति २०७२।११।१३ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, सर्लाहीलाई लेखी पठाइएको ।

(१०) जिल्ला शिक्षा कार्यालय, जुम्लाबाट वितरण गरिने दिवा खाजा तथा दलित छात्रवृत्ति रकम दुरुपयोग हुन सक्ने भन्ने स्थलगत प्रतिवेदनका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला शिक्षा कार्यालय, जुम्लाबाट कर्णाली अञ्चल दिवा खाजा कार्यक्रम सञ्चालन भएकोमा शिक्षा विभागले कक्षा १ देखि ५ सम्म प्रतिविद्यार्थी रु.१५।- का दरले वितरण गराउने अख्तियारी जिल्ला शिक्षा कार्यालय, जुम्लालाई दिएको र जिल्ला शिक्षा कार्यालय, जुम्लाले विद्यार्थी संख्याका आधारमा प्रत्येक विद्यालयको बैंक खातामा रकम निकासा दिने गरेको र दिवा खाजाको लागि विद्यालयमा प्राप्त भएको रकमबाट विद्यार्थीलाई खाजा नै खुवाउनुपर्नेमा रु.१५।- प्रतिदिनका दरले महिनामा एकमुष्ट रकम विद्यार्थीलाई उपलब्ध गराउने गरेको देखियो। महालेखा परीक्षकको कार्यालयबाट आ.व.०७०।७१ मा लेखा परीक्षण हुँदा केही विद्यालयमा विद्यार्थी संख्याभन्दा बढी रकम दिवा खाजाका लागि भुक्तानी भएको भनी बेरुजु औंल्याइएकोमा बढी भुक्तानी भएको रकम विभिन्न ३४ वटा विद्यालयहरूबाट जिल्ला शिक्षा कार्यालय, जुम्ला मार्फत राजश्व शीर्षक नं. १५-१-१-२ मा रु.६०३६२०।- जम्मा भएको र खाजा तथा दलित छात्रवृत्ति रकम सम्बन्धित विद्यालयले नियमित रूपमा विद्यार्थीलाई उपलब्ध गराएबाट दिवा खाजा र दलित छात्रवृत्ति रकम हिनामिना भएको भन्ने तथ्य पुष्टि हुने वस्तुनिष्ठ आधार प्रमाणको अभाव देखिए तापनि दिवा खाजाको लागि नेपाल सरकारबाट उपलब्ध हुने प्रतिविद्यार्थी रकमबाट विद्यालयले विद्यार्थीलाई खाजा नै खुवाउने व्यवस्था गर्न गराउन आयोगको मिति २०७३।१।५ को निर्णयानुसार शिक्षा मन्त्रालयमा सुझाव लेखी पठाइएको ।

(११) कालिका उच्च मा.वि., कास्कीमा कार्यरत शिक्षिका माया कुमारी थापाले दोहोरो सुविधा लिएको भन्ने समेतका सम्बन्धमा अनुसन्धान हुँदा एउटै विद्यालयमा विहानी र दिवा सत्रमा अध्यापन गराए बापत दोहोरो पर्ने गरी दशैं खर्च तथा सुत्केरी बिदाको अवधिको तलब भुक्तानी लिने दिने कार्य कानूनसम्मत देखिएन। निज मायाकुमारी थापाले दशैं खर्च बापतको रु.३८,८२७।- र सुत्केरी बिदा बापतको रु.३७,५८०।- गरी बुझेको दोहोरो भुक्तानी रु.७६,४०७।- अनुसन्धानकै क्रममा नेपाल राष्ट्र बैंकको राजश्व शीर्षकको खाता नं.१४३१२ मा प्रशासनिक दण्ड जरिवाना बापत जम्मा गरेको बैंक भौचर प्राप्त हुन आएकोले रकमका सम्बन्धमा केही गरिरहनु परेन तथापि शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९ र शिक्षा विभागबाट जारी भएका निर्देशनहरू विपरीत हुने गरी माध्यमिक तथा उच्च माध्यमिक विद्यालयका अन्य शिक्षक र अन्य जिल्लाका सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षकले समेत दोहोरो सुविधा भुक्तानी लिएको भए सो समेत प्रचलित कानून बमोजिम असुल उपर गर्न तथा शिक्षा ऐन, नियम र निर्देशिका विपरीत दोहोरो सुविधा दिने कार्य बन्द गर्न गराउन आयोगको मिति २०७३।१।५ को निर्णयानुसार नेपाल सरकार, शिक्षा मन्त्रालयलाई लेखी पठाइएको ।

(१२) नेपाली विद्यार्थीहरूलाई बंगलादेशको एक मेडिकल कलेजमा भर्ना गर्न नेपाली बिचौलिया मार्फत मोटो रकम असुल उपर गर्न खोजेको र कन्सल्टेन्सी व्यवसायको मर्यादा विपरीत गैरजिम्मेवारपूर्ण कार्य गरेको तथा छात्रवृत्तिमा अध्ययन गर्न गएका चिकित्सकहरूले सरकारी सेवा नगरेको भन्ने समेतको विषयमा अनुसन्धान हुँदा बंगलादेशस्थित अनवर खान मेडिकल कलेजले काठमाडौंस्थित बंगलादेश एजुकेशन कन्सल्टेन्सीलाई सो सम्बन्धी कार्य गर्न अख्तियारी प्रदान गरेको र उक्त कन्सल्टेन्सीले नेपाल शैक्षिक परामर्श संघको सदस्यता, कम्पनी दर्ता प्रमाण पत्र, पान दर्ता, प्रबन्धपत्र, राजश्व दाखिला समेतका कागजातहरू पेश गरेको देखियो । शैक्षिक परामर्श सम्बन्धी फर्महरू कम्पनी ऐन, २०६३ अनुसार दर्ता हुने गरेका, यस प्रकृतिका फर्मले शिक्षा मन्त्रालयबाट अनुमति लिनुपर्ने, तर शिक्षा ऐन र नियमावलीले शैक्षिक परामर्शसम्बन्धी काम गर्ने फर्म सम्बन्धमा कुनै व्यवस्था नगरेको। तर शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०६८ ले मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट स्वीकृति लिनुपर्ने व्यवस्था गरेको देखियो। साथै स्वीकृतिको प्रक्रियामा रहेका फर्महरूको विवरणमा बंगलादेश एजुकेशन कन्सल्टेन्सीको नाम समेत समावेश भएको र फर्म सञ्चालकको बयान समेतबाट बंगलादेश एजुकेशन कन्सल्टेन्सीले कम्पनी रजिष्ट्रार कार्यालयमा फर्म दर्ता गरी फर्मको उद्देश्यमा शैक्षिक परामर्श सेवा प्रदान गर्ने विषय राखी कारोबार गरेको देखियो। उक्त फर्मले शिक्षा मन्त्रालयबाट स्वीकृति नलिएको तर लिने प्रक्रियामा रहेको भन्ने सञ्चालकको बयान र शिक्षा मन्त्रालयको पत्रबाट शैक्षिक परामर्शसम्बन्धी फर्महरूमा स्थापना प्रक्रिया एवं स्वीकृति प्रक्रियामा रहेका फर्मको संलग्न विवरणमा उक्त कन्सल्टेन्सीको नाम समावेश भएको देखिए समेतबाट उजुरीमा व्यहोरा पुष्टि हुनेसम्मको आधार र प्रमाण नदेखिएको तर यस प्रकारका फर्महरूको दर्ता नवीकरण तथा नियमनसम्बन्धी कार्य हालसम्म मन्त्रालय स्तरबाट संस्थागत रूपबाट व्यवस्थित भई नसकेको देखिनुको साथै यस प्रकृतिका फर्म कम्पनी ऐन, २०६३ अनुसार दर्ता हुने गरेको तर शिक्षा ऐन तथा नियमावलीमा यस प्रकारका फर्म स्थापना सम्बन्धमा कुनै व्यवस्था भएको नदेखिंदा यस प्रकारका कम्पनी स्थापना पूर्व अनिवार्य रूपमा शिक्षा मन्त्रालयको स्वीकृति लिने व्यवस्था हुन, शिक्षा मन्त्रालयबाट जारी शैक्षिक परामर्श सेवा

तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०६८ लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न तथा यस प्रकृतिका फर्महरू स्थापना तथा सञ्चालनपूर्व अनिवार्य रूपमा अनुमति लिनुपर्ने एवं वार्षिक रूपमा उक्त फर्म तथा कम्पनीहरूको नवीकरण गरी मन्त्रालय स्तरबाट प्रभावकारी संरचनागत व्यवस्थाद्वारा नियमित अनुगमन र नियमन गर्न आयोगको मिति २०७३।१।७ को निर्णयानुसार शिक्षा मन्त्रालयमा लेखी पठाइएको।

(१३) नेपाल अपांग संघ, जिल्ला शाखा, धनुषाका सभापति शिवचन्द्र साहले व्यापक भ्रष्टाचार, अनियमितता गरिरहेको, अपांगसम्बन्धी कुनै कार्यक्रम नगरी कागजमा मात्र उल्लेख गरी कर्मचारीहरूलाई नोकरीको धाकधम्की दिई कागजपत्र दुरुस्त तयार गर्ने गरेको, कर्मचारीहरूलाई पूरा तलब नदिई पूरा तलब दिएको भरपाईमा सहीछाप गराउने गरेको भन्ने समेतको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले कर्मचारीहरूका नाममा बिना प्रयोजन पेश्की रकम निकाल्न लगाई उक्त रकम आफैंले लिने गरेको र पेश्की लिएको रकम लामो समयसम्म पनि फछ्र्यौट नगर्ने गरेको, शाखामा प्राप्त हुने सबै प्रकारको रकमलाई बैंक खातामा दाखिला गरी आम्दानी जनाउनुपर्नेमा आर्थिक वर्षको अन्त्यमा पनि रकम बैंक दाखिला नगरी कर्मचारीहरूको नाममा तहबिल मौज्दात देखाउने गरेको र कर्मचारीको नाममा तहबिल राखिएको रकमबाट व्यक्तिगत, घरायसी काममा खर्च गर्ने गरेको अपांग नागरिकहरूको संरक्षण, सशक्तीकरण तथा क्षमता विकास गर्ने अभिप्रायले स्थापना भएको उक्त शाखालाई विशेष शिक्षा कार्यक्रम अन्तर्गत उपलब्ध भएको रकम सोही शीर्षकहरूमा खर्च गर्नुपर्नेमा उक्त रकम दशैं तथा दिपावली जस्ता चाडपर्वहरूमा मन्दिरमा पूजापाठ गरे बापतको खर्च भनी लत्ताकपडा तथा खाद्य सामग्री खरिद गरी रकम भुक्तानी गर्ने गरेको, कर्मचारीहरूको तलब भत्ता समयमै भुक्तानी नगर्ने, कर्मचारीहरूको संचयकोष समयमै दाखिला नगरिदिने, पेश्की लिएको रकम लामो समयसम्म पनि फछ्र्यौट नगर्ने तथा जुन प्रयोजनका लागि नेपाल सरकारले उक्त संस्थालाई अनुदान रकम दिएको हो सोही प्रयोजनमा खर्च नगरी व्यक्तिगत प्रयोजनमा खर्च गर्ने गरेको देखियो। साथै निजले कामको सिलसिलामा भनी पटक पटक काठमाडौं भ्रमण गर्दा ट्याक्सी खर्च भनी झुठा भर्पाईहरू पेश गर्ने गरेको, उक्त शाखाको अनुगमन तथा निरीक्षण गर्न नेपाल अपांग संघको, केन्द्रीय कार्यालय तथा शिक्षा विभागबाट आउने कर्मचारीहरूको अतिथि स्वागत सत्कार भनी माछा, मासु, फलफूल, तरकारी जस्ता शीर्षकमा खर्च गरेको तथा उक्त शाखाले कार्यालय प्रयोजनका लागि सामग्रीहरू खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को प्रक्रिया पूरा गरी खरिद गर्नुपर्नेमा उक्त ऐन, नियमावलीको प्रक्रिया पूरा नगरी खरिद आदेश, दाखिला रिपोट बिना र कुन पसलबाट खरिद भएको हो भनी खुल्ने बिलहरू समेत संलग्न नगरी कार्यालय सामान खरिद गरी अनियमितता गरेको देखियो। यसरी निजले शाखालाई प्राप्त भएको तलब भत्ता लगायतको माथि उल्लेखित रकमहरूको खर्च गर्दा विधि र प्रक्रिया पूरा नगरी अनियमित तवरबाट खर्च गर्ने गरेको पुष्टि भएकोमा निज शिवचन्द्र साह (क) वर्गको अपांग नागरिक परिचयपत्र प्राप्त व्यक्ति भएको तथ्य मिसिल संलग्न जिल्ला प्रशासन कार्यालय धनुषाको च.नं. १४५८ मिति २०६९।१२।६ को प्रतिवेदन पेश गरिएको पत्रबाट खुल्न आएको हुँदा उप्रान्त त्यस किसिमका अनियमितता हुन नदिई रोक्नेतर्फ आवश्यक व्यवस्था गर्न गराउन आयोगको मिति २०७३।२।११ को बैठकको निर्णयानुसार शिक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौंलाई सुझाव पठाइएको ।

(१४) काठमाडौं जिल्ला का.म.न.पा. १६ स्थित श्री सिद्दी गणेश उच्च माध्यमिक विद्यालय पकनाजोलमा कार्यरत शिक्षक कलानिधी दाहाल र मणिराम अर्यालले मिलेमतो गरी रु.३३,००,०००।- हिनामिना गरेको, निज कलानिधी दाहालले कारागारमा बसेको अवधिमा समेत हाजिर गरेको, मेघनाथ कँडेलले टाई बेल्टको हिसाब नदेखाएको, विद्यालयको लेखा परीक्षण नगराएको र आफ्ना छोराछोरी उक्त विद्यालयको विद्यार्थी नभएको व्यक्ति सागरबुद्ध मानन्धर विद्यालय व्यवस्थापन समितिको अध्यक्ष भएको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा विद्यालयको लेखा प्रशासनसँग सम्बन्धित कार्य गर्न शिक्षक रहमत खानको नाममा रु.२७,३६,२०५।- बेरुजु देखिएकोमा निजबाट विद्यालयले हालसम्म रु.१३,७१,०६९।- असुल उपर गरिसकेको व्यहोरा विद्यालयबाट प्राप्त निज रहमत खानको नामबाट विद्यालयको खातामा रकम जम्मा गरेको बैंक दाखिला भौचरको प्रतिलिपिहरूबाट देखिन आएको र निजबाट असुल उपर हुन बाँकी रहेको रकम समेत निज रहमत खानको मासिक तलब, निजले शिक्षकबाट राजीनामा दिंदा प्राप्त हुने बिरामी बिदा र औषधी उपचार बापत प्राप्त हुने रकम लगायतको शीर्षकबाट असुल उपर गर्ने भन्ने विद्यालयको प्रतिबद्धता सहितको पत्र आयोगमा प्राप्त हुन आएको हुँदा निजको नाममा देखिएको बेरुजु रकममध्ये फछ्र्यौट हुन बाँकी रहेको रकम यथाशीघ्र असुल उपर गराई सो को जानकारी यस आयोगमा गराउन आयोगको मिति २०७३।३।१५ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, काठमाडौंलाई लेखी पठाइएको ।

(१५) काठमाडौं जिल्लास्थित काठमाडौं शिक्षा क्याम्पस, रामशाहपथका क्याम्पस प्रमुख सत्रुघ्नप्रसाद गुप्ता र पूर्व क्याम्पस प्रमुख प्रेमनारायण अर्याल समेतको मिलेमतोमा शैक्षिक सुधारका लागि आएको रकम हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा क्याम्पसको भवन निर्माण कार्य गर्दा बाध्यात्मक रूपमा पालना गर्नुपर्ने सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ र ५ बमोजिम Drawing Design, Specification र Estimate स्वीकृत गराएर मात्र निर्माण कार्य गर्नुपर्ने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) बमोजिम २० लाखभन्दा बढीको निर्माण कार्य गराउँदा बोलपत्रको माध्यमबाट गर्नुपर्ने भएको व्यवस्था बमोजिम नगरी निर्माण कार्य गर्न निर्देशन दिएको देखिएकोले अब आइन्दा बाध्यात्मक रूपमा पालना गर्नुपर्ने कानूनी व्यवस्थाहरू अनिवार्य रूपमा पालना गर्न गराउन आयोगको मिति २०७३।३।१५ को निर्णयानुसार काठमाडौं शिक्षा क्याम्पसको सञ्चालक समितिलाई सुझाव लेखी पठाइएको ।

(१६) नेपाल संस्कृत विश्वविद्यालयको सभाबाट २०७०।५।२६ गते २०६९ साल चैत्र मसान्तसम्म १ वर्ष सेवा (अस्थायी/करार) मा रही कार्यरत रहेका शिक्षक कर्मचारीहरूलाई मात्र विशेष आन्तरिक प्रतियोगिताबाट स्थायी गर्ने भन्ने निर्णयानुसार कार्यकारी परिषद्को मिति २०७०।११।१३ समेतको निर्णय बमोजिम मिति २०७१।५।१ मा शिक्षकतर्फ आन्तरिक प्रतियोगिताको विज्ञापन गरिएको र सो विज्ञापन अनुसार प्राप्त आवेदनहरू छानबिन भैरहेको अवस्थामा शैक्षिक योग्यता हासिल गरी बसेका बेरोजगार युवाहरूले प्रतिस्पर्धामा भाग लिन नपाउने अवस्था सिर्जना गरी विश्वविद्यालबाट भएको उक्त विज्ञापन उपर छानबिन एवं कारबाही गरी पाउँ भनी आयोगमा परेको उजुरी उपर अध्ययन हुँदा आयोगको मिति २०७१।८।१८ को निर्णयानुसार नेपाल संस्कृत विश्वविद्यालयमा अस्थायी/करारमा कार्यरत शिक्षक कर्मचारीहरूलाई आन्तरिक प्रतियोगिताबाट स्थायी गर्न भनी विश्वविद्यालय सेवा आयोगबाट मिति

२०७१।५।१ मा प्रकाशित विज्ञापनको हकमा अर्को व्यवस्था नभएसम्मको लागि बाँकी काम स्थगित गर्न नेपाल संस्कृत विश्वविद्यालय सेवा आयोगको कार्यालय, बेलझुन्डी दाङलाई लेखिएकोमा विश्वविद्यालयको पदपूर्ति प्रक्रिया हालसम्म स्थगित रहेको अवस्था विद्यमान नै रहेको देखियो।विभिन्न विश्वविद्यालयहरूले एक पटकका लागि मात्र विशेष आन्तरिक प्रतियोगिताबाट स्थायी गर्ने भन्ने निर्णय गर्दै पदपूर्तिको प्रक्रिया अघि बढाउने र पुनः विनियममा परिमार्जन गरेर पदपूर्तिको बाटो फेरि खोल्ने गरिरहेको देखिएको र यो प्रवृत्तिले शैक्षिक उपाधि प्राप्त गरेर रोजगारीको अवसरलाई पर्खेर बसेको जनशक्तिले अवसर प्राप्त गर्न नसक्ने एवं खुल्ला प्रतिस्पर्धाको दायरालाई सीमित गर्ने स्थिति देखिएको ले यी सबै विषयलाई दृष्टिगत गरेर पदपूर्ति प्रक्रिया प्रारम्भ भएर हाल स्थगन गरिएका वा पदपूर्ति प्रक्रियामा अगाडि बढिसकेका पदका हकमा मात्र एकपटक पदपूर्तिको प्रक्रिया पूरा गर्न र अब नियम, विनियम संशोधन वा नयाँ व्यवस्थाको नाममा खुल्ला प्रतिस्पर्धा प्रक्रियालाई सीमित नगर्न आयोगको मिति २०७३।३।१५ को निर्णयानुसार सबै विश्वविद्यालयहरूलाई लेखी पठाइएको ।

(१७) धर्मघर उ.मा.वि. सलेना, बैतडीका प्र.अ. केशव दत्त भट्ट र विद्यालय व्यवस्थापन समितिको अध्यक्ष भानबहादुर चन्द समेतले विद्यालयको मुद्दती खाताको रकम रु.३,००,०००।- वार्षिक २०% ब्याज दरमा ऋण लगानी गरिएकोमा अन्य ऋणीको ब्याज सहित सावाँ असुल भएको तर भानबहादुर चन्दको ब्याज थोरै अभिभावकहरूको बैठकबाट मिनाहा गरी सावाँ मात्रै बुझ्ने सम्बन्धी गरेको दूषित निर्णय बदर गरी पाउँ भन्ने समेत व्यहोराको उजुरी/निवेदनको सम्बन्धमा अनुसन्धान हुँदा सामुदायिक विद्यालयको पुँजी सार्वजनिक सम्पत्ति भएको र विद्यालयले त्यस्तो रकम कोही कसैलाई ब्याजमा लगाउन एवं ब्याज मिनाहा गर्न कानूनतः नमिल्ने भएकोले विद्यालयलाई प्राप्त हुने सम्पूर्ण श्रोतहरूको प्रयोग तथा परिचालन प्रचलित कानून बमोजिम गर्न गराउन र विद्यालयको नाउँमा रहेको रकम ऋण दिने कार्यमा प्रयोग नगर्न आयोगको मिति २०७३।३।१९ को निर्णयानुसार शिक्षा मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

(१८) समैजी निम्न माध्यमिक विद्यालय, कैलालीका प्र.अ.दिलराज भट्टराईले विद्यालयमा प्राप्त विभिन्न शीर्षकको रकम अनियमितता गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान अनुसन्धान हुँदा विद्यालयले भोग गरेको सार्वजनिक अचल सम्पत्ति विद्यालयमा निजी स्रोतमा रहेका शिक्षकको तलब लगायतका लागि आवश्यक आन्तरिक स्रोत जुटाउने उद्देश्यले भाडामा लगाएको देखियो।साथै उक्त विद्यालयमा आ.व. ०६९।७० र आ.व. ०७०।७१ मा दिवा खाजामा रु.३,१५,३६०।- र रु.२,६७,।- निकासा भएकोमा क्रमशः रु.१,९४,७४०।- र रु.१,५८,०२५।- मात्र खर्च भएको देखियो।विद्यालयको मिति २०७२।६।२० पत्रमा आ.व. ०६८।६९ मा दिवा खाजामा निकासा भएको रु.३,८०,८१६।- मध्ये रु.१,९८,८०७।- दिवा खाजामा खर्च गरी रु.१,८२,००९।- बचत गरी निजी श्रोतका शिक्षकलाई तलब भत्ता दिएको, आ.व. ०६९।७० मा दिवा खाजामा निकासा भएको रु.३,१५,३६०।- मध्ये दिवा खाजामा रु.१,९४,७४०।- खर्च गरी त्यसबाट बचत गरेको रु.१,२०,६२०।- निजी श्रोतका शिक्षकलाई तलव भत्ता दिएको, त्यस्तै आ.व. ०७०।७१ मा रु.२,६७,६६४।- दिवा खाजाको रकम मध्ये रु.१,५८,०२५।- खर्च गरी बचत हुन गएको रु.१,०९,६३९।- निजी श्रोतका शिक्षकमा खर्च गरेको भन्ने देखियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मदनबहादुर कठायत र प्र.अ. दिलराज भट्टराईले बयान गर्दा समेत विद्यालयको आर्थिक अवस्था कमजोर

रहेको र निजी श्रोतका शिक्षकहरूबाट शिक्षण गराउनुपर्ने बाध्यात्मक अवस्थामा दिवा खाजामा कम रकम खर्च गरी अनुदान प्राप्त रकम बचाई बचेको रकमबाट निजी श्रोतका शिक्षकलाई पारिश्रमिक दिएको भनी बयानमा उल्लेख गरेको देखियो। यसरी उल्लेखित कार्यहरूमा रकम हिनामिना र अनियमितता भएको नदेखिए तापनि एक उद्देश्यबाट प्राप्त रकम अन्य उद्देश्यमा खर्च गर्न नहुने, एक शीर्षकबाट अर्को शीर्षकमा रकम खर्च गर्दा नियमानुसार आधिकारिक निकायबाट रकमान्तर गरेर मात्रै खर्च गर्न अनुमति प्राप्त भए पश्चात मात्र खर्च गर्नुपर्नेमा सोझै दिवा खाजामा कम रकम खर्च गरी त्यसबाट रकम बचत गरी अन्य शीर्षकमा खर्च गर्ने कार्य कानूनसम्मत भएको भनी भन्न मिल्ने अवस्था नदेखिएकोले तोकिएको रकम तोकिएको शीर्षकमा खर्च गर्ने विधि र प्रक्रियाको सम्बन्धमा आवश्यक छानबिन तथा कारबाही गर्न उक्त विद्यालयको अनुगमन निरीक्षण प्रभावकारी बनाई निर्दिष्ट शीर्षकको रकम सोही शीर्षकमा खर्च गर्ने व्यवस्था मिलाई एक शीर्षकको रकम अन्य शीर्षकमा खर्च गर्ने कार्यलाई अब उप्रान्त नियन्त्रण गर्न र विद्यालयले भोग गरेको सार्वजनिक अचल सम्पत्ति समेत गैरकानूनी रूपमा अरू सर्वसाधारणलाई भोग गर्न एवं भाडामा लगाउने कार्य समेतमा निरुत्साहित गर्ने गराउने सम्बन्धमा आवश्यक व्यवस्था मिलाउन आयोगको मिति २०७३।३।२२ को निर्णयानुसार शिक्षा मन्त्रालय मार्फत जिल्ला शिक्षा कार्यालय, कैलालीलाई लेखी पठाइएको।

(१९) जिल्ला कपिलवस्तु, तौलिहवा नगरपालिका वडा नं. २ आनन्दवाग स्थित रत्नराज्य लक्ष्मी उच्च माध्यमिक विद्यालयमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकले विद्यालयको रकम हिनामिना गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा रत्नराज्य लक्ष्मी उच्च माध्यमिक विद्यालयको स्वामित्वमा रहेको ११ वटा सटर र ७२ बिघा जग्गा भाडामा दिंदा प्रतिस्पर्धा नगराई भाडामा दिएको देखियो। यसरी बिना प्रतिस्पर्धा भाडामा लगाउने कार्यले विद्यालयले प्राप्त गर्न सक्ने आम्दानी न्यून हुने र अनियमितताको सम्भावना समेत रहने हुँदा आगामी दिनमा विद्यालयको स्वामित्वमा रहेका सटर, कवल, जग्गा जमिन लगायतका सम्पत्ति भाडामा लगाउँदा विद्यालयलाई अधिकतम हित हुने गरी प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी प्रतिस्पर्धा गराएर मात्र भाडामा लगाउने व्यवस्था गर्न गराउन आयोगको मिति २०७३।३।२७ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, कपिलवस्तुलाई सुझाव लेखी पठाइएको।

**३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत**

(१) यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमति पत्र वाग्मती, एकान्तकुना ललितपुरबाट सवारी चालक अनुमति पत्रको लिखित परीक्षा सञ्चालनमा अनियमितता भएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा सो कार्यालयबाट लिइने सवारी चालक अनुमतिपत्रको मिति २०७०।४।९ को परीक्षाका उत्तर पुस्तिका यातायात व्यवस्था कार्यविधि निर्देशिका २०६० बमोजिम धुल्याउने प्रयोजनका लागि थुपारिएकोमा फेला पार्न नसकिएको भन्ने देखिएकोले अबदेखि सवारी चालक अनुमतिपत्रको लिखित परीक्षा सञ्चालन गर्दा परीक्षार्थीहरूको सिट प्लान गरी कानून बमोजिम अभिलेखहरू सुरक्षित साथ व्यवस्थित गरी राख्ने व्यवस्था गर्न आयोगको मिति २०७२।४।१८ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८(१) (ख) बमोजिम यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र वाग्मतीलाई लेखी पठाइएको।

(२) सुदूरपश्चिम सडक डिभिजन कार्यालय नं. २ कुलपाते डोटीले विभिन्न आ.व.हरूको रकम सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ अनुरूप कार्य नगरी निर्माण कार्यमा प्रतिस्पर्धा नगराई अमानत र सोझै वार्ताद्वारा राजमार्ग पेन्टिङ, माटो कटिङ, ड्रेन, पाइप कलभर्ट निर्माण जस्ता कार्यमा अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा आ.व. ०६९।७० तथा ०७०।७१ मा उक्त कार्यालयले केही आकस्मिक प्रकृतिका र केही नियमित मर्मत सम्भार गर्नुपर्ने प्रकृतिका कार्यहरू सम्पन्न गरेको देखियो। आफ्नो जिम्मेवारी क्षेत्रभित्र रहेका सडकहरूलाई दुरुस्त राखी बाह्रै महिना सवारी आवागमन बिना अवरोध सञ्चालन गर्न गरिने कार्य, आकस्मिक अवस्थामा हिउँ, पहिरो पन्छाउने, इमरजेन्सी टेवा पर्खालहरू निर्माण गर्ने जस्ता कार्यहरू लामो समय लिई बोलपत्र आह्वान गरी कार्य गर्न सम्भव नभए तापनि सडकमा ड्रेन, पाइप, कलभर्ट, हेडवाल निर्माणहरू, ह्युम पाइप राख्ने कार्य, ट्राफिक साइनबोर्डहरू, सडक पेन्टिङ, फर्निसिङ तथा Track Open गर्ने कार्यहरू नियमित कार्यभित्र पर्ने र त्यस्ता कार्यहरू सम्पन्न गर्दा पर्याप्त समय थिएन/पाएन भन्ने अवस्था देखिंदैन। सडक डिभिजन कार्यालयले उल्लेखित कार्यहरू कतिपय नियमित कार्यक्रमभित्र विनियोजित बजेटबाट सम्पन्न गरेको देखियो भने कतिपय कार्यक्रमहरू विनियोजित बजेटबाट बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गरी ठेक्कापट्टा गर्दा बचेको बजेटलाई टुक्रा पारी सोझै वार्ता तथा अमानतबाट सम्पन्न गरेको देखियो। सम्पन्न भएका कार्यक्रमहरूसँग सम्बन्धित कागजात, सम्बन्धित पदाधिकारीहरूको बयान कागज तथा प्राविधिक सहित अनुसन्धान अधिकृतको स्थलगत अनुगमनबाट समेत कार्यक्रम नै नगरी बजेट दुरुपयोग गरेको अवस्था कतैबाट पुष्टि हुन सक्ने अवस्था नदेखिए तापनि उक्त कार्यालयबाट आ.व. ०६९।७० र आ.व. ०७०।७१ मा कैलाली जिल्लाको फल्टुडेदेखि डडेल्धुरा र बैतडी जिल्लाको सिमाना अनारखोली, डडेल्धुरा जिल्लाको स्याउलेदेखि अछाम जिल्लाको सदरमुकाम मंगलसेनसम्म, अछाम जिल्लाको टोटासाल पुलदेखि बाजुरा जिल्लाको बर्जुगार्ड पुलसम्म साथै डोटी जिल्लाको बुडरदेखि जोरायलसम्मका सडकहरूमा Road Painting, Furniture's, White cement painting, parapet wall enamel paint, delineator post, कालो सेतो Striate गर्ने काम, Drain मर्मत, Support wall, hump pipe installation, catch pit with head wall समेतका कार्य र बगरकोट रूपाल सडकको Track Opening जस्ता कार्यहरू आकस्मिक कार्यको परिभाषामा समावेश गरी सोझै वार्ता द्वारा सम्पन्न गराएवाट राज्यलाई बढी व्ययभार परेको अवस्था देखियो। उल्लेखित कार्यहरू आकस्मिक कार्य नभएको हुँदा समयमा नै बोलपत्र आह्वान गरी घटी घटाउ गरी कार्य गरे गराएको भए कानूनको सम्मान सहित राज्यलाई व्ययभारमा कमी हुन सक्थ्यो। भू-क्षय भएको कार्य निश्चित आकार प्रकार नहुने भएको हुँदा ल.ई. तयार गर्न नसकिने भनी उक्त कार्यमा संलग्न प्राविधिकहरूको बयानबाट खुल्न आए तापनि भुक्तानी प्रक्रियामा घनमिटरलाई आधार मानी भुक्तानी दिइएको तर नापी किताबमा Detail नचढाएको, भू-क्षय हटाउन गएका डोजर चालक र लोडर चालकको भनाइलाई आधार मानिएको, सव इन्जिनियर र इन्जिनियरको साइटमा उपस्थिति न्यून रहेको, विभागीय मेसिन प्रयोग गरी गरिएको कार्य ठेक्काभन्दा महँगो पर्न गएको, एउटै बजेट शीर्षकलाई टुक्रा टुक्रा पारी कार्य गर्न नमिल्ने भए तापनि सो अनुरूप गरेको कार्यबाट सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को पालना भएको देखिएन। सम्पन्न गरिएका कार्यहरूमा सूचीकृत फर्महरूलाई दरभाउ पत्र पेश गर्न लिखित जानकारी दिई गर्नुपर्नेमा सो नगरेको, विभागीय मेसिन

हुँदाहुँदै अन्य मेसिन प्रयोग गर्दा विभागीय मेसिन बिग्रेको हो भनी बिग्रेको प्रमाण श्रेस्ता संलग्न हुनुपर्नेमा सो हुन नसकेको, पहिरो सफा गरेको स्थानहरूमा कहाँ कहाँ के कति घण्टा मेसिन चल्यो भन्ने खुल्न नआएको, कार्य सम्पन्न प्रतिवेदनमा Measurement Sheet संलग्न नभएको, फिल्डमा निरन्तर खटिएका कर्मचारीहरूलाई समेत ७/७ दिनको भ्रमण आदेश तयार गरिएको, सरकारी एक्स्काभेटरको मर्मत ढुवानी तथा इन्धन ढुवानीमा मितव्ययिता नअपनाएको जस्ता थुप्रै प्रक्रियागत त्रुटिहरू मिसिल अध्ययनबाट देखियो । अतः सानातिना कामहरूलाई आकस्मिकताको परिभाषाभित्र पारी बजेटलाई टुक्रा टुक्रा पारी अमानत वा सोझै वार्ताद्वारा कार्य गर्न, नियमित कार्य र आकस्मिक कार्यको वस्तुपरक परिभाषा र वर्गीकरण गर्न, विभागीय मेसिनको प्रयोग गर्दा भाडाको मेसिनभन्दा महँगो देखिएकोले सो को वास्तविकता पत्ता लगाई प्रभावकारी विकल्पको खोजी गर्न तथा आकस्मिक कार्यहरू सम्बन्धमा समेत सो अनुसारको स्पष्ट प्रावधान राखी कुनै पनि दायित्व एवं जिम्मेवारी प्रचलित कानूनले तोकेको विधि र प्रक्रिया अनुरूप कार्य सम्पादन गर्न र गराउनका लागि आयोगको मिति २०७२।११।१३ को निर्णयानुसार नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई लेखी पठाइएको ।

(३) नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लिमिटेड (NCCN) पोखरा, पृथ्वीचोकमा रहेको २६ रोपनी जग्गामध्ये ३.५ रोपनी जग्गा सञ्चालक समितिको निर्णय बेगर २०६५ सालमा तत्कालीन महाप्रबन्धक त्रिवेन्द्रराज पन्त र प्रशासन प्रमुख श्यामबहादुर बि.सी.ले १० (दश) वर्षका लागि फेवा मिट प्रा.लि.लाई प्रतिमहिना रु.३,८५०।- का दरले भाडामा दिएकोमा सो जग्गामा निजहरूले ६८ वटा सटर बनाई प्रतिमहिना रु.२,५०,०००।- भन्दा बढी भाडा उठाई अनियमितता गरेको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा तत्कालीन नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लिमिटेड (NCCN) को पोखरा, पृथ्वीचोकमा रहेको २६ रोपनी जग्गाहरूमध्ये पश्चिम उत्तरतर्फको ३.५ रोपनी खाली जग्गा भाडामा दिने प्रयोजनको लागि कम्पनीले मिति २०६४।३।६ गते सार्वजनिक सूचना प्रकाशित गरी सबैभन्दा बढी प्रतिरोपनी (कर सहित) मासिक रु.११००।- मा दररेट प्रस्ताव पेश गर्ने फेवा मिट प्रोडक्टलाई तत्कालीन (NCCN) का प्रशासन प्रमुख श्याम बि.सी.ले मिति २०६५।६।३ गते निर्णयार्थ पेश गरी मिति २०६५।६।६ गते लेखा प्रमुख त्रिभुवननाथ पाठक र कार्यालय प्रमुख केशवकुमार अर्यालले सहमति जनाई उक्त निर्णयलाई सञ्चालक समितिबाट समर्थन गराउने गरी स्वीकृत भनी सोही दिन महाप्रबन्धक त्रिवेन्द्रराज पन्तले सदर गरेको देखियो । तर सो निर्णयलाई भने सञ्चालक समितिबाट स्वीकृति गराएको देखिएन । मिति २०६५।६।१० गते जग्गाधनी NCCN प्रथम पक्ष र फेवा मिट प्रोडक्ट दोस्रो पक्ष भई NCCN को भोग र स्वामित्वमा दर्ता कायम रहेको ३.५ रोपनी जग्गामा आवश्यकता अनुसार दुवै पक्षहरूको सहमतिमा द्वितीय पक्ष (फेवा मिट प्रोडक्ट) ले अस्थायी भवनहरू निर्माण गर्ने, भाडादर जग्गा हस्तान्तरण गरेको मितिले २ वर्षसम्म कायम रहने र तेस्रो वर्षदेखिका लागि मूल भाडादर रु.३८५०।- मा प्रतिवर्ष १० प्रतिशतका दरले थप भाडा द्वितीय पक्षले प्रथम पक्षलाई बुझाउने, ५ वर्षपछि भाडा रकम सम्बन्धमा पुनरावलोकन गर्ने तथा करार समाप्त भएपछि द्वितीय पक्षले प्रथम पक्षको जग्गामा बनाएको अस्थायी टहराहरू भत्काई लैजाने भन्ने शर्तहरू उल्लेख गरी करारनामा गरी उक्त जग्गामा फेवा मिट प्रोडक्टले अस्थायी टहरा, कबल र कोठाहरू निर्माण गरेको देखियो भने सो पश्चात पुनः सोही टहरा, कबल तथा कोठाहरू मिति २०६७।८।१ गते फेवा मिट प्रोडक्टले

प्रतिमहिना रु.५०,०००।- भाडा लिने र प्रत्येक दुई वर्षमा १० प्रतिशत भाडा वृद्धि गर्ने शर्त राखी करार सम्झौता मार्फत जिल्ला कास्की, पोखरा उ.म.न.पा.वडा नं.१६ छोरेपाटन बस्ने वर्ष ३५ को कृष्णप्रसाद बराललाई हक हस्तान्तरण गरेको देखियो। उक्त जग्गा भाडामा दिने कार्यमा सम्बन्धित कर्माचारीहरूबाट कुनै अनियमितता गरेको नदेखिए पनि निजहरूले उक्त करारलाई सञ्चालक समितिबाट समर्थन नगरेकोले तत्कालीन व्यवस्थापनका कर्मचारीहरूलाई कानून बमोजिम विभागीय कारबाही हुनुपर्ने भए तापनि मिति २०७१।४।२२ गतेको नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट (NCCN) नै खारेज भई तत्कालीन व्यवस्थापन समेतका सम्पूर्ण कर्मचारीहरूले अवकाश प्राप्त गरिसकेको तथा केही कर्मचारीहरूले सो कम्पनी खारेज हुनुपूर्व नै अनिवार्य अवकाश समेत पाएको स्थिति विद्यमान रहेको र सो अवस्थामा अवकाश प्राप्त कर्मचारीहरूलाई विभागीय कारबाही गर्नुको कुनै औचित्य र आधार समेत देखिंदैन । त्यसैगरी हाल उल्लेखित सम्पूर्ण जग्गा र पूर्वाधारहरू भौतिक पूर्वाधार तथा योजना मन्त्रालयको स्वामित्वमा कायम हुन आएको र मन्त्रालयबाट फेवा मिट प्रोडक्टसँगको सम्झौता रद्द गर्न सार्वजनिक सूचना आह्वान तथा पत्राचार समेत गरेको, फेवा मिट प्रोडक्टले निर्माण गरेको स्टल/टहराहरू स्थलगत निरीक्षण गर्दा सम्पूर्ण संरचनाहरू हटाइसकेको र बाँकी रहेको अवशेषहरू हटाउने कार्य जारी रहेको भनी डिभिजन सडक कार्यालय, पोखराको चलानी नम्बर ९३६ मिति २०७२।१२।१२ गतेको पत्र तथा सो साथ संलग्न फोटोहरूको प्रतिलिपि समेतबाट देखिएकोले उक्त खाली जग्गाहरूमा स्थानीय सुकुम्बासीहरू समेतबाट अतिक्रमण हुन सक्ने भएकोले सो जग्गाहरूको उचित संरक्षण गर्न आयोगको मिति २०७३।३।१५ को निर्णयानुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई लेखी पठाइएको ।

(४) उत्तर-दक्षिण (कोशी) सडक योजना खाँदवारी, संखुवासभाका योजना प्रमुख सत्येन्द्र शाक्य र लेखा अधिकृत राजेन्द्र ओझाले योजनाको विभिन्न शीर्षकको बजेट नक्कली बिल बनाई भ्रष्टाचार गरेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा उत्तर-दक्षिण (कोशी) योजनाको कन्टिन्जेन्सीको सम्पूर्ण रकमलाई योजनाको काममा खर्च नगरी दुई प्रतिशत रकम सडक विभागमा पठाउने गरेको, बहुवर्षीय ठेक्काको कन्टिन्जेन्सी रकम ठेक्काको वार्षिक प्रगतिको अनुपातमा खर्च नगरेको, कन्टिन्जेन्सीको रकम खर्च गर्दा ठेक्कैपिच्छे (Contractwise) को कन्टिन्जेन्सी खाता राख्ने नगरेको, डोर हाजिरीमा काम गराइएका कामदारहरूले गरेको कामको चेनेज र परिमाणको स्पष्ट विवरण राख्ने नगरेको, कन्टिन्जेन्सीको रकमबाट कार्यालयमा स्टेसनरी, छपाई, कार्यालय सामान, इन्धन, विद्युत, संचार, सवारी साधन मर्मत, सूचना प्रकाशन, दैनिक भ्रमणभत्ता आदिमा खर्च गर्ने गरेको र योजनाबाट काजमा कर्मचारी खटिदा र खटाउँदा तथा इन्धन खर्च गर्दा मितव्ययितातर्फ ध्यान नदिएको समेत पाइयो। अतः कन्टिन्जेन्सी रकम खर्च गर्दा योजनाको कामलाई प्राथमिकता दिन, कर्मचारीहरू काजमा खटाउँदा र इन्धन खर्च गर्दा मितव्ययितालाई ध्यान दिन, डोर हाजिरीबाट काम गराउँदा चेनेज र परिमाण खुलाई अभिलेख राख्न, ठेक्के पिच्छे (Contractwise) को कन्टिन्जेन्सी खर्चको छुट्टाछुट्टै कन्टिन्जेन्सी अभिलेख राख्न र कन्टिन्जेन्सी रकम ठेक्काको वार्षिक प्रगतिको अनुपातमा मात्र खर्च गर्ने व्यवस्था मिलाउन नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई आयोगको मिति २०७२।८।१४ को निर्णयानुसार लेखी पठाइएको।

## ४. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत

(१) सिरहा जिल्ला राजपुर गाविसका सचिव जगदेव यादव समेतले गाविसको पोखरी ठेक्का एवं अन्य कार्यक्रममा मिलेमतो गरी रकम बाँडफाँड गरी खाई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा गाविस सचिव जगदेव यादवले गाविसको आम्दानी र खर्च गर्दा नियमानुसार गाउँ परिषद् र बोर्डको निर्णय बमोजिम खर्च गरेको, अनियमितता नगरेको भन्ने समेत व्यहोराको बयान, जिल्ला विकास समितिको कार्यालय सिरहाको च.नं. २८३९ मिति २०७२।१।१७ को पत्र साथ प्राप्त कागजातहरूबाट देखियो ।अतः पोखरी ठेक्काको रकम र मालपोत रकम गाउँ परिषदबाट निर्णय गराई परिषदबाटै निर्णय भएका कार्यक्रमहरूमा खर्च गरेको पाइए तापनि केही कार्यक्रमहरूमा सहायक कागजातहरू संलग्न हुनुपर्नेमा सो प्राप्त नभएको देखिएकोले आगामी दिनहरूमा कार्यक्रम सञ्चालन गर्दा अवलम्बन गर्नुपर्ने सम्पूर्ण प्रक्रिया पूरा गरी कार्यक्रम सञ्चालन गर्ने गराउने भनी आयोगको मिति २०७२।४।१८ को निर्णयानुसार जिल्ला विकास समितिको कार्यालय सिरहा र राजपुर गाविसको कार्यालय सिरहामा लेखी पठाइएको ।

(२) तनहुँ जिल्लास्थित सहिद कृष्ण क्याम्पस साबिक ढोरफिर्दी हाल शुक्लागण्डकी नगरपालिकाको क्याम्पस सञ्चालक समितिका पदाधिकारीहरूले नेपाल सरकारको स्वामित्वमा रहेको सरकारी पर्ती जग्गा विष्णुबहादुर महत समेतका नाममा बिक्री गर्ने निर्णय गरेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा साबिक ढोरफिर्दी गाउँ विकास समिति, वडा नं. ३।ख कित्ता नम्बर २३० र हालको कि.नं. ११५९ जग्गाको फिल्ड प्रतिवेदन र नक्सा ट्रेसको सक्कलै कागजात, साबिक ढोरफिर्दी गाउँ विकास समिति, वडा नं. ३।ख कित्ता नम्बर २३० जग्गाको फिल्ड बुक र उक्त कित्ताको जग्गाधनी प्रमाणपुर्जाको प्रमाणित प्रतिलिपिबाट उक्त जग्गा हालसम्म पनि नेपाल सरकारको नाउँमा रहेको देखियो।सहिद कृष्ण क्याम्पस सञ्चालक समितिको निर्णय अनुसार आन्तरिक रूपमा सूचना प्रकाशन गरी साबिक ढोरफिर्दी गा.वि.स. वडा नं. ३ साबिक कित्ता नं. २३० हालको कित्ता नं. ११५९ को नेपाल सरकारको नाममा रहेको पर्ती जग्गा मध्येबाट २ वटा घडेरी (१५×४०) (०-४-०-०) को रु.५,००,०००।– मा विष्णुबहादुर महतले र २०×३० (०-४-०-०) को घडेरी रु.५,०२,०००।- मा चन्द्रकला रेग्मीले खरिद गरी खरिदकर्ताले जम्मा रु.१०,०२,०००।– क्याम्पसको नाममा रहेको माछापुच्छ्रे बैंक, दुलैगौडाको खाता नं. ३१२२५२४२८९४६६०१७ मा जम्मा गरेको र सहिद कृष्ण क्याम्पसले पछि हुने नापीको समयमा आफ्नो मानी नाप नक्सा गराई प्रमाण पत्र लिनु भनी हाललाई हकभोगको अस्थायी प्रमाणपत्र दिएको मिसिल संलग्न कागजातहरूबाट देखिन आयो।सहिद कृष्ण क्याम्पस सञ्चालनार्थ सम्बन्धन लिन त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरमा धरौटी जम्मा गर्नको लागि रकम अभाव भएकोले खाली रहेको चौरलाई उपयोग गरी गाउँमै क्याम्पस स्थापना गर्ने असल मनसाय राखी साबिक कित्ता नं. २३० बाट आठ आना जमिन लिलाम बढाबढ गरी स्थानीय विष्णुबहादुर महत र चन्द्रकला रेग्मीलाई बिक्री गरी त्रि.वि.मा धरौटी रकम जम्मा गरिएको र यसमा कुनै किसिमको आर्थिक हिनामिना गरेको छैन भन्ने समेत व्यहोरा सञ्चालक समितिका पदाधिकारीहरूको लिखित बयान समेतबाट खुल्न आएको देखियो।त्यसैगरी सहिद कृष्ण क्याम्पसमा बि.बि.एस. सञ्चालन गर्न सम्बन्धनको लागि रु.८,३०,०००।–धरौटी राखेको तथ्य मिसिल संलग्न कागजातहरूबाट देखियो।यसरी सरकारी

पर्ती जग्गा बेच्न कुनै पनि सामुदायिक विद्यालय वा क्याम्पसलाई कानूनतः कुनै हक अधिकार नहुने र कानून बमोजिमको विधि र प्रक्रिया पूरा गरेर नेपाल सरकारको निर्णयबाट मात्रै सरकारी पर्ती जग्गा हस्तान्तरण एवं बिक्री वितरण गर्न सक्ने अवस्था रहने हुँदा सहिद कृष्ण क्याम्पस, शुक्लागण्डकी तनहुँले व्यक्ति विशेषलाई उपर्युक्त कित्ता जग्गाहरू रकम लिई हक भोगको अस्थायी प्रमाणपत्र दिने कार्य कानूनसम्मत देखिन आएन। अतः नेपाल सरकारको स्वामित्वमा रहेको सरकारी ऐलानी पर्ती जग्गाहरू व्यक्ति विशेषलाई बिक्री वितरण हस्तान्तरण एवं प्रयोग गर्न हुन नदिई त्यस्ता जग्गाहरूको संरक्षण गर्न गराउन स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १८९(१) को खण्ड (ङ) बमोजिम जिल्ला विकास समितिको कार्यालय, तनहुँलाई आयोगको मिति २०७२।८।१४ को निर्णयानुसार लेखी पठाइएको।

(३) काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २८ स्थित कि.नं. ५९४, क्षे.फ. ०-५-३-१ जग्गा नापी शाखाको फिल्डबुक अनुसार वडा कार्यालयकै नाममा रहे पनि तत्कालीन कार्यकारी अधिकृत गणेश राईले सहिद शुक्र क्लबसँग सम्झौता गर्दा सो भवन क्लबकै नाममा जाने गरी हक हस्तान्तरण गरेको र आ.व. ०६७।६८ मा रु.३०,००,०००।- र पछी थप निकासा दिंदै जाने भन्ने समेत गलत सम्झौता गरी अनियमितता गरेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा काठमाडौं महानगरपालिकाका वडा नं. २८ स्थित कि.नं. ५९४, क्षे.फ. ०-५-३-१ जग्गा २०३५ सालभन्दा अघिदेखि फिल्डबुकमा मोही महलमा काठमाडौं महानगरपालिका २८ वडा समितिको कायम भैरहेको जग्गा भन्ने देखियो। तर वडा कार्यालयबाट उक्त जग्गाको जग्गाधनी प्रमाणपुर्जा प्राप्त गरे भएको अवस्था खुल्न आएको देखिएन। अतः कानून बमोजिमको विधि र प्रक्रिया अवलम्बन गरी उक्त जग्गाको जग्गाधनी प्रमाणपुर्जा सम्बन्धित निकायबाट प्राप्त गर्न गराउन आयोगको मिति २०७२।८।१४ को निर्णयानुसार काठमाडौं महानगरपालिका कार्यालय, काठमाडौंलाई लेखी पठाइएको ।

(४) सुनसरी जिल्लाको तत्कालीन विष्णुपादुका गा.वि.स. सचिव दिपकवावु सुवेदीले धरानका व्यापारीहरूबाट आर्थिक लाभ लिई कोकाहा खोलाबाट खानेपानी उपलब्ध गराएको भन्ने समेतका सम्बन्धमा अनुसन्धान हुँदा कोकाहा खोलाको विष्णुपादुका मन्दिरमुनिबाट उपलब्ध गराइएको खानेपानी मुहानबाट लगिएको खानेपानी धरान उ.म.न.पा. ११ र १७ मा खानेपानी व्यवस्थापन उपभोक्ता समिति सुनसरी नामक संस्थाले स्थानीय नागरिकहरूलाई खानेपानी वितरण र व्यवस्थापन गर्दै आएको भए पनि उक्त संस्था हालसम्म संघ संस्थामा दर्ता नभएकोले यसले सम्पन्न गर्दै आएको कार्य प्रणालीले कानूनी औचित्यता प्राप्त गर्न नसक्ने देखिएको हुँदा यसलाई नियमानुसार कानूनी दायराभित्र ल्याइ सञ्चालन गर्न गराउन स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ११७, ११८, ११९ र १२४ बमोजिम साबिकको विष्णुपादुका गा.वि.स. हाल धरान उप-महानगरपालिकाले गर्न सक्ने कानूनी व्यवस्था हुँदा उक्त खानेपानी व्यवस्थापन उपभोक्ता समिति धरान ११ र १७ लाई नियमित र प्रभावकारी उपभोक्ता हित संरक्षणको लागि व्यवस्थापन र संरक्षण गर्न गराउन आवश्यक देखिएकोले सो बमोजिम गर्न गराउन आयोगको मिति २०७२।९।१ को निर्णयानुसार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत धरान उप-महानगरपालिका कार्यालय सुनसरीलाई लेखी पठाइएको ।

(५) काठमाडौं महानगरपालिका अन्तर्गतको हनुमानढोका दरबार संरक्षण कार्यक्रमका कार्यालय प्रमुख र अन्य कर्मचारीहरू समेतको मिलेमतोमा कार्यालयबाट वितरण हुने चाडपर्व खर्च र

कार्यालय सञ्चालनसम्बन्धी रकम आफूखुसी वितरण र खर्च गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा काठमाडौं महानगरपालिका अन्तर्गतको हनुमानढोका दरबार संरक्षण क्षेत्र कार्यक्रमको आ.व.०६७।६८ र ०६८।६९ को लेखा परीक्षण प्रतिवेदन लगायतका कागजातबाट ट्राभल्स एजेन्सीहरूबाट उठ्न बाँकी सम्पूर्ण रकम रु.३५,८३,५७५।- असुल उपर भइसकेको र मिति २०७२।५।३१ देखि सम्पूर्ण क्रेडिट ट्राभल्स भौचर कारोबार बन्द गरी ट्राभल्स एजेन्सीहरूसँग कारोबार गर्दा नगदमा नै कारोबार गर्ने गरेको देखियो । हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रममा कार्यरत खरिदार प्रद्युन्न लामाले मिति २०७०।१२।२४ मा गिल्टर स्टुडियो प्रा.लि.सँग विज्ञापन छायांकन बापत रु.३०,०००।- लिई कागजको टुक्रामा सही गरी कार्यालयको छाप लगाएको भन्ने विषयमा निज प्रद्युन्न लामालाई उक्त कार्य गरे बापत काठमाडौं महानगरपालिकाबाट विभागीय सजाय भैसकेको देखियो। हनुमानढोका दरबार संरक्षण क्षेत्रबाट वितरण हुने जात्रा पर्व खर्च लगायतका आर्थिक अनुदान वितरण गर्दा कुनै स्पष्ट मापदण्ड र कार्यविधि बिना नै वितरण गर्ने गरेको देखिएकोले आगामी दिनमा जात्रा पर्व खर्च लगायतका आर्थिक अनुदान वितरण गर्दा अनुदान वितरण सम्बन्धी स्पष्ट मापदण्ड र कार्यविधि बनाई व्यवस्थित रूपमा वितरण गर्न गराउन आयोगको मिति २०७२।११।१३ को निर्णयानुसार काठमाडौं महानगरपालिकालाई लेखी पठाइएको ।

(६) काठमाडौं महानगरपालिकामा सामान सप्लाई गर्दै आइरहेको कुन्दन भन्ने एकै व्यक्तिले विभिन्न सप्लायर्स फर्महरूको नामबाट कारोबार गर्दै आएको, काठमाडौं महानगरपालिकाका कर्मचारीहरूसँग मिलेमतो गरी नक्कली कागजातहरू बनाई अस्वाभाविक दररेटमा सामान खरिद गरी भ्रष्टाचार गरेको भन्ने समेतका सम्बन्धमा अनुसन्धान हुँदा काठमाडौं महानगरपालिकाले आ.व. ०६९।७० का लागि स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७० बमोजिम मौजुदा सूची दर्तासम्बन्धी १५ दिने सूचना प्रकाशित गरी उक्त सूचना अनुसार दर्ता भएका ६० वटा सप्लायर्स। फर्महरू मध्ये सिलबन्दी दरभाउ पत्र तथा बोलपत्र प्रक्रियाबाट खरिद गरिएको बाहेक १७ वटा फर्महरूबाट जिन्सी शाखामा सामान सप्लाई गरेको देखियो। आ.व. ०६९।७० मा काठमाडौं महानगरपालिकाले जम्मा रु.१४,१४,२२,५१६।९९ को सामानहरू खरिद गरेकोमा बाबा विश्वनाथ ट्रेडर्ससँग रु.१७,८७,६०४।७८, चन्द्रसूर्य सप्लायर्ससँग रु.१८,१०,८८१।२५, जुनतारा सप्लायर्ससँग रु.१६,२७,३४५।५५, पृथ्वी सप्लायर्ससँग रु.१५,५७,२५८।३३ र राज एण्ड रिवाज सप्लायर्ससँग रु.३४,६३,६८५।६९ गरी कुन्दन कुमार सिंहसँग सम्बन्धित फर्मबाट मात्र जम्मा रु.१,०२,४६,७७५।६० को मालसामान खरिद गरेको देखियो। निज कुन्दन कुमार सिंहकै नाममा रहेको कुन्दन सिंह सप्लायर्सले आ.व. ०६९।७० मा भने कुनै पनि सामान सप्लाई नगरेको र कुनै रकम समेत भुक्तानी नलिएको देखियो। उजुरीमा उल्लेखित फर्महरूबाट खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिमको प्रक्रिया अवलम्बन गरी रीतपूर्वक नै खरिद गरेको देखियो। साथै सप्लायर्सहरूको खरिद खाता, बिक्री खाता, मूल्य अभिवृद्धि कर बिजक र मूल्य अभिवृद्धि कर चुक्ताको प्रमाण पत्र झिकाई हेर्दा सम्पूर्ण खातापाता र कागजातहरू दुरुस्त रहेको पाइए तापनि काठमाडौं महानगरपालिका कार्यालयको खरिद इकाईले आवश्यक सामानहरू खरिद गर्दा सूचीकृत सबै फर्म/सप्लायर्सहरूलाई समान अवसर प्रदान गरी खुल्ला प्रतिस्पर्धा गराई खरिद

कार्य गर्नु गराउनु पर्नेमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ ले निर्दिष्ट गरेका प्रक्रिया तथा कार्यविधि अवलम्बन गरेको देखाउने प्रयोजनको लागि मात्र सूचीकृत फर्महरू मध्ये केही निश्चित व्यक्तिसँग सम्बन्धित फर्महरूको नामबाट फर्म सञ्चालकहरूको आपसी मिलेमतोमा सोझै खरिद, कोटेसन, सिलबन्दी दरभाउ पत्र माग गरी कार्यालय सामानहरू खरिद गर्ने गरेको देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को कानूनी व्यवस्था र मनसाय अनुरूप बढीभन्दा बढी सप्लायर्स एवं फर्महरूको प्रतिस्पर्धा गराई पारदर्शी ढंगबाट खरिद प्रक्रिया अवलम्बन गरी काठमाडौं महानगरपालिकालाई आर्थिक व्ययभार कम पर्न जाने तर्फ यथेष्ठ प्रयास गरे गराएको खुल्न नआएकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ (५) बमोजिम वार्षिक खरिद योजना तयार गरी गराई सो खरिद योजना अनुरूप खरिद गर्नुपर्ने सरसामानहरू पारदर्शी र प्रतिस्पर्धात्मक प्रक्रिया अपनाएर मात्र खरिद गर्ने गराउने व्यवस्था गर्न गराउन आयोगको मिति २०७२।१२।२४ को निर्णयानुसार काठमाडौं महानगरपालिका कार्यालयलाई लेखी पठाइएको ।

(७) जिल्ला विकास समितिको कार्यालय, पर्वतले चालु अवस्थामा रहेका सडकको मर्मत र ट्र्याक समेत नखोलिएको सडक बनाएको कागज खडा गरी रकम हिनामिना गरेकोले छानबिन गरी पाउँ भन्ने समेत व्यहोराको उजुरीको विषयमा अनुसन्धान हुँदा जिल्ला विकास समिति, पर्वतको बोर्ड बैठकबाट पर्वत जिल्ला अन्तर्गतका विभिन्न कच्ची सडकहरू मर्मतका लागि रु ५४,११,५३६।- रकम खर्च गर्ने र सूचीकृत निर्माण व्यवसायीहरू मार्फत सडक मर्मत गर्ने निर्णय भै सोही बमोजिम पर्वत जिल्लाभित्रका ९४ वटा सडकहरू मर्मत भएको देखियो। संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको निर्देशन, दशैं, तिहार र संविधान सभा निर्वाचनअघि यातायात सुचारु गर्नुपर्ने आवश्यकता जस्ता कारणले तत्कालीन अवस्थामा तुरुन्तै जिल्लाभित्रका सडक मर्मत सम्भार गर्नुपर्ने भएकोले प्याकेज बनाई सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सोझै खरिद प्रक्रियाबाट सडक मर्मत कार्य गरिएको भनी जिल्ला विकास समितिको कार्यालय, पर्वतले दिएको प्रतिक्रिया समेतका आधारमा उक्त सडकहरूको मर्मतमा अनियमितता र रकम हिनामिना भएको भनी पुष्टि हुन नआएको भए तापनि उजुरीमा उल्लेख भएका सडकहरू मध्ये कुश्मा-अल्पेश्वर-झाप्रेबगर सडक खण्डमा गरिएको मर्मत कार्य सम्बन्धमा मर्मत सम्भारका लागि आवश्यक रकमभन्दा कम रकम विनियोजन गरेर उक्त सडक खुलाउन नसकिने स्थिति हुँदाहुँदै पनि उक्त सडकमा रकम विनियोजन गरी खर्च गरेको देखिंदा सो खर्च रकमको अर्थपूर्ण उपयोग हुन नसकेको अवस्थालाई दृष्टिगत गरी यस्तो परिपाटी र प्रणालीमा सुधार गरी ग्रामीण सडकहरूलाई दिगो, भरपर्दो र बाह्रै महिना सञ्चालन योग्य बनाउनका लागि मर्मत सम्भारमा बजेट विनियोजन गर्नुपूर्व नै सडकहरूको स्थिति र अवस्था पहिचान गरी मर्मत सम्भार गर्नुपर्ने कार्यहरूको लागत अनुमान तयार गर्ने र सो को आधारमा बजेट विनियोजन गर्ने तथा ग्रामीण सडकहरू स्थानीय उपभोक्ता समितिलाई हस्तान्तरण गरी मर्मत सम्भार कोषको भरपर्दो व्यवस्था गरी नियमित मर्मत सम्भारको संस्कृति विकास गर्नेतर्फ आवश्यक व्यवस्था गर्न गराउन आयोगको मिति

२०७३।१।१३ को निर्णयानुसार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत जिल्ला विकास समितिको कार्यालय, पर्वतलाई सुझाव लेखी पठाइएको।

(८) जग्गा नामसारी तथा राजीनामा गर्ने क्रममा सरकारी नियमानुसार लाग्ने सम्पूर्ण राजश्व तिरिसकेको र आवश्यक सम्पूर्ण कागजात दुरुस्त हुँदाहुँदै पनि जिल्ला विकास समिति, बाँकेले मालपोत कार्यालय, बाँके मार्फत उठाउने एक प्रतिशत कर नतिरेको भनी मालपोत कार्यालयका कर्मचारीले लिखत पास नगरी आफूले पाएको अख्तियारको दुरुपयोग गरेको भन्ने समेत विषयको उजुरी उपर अनुसन्धान तहकिकात हुँदा मिति २०५६।१०।१० गतेको आठौं जिल्ला परिषद्को निर्णयका आधारमा जिल्ला विकास समिति, बाँकेले जिल्लाको शिक्षा, स्वास्थ्य र आकस्मिक सेवा सञ्चालनको लागि मालपोत मालपोत कार्यालय मार्फत रजिष्ट्रेशन दस्तुरको एक प्रतिशतको दरले हुने रकम सहयोग स्वरूप सेवाग्राहीसँगबाट उठाएको देखियो। स्थानीय स्वायत्त शासन ऐन, २०५५ को परिच्छेद- ६ मा स्पष्ट रूपमा कानूनी व्यवस्था गरिएको विषयमा बाहेक थप सहयोग रकम उठाउन पाउने अधिकार जिल्ला परिषद् जिल्ला विकास समिति, बाँकेलाई नरहेको र यसरी प्रतिनिधित्व बिना कर लगाउन नपाइने र एउटै काम कुराको लागि दुई पटक शुल्क बुझाउन वा माग्न नहुने भन्ने कर कानूनको अन्तर्राष्ट्रिय मूल्य मान्यता, नेपालको संवैधानिक व्यवस्था, नागरिक अधिकार ऐन, २०१२ र स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले निर्दिष्ट गरेको कानूनी व्यवस्था समेतको प्रतिकूल हुने गरी जिल्ला विकास समिति, बाँकेले मालपोत रजिष्ट्रेशन दस्तुरको एक प्रतिशतको दरले हुने अतिरिक्त दस्तुर मिति २०५६।१०।१० देखि हालसम्म निरन्तर रूपमा लिए उठाएको देखिएकोले प्रचलित कानूनको अख्तियारी बमोजिम बाहेक मालपोत रजिष्ट्रेशन दस्तुरको एक प्रतिशतको दरले हुने अतिरिक्त रकम असुल नगर्न, नगराउन आवश्यक व्यवस्था गर्न, गराउन र शिक्षा, स्वास्थ्य तथा आकस्मिक सेवा कोषको नाममा हालसम्म संकलन गरिएको मौज्दात रकम कुनै पनि चालु खर्चमा प्रयोग नगर्न र प्रशासनिक कार्यमा खर्च गर्न, गराउन नपाउने गरी बाँके, जिल्लास्थित जिल्लाबासीको अधिकतम हित हुने गरी पुँजीगत खर्च हुने विकास निर्माण र पूर्वाधारका योजना तथा कार्यक्रममा मात्र आवश्यक मापदण्ड समेत बनाएर खर्च गर्ने आवश्यक व्यवस्था गर्न, गराउन आयोगको मिति २०७३।२।२७ को निर्णयानुसार नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई सुझाव लेखी पठाइएको।

**५. सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत**

(१) जिल्ला प्रशासन कार्यालय, महोत्तरीको रेखदेखमा रहेको निगौल गाई गौशाला सहयोग समिति, महोत्तरीबाट विभिन्न मितिमा निर्णय गराई तत्कालीन मेनेजर दीपनारायण राउतले मोटो रकम लिई सार्वजनिक जग्गा विभिन्न व्यक्तिलाई घर विटौरीको रूपमा दिएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा निगौल गाई गौशालामा राणाकालदेखि नै ठूलो क्षेत्रफलमा गाई गौशाला व्यवस्थापन भई आएकोमा उक्त गाई गौशालाको जग्गा तत्काल जिल्ला प्रशासन कार्यालय, महोत्तरीको संरक्षणमा रहेको र निगौल गाई गौशाला सहयोग समिति, महोत्तरीको मिति २०५०।१।१९, २०५९।११।१३, २०६१।१०।९ र २०६२।६।२३ मा तत्कालीन प्रमुख जिल्ला अधिकारीहरूको संयोजकत्वमा बसेको बैठकले सो गाई गौशालाको जग्गामा पहिलेदेखि बसोबास गरी आएका व्यक्तिहरूबाट घर विटौरी बापत रकम लिई लगत राखी जग्गा निजहरूलाई दिने गरी विभिन्न निर्णय गरेको देखियो। उक्त गाई गौशालाको जग्गामा

२०३५ सालदेखि नै विभिन्न व्यक्तिहरू घर विटौरी लगत लिई बसेका तर निजहरूको विटौरी लगत कायम भएको व्यक्तिहरूको यकिन अभिलेख रेकर्ड नरहेको भन्ने उक्त निगौल गाई गौशाला व्यवस्थापन कार्यालय, महोत्तरीको मिति २०७१।८।१४ को पत्रबाट लेखी आएको भए तापनि उक्त गाई गौशालाको जग्गा विभिन्न व्यक्तिहरूलाई घर विटौरीमा दिन कानून बमोजिम मिल्ने समेत देखिंदैन। घर विटौरी बापत विभिन्न व्यक्तिहरूलाई गाई गौशालाले उपलब्ध गराएको जग्गाको स्वामित्व सो गाई गौशालाकै नाममा रहेको अन्य कोही कसैको नाममा नगएको मालपोत कार्यालय, महोत्तरी समेतको पत्रबाट खुलेको पाइयो। नेपाल सरकारको मिति २०६७।२।१८ को निर्णय बमोजिम उक्त गाई गौशालाको नाममा चल अचल सम्पूर्ण सम्पत्ति तत्कालीन कृषि तथा सहकारी विकास मन्त्रालयमा हस्तान्तरण भएकोमा उक्त जग्गाको अनधिकृत अतिक्रमण रोकी सो जग्गाको उचित संरक्षण र व्यवस्थापन निगौल गाई गौशाला व्यवस्थापन कार्यालय, महोत्तरीबाट हुन सकेको नपाइएकाले उक्त जग्गाको उचित संरक्षण एवं व्यवस्थापन अविलम्ब गर्ने गराउने सम्बन्धमा आवश्यक एवं उपयुक्त कारबाही अघि बढाउन आयोगको मिति २०७२।४।१८ को निर्णयानुसार सहकारी तथा गरिबी निवारण मन्त्रालयमा लेखी पठाइएको ।

**६. भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत**

(१) इलाम जिल्ला साबिक खाम्बाङ्ग गा.वि.स. वडा नं. ६ ख कि.नं. १ र ७ का फिल्ड बुकमा बजार एरिया भनी लेखिएको जग्गा मालपोत कार्यालय तथा नापी कार्यालय, इलामका कर्मचारीहरूको मिलमतोमा व्यक्तिको नाममा अवैधरूपमा जग्गाधनी दर्ता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा साबिक इलाम जिल्ला खाम्बाङ्ग गा.वि.स. वडा नं. ६ कि.नं. १ र ७ को जग्गाहरू इलाम जिल्लातर्फ २०३० सालमा सर्भे नापी भएकोमा सोही जग्गा २०३२ सालमा सर्भे नापी हुँदा पुनः उल्लेखित कि.नं. १ र ७ सहितका पाँचथर जिल्लाको फाक्तेप गा.वि.स. वडा नं. ५ को कि.नं. ३३९ समेतका २७ कित्ता जग्गाहरू इलाम र पाँचथर दुवै जिल्लामा नापी श्रेस्ता खडा भई दोहोरो नापी हुन गएको देखियो। उक्त साबिक इलाम खाम्बाङ्ग गा.वि.स. वडा नं. ६ ख का जग्गामध्ये हाल फाकफोक गा.वि.स. अन्तर्गत पर्ने साबिक कि.नं. १ को जग्गा फाकफोक गा.वि.स. इलामतर्फ समेत व्यक्तिको नाममा साबिकमा नापनक्सा भएको फिल्ड बुकबाट देखियो। साबिक खाम्बाङ्ग गा.वि.स. वडा नं. ६ ख को कि.नं. ७ र हाल फाकफोक गा.वि.स. अन्तर्गत पर्ने जग्गा इलामतर्फबाट सर्भे नापी हुँदा फिल्डबुकमा बजार एरिया जनिएको देखियो। उक्त कि.नं. को जग्गा पाँचथर जिल्लामा २०३२ सालमा पुनः सर्भे नापी हुँदा व्यक्तिको नाममा नापी भएको फिल्डबुकबाट देखियो। पाँचथर जिल्लातर्फ सो जग्गा सर्भे नापी भई व्यक्तिको नाममा जग्गाधनी पुर्जा भएको उक्त जग्गा विभिन्न व्यक्तिहरूमा खरिद-बिक्री भएको समेत देखियो। उक्त जग्गाहरू इलाम र पाँचथर दुवै जिल्लातर्फ दोहोरो नापी भएकाले पाँचथरतर्फको नापी श्रेस्ता बदर गरी इलाम जिल्लातर्फ कायम गर्ने सम्बन्धमा नापी विभागको मिति २०५२।३।११ को पत्रबाट लेखिएको, इलाम तथा पाँचथर जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट स्थलगत निरीक्षण र सर्जमिन समेतका आधारमा निर्णयसमेत भई मालपोत कार्यालय, पाँचथरबाट मिति २०५४।५।२० को पत्रबाट दोहोरो नापी भएका २७ कित्ता जग्गाहरूमध्येबाट पाँचथरतर्फको नक्सा श्रेस्ता मिलान गर्ने भनी मालपोत कार्यालय, इलाम समेतलाई पत्र पठाएको देखियो । मालपोत कार्यालय तथा नापी कार्यालय, इलामका सम्बन्धित

कर्मचारीहरूले बयान गर्दा उल्लेखित कि.नं. का जग्गाहरू इलाम तथा पाँचथर दुवै जिल्लातर्फ दोहोरो सर्भे नापी भई इलाम जिल्लातर्फ श्रेस्ता मिलान गर्ने भनी नापी विभाग समेतबाट लेखी आएकोले उक्त व्यक्तिहरूको श्रेस्तासम्म मिलान गरेको भन्ने देखियो। साबिक खाम्बाङ्ग गा.वि.स. वडा न. ६ख कि.नं. ७ को सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता भएको भन्ने सम्बन्धमा यिनै उजुरकर्ताले इलाम जिल्ला अदालतमा मुद्दा दायर गरेकोमा वादी दाबी नपुग्ने ठहर गरी मिति २०४७।५।५ मा सो अदालतबाट फैसला भएकोमा सो उपर पुनरावेदन समेत नपरी अन्तिम भै बसेको देखियो। उल्लेखित आधारमा मिति २०५४।५।२० को मालपोत कार्यालय, पाँचथरको श्रेस्ता मिलानका लागि मालपोत कार्यालय तथा नापी कार्यालय, इलाम समेतलाई लेखी पठाइएका व्यक्तिहरूको श्रेस्तामध्ये बृखध्वज लिम्बु, कुलबहादुर चेम्जोङ, सुखमाया चेम्जोङ र रत्नबहादुर राईको निवेदन मालपोत कार्यालय, इलाममा पेश भई कारबाही हुँदा मालपोत कार्यालय, इलामको मिति २०६७।९।२३ को निर्णय बमोजिम निजहरूको नाममा श्रेस्ता मिलान भएको देखिएकोले उक्त साबिक खाम्बाङ्ग गा.वि.स. वडा नं. ६ख कि.नं. ७ को जग्गा इलाम जिल्लातर्फ २०३० सालमा सर्भे नापी हुँदाकै अवस्थामा बजार एरिया भनी फिल्डबुकमा जनिएको देखिंदा यस सम्बन्धमा के कसो भएको हो, जो जे बुझ्नुपर्छ बुझी उपयुक्त निर्णय गर्नु भनी आयोगको मिति २०७२।४।१८ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको।

(२) काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.७ स्थित मित्रपार्क चोकदेखि गौरीघाट चोकसम्मको सडक विस्तार गर्ने कार्य मापदण्ड बमोजिम काठमाडौं उपत्यका विकास प्राधिकरणले काम नगरेको, रावल आयोगले रोक्का राखेका जग्गाहरू छुट्याई सडक विस्तार गर्ने कार्य गरियोस् भन्ने सम्बन्धमा अनुसन्धान हुँदा रावल आयोगको प्रतिवेदन २०५२ बमोजिम सार्वजनिक सरकारी जग्गा अतिक्रमण भएको भनी औल्याइएका जग्गाहरूको विषयमा रावल आयोगको प्रतिवेदनमा परेका सरकारी तथा सार्वजनिक जग्गाहरूमध्ये हालसम्म कहाँको कति जग्गा नेपाल सरकारको नाममा कायम गरियो तथा कायम गर्ने प्रक्रियामा रहेको छ ? प्रतिवेदनमा परेका मध्ये के कस्ता आधारहरू बनाई कहाँको कुन जग्गा फुकुवा गरिएको छ ? तथा फुकुवा गर्ने क्रममा छ ? बाँकी कति जग्गा कहाँ-कहाँ रहेको छ ? उक्त प्रतिवेदन पूर्णतया कार्यान्वयन गर्न के कस्ता समस्या रहेका छन् ? के कस्ता मापदण्ड र प्रक्रियाहरू पुर्‍याई सो प्रतिवेदन कार्यान्वयन गर्ने कार्यलाई टुंगोमा पुर्‍याउन सकिन्छ ? विगतमा गठन भएका कार्यदलहरूका राय सुझाव समेत लाई दृष्टिगत गरी भावी कार्ययोजना बनाई आयोगमा पेश गर्न मिति २०७०।४।२७ मा लेखी पठाइएकोमा सो बमोजिम भूमिसुधार तथा व्यवस्था मन्त्रालयले कार्ययोजना बनाई मिति २०७०।१०।१० को पत्र सहित आयोगमा पेश गरेको र पुनः मिति २०७२।१।९ को पत्रद्वारा उक्त कार्ययोजना कार्यान्वयनको प्रयास भइरहेको भनी लेखी आएको सन्दर्भमा उक्त कार्ययोजना यथाशीघ्र कार्यान्वयन गरी आयोगलाई जानकारी गराउन आयोगको मिति २०७२।४।२१ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी पठाइएको ।

(३) साबिक काठमाडौं नगर वडा नं. १९ग स्थित नारायण भगवती निजी गुठीको जग्गा राजगुठीमा दर्ता गर्ने प्रयास गरेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा गुठी संस्थान ऐन, २०३३ को दफा २० को उपदफा (२) मा भएको व्यवस्था बमोजिम निजी गुठीको हक दायित्व गुठी

संथानले लिई त्यस्तो निजी गुठीलाई राजगुठीमा सञ्चालन गर्ने सम्बन्धमा स्पष्ट कार्यविधिको अभाव देखिन आएकोले त्यस प्रकारका निजी गुठीलाई गुठी संस्थानले कानून बमोजिमको प्रक्रिया पूरा गरी आफू अन्तर्गत ल्याई पारदर्शी रूपमा सञ्चालन र व्यवस्थापन गर्ने सम्बन्धमा कार्यविधि बनाई बन्दोबस्त र सञ्चालन गर्ने व्यवस्था गर्न गराउन आयोगको मिति २०७२।६।१२ को निर्णयानुसार गुठी संस्थान सञ्चालक समितिलाई लेखी पठाइएको ।

(४) नेपालगन्ज नगरपालिका वडा नं. १६ (साबिक वडा नं. ४) को कित्ता नं. ५ को ०-१३-१२ क्षेत्रफल जग्गा नेपाल सरकारको नाउँमा रहेकोमा मुस्लिम समुदायलाई मस्जिद निर्माण लगायत व्यापारिक प्रयोजनको भवन निर्माण गर्नको लागि स्वीकृति दिएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा बाँके जिल्ला नेपालगन्ज नगरपालिका वडा नं. १६ को कि.नं. ५ को ०-१३-१२ क्षेत्रफल जग्गा मिति २०२५।३।२३ मा मस्जिदको नाममा नापी भई कायम भएको फिल्ड बुकबाट देखियो । मिति २०४८।१०।१८ मा पुनः नापी हुँदा उक्त कि.नं.१३ जामे मस्जिद नेपालगन्ज-१६ कायम भएको जग्गाको विवरणबाट देखियो। साथै २ नं. नापी गोश्वाराबाट मिति २०६३।५।२६ मा दारुल उलुम फैजुन्नवी जामा मस्जिद इदगाहको नाममा जग्गाधनी प्रमाणपुर्जा कायम भएको देखियो। उक्त जग्गा २०२४ सालको सर्भे नापीमा तत्कालीन श्री ५ को सरकारको नाममा नापनक्सा भई हालसम्म नेपाल सरकारकै नाममा दर्ता श्रेस्ता कायम रहेको मोठ श्रेस्ताबाट देखिएको र हाल वडा नं. १६ को पुनः नापी श्रेस्ता प्राप्त भई नसकेको भनी मालपोत कार्यालय, बाँकेको मिति २०६७।१०।२५ को पत्रबाट लेखी आएको देखियो। छानबिनका क्रममा मालपोत कार्यालय, बाँकेको पत्रानुसार २०२४ सालको सर्भे नापी पश्चात २०२५ सालमा उक्त जग्गा नापी कार्यालयको अभिलेखमा मस्जिदको नाउँमा रहेको देखियो भने त्यसपछि २०६३ सालमा २ नं. नापी गोश्वाराबाट मस्जिदको नाउँमा श्रेस्ता कायम भएको अवस्था समेतवाट उक्त जग्गा साबिकदेखि मस्जिदले हकभोग गर्दै आएको भन्ने देखियो। उक्त जग्गाको मालपोत कार्यालय र नापी कार्यालय, बाँकेमा रहेको अभिलेखहरूमा एकरूपता रहनुपर्नेमा उक्त अभिलेखहरूमा जग्गाधनी फरक फरक उल्लेख भएको देखिंदा उक्त जग्गाको लगत श्रेस्ता निर्णय जो जे भिडाउनुपर्ने हो भिडाई छानबिन गरी यथार्थ विवरणको श्रेस्ता, पुर्जा अध्यावधिक एवं दुरुस्त गर्ने गराउने व्यवस्थाका लागि आयोगको मिति २०७२।६।१४ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालय, काठमाडौंमा लेखी पठाइएको ।

(५) काठमाडौं जिल्ला सीतापाइला गा.वि.स.वडा नं.४ को कि.नं. ४६४ र ४६५ ले बाटोको जग्गा अतिक्रमण गरी हाल साबिक गर्न लागेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा सीतापाइला गा.वि.स. वडा नं.४ को कि.नं. ४६४ र ४६५ को क्रमशः क्षेत्रफल ०-८-०-० र ०-३-१-० जग्गा सुन्दरलाल श्रेष्ठ र मुकुन्दलाल श्रेष्ठको नाममा दर्ता रहेकोमा सीतापाइला गाउँ विकास समितिको कार्यालयबाट कित्ता नं. ४६४ र ४६५ को क्रमशः क्षेत्रफल रोपनी ०-८-०-० र ०-३-१-० जग्गामा घर निर्माण गर्न निज मुकुन्दलाल श्रेष्ठ र सुन्दरलाल श्रेष्ठलाई स्वीकृति दिएको तथा बाटोको जग्गामा घर बनाएको भन्ने मालपोत कार्यालय, कलंकीमा दिएको निवेदनबाट देखियो । सो घरले चर्चेको जग्गा आफ्नो नाममा र निजको नाममा दर्ता रहेको जग्गा नेपाल सरकारको नाममा कायम गर्ने गरी सट्टापट्टा गरी पाउँ भनी निज सुन्दरलाल श्रेष्ठ र मुकुन्दलाल श्रेष्ठले मालपोत कार्यालय, कलंकीमा मिति २०६८।१०।७ मा दिएको निवेदन

एवं साबिक नापी बमोजिमको उल्लेखित कित्ता नं.४६४ र ४६५ को जग्गा पुनः नापी बमोजिमको जग्गासँग हाल साबिक गर्ने क्रममा मालपोत कार्यालय, कलंकीमा कारबाहीमा रहेको फाइल संलग्न ओभरल्याप नक्साबाट जग्गा (नाप जाँच) ऐन, २०१९ बमोजिम साबिकमा नापनक्सा हुँदै बाटो जनिई नापनक्सा भएको काठमाडौं जिल्ला सीतापाइला गा.वि.स.वडा नं.४ कि.नं.३१७ र २४४ को सार्वजनिक बाटोको जग्गा अतिक्रमण गरी घर निर्माण गरेको अवस्था देखिन आयो । अतः जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम साबिकमा नापनक्सा हुँदा बाटो जनिई नापनक्सा भएको काठमाडौं जिल्ला सीतापाइला गा.वि.स वडा नं. ४ को कि.नं. ३१७ र २४४ को सार्वजनिक बाटो कित्ता नं.४६४ र ४६५ बाट अतिक्रमण गरी व्यक्तिले घर बनाई बसोवास गरी आएको जग्गा दर्ताका सम्बन्धमा साबिक नापी बमोजिमको उक्त कि.नं.३१७ र २४४ को बाटोको जग्गा हाल नापनक्सा भएको पुनः नापी बमोजिमको के कुन जग्गासँग भिड्ने हो ? भिडाई उक्त जग्गा, जग्गा (नाँपजाँच) ऐन, २०१९ को दफा ६ग बमोजिम पुनः नापी बमोजिमको जग्गालाई सार्वजनिक बाटो जनाई नेपाल सरकारका नाममा दर्ता गरी सो को जानकारी आयोगमा पठाउनका लागि मालपोत कार्यालय, कलंकीलाई लेखी पठाइएको ।

(६) जिल्ला मकवानपुर, सिस्नेरी गा.वि.स. वडा नं.८ स्थित कि.नं.१५ को क्षे.फ.१२-१३-० रोपनी निजी गुठी जग्गा मुक्तिनाथ पुरीले राधाकृष्ण पाध्यालाई बिक्री गरी धर्म लोप गरेकोले उक्त जग्गा अदालतबाट भएको निर्णय बमोजिम कायम गरी पाउँ भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा सिस्नेरी गा.वि.स. वडा नं.८ स्थित कि.नं.१५ को क्षे.फ.१२-१३-० रोपनी निजी गुठी जग्गा सुरु नापीमा जग्गाधनी महलमा खाली, मोही महलमा कान्छीनानी कमर्नी र किसानको महलमा यो गुठीको जग्गा महन्त मुक्तिनाथलाई तिरो भरो गरी खाएको भनी नापनक्सा कायम रहेकोमा मिति २०३२।१।१६ मा र.नं. ६१९३ बाट मोही यथास्थितिमा राखी मुक्तिनाथ पुरीले राधाकृष्ण पाध्यालाई बिक्री गरेको पाइयो। जग्गा बिक्रीको पारित लिखतबाट धर्मलोप हुन गएकोले बदर गरी पाउँ भनी रमेश पुरीले ललितपुर जिल्ला अदालतमा मुद्दा दिई उक्त अदालतबाट मिति २०३९।४।३२ मा वादी दाबी पुग्ने गरी फैसला भएको र सो फैसलालाई बागमती अञ्चल अदालत र मध्यमाञ्चल क्षेत्रीय अदालतबाट मिति २०४१।८।२६ को फैसलाले सदर गरी मालपोत कार्यालय, मकवानपुरको र.नं. ६१९३ मिति २०३२।१।१६ गतेको राजीनामा पारितबाट राधाकृष्ण पाध्याको नाममा कायम रहेको उक्त जग्गा बदर भई रमेश पुरीको नाममा श्रेस्ता कायम गर्ने गरी फैसला भएको पाइयो। सोही फैसलाको आधारमा मालपोत कार्यालय, मकवानपुरको मिति २०४२।११।२१ को निर्णय टिप्पणीले उक्त कि.नं. १५ को जग्गा राधाकृष्ण पाध्या पौडेलको श्रेष्ता कट्टा गरी रमेश पुरीको नाममा कायम भएको र मोही कान्छीनानी कमर्नीका नाममा यथावत रहेको देखियो। मालपोत कार्यालय, मकवानपुरबाट रमेश पुरीको नाममा कि.नं. १५ को जग्गाको श्रेस्ता कायम गर्ने कार्य सँगसँगै राधाकृष्ण पाध्याको नाममा कायम श्रेस्ता खारेज गर्नुपर्नेमा खारेज नगरी यथास्थितिमा राखिएको कारण निज राधाकृष्ण पाध्याले २०५३ सालमा र.नं. ७५१६ को लिखत अंशवण्डाबाट कित्ताकाट भई आफ्ना ६ भाइ छोराहरूलाई वण्डा गरिदिएकोले छोराहरूको नाममा कि.नं. ८१ देखि ८८ सम्मको श्रेस्ता कायम हुन गएको पाइयो। निज राधाकृष्ण पाध्याका छोराहरूले मिति २०६६।८।१२ गतेका दिन र.नं. १६१५ (घ) देखि १६२२ (घ) सम्मको पारित लिखतबाट सुवल काफ्लेलाई बिक्री गरिएको कारण दोहोरो श्रेस्ता कायम हुन गएको देखियो ।

मध्यमान्चल क्षेत्रीय अदालत, काठमाडौंको मिति २०४१।८।१६ को फैसला कार्यान्वयनको क्रममा मालपोत कार्यालय, मकवानपुरको मिति २०४२।११।२१ को टिप्पणी निर्णयबाट रमेश पुरीको नाममा श्रेस्ता कायम गर्ने कार्य गरिसकेपछि राधाकृष्ण पाध्याको नाममा कायम रहेको श्रेस्ता खारेज गर्नुपर्नेमा खारेज नगरी यथास्थितिमा राखेका कारण दोहोरो श्रेस्ता कायम हुन गएको कार्य त्रुटिपूर्ण देखियो। अतः मुलुकी ऐन रजिष्ट्रेशनको महलको ३४ नं. मा "दोहोरो लिखत भएकोमा पहिलो रजिष्ट्रेशन भएको लिखत जेठो ठहर्छ" भन्ने कानूनी व्यवस्था रहेको र मालपोत ऐन, २०३४ को दफा ७(३) मा "दोहोरो दर्ता हुन गएकोमा मालपोत कार्यालयले आवश्यक जाँचबुझ गरी सो कुरा सच्याई दर्ता कायम गर्न सक्नेछ" भन्ने कानूनी व्यवस्था रहेकोले सो बमोजिम दोहोरो श्रेस्ता सच्याउने व्यवस्था गर्न गराउन आयोगको मिति २०७२।१२।२४ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालय, काठमाडौंमा लेखी पठाइएको।

(७) नापी कार्यालय, चाबहिलका नापी अधिकृत रामविनय कुमार सिंहले काठमाडौं, जोरपाटी गा.वि.स.वडा नं.७क कि.नं.४६२ को व्यक्तिको नामको जग्गामा सरकारी सार्वजनिक जग्गा समेत कायम गरिएको हुँदा कारबाही गरी पाउँ भन्ने सम्बन्धमा अनुसन्धान हुँदा जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम साबिकमा नाप नक्सा भई सेरफ लामा समेतको नाममा दर्ता रहेको का.जि. जोरपाटी गा.वि.स. वडा नं.७क कि.नं.४६२ क्षेत्रफल ५-२-०-० जग्गा बिक्री वितरण हुँदै बाँकी रहेको १-२-०-० जग्गा पुनः नापी बमोजिम हाल साबिक गरी श्रेस्ता अद्यावधिक गरी पाउँ भनी सेरफ लामा समेतले मालपोत कार्यालय, चाबहिलमा मिति २०६७।४।१७ मा निवेदन दिएकोमा २०६४ सालमा भएको पुनः नापजाँच बमोजिम कायम भएको का.जि. जोरपाटी गा.वि.स. वडा नं.७ सिट नं.१०२-०९९०-१६ कि.नं.१०५ क्षेत्रफल ७९९.९० वर्ग मिटर जग्गामध्ये कित्ताकाट गरी कि.नं.१९५ क्षेत्रफल ७३१.३४ वर्ग मिटर र ऐ.ऐ. सिट नं.१०२-०९९०-११ कि.नं.१५७ क्षेत्रफल १३५७.३० वर्ग मिटर जग्गामध्ये कित्ताकाट गरी कि.नं.१९८ क्षेत्रफल ३९.७५ वर्ग मिटर समेत जम्मा क्षेत्रफल ७७१.०९ व.मी. जग्गा मालपोत कार्यालय, चाबहिलको मिति २०६७।८।१९ को निर्णयबाट निज सेरफ लामा समेतको नाममा साबिक नापी बमोजिमको जग्गाभन्दा करिब ०-५-३-२ बढी जग्गा हाल साबिक गरी जग्गाधनी दर्ता श्रेस्ता कायम गरेकोमा दक्षिण तथा पश्चिमतर्फ रहेको व्यक्ति विशेषको जग्गाबाट क्षेत्रफल ०-४-३-० र उत्तरतर्फको जग्गाबाट क्षेत्रफल ०-१-०-२ समेत जम्मा क्षेत्रफल ०-५-३-२ रोपनी जग्गा बढ्न गएको देखियो। व्यक्ति विशेषको जग्गाबाट बढ्न गएको तर्फ निज सेरफ लामा समेतको नाममा हाल साबिक गर्ने निर्णय गर्नु अगाडि नै पश्चिम र दक्षिणतर्फ रहेका सँधियार जग्गाधनीले आफ्नो जग्गा दर्ता गराइसकेको भन्ने व्यहोरा नापी कार्यालय, चाबहिलको मिति २०६७।६।५ को विवरण खुलाइएको पत्रबाट देखिएकोले त्यसतर्फ केही गरिरहनुपर्ने देखिएन। बाटोतर्फको जग्गा बढेको सम्बन्धमा उक्त कि.नं.४६२ को उत्तरतर्फ रहेको कुलोको जग्गाको चौडाइ पश्चिमतर्फ ५ फिट, बीच भागमा ७ फिट र पूर्वतर्फ ६ फिट रहेकोमा हाल नापी बमोजिम कायम रहेको बाटोको जग्गाको पश्चिमतर्फ १८.१० फिट बीच भागमा १७.९ फिट र पूर्वतर्फ १७.०० फिट रहेको देखिएकोले साबिक र हालको नक्सालाई तुलनात्मक रूपमा अध्ययन गर्दा साबिक कुलोको जग्गाको चौडाइ हाल बाटोमा परिणत हुँदाको अवस्थामा घटेको देखिएन। साथै नापी विभाग, योजना तथा अनुगमन शाखाको

च.नं.१७० मिति २०७१।६।६ को पत्रमा "साबिक २०१९ सालको सेटलाइट इमेज, साबिक २०२१ सालको नक्साबाट तयार नक्सामा पुनः नापजाँच भै तयार भएको नक्सालाई भिडाई हेर्दा एक आपसमा भिडेको नदेखिएको साथै २०२१ सालको नापी र पुनः नापीबाट तयार नक्साको अवस्था समेत एक आपसमा मिलेको देखिएन। मार्जिनको बाटो साबिक जोरपाटी ७क को तर्फबाट नम्बरी सिमाना बाहेक बाटो एक आपसमा नभिड्ने, साबिकमा प्रयोग गरिएको प्रविधि, नापजाँच कार्यमा प्रयोग भएमा तत्कालीन उपकरण, भौगोलिक अवस्था, विभिन्न चरणमा ट्रेस भई कायम भएको सिमानाको आधारमा भएको भोगबाट सिर्जित प्राविधिक समस्या भएको व्यहोरा ओभरल्याप नक्साबाट देखिएको, अस्थिर अवस्थामा प्राविधिक तौरतरिकाबाट प्रष्ट्याउने अवस्था नरहेको र साबिक नक्सा पुनः नापीबाट तयार नक्सामा हुबहु ओभरल्याप हुन सक्ने अवस्था नरहेको हुँदा उक्त कित्तामा सरकारी सार्वजनिक जग्गा घुसेको भनी किटानी गर्न प्राविधिक रूपमा कठिनाइ भएको" भनी लेखी आएकोमा हालको नापी बमोजिम कुलोको जग्गाको चौडाइ साबिकभन्दा बढेको अवस्थामा साँधमा रहेको व्यक्ति विशेषको जग्गा घटेको अवस्था विद्यमान रहनुपर्नेमा सेरफ लामा समेतको नाममा रहेको जग्गाको चौडाइ समेत बढेको अवस्था रहेको, साबिक नापी बमोजिम व्यक्तिको नाममा कायम रहेको जग्गाको ट्रायल चेक गर्दा समेत कि.नं.४६२ को जग्गाको क्षेत्रफल १-२-०-० रोपनी नै रहेको तथ्य अनुसन्धानका क्रममा भएको स्थलगत प्रतिवेदनबाट देखिएको, नापी विभागबाट प्राप्त प्राविधिक प्रतिवेदन समेतको आधारमा २०२१ सालको नापी र पुनः नापीबाट तयार भएको नक्सा एक आपसमा नमिलेको भनी लेखी आएको र नापी कार्यालय, चाबहिलबाट प्राप्त मिति २०६९।४।५ को ओभरल्याप नक्सा समेतको आधारमा उक्त कि.नं.४६२ को जग्गाको उत्तरतर्फ रहेको कुलोको जग्गाको चौडाइ नक्सामा भएको चौडाइभन्दा बढी नै रहेको स्पष्ट हुन आयो। अतः सरकारी तथा सार्वजनिक जग्गा र व्यक्ति विशेषको नाममा रहेका जग्गा साँधमा रहेका र सो दुवै जग्गाहरू बढेको अवस्थामा व्यक्तिको जग्गा साबिक नक्सा बमोजिम कायम गरी सो बाहेकको जग्गा नेपाल सरकारको नाममा कायम गर्नुपर्नेमा व्यक्तिको नाममा दर्ता रहेको साबिक नक्साभन्दा उत्तरतर्फ रहेको नेपाल सरकारको नाममा दर्ता गर्नुपर्ने अवस्थाको क्षेत्रफल ०-१-०-२ रोपनी साबिक कुलोको सरकारी जग्गा पुनः नापी बमोजिम व्यक्तिको नाममा दर्ता हुन गएको अवस्था देखियो। यस्तो अवस्थामा मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (२) मा "कसैले यो दफा प्रारम्भ हुनुभन्दा अघि वा पछि कुनै सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा दर्ता गरी आवाद गरेकोमा त्यस्तो दर्ता स्वतः बदर हुनेछ। त्यस्तो जग्गाको व्यक्ति विशेषका नाममा रहेको दर्ता लगत समेत मालपोत कार्यालय वा नेपाल सरकारले तोकेको अधिकारीले कट्टा गर्नेछ" भन्ने व्यवस्था रहेकोमा नेपाल सरकारको नाममा कायम गर्नुपर्ने अवस्थाको उल्लेखित क्षेत्रफल ३९.५ व.मि. अर्थात ०-१-१-० जग्गा सरकारको नाममा गर्ने प्रयोजनका लागि साबिक नक्सा बमोजिमको व्यक्तिको जग्गा व्यक्तिको नाममा कायम गरी बाँकी रहेको जग्गा नेपाल सरकारको नाममा कायम गर्नेतर्फ आवश्यक व्यवस्था गर्नु गराउनु पर्नेमा सो बमोजिमको व्यवस्था हालसम्म हुन सकेको अवस्था रहेको नदेखिएको हुँदा उल्लेखित अवस्थामा उल्लेख भए बमोजिमको व्यवस्था ३ महिनाभित्र गरी गराई सोको जानकारी समेत पठाउन आयोगको मिति २०७२।१२।३० को निर्णयानुसार महानिर्देशक नापी विभागलाई लेखी पठाइएको।

(८) रामेछाप जिल्ला कठजोर गा.वि.स. वडा नं.३(क) कि.नं.४८७ को क्षेत्रफल ०-१४-०-० जग्गामध्येबाट कि.नं. ५०२ क्षेत्रफल ०-४-०-० जग्गा राजीनामा पारित गरी लिई भोगचलन गर्दै आएकोमा उक्त कि.नं. समेत नक्साबाट मेटाई मेरो स्वामित्वबाट हटाउने कार्य नापी कार्यालय रामेछापका कर्मचारीहरू समेतको मिलेमतोबाट भएको भन्ने समेतका सम्बन्धमा अनुसन्धान हुँदा जग्गा (नाप जाँच) ऐन, २०१९ बमोजिम नापजाँच हुँदा रामेछाप जिल्ला, कठजोर गा.वि.स. वडा नं. ३(क), कि.नं. ४६ कायम भई नापनक्सा भएको जग्गाको नक्सामा ट्रायल चेक गर्दा क्षेत्रफल ५-१-०-० रोपनी देखिएको जग्गाको फिल्ड बुकमा क्षेत्रफल ७-८-३-३ रोपनी जनिई नापनक्सा भई लोकबहादुर खड्काको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम भएको देखियो। सो कि.नं ४६ को क्षे.फ.७-८-२-३ जग्गामध्ये क्षे.फ.०-२-०-० जग्गा मिति २०४४।८।१७ मा धनबहादुर श्रेष्ठलाई बिक्री गर्दाको समयमा समेत ट्रायल चेक गरी कित्ताकाट गर्दा नक्सा बमोजिम वास्तविक क्षेत्रफल ५-१-०-० कायम हुनुपर्नेमा नक्सामा भएको जग्गाभन्दा क्षेत्रफल ०-२-३-१ रोपनी बढी कायम हुने गरी क्षेत्रफल ५-३-३-१ रोपनी कायम गरी कित्ताकाट भएको देखियो। यसपछि पनि उक्त कि.नं. ४६ कित्ताकाट भई लोकबहादुर खड्काको नाउमा बाँकी रहेको कि.नं. ३६५ को जग्गा कित्ताकाट गरी विभिन्न व्यक्तिको नाममा विभिन्न मितिमा हक हस्तान्तरण हुँदाको समयमा समेत नक्सामा भएको वास्तविक क्षेत्रफल अनुसारको प्लट रजिष्ट्रर तथा जग्गाधनी दर्ता श्रेस्तामा सुधार नगरी हक हस्तान्तरण हुँदै गएको, हक हस्तान्तरण भएको लिखत बमोजिम कित्ताकाट गरी नक्सामा मसी भर्नुपर्नेमा मसी नभरी पेन्सिलले मात्र कित्ताकाट गरिएको र यसरी कित्ताकाट हुँदै आएको नक्साको आधारमा कि.नं. ४८७ क्षेत्रफल ०-१४-०-० रोपनी जग्गाको कित्ताकाट गरी कायम हुन आएको कि.नं. ५०२ क्षेत्रफल ०-४-०-० जग्गा चतुरबहादुर थापा मगरका नाममा कायम हुन आएको देखियो ।

हक हस्तान्तरण हुने जग्गा र जग्गाधनीकै नाममा बाँकी रहने जग्गाको क्षेत्रफल पुग्ने नपुग्ने के हो ? प्रत्येक कारोबारको समयमा ट्रायल चेक गर्नुपर्नेमा सो नगरी लापरबाहीपूर्ण तरिकाले कित्ताकाट भएका कारणबाट उल्लेखित समस्याको सिर्जना हुन गएको देखिएकोले कित्ताकाट गर्ने कार्यमा संलग्न कर्मचारीहरूले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय खण्ड (छ) बमोजिम जानिजानी आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने पदीय कर्तव्य पालन नगरी अनुचित कार्य गरेको देखिए तापनि उक्त कार्यमा संलग्न कर्मचारीहरू अमिन भोलाप्रसाद दाहाल, अमिन माधवप्रसाद भण्डारी र टोली प्रमुख कमलमान जोशी र अमिन रामबहादुर राय क्रमशः मिति २०५१।२।२९, २०५९।१०।१२ र २०४९।७।२८ र २०६६।१।२५ मा अवकाश भैसकेको भन्ने देखिएकोले निजहरूले गरेको अनुचित कार्यतर्फ उपर्युक्त कर्मचारीहरूलाई हाल कुनै कारबाही गर्न सक्ने अवस्था रहेको देखिएन। साथै नापी कार्यालय, रामेछापबाट यसरी कायम भएका कित्तासम्बन्धी समस्या समाधानका निमित्त नापी कार्यालय, रामेछापको मिति २०७१।३।१८ को पत्रबाट नापी विभागमा निर्देशन माग भएकोमा "साबिक जग्गाधनी लोकबहादुर रहेको कित्ताबाट पारित लिखत बमोजिम मिति २०५७।२।२५ मा कित्ताकाट भई कायम कि.नं. का जग्गाधनी र लोकबहादुरलाई कार्यालयबाट नक्सामा क्षेत्रफल घटी भएको विषयमा जानकारी गराई सोही व्यहोरा मालपोत कार्यालय, रामेछापलाई लेखी पठाउनुका साथै त्रुटि गर्ने कर्मचारीको पहिचान

गरी कर्मचारीलाई कारबाहीको लागि प्रक्रिया अगाडि बढाउनु हुन" भनी नापी विभागबाट दिइएको निर्देशन समेत स्पष्ट एवं उपर्युक्त समस्या समाधान हुने खालको रहेको देखिएन अतः उल्लेखित कि.नं.को जग्गाहरूको नक्सा सुधारका विषयमा नापी विभागबाट प्रचलित कानून बमोजिम आवश्यक एवं उपयुक्त निर्णय लिई तीन महिनाभित्र समस्या समाधान गर्न र हक हस्तान्तरणको अवस्थामा कित्ताकाट गर्नुपर्ने कुनै पनि कित्ता (नापी बमोजिमको साबिक कित्ता वा कित्ताकाट भई कायम भएको कित्ता) को कित्ताकाट गर्नु अगाडि ट्रायल चेक गरेर मात्र मसी नउड्ने गरी कित्ताकाट गर्ने व्यवस्था गरी गराई सोको जानकारी आयोगमा समेत पठाउने व्यवस्था गर्न गराउन आयोगको मिति २०७२।१२।३० को निर्णयानुसार महानिर्देशक, नापी विभागलाई लेखी पठाइएको।

(९) भूमिसुधार कार्यालय, काठमाडौंबाट हदबन्दीमा रोक्का रहेको साबिक का.म.न.पा. वार्ड नं. २३ (घ) कि. नं. १५५ क्षेत्रफल १-१५-० जग्गा भिडी नयाँ नापी हुँदा कायम का.म.न.पा. वार्ड नं. ४ सिट नं. ०९८३-२३ कि. नं. १९६ को क्षेत्रफल ६६८.९३ र सिट नं. ०९८६-२२ कि. नं. २० को क्षेत्रफल ४९३.८० व. मि. जग्गा जग्गाधनीको नातिनी बुहारी उषाराजे राणाको नाममा दर्ता, नामसारी गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा भूमिसुधार कार्यालय, काठमाडौंबाट मिति २०५० फाल्गुण २ गते भएको हदबन्दी छानबिन निर्णय बमोजिम रानी सरलादेवी राणा र पशुपती सम्शेर ज.ब.रा. को भूमिसुधार कार्यालय, काठमाडौंबाट मिति २०५० फाल्गुण २ गते भएको हदबन्दी छानबिन निर्णय बमोजिम आफूखुसी गर्न पाउने गरी राख्न पाउने ठहर निर्णय भएका जग्गाहरू बाहेक भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम उक्त निर्णय अनुसार प्राप्त गरिएका काठमाडौं जिल्ला, का.म.न.पा. वार्ड नं. २३ (द) कि. नं. ७८ क्षेत्रफल ३-११-०, भक्तपुर जिल्ला, गुण्डु वार्ड नं. ४ कि. नं. ६१३ क्षेत्रफल ०-१०-२, कि. नं. ३५८ क्षेत्रफल ०-८-०, कि. नं. ५१५ क्षेत्रफल ०-४-०, कि. नं. ३४२ क्षेत्रफल १-४-०, कि. नं. ५१७ क्षेत्रफल ०-१-१, कि. नं. ३४३ मध्ये पूर्वबाट क्षेत्रफल ०-७-०, कि. नं. ३४४ क्षेत्रफल ०-१०-०, कि. नं. ३४८ क्षेत्रफल ०-६-०, कि. नं. ३७७ क्षेत्रफल ०-३-१, कि. नं. ४५१ क्षेत्रफल ०-८-१, कि. नं. ४५२ क्षेत्रफल ०-३-०, ऐ. ऐ. वार्ड नं. ५ कि. नं. ४०९ क्षेत्रफल ४-१-०, जिल्ला भक्तपुर, दधिकोट वार्ड नं. ७ (ख) कि. नं. ८५६ क्षेत्रफल ०-१-२ जग्गाहरू प्रचलित भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम नेपाल सरकारको नाममा दर्ता श्रेस्ता कायम गर्न र बाँकी काम नियमानुसार पूरा गर्न गराउन आयोगको मिति २०७३।२।११ को बैठकको निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई सुझाव लेखी पठाइएको।

(१०) काठमाडौं जिल्ला, साबिक चाबहिल वडा नं. ८ (क) कि.नं.२४ क्षेत्रफल ०-६-१-० को जग्गाधनी शान्तरत्न शाक्यले सरकारी, सार्वजनिक जग्गा घुसाई नयाँ नापीमा नगर-७ सिट नं.१०२७-१७ कि.नं.२१ र २२ ऐ सिट नं.१०२७-२२ कि.नं.१४९ को पूरा जग्गा कायम गरेको र उक्त घुसाएको सरकारी जग्गा सरकारी तथा सार्वजनिक जग्गा संरक्षणसम्बन्धी उच्चस्तरीय आयोगको प्रतिवेदनबाट रोक्का रहेकोमा रोक्का फुकुवा गरी हिनामिना गर्न लागेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा काठमाडौं जिल्ला साबिक चाबहिल वडा नं.८(क) कि.नं.२४ क्षेत्रफल ०-६-१-० जग्गा शान्तरत्न शाक्यको नाममा दर्ता रहेको देखियो। साथै उक्त जग्गा भिडाई नयाँ नापीमा कायम नगर ७ सिट नं. १०२७-१७ कि. नं. २१ मा ०-४-१-१

कि. नं. २२ मा ०-२-३-२ कि. नं. १४९ मा १-७-३-३ कायम भएको देखियो। सरकारी तथा सार्वजनिक जग्गा संरक्षण सम्बन्धी उच्च स्तरीय आयोगको प्रतिवेदनबाट साबिकको सरकारी, सार्वजनिक जग्गा घुसाई नयाँ नापीमा श्रेस्ता पुर्जा कायम गरेकोमा नगर-७ सिट नं. १०२७-१७ कि. नं. २१ मा ०-०-३-३ कि. नं. २२ मा ०-२-२-० कि. नं. १४९ मा १-५-२-० जग्गा रोक्का रहेको देखियो। सरकारी तथा सार्वजनिक जग्गा संरक्षणसम्बन्धी उच्चस्तरीय आयोगको प्रतिवेदन बमोजिमको रोक्का फुकुवा सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णय, छाप, दस्तखत किर्ते गरेकोमा सो किर्ते कार्यमा संलग्न व्यक्तिहरूमाथि सरकारी छाप, दस्तखत किर्ते मुद्दा २०७२।५।६ मा दायर भै काठमाडौं जिल्ला अदालतमा विचाराधीन रहेको समेत देखियो। नापी कार्यालय, चाबहिलको प.सं. ०७०/७१ च.नं.३३२३ मिति २०७१।२।२० को पत्रबाट खुलाई आएको हाल साबिक ओभरल्याप ट्रेस बमोजिम साबिक चाबहिल वडा नं.८(क) कि.नं.२४ क्षेत्रफल ०-६-१-० जग्गा नयाँ नापीमा कायम नगर-७ सिट नं.१०२७-१७ कि. नं. १४९ भित्र मात्र पर्ने देखिंदा उक्त कित्तामध्ये ओभरल्याप ट्रेस बमोजिमको साबिक चाबहिल वडा नं.८(क) कि.नं.२४ को जग्गा बाँकी राखी कि.नं. १४९ को अन्य जग्गा र कि. नं. २१ र कि.नं. २२ को पूरा जग्गा साबिकको सरकारी, सार्वजनिक जग्गा देखिंदा उक्त जग्गाहरू नेपाल सरकारको नाममा नियमानुसार दर्ता श्रेस्ता कायम गर्न गराउन आयोगको मिति २०७३।२।११ को बैठकको निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

(११) यस आयोगमा साझा यातायात सहकारी संस्था लिमिटेडको अध्यक्ष कनकमणी दीक्षितका उपर परेको सम्पत्तिसम्बन्धी उजुरीमा अनुसन्धान तथा तहकिकात हुँदा स्वर्गीय रानी जगदम्बा कुमारीदेवी राणाका नाममा ललितपुर जिल्ला पुल्चोकस्थित श्रीदरबार श्रीमहल क्याम्प कम्पाउण्डभित्रको क्षेत्रफल ४२५-८-१ रोपनि जग्गाहरू दर्ता भई भूमिसम्बन्धी ऐन, २०२१ लागू हुनुपूर्व नै केही जग्गा विभिन्न व्यक्तिहरूको नाममा हक हस्तान्तरण भएकोमा भूमिसम्बन्धी ऐन, २०२१ लागू भएपछि श्रीदरबार श्रीमहल, ललितपुर अन्तर्गत क्षेत्रफल ११७-०-० रोपनी जग्गाको समेत ७ नं. फाँटबारी भूमिसुधार कार्यालय, ललितपुरमा निज स्वर्गीय रानी जगदम्बा कुमारीदेवी राणाका तर्फबाट पेश भएको देखियो । निजको नाममा जिल्ला भूमिसुधार कार्यालय, ललितपुरबाट मिति २०२२।११।१४ मा पेश भएको फाँटवारी सम्बन्धमा कारबाही भई जम्मा रोपनी ५९८-१२-१-२ र बिगाहा ११-४-१ को हकदार परिवार निज रानी जगदम्बा १ जना मात्र भएकोले हदबन्दीभन्दा बढी जग्गा रोपनी ४४४-१२-१-२ नेपाल सरकारले प्राप्त गर्ने गरी मिति २०२२।१०।२५ को मन्जुरी कागज बमोजिम अनुसूची-८ मा प्रकाशित भएको र बाँकी १५४ रोपनी एवं ११-४-१ बिगाहा निजले राख्न पाउने गरी निजले पेश गरेको ७ नं. फाँटवारी लगतको आधारमा निर्णय भएको देखियो।

उपरोक्त बमोजिम काठमाडौं उपत्यकाभित्र राख्न पाउने ५८ रोपनी जग्गा ललितपुर जिल्ला, तत्कालीन ललितपुर नगर पंचायत वडा नं.३ज कि.नं.८७, ८८, ८९, ९४, ११०, १११, ११३, ३९, ४५, ४६, ५९, ६३, ६४, ६५, ६६, ६७, ६८, ६९, ७०, ७१, ७२, ७३, ७८ का जग्गाहरू राख्ने र अरू छोड्ने भनी निज स्वर्गीय रानी जगदम्बा कुमारीदेवी राणाले मिति २०२८।३।१ मा जिल्ला भूमिसुधार कार्यालय, ललितपुरमा फाँटवारी पेश गरेकोमा छाड्ने भनिएका जग्गाहरू

बिक्री भएकोमा यथार्थ खुलाउन भूमिसुधार कार्यालय, ललितपुरबाट मिति २०२९।१२।२७ मा स्वर्गीय रानी जगदम्बा कुमारीदेवी राणाको नाममा म्याद जारी भएको देखियो।

सो सम्बन्धमा निज स्वर्गीय रानी जगदम्बा कुमारीदेवी राणाले मिति २०३०।१।२१ म भूमिसुधार कार्यालयमा खुलाउदा, राख्ने जग्गा बाहेकको ल.पु.न.प. वडा नं.३ (ज) कि.नं. ८०, ८१, ८२, ८३, ८४ र ८५ जग्गाहरू मिति २०१८।३।२० को राजीनामा बमोजिम पाटन कलेजलाई चन्दा स्वरूप दिइएकोमा दा.खा. भई नसकेकोले पछि नापीको नम्बर खुलाई दा.खा. भएको हुँदा श्रेस्तामा कट्टी भएको र भूमिसुधार लागु हुनुभन्दा पहिलेकै लिखत भएको हुँदा जग्गा छिपाउने नियतले सो कार्य नगरेको साथै ललितपुर न.पा. ३(घ) कि.नं.१, २, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १५, २३, २५, २८, २९, ३२ र ३४ को जग्गा पनि यसै कार्यालयको २०२५।५।२६ को निर्णय बमोजिम साझा संस्थाको नाममा गएको र ललितपुर न.पा३(घ) कि.नं.१७ को जग्गा भूमिसुधार लागू हुनुभन्दा पहिला नै गायत्री देवीका नाममा बकस पत्र दिएकोमा सो जग्गा पनि नापीमा जोताहाले जगदम्बा कुमारीकै नाममा नपाई दिएकोले पछि यसै कार्यालयको २०२५।१०।१८ को निर्णय बमोजिम निज गायत्रीदेवीको नाममा दा.खा. भै गएको हो । कानूनको बर्खिलाप गर्ने तथा हदबन्दी जग्गा दबाउने छिपाउने प्रयत्न गरेको होइन भन्ने व्यहोराको कागज भूमि प्रशासन कार्यालय, ललितपुरमा गरेको। सो सन्दर्भमा मिति मिति २०२३।४।१६ मा ल.पु न.पा. वडा नं.३ज कि.नं.८७, ८८, ८९, ९४, ११०, १११, ११३, ३९, ४५, ४६, ५९, ६३, ६४, ६५, ६६, ६७, ६८, ६९, ७०, ७१, ७२, ७३, ७८ समेतका कित्ताबाट जम्मा रोपनी ५८-०-० राख्ने भनी कागज गरे मुताविकका कित्ताहरू निजको नाममा कायम रहने र सो भन्दा बाँकी हदबन्दी नाघेका र श्रेस्ता कायम हुन बाँकी रहेका जग्गा जति पछि पत्ता लाग्नेसम्मका सबै जग्गाहरू कानून बमोजिम प्राप्त गर्ने भनी मिति २०३०।१।२२ मा निर्णय पर्चा भएको देखियो ।यसरी भूमि प्रशासन कार्यालय, ललितपुरको मिति २०३०।१।२२ को निर्णय पर्चा समेतको आधारमा निज जगदम्बा कुमारीदेवी राणाले जग्गावालाको हैसियतले राख्न पाउने अधिकतम हदबन्दीभन्दा बढी भई भूमिसम्बन्धी ऐन, २०२१ को दफा १५ बमोजिम नेपाल सरकारले प्राप्त गर्ने जग्गामध्ये ललितपुर जिल्ला ललितपुर न.पा. वडा नं.३ (ज) कि.नं.८६ को क्षेत्रफल ५-३-३-० रोपनी र कि.नं. ९७, ९८ र ९९ को जग्गाको हालसम्मको स्थितिलाई हेर्दा विभिन्न मितिका लिखतबाट कित्ताकाट गरी हक हस्तान्तरण समेत भई हाल देहाय बमोजिमका व्यक्तिहरूका नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम रहेको देखियो :

(क) होटल ओएसीस प्रा.लि. पुल्चोकको नाममा कि.नं.१५६ क्षेत्रफल रोपनी ०-१०-०-०, कि.नं.२०७ क्षेत्रफल रोपनी ०-३-०-०, कि.नं.२९८ क्षेत्रफल रोपनी ०-१-३-०, कि.नं.९७ क्षेत्रफल ०-१-०, कि.नं.९८ क्षेत्रफल ०-०-२, कि.नं.९९ क्षेत्रफल २-५-२

(ख) कुन्दमणि आदिको नाममा कि.नं.२०६ क्षेत्रफल रोपनी २-८-०-०।

(ग) कनकमणि आदिको नाममा कि.नं.२९९ क्षेत्रफल रोपनी १-१३-०-०।

कुल जग्गाः ७-१०-३-०

त्यसै गरी भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम हदबन्दी छानबिनको क्रममा स्वर्गीय रानी जगदम्बा कुमारीदेवी राणाले मिति २०३०।११।२१ मा भूमि प्रशासन कार्यालय, ललितपुरमा गरिदिएका कागजमा ललितपुर न.पा. वडा नं. ३ज को कि.नं. ८०, ८१, ८२, ८३, ८४ र ८५

को जग्गाहरू मिति २०१८।३।२० को राजीनामा बमोजिम पाटन कलेजलाई चन्दा स्वरूप दिएको भनी उल्लेख भएकोमा उक्त जग्गाहरू उक्त मितिमा पाटन कलेजलाई कुनै लिखत पारित गरेको नभई उपरोक्त कित्ताहरूको हालको स्थितिलाई हेर्दा निम्नानुसार दर्ता कायम रहेको पाइयो ।

(क) कि.नं. ८० क्षेत्रफल ०-२-०-०, कि.नं. ८१ क्षेत्रफल ०-९-०-०, कि.नं. ८३ क्षेत्रफल ०-१२-०-०, कि.नं. ८४ क्षेत्रफल ०-०-२-०, कि.नं. ८२ क्षेत्रफल ३-६-०-०, कि.नं. २५३ क्षेत्रफल १-१०- १-०, कि.नं. ८२ क्षेत्रफल ३-६-०-०, कि.नं. २५२, क्षेत्रफल २-१-२-०, र कि.नं. ८५ क्षेत्रफल ०-४-२-० को जग्गा मदन पुरस्कार पुस्तकालयको नाममा गरी कुल जग्गाः ५-२-०-० रहेको पाईयो ।

त्यसै गरी जि. ललितपुर पुल्चोक बस्ने कमलमणी आदिले मिति २०२१।१०।२६ मा ७ नं. फाँटवारी पेश गर्दा आफ्नो नाउँमा १२ रोपनी जग्गा मात्र कायम रहेको देखाई ७ नं. फाँटवारी पेश गरेकोमा निजको नाउँमा उक्त समयमा फाँटवारीमा उल्लेख भए बाहेकका लुकाई छिपाई ललितपुर न.पा. ३(ज) कि.नं.७४ क्षेत्रफल २-०-०-०, कि.नं.९० क्षेत्रफल ०-४-१-०, कि.नं.९१ क्षेत्रफल २-४-०-०, कि.नं.९३ क्षेत्रफल ०-८-०-० गरी कुल जग्गा ५-०-१-० समेत दर्ता कायम रहेको पाईयो ।

यसरी हदबन्दीभन्दा बढी भै नेपाल सरकारले प्राप्त गर्नुपर्ने अवस्थाको जग्गा व्यक्ति विशेषको नाममा दर्ता भई हक हस्तान्तरण समेत भएको अवस्था र जग्गावालाको हैसियतले भूमिसम्बन्धी नियमहरू, २०२१ को ७ नं. अनुसूची बमोजिम फाँटवारी पेश गर्नुपर्ने दायित्व रहेको जग्गावालाले सो फाँटवारीमा नदेखाई लुकाएको अवस्थाको जग्गाको विषयमा कारबाही गरी निर्णय लिनका लागि भूमिसम्बन्धी ऐन, २०२१ तथा भूमि म्बन्धी नियमहरू, २०२१ बमोजिम भूमिसुधार कार्यालयलाई तोकेको देखियो ।

अतः माथि उल्लेख गरिएका तथ्य र कानूनका आधारमा रानी जगदम्बा कुमारीदेवी राणाले भूमिसुधार कार्यालयको मिति २०३०।१।२२ को निर्णयानुसार आफ्नो स्वइच्छाले तत्कालीन श्री ५को सरकारको नाममा कायम गर्न मन्जुर गरी छोडेको जग्गामध्ये १२ रोपनी १२ आना ३ पैसा जग्गा गैरकानूनी रूपमा आफू र आफ्नो परिवार एवं आफू आबद्धित भएका कम्पनीहरूका नाममा गैरकानूनी नामसारी गराई हालसम्म गैरकानूनी रूपमा भोगचलन गर्दै आइरहेको देखियो । त्यसैगरी निज कमलमणि दीक्षितले भूमिसुधार लागू भएपछि भरेको ७ नम्बर फाँटवारीमा (लेखिए बाहेक अरू कुनै जग्गा मेरो छैन भन्ने मलाई यकिन छ । लेखिएको विवरण झुठा वा अधुरो साबित भएमा ऐन, सवाल बमोजिम सजाय भोग्न म तयार छु) भनी उल्लेख गरी पेश गरेको विवरणमा आफ्नो नाममा काठमाडौं उपत्यकामा १२ रोपनी मात्र जग्गा देखाई पेश गरेकोमा निजले ७ नम्बर फाँटवारी भर्दाका बखतमै निजका नाममा दर्ता कायम रहेका थप ५-०-१-० जग्गा लुकाई छिपाई राखेको समेत देखियो ।

यसरी भूमिसम्बन्धी ऐन, २०२१ जारी भएपछि ऐन मुताविक जग्गावालाको हैसियतले काठमाडौं उपत्यकाभित्र राख्न पाउने ५८ रोपनी जग्गा बाहेक हदबन्दीभन्दा बढी भएका र कानून बमोजिम नेपाल सरकारको नाउँमा कायम हुनुपर्ने उपरोक्त दुवै कलमका गरी जम्मा १७ रोपनी १३ आना जग्गाहरू विभिन्न मितिमा विभिन्न व्यक्ति तथा आफैं र आफ्नो परिवारद्वारा सञ्चालित कम्पनी तथा नातेदारहरूको नाममा कायम गरेको देखिएको र निज रानी जगदम्बाले पाटन

कलेजलाई दिएको भनी उल्लेख गरेको उपरोक्त बमोजिमको जग्गा पाटन कलेजको नाममा नामसारी नगरी गैरकानूनी रूपमा आफू र परिवार संलग्न रहेका जगदम्बा प्रेस समेतको नाममा नामसारी गरी भोगचलन गरेको देखियो । यसरी आफूले छाडेका जग्गाहरू र ७ नम्बर फाँटवारीमा उल्लेख नगरी लुकाई छिपाइएका जग्गाहरूको हकमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा १५ र १८ आकर्षित हुने हुँदा १२ रोपनी १२ आना ३ पैसा जग्गा नेपाल सरकारको नाउँमा कायम भएको देखिएन । त्यसैगरी कमलमणि दीक्षितले भूमिसुधार कार्यालय, ललितपुरमा ७ नं. फाँटवारी पेश गर्दा लुकाएको देखिएको ५-०-१-० जग्गा र उक्त जग्गामध्ये केही जग्गा हक हस्तान्तरण भएको व्यहोरा समेतका सम्बन्धमा कनकमणि दीक्षित उपर परेको सम्पत्तिसम्बन्धीको उजुरीको छानबिन गर्ने क्रममा खुल्न आएकोले सो म्बन्धमा भूमिसम्बन्धी ऐन, २०२१ तथा भूमिसम्बन्धी नियमहरू, २०२१ र प्रचलित कानून बमोजिम आवश्यक कार्यविधि पूरा गरी जो जे बुझ्नुपर्ने हो, सो समेत बुझी कानून बमोजिम गर्न र गरिएको निर्णयको जानकारी आयोगलाई गराउन आयोगको मिति २०७३।२।१६ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालय मार्फत भूमिसुधार कार्यालय, ललितपुरमा सुझाव लेखी पठाइएको।

१२. फस्कु मौजा हा.नं. २७० साबिक लगत भिडाई २२ रोपनी ८ आना जग्गा मिति २०३०।७।२४ मा १३ जना खनाल उपाध्यायका नाममा दर्ता भएको जग्गा हाल मालपोत कार्यालय, कलंकीका कर्मचारी समेतको मिलोमतोमा सोही २७० को लगत भिडाई डाँडापौवा-७ कि.नं. १८८ र १९० को क्षेत्रफल क्रमश २-१५-१-० र ३-०-०-० साथै ऐ.२ (क) कि.नं. ४ र ५ को क्षेत्रफल क्रमश: १-९-२-० र १-५-०-० जग्गाहरूलाई खोरेन्द्रनाथ खनालको नाममा दर्ता गरी भ्रष्टाचार गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम सर्भे नाप नक्सा हुनुपूर्व फस्कु मौजाको हा.नं.२७० को लगत क्षेत्रफल २२-८-०-० जग्गा वेदनाथ खनाल समेत १३ जना खनालको नाममा दर्ता भएको देखियो।त्यस्तै, जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम नापनक्सा भई कायम भएको काठमाडौं जिल्ला, डाँडापौवा गा.वि.स.वडानं ४ कि.नं ३२५, ३१७, ३२८, ३३८, ३३२, ३४४, ३४५, ३३१, ३३३, ३३५, ३४०, ३४१, ३२०, ३४२, ३४३, ३५०, ३१८, ३२९, ३५५, ३५४, ३३४, ३२७, ३३६, ३४७,३३०, ३३६, ३४६, ३२४, ३३९ र ३२३ समेत क्षेत्रफल ३२-१३-०-० रोपनी जग्गा तत्कालीन भूमि प्रशासन कार्यालय, काठमाडौंको मिति २०३०।७।१४ को निर्णयबाट वेदनाथ खनाल उपाध्यायको नाममा का.जि.डाँडापौवा गा.वि.स. वडा नं.४ कि.नं. ३५१,३५२,३५३, क्षेत्रफल २-८-१-० रोपनी जग्गा मालपोत कार्यालय, डोर मुकामको मिति २०४७।२।१४ को निर्णयबाट हरिप्रसाद खनाल उपाध्यायको नाममा का.जि.डाँडापौवा गा.वि.स.वडा नं.७ कि.न. १८८ र १९० क्षेत्रफल ५-१५-१ रोपनी जग्गा मालपोत कार्यालय, कलंकीको मिति २०६८।५।१२ को निर्णयबाट खोरेन्द्रनाथ खनाल उपाध्यायको नाममा उल्लेखित फस्कु मौजाको हा.नं.२७० को लगत भिडाई जम्मा क्षेत्रफल ५-१५-१ जग्गा दर्ता भएको देखियो। का.जि. सीतापाइला गा.वि.स. वडा न. ५ (क) कि.नं. ९८ क्षेत्रफल २-१५-० रोपनी जग्गा ६ नं.नापी गोश्वाराको मिति २०६२।२।१५ को निर्णयबाट दुर्गाकुमारी भन्ने सावित्रीदेवी खनालको नाममा का.जि. सीतापाइला गा.वि.स.वडा नं.५(क) कि.नं.१०९,२०२,२०३,२०६ र १० क्षेत्रफल ५-९-३ रोपनी जग्गा ६नं. नापी गोश्वाराको मिति २०६२।१०।१४ को निर्णयबाट चुलकुमारी खनालको नाममा र

का.जि.सीतापाइला गा.वि.स. वडा नं ५ (क) कि.नं. १२६ क्षेत्रफल ०-८-० जग्गा रेवतप्रसाद खनाल समेतको नाममा दर्ता भएको देखियो ।मालपोत कार्यालय, कलंकीबाट प्राप्त उक्त जग्गा दर्तासम्बन्धी सक्कल फाइल एवं कागजातहरू हेर्दा नामसारी जग्गा दर्ता गरी पाउँ भनी अप्रमाणित जग्गाधनी दर्ता प्रमाण पुर्जी, फिल्ड बुकको प्रतिलिपि, नाता प्रमाणपत्रको प्रतिलिपि र गा.वि.स.को सिफारिस समेत संलग्न राखी खोरेन्द्रनाथ खनालले मिति २०५३।७।१ मा मालपोत कार्यालय, कलंकीमा निवेदन दिएको र सो निवेदन उपर मालपोत नियमावली, २०३६ को नियम ४(क) बमोजिम मिति २०५६।१२।३० मा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी सरजमिन लगायतका प्रक्रिया पूरा गरी जग्गा दर्ताको लागि दाबी गर्ने दाबीकर्ता समेतको मञ्जुरीले जग्गा दर्ता समितिको सिफारिसमा निवेदनमा माग भएको जग्गामध्ये फिल्डबुक किताबको व्यहोरा महलमा चक्र नारायण गुठी भनी लेखिएका डाँडापौवा गा.वि.स.वडा नं २(क) कि.नं. ४ र ५ को जग्गा बाहेकको फिल्डबुकको मोही महलमा किसानको व्यहोरा महलमा मोदनाथ खनाल लेखिएको का.जि डाँडापौवा गा.वि.स. वडा नं.७ कि.नं.१८८ क्षेत्रफल २-१५-१-० र कि.नं.१९० क्षेत्रफल ३-०-०-० जग्गा खोरेन्द्रनाथ खनालको नाममा मिति २०६८।५।१२ मा दर्ता भएको देखियो।तथापि सर्भे नापनक्सा हुनुभन्दा अगाडि कायम भएको साबिक फस्कु मौजाको हा.नं.२७० लगतमा वेदनाथ उपाध्याय खनाल समेत जना १३ को नाममा रहेको २ सलाको क्षेत्रफल २२-८-० को लगतबाट सर्भे नापी बमोजिम कायम भएको क्षेत्रफल ५०-५-१ जग्गा दर्ता हुन गएको र भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०७२।११।३ गतेको पत्रबाट साबिक लगतमा २ सला जग्गा कायम रहेको हुँदा सो लगत भिडाई हाल जग्गा दर्ता गर्दा कित्ता नं.जति संख्या भए पनि २ प्लटभित्र जग्गा दर्ता हुनेसक्ने देखियो । कुनै जग्गाको फिल्डबुकमा जग्गाधनीको नाम उल्लेख भई आवादी, विरह कायम रहेको जग्गाको साबिक लगत कायम नहुनु भनेको बेनिस्सा अन्तर्गतको जग्गा भन्ने बुझिने र बेनिस्सा जग्गा तोकिएको समयभित्र तोकिएको कार्यविधि पूरा गरी दर्ता हुने व्यवस्था रहेको समेत अवस्थामा लगतमा दरपिठ वा कैफियत नजनिएको अवस्थामा मालपोत कार्यालय र नापी गोश्वाराबाट भएको दर्ताबाट २ प्लटभन्दा बढी र लगतको क्षेत्रफलभन्दा तात्विक अन्तर हुने गरी जग्गा दर्ता भएको भन्ने व्यहोरा खुली आएको देखियो।लगतमा उल्लेख भएका साबिक मौजाको लगत बमोजिमका जग्गाहरू राजनैतिक विभाजन बमोजिम कायम भएका कुन नगरपालिका तथा गाउँ विकास समितिमा पर्ने हो भन्ने विषयमा आधिकारिक अभिलेखको व्यवस्था नभएको तथा मालपोत ऐन, २०३४ लागू हुनुभन्दा अगाडि साबिक लगत बमोजिमका जग्गा सर्भे नापीमा दर्ता गर्ने क्रममा सर्भे नाप जाँचको समयमा नै फिल्डमा नै नापी गौश्वाराबाट व्यक्तिको नाममा जग्गा दर्ता गर्दा नाप जाँचको समयको आर्थिक वर्षको मालपोत तिरेको रसिदको पछाडि सर्भे नापीको जग्गा विवरण उल्लेख गरी जग्गा दर्ता गर्ने र सो जग्गा दर्ता भएको व्यहोरा लगतमा जनाउने नगरेको एवं भूमि प्रशासन ऐन, २०३४ बमोजिम भूमि प्रशासन कार्यालयबाट समेत जग्गा दर्ता गर्दा सो जग्गा साबिकमा कुन लगत भिडाई दर्ता गरिएको हो सो को व्यहोरा साबिक लगतमा जनाउने प्रचलन एवं कानूनी व्यवस्था रहेको पाइएन। यसरी साबिक लगत बमोजिमको जग्गाको आधारमा सर्भे नापी बमोजिमको जग्गा दर्ता भएपछि सो को व्यहोरा लगतमा जनाउने कार्यको सुरुवात मालपोत ऐन, २०३४ लागू भएपछि मात्र गर्ने गरेको देखियो।अतः उल्लेखित परिवेशमा मालपोत ऐन, २०३४, मालपोत नियमावली, २०३६ तथा

जग्गा प्रशासन निर्देशिका, २०५८ ले निर्दिष्ट गरे बमोजिम सार्वजनिक सूचना लगायतका आवश्यक प्रक्रिया पूरा गरी सर्जमिन तथा स्थानीय निकायको सिफारिस लगायतका आवश्यक प्रमाणहरू बुझी, निवेदकले निवेदनमा उल्लेख गरे बमोजिम कार्यालयमा रहेको लगत भिडाउँदा सो लगत बाँकी नै रहेको अवस्थामा फिल्ड बुकबाट गुठी देखिएको कि.नं.४ र ५ को जग्गालाई छाडी नापजाँचको समयमा तयार भएको फिल्ड बुकमा जग्गाधनी र मोहीको नाम उल्लेख गरी नापजाँच भएको जग्गाको सो फिल्ड बुकमा लेखिएका जग्गाधनीको हकदारका नाममा जग्गा दर्ता भएको देखिएकोले उल्लेखित कि.नं. १८८ र १९० को जग्गा दर्ता गर्ने कार्यमा संलग्न कर्मचारीहरूबाट अख्तियार दुरुपयोग भएको छ भनी भन्न सकिनेसम्मको स्थिति र अवस्था नदेखिए तापनि साबिक लगत बमोजिम क्षेत्रफल २२-८-० देखिएको जग्गाको आधारमा सर्भे नापी बमोजिमको क्षेत्रफल ५०-५-१ जग्गा दर्ता हुन सक्ने विद्यमान अवस्थालाई यथास्थितिमा राखी राख्नका लागि व्यावहारिक एवं उपयुक्त हुने नदेखिएकोले अब उप्रान्त मालपोत कार्यालय वा नापीको समयमा नापी गोश्वाराबाट वा भूमि प्रशासन कार्यालयबाट जग्गा दर्ता भएका छन् वा छैनन् ? सो समेत भिडाई लगत बाँकी रहेको देखिएको अवस्थामा मात्र दर्ता गर्ने व्यवस्था गर्न गराउनका लागि आयागको मिति २०७३।२।२७ को निर्णयानासार भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

१३. श्री लुमडी भद्रकाली गुठीको वानेश्वर महादेवस्थान वडा नं. ९घ कि.नं. ९६ को क्षेत्रफल ०-४-०-० र कि.नं. ९७ को क्षेत्रफल २-९-२-० को जग्गा बिजुलीबजारस्थित लुमडी भद्रकालीको दैनिक पूजाको लागि चाहिने फूलहरू रोपी सो फूलबाट पूजा गर्नुपर्ने फूलबारी बगैंचाको तैनाथीमा दर्ता भएको जग्गालाई गुठी संस्थान शाखा कार्यालय, त्रिपुरेश्वरले मोही कायम गर्ने निर्णय गरेको हुँदा सार्वजनिक सम्पत्तिको रक्षा गरी पाउँ भनी गुठीयारहरू लुमडी भद्रकाली गुठीको नामबाट पेश हुन आएको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा का.जि. बानेश्वर महादेवस्थान गा.वि.स. वडा नं. ९ अन्तर्गत २०२२ सालमा नापनक्सा हुँदा कायम भएको का.जि. बानेश्वर महादेवस्थान गा.वि.स. वडा नं. ९घ कि.नं. ९६ क्षेत्रफल ०–४–० र कि.नं. ९७ क्षेत्रफल २–९–२–० जग्गाहरू फिल्ड बुकको किसानको नाम थर वतन महलमा भूवनदेवी मालिनी का.ई. टेबहाल नछेटोल किसानको व्यहोराको महलमा यो जग्गा श्री ५ को सरकार भद्रकाली गुठीको हो फूल बुझाई जोती आएको छु भन्ने व्यहोरा जनिई नापनक्सा भएको जग्गा गुठी संस्थान, शाखा कार्यालय, काठमाडौंको पत्र तथा मालपोत कार्यालय, डिल्लीबजारको मिति २०४२।१।२३ को निर्णय बमोजिम मोही भूवनदेवी मालिनी कायम गरी श्री भद्रकाली गुठीको नाममा गुठी अधीनस्थ जग्गाको रूपमा दर्ता भएको देखियो ।श्री भद्रकाली गुठीको नाममा गुठी अधीनस्थ जग्गाको रूपमा दर्ता भएका उक्त जग्गाहरूमध्ये कि.नं. ९७ क्षेत्रफल २–९–२–० रोपनी जग्गा गुठी संस्थान शाखा कार्यालय, काठमाडौंको पत्र तथा मालपोत कार्यालय, डिल्लीबजारको मिति २०४६।८।७ को निर्णय बमोजिम मोही महलमा "फूलबारी" भन्ने व्यहोरा जनिई लुमडी भद्रकाली गुठीको नाममा गुठी तैनाथी जग्गाको रूपमा दर्ता भएको देखियो । उपर्युक्त उल्लेखित कि.नं. ९६ र ९७ को जग्गा मिति २०४३।१०।१८ मा पुनः नापनक्सा हुँदा का.जि.का.म.न.पा. वडा नं. १० सिट नं. १०२–११४६–१६ कि.नं. ६५ क्षेत्रफल २–१०–१–३ रोपनी कायम भई फिल्ड बुकको जोताहा महलमा भूवनदेवी माली, वर्ष ५८ का.म.न.पा. वडा नं. १०क ३–९८, घर वा जग्गा वा

दुवैको महलमा घरजग्गा जनिई नापनक्सा भएको र गुठी संस्थान, केन्द्रीय कार्यालयको मिति २०५३।४।२३ समेतको पत्र तथा मालपोत कार्यालय, डिल्लीबजारको मिति २०५३।४।२५ को निर्णय बमोजिम पुनः नापी बमोजिम कायम भएको उक्त कि.नं. ६५ कित्ताकाट गरी कायम भएको कि.नं. २७५ क्षेत्रफल ०–४–०–० रोपनी जग्गा साबिक नापीको कि.नं. ९६ को लागि बाँकी राखी कि.नं. २७६ क्षेत्रफल २–६–१–३ रोपनी जग्गा हाल साबिक गरी लुमडी भद्रकाली गुठीको नाममा फूलबारी जनिई हाल साबिक दर्ता भएको देखियो ।

साथै उक्त कि.नं. २७६ को जग्गालाई तैनाथी कायम गर्ने गरी गुठी संस्थान, शाखा कार्यालय, काठमाडौं एवं मालपोत कार्यालय, डिल्लीबजारबाट भएको मिति २०५३।४।२५ को निर्णय बदर गरी जग्गाधनी लुमडी भद्रकाली गुठी मोही म भूवनदेवी माली कायम गरी पाउँ भनी भूवनदेवी मालीले काठमाडौं जिल्ला अदालतमा दायर गरेको मुद्दामा तह–तह हुँदै सम्मानित सर्वोच्च अदालतबाट मिति २०६१।९।१९ मा "गुठी तैनाथी कायम गर्ने गरी गुठी संस्थान, केन्द्रीय कार्यालय, गुठी तहसिल कार्यालय, काठमाडौं तथा मालपोत कार्यालय, काठमाडौंबाट मिति २०५३।४।२५ मा भएको निर्णय कानूनसम्मत नै हुँदा दाबी बमोजिम बदर गर्नुपर्ने अवस्था देखिएन । तसर्थ वादी दाबी बमोजिम हुने ठहर गरेको सुरु काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेको नदेखिंदा बदर भै उल्टी हुने ठहर्छ" भनी फैसला भएको एवं सो फैसला अन्तिम रूपमा रहेको देखियो ।

उक्त कि.नं. २७६ को जग्गा गुठी संस्थान ऐन, २०३३ को दफा २५ को उपदफा (३) बमोजिम लाग्ने मूल्य लिई मोही कायम गरी रैतान नम्बरीमा दर्ता गरी पाउँ भनी भूवनदेवी मालीले मिति २०६४।५।२४ र सूर्यनारायण मालीले मिति २०६९।५।१३ एवं मिति २०७०।९।५ मा दिएका निवेदनका सम्बन्धमा कारबाही भई गुठी संस्थान, सञ्चालक समितिबाट मिति २०७१।५।२० मा पुनः नापी बमोजिम कायम भएको का.जि.का.म.न.पा. वडा नं. १० सिट नं. १०२–११४६–१६ कि.नं. २७५ र २७६ को जग्गामा साबिकदेखि घरबास भएको देखिएकोले व्यवस्थापनबाट प्रस्ताव भए मुताविक गुठी संस्थान ऐन,२०३३ को दफा २५(३) र गुठी संस्थान (कार्य व्यवस्था) विनियम, २०४९ को विनियम ११(३) बमोजिम मालपोत कार्यालयले तोकेको मूल्यमा शत प्रतिशत थप गरी हुन आउने मूल्य लिई सम्बन्धित घरवाला निवदेकको नाममा दर्ता गरिदिन स्वीकृति दिने" भनी निर्णय भएको देखियो ।

त्यसैगरी कि.नं. २७५ को नक्सा तथा फिल्डबुक उतारबाट घर नदेखिएको र कार्यालयको प्रतिवेदनबाट हाल बनाए जस्तो जस्ताको छानो भएको घर भएको भन्ने भएकोले २०४६ सालपूर्वकै घर हो भन्ने पुष्टि हुन नसकेकोले सञ्चालक समितिको मिति २०७१।५।२० को निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा निर्देशन पाउँ भनी गुठी संस्थान, शाखा कार्यालय, कालमोचनको मिति २०७१।६।२९ को पत्रबाट निर्देशन माग भएकोमा गुठी संस्थान, केन्द्रीय कार्यालय, काठमाडौंबाट मिति २०७१।८।७ मा कि.नं. २७५ को जग्गाको तैनाथी पुर्जा प्राप्त गरी बढी से बढी आय आर्जन गर्ने गरी शीघ्र प्रस्ताव पेश गर्ने र अन्य जग्गाको हकमा मिति २०७१।५।२० को सञ्चालक समितिको निर्णय कार्यान्वयन गर्ने भन्ने निर्णय भएको र गुठी संस्थान, सञ्चालक समितिकै मिति २०७२।९।१० को निर्णयबाट कि.नं.

२७६ को जग्गाको हकमा समेत यस आयोगबाट छानबिन भइरहेको कारण जनाई सञ्चालक समितिको मिति २०७१।५।२० को निर्णय कार्यान्वयन नगर्ने भनी निर्णय भएको देखियो ।

प्रस्तुत सन्दर्भमा गुठी संस्थान ऐन, २०३३ को दफा २५ को उपदफा (३) मा २०४६ साल चैत्र २६ गतेभन्दा अगाडि आफ्नै पुँजी लगाई घर बनाई बसोबास गरी आएको गुठी तैनाथी जग्गाको घर घडेरी मूल्यांकन समितिले तोकेको मूल्यको आधारमा निजकै नाममा रैतान नम्बरीमा परिणत गरी दर्ता गर्न सकिने भन्ने व्यवस्था रहेको र यस्तो मूल्य कायम गर्ने सम्बन्धमा गुठी संस्थान (कार्य व्यवस्था) विनियम, २०४९ को विनियम ११ को उपविनियम (३) मा रजिष्ट्रेशन प्रयोजनको लागि मालपोत कार्यालयले तोकेको मूल्यमा शत प्रतिशत थप गर्दा हुने मूल्य लिई सम्बन्धित व्यक्तिको नाममा रैतान नम्बरीमा दर्ता गरिदिने व्यवस्था रहेको देखियो साथै साबिक नापी बमोजिमको कि.नं.९६ र ९७ को जग्गा मिति २०४३।१०।१८ मा पुनः नापनक्सा हुँदा नक्सामा घरको संकेत जनाई फिल्ड बुकको मोही महलमा भूवनदेवी माली वर्ष ५८ का.न.पं. वडा नं.१०क३–९८, जग्गाको विवरण महलमा घर जग्गा भन्ने व्यहोरा जनिई का.जि. का.म.न.पा. वडा नं.१० अन्तर्गत सिट नं.१०२–११४६–१६ कि.नं.६५ कायम भई नापनक्सा भएको र सो कि.नं. ६५ कित्ताकाट भई कायम कि.नं.२७६ को जग्गामा घर रहेको तथा र उक्त कि.नं.६५ बाट कित्ताकाट भई कायम भएको कि.नं.२७५ को जग्गामा घर नभएको अवस्था रहेको देखियो । अत कि.नं.२७५ को जग्गाको हकमा गुठी तैनाथी जग्गाको रूपमा दर्ता नै नभएको एवं गुठी संस्थान ऐन, २०३३ बमोजिम घर नै नभएको जग्गालाई सूर्यनारायण मालीका नाममा दर्ता गर्ने गरी रैतान नम्बरीमा परिणत गरी गुठी संस्थान, सञ्चालक समितिबाट भएका निर्णयका सम्बन्धमा सो निर्णयलाई सच्याइसकेको अवस्था हुँदा अब यस्तो प्रकृतिको विषयमा निर्णय लिँदा आवश्यक सतर्कता अपनाई प्रचलित कानूनले तोके बमोजिमको आधारमा तथ्यगत रूपमा प्राप्त प्रमाणहरूको विश्लेषण गरी कानूनसम्मत निर्णय लिने व्यवस्था गर्न गराउन र उक्त कित्ता नं. २७६ को जग्गाको हकमा यस आयोगबाट छानबिन भइरहेको कारण जनाई गुठी संस्थान, सञ्चालक समितिको मिति २०७१।५।२० को निर्णय कार्यान्वयन नगर्ने भनी निर्णय लिएको अवस्था हुँदा सो कि.नं. २७६ को जग्गाको हकमा मूल्यांकन समितिको संयन्त्र तयार गरी प्रचलित चलन चल्तीको बजार भाउलाई समेत प्राथमिकतामा राख्दै गुठी संस्थान (कार्य व्यवस्था) विनियम, २०४९ को विनियम ११ को उपविनियम (३) ले तोके बमोजिमको मूल्यमा घटी नहुने गरी मूल्यांकन गरी मूल्य कायम गर्न गुठी संस्थान ऐन, २०३३ तथा गुठी संस्थान (कार्य व्यवस्था) विनियम, २०४९ र प्रचलित कानूनी व्यवस्था बमोजिम कानूनसम्मत निर्णय लिन आयोगको मिति २०७३।२।२८ को निर्णयानुसार सञ्चालक समिति, गुठी संस्थान, प्रधान कार्यालयलाई सुझाव लेखी पठाइएको ।

**८. स्वास्थ्य मन्त्रालय अन्तर्गत**

(१) सुष्मा कोइराला मेमोरियल ट्रष्ट, बाँकेले मध्यपश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयबाट आ.व. ०६९।७० मा सञ्चालन गरेको महिलाहरूको पाठेघर खस्ने समस्याको उपचार तथा शल्यक्रिया शिविरमा शल्यक्रिया गर्नुपर्ने महिलाहरूको समेत जबर्जस्ती शल्यक्रिया गरेको र शल्यक्रिया नगरेका महिलाहरूको समेत नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी शल्यक्रिया गरेको भन्ने विवरण पेश गरी सरकारी अनुदान बापत प्राप्त हुने रकम दुरुपयोग गरेको भन्ने समेतको

सम्बन्धमा अनुसन्धान हुँदा मध्यपश्चिमाञ्चल क्षेत्रका विभिन्न जिल्लाहरूमा महिलाहरूको जटिल स्वास्थ्य समस्याका रूपमा देखिएको पाठेघर खस्ने समस्याको शल्यक्रिया शिविर सञ्चालनार्थ मध्यपश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयबाट मिति २०६९।७।२८ गतेको द हिमालयन टाइम्स दैनिक पत्रिकामा आशयपत्र पेश गर्ने सम्बन्धी सूचना प्रकाशन गरेकोमा सेवा प्रदायक संस्थाहरूलाई हिमाली, पहाडी र तराईका जिल्लाहरूका लागि स्वास्थ्य सेवा विभाग परिवार स्वास्थ्य महाशाखाले तयार पारेको महिलाहरूको पाठेघर खस्ने समस्याको उपचार तथा शल्यक्रिया शिविर सञ्चालनसम्बन्धी निर्देशिकाले तोकेको प्रति शल्यक्रिया दररेटभन्दा प्रति इकाइ लागत रु.१०० कम क्रमशः रु.१९,०००।-, रु.१६,०००।- र रु.१३,५००।- मा सम्झौता गरिएको देखियो। जसमध्ये सुर्खेत, दैलेख, सल्यान, रुकुम, कालिकोट र डोल्पा जिल्लामा शिविर सञ्चालनका लागि सुष्मा कोइराला मेमोरियल ट्रष्ट नेपालगञ्ज बाँकेसँग सम्झौता भएको देखियो । सम्झौता गरेकामध्ये सुष्मा कोइराला मेमोरियल ट्रष्टले विभिन्न जिल्लामा गरी १००८ जना महिलाहरूको शल्यक्रिया गरेको र शल्यक्रिया गरिएका महिलाहरूको अवस्था सम्बन्धमा महिलाहरूसँग प्रत्यक्ष भेट गरी शल्यक्रिया भए नभएको, यातायात खर्च पाए नपाएको, हालको अवस्था तथा शल्यक्रिया आफूखुसी गराएको वा करकापमा गराएको हो भन्ने विषयहरूमा Random Sampling विधिद्वारा अध्ययन गर्दा महिलाहरूको शल्यक्रिया भएको, हाल अवस्था पनि राम्रो भएको र यातायात खर्च समेत पाएको भन्ने व्यहोरा उल्लेख उल्लेख भएको देखियो। यसमा सेवाग्राही महिलाहरूको जबर्जस्ती शल्यक्रिया गरेको भन्ने सम्बन्धमा स्थलगत अध्ययन तथा सोधपुछबाट समेत सेवाग्राहीको इच्छाविपरीत शल्यक्रिया गरिएको व्यहोरा पुष्टि हुन सकेको देखिँदैन। शल्यक्रिया नभएका महिलाहरूको समेत शल्यक्रिया भएको भनी विवरण पेश गरी रकम भुक्तानी लिएको भन्ने सम्बन्धमा स्थलगत अध्ययन तथा सेवाग्राही महिलाहरूसँग गरिएको सोधपुछ पश्चातको प्रतिवेदनबाट उपचार तथा शल्यक्रिया नै नभएका महिलाहरूको विवरण संलग्न गरी भुक्तानी लिएको समेत देखिएन। केही सेवाग्राही महिलाहरूको शल्यक्रिया नभएको तर रिङ पेसर राखी उपचार गरिएको भन्ने कुरा प्रतिवेदनमा उल्लेख भई आएको देखियो । सो आधारमा उक्त आरोप सत्य नभएको देखियो । शल्यक्रिया पश्चात महिलाहरूको अवस्था झन् जटिल भएको भन्ने सम्बन्धमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, परिवार स्वास्थ्य महाशाखाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार क्षेत्रीय स्वास्थ्य निर्देशनालयबाट सञ्चालन गरिने महिलाहरूको पाठेघर खस्ने समस्याको उपचार तथा शल्यक्रिया शिविर छनौट तथा कार्यक्रम सञ्चालनका सम्बन्धमा स्वास्थ्य सेवा विभागले महिलाहरूको पाठेघर (आङ) खस्ने समस्याको उपचार तथा शल्यक्रिया शिविर सञ्चालनसम्बन्धी कार्यविधि निर्देशिका २०६५ (दोस्रो संशोधन २०६८) बनाई लागू गरेको देखियो। निर्देशिकाको परिच्छेद ३ मा गैरसरकारी तथा निजी स्वास्थ्य संस्था मार्फत सेवा उपलब्ध गराउने पनि व्यवस्था गरे अनुरूप नै मध्यपश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयले नियमानुसार सेवा प्रदायक संस्था छनौट गरी शिविर सञ्चालन गर्न अनुमति दिएको देखियो । परिवार स्वास्थ्य महाशाखाले तयार पारेको निर्देशिकाको परिच्छेद २ को दफा ५ को उपदफा ३ बमोजिमको पोष्ट अपरेटिभ र फलोअप सेवा प्रदान गर्नुपर्ने प्रावधान भएकोमा सम्बन्धित जिल्ला स्वास्थ्य कार्यालय, क्षेत्रीय स्वास्थ्य निर्देशनालय र स्वास्थ्य सेवा विभाग समेतबाट पर्याप्त अनुगमन हुन नसकेको कुरा प्राप्त कागजात तथा सम्बद्ध व्यक्तिहरूसँगको बयानबाट खुल्न आएको देखियो। जसका कारण

शल्यक्रिया शिविरमा बिरामीहरूलाई दिनुपर्ने सेवाको गुणस्तर तथा शल्यक्रिया पश्चात सेवा प्रदायक संस्थाले गर्नुपर्ने फलो अप भए नभएको कुरामा निगरानी हुन सकेको देखिएन। सेवा प्रदायक संस्था सुष्मा कोइराला मेमोरियल ट्रष्टले समेत शिविर आयोजना पश्चात निर्देशिकाले निर्दिष्ट गरेको जिम्मेवारी पूरा गरेको देखिएन। तसर्थ शल्यक्रिया गरेपश्चात केही सेवाग्राही महिलाहरूको अवस्था जटिल बनेको र समस्या समाधान हुन नसकेको स्थलगत अध्ययन प्रतिवेदनबाट समेत देखियो। अनुसन्धानबाट देखिएका विषयहरू एवं सम्बन्धित सार्वजनिक निकायका पदाधिकारीहरू तथा सेवा प्रदायक संस्थाका कार्यक्रम संयोजक तथा शिविरमा संलग्न चिकित्सक समेतको बयान तथा अनुसन्धानको सिलसिलामा सम्बद्ध निकायहरूबाट प्राप्त स्थलगत प्रतिवेदन समेतबाट उजुरीमा उल्लेख भएजस्तो शल्यक्रिया नै नगरिएका बिरामीहरूको विवरण संलग्न गरिएको देखिएन। यातायात खर्च रकम भुक्तानी नगरेको, शिविरमा सामान्य सावधानी समेत नअपनाएको तथा सेवाग्राही महिलाहरूको अवस्था बिग्रेको भन्ने सम्बन्धमा शिविर आयोजक निकाय मध्यपश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय तथा अनुगमन गर्नुपर्ने मुख्य जिम्मेवारी पाएको तथा विवरण प्रमाणित गरी पठाउने निकाय जिल्ला स्वास्थ्य कार्यालय र स्थानीय सरकारी स्वास्थ्य संस्थालाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत नियमित तथा प्रभावकारी अनुगमन गरी भविष्यमा आयोजना गरिने यस्ता खाले शिविरहरूमा वास्तविक सेवाग्राहीहरूले पाउनुपर्ने सेवाको गुणस्तरमा कमी हुन नदिने व्यवस्था मिलाउन तथा अनुदान रकम लक्षित समुदायको हितमा खर्च हुने वातावरण मिलाउनका साथै महिलाहरूको पाठेघर (आङ) खस्ने समस्याको उपचार तथा शल्यक्रिया शिविर सञ्चालनसम्बन्धी कार्यविधि निर्देशिका २०६५ (दोस्रो संशोधन २०६८) को अक्षरश: पालना गर्न गराउनका लागि आयोगको मिति २०७२।४।२० को निर्णयानुसार स्वास्थ्य सेवा विभागलाई लेखी पठाइएको ।

(२) स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखाले ठे.नं. NHSP-II।G।ICB-३०।Procurement of Cold Chain and Refrigeration Equipment।२०१२।१३, Slice No. ३०.१४ Supply of Vaccine Carrier २ Ice Packs, Quantity २२००० Pieces का लागि प्राविधिक रूपमा सक्षम WHO-PQS Qualified घटिवाला बोलपत्र पेस गर्ने कृष्ण इन्टरनेशनल, नेपाललाई नदिई बढी रकम कबोल गर्ने पार्टीलाई ठेक्का दिइएको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा विश्व बैंकको व्यवस्थापनमा Nepal Health Sector Program II (NHSP २) का लागि AusAID, DFID, IDA, KfW, GAVI Alliance लगायतका Pooling Partners र USAID, UNICEF, UNFPA, WHO लगायत Non-Pooling Partners (Partners Signatories) हरूको अनुदानबाट खर्च व्यहोर्ने गरी १५थरी Cold Chain Equipments खरिदमा स्पेसिफिकेसन बनाउने, बोलपत्र पुस्तिका तयार गर्ने, बोलपत्रको प्राविधिक मूल्यांकन गरिदिने, आपूर्ति गरिएका सामानहरूको प्राविधिक जाँच गरी भुक्तानीको सिफारिस गर्ने समेतमा प्राविधिक सहयोग गर्न दातृ निकायबाटै सोझै भुक्तानी पाउने गरी खटिएका टोली प्रमुख Mr. Yaw Ay Shing, क्षेत्रीय बायोमेडिकल इन्जिनियर Mr. Quazi Wasiuddin र स्थानीय बायोमेडिकल इन्जिनियर श्री सुजित बास्कोटाहरूको टोलीले Slice No. ३०.१४ Supply of Vaccine Carrier २ Ice Packs, Quantity २२००० Pieces का लागि स्पेसिफिकेसन बनाउने क्रममा WHO-PQS मा उल्लेख गरिएका Small Vaccine Carriers को Insulation Thickness २८ मिमि, ३२ मिमि, ३२-३६ मिमि र ३५-४५ मिमि मात्र उपलब्ध भएकोमा उपलब्ध नै नभएको ४० मिमि तोकिएको

देखियो। WHO-PQS मा एउटा मात्र उत्पादक Nil Kamal Ltd, India को मोडेल नं. BBVC-२३ को Vaccine Carrier को Insulation Thickness ३५-४५ मिमि उल्लेख देखियो भने उक्त कम्पनीको आफ्नो Brochure मा यही मोडेलको Vaccine Carrier को Insulation Thickness ३२-३६ मिमि उल्लेख भएबाट झन् द्विविधा भएको देखियो। यसरी अव्यावहारिक स्पेसिफिकेसन निर्माण गरिनु र कुनै पनि आपूर्तिकर्ताको स्पेसिफिकेसन मापदण्ड नै नपुगेको अवस्थामा सो खरिद प्रक्रिया रद्द गरी स्पेसिफिकेसनमा सुधार गरेर नयाँ खरिद प्रक्रियामा जानुपर्नेमा पर्न आएका बोलपत्र मध्ये मापदण्डभित्र नपर्ने तर मापदण्ड नजिक रहेको Nil Kamal Ltd, India को मोडेल नं. BBVC-२३ को Vaccine Carrier लाई स्वीकृतिका लागि सिफारिस भएको देखियो। सबै बोलपत्रहरू प्राविधिक रूपमा प्रभावग्राही नरहेकाले कुनै दोस्रो बोलपत्रसँग तुलना गरी आर्थिक रूपमा नेपाल सरकारलाई यति घाटा वा नोक्सानी भयो भन्न सक्ने अवस्था भने देखिएन। बोलपत्र मूल्यांकन समितिमा खरिदसम्बन्धी निर्णय गर्दा Technical Evaluation Report का आधारमा गरिएको र यसका लागि पाँच जना बायोमेडिकल इन्जिनियरहरू खटिएको अवस्था समेत देखियो । दातृ निकायबाट खटिएका टोली प्रमुख Mr. Yaw Ay Shing र क्षेत्रीय बायोमेडिकल इन्जिनियर Mr. Quazi Wasiuddin सम्झौता अनुसारको कार्य अवधि समाप्त भै आ-आफ्नो देश फर्किसकेको हुँदा आयोगमा सम्पर्क गर्न आउन नसक्ने भन्ने स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखाको मिति २०७२।५।९ को पत्र प्राप्त भएकाले यस खरिद प्रक्रियामा स्पेसिफिकेसन तयार गर्ने, बोलपत्र पुस्तिका तयार गर्ने र पर्न आएका बोलपत्रहरूको प्राविधिक मूल्यांकन गर्ने उक्त दुबै जना विदेशी परामर्शदाताहरूसँग सोधपुछ गर्न सकिएन। अतः बजारमा उपलब्ध हुन सक्ने र प्राविधिक रूपमा प्रभावग्राही हुन सक्ने किसिमको स्पेसिफिकेसन बनाउने, बोलपत्र तयार गर्ने, बोलपत्रको प्राविधिक मूल्यांकन गर्ने र आपूर्ति गर्ने गराउने खरिद प्रक्रिया अवलम्बन गर्न गराउन आयोगको मिति २०७२।११।१३ को निर्णयानुसार नेपाल सरकार स्वास्थ्य मन्त्रालय र स्वास्थ्य सेवा विभागलाई लेखी पठाइएको ।

(३) भीम अस्पताल विकास समिति भैरहवामा औषधी तथा सर्जिकल सामानहरू बिना बोलपत्र आ.व. ०६६।६७ देखि ०७०।७१ सम्म सोझै खरिद गरी कमिसन लिई लाखौं घोटाला भएको, सटर तथा जग्गा भाडा बोलपत्रबाट नदिइएको जसमा मे.सु. डा. मनोहर जोशी, लेखा अधिकृत मित्रलाल त्रिपाठी, ना.सु. विष्णु आचार्य र खरिदार गोविन्द ज्ञवालीको मिलेमतो रहेको भन्ने समेत व्यहोराको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा आ.व. ०७०।७१ को फागुनसम्म भीम अस्पताल भैरहवाले खरिद गरेको सम्पूर्ण औषधी तथा सामग्रीहरू बोलपत्रको प्रक्रियाबाटै खरिद गरेको देखियो भने आ.व.०६६।६७ मा विभिन्न मितिमा खरिद गरिएको रु.४८,९५,४७६।५८, आ.व. ०६७।६८ मा विभिन्न मितिमा रु.४३,३५,९७०।५९, आ.व. ०६८।६९ मा विभिन्न मितिमा रु.४९,५७,३६१।०२ र आ.व. ०६९।७० मा विभिन्न मितिमा ५०,२५,४६२।- को औषधी तथा सर्जिकल सामानहरू बजारबाट सोझै खरिद गरेको देखियो। उक्त अस्पतालको लागि आवश्यक पर्ने औषधि तथा अन्य आवश्यक सामग्रीहरू खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ लाई अवलम्बन गरेको नपाइएको हुँदा आगामी दिनहरूमा अस्पताललाई आवश्यक औषधी र औषधीजन्य सामग्रीहरू खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४

को परिधिमा रही खरिदका कामहरू गर्न गराउन आयोगको मिति २०७२।११।१३ को निर्णयानुसार स्वास्थ्य मन्त्रालयलाई लेखी पठाइएको।

(४) चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालले बोलपत्र आह्वान नगरी अत्यधिक मूल्यका सामान सप्लाई गरी करोडौंको भ्रष्टाचार गरेको भन्ने समेतका सम्बन्धमा अनुसन्धान हुँदा सार्क शिखर सम्मेलन तयारीको लागि नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७०।१२।१३ को निर्णयानुसार स्वास्थ्य मन्त्रालयका सचिव शान्तबहादुर श्रेष्ठको संयोजकत्वमा स्वास्थ्य उपसमिति गठन भएको र सोही उपसमितिको मिति २०७१।६।१ गतेको बैठकले नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७१।३।२० को निर्णयानुसार सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ बमोजिम सबै अस्पतालहरूले तत्काल कार्य गर्ने गरी प्रक्रिया अघि बढाउने भनी निर्णय भएको देखियो । नेपाल सरकार (मन्त्रिपरिषद) बाट मिति २०७१।३।२० मा २०१४ मा नेपालमा आयोजना हुने सार्कको अठारौं शिखर सम्मेलनलाई सफलतापूर्वक समयमा नै सम्पन्न गर्नका लागि नेपाल सरकारका विभिन्न मन्त्रालय तथा सम्बन्धित निकायबाट सो सन्दर्भमा गरिनुपर्ने योजना, खरिद, परामर्श र कार्यान्वयन लगायतका कार्यहरू द्रुत प्रक्रिया अवलम्बन गरी कार्य सम्पन्न गर्ने गरी निर्णय भएको देखियो ।सार्क शिखर सम्मेलन, २०१४ को लागि चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताललाई सहायक अस्पतालको रूपमा तोकिए बमोजिम भि.भि.आई.पी. तथा भि.आई.पी. व्यक्तिहरूको उपचारको लागि चिकित्सकीय उपकरण तथा भि.भि.आई.पी. तथा भि.आई.पी. कक्षको मर्मत सम्भार, रंग रोगन, ए.सी. जडान र फर्निसिङ समेतको कार्य सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७१।३।२० को निर्णय अनुसार द्रुत प्रक्रियाबाट गर्ने गरी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालले Monitor, Defribilator, ECG, Suction machine, Pulse oximeter, BP, Resuscitation Bed, Resuscitation Table को लागि माग गरेको प्रस्ताव अनुसार विभिन्न फर्महरूले पेश गरेको कोटेसनहरूमध्ये सबैभन्दा कम दर रेटमा मूल्य सूची पेश गर्ने Hospitec Enterprises सँग मिति २०७१।८।७ गते नौ बुँदे सम्झौता भएको देखियो।उक्त सम्झौता बमोजिम प्राप्त उपकरणहरू प्रतिष्ठानद्वारा तोकिएको स्पेसिफिकेसन अनुसार भए नभएको हेरी प्रतिवेदन पेश गर्नको लागि डा.न्हुच्छेमान डंगोलको संयोजकत्वमा मिति २०७२।८।१२ मा समिति गठन भएकोमा प्राप्त हुन आएका उपकरणहरू स्पेसिफिकेसन बमोजिम रहेको भनी मिति २०७२।८।२९ गते उक्त समितिले प्रतिवेदन पेश गरेको देखियो भने उपकरण समेतको खर्च बापतको रकम रु.५०,२१,०७०।२५ मिति २०७१।१०।७ गते भुक्तानी गरेको देखियो।अस्पतालले सार्क शिखर सम्मेलनको तयारीको लागि खरिद गरिएका उपकरणहरूको अवस्था तथा प्रयोगको सम्बन्धमा स्थलगत निरीक्षण तथा अनुगमन गर्ने क्रममा खरिद गरिएका सम्पूर्ण उपकरणहरू हाल इमरजेन्सी तथा अपरेसन थिएटरमा प्रयोग भइरहेको भन्ने समेत देखियो। यसैगरी उक्त खरिद द्रुत प्रक्रियामा गरिएको भनी सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल काठमाडौंलाई मिति २०७१।१०।७ गते जानकारी दिएको देखियो भने सार्वजनिक खरिद अनुगमन कार्यालयले सो सम्बन्धमा कुनै प्रतिक्रिया दिएको देखिएन ।उक्त कार्यका लागि कोटेसन माग गरी भि.भि.आई.पी. तथा भि.आई.पी. कक्षको मर्मत सम्भार, रंगरोगन, ए.सी. जडान र फर्निसिङ समेतको कार्य गरी रु.२३,५०,२४५।१९ खर्च गरेको देखियो । साथै सार्वजनिक खरिद ऐन, २०६३ मा द्रुत प्रकियासम्बन्धी व्यवस्था नभएको र सोही ऐनको दफा

२ को उपदफा (७) मा विशेष परिस्थितिसम्बन्धी व्यवस्था गरिएको र "विशेष परिस्थिति" भन्नाले सुख्खा, अनावृष्टि, भूकम्प, बाढी, पहिरो, आगलागी जस्ता प्राकृतिक वा दैवीप्रकोप तथा आकस्मिक वा अप्रत्यासित विशेष कारणबाट सृजित परिस्थिति सम्झनुपर्छ र सो शब्दले युद्ध वा आन्तरिक द्वन्द्व जस्ता परिस्थिति समेतलाई जनाउँछ भनी उल्लेख गरेको र नेपालमा आयोजना भएको १४ औं सार्क शिखर सम्मेलनको मिति १३ औं सार्क शिखर सम्मेलनमै निर्धारण भएको अवस्थामा उक्त १४ औं सार्क शिखर सम्मेलनलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को उपदफा (७) मा गरिएको "विशेष परिस्थिति" मा राखेर व्याख्या गर्न सकिने अवस्था देखिएन। अतः नोभेम्बर, २०१४ मा नेपालमा आयोजना हुने दक्षिण एसियाली सहयोग संगठन (सार्क) को अठारौं शिखर सम्मेलनलाई सफलतापूर्वक समयमा नै सम्पन्न गर्नका लागि नेपाल सरकारका विभिन्न मन्त्रालय तथा सम्बन्धित निकायबाट सो सन्दर्भमा गरिनुपर्ने योजना, खरिद, परामर्श र कार्यान्वयन लगायतका कार्यहरू द्रुत प्रक्रिया अवलम्बन गरी कार्य सम्पन्न गर्ने निर्णयका लागि नेपाल सरकार (मन्त्रिपरिषद) मा परराष्ट्र मन्त्रालयबाट मिति २०७१।३।१८ मा लिखित प्रस्ताव पठाएको र नेपाल सरकार (मन्त्रिपरिषद) मिति २०७१।३।२० मा सोही प्रस्ताव अनुसार गर्ने भनी भएको निर्णयको आफुखुसी व्याख्या गरी "द्रुत प्रक्रिया" भन्नाले सोझै खरिद भन्ने अर्थ गरी प्रतिस्पर्धालाई सीमित गरी कोटेसनद्वारा स्वास्थ्य उपकरण तथा भि.भि.आई.पी. तथा भि.आई.पी. कक्षको मर्मत सम्भार, रंग रोगन, ए.सी. जडान र फर्निसिङ समेतको कार्य गरी रु.७३,७१,३१५।४४ खर्च गरी सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४ले तोकेको प्रक्रिया र कार्यविधि अवलम्बन गरेको नदेखिएको हुँदा अब उप्रान्त पूर्व निर्धारित कार्यक्रमका लागि हुने सरकारी रकमको खर्च तथा व्यवस्थापनमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ ले तोकेको मापदण्ड, कार्यविधि तथा प्रक्रियाको पूर्णरूपमा अवलम्बन गर्ने गराउने व्यवस्थाका लागि आयोगको मिति २०७२।१२।३० को निर्णयानुसार स्वास्थ्य मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

(५) सिंहदरबार वैद्यखाना विकास समिति, अनामनगर काठमाडौंबाट मेसिनरी उपकरण खरिदसम्बन्धी बोलपत्र आह्वान गर्दा प्रबन्ध निर्देशकले JHS Analytic Traders सँग मिलेमतो गरी आर्थिक अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा सिंहदरबार वैद्यखाना विकास समितिले आ.व. ०६८।६९ मा विभिन्न नौ वटा मेसिनरी उपकरणहरू खरिद गर्नका लागि लागत अनुमान रु.६६,९६,३८०।- (भ्याट सहित) कायम गरी मिति २०६८।१२।२२ मा बोलपत्र आह्वान गरेकोमा बोलपत्रसम्बन्धी कागजातहरूमा केही अंश छुट हुन गएको र बोलपत्र खरिदकर्तामध्येका प्रुडेन्ट मेडिटेक इन्टरनेशनलको तर्फबाट सार्वजनिक खरिद अनुगमन कार्यालयमा उजुरी गरे पश्चात उक्त बोलपत्र प्रकाशित गरिएको समयावधिमा १५ दिन समय पुनः थप गरिएको देखियो ।उक्त समयावधिभित्र ४ वटा फर्महरूले बोलपत्र कागजातहरू खरिद गरेकोमा दुई वटा फर्म JHS Analytic Traders र AS Enterprises ले मात्र बोलपत्र दाखिल गरेको र सो मध्ये AS Enterprises ले पेश गरेको कबोल अंक रु.३२,११,४६०।- (भ्याट समेत) लागत अनुमानभन्दा ५२.०४ प्रतिशत न्यून देखिए पनि निजले पेश गरेको प्राविधिक प्रस्ताव सिहदरबार वैद्यखाना विकास समितिले तोकेको Technical Specification बमोजिमको नदेखिएको र JHS Analytic Traders ले कबोल गरेको कबोल अंक रु.६६,८८,४७०।- (भ्याट

समेत) लागत अनुमानभन्दा घटी देखिएको र प्राविधिक प्रस्ताव समेत स्पेसिफिकेसन अनुसार रहेको कारण JHS Analytic Traders को बोलपत्र स्वीकृत गरी मिति २०६९।२।३१ गते सम्झौता भएको देखियो। सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (२) बमोजिम बोलपत्र पेश हुँदा एउटै मात्र Responsive Bid पेश भए पनि स्वीकार हुने व्यवस्था रहेको, बोलपत्र बमोजिम खरिद भै जिन्सी आम्दानी बाँधिएका मेसिनरी उपकरणहरू सिंहदरबार वैद्यखाना विकास समितिले तोकेको Technical Specification बमोजिम सारभूत रूपमा फरक नरहेको खुलेको र बोलपत्र पेश गर्दा मिलोमतो रहेको भन्ने पुष्टि नभए तापनि खरिद गरिएका मेसिनरी उपकरण कार्यालयमा प्राविधिक प्रतिवेदनसहित जिन्सी आम्दानी दाखिला गर्नुपर्नेमा प्राविधिक प्रतिवेदन नभई दाखिला भएको र बोलपत्रका लागि ३० दिने म्याद सूचना दिइसकेपछि सोही बोलपत्रका लागि पुनः म्याद थप गर्न सार्वजनिक खरिद सम्बन्धी छाता ऐन सार्वजनिक खरिद ऐन, २०६३ ले अधिकार प्रदान गरेको समेत नदेखिएको हुँदा अबदेखि बोलपत्रबाट सार्वजनिक खरिद गर्दा एवं सो बमोजिम खरिद भएका जिन्सी सामान कार्यालयमा दाखिल गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र आर्थिक कार्यविधि नियमावली, २०६४ समेतका व्यवस्थाहरूलाई पूर्णतः परिपालन गर्नु, गराउनु भनी आयोगको मिति २०७३।१।५ को निर्णयानुसार सिंहदरबार वैद्यखाना विकास समिति सिंहदरबारमा लेखी पठाइएको ।

(६) राष्ट्रिय क्षयरोग केन्द्र भक्तपुरका निर्देशक लगायत अन्य कर्मचारीहरूको मिलोमतोमा बिना प्रतिस्पर्धा कर्मचारी नियुक्त गरेको, कोटेसनबाट मर्मत कार्य गरेको, अनावश्यक सामान खरिद गरेको, बिना प्रतिस्पर्धा चिकित्सक नियुक्त गरेको, वास्तविक मूल्यभन्दा बढीमा औषधी तथा उपकरण खरिद गरेको, खरिद गरिएका सामानहरू सम्बन्धित स्थानमा जडान नगरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान अधिकृत हुँदा राष्ट्रिय क्षयरोग केन्द्र भक्तपुरले NTC।G।NCB।०३।PO२।२०७१-७२ Supply and delivery of Sputum pot को बोलपत्र डकुमेन्ट तयार गर्दा स्पेसिफिकेसनमा Product certified NS or IS or CE उल्लेख भएकोमा सामान खरिद गर्दा गुणस्तर प्रमाणीकरण नभएको सप्लायरको बोलपत्र स्वीकृत गरी सामान खरिद गरेको पाइयो । यसैगरी NTC।NCB।०५।p०१।२०७१-७२ Supply, Delivery and Installation of Portable X-ray Machine (with film printer) को खरिद सम्बन्धमा मिति २०७२।३।६ मा बोलपत्र स्वीकृतिको आशयको सूचना प्रकाशित गरेकोमा २०७२।३।१५ मा बोलपत्र पुनरावलोकन गरी बोलपत्र रद्द गर्ने निर्णय गरेको पाइयो। बोलपत्र मूल्यांकन गर्ने मूल्यांकन समितिले आफ्नो निर्णयमा स्पेसिफिकेसनमा कैफियत देखिएको विषयमा केही नबोली टेण्डर स्वीकृतिका लागि सिफारिस गरेको तथा बोलपत्र खोली स्वीकृतिका लागि आशयको सूचना प्रकाशित गरिसकेको अवस्थामा बिना कानूनी आधार बोलपत्र प्रक्रियामा सहभागी दोस्रो कम रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने प्रक्रिया अगाडि बढाउन समय हुँदाहुँदै समयको अभाव देखाई सम्पूर्ण बोलपत्र प्रक्रिया नै रद्द गरेको देखिएकोले राष्ट्रिय क्षयरोग केन्द्र भक्तपुरका खरिद प्रक्रियामा संलग्न पदाधिकारीहरूले मूल्यांकनको क्रममा कागजातहरूको राम्रोसँग मूल्यांकन नगरेको, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को पूर्ण पालना नगरेको देखिएकोले यस्ता कार्यहरूबाट नेपाल सरकारलाई प्रत्यक्ष हानि नोक्सानी भएको अवस्था नभए तापनि सरकारी रकम खर्च हुन नसकी फ्रिज हुन गएको, खरिद कार्यमा भएका खर्चहरू (विज्ञापन शुल्क, मूल्यांकन समितिको भत्ता, स्पेसिफिकेसन बनाउन

भएका खर्चहरू) उपलब्धिविहीन भएको, अनावश्यक कार्यहरूमा कार्यालयको समय खेर गएको समेत देखिंदा यस्तो अवस्थाको पुनरावृत्ति हुन नदिनेतर्फ आवश्यक व्यवस्था गर्न आयोगको मिति २०७३।२।२७ को निर्णयानुसार नेपाल सरकार, स्वास्थ्य मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

(७) नेपाली विद्यार्थीहरूलाई बंगलादेशको एक मेडिकल कलेजमा भर्ना गर्न नेपाली बिचौलिया मार्फत मोटो रकम असुल उपर गर्न खोजेको र कन्सल्टेन्सी व्यवसायको मर्यादा विपरीत गैरजिम्मेवारपूर्ण कार्य गरेको तथा छात्रवृत्तिमा अध्ययन गर्न गएका चिकित्सकहरूले सरकारी सेवा नगरेको भन्ने समेतको विषयमा अनुसन्धान हुँदा छात्रवृत्तिबाट अध्ययन समाप्त गरी हालसम्म मन्त्रालयको सम्पर्कमा नआएका तर नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञ दर्ताका लागि परीक्षा दिएको भनी लेखी आएका चिकित्सक डा. रोशन कुमार अर्जेल र डा.विकेन श्रेष्ठलाई छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ को प्रावधान बमोजिम आवश्यक कारबाही गरी आयोगमा जानकारी पठाउन र अब उप्रान्त यस प्रकारको विवरण चुस्त दुरुस्त र अध्यावधिक राखी कानूनको प्रभावकारी कार्यान्वन गर्ने व्यवस्था मिलाउन आयोगको मिति २०७३।१।७ को निर्णयानुसार शिक्षा मन्त्रालयमा र यस सम्बन्धमा शिक्षा मन्त्रालयसँग प्रभावकारी समन्वय गरी छात्रवृत्तिमा अध्ययन गरेका चिकित्सकलाई अनिवार्य रूपमा सरकारी सेवामा पठाउने व्यवस्थाका लागि आवश्यक प्रक्रियागत प्रबन्ध गर्न गराउन नेपाल मेडिकल काउन्सिलमा लेखी पठाइएको ।

**९. वन तथा भू–संरक्षण मन्त्रालय अन्तर्गत**

(१) गौरीशंकर संरक्षण क्षेत्र आयोजनाका कर्मचारी र आयोजना क्षेत्रका गा.वि.स.मा गठित गा.वि.स.स्तरीय समितिहरूले मिलेमतो गरी संरक्षण क्षेत्रको वन फडानी, चोरी तस्करी तथा जडिबुटीजन्य काठहरू कटाई विनाश गरिरहेको भन्ने समेतका सम्बन्धमा अनुसन्धान हुँदा Gaurishankar Conservation Area Management Plan (२०१३-२०१७) मा गौरीशंकर संरक्षण क्षेत्र व्यवस्थापन काउन्सिलको व्यवस्था गर्ने, प्रत्येक गा.वि.स.मा संरक्षण क्षेत्र व्यवस्थापन समिति गठन हुनेबारे उल्लेख भएको र सो काउन्सिल तथा समितिको अधिकार र भूमिका गौरीशंकर संरक्षण क्षेत्र व्यवस्थापन नियमावली अनुरूप हुने भनिएकोमा हालसम्म सो नियमावली स्वीकृत भएको देखिएन, वातावरण संरक्षण नियमावली, २०५४ को अनुसूची १ मा "राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष तथा संरक्षण क्षेत्र र तिनको मध्यवर्ती क्षेत्र एवं सिमसार क्षेत्र समेतमा व्यवस्थापन योजना तयार गर्न र सरकारद्वारा व्यवस्थित सबै प्रकारका जिल्लास्तरीय व्यवस्थापन योजनाहरू तयार गर्ने" प्रस्तावमा प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने उल्लेख भएकोमा गौरीशंकर संरक्षण क्षेत्र व्यवस्थापन योजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरेको नदेखिएको र संरक्षण क्षेत्रभित्र हुने हानि नोक्सानी सम्बन्धमा राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुरूप कारबाही हुने प्रावधान रहेको भए पनि रूख काटी हानि नोक्सानी भएको अवस्थामा नोक्सानी अनुसारको बिगो कायम गर्ने प्रावधान रहेको नपाइएकोले गौरीशंकर संरक्षण क्षेत्र व्यवस्थापन नियमावली तर्जुमा गर्न गराउन, वातावरण संरक्षण नियमावली, २०५४ को उल्लेखित प्रावधान कार्यान्वयन गर्न गराउन र वन पैदावार हानि नोक्सानी सम्बन्धमा बिगो कायम गरी दण्ड सजाय गर्ने प्रावधान राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा समावेश गर्ने व्यवस्था गर्न आयोगको मिति

२०७२।४।२० को निर्णय अनुसार वन तथा भू–संरक्षण मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

(२) दि टिम्बर कर्पोरेशन अफ नेपाल लि.ले २०६८ फागुनदेखि २०६९ जेष्ठसम्म काठ दाउरा बिक्री गर्दा कमिसन लिने गरेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा आ.व. ०६८।६९ मा उत्पादन भएको, हस्तान्तरण तथा बिक्री वितरण भएको र स्टक रहेको गोलिया काठ, दाउरा तथा चिरान काठको परिमाण, दि टिम्बर कर्पोरेशन अफ नेपाल लि. सञ्चालक समितिले तोकेको खरिद तथा बिक्री मूल्यका तुलनामा कर्पोरेशनले खरिद तथा बिक्री गरेको मूल्य हेर्दा अस्वाभाविक नदेखिएको, उक्त कर्पोरेशनको विनियम बमोजिम प्रतिस्पर्धाबाट खरिद तथा बिक्री कार्यहरू भए गरेको देखिएको हुँदा थप केही गरिरहनु परेन।साथै काठ दाउराको मौज्दात हेर्दा विगत लामो समयदेखिको लगत कर्मचारी जिम्मा कायम गरेको, कतिपय कर्मचारी अवकाश समेत भइसक्दा समेत निजको नाममा लगत कायमै गरी असुल उपर पनि नगरेको, फरफारक पनि नगरी अवकाशपछि पाउने रकम रोक्का राखेको देखिंदा कर्मचारीको कारणले भएको हानि नोक्सानी असुल उपर गर्ने र अन्य प्राकृतिक एवं काबु बाहिरको कारणले कमी भएको सर्टेज मौज्दातको हकमा नियमानुसार अपलेखन वा मिनाहा गरी अभिलेख दुरुस्त राख्न आयोगको मिति २०७२।६।२२ को निर्णयानुसार कर्पोरेशनको व्यवस्थापनलाई लेखी पठाइएको ।

(३) जिल्ला उदयपुर, त्रिवेणी गाउँ विकास समितिस्थित सितापोखरी सामुदायिक वन उपभोक्ता समूहले वन प्राविधिकलाई भत्ता दिएको भन्ने समेतका सम्बन्धमा अनुसन्धान गरी सामुदायिक वन उपभोक्ता समूहहरूले गर्ने खर्चलाई व्यवस्थित र पारदर्शी, तिनीहरूको लेखा प्रणाली र लेखा परीक्षण प्रतिवेदनलाई भरपर्दो र विश्वसनीय बनाउन, सामुदायिक वन उपभोक्ता समूहहरूले वन प्राविधिकलाई के कस्तो अवस्थामा के कतिका दरले भत्ता दिने वा नदिने भन्ने समेतका विषयमा पारदर्शी निर्देशिका वा मापदण्ड तयार गरी लागू गर्ने गराउने व्यवस्था गर्न गराउन आयोगको मिति २०७२।१२।२३ को निर्णयानुसार वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएको ।

(४) कैलाली जिल्लाको वसन्ता वनक्षेत्र (करिडोर) मा वन फडानी भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा कैलाली जिल्लाको पहलवानपुर गा.वि.स.स्थित नकफोडुवा भन्ने ठाउँमा जनता सामुदायिक वनको क्षेत्रमा रहेको रेत्ताही पोखरीमा पहिलेदेखि सानो पोखरी रहेको स्थानमा सिँचाइ प्रयोजनको लागि विश्व खाद्य कार्यक्रम (WFP) को "कामको लागि सहुलियत" (Cash for work) भन्ने कार्यक्रमबाट MercyCrops Nepal नामक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले रु.७९,२००।- बराबरको ज्याला सहयोग उपलब्ध गराई वनक्षेत्रभित्र रहेको प्राकृतिक पोखरीको बहावलाई रोकी करिब ६ फिट अग्लो बाँध बनाई पोखरीमा थप पानी संकलन गरी बाह्रै महिना पानी प्रयोग गर्ने उद्देश्यले सोही क्षेत्रका बासिन्दाहरूलाई समेटी रेत्ताही उपभोक्ता समिति गठन गरी कुलो निर्माण गरी सिँचाइ प्रयोजनका लागि पानी लगेको पाइयो । उक्त कार्यबाट पानी जमेको कारणले विभिन्न जातका गरी जम्मा २०५ वटा रूखहरू सुक्न गएका र सुकेका रूखहरू प्राकृतिक स्थानमा यथावत रहेको पाइयो।यसरी स्थानीय बासिन्दाले सिँचाइ गर्ने उद्देश्यले बाँध निर्माण गरेका तथा रूख सुकाउने मनसायले उक्त बाँध बनाउने काम भएको भन्ने खुल्न नआए तापनि वनक्षेत्र तथा वातावरणमा पर्न सक्ने प्रतिकूल असरका सम्बन्धमा अध्ययन नै नगरी, सम्बन्धित निकायबाट सहमति समेत नलिई पानीको प्राकृतिक बहाव रोकिएको कारणले नै बढी रूखहरू सुक्न गएको देखिएकोले थप क्षति हुन नपाउने व्यवस्था

गर्न र आगामी दिनमा यस प्रकारका क्रियाकलापहरू हुन नदिनका लागि वन क्षेत्रभित्र विकास निर्माणका कार्य सञ्चालन गर्दा सम्बन्धित निकायको स्वीकृति लिई मात्र सञ्चालन गर्न पाउने नीतिगत व्यवस्था कडाइका साथ पालना गर्न गराउन र सो पोखरीमा सुकेका २०५ वटा रूखहरूको उचित व्यवस्थापन गर्न गराउन वन तथा भू-संरक्षण मन्त्रालयलाई र पोखरीमा पानीको सतह बढाएको कारणले रूखहरू सुकेको पाइएकोले पानीको सतह बढाई थप रूखहरू सुक्न नदिने व्यवस्था गरी नियमित अनुगमन गर्न गराउन जिल्ला वन कार्यालय कैलालीलाई आयोगको मिति २०७३।१।१३ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

(५) चुरे क्षेत्रमा पर्ने सिरहा जिल्ला अन्तर्गत तरेगाना गोविन्दपुरस्थित कपलेश्वर बाबा सामुदायिक वनमा कर्मचारीको मिलेमतोमा ढलापडाको नाममा हरिया रूख कटान गरेको भन्ने समेतको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला वन कार्यालय सिराहाका तत्कालीन निमित्त जिल्ला वन अधिकृत वासुदेव झाले मिति २०६४।५।३ को नेपाल राजपत्र, भाग ५, खण्ड ५७, संख्या १९ मा प्रकाशित वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको सूचनाबाट वातावरण संरक्षण नियमावली, २०५४ को अनुसूची-१ मा २०० देखि ५०० हेक्टरसम्मको वनक्षेत्र एउटै समुदायलाई व्यवस्थापन गर्न हस्तान्तरण गर्ने प्रस्तावमा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्नुपर्ने र अनुसूची-२ मा ५०० हेक्टरभन्दा बढीको वनक्षेत्र एउटै समुदायलाई व्यवस्थापन गर्न हस्तान्तरण गर्ने प्रस्तावमा वातावरणीय प्रभाव मूल्यांकन (EIA) गर्नुपर्ने भन्ने प्रावधान र सामुदायिक वनमा IEE र EIA गर्ने सम्बन्धमा वन विभागको मिति २०६६।१०।२१ मा भएको विभागीय निर्णय बमोजिम सामुदायिक वनहरूको कार्ययोजना नवीकरण/पुनरावलोकन गर्दा समेत २०० हेक्टरभन्दा बढी क्षेत्रफल भएकोमा IEE र ५०० हेक्टरभन्दा बढी क्षेत्रफल भएको हकमा EIA गर्नुपर्ने भन्ने वन विभाग, सामुदायिक वन महाशाखाको मिति २०६६।११।१८ को परिपत्र जिल्ला वन कार्यालय, सिराहामा मिति २०६६।१२।१८ मा दर्ता भइसकेको अवस्थामा उल्लेखित कानूनी व्यवस्था तथा विभागीय आदेशको पालना नगरी सिराहा जिल्लाको तरेगना गोविन्दपुरस्थित जम्मा ७१३.६ हेक्टर क्षेत्रफल भएको काभ्रे कपलेश्वर बाबा सामुदायिक वन उपभोक्ता समूहको कार्ययोजना नवीकरण/पुनरावलोकन गर्दा EIA नै नगरी मिति २०६६।१२।३० मा कार्ययोजना स्वीकृत गरी मिति २०६७।२।३ मा साल जातका ११४ र अन्य जातका १३० रूखको काठ संकलन सहमति दिएको र ५,७०१.५८ क्यु. फिट काठ संकलन भई उपभोक्ता समितिको जिम्मामा सुरक्षित रहेकोले उक्त काठ प्रचलित कानून बमोजिम सदुपयोग एवं व्यवस्थापन गर्न गराउन आयोगको मिति २०७३।२।१० को निर्णयानुसार वन तथा भू-संरक्षण मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

**१०. श्रम तथा रोजगार मन्त्रालय अन्तर्गत**

(१) नक्कली तथा सच्याइएका कागजातहरूबाट मेनपावरहरूले वैदेशिक रोजगार विभागका कर्मचारीहरूको मिलेमतोमा वैदेशिक रोजगारमा कामदारहरू पठाए भन्ने सम्बन्धमा अनुसन्धान हुँदा आफूले सम्पादन गरेको काम कारबाहीका सम्बन्धमा गरिएको अनुसन्धान लगायतमा उपस्थित नभई कार्यरत हुनुपर्ने कार्यालयमा समेत लामो समयदेखि गैरहाजिरी रहेको खुल्न आएका शाखा अधिकृत बसन्त नेपालको हकमा निजबाट भए गरिएका काम र अनुसन्धानबाट देखिन आए बमोजिम आयोगबाट गरिएको निर्णयका सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयलाई

समेत जानकारी गराई यस्ता गलत तथा नक्कली कागजहरूबाट श्रम स्वीकृतिसम्बन्धी काम गर्ने गराउने उपर कडा निगरानी र कारबाहीको लागि आवश्यक नीति एवं संयन्त्र निर्माण गरी कडाइका साथ पालना गर्ने गराउने व्यवस्था गर्न आयोगको मिति २०७२।५।३१ को निर्णयानुसार सम्बन्धित वैदेशिक रोजगार विभागलाई लेखी पठाइएको।

(२) वैदेशिक रोजगार विभाग अन्तर्गत वैदेशिक रोजगार विभाग, काठमाडौं कार्यालयले मेनपावर व्यवसायीसँग मिलेमतो गरी लट नं. ७४९५६ बाट मिति २०७२।४।२६ गते १० जना कामदारहरूका लागि गलत कागजहरूको आधारमा अन्तिम श्रम स्वीकृति प्रदान गरेकोले संलग्नहरूलाई कारबाही गरी पाउँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा वैदेशिक रोजगारका लागि कतारस्थित STEELCO Trading & Contracting कम्पनीमा कामदार पठाउन अमिदावा बुद्ध मेनपावर प्रा.लि.ले वैदेशिक रोजगार विभागबाट प्राप्त गरेको लट नं. ७४९५६ को पूर्व स्वीकृति फाइलबाट मिति २०७२।४।२६ गते १० जना कामदारहरूका लागि अन्तिम श्रम स्वीकृति लिने क्रममा अमिदावा बुद्ध मेनपावर प्रा.लि.का सञ्चालक समेत रहेका नेत्रबहादुर पुनले आर्थिक प्रलोभनमा गलत मनसायका साथ १० जना कामदारहरूको अन्तिम श्रम स्वीकृति लिए पश्चात सो बापत निजबाट आफूले रुपैयाँ एक लाख प्राप्त गरेको भनी बयानमा खुलाई दिएअनुसार जानिजानी गलत कागजहरूबाट प्रचलित कानून विपरीत हुने गरी अन्तिम श्रम स्वीकृति लिने काम गरी गराई वैदेशिक रोजगार ऐन, २०६४ विपरीतका कार्य गरेको देखिन आएकोले आयोगको मिति २०७३।२।२ निर्णयानुसार अनुसन्धानबाट देखिन आएको वस्तुस्थिति विवरण, निजले अनुसन्धानको क्रममा गरिदिएको बयानको प्रतिलिपि लगायतका संकलित प्रमाणका सक्कल कागजातहरू समेत संलग्न राखी कानून बमोजिम जो जे गर्नुपर्ने हो गर्न आयोगको मिति २०७३।२।२ को निर्णयानुसार वैदेशिक रोजगार विभागलाई सुझाव लेखी पठाइएको।

**११. सूचना तथा संचार मन्त्रालय**

(१) नेपाल टेलिभिजनसँग वर्ल्ड भिजन मिडिया वाइङ हाउस प्रा.लि.ले आर्थिक कारोबार गर्दा काष्ठमण्डप डेभलपमेन्ट बैंकको नामको नक्कली बैंक ग्यारेन्टी पत्रहरू नेपाल टेलिभिजनमा पेश गरी ठगी गरेको र सो सम्बन्धमा महाप्रबन्धक लक्ष्मण हुमागाई, आर्थिक प्रशासन महाशाखा निर्देशक राजनकुमार श्रेष्ठ, कार्यकारी लेखा अधिकृत पवनकुमार माण्डव्य, वरिष्ठ लेखा अधिकृत कमलप्रसाद रेग्मी, वरिष्ठ लेखा अधिकृत शरदचन्द्र श्रेष्ठ, वरिष्ठ लेखा अधिकृत ऋषिराम भन्तना र लेखा अधिकृत दिनेश पौडेलले सो प्रा.लि.सँग मिलोमतो गरी लापरबाहीपूर्वक काम गरी संस्थानको रकम रु. ८,६४,७७,०५४।०८ जोखिममा पारेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा वर्ल्ड भिजन मिडिया वाइङ हाउस प्रा.लि.सँग नेपाल टेलिभिजनले आर्थिक कारोबार गर्दा वर्ल्ड भिजन मिडिया वाइङ हाउस प्रा.लि.का सञ्चालक दिनेश श्रेष्ठले नक्कली बैंक ग्यारेन्टी पत्रहरू पेश गरेको सम्बन्धमा नेपाल टेलिभिजनका माथि उल्लिखित पदाधिकारीहरूको संलग्नता ठोस रूपमा पुष्टि हुन सकेको मिसिलबाट देखिन आएन। नेपाल टेलिभिजनसँग आर्थिक कारोबार गर्दा पेश भएका बैंक ग्यारेन्टी पत्रहरूका सम्बन्धमा नेपाल टेलिभिजनले सम्बन्धित बैंकसँग आधिकारिकता नबुझेकोले वर्ल्ड भिजन मिडिया वाइङ हाउस प्रा.लि.ले संस्थानलाई ठगी गरी हानि नोक्सानी पुर्‍याएको सम्बन्धमा काठमाडौं जिल्ला अदालतमा ठगी मुद्दा चलिरहेको देखियो। नक्कली बैंक ग्यारेन्टी पत्र पेश भएको सम्बन्धमा आगामी दिनमा नेपाल टेलिभिजन

व्यापार निर्देशिका, २०६१ बमोजिम प्राप्त हुने बैंक ग्यारेन्टी पत्रहरूको आधिकारिकता बुझी यकिन गरेर आर्थिक कारोबार गर्ने गराउने व्यवस्था मिलाउन आयोगको मिति २०७२।५।३१ को निर्णयानुसार नेपाल टेलिभिजन सिंहदरबारलाई सुझाव दिइएको।

**१२.ऊर्जा मन्त्रालय अन्तर्गत**

(१) नेपाल विद्युत प्राधिकरण अन्तर्गत १३२ के.भी. सोलु कोरिडोर प्रसारण लाइन आयोजना ठेक्का नं. ICB-TL।SC।०७१।७२-१ अन्तर्गत ठेक्काका शर्तहरू परिवर्तन गरी अनियमितता गरेको भन्ने समेत व्यहोराको उजुरी निवेदन उपर अनुसन्धान हुँदा बोलपत्र प्रक्रियाको अनुसन्धानका क्रममा पहिचान भएका देहायका विषयहरूका सम्बन्धमा आयोगको मिति २०७२।६।१ को निर्णयानुसार ऊर्जा मन्त्रालय र नेपाल विद्युत प्राधिकरण, सञ्चालक समितिलाई लेखी पठाइएको ।

(क) आयोजनाहरूको निर्माण कार्यमा तदारुकता नदेखाएको कारण समयमा आयोजना निर्माण सम्पन्न हुन नसकी प्राधिकरणले हर्जाना तिर्नुपर्ने अवस्था सिर्जना भएमा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ८ र ९ बमोजिम सम्बन्धित पदाधिकारीहरूलाई जिम्मेवार बनाउन आवश्यक व्यवस्था गर्ने ।

(ख) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७(१)(ख) मा नेपाल सरकार र दातृ पक्षबीच भएको सम्झौतामा सो पक्षको खरिद निर्देशिका अनुरूप खरिद गरिने अवस्थामा बाहेक सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ को उपदफा ३(ख) अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको नमुना बोलपत्रसम्बन्धी कागजात प्रयोग गर्नुपर्ने प्रावधान रहेको र भारतीय अर्थ मन्त्रालयले जारी गरेको Terms and conditions and procedure to be adopted in respect of India (GOI) supported EXIM Bank Lines of Credit (LOC's) को Annex II मा "Borrowing countries may follow bidding process in accordance with their own procurement laws, rules, regulations and procedures which should be clearly defined and details should be provided to GOI in advance to ensure that the award of contract is made in a fair and transparent manner" उल्लेख भएको सन्दर्भमा सोलु कोरिडोर १३२ के.भी. प्रसारण लाइन आयोजना लगायतका EXIM Bank को Soft loan मा निर्माण हुने आयोजनाहरूमा सार्वजनिक खरिद ऐन, २०६३ अनुरूपको खरिद प्रक्रिया अपनाउनुपर्ने देखियो । नेपाल विद्युत प्राधिकरण अन्तर्गत सोलु कोरिडोर १३२ के.भी. प्रसारण लाइन आयोजनामा प्रयोग गरिएको बोलपत्रसम्बन्धी कागजात कोशी कोरिडोर २२० के.भी. प्रसारण लाइन आयोजना र कावेली कोरिडोर १३२ के.भी. प्रसारण लाइन आयोजनामा प्रयोग गरिएको बोलपत्रसम्बन्धी कागजातभन्दा सारभूतरूपमा फरक रहेको देखियो।कोशी कोरिडोर र कावेली कोरिडोरमा प्रयोग गरिएको बोलपत्रसम्बन्धी कागजात सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी गरिएको नमुना बोलपत्र सम्बन्धी कागजात "Standard bidding document for works single stage post qualification (ICB)" सँग धेरै हदसम्म Compatible देखियो।यी दुई आयोजनाका लागि प्रयोग गरिएका बोलपत्रसम्बन्धी कागजातका विषयवस्तुहरू विस्तृत एवं Standard form मा उल्लेख गरिएका कारण खरिद कारबाहीमा अन्योल हटाउन, विवाद न्यूनीकरण गर्न तथा निर्णय प्रक्रियालाई सहज बनाउन मद्दत पुग्ने देखियो भने सोलु कोरिडोर १३२ KV प्रसारण लाइन आयोजनामा प्रयोग गरिएको बोलपत्रसम्बन्धी कागजातमा उल्लेख गरिएका प्रावधानहरू

पर्याप्त र पूर्ण देखिएन । प्रत्येक Clause मा पर्याप्त व्यहोरा उल्लेख नगरिएको यस किसिमको बोलपत्र सम्बन्धी कागजातले खरिद प्रक्रियामा अन्योलता सिर्जना गर्ने, विवाद निम्त्याउने तथा मूल्यांकन प्रक्रियामा स्वविवेकले स्थान प्राप्त गर्ने अवस्था सिर्जना हुने भएकोले समान प्रकृतिका आयोजनाहरूका लागि बोलपत्र प्रक्रियाद्वारा आयोजना निर्माणसम्बन्धी खरिद कार्य गर्दा विद्यमान कानून र प्रचलित मापदण्ड समेतलाई आधार बनाई बोलपत्र कागजातमा एकरूपता कायम गर्ने व्यवस्था गर्ने ।

(२) नेपाल विद्युत प्राधिकरण, महाराजगंज वितरण केन्द्र (तत्कालीन उत्तर वितरण केन्द्र), बसुन्धरा महाराजगन्जको तत्कालीन कार्यालय प्रमुख प्यारु राणा समेतले पदको दुरुपयोग गरी कार्यालयका सामानहरू ग्राहकलाई बिक्री वितरण गर्ने, ग्राहकबाट पैसा असुल उपर गर्ने ठूला उद्योग, मिल, हाउजिङ आदि ठाउँमा रकम लिई सुधारको नाउँमा ती ठाउँहरूमा ट्रान्सफरमर राख्ने भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा अव्यवस्थित रूपमा भइरहेको जग्गा प्लटिङमा हुने Rechargeable Work Order कार्यलाई प्रभावकारी रूपमा नियमन गर्दै स्थानीय निकाय समेतको समन्वयमा व्यवस्थित गर्न, व्यावसायिक रूपमा हुने प्लटिङ तथा बसाई Re settlement मा RWO को दुरुपयोग नगर्न नगराउन, नयाँ लाइन बिस्तार सम्बन्धमा स्थानीय स्तरबाट भएको माग र आवश्यकता बमोजिम कार्यक्रम बनाई सोही आर्थिक वर्षमा नै कार्य सम्पन्न गर्न पहल गर्न गराउन, RWO को काम सम्बन्धित वितरण केन्द्रबाट हुने गरेकोमा आर्थिक वर्षको अन्त्यमा वितरण केन्द्र प्रमुखको तालुक निकायबाट वर्षभरिमा भए गरेका कार्यहरूको निरीक्षण अवलोकन गर्न गराउन लगाई RWO का वर्षभरिको कामहरूको विवरण संकलन गरी Documentation Profile तयार गर्न गराउन आवश्यक व्यवस्था मिलाउन आयोगको मिति २०७३।१।७ को निर्णायानुसार नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालयलाई सुझाव लेखी पठाइएको ।

**१३. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत**

(१) कृषि सामग्री कम्पनी लिमिटेड, कुलेश्वर, काठमाडौंले आ.व.०६८।६९ मा ग्लोबल टेण्डरको मूल्यभन्दा महँगोमा जि.टु.जि.बाट डि.ए.पी. मल खरिद गरेको र आ.व. ०७१।७२ मा ग्लोबल टेण्डर रद्द गरी जि.टु.जि.बाट मल खरिद गर्न लागेको भन्ने लगायतका सम्बन्धमा सरकारी तथा सार्वजनिक संस्थानहरूले टेण्डर प्रक्रियामा नगई सोझै मालसामानहरू खरिद गर्ने सम्बन्धमा सार्वजनिक खरिद ऐन,२०६३ मा कुनै प्रावधान नभएको, उक्त ऐनको दफा ४१ मा भएको व्यवस्थाले जि.टु.जि.बाट मल खरिद गर्न छुट नदिएको अवस्थामा समेत मिति २०७१।६।२ को मन्त्रिपरिषदको निर्णयले जि.टु.जि.बाट मल खरिद गर्न स्वीकृति दिएको देखियो। मल खरिदसम्बन्धी विषय मन्त्रिपरिषदमा लैजानुपर्ने विषय नभएकोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारलाई छल्ने उद्देश्यले आफूले निर्वाह गर्नुपर्ने जिम्मेवारी पूरा नगरी, जिम्मेवारी पन्छाउने किसिमले यस किसिमका प्रस्तावहरू मन्त्रिपरिषदमा लैजाने प्रवृत्ति बढेको देखिंदा अब आइन्दा यस किसिमका प्रस्तावहरू मन्त्रिपरिषदमा लैजानेलाई जिम्मेवार ठहर्याई कानून बमोजिम कारबाही गरिने हुँदा त्यस किसिमका प्रवृत्तिहरूलाई निरुत्साहित गर्नेतर्फ आवश्यक व्यवस्था गर्न गराउनका लागि आयोगको मिति २०७२।६।१३ को निर्णयानुसार नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई अनुरोध गरी लेखी पठाइएको ।

(२) डिभिजन सडक कार्यालय काठमाडौंले पुल निर्माणमा प्रयोग हुने रडको प्रचलित दररेट र मापदण्डमा चलखेल गरी लागत बढाएको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा निर्माण कार्यको दररेट विश्लेषण नर्म्स, २०४१ र सोमा भएको दोस्रो संशोधन २०५० पछि एकीकृत रूपमा नर्म्स तयार भई प्रयोगमा आएको देखिएन। नियमित रूपमा सापेक्ष हुने गरी सो नर्म्सलाई संशोधन/परिमार्जन गरी विभिन्न मन्त्रालय अन्तर्गत हुने निर्माण कार्यहरूमा एकरूपता कायम गर्नुपर्ने देखियो। हाल विभिन्न मन्त्रालयले एउटै कामको लागि फरक-फरक नर्म्स प्रयोग गरेको समेत देखिंदा एकीकृत रूपमा नर्मस निर्माणको व्यवस्था मिलाउनका लागि आयोगको मिति २०७२।६।१४ को निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाइएको ।

(३) मिति २०७२ साल वैशाख १२ गते गएको शक्तिशाली विनाशकारी भूकम्प पश्चात् राहत सामग्री संकलन, खरिद तथा वितरण लगायतका आम सरोकार तथा मानवीय संवेदनशीलताका विषयमा आयोगको ध्यानाकर्षण भई उल्लेखित विषयहरूमा हुन सक्ने अनियमितता सम्बन्धमा आयोगको मिति२०७२।४।३१ गतेको निर्णयबाट छानबिन कार्यटोली गठन भई कार्यटोलीले राहत व्यवस्थापनसँग प्रत्यक्ष सरोकार राख्ने केन्द्रीय तथा स्थानीय स्तरका कार्यालयहरूबाट अभिलेख संकलन गर्नुका साथै सम्बन्धित सरोकारवाला, पीडितहरूसँग समेत अन्तरक्रिया गरी आवश्यक सुझाव सहित प्रतिवेदन पेश गरेकोमा छानबिन प्रतिवेदनले आयोगबाट विस्तृत छानबिन गर्नुपर्ने भनी सुझाएका विषयहरूमा तत्काल आयोगले विस्तृत अनुसन्धान गर्ने र अन्य सुझावहरूका हकमा कार्यान्वयनका लागि आयोगको मिति २०७२।८।१० को निर्णयानुसार नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई लेखी पठाइएको।

(४) जिल्ला पर्वत, कार्किनेटा गा.वि.स. वडा नं.७ बस्ने सुशीलप्रसाद शर्माले नक्कली अपांग बनी अपांगताको परिचयपत्र बनाई लोक सेवा आयोगबाट लिइएको अ.हे.ब.को परीक्षामा सामेल भई परीक्षा उत्तीर्ण गरेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा सुशीलप्रसाद शर्मा (कार्किनेटा-७,पर्वत) ले मिति २०७०।११।२३ मा अपांगता परिचयपत्रको लागि अनुसूची-२ को आवेदनसाथ दिएको निवेदनको आधारमा कार्कीनेटा गा.वि.स.को कार्यालयले मिति २०७०।११।२३ मा निजको देब्रे हातले काम नदिने भै अपांग हुँदा अपांगता परिचयपत्र उपलब्ध गराई दिन भनी सिफारिस गरेको र सोही आधारमा निजले "घ" वर्गको शारीरिक अपांगता भएको व्यक्तिको परिचयपत्र पाएको र सोही बमोजिमको वैयक्तिक विवरण महिला तथा बालबालिका कार्यालय, पर्वतबाट प्रमाणित भै आएको देखियो। अपांगता भएका व्यक्तिहरूको परिचयपत्र वितरण निर्देशिका, २०६५ को आधारमा अपांगता परिचयपत्र वितरण गर्ने गरिएको र सोही आधारमा लोक सेवा आयोग लगायत अन्य प्रतिस्पर्धामा माग हुने विज्ञापनहरूमा दरखास्त दिने प्रतिस्पर्धीहरूले अपांगताको परिचयपत्रको प्रमाणित प्रतिलिपि मात्र पेश गर्ने गरेको, अपांगताको वर्गीकरणका आधारमा दरखास्त माग गर्ने तथा प्राप्त गर्ने सुविधामा भिन्नता नहुने हुँदा वास्तविक रूपमा शारीरिक अपांगता नभएका व्यक्तिहरूले सानो सानो अपांगतालाई देखाई अपांगता परिचयपत्र प्राप्त गर्ने र सोही परिचयपत्रका आधारमा प्रतिस्पर्धा गर्ने र परीक्षामा उत्तीर्ण समेत हुने अवसर रहँदा वास्तविक अपांगलाई राज्यद्वारा दिइएको अवसरको सही प्रयोग हुन नसकिरहेको देखिएकोले उपर्युक्त अवस्थाहरूलाई सम्बोधन हुने गरी प्रचलित ऐन नियमहरूमा समसामयिक परिमार्जन गरी अपांगताको परिभाषा समेत स्पष्ट गरी सामान्य अपांगता भएका

व्यक्तिले अपांग व्यक्तिका लागि छुट्याइएको आरक्षण कोटाको सिटमा प्रतिस्पर्धा गर्न नपाउने गरी अपांगता भएका व्यक्तिहरूको परिचयपत्र वितरण निर्देशिका, २०६५ लाई व्यावहारिक बनाई वास्तविक अपांगता भएका व्यक्तिले मात्र राज्यद्वारा दिइएको अवसर उपभोग गर्न सक्नेतर्फ आवश्यक व्यवस्था गर्न गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार लाई आयोगको मिति २०७२।८।१३ को निर्णयानुसार लेखी पठाइएको ।

(५) उत्तर-दक्षिण (कोशी) सडक योजना खाँदबारी, संखुवासभाका योजना प्रमुख सत्येन्द्र शाक्य र लेखा अधिकृत राजेन्द्र ओझाले योजनाको विभिन्न शीर्षकको बजेट नक्कली बिल बनाई भ्रष्टाचार गरेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा उत्तर-दक्षिण (कोशी) योजनाको कन्टिन्जेन्सीको सम्पूर्ण रकमलाई योजनाको काममा खर्च नगरी दुई प्रतिशत रकम सडक विभागमा पठाउने गरेको, बहुवर्षीय ठेक्काको कन्टिन्जेन्सी रकम ठेक्काको वार्षिक प्रगतिको अनुपातमा खर्च नगरेको, कन्टिन्जेन्सीको रकम खर्च गर्दा ठेक्के पिच्छे (Contract Wise) को कन्टिन्जेन्सी खाता राख्ने नगरेको, डोर हाजिरीमा काम गराइएका कामदारहरूले गरेको कामको चेनेज र परिमाणको स्पष्ट विवरण राख्ने नगरेको, कन्टिन्जेन्सीको रकमबाट कार्यालयमा स्टेसनरी, छपाई, कार्यालय सामान, इन्धन, विद्युत, संचार, सवारी साधन मर्मत, सूचना प्रकाशन, दैनिक भ्रमणभत्ता आदिमा खर्च गर्ने गरेको र योजनाबाट काजमा कर्मचारी खटिंदा, खटाउँदा र इन्धन खर्च गर्दा मितव्ययितातर्फ ध्यान नदिएको समेत पाइयो। अतः कुनै पनि विकास र योजना निर्माण गर्दाको बखतको कन्टिन्जेन्सी रकम खर्च गर्दा एकरूपता र प्रभावकारिता कायम गर्नका लागि कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धमा स्पष्ट कार्यविधि एवं मापदण्ड बनाई लागू गर्ने व्यवस्था गर्न आयोगको मिति २०७२।८।१४ को निर्णयानुसार नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई लेखी पठाइएको।

(६) नेपाल स्वास्थ्य अनुसन्धान परिषदका अध्यक्ष र सदस्यको नियुक्ति प्रक्रिया अनियमित रहेको, स्वास्थ्य सम्बन्धी अध्ययन तथा अनुसन्धान नै नगरेको व्यक्ति पनि नियुक्तिमा परेको भन्ने लगायतको उजुरी सम्बन्धमा यस आयोगबाट छानबिन हुँदा नेपाल स्वास्थ्य अनुसन्धान परिषदमा पदाधिकारीहरूको नियुक्ति विभिन्न मितिमा मन्त्रीस्तरको निर्णयबाट भएको देखिएको र उपरोक्त नियुक्तिहरूका सम्बन्धमा नेपाल स्वास्थ्य अनुसन्धान परिषद ऐन, २०४७ को दफा ७(१)(क) मा परिषद कार्य सञ्चालनको निमित्त स्वास्थ्यसम्बन्धी अध्ययन तथा अनुसन्धानमा अनुभव प्राप्त आधुनिक चिकित्सा प्रणाली तथा आयुर्वेदिक चिकित्सा प्रणालीका चिकित्सकहरू मध्येबाट नेपाल सरकारद्वारा मनोनीत ७ जना व्यक्ति सदस्य रहने र नेपाल सरकारले तोकेको १ जना व्यक्ति सदस्य-सचिव रहने व्यवस्था रहेको देखियो। त्यसैगरी सोही दफाको उपदफा २ मा नेपाल सरकारले उपदफा (१) को खण्ड (क) बमोजिम मनोनीत सदस्यहरू मध्येबाट १ जना अध्यक्ष तथा १ जना उपाध्यक्ष तोकिदिनेछ भनी उल्लेख भएको देखियो। यसरी नेपाल स्वास्थ्य अनुसन्धान परिषद ऐन, २०४७ को दफा ७(१)(क) र (च), दफा ७(२) बमोजिम उपरोक्त पदाधिकारीहरूको नियुक्ति नेपाल सरकारले गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था र कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा २(झ) को (च) मा नेपाल सरकार भन्नाले नेपालको कार्यकारिणी अधिकार प्रयोग गर्ने मन्त्रिपरिषदलाई सम्झनुपर्छ भन्ने व्यवस्था रहेको साथै सम्मानित श्री सर्वोच्च अदालतको पूर्ण इजलासबाट नेपाल सरकारलाई भएको कुनै अधिकार मन्त्रिपरिषद बाहेकको अन्य निकाय वा पदाधिकारीबाट प्रयोग गर्न नपाइने भनी (ने.का.प.

२०६८, नि.नं. ८६४४, पृष्ठ १११८) मा सिद्धान्त समेत प्रतिपादित भएको सन्दर्भमा नेपाल नेपाल सरकार (मन्त्रिपरिषद) ले गर्नुपर्ने नियुक्ति तत्कालीन मन्त्रीबाट भएको देखिएको हुँदा उपरोक्त पदाधिकारीहरूको मनोनयनलाई कानूनसम्मत मान्न मिल्ने नदेखिएकोले अब उप्रान्त यो र यस्तै प्रकारले नेपाल मेडिकल काउन्सिल, नेपाल नर्सिङ परिषद, नेपाल स्वास्थ्य व्यावसायिक परिषद, नेपाल फार्मेसी परिषद, नेपाल आयुर्वेदिक चिकित्सा परिषद, लुम्बिनी विकास कोष, वी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल लगायतका पदाधिकारीहरूका उपरोक्त निकायहरूमा पदाधिकारी नियुक्त गर्दा नेपाल सरकार (मन्त्रिपरिषद) बाट निश्चित मापदण्ड तयार गरी मात्र नियुक्ति तथा मनोनयन हुने व्यवस्था गर्न गराउन आयोगको मिति २०७३।१।१५ को निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा सुझाव लेखी पठाइएको।

**१४. महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय**

(१) खानेपानी तथा ढल निकास विभाग, काठमाडौंको नायब सुब्बा पदमा कार्यरत अरुण सापकोटाले प्राप्त गरेको बोलाई सम्बन्धी अपांगताको प्रमाणपत्र नक्कली भएको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा ठूली पोखरी-१, पर्वत स्थायी ठेगाना भई हाल खानेपानी तथा ढल निकास विभाग, काठमाडौंको नायब सुब्बा पदमा कार्यरत अरुण सापकोटा अपांग कोटामा नभई लोक सेवा आयोगको खुला प्रतियोगिताबाट नायब सुब्बा पदमा सिफारिस भई नियुक्ति भएको पाइयो । निज अरुण सापकोटाको शिक्षण अस्पताल महाराजगंजका सिनियर स्वीच प्याथोलोजिष्ट एण्ड अडियोलोजिष्टबाट परीक्षण हुँदा निजको बोलीको Informal तथा Formal Assessment दुवै तरिकाबाट गरिएको जाँचका आधारमा र खासगरी Stuttering Severity Index बाट गरिएको जाँचको आधारमा निजमा Mild Degree को Stuttering Problem (भकभकेपना) भएको भन्ने प्रमाणित भै आएको देखिंदा यस्तो प्रकृतिका व्यक्तिहरूलाई प्रमाणपत्र जारी गर्दा वास्तविक अपांगहरू आफ्नो हक अधिकारबाट वञ्चित हुन सक्ने अवस्था देखिंदा अपांगताको प्रमाणपत्र वितरणका सम्बन्धमा पुनर्विचार गर्न आयोगको मिति २०७२।६।१७ को निर्णयानुसार नेपाल सरकार, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयमा लेखी पठाइएको ।

(२) समाज कल्याण परिषद्का निर्देशक मदनप्रसाद रिमालले २०७१।८।११ मा उमेरको हदम्यादको कारण अनिवार्य अवकाश पाउनुपर्नेमा ५० लाख खर्च गरेर बदनियतपूर्वक २ वर्ष म्याद थप गरेको, समाज कल्याण परिषदमा अनियमितता भएको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा निर्देशक मदनप्रसाद रिमालको १ वर्ष ८ महिना (मिति २०७१।८।११ मा अनिवार्य अवकाश हुने) मात्र सेवा अवधि बाँकी रहेको अवस्थामा सो अवधिभरमा लिन खान पाउने सम्पूर्ण पारिश्रमिक रकमबाट चुक्ता हुन नसक्ने गरी मिति २०७०।१।१३ मा रु.१६,६५,६००।- घर कर्जा बापतको रकम निजलाई भुक्तानी गरेको पाइयो। निज मदनप्रसाद रिमालले यसपूर्व पनि मिति २०५१।९।२२ मा रु.६९,४८०।- र मिति २०५८।२।२ मा रु.१,९६,८४८।- घर कर्जा बापतको रकम भुक्तानी लिएको देखियो। समाज कल्याण परिषदको कर्मचारी कल्याण कोषबाट विभिन्न कर्मचारीहरूलाई दिइने घर कर्जाका विषयमा स्पष्ट कार्यविधि (मागदाबी गरेको रकम, सो को विश्लेषण, आलोपालोको व्यवस्थापन, कर्जाको सुरक्षण समेत) को व्यवस्थापन नगरी प्रभाव पार्न सक्ने हैसियतका कर्मचारीहरूको सुविधा र हितमा मात्रै प्रयोग हुने गरी कर्जा बापतको रकम वितरण भएको देखिएकोले सो कर्जा बापतको रकमको व्यवस्थापन गर्न स्पष्ट कार्यविधि (मागदाबी गरेको

रकम, सो को विश्लेषण, आलोपालोको व्यवस्थापन, कर्जाको सुरक्षण समेत) को प्रबन्ध गरेर मात्र कर्जा वितरण गर्ने गराउने व्यवस्था गर्न आयोगको मिति २०७२।१२।२४ को निर्णयानुसार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई लेखी पठाइएको ।

(३) कैलाली जिल्लाको वसन्ता वनक्षेत्र (करिडोर) मा वन फडानी भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा कैलाली जिल्लाको पहलवानपुर गा.वि.स.स्थित नकफोडुवा भन्ने ठाउँमा जनता सामुदायिक वनको क्षेत्रमा रहेको रेत्ताही पोखरीमा पहिले देखि सानो पोखरि रहेको स्थानमा सिंचाइ प्रयोजनको लागि विश्व खाद्य कार्यक्रम (WFP) को "कामको लागि सहुलियत" (Cash for work) भन्ने कार्यक्रमबाट MercyCrops Nepal नामक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले रु.७९,२००।- बराबरको ज्याला सहयोग उपलब्ध गराई वन क्षेत्रभित्र रहेको प्राकृतिक पोखरीको बहावलाई रोकी करिब ६ फिट अग्लो बाँध बनाई पोखरीमा थप पानी संकलन गरी बाह्रै महिना पानी प्रयोग गर्ने उद्देश्यले सोही क्षेत्रका बासिन्दाहरूलाई समेटी रेत्ताही उपभोक्ता समिति गठन कुलो निर्माण गरी सिँचाइ प्रयोजनको लागि पानी लगेको पाइयो। उक्त कार्यबाट पानी जमेको कारणले विभिन्न जातका गरी जम्मा २०५ वटा रूखहरू सुक्न गएका र सुकेका रूखहरू प्राकृतिक स्थानमा यथावत रहेको पाइयो। यसरी स्थानीय बासिन्दाले सिँचाइ गर्ने उद्देश्यले बाँध निर्माण गरेका तथा रूख सुकाउने मनसायले उक्त बाँध बनाउने काम भएको भन्ने खुल्न नआए तापनि वनक्षेत्र तथा वातावरणमा पर्न सक्ने प्रतिकूल असरका सम्बन्धमा अध्ययन नै नगरी, सम्बन्धित निकायबाट सहमति समेत नलिई पानीको प्राकृतिक बहाव रोकिएको कारणले नै बढी रूखहरू सुक्न गएको देखिएकोले आगामी दिनमा यस प्रकारका क्रियाकलापहरू हुन नदिनका लागि वन क्षेत्रभित्र विकास निर्माणका कार्य सञ्चालन गर्दा सम्बन्धित निकायको स्वीकृति लिई मात्र सञ्चालन गर्न पाउने नीतिगत व्यवस्था कडाइका साथ पालना गर्न गराउन र वातावरणमा पर्न सक्ने प्रतिकूल असरका सम्बन्धमा अध्ययन गरी गराई सम्बन्धित निकायबाट अनुमति लिएर मात्र वन क्षेत्रभित्र पर्ने विकास निर्माणका कार्यमा सहयोग गर्ने व्यवस्था गर्न समाज कल्याण परिषद मार्फत MercyCrops नेपाललाई आयोगको मिति २०७३।१।१३ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

**१५. अर्थ मन्त्रालय**

(१) सर्लाही भन्सार कार्यालयका प्रमुख टीकाराम भुसालले चोरी तथा भन्सार छलीका अवैध सवारी साधन लिलाम गर्दा गिरोहसँग मिलोमतो गरी आर्थिक लाभ लिएको तथा राजश्व छली गरी सरकारलाई हानि नोक्सानी पुऱ्याएको भन्ने समेतको सम्बन्धमा अनुसन्धान गरी भन्सार कार्यालयबाट जफत गरिएका सवारी साधनको लिलाम बिक्री गर्ने प्रयोजनका लागि स्थानीय मूल्यांकन समितिले यान्त्रिक तथा भौतिक अवस्था, स्थानीय माग, उपयोगिता, प्रयोग गर्न सकिने अवधि, ह्रास कट्टी, अवशेष मूल्य र बजार मूल्यको अतिरिक्त सवारी साधनको Manufacturing Date र Modal Number समेत उल्लेख गरी स्पष्ट आधार र कारणहरू खुलाएर न्यूनतम मूल्य कायम गर्ने व्यवस्था गर्न गराउन आयोगको मिति २०७२।६।१७ को निर्णयानुसार अर्थ मन्त्रालयलाई लेखी पठाइएको ।

**१६. खानेपानी तथा सरसफाइ मन्त्रालय अन्तर्गत**

(१) प्यूठान जिल्ला, खुङ्ग गा.वि.स.मा सञ्चालित खोरचौर खानेपानी तथा सरसफाइ कार्यक्रमको रकम हिनामिना गरेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा खोरचौर खानेपानी तथा सरसफाइ

आयोजना ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति मार्फत सञ्चालन भएको र कन्सल्टेन्ट मार्फत योजनाको समग्र मूल्यांकन गरी भुक्तानी प्रक्रियामा ल्याएको पाइयो। उपभोक्ता समिति तथा सहयोगी संस्था मल्लरानी ग्रामीण विकास तथा सरोकार केन्द्रले गरेको खर्चलाई पारदर्शी बनाउन सार्वजनिक सुनुवाई समेत गरेको देखियो। तापनि निर्माण भइसकेपछिका संरचनाहरू साबिक डिजाइन अनुसार दुरुस्त नभएको तर भुक्तानी गर्दा भने डिजाइन अनुसार नै भुक्तानी भए गरेको देखिंदा निर्माणस्थलको वास्तविक नापजाँच गरी भुक्तानी भएको भन्न सकिने अवस्था नदेखिएकोले कुनै पनि निर्माण कार्य सम्पादन गर्न आवश्यक पर्ने लगत इस्टिमेट, डिजाइन, नापी किताब, भुक्तानीका लागि रनिङ बिल, कार्य सम्पादन प्रतिवेदन, जस्ता सम्पूर्ण विधि र प्रक्रिया पूरा गर्न ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति, काठमाडौंलाई आयोगको मिति २०७२।८।१३ को निर्णयानुसार लेखी पठाइएको ।

(२) काठमाडौं जिल्ला इचंगुनारायण गा.वि.स. वडा नं. ४ मा सञ्चालित पाँचधारा मूल संरक्षण तथा खानेपानी उपभोक्ता समितिका अध्यक्षले संस्थाको विधान र प्रचलित कानून विपरीत हुने गरी तलब भत्ता लिने गरेको, उपभोक्ताहरूबाट प्राप्त रकमको हिसाब किताब नराखेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा साबिक इचंगुनारायण गा.वि.स. वडा नं. ४ हाल नागार्जुन नगरपालिका- ३ स्थित पाँचधारा मूल संरक्षण तथा खानेपानी उपभोक्ता समितिले खानेपानी संकलन तथा वितरण प्रणालीका लागि आ.व. ०६३।६४ देखि आ.व. २०६८।६९ सम्म खानेपानी क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालय मार्फत जम्मा रु.१,३०,१२,६१७।९३ लागतमा निर्माण र सञ्चालन कार्य गरी हाल ६९३ धाराहरू मार्फत खानेपानीको व्यवस्थापन र सञ्चालन गर्दै आएको देखियो। उक्त संस्था मिति २०५९।६।२३ मा काठमाडौं जिल्ला जलस्रोत समितिमा दर्ता भई प्रमाणपत्र पाएको देखियो। पाँचधारा मूल संरक्षण तथा खानेपानी उपभोक्ता समितिका अध्यक्ष रामशरण नगरकोटीलाई सो समितिको मिति २०६५।९।५ को बैठकको निर्णयले कार्यकारी अध्यक्षको जिम्मेवारी तोकेको र मिति २०६५।१२।८ को निर्णय अनुसार २०६५ पौष महिनादेखि प्रतिमहिना रु.८,०००।- तलब पाउने गरी प्रबन्धकको समेत जिम्मेवारी दिइएकोमा सो निर्णयको साधारण सभाबाट अनुमोदन भने भएको देखिएन। तर सो समितिमा अध्यक्षले प्रबन्धकको जिम्मेवारी पाई भुक्तानी लिएको रकम तलबका रूपमा समावेश गरी लेखा परीक्षण गराई लेखा परीक्षण प्रतिवेदन साधारण सभाबाट पारित भएको देखियो साथै सो खानेपानी उपभोक्ता समितिको वार्षिक साधारण सभाहरू मिति २०७०।६।२०, मिति २०७१।९।५ र मिति २०७२।८।५ मा सम्पन्न भएको देखियो। सो समितिले आ.व. ०६९।७० देखि नै नियमित रूपमा लेखा परीक्षण गराएको र साधारण सभाबाट आय-व्यय विवरण तथा लेखा परीक्षण प्रतिवेदन पारित भएको देखियो । यसैगरी समितिलाई आवश्यक पर्ने कर्मचारीको मिति २०६५।१२।८ मा दरबन्दी सिर्जना गरेकोमा मौखिक परीक्षा लिई नियुक्ति दिई समितिको मिति २०७०।७।६ को निर्णयबाट अनुमोदन गरेको र समितिले हाल पदपूर्ति समिति गठन गरी भर्ना गरेको देखियो। समितिको मिति २०७०।१०।११ को बैठकले खानेपानीको बैकल्पिक मूल आवश्यक भएकोले पाँचधारा खानेपानी मुहानसँगैको इचङ्गुनारायण गा.वि.स.-४ स्थित कि.नं. १०६ क्षे.फ. १०७.३५ व.मि. को जग्गा हिराकुमारी न्यौपानेबाट रु.२८,००,०००।- मा खरिद गर्ने निर्णय गरेको र मिति २०७०।१०।१३ मा उक्त जग्गा खरिद गरेको देखियो । तर जग्गा खरिद गर्दा मूल्यांकन गरेको भने देखिएन।

तथापि समितिलाई आवश्यक पर्ने जग्गा संस्थाकै नाममा खरिद गरेको देखिएकोले अन्यथा भएको भन्न सकिने अवस्था भने देखिंदैन। मिति २०७१।८।२६ को स्थलगत प्रतिवेदन समेतका हालसम्मको कागज प्रमाणका आधारमा उक्त समितिका पदाधिकारीबाट अनियमितता भएको भन्ने पुष्ट्याइँ हुने अवस्था खुलेको पाइएन ।यद्यपि समितिको काम कारबाहीलाई पारदर्शी रूपमा अगाडि बढाउन, समितिको आय-व्यय विवरण नियमित रूपमा सार्वजनिकीकरण गर्न र उपभोक्ताहरूको व्यापक सहभागितामा संस्थाको सामाजिक परीक्षण (Social Audit) गर्न गराउन आयोगको मिति २०७३।१।७ को निर्णयानुसार काठमाडौं जिल्ला जलस्रोत समितिलाई लेखी पठाइएको ।

(३) नेपाल सरकार, ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिको सहयोगमा अर्घाखाँची र गुल्मी जिल्लामा खानेपानी आयोजना सञ्चालनका लागि निकासा भएको रकम पहाडी स्रोत व्यवस्थापन समूह (MRMG) का सञ्चालक डा. दुमन सिंह थापाले हिनामिना गरेको र निकासा भएको ६ महिनासम्म पनि कुनै काम सुरु नगरेको भन्ने समेत व्यहोराको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा नेपाल सरकार, खानेपानी तथा सरसफाइ मन्त्रालय अन्तर्गत ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति, पहाडी स्रोत व्यवस्थापन समूह (MRMG) र सम्बन्धित उपभोक्ता समूहहरूबीच मिति २०६९।५।२० मा गुल्मी र अर्घाखाँची जिल्लाका गरी ८ वटा खानेपानी आयोजनाहरूको कार्यान्वयन चरणको सम्झौता भई निम्नानुसारको निकासा भएको देखियो ।

| सि.नं. | खानेपानी आयोजनको नाम | स्थान | आयोजनाको कुल लागत (रु.) | समितिले ब्यहोर्ने (रु.) | समुदायले ब्यहोर्ने (रु.) | हालसम्म निकासा (प्रथम किस्ता) (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | जुकेखोला मेडलचौर | अर्घा/ अर्घाखाँची | १,१०,४२,०५८।९४ | ८५,२४,१३६।६४ | २५१७९२२।३ | ३९,६०,६४०।८३ | |
| २. | देउपुजे खानेपानी | खन अर्घाखाँची | १५,७०,१९७।८३ | १५,५०,१६६।९१ | २०,०३०।९२ | १२,०६,०३०।८८ | |
| ३. | मुस्लेधारा | ठाडा/ अर्घाखाँची | ११,९८,९४७।८९ | ११७९३४४।०६ | १९६०३।८३ | ८,००८९७।९७ | |
| ४. | भट्टेखोला | अर्घा/ अर्घाखाँची | १,१०,४२,०५८।९४ | ८५,२४,१३६।६४ | २५१७९२२।३ | ३९,६०,६४०।८३ | |
| ५. | पँधेरेखोला अर्बुन | बल्कोट अर्घाखाँची | ३८,०२,०९४।८४ | १६३६८०।८० | २९६७२३७।६२ | ३१,५०,९१५।४२ | स्थगित भई रकम फिर्ता भएको |
| ६. | सिस्ने दर्लामचौर | दर्लामचौर गुल्मी | १२,५९,१६२।८४ | १२३९०८५।३९ | २००७७।४५ | ७,९१,१५४।६६ | ” |
| ७. | उदिनढुंगा सुफल | पीपलधारा गुल्मी | ११,३५,१८१।३३ | ११,१८,३१०।१९ | १६,८७१।१४ | ६,६३,३२८।१२ | ” |
| ८. | घोस बर्दवास | हाडहाडे गुल्मी | १६,२६,४१८।६० | | | २०,२१,०१०।७३ | ” |

उल्लेखित सम्झौता भएका ८ वटा आयोजनाहरू मध्ये चार वटा आयोजनाहरू निर्माणाधीन रहेको र चालु आ. व. को असार मसान्तसम्ममा सम्पन्न हुने अवस्था देखियो भने सिस्ने दर्लामचौर, घोस बर्दवास, उदिनढुङ्गा सुफाल र पंधेरेखोला अर्बुन गरी चार वटा खानेपानी आयोजनाहरू स्थगित भई रकम समेत फिर्ता भएको देखियो ।उल्लिखित आयोजनाहरू कार्यान्वयन सम्झौता अनुसार सहयोगी संस्थाको तर्फबाट प्राविधिक सहयोग र सहजीकरण

गर्नुपर्ने र सामान खरिद सम्बन्धमा सम्बन्धित उपभोक्ता समितिबाटै हुनु गरिनुपर्ने भनी स्पष्ट रूपमा कार्य विभाजन भए पनि सहयोगी संस्था स्वयं नै सामान संकलन, खरिद तथा ढुवानीमा संलग्न भएको देखियो। साथै सहयोगी संस्थाका अध्यक्षले उपभोक्ता समितिका अध्यक्षहरूलाई बुटवलको न्यू इरा होटलमा बोलाई सामान खरिद गर्न चेक काटी लगेको भन्ने समेतको अवस्था देखिन आएकोले माथि उल्लिखित आयोजनाहरू सञ्चालन गर्दा सहयोगी संस्थाको रूपमा रहेको पहाडी स्रोत व्यवस्थापन समूह (MRMG) बाट आयोजना सम्झौताका प्रावधान विपरीत हुने गरी काम कारबाही भए गरेको देखियो। साथै उक्त आयोजना कार्यान्वयन सम्झौताको बुँदा नं. ११.१ मा सहयोगी संस्था वा खानेपानी तथा सरसफाइ उपभोक्ता समूहको कार्य संतोषजनक नभएमा वा आयोजना व्यवस्थापन गलत ढंगबाट भएमा ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिले सम्झौताको अन्त्य गर्न सक्ने व्यवस्था रहेको देखियो । त्यसैगरी उक्त समितिले सम्झौता अवधिमा कार्यस्थलमा भइरहेको कामको अनुगमन, निरीक्षण गर्ने र विवाद व्यवस्थापन गर्ने सम्बन्धमा विभिन्न प्रावधानहरू उक्त सम्झौतामा उल्लेख भए पनि प्रभावकारी अनुगमन, निरीक्षण र विवाद व्यवस्थापन गर्ने गराउने कार्यको कार्यान्वयनमा उक्त ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिले पर्याप्त ध्यान पुऱ्याउन र कार्यसम्पादन गर्न सकेको अवस्था देखिएन। तसर्थ, यस किसिमका आयोजनाहरू सञ्चालन गर्दा आयोजनाको सम्झौता कार्यान्वयनको सुनिश्चितताका लागि समय समयमा अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाउन, आयोजना सञ्चालनमा कुनै समस्या आइपरेमा वा विवाद उत्पन्न भएमा यथासमयमा समाधानका लागि कदम उठाउन र आयोजनाको व्यवस्थापन र सञ्चालनमा जिम्मेवारीपूर्ण काम कारबाही नगर्ने पहाडी स्रोत व्यवस्थापन समूह (MRMG), काठमाडौंलाई यस प्रकृतिका आयोजना पुनः सञ्चालन गर्न नपाउने गरी सतर्कता अपनाउने सम्बन्धमा उपयुक्त र प्रभावकारी व्यवस्था गर्न गराउन आयोगको मिति २०७३।२।२७ को निर्णयानुसार नेपाल सरकार, खानेपानी तथा सरसफाइ मन्त्रालय तथा ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिलाई सुझाव लेखी पठाइएको ।

**१७. सिंचाइ मन्त्रालय**

(१) सिंचाइ विभाग अन्तर्गतका आयोजनाहरूमा आ.व. ०६८।६९ र ०६९।७० मा विनियोजित बजेट रकम खर्च गर्दा अनियमितता भएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा सिंचाइ विभाग अन्तर्गत सञ्चालित सिंचाइ तथा जलस्रोत आयोजना, भूमिगत जल सिंचाइ आयोजना, सामुदायिक व्यवस्थित सिञ्चित कृषि क्षेत्र आयोजना र सिंचाइ सम्भाव्यता अध्ययन तथा निर्माण गुणस्तर कार्यक्रममा विकास साझेदार संस्थाहरू (WB, ADB,OPEC Fund) सँग भएको द्विपक्षीय लिखित समझदारी बमोजिम रकम खर्च गरेको र नेपाल सरकारको स्रोतबाट खर्च गर्ने शीर्षकहरूमा सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सूचीकृत परामर्शदाताहरूबाट दरभाउपत्र लिई कामहरू गराएको पाइयो। दुई पक्षीय समझदारीमा आयोजना निर्देशक (Project Manager) बाट सिंचाइ विभाग अन्तर्गतका डिभिजन सिंचाइ कार्यालयहरूमा रहेका सवारी साधनहरूको मर्मत गर्ने र कतिपय अनुसन्धानात्मक कार्यहरू डिभिजन सिंचाइ कार्यालयहरू मार्फत गराउने गरेको र उक्त कार्यहरूको भुक्तानी केन्द्रबाटै हुने गरेको समेत पाइयो। अतःविनियोजित बजेटको प्रभावकारी कार्यान्वयन, प्रतिस्पर्धाको विकास र विकेन्द्रित बजेट विनियोजन साथै समान कामको एकीकृत कार्य प्रणाली अवलम्बन गरी

देहायका व्यवस्थाहरू गर्न गराउन आयोगको मिति २०७२।८।१४ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ दफा २८(१)(ख) र (ग) बमोजिम सिंचाइ मन्त्रालयमा लेखी पठाइएको ।

(क) एउटै आर्थिक वर्षमा एकै परामर्शदाता र फर्मबाट फरक/फरक प्रकृतिका दुई वा सो भन्दा बढी काम गराइएको देखिँदा फरक/फरक कामलाई फरक/फरक सूचीकृत परामर्शदाताबाट अध्ययन अनुसन्धान गर्ने गराउने व्यवस्था मिलाउने।

(ख) दरभाउ पत्रबाट सम्पन्न गरिएका एकै प्रकृतिका कामहरूलाई एकीकृत गरी प्याकेज बनाई टेण्डर प्रक्रियामा लगि काम सम्पन्न गर्ने गराउने।

(ग) मातहतको निकायहरूको कतिपय खर्च भुक्तानी आयोजनाबाटै गरिने व्यवस्थामा परिर्वतन गरी सम्बन्धित निकायमा अख्तियारी पठाउने र आयोजनाबाट अनुगमनको काम गर्दा लक्ष्य अनुसारको काम प्रभावकारी हुने देखिएकोले कार्यक्रम स्वीकृति पूर्व र बजेट विनियोजन गर्दा विकेन्द्रित पद्धति अवलम्बन गर्ने गराउने।

**१८. सहरी विकास मन्त्रालय अन्तर्गत**

(१) दाङ जिल्लास्थित लमही नगर विकास समितिका पदाधिकारीहरूले अनुचित लाभ उठाउने उद्देश्यले बढी दैनिक भ्रमण भत्ता भुक्तानी लिएको, अतिथि सत्कार र यातायात खर्च बापत मासिक रकम लिएको भन्ने समेतका सम्बन्धमा अनुसन्धान हुँदा नियम विपरीत जग्गा उपलब्ध गराएको, अनियमित रूपमा खर्च गरेको समेत देखिएकोले आयोगको मिति २०७२।१०।१७ को निर्णयानुसार नेपाल सरकार, सहरी विकास मन्त्रालयलाई लेखी पठाइएको ।

(क) मिति २०६९ साल माघ १७ गते लमही नगर विकास समितिका अध्यक्ष रामलाल खनालको अध्यक्षतामा बसेको विशेष बैठकले नगर विकास समिति, लमहीले संस्थागत क्षेत्रलाई छुट्याएको जग्गा मध्ये दाङ जिल्ला लमही नगरपालिका वडा नं.११ को प्लट नं. ३१४ कि.नं. ५१२ क्षे.फ. ००२५३.०० को जग्गा राप्ती सार्वजनिक यातायात व्यवसायी समिति, दाङ र सोही स्थानको प्लट नं. ३१५ कि.नं. ६५६ क्षे.फ. ००२५३.०० को जग्गा राप्ती टेम्पो तथा ट्याक्सी मिनिबस व्यवसायी समितिको कार्यालयको भवन बनाउन भोगाधिकारमा उपलब्ध गराउने निर्णय कार्य समितिको आधिकारिक बैठकबाट निर्णय गराएको नदेखिएको र सो कार्य नगर विकास समिति ऐन, २०४५ को दफा १३(क) विपरीत समेत रहेको साथै उक्त व्यावसायिक संस्थाहरूले हाल पक्की घर समेत निर्माण गरिसकेकाले उक्त जग्गाहरूको भोगाधिकार दिएको मितिदेखि सो दुईवटा प्लटहरूको भाडा रकमका सम्बन्धमा नेपाल सरकारले अन्यथा निर्णय नगरेसम्मको लागि प्रचलित भाडा रकमलाई मूल आधार मानी जिल्ला प्रशासन कार्यालय, दाङ समेतको संलग्नतामा भाडा रकम निर्धारण गरी भाडा रकम उठाउने व्यवस्था गर्न गराउन,

(ख) पेट्रोल पम्पको सञ्चालकका सम्बन्धमा अध्यक्ष रामलाल खनालको अवधिको मात्र नभई पूर्व अध्यक्षहरू तथा वर्तमान समितिको समेत उत्तिकै दायित्त्व देखिएको र उक्त कार्य दुई पक्षबीचमा भएको करार सम्झौता अनुसार सिर्जना भएकोले करारीय दायित्वको पालना, विवाद समाधान तथा सो को कानूनी उपचार प्रचलित करार ऐन, २०५६ बमोजिम भाडा रकम कायम गर्न र भविष्यमा समेत करार सम्झौता तथा सार्वजनिक खरिद सम्बन्धी ऐन

२०६३, ऐ नियमावली, २०६४ बमोजिम हुने गरी भाडा रकम कायम गर्न र व्यावसायिक प्रयोजन बाहेक संघसंस्था तथा सरकारी निकायलाई समेत लमही नगर विकास समितिले जग्गा उपलब्ध गराएको देखिएकोले त्यसरी उपलब्ध गराइएको जग्गाहरूका सम्बन्धमा छानबिन गरी कानून बमोजिम आवश्यक व्यवस्था गर्न,

(ग) भ्रमण खर्च, इन्धन, कार्यालय सञ्चालन, विविध र संचार महसुल शीर्षकहरूमा खर्च गरिएको रकमका सम्बन्धमा नगर विकास समितिले आफ्नो बजेट शीर्षकको रकम खर्च गर्ने सम्बन्धमा आफ्नो छुट्टै मापदण्ड बनाएको नदेखिएको तर खर्च गरिएको रकम सरकारी खर्च मापदण्डभन्दा बढी खर्च गरेको देखिएकोले सरकारी खर्च मापदण्डभन्दा फरक प्रकृतिको खर्च मापदण्ड आवश्यक भएमा सोही अनुसारको खर्च मापदण्ड निर्माण गरी गराई अधिकार प्राप्त निकायबाट स्वीकृत गराई सोही खर्च मापदण्डको अधीनमा रही समितिको बजेट शीर्षकमा विनियोजित रकम खर्च गर्ने गराउने व्यवस्था मिलाउन अन्यथा नेपाल सरकारको प्रचलित खर्च मापदण्डको पालना गर्न गराउन,

(घ) आर्थिक वर्ष ०६९।७० र ०७०।७१ को आर्थिक कारोबार गर्दा सामान किनेको विवरण सेतो कागजमा उल्लेख गरी बिना बिल भुक्तानी गरेको, दाङ जिल्लाको गढवा नगर विकास समितिलाई नेपाल सरकारको स्वीकृति बेगर सापटी उपलब्ध गराएको, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ विपरीत निर्माण कार्यहरूमा लागत अनुमान, टुक्रा पारेर कार्यादेश दिएको, व्यक्तिगत रूपमा पेश्की लिई दिई निर्माण कार्य गरे गराएको, अतिथि सत्कारका नाममा अस्वाभाविक खर्च गरेको, नामै उल्लेख नगरी रकम भुक्तानी गरेको, जिप रिजर्भ भनी बिना कागजात रकम भुक्तानी दिएको, बिना निर्णय र कागजात परामर्श सेवाको भुक्तानी दिएको, रु.५०००।- भन्दा बढीको खरिदमा भ्याट बिल प्रयोग नगरेको, रोडा खरिदमा सम्बन्धित बिक्रेताको बिल बिना सेतो कागजमा लेखिएको भरमा रोडा खरिद गरेको, बोलपत्र, मुचुल्का लगायतका कागजातहरूमा केरमेट गरेको, सदस्य सचिवको आर्थिक अधिकारलाई अध्यक्षबाट प्रयोग भएको, एउटै कामको दोहोरो भुक्तानी दिएको समेत गरी कुल भुक्तानी रु.१,१६,५०,६४८।९८ रकम खर्च गर्ने कार्यमा लमही नगर विकास समितिका अध्यक्षद्वय अनिलकुमार चौधरी तथा रामलाल खनाल, सदस्य सचिव सि.डी.ई.द्वय तिलकराम अधिकारी तथा राजेन्द्र खतिवडा, लेखापाल एकराज चौधरी, सव इन्जिनियर तुल्सीराम अर्याल र खरिदार हरिकृष्ण खनाल सहित जम्मा ७ जनाको संलग्नता देखिएकोले यस प्रकरणका विषयहरूमा थप छानबिन गरी सम्बन्धित पदाधिकारीहरू तथा कर्मचारीहरूबाट असुलउपर, अन्य नीतिगत व्यवस्था गर्न ।

(२) सुर्खेत उपत्यका नगर विकास समिति (तत्कालीन वीरेन्द्रनगर नगर निर्माण योजना कार्यान्वयन समिति) ले नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा नेपाल सरकारको निर्णयबिना विभिन्न मितिमा विभिन्न संस्थालाई निःशुल्क हस्तान्तरण गरी अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा सुर्खेत उपत्यका नगर विकास समितिको मिति २०४९।३।३० गते प्र.जि.अ. रेवती रमण नेपालको अध्यक्षतामा बसेको बैठकले उद्योग वाणिज्य संघ, सुर्खेत, मिति २०५८।८।२ र २२ गते प्र.जि.अ. नरेन्द्र कोइरालाको अध्यक्षतामा बसेको बैठकले नेपाली कांग्रेस, ने.क.पा. एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टी र मिति २०६४।६।१५ गते तत्कालीन नगर

विकास समिति अध्यक्ष जितबहादुर रानाको अध्यक्षतामा बसेको बैठकले ने.क.पा.ए. माओवादी र राष्ट्रिय जनमोर्चा तथा मिति २०६६।३।१६ गते तत्कालीन नगर विकास समिति अध्यक्ष श्याम सुन्दर अग्रवालको अध्यक्षतामा बसेको बैठकले राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल र मधेसी जन अधिकार फोरम, गणतान्त्रिकलाई १/१ कट्ठाका दरले भोगाधिकारका लागि जग्गा उपलब्ध गराउने निर्णय भई उक्त जग्गामा उपरोक्त संस्था र दलको भवनहरू समेत बनिसकेको देखियो। जुन कार्यहरू नगर विकास ऐन २०४५ को दफा १३क अनुसार नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्ने कानूनी व्यवस्था विपरीत देखिन आयो। उल्लेखित संघ संस्थाहरू बाहेक अन्य (भू.पू. सैनिक संघ, सत्यसाई केन्द्र, ब्रम्हकुमारी राजयोग, पत्रकार महासंघ, वीरेन्द्रनगर जेसिस, नेपाल स्काउट, रेडक्रस सोसाइटी, नेपाल परिवार संघ, नेपाल राष्ट्रिय दलित समाज कल्याण समाज आदि) संस्थाहरूलाई समेत विभिन्न मितिमा नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा सुर्खेत नगर विकास समितिले कानूनी व्यवस्था विपरीत भोग गर्न दिएको देखियो ।यसरी नेपाल सरकारको पूर्व स्वीकृति बेगर सरकारी जग्गा विभिन्न संघसंस्था र दलहरूलाई भोग गर्न दिने कार्यलाई नियन्त्रण गर्न संघसंस्था एवं दलहरूले जग्गा प्राप्त गर्ने आधार र औचित्य तथा संघसंस्था एवं दलहरूलाई सरकारी जग्गा भोग गर्न दिने प्रक्रिया र कार्यविधि सहितको वस्तुपरक मापदण्ड बनाई कडाइका साथ कार्यान्वयन गर्ने गराउने व्यवस्था गर्न आयोगको मिति २०७२।१०।२४ को निर्णयानुसार सहरी विकास मन्त्रालय सिंहदरबारलाई लेखी पठाइएको।

(३) राष्ट्रिय आवास कम्पनीका लेखा अधिकृत अनिल बुढाथोकी, लेखा अधिकृत पदमा विनियमावली विरुद्ध नियुक्ति भएको, हालसम्म सञ्चालक समितिले अनुमोदन नगरेको, अस्थायी कर्मचारी भएर पनि योजना कार्यालय, कन्चनपुर र काभ्रेमा का.मु. योजना प्रमुख भई आर्थिक कारोबार गरिरहेको, एक तहमाथिको तलब भत्ता खाएको, केन्द्रीय कार्यालय र योजना कार्यालयबाट दोहोरो सुविधा लिएको, करारका घुरन चौधरीलाई अस्थायी पदमा नियुक्ति दिएको, कन्चनपुरमा देवे चन्दबाट घूस खाई घडेरी सट्टापट्टा गरेको, आ.ले.प. गर्न बर्दिया, कन्चनपुर र नवलपरासी जाँदा महाप्रबन्धकसँग कम्पनीको गाडीमा गई बसमा गएको बिल बनाएको र नवलपरासीको २ कित्ता घडेरी सञ्चालक समितिको निर्णय विपरीत श्रीमती शान्ति श्रेष्ठको नाममा अस्थायी प्रमाणपुर्जा बनाएको भन्ने समेत व्यहोराका उजुरी/निवेदनहरूका सम्बन्धमा अनुसन्धान हुँदा राष्ट्रिय आवास कम्पनीमा २०४८ सालदेखि हालसम्म कुनै पनि पदमा स्थायी पदपूर्ति नभएको कारण दरबन्दीभन्दा ज्यादै न्यून अधिकृतहरूबाट कार्य सञ्चालन गर्नु परेकोले अस्थायी तथा करारमा कर्मचारीहरू नियुक्ति गरी कामकाजमा लगाइएको देखियो । कम्पनीले निजी क्षेत्रसँग प्रतिस्पर्धा समेत गर्नुपर्ने अवस्थामा व्यावसायिक योजना तयार गरी कर्मचारी दरबन्दी पुनरावलोकन गर्नुपर्ने भए सो समेत गरी प्रचलित राष्ट्रिय आवास कम्पनी लि. कर्मचारी सेवा शर्त विनियमावलीको व्यवस्था बमोजिम अस्थायी र ज्यालादारीमा कर्मचारी राख्ने व्यवस्था नगरी स्थायी पदपूर्ति मार्फत कर्मचारीको पदपूर्ति गर्न गराउन आयोगको मिति २०७३।२।२५ को निर्णयानुसार सहरी विकास मन्त्रालय मार्फत राष्ट्रिय आवास कम्पनी लि. लाई सुझाव लेखी पठाइएको ।

(४) सुर्खेत उपत्यका नगर विकास समिति (तत्कालीन वीरेन्द्रनगर नगर निर्माण योजना कार्यान्वयन समिति) ले नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा नेपाल सरकारको निर्णयबिना विभिन्न

मितिमा विभिन्न संस्थालाई निःशुल्क हस्तान्तरण गरी अनियमितता गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा सुर्खेत उपत्यका नगर विकास समितिले नगर विकास ऐन २०४५, को दफा १३ क अनुसार नेपाल सरकारको पूर्वस्वीकृति लिनुपर्ने कानूनी व्यवस्था विपरीत नेपाल सरकारको स्वामित्वमा रहेका जग्गाहरू नेपाल सरकारको पूर्वस्वीकृति नलिई कानूनी व्यवस्था विपरीत संघ संस्थाहरू बाहेक अन्य (भू.पू. सैनिक संघ, सत्यसाई केन्द्र, ब्रम्हकुमारी राजयोग, पत्रकार महासंघ, वीरेन्द्रनगर जेसिस, नेपाल स्काउट, रेडक्रस सोसाइटी, नेपाल परिवार संघ, नेपाल राष्ट्रिय दलित समाज कल्याण समाज आदि) संस्थाहरूलाई समेत गरी भोग गर्न दिएको पाइएकोले अब उप्रान्त नेपाल सरकारको पूर्वस्वीकृति नलिई कोही कसैलाई भोग चलनका लागि भनी वितरण गर्न नमिल्ने गरी र संघ संस्था एवं दलहरूले जग्गा प्राप्त गर्ने आधार र औचित्य तथा संघसंस्था एवं दलहरूलाई सरकारी स्वामित्वको जग्गा भोग चलन गर्न दिने प्रक्रिया र कार्यविधि सहितको वस्तुपरक मापदण्ड बनाई कडाइका साथ कार्यान्वयन गर्न गराउन आयोगको मिति २०७३।२।२७ को निर्णयानासार सहरी विकास मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

**१९. उद्योग मन्त्रालय अन्तर्गत**

(१) हेटौंडा सिमेन्ट उद्योग लिमिटेड, हेटौंडाको कोइला र जिप्सम सप्लाइमा अनियमितता भएको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा आ.व. ०७०।७१ र ०७१।७२ मा हेटौंडा सिमेन्ट उद्योगका तर्फबाट कोइला तथा जिप्सम खरिद गर्नका लागि सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम खरिद गरिने सामानको Specification तयार गरेको, राष्ट्रिय दैनिक गोरखापत्रमा बोलपत्र आह्वानसम्बन्धी सूचना प्रकाशित गरेको, उक्त सूचनामा E-Bidding को पनि व्यवस्था गरिएकोले इच्छुक बोलपत्रदाता सबैले प्रतिस्पर्धा गर्न सक्ने अवस्था रहेको देखियो। यसबाट सप्लायर्सहरूलाई प्रतिस्पर्धा गर्न सक्ने वातावरण रहेको र पूर्व योग्यता निर्धारण गर्ने र बोलपत्रसम्बन्धी कागजात तयार गर्ने व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ को दफा १२ र दफा १३ मा रहेको कारण हेटौंडा सिमन्ट उद्योगले बोलपत्रहरू आह्वान गर्नुपूर्व नै Instruction to bidder को व्यवस्था गरेको र सोही बमोजिम १५% थपघट गर्न सक्ने र डेलिभरी समयको सीमा निर्धारण गर्ने तथा Specification अनुसार कोइला नभए फिर्ता गर्नेसम्मको प्रावधानहरू तयार गरी बोलपत्रदाताहरूलाई लागू गरेको देखियो ।

सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम बोलपत्र आह्वानसम्बन्धी कुनै एउटा बोलपत्र अनुसारको कोइला सप्लाइ गर्ने सप्लायर्सले कम्तीमा दश करोडभन्दा माथिको पुँजी लगानी गर्नुपर्ने र आपूर्ति पश्चात् उद्योगबाट गुणस्तर परीक्षण भएपछि मात्र भुक्तानी हुने बाध्यात्मक अवस्थाको कारण सीमित सप्लायर्सहरू मात्र बोलपत्र प्रक्रियामा सहभागी हुने भई अधिकांश टेण्डरको प्रक्रियामा रिद्धिसिद्धि इन्टरप्राइजेज र मोनालिसा इन्टरनेसनलले मात्र कोइला सप्लाइ प्रक्रियामा सहभागी भएकोलाई अन्यथा भन्न मिलेन ।

कोइलाको गुणस्तर सम्बन्धमा हेर्दा ३४० मे.टन वा सो भन्दा बढी कोइला आपूर्ति भए पश्चात् उद्योगको गुण नियन्त्रण महाशाखाबाट गुणस्तर परीक्षण हुने गरेको, तोकिएको Specification अनुसार नभएमा ५७०० KCL।KGसम्म Price adjustment तथा सो भन्दा कम भएमा Reject गरी पठाएको भन्ने रहेको, ५% माथिको moisture लाई बोलपत्रको शर्त बमोजिम भुक्तानी दिँदाको अवस्थामा तौलबाट घटाई भुक्तानी दिएको र ढुवानीमा ढिलाइ भएमा जरिवाना स्वरूप

रकम कट्टी गरी भुक्तानी दिने गरेको, नमुना संकलन गरी उद्योगको कर्मचारीहरूको रोहबरमा मुचुल्का तथा सिलबन्दी गरी नेपाल गुणस्तर तथा नापतौल विभाग, बालाजुमा परीक्षणका लागि पठाइएकोमा परीक्षणको नतिजामा Gypsum को गुणस्तर बोलपत्रको Specification बमोजिम रहेको भन्ने परीक्षण प्रतिवेदन रहेकोले कोइला र जिप्सम आपूर्ति कार्यलाई अन्यथा भन्न सकिएन । हेटौंडा सिमेन्ट उद्योग नोक्सानीमा जानुपर्ने कारणहरूमा उक्त उद्योग पूर्ण क्षमतामा सञ्चालन हुन नसक्नु, पुरानो प्रविधि तथा मेसिनरीहरू हुनु, Load shedding हुनु, सामान खरिद प्रक्रिया जटिल र झन्झटिलो हुनु, Air leakage हुनु, लगायतका कारणहरूले गर्दा ठूलो मात्रामा कोइला तथा जिप्सम लगायतका कच्चा पदार्थ खरिद हुने गरेको कारण कोइला तथा जिप्सम खरिद सम्बन्धमा उपयुक्त व्यवस्थापन र गुणस्तर मापन हुने स्पष्ट मापदण्डहरू निर्माण गर्न नसकेमा भ्रष्टाचारजन्य क्रियाकलापले प्रश्रय पाउन सक्ने र उद्योगको उत्पादन र गुणस्तरमा समेत नकारात्मक असर पर्न जानेतर्फ दृष्टिगत गरी देहाय अनुसारको व्यवस्था गर्न गराउन आयोगको मिति २०७२।११।१३ को निर्णयानुसार नेपाल सरकार उद्योग मन्त्रालय र हेटौंडा सिमेन्ट उद्योगलाई सुझाव लेखी पठाइएको ।

(क) हेटौंडा सिमेन्ट उद्योगको चालु प्रविधिलाई समयानुकूल सुधार, परिमार्जन गर्ने वा पुरानो प्रविधिलाई प्रतिस्थापन गरी नयाँ प्रविधिलाई जडान गरी अधिकतम क्षमतामा उद्योग सञ्चलान गर्नका लागि Technical अध्ययन गरी कार्य अघि बढाउने।

(ख) Power Back Up अर्थात Diesel Generator वा विद्युत आपूर्तिको अन्य वैकल्पिक व्यवस्था गरी चौबीसै घण्टा विद्युत आपूर्ति हुने व्यवस्था मिलाई उद्योग पूर्ण क्षमतामा सञ्चालन गर्ने।

(ग) हेटौंडा सिमेन्ट उद्योगको कोइला तथा जिप्सम यार्डहरूमा परीक्षण भएका र हुन बाँकी कोइला तथा जिप्सम एकै ठाउँमा भण्डारण गरेको पाइएकोले परीक्षण भएका र हुन बाँकी कोइला तथा जिप्सम स्पष्ट छुट्टिने गरी छुट्टाछुट्टै भण्डारणको व्यवस्था मिलाउने ।

## २०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

(१) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्टेरायल हलको ठीक अघिल्तिर (करिडर सँगै) सुवास श्रेष्ठ नामक व्यापारीले एयरपोर्ट टि, कफी एण्ड कन्फेक्सनरी पसल सञ्चालन गर्दै आएकोमा हाल निजलाई सम्झौता र नियम कानून विपरीत दोब्बर क्षेत्रफल उपलब्ध गराई अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्टेरायल हलमा सञ्चालित Airport Tea Coffee and Confectionary Shop लाई उपलब्ध गराइएको स्थान साँगुरो भएको, दिन प्रतिदिन वायुयानको संख्या तथा यात्रुहरूको चाप बढ्दै गएको कारण उपलब्ध गराइएको स्थानबाट स्तरीय सेवा उपलब्ध गराउन नसकिएको कारण देखाई पसल सञ्चालकबाट थप स्थान उपलब्ध गराई दिन निवेदन प्राप्त भएकोले स्थान थप गर्ने क्रममा प्रयोगहीन अवस्थामा रहेको खाली जग्गामा टहरा आफ्नै खर्चमा बनाउनु पर्ने शर्तसहित निजले हाल सञ्चालन गरेको पसलको मूल्य वृद्धि सूचांक अनुसार भाडा रकममा वृद्धि गरी ३ वर्षको लागि रु.१,०७,४६,७५५।- (१८.८. वर्ग मि.) कायम गरिएको बहाल रकम अनुसार नै खाली जग्गाको समेत बहाल रकम कायम गरी दिइएको देखियो। निजलाई उपलब्ध गराइएको खाली जग्गा (बगैंचा) मा प्रवेश गर्ने अन्य बाटो नभएको, उक्त स्थानमा अन्य व्यापारिक प्रयोजनको लागि कार्य गर्ने योजना नरहेको, प्रयोग नभै बगैंचाको रूपमा रहेको स्थानमध्ये २० वर्ग मिटर

जग्गा (जुन जग्गा पहिलेदेखि नै सञ्चालनमा रहेको पसलसँग जोडिएको) उपलब्ध गराइएको र पसलको भित्ता/पर्खाल भत्काई उक्त स्थानसम्म पसल विस्तार गरिएको, जुन स्थानलाई छुट्टै स्वतन्त्र रूपमा बोलपत्र आह्वान गरी अन्य व्यक्ति वा व्यवसायीलाई कुनै पनि प्रयोजनको लागि भाडामा लगाउन सकिने अवस्था नदेखिएको तथ्यबाट पुष्टि हुन आयो। यसरी बयानमा उल्लेख भएका तथ्यहरू स्थलगत अवलोकनबाट समेत पुष्टि हुन आएको एवं उक्त थप गरिएको २० वर्ग मि. स्थानलाई नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ मा विद्यमान प्रावधान अनुरूप सञ्चालन गर्न दिइएको र हाल सञ्चालनमा रहेको पसलले भुक्तानी गरिरहेको प्रति वर्ग मि. रु.१५,८७९।- को दरले हुने रकम नै भुक्तानी दिने सम्झौता भएको देखिन आएकोले पसललाई थप स्थान उपलब्ध गर्ने/गराउने कार्यलाई अनियमित कार्य भएको भनी भन्न मिल्ने देखिएन । उल्लेखित कारण तथा आधारबाट मापदण्डभन्दा बढी जग्गा उपलब्ध गराई कम राजश्व असुली गरेको भन्न सकिने अवस्था रहेको नदेखिए तापनि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय र एयरपोर्ट टि कफी एंड कन्फेक्सनरी सप बानेश्वर सञ्चालकबीच भएको सम्झौता पत्रको ३ (क) अनुसार "सञ्चालकले कार्यालयप्रति गरेको व्यवहार, भाडा रकम भुक्तानीको व्यवस्था, पसल सञ्चालनबाट यात्रु वर्गमा पर्न गएको सकारात्मक असर साथै सुरक्षा व्यवस्थामा कुनै आँच नआउने भएमा यो सम्झौताको अवधि थप गर्न सकिने छ" भन्ने मौजुदा प्रावधानको प्रयोग गर्दै विगतमा उक्त पसलका लागि एक पटक सञ्चालन अवधि थप गरिसकिएको देखियो । यसबाट भविष्यमा समेत उक्त प्रावधानको दुरुपयोग हुन सक्ने र केही सीमित व्यक्तिको हाली मुहाली कायम भई अन्य स्वस्थ प्रतियोगिताको अवसरबाट बन्चित हुन गई यात्रुवर्गलाई पुर्‍याउनु पर्ने गुणस्तरीय सेवाको स्तरमा समेत ह्रास आउन सक्ने देखिएकोले अबका दिनमा भाडामा दिनुपर्ने अवस्था आएमा प्रत्येक पटक प्रचलित ऐन नियम बमोजिम बोलपत्र आह्वानको प्रक्रिया अवलम्बन गरी प्रतिस्पर्धाद्वारा पसल भाडामा लगाउने व्यवस्था गर्न र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्टेरायल एरियामा पसल सञ्चालन गर्न दिने सन्दर्भमा सुरक्षाको दृष्टिकोणले उपयुक्त हुने वा नहुनेबारे विमानस्थलस्थित सुरक्षा समितिको समेत आवश्यक राय परामर्श लिई कार्यान्वयन गर्न आयोगको मिति २०७२।११।१३ को निर्णयानुसार नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई लेखी पठाइएको ।

(२) नेपाल वायुसेवा निगमका तत्कालीन महाप्रबन्धक कुलबहादुर लिम्बुले चालक अनुमतिपत्र अद्यावधिक, Free Air Tickets, विज्ञापन, टायर खरिद तथा नक्कली बिल भरपाई बनाई अनियमितता गरेको भन्ने समेतका सम्बन्धमा अनुसन्धान हुँदा नेपाल वायुसेवा निगमका तत्कालीन महाप्रबन्धक कुलबहादुर लिम्बुको विमान चालक अनुमति पत्र नवीकरण हुनका लागि आवश्यक न्यूनतम अवधिसम्म निजलाई विमान उडाउन पाउने सुविधा प्रदान गर्ने र निजलाई विमान उडाए बापत प्रदान गर्ने सुविधा/भत्ता सम्बन्धमा सम्बन्धित निकायबाटै निर्णय हुन सक्ने भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको मिति २०६४।११।१७ को पत्रबाट देखियो भने मिति २०६४।१२।२१ को सञ्चालक समितिको बैठकले प्रचलित कानूनमा महाप्रबन्धकले गर्ने भनी व्यवस्था भएको काम, नेपाल सरकारले निजलाई नियुक्ति दिंदा तोकेको TOR र सञ्चालक समितिले दिएका कामहरूमा कुनै बाधा नपर्ने गरी निगमका महाप्रबन्धक क्या. कुलबहादुर लिम्बुको इच्छा भएमा विमान चालक अनुमतिपत्र नवीकरणको

लागि आवश्यक पर्ने न्यूनतम उडान गर्न अनुमति दिने र सो को कार्यान्वयनको लागि व्यवस्थापनलाई निर्देशन दिने तथा निजको चालक अनुमतिपत्र नवीकरण गर्नको लागि आवश्यक पर्ने Simulator को खर्च निगमले व्यहोर्ने भनी निर्णय भएको पाइयो । त्यसैगरी नेपाल वायुसेवा निगमको Operation Manual को ५.१.२ मा All cost pertaining and renewal of license will be borne by the corporation उल्लेख भएको देखियो भने तत्कालीन महाप्रबन्धक कुलबहादुर लिम्बुले बोइङ ७५७ विमानको आफ्नो चालक अनुमतिपत्र अद्यावधिक गर्नको लागि रु.१०,१३,२६८।५० खर्च भएको र निगमको सञ्चालक समितिको मिति २०७०।९।२३ को बैठकले उक्त खर्च अनुमोदन गरिसकेको देखियो । दोब्बर मूल्य भुक्तानी गरी टायर खरिद गरिएको भन्ने सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६७।३।३२ को निर्णय अनुसार वार्षिक रूपमा खपत हुने टायरको हिसाब गरी अब आइन्दा कार्यक्रम स्वीकृत गराई समयमै पारदर्शी र मितव्ययी किसिमबाट खरिद कार्य गर्ने व्यवस्था मिलाउन नेपाल वायुसेवा निगमको सञ्चालक समितिलाई निर्देशन दिने निर्णय भइसकेको देखियो भने तत्कालीन महाप्रबन्धक कुलबहादुर लिम्बुले नक्कली बिल भरपाई बनाई रकम सोधभर्ना लिएको सम्बन्धमा आयोगको मिति २०५६।१।२८ को निर्णय अनुसार कुलबहादुर लिम्बुले नक्कली बिल पेश गरी बढी भुक्तानी लिएको रु.२,८३,१७५।६६ निजबाट असुल उपर गरी निजलाई विभागीय कारबाही गर्न निगमलाई निर्देशन दिने निर्णय भएकोमा श्री सर्वोच्च अदालतबाट मिति २०६२।२।१८ गते आयोगबाट भएको सम्पूर्ण काम कारबाही बदर हुने आदेश भएको देखियो।त्यसैगरी नेपाल वायुसेवा निगमको Cash or on Barter मा विज्ञापन तथा कुनै कार्यक्रम प्रायोजन गरे बापत टिकट वितरण गर्ने व्यवस्था भए तापनि सो सम्बन्धमा स्पष्ट मापदण्ड लागू गरेको नदेखिएकोले विज्ञापन तथा टिकट सम्बन्धमा स्पष्ट मापदण्ड तथा आधारहरू संस्थागत हित हुने गरी टिकट वितरण गर्ने व्यवस्था गर्न गराउन आयोगको मिति २०७२।११।१३ को निर्णयानुसार नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई सुझाव लेखी पठाइएको।

(३) नागरिक उड्डयन प्राधिकरण अन्तर्गतको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले ठूलो रकम बराबरका सामग्री तथा सेवा सार्वजनिक खरिद नियमावली विपरीत किनेको भन्ने लगायतका विषयमा परेको उजुरी उपर अनुसन्धान हुँदा संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्रीले नेपाल नागरिक उड्डयन प्राधिकरण, सञ्चालक समितिका अध्यक्षको हैसियतले नेपाल नागरिक उड्डयन प्राधिकरण, सञ्चालक समितिको २२९ औं बैठकको निर्णय बमोजिम मिति २०६६।९।१४ देखि २०६७।५।१३ सम्म मासिक रु.१,३२,०७९।६४ का दरले रु.१०,५६,६३७।१२ र मिति २०६७।५।१४ देखि २०६७।११।१३ सम्म रु.६,००,०००।- गरी जम्मा रु.१६,५६,६३७।१२ (भ्याट बाहेक) सवारी भाडा लिएको र सोही अवधिमा गृह मन्त्रालयबाट संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रीको प्रयोजनका लागि बा१झ ५५३४, बा१झ ५५३५ र बा१झ ८२२८ नम्बरका तीन वटा कार उपलब्ध गराएको भनी गृह मन्त्रालय, आन्तरिक व्यवस्था शाखाको च.नं. ५१८ मिति २०७२।३।४ को पत्रबाट लेखी आएको देखियो। गृह मन्त्रालयबाट सुविधा उपलब्ध हुने पदाधिकारी (मन्त्री) ले पदेन अध्यक्षता गर्ने संस्था (नागरिक उड्डयन प्राधिकरण) बाट समेत सवारी साधन लिई प्रयोग गर्ने र सो सवारी साधनको भाडा बापतको रकम नेपाल नागरिक उड्डयन प्राधिकरण, त्रिभुवन

विमानस्थल नागरिक उड्डयन कार्यालयबाट भुक्तानी हुने सञ्चालक समितिको निर्णय र सवारी साधन भाडामा लिएको विषय औचित्यपूर्ण मान्न सक्ने अवस्था देखिएन। एकै पदाधिकारीले एउटै प्रयोजनका लागि दुई निकायबाट स्रोत र साधनको प्रयोग गर्ने गराउने र अनावश्यक खर्च वृद्धि गर्ने गराउने कार्य आगामी दिनमा नगर्ने नगराउने तर्फ आयोगको मिति २०७३।२।२ को निर्णयानुसार नेपाल नागरिक उड्डयन प्राधिकरण, सञ्चालक समितिलाई सुझाव लेखी पठाएको।

(४) पाटन संग्रहालय विकास समिति, ललितपुरका कार्यकारी निर्देशक देवेन्द्रनाथ तिवारीले अनियमित तरिकाले करारमा कर्मचारी नियुक्त गरेको, हुँदै नभएको संचार प्राविधिकको दरबन्दी सिर्जना गरी छोरालाई स्थायी गर्न लागेको र अन्य पदहरूमा समेत अनियमित तरिकाले प्राप्तांक फेरबदल गर्ने लगायतका अनियमितता गरेको भन्ने समेत व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा पाटन संग्रहालय विकास समितिमा करारमा कर्मचारी नियुक्ति गर्दा सार्वजनिक सूचना प्रकाशन नगरी व्यक्तिको निवेदन तथा कागजात लिई टिप्पणी उठाई नियुक्ति गर्ने गरिएको पाइएको हुँदा सबैलाई समान अवसर दिइएको र खुला प्रतिस्पर्धा गरी नियुक्ति भएको अवस्था नदेखिएकोले हाल करारमा कार्यरत कर्मचारीहरूको म्याद समाप्त भएपछि पुनः करारमा कर्मचारी नियुक्ति गर्दा खुला प्रतिस्पर्धा हुने र सबैलाई समान अवसर प्राप्त हुने गरी सार्वजनिक सूचना समेत प्रकाशन गरी पाटन संग्रहालय विकास समिति, कर्मचारी (सेवा शर्त तथा सुविधा) नियमावली, २०७० को परिधिभित्र रही सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ बमोजिमको कार्यविधि पूरा गरी कर्मचारी छनौट गर्ने तथा छनौट भएपछि सेवा अवधि र सेवा शर्त समेत तोकी सम्झौता गर्ने व्यवस्था गर्न गराउन, बिना प्रतिस्पर्धा निवेदनका भरमा अर्को व्यवस्था नभएसम्मका लागि भनी म्याद किटान नगरी कर्मचारी करारमा राखी कामकाज गराउने कार्य नगर्न नगराउन र करारको अवधि समाप्त भएपछि पाटन संग्रहालय विकास समिति कर्मचारी (सेवा शर्त र सुविधा) नियमावली, २०७० र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ बमोजिमको कार्यविधि र प्रक्रिया अवलम्बन गर्न गराउन मिति २०७३।२।१८ को निर्णयानुसार पर्यटन, संस्कृति तथा नागरिक उड्डयन मन्त्रालयमा सुझाव लेखी पठाइएको।

**२१. युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत**

(१) जिल्ला खेलकुद विकास समिति, दार्चुलाले कभर्डहल निर्माणमा प्राप्त रकम अनियमित रूपमा खर्च गरेको भन्ने उजुरी उपर अनुसन्धान तहकिकात हुँदा उक्त कभर्डहल निर्माणका लागि राष्ट्रिय खेलकुद परिषद, त्रिपुरेश्वर, काठमाडौंबाट आ.व. ०५७।५८ देखि आ.व. ०६९।७० सम्म गरी जम्मा रु.७५,५०,०००।- निकासा भएकोमा आ.व. ०५७।५८ देखि आ.व. ०६०।६१ सम्मका तीन आ.व.हरूमा निकासा भएको रु.४०,५०,०००।- को कुनै पनि श्रेस्ता र कागजातहरू नभएको भनी दार्चुला जिल्ला खेलकुद विकास समितिको च.नं. ५६ मिति २०७१।११।१५ को पत्रबाट लेखी आएको र सो पछिका आ.व.हरूमा निकासा भएको जम्मा रु.३५,००,०००।- मध्येबाट कार्य भएको भनिएका केही सक्कल र केही प्रमाणित कागजातहरू प्राप्त हुन आएको देखियो । दार्चुला जिल्ला खेलकुद विकास समितिलाई निकासा भएको उपर्युक्त बजेट रकम सञ्चालन गर्न प्रत्येक वर्षमा छुट्टाछुट्टै निर्माण समितिहरू गठन गरेको देखियो। यसरी विनियोजित भएको बजेट नक्कली श्रेस्ता र बिल भर्पाई तयार गरी हिनामिना एवं दुरुपयोग गरे गराएको र बैठकमा नक्कली दस्तखत गरी उपस्थिति जनाएको अवस्था देखिएको तथा कभर्डहल निर्माण समितिका सदस्यहरूले दिइएको जिम्मेवारी अनुरूपको

कार्य नगरेको र झुठा बिल भर्पाईहरू तयार गरी गराई रकम भुक्तानी गर्ने, गराउने र लिनेदिने कार्य गरे गराएको देखियो भने जिल्ला खेलकुद विकास समितिबाट समय समयमा निरीक्षण, अनुगमन, रेखदेख र आवश्यक कारबाही गर्नु गराउनुपर्नेमा सो नगरी जिल्ला प्राविधिक कार्यालय, दार्चुलाबाट भएको लागत अनुमान बमोजिमको निर्माण कार्य भए/नभएको यकिन नगरी झुठा बिल भर्पाई र श्रेस्ता समेतका आधारमा निकासा रकम भुक्तानी लिनेदिने कार्यलाई नियन्त्रण गर्ने गराउनेतर्फ काम कारबाही गरेको अवस्था देखिएन। अतः राष्ट्रिय खेलकुद परिषदबाट निकासा भएको बजेट रकमहरू निकासा भए बमोजिमको कार्यमा खर्च भए नभएको, लागत अनुमान बमोजिमको काम गरे नगरेको र कार्य सम्पन्न भए नभएको समेत यकिन गरी निकासा रकम वास्तविक कार्य भएको खर्चमा भुक्तानी गर्ने गराउने व्यवस्था गर्न गराउन र समय समयमा निरीक्षण अनुगमनको व्यवस्था समेत गर्न गराउन आयोगको मिति २०७३।१।२९ को निर्णयानुसार नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयलाई सुझाव लेखी पठाइएको।

(२) नेपाल बास्केट बल संघको बूढानीलकण्ठ स्थित कोर्ट निर्माणका लागि परिषद्बाट करिब पच्चीस लाख रुपैयाँ टेण्डी शेर्पाले लगेको तर पाँच लाख रुपैयाँको पनि काम नगरी सबै रकम अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा नेपाल बास्केट बल संघको बूढानीलकण्ठ (चपली भद्रकाली- ७) स्थित बास्केट बल कोर्ट निर्माणको लागि राष्ट्रिय खेलकुद परिषद्बाट वि.सं. २०६६ सालमा पच्चीस लाख रुपैयाँ पेश्की लिएको देखियो । उक्त कोर्ट निर्माण स्थलको जग्गा सम्याउने, कोर्टसम्म पुग्ने गोरेटो बाटोलाई मोटरेबल बाटो बनाउने, कोर्ट निर्माण स्थलसम्म पुग्ने बाटोका घुम्तीहरू/खोल्साहरूमा ढुंगाको पर्खाल लगाउने लगायतको कार्य गरी उपलब्ध पेश्की रकमभन्दा बढी रकम अर्थात रु.५३,७७,६७४।३५ बराबरको कार्य सम्पन्न भई उक्त पेश्की रकम राष्ट्रिय खेलकुद परिषद्द्वारा मिति २०७०।४।५ मा फछ्र्यौट भैसकेको समेत देखियो तथापि २०६६।३।७ को निर्णयानुसार बूढानीलकण्ठस्थित बास्केट बल कोर्ट निर्माण गर्दा अमानतमा गराएको देखियो। त्यसरी अमानतमा निर्माण कार्य गराउँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ को उपनियम (१) बमोजिम एक तहमाथिको अधिकारीको पूर्वस्वीकृति लिनुपर्नेमा सो बमोजिम स्वीकृति लिए, गरेको अवस्था देखिएन ।साथै निर्माणपूर्व आधिकारिक निकायहरूबाट निर्माण स्वीकृति तथा निर्माणस्थलको माटो परीक्षण लगायतका इन्जिनियरिङसँग सम्बन्धित कार्यहरू गरेको समेत नपाइएकोले कुनै पनि निर्माण कार्य वा भौतिक पूर्वाधार विकासको कार्य वा आर्थिक निर्णय गर्दा प्रचलित ऐन, नियमको परिधिभित्र रही गर्ने, गराउने गरी आवश्यक व्यवस्था मिलाउन आयोगको मिति २०७३।२।१८ को निर्णयानुसार राष्ट्रिय खेलकुद परिषद्लाई सुझाव लेखी पठाइएको।

**२२. विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत**

(१) विकास समिति ऐन, २०१३ ले दिएको अधिकार प्रयोग गरी गठन भएको वि.पी. कोइराला मेमोरियल प्लानेटोरियम तथा अब्जरभेटरी र विज्ञान संग्रहालय विकास समिति, कीर्तिपुरस्थित भवन निर्माण र संग्रहालयमा राखिने उपकरण र औजारहरूको खरिदमा आर्थिक अनियमितता भएको भन्ने उजुरीका विषयमा अनुसन्धान हुँदा उक्त भवनको लागि आवश्यक उपकरण, औजार र सामग्रीहरू आ.व.०६५।६६ मा खरिद गरिएको र मिति २०६५।१०।२ मा जिन्सी दाखिला भएको तर भवनको निर्माण सम्पन्न आ.व.०७१।७२ मा भएको देखियो।संग्रहालय

भवन नै पूरा नगरी नगराई सो भवनमा जडान हुने, राखिने उपकरण, औजार र मेसिनरी सामानहरू खरिद कार्यमा बढी चासो दिएको स्थिति देखिएकोले अब उप्रान्त भौतिक पूर्वाधारको निर्माण कार्य सम्पन्न भएपछि मात्र त्यसमा राखिने मेसिनरी उपकरण, औजार र फर्निचर आदिको खरिद प्रक्रिया अगाडि बढाउने व्यवस्था गर्न गराउन र हाल वि.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान संग्रहालय विकास समितिको विज्ञान संग्रहालय भवनको निर्माण कार्य सम्पन्न भै उद्घाटन समेत भैसकेको अवस्थामा पनि उक्त भवनको प्रयोजनको लागि खरिद गरिएका उपकरण, मेसिनरी, औजारहरू भवनमा हालसम्म जडान गर्ने एवं राख्ने कार्य भए गरेको नदेखिंदा उक्त उपकरण एवं मेसिनरी औजार एवं सामग्रीहरू यथाशीघ्र दुरुस्त अवस्थामा विज्ञान संग्रहालय भवनमा जडान गर्ने एवं राख्ने कार्य गर्न गराउन आयोगको मिति २०७३।२।१० को निर्णयानुसार नेपाल सरकार, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

(२) हुम्ला जिल्ला स्थित कालिका गा.वि.स.मा नेपाल सरकार केन्द्रीय नवीकरणीय ऊर्जा कोष, वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र लगायत संस्थाहरूको मुख्य लगानीमा सञ्चालन भएको १०० किलवाट क्षमताको कुकुरफाल्ना लघु जलविद्युत आयोजना निर्माण गर्दा आयोजना उपभोक्ता समितिका अध्यक्ष र वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्रका पदाधिकारी समेतको मिलेमतोमा किर्ते कागजात बनाई ढुवानी खर्च र कामदारको रकम ठगी गरी भ्रष्टाचार गरेको भन्ने समेत व्यहोराको उजुरीहरूका सम्बन्धमा अनुसन्धान हुँदा वि.सं.२०६४ वैशाखमा पायोनिअर आर्किटेक्ट कन्सलटेन्सीले गरेको विस्तृत सम्भाव्यता अध्ययन अनुसार उक्त आयोजना क्षमता ९४.५ किलोवाट र कुल लागत रु.१,९०,८०,६३६।- हुने देखिएकोमा अन्तिम अनुदान स्वीकृतिको लागि वि.सं.२०६५ फागुन (सन् २००९ मार्च) मा गरिएको आयोजनाको स्थलगत प्रमाणीकरण प्रतिवेदन अनुसार समुदायको माग बमोजिम आयोजनाको क्षमता वृद्धि भई ९४.५ किलोवाटबाट १०० किलोवाट भएको र आयोजनाको कुल लागत पनि वृद्धि भई रु.३,३१,३३,१४६।- पुग्न गएको प्रतिवेदनमा उल्लेख भएको देखियो।वि.सं. २०६६ सालमा आयोजनाको काम सुरु भइसकेपछि कुलो निर्माणको काम अगाडि बढिरहेको समयमा अचानक चट्टाने भीर फेला पर्न गई कुलोको बाटो परिवर्तन गर्नुपर्ने र इनटेक, पावर हाउसलाई खोलाले क्षति पुग्ने भएकाले अर्को स्थानमा सार्नुपर्ने अवस्था सिर्जना भई २०७०।९।८ मा आयोजना स्थल परिवर्तन भए पश्चात गरिएको लागत अनुमान अनुसार आयोजनाको लागत अझ वृद्धि भई कुल रु.५,७७,४६,८७२।- हुन गएको देखियो।यसरी, कुलोको लम्बाइ १२९२ मि. बाट बढेर १४७० मि. पुग्नु, आयोजना स्थल परिवर्तन हुनु, माटोको कुलो सिमेन्टेड बन्नु र काठको पोलको सट्टा फलामका पोल प्रयोग गरिनु समेतका कारणले आयोजनाको लागत वृद्धि भएको तथ्य नर्थ इन्जिनियरिङ कम्पनीको प्रतिवेदन, वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्रले गोविन्दराज पोखरेलको संयोजकत्वमा मिति २०७०।१२।१४ गते गठन गरेको समितिको प्रतिवेदन र अनुसन्धानको क्रममा गरिएको स्थलगत अध्ययन प्रतिवेदनबाट समेत स्पष्ट भएकोले आयोजनाको लागत बढेर कुल रु.५,७७,४६,८७२।- पुग्नु यथार्थ एवं तथ्यांकमा आधारित देखिएकाले यस सम्बन्धमा अन्यथा भएको भन्न सकिनेसम्मको अवस्था हाल देखिएन।कुकुरफाल्ना लघु जलविद्युत आयोजना मिति २०७१ असार १२ गते सम्पन्न भई विद्युत उत्पादन तथा सफल सञ्चालन परीक्षण भएको र सो समयमा कुल ६३० घरधुरीमध्ये

४७५ घरधुरीले विद्युत उपभोग गरिरहेका छन् तथापि कुकुरफाल्ना लघु जलविद्युत आयोजना, हुम्ला, कालिकाको लेखापरीक्षण गर्ने फर्म राई एण्ड कम्पनीले आयोजनालाई लेखा प्रणालीसम्बन्धी कम ज्ञान भएका कारण आ.व.अनुसारको आम्दानी र खर्च विवरण सन्तोषजनक ढंगले नराखेको र उपभोक्ता समितिले आय कर ऐन, २०५८ मा व्यवस्था भएको भुक्तानीमा टिडिएस काट्ने विषयमा संवेदनशील हुन नसकेको भनी उल्लेख गरेको पाइयो। यसैगरी भेरिएसनका कारण यस आयोजनाको निर्माण लागत मूल्य अत्यधिक बढेको देखिएको हुँदा आगामी दिनमा यस्ता आयोजनाहरूको निर्माण गर्दा लागत अनुमानभन्दा बढी खर्च हुने गरी भेरिएसन देखिएमा सम्बन्धित पदाधिकारीबाट भेरिएसन स्वीकृत गराएर मात्र निर्माण कार्य अगाडि बढाउन र लेखासम्बन्धी न्यून ज्ञान भएको स्थानमा अनुदान दिंदा आयोजनाको आवधिक अनुगमन गर्नुका साथै कानून बमोजिम लेखाको अभिलेख राख्नका लागि लेखासम्बन्धी तालिमको व्यवस्था गरिदिन वा लेखापालको छुट्टै विकल्पको व्यवस्था गर्न र लघु जलविद्युत आयोजना सञ्चालनका लागि कार्यविधि सहितको वस्तुपरक मापदण्ड बनाई कडाइका साथ कार्यान्वयन गर्ने गराउने व्यवस्था गर्न गराउन आयोगको मितिको निर्णयानासार विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय, सिंहदरबारलाई लेखी पठाइएको ।

**२३. आपूर्ति मन्त्रालय**

(१) मिति २०७१।३।१ मा वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागको टोलीले ललितपुर-२२, मनिन्डो, शंखमूल क्षेत्रको अनुगमन गर्दा उक्त क्षेत्रमा रहेको भवानी स्टोरमा नेपाल सरकारलाई जापान सरकारद्वारा अनुदानमा प्राप्त ३० के.जी. तौलको २३९ बोरा जापनिज ताइचिन चामल बिक्री वितरण गर्न लागेको अवस्थामा फेला पारी उक्त चामललाई सिलबन्दी गरी, चामल बिक्री गर्ने व्यवसायीहरू तथा सो चामल उपलब्ध गराउने नेपाल खाद्य संस्थानका कर्मचारीहरूको समेत संलग्नता रहेको देखिँदा छानबिन हुनुपर्ने भन्ने समेत व्यहोराको वाणिज्य तथा आपूर्ति मन्त्रालयको प.सं.०७०।७१ च.नं.१६७० मिति २०७१।३।४ को बोधार्थ पत्र र कान्तिपुर दैनिकमा २०७१।३।३ मा प्रकाशित समाचार तथा यसै विषयमा थप छानबिन एवं कारबाही गर्नुपर्ने देखिएको भन्ने राष्ट्रिय सतर्कता केन्द्रको प.सं.०७०।०७१ च.नं.१८१५०५२११६ मिति २०७१।३।३० को पत्र एवं उजुरीहरूका सम्बन्धमा अनुसन्धान गरी नेपाल खाद्य संस्थानले अनुदानमा वा अन्य कुनै किसिमले प्राप्त वा खरिद गरेको चामल सहरी क्षेत्रमा वितरण हुने कोटाको चामल बढी भएमा दुर्गम क्षेत्रमा वितरण गर्न सकिने गरी र सुगम तथा सहरी वा दुर्गम तथा ग्रामीण क्षेत्रमा प्रतिव्यक्ति के कति परिमाणमा के कसरी बिक्री गर्नुपर्ने हो, सो को स्पष्ट नीति र मापदण्ड तय गरी चामल बिक्री गर्ने गराउने व्यवस्था कार्यान्वयन गर्न गराउन आयोगको मिति २०७३।२।२५ को निर्णयानुसार नेपाल सरकार, आपूर्ति मन्त्रालयलाई सुझाव लेखी पठाइएको।

**२४. पशुपन्छी विकास मन्त्रालय अन्तर्गत**

(१) दुग्ध विकास संस्थान, काठमाडौंद्वारा सार्वजनिक खरिद ऐन, नियम विपरीत अख्तियारको दुरुपयोग गर्दै अयोग्य कम्पनीलाई बोलपत्र दिने निर्णय गरेको, पोलिथिन फिलिङ सिधै संघाई प्लास्टिक इण्डस्ट्रिजबाट खरिद गरी अनियमितता गरेको, कर्मचारीहरूलाई पारवहन भत्ता उपलब्ध गराई संस्थानलाई हानि नोक्सानी पुऱ्याएको, संस्थानले चितवन मिल्कसँग पाउडर र मख्खन खरिदमा अनियमितता गरेको, संस्थानका उपकरणहरू निजी डेरीमा प्रयोग गरेको,

जेनेरेटर मर्मत तथा भाडामा लिँदा अनियमितता गरेको, होर्डिङ बोर्ड खरिदमा अनियमितता भएको भन्ने उजुरीहरूका सम्बन्धमा अनुसन्धान हुँदा दुग्ध विकास संस्थानले सञ्चालक समितिको स्वीकृति तथा महाप्रबन्धकको आदेशानुसार ७४ जना कर्मचारीहरूलाई करारमा नियुक्त गरेकोमा सम्पूर्ण आयोजनामा करारमा राखिएका कर्मचारीहरूलाई यथावत राख्दा संस्थानलाई आर्थिकभार पर्ने देखिएको भनी मिति २०७१।४।१ बाट लागू हुने गरी महाप्रबन्धकबाट नियम विपरीत करारमा राखिएका ५६ जना कर्मचारीहरूलाई मिति २०७१।३।१३ मा बसेको सञ्चालक समितिको १२३१ औं बैठकको निर्णयानुसार करार सेवाबाट हटाइएको, बाँकी रहेका १८ जना कर्मचारीहरू सञ्चालक समितिको स्वीकृतिसमेत लिई हाल कार्यरत रहेको देखिएकोले भविष्यमा सेवा करारमा कर्मचारी नियुक्त गर्दा संस्थानको आवश्यकता र पदको औचित्यसमेत हेरी दुग्ध विकास संस्थान, कर्मचारी सेवा शर्त र सेवा सुविधासम्बन्धी नियमावली र सार्वजनिक खरिद नियमावलीको प्रक्रिया र प्रतिस्पर्धासमेत सुनिश्चित हुने गरी गर्न आयोगको मिति २०७३।२।२७ को निर्णयानुसार पशुपंक्षी विकास मन्त्रालयमा लेखी पठाइएको ।

**२५. गृह मन्त्रालय अन्तर्गत**

(१) काठमाडौं जिल्ला सीतापाइला गा.वि.स.वडा नं.४ को कि.नं. ४६४ र ४६५ ले बाटोको जग्गा अतिक्रमण गरी हाल साबिक गर्न लागेको भन्ने समेतको सम्बन्धमा अनुसन्धान हुँदा सीतापाइला गा.वि.स. वडा नं.४ को कि.नं. ४६४ र ४६५ को क्रमशः क्षेत्रफल ०-८-०-० र ०-३-१-० जग्गा सुन्दरलाल श्रेष्ठ र मुकुन्दलाल श्रेष्ठको नाममा दर्ता रहेकोमा सीतापाइला गाउँ विकास समितिको कार्यालयबाट कित्ता नं. ४६४ र ४६५ को क्रमशः क्षेत्रफल रोपनी ०-८-०-० र ०-३-१-० जग्गामा घर निर्माण गर्न निज मुकुन्दलाल श्रेष्ठ र सुन्दरलाल श्रेष्ठलाई स्वीकृति दिएको तथा बाटोको जग्गामा घर बनाएको भन्ने मालपोत कार्यालय, कलंकीमा दिएको निवेदनबाट देखिएको, सो घरले चर्चेको जग्गा आफ्नो नाममा र निजको नाममा दर्ता रहेको जग्गा नेपाल सरकारको नाममा कायम गर्ने गरी सट्टापट्टा गरी पाउँ भनी निज सुन्दरलाल श्रेष्ठ र मुकुन्दलाल श्रेष्ठले मालपोत कार्यालय, कलंकीमा मिति २०६८।१०।७ मा दिएको निवेदन एवं साबिक नापी बमोजिमको उल्लेखित कित्ता नं.४६४ र ४६५ को जग्गा पुनः नापी बमोजिमको जग्गासँग हाल साबिक गर्ने क्रममा मालपोत कार्यालय, कलंकीमा कारबाहीमा रहेको फाइल संलग्न (साल उल्लेख नभएको ४।२० र ५।२ भन्ने मिति जनिएको) ओभरल्याप नक्साबाट जग्गा (नाप जाँच) ऐन, २०१९ बमोजिम साबिकमा नाप नक्सा हुँदै बाटो जनिई नापनक्सा भएको काठमाडौं जिल्ला सीतापाइला गा.वि.स.वडा नं.४ कि.नं.३१७ र २४४ को सार्वजनिक बाटोको जग्गा अतिक्रमण गरी घर निर्माण गरेको अवस्था देखिन आयो अतः जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम साबिकमा नापनक्सा हुँदा बाटो जनिई नापनक्सा भएको काठमाडौं जिल्ला सीतापाइला गा.वि.स वडा नं. ४ को कि.नं. ३१७ र २४४ को सार्वजनिक बाटो कित्ता नं.४६४ र ४६५ बाट अतिक्रमण गरिएको सम्बन्धमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ९ को उपदफा (६क) बमोजिम आवश्यक कारबाही गरी घर भत्काई जग्गा खाली गरी गराई सोही ऐनको दफा ५ को उपदफा (५) को देहाय खण्ड (ग) बमोजिम रेखदेख र संरक्षण समेतको आवश्यक व्यवस्था मिलाई सोको जानकारी आयोगमा पठाउनका लागि आयोगको मिति २०७२।६।१७ को निर्णयानुसार काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाइएको ।

## ६.७ तामेली/मुल्तबी

### ६.७.१ तामेली

आयोगमा पर्न आएका उजुरीहरूमध्ये आर्थिक वर्ष २०७२/७३ देहायका उजुरीहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ को उपदफा(१२) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम १० बमोजिम तामेलीमा राखिएको छ।

| क्र.सं. | उजुरीको व्यहोरा | तामेली निर्णय मिति |
|---|---|---|
| १. | बाँसगढी रेञ्जपोष्ट, रुपन्देहीले बरामदी काठ ओसार पसार गर्ने गाडी र व्यक्तिलाई कुनै कारबाही नै नगरी छाडिदिएको भन्ने | २०७२।४।१० |
| २. | लमजुङ जिल्ला मालिङ गा.वि.स मा ग्रामीण विद्युतीकरण गर्नको लागि उठाइएको रकम काम नगरी हिनामिना गरेको तथा शारदा मा.वि को स्वर्ण महोत्सव कार्यक्रमकाच लागि उठाइएको रकम हिनामिना भएको । | २०७२।४।१३ |
| ३. | आ.व. २०६५।६६ मा पाँचथर जिल्लाको खुंगा काउले हुँदै एकतिन जाने सडक निर्माणका लागि उपभोक्ता समितिका अध्यक्ष कुमार अधिकारीले पेश्की लिई काम नगरेको र जिल्ला कृषि विकास कार्यालय पाँचथरबाट आ.व. २०६६।६७ मा सहकारी पसल सञ्चालन गर्न रु. एक लाख निकाली पसल नखोलेको । | २०७२।४।१३ |
| ४. | उदयपुर जिल्लाको पंचवती गाउँ विकास समिति वडा नं ४ स्थित प्रगतिशील सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरूले गाउँसम्म जाने ग्रामीण मोटरबाटो खन्ने कार्यमा अनियमितता गरेको । | २०७२।४।१३ |
| ५. | कृषि विकास बैंक, शाखा कार्यालय उर्लाबारी, मोरङका प्रबन्धक समेतको मिलेमतोमा बढी मूल्य पर्ने जग्गा कम मूल्यमा लिलाम गराई अनियमितता गरेको । | २०७२।४।१३ |
| ६. | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले आ.व. २०६९।७० मा धवनमार्गको छेउमा दुबो लगाउने कार्यमा अनियमितता भएको । | २०७२।४।१४ |
| ७. | जिल्ला स्वास्थ्य कार्यालय दार्चुलामा आ.व. २०६९।७० र २०७०।७१ मा औषधी उपकरण र मालसामान खरिदमा समेत अनियमितता भएको । | २०७२।४।१४ |
| ८. | सिराहा जिल्ला गोविन्दपुर गा.वि.स.-५ स्थित श्री जनता प्रा.वि. मानिकदह, झिटकीका प्रधानध्यापक राम अवतार चौधरी समेतले विद्यालय भवन निर्माणमा अनियमितता गरेको । | २०७२।४।१४ |
| ९. | सप्तरी जिल्ला अन्तर्गत श्री डिहबार रा. प्रा. वि. रुपनगर-९ शिध्दपुर सप्तरीलाई विभिन्न शीर्षकमा निकासा भै गएको सरकारी अनुदान रकम दुरुपयोग भएको । | २०७२।४।१४ |
| १०. | सप्तरी जिल्ला अन्तर्गत पट्टीप्रवाहा -४ स्थित राष्ट्रिय प्राथमिक विद्यालयमा राहत शिक्षकका रूपमा कार्यरत जामुनप्रसाद यादव र लिलाकुमारी यादवले नक्कली अध्यापन अनुमति पत्र पेश गरी शिक्षक पदमा नियुक्ति लिई तलब खाएको । | २०७२।४।१४ |
| ११. | सिरहा जिल्ला अन्तर्गत तत्कालीन चन्द्रोदयपुर गा.वि.स. का सचिव हरिनारायण यादवले गाउँ विकास समितिमा भ्रष्टाचार र अनियमितता गरेको । | २०७२।४।१४ |

| | | |
|---|---|---|
| १२. | श्री यसम मा.वि. यसम-५ ओखलढुँगाका तत्कालीन प्र.अ. संजीवकुमार सिंह दनुवारले विद्यालयमा आर्थिक अनियमितता गरेको । | २०७२।४।१४ |
| १३. | काठमाडौं जिल्ला फुटुङ गा.वि.स. वडा नं.९ कि.नं. ४० को क्षेत्रफल ०–८–०–० जग्गा मृगेन्द्रराज उपाध्याय शर्मा समेतको नाममा जग्गाधनीको लगत बिना छुट जग्गा दर्ता गर्ने निर्णय गरेको । | २०७२।४।१५ |
| १४. | परोपकार प्रसूति तथा स्त्री रोग अस्पतालले औषधी खरिद प्रक्रियामा अनियमितता गरेको । | २०७२।४।१५ |
| १५. | कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं. १८ स्थित शुक्रराज बलभ उच्च मा.वि. छिनेडाँडाका प्र.अ. श्री नारायण प्रसाद भण्डारी र विद्याल व्यवस्थापन समितिका अध्यक्षको मिलेमतोमा रकम हिनामिना गरेको । | २०७२।४।१५ |
| १६. | डडेल्धुरा जिल्ला आलिताल गा.वि.स.वडा नं ९ निवासी जगत बहादुर विष्टले हरियाली र सुरताल सामुदायिक वनमा अबैध रूपमा रूख काटी जग्गा आवाद गरेको । | २०७२।४।१५ |
| १७. | भक्तपुर जिल्ला मध्यपुर ठिमी नगरपालिका वडा नं १६ प्रगतिनगरमा रहेको श्री सरस्वती प्रा.वि.का विद्यालय व्यवस्थापन समितका अध्यक्ष पदमबहादुर सिंजापतीले विद्यालयमा भएको निर्माण र सहयोग रकम भ्रष्टाचार गरेको । | २०७२।४।१८ |
| १८. | जनता राष्ट्रिय प्राथमिक विद्यालय मधेपुरा-८, सप्तरीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापक समेतले सरकारी अनुदानको रकम हिनामिना गरेको । | २०७२।४।१८ |
| १९. | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा करिब २ वर्ष अघिदेखि जडान गरेको CCTV Camera र Video Mangagement System रातिको समयमा प्रष्ट नदेखिने, CCTV Camera को Recording ४ वा ८ वा १३ दिनसम्म रहने गरेकोले त्रिभुवन विमानस्थलका कर्मचारी र सामान Supply गर्ने बीच मिलेमतो भई व्यापक अनियमितता भएको । | २०७२।४।१९ |
| २०. | जिल्ला काठमाडौं साङ्गला गा.वि.स. वडा नं. ९ मा पर्ने न्यूरो खोला साइटोलमा पर्ने बाटोमा ढलान गर्दा नक्सा अनुसार नभएको । | २०७२।४।१९ |
| २१. | सर्लाही जिल्लास्थित देवनी देवी प्रा.वि. गम्हरिया-५ सञ्चालनमा नरहेकोले खारेज गर्नुपर्ने । | २०७२।४।१९ |
| २२. | बैतडी जिल्ला दशरथचन्द न.पा.५ मा सडक निर्माण कार्यको उपभोक्ता समितिका अध्यक्ष र सचिवले रकम हिनामिना गरेको । | २०७२।४।१९ |
| २३. | कर्णाली हाउजिङ्ग प्रा.लि.को सम्पूर्ण शेयर कित्ता मिति २०६७।३।२५ बाट प्रमोदकुमार नेपालले हक हस्तान्तरण गरी एकल शेयरधनी कायम भएकोमा निजले अघिल्लो मिति २०६७।३।५ राखी कम्पनी रजिष्ट्रारको कार्यालयका कर्मचारीसँग मिलोमतो गरी विश्वेश श्रेष्ठलाई बिक्री गरेको कार्य किर्ते, जालसाजी भएको । | २०७२।४।१९ |
| २४. | जिल्ला शिक्षा कार्यालय, रौतहट अन्तरगत श्री सरस्वती उच्च माध्यमिक विद्यालय, पिपरा, भलौहियाका प्र.अ. रविन्द्र झा समेतले आर्थिक अनियमितता गरेको । | २०७२।४।१९ |
| २५. | तानसेन नगरपालिकाका इन्जिनियर मनोहरलाल शाक्यले आफैंले नक्कली स्थायी | २०७२।४।२० |

| | | |
|---|---|---|
| | नियुक्ति पत्र बनाई पेस गरेको । | |
| २६. | जिल्ला स्वास्थ्य कार्यालय सुनसरीका सि.अ.हे.व.राजनारायण मण्डलले कम गुणस्तरको औषधी खरिद गरेको । | २०७२।४।२० |
| २७. | गुञ्जमानसिंह मेमोरियल ट्रष्ट, यट्खा काठमाडौंले चितवन जिल्लाको पिठुवा गा.वि.स. वडा नं. ५ मा निर्माण गरेको अस्पताल भवन गुणस्तरहीन भएको । | २०७२।४।२१ |
| २८. | नेपाल नागरिक उड्डयन प्राधिकरण नियमावली, २०५८ को नियम ५१, विपरीत विदेशी उडान तथा मर्मत सम्भार इजाजत प्राप्त व्यक्तिहरूलाई इजाजत मान्यता दिएको, श्री एयरलाइन्सका Mi-17 हेलिकप्टरहरू नेपाल भन्दा बाहिर सञ्चालन भएको । | २०७२।४।२१ |
| २९. | नेपाल टेलिकमबाट अप्टिकल नेटवर्क आयोजना अन्तरगत ADSS Optical Fiber Cable नेटवर्कको खरिदमा अनियमितता गरेको । | २०७२।४।२१ |
| ३०. | सर्लाही जिल्ला अन्तर्गत सामुदायिक प्राथमिक विद्यालय सुन्दरपुर चुहर्वा हरिपुर्वा-१ का प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समेतले सरकारी अनुदानको रकम हिनामिना गरेको । | २०७२।४।२१ |
| ३१. | सर्लाही जिल्ला अन्तर्गत सामुदायिक प्राथमिक विद्यालय शंकरपुर-८ का प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समेतले सरकारी अनुदानको रकम हिनामिना गरेको । | २०७२।४।२२ |
| ३२. | शिक्षा मन्त्रालय अन्तर्गत शिक्षा विभागमा आ.व. २०६८।६९ र २०६९।७० मा भएको विनियोजित बजेट रकम खर्च गर्दा प्रचलित कानूनको परिधिभित्र रही खर्च नगरेको । | २०७२।४।२७ |
| ३३. | सिन्धुपाल्चोक जिल्लाको जुगल थालखर्क होल्चे खानेपानी उपभोक्ता तथा सरसफाइ समिति चौताराका तत्कालीन अध्यक्ष ज्ञानेन्द्र कक्षपतिले रकम दुरुपयोग गरेको । | २०७२।४।२८ |
| ३४. | माथिल्लो त्रिशुली ३ए जलविद्युत आयोजनामा अनावश्यक जग्गा खरिद तथा जग्गा मूल्यांकनमा भ्रष्टाचार गरेको तथा २०६७ सालमा मुआब्जा समितिले मुआब्जा निर्धारण चलन चल्तीको रेट भन्दा बढी गरेको । | २०७२।४।२८ |
| ३५. | जिल्ला विकास समितिको कार्यालय, डडेलधुरामा सडक मर्मत संहार कोष र सर्वेक्षण बापतको रकम भुक्तानिमा अनियमितता भएको । | २०७२।४।२८ |
| ३६. | दुर्गा उच्च माध्यमिक विद्यालय, बरेवा, बैरिया, बाराको चार कोठे भवन निर्माणको लागि जिल्ला शिक्षा कार्यालय, बाराबाट निकासा भएको रकम हिनामिना गरेको । | २०७२।४।३१ |
| ३७. | जिल्ला वन कार्यालय रामेछापबाट निकासी भएको खयरमा तोकिएको परिमाणभन्दा बढी निकासी भएको । | २०७२।४।३१ |
| ३८. | तनहुँ जिल्ला खैरेनीटार गा.वि.स.का सचिव चन्द्रबहादुर खनाल र प्राविधिक सहायक शिवराज अधिकारी समेतले तनहुँ जिल्ला साविक उदनेढुंङ्गा गा.वि.स. वडा नं.५ को कि.नं.११५५ क्षे.फ.१-०-०-० को पृथ्वी राजमार्गसँग जोडिएको जग्गालाई कुनै प्रकारको बाटो नभएको भनी जग्गा रजिष्ट्रेशनको लागि मालपोत कार्यालय, तनहुँमा सिफारिस गरेको । | २०७२।४।३१ |
| ३९. | करुनियाँ-६ रौतहटस्थित श्री प्रा.वि.का व्यवस्थापन समिति अध्यक्ष समेतले | २०७२।४।३२ |

| | | |
|---|---|---|
| | विद्यालयको नाममा रहेको क्षेत्रफल ४-१०-१५ को पोखरी माछापालनको लागि ठेक्कामा दिंदा न्यून मूल्यमा लेनदेन गरी भ्रष्टाचार गरेको । | |
| ४०. | गोरखा क्याम्पसका शिक्षक यदुप्रसाद अधिकारीले द्वन्द्व पीडितले पाउने तालिममा आफ्नी श्रीमतीलाई दिएको, अवधि नपुगी पेन्सन खाएको, श्रीमतीलाई अपाङ्गता भत्ता खुवाएको । | २०७२।४।३२ |
| ४१. | काठमाडौं जिल्ला, साविक गागलफेदी गा.वि.स.-५,स्थित गागलफेदी हर्ष नि.मा.वि.मा भवन निर्माणको रकम हिनामिना गरेको । | २०७२।४।३२ |
| ४२. | हेटौंडा न. पा.मा कानून विपरीत समायोजन र योग्यता र नियुक्ति विपरीत हुने गरी कार्य विभाजन गरिएको । | २०७२।५।१ |
| ४३. | जिल्ला शिक्षा कार्यालय हुम्लाका जिल्ला शिक्षा अधिकारी कुलबहादुर फडेराले बाल विकास सहयोगी कार्यकर्ताबाट घूस लिई राहत शिक्षकको नि.मा.वि. तहमा पदस्थापना गरेको । | २०७२।५।१ |
| ४४. | मध्य पश्चिमाञ्चल सिंचाइ विकास डिभिजन नं ३, सुर्खेतद्वारा दैलेखमा संचालित गिताचौर रावतकोट सिंचाइ आयोजनामा मध्य पश्चिमाञ्चल सिंचाइ विकास डिभिजन नं ३ का कर्मचारीको मिलोमतोमा प्राविधिक नापजाँच नगरी सम्झौता अनुसारको रकम भुक्तानी नभएको एवं दिन आलटाल गरेको । | २०७२।५।७ |
| ४५. | श्री निम्न मा.वि. पर्सा, रघुनाथपुर, महोत्तरीका प्र.अ. भीम झाले विद्यालयको खाताबाट मनोमानी किसिमले रकम झिकी दुरुपयोग गरेको, विद्यालयको पुरानो भवन भत्काई पठन पाठनमा अवरोध गरेको र पुस्तकको लागि प्राप्त रकम दुरुपयोग गरेको । | २०७२।५।१७ |
| ४६. | महिला तथा बालबालिका कार्यालय कालिकोटका मुख्य महिला कार्यकर्ता सम्झना अधिकारी, निमित्त कार्यालय प्रमुख हसिना सुवेदी र सह-लेखापाल मलिम रावत समेतले गरिबी विरुद्ध महिला अभियान कार्यक्रम अन्तर्गतको रकम हिनामिना गरेको । | २०७२।५।२५ |
| ४७. | जिल्ला कृषि विकास कार्यालय गोर्खाका वरिष्ठ कृषि विकास अधिकृत बुद्धिबहादुर थापाले आफ्नै स्थाई घर ठेगाना रहेको गोर्खा जिल्ला हर्मी गा.वि.स. वडा नं ८ स्थित क्षेत्रमा निजकै अग्रसरतामा दर्ता भएको श्री प्रगति कृषि सहकारी संस्था लि. मार्फत १(एक) वटा स्किन हाउस निर्माण गर्न भनी रु.३,५०,०००।-, साना सिंचाइ कार्यक्रममा रु.३,००,०००।- हिनामिना गरेको । | २०७२।५।३१ |
| ४८. | इलाका प्रशासन कार्यालय राजापुरका तत्कालीन प्रशासकीय अधिकृत मुरलीधर पुरीले भारतीय नागरिकलाई नेपाली नागरिकताको प्रमाणपत्र दिएको तथा पदको दुरुपयोग गरेको । | २०७२।५।३१ |
| ४९. | दुग्ध विकास संस्थानले सार्वजनिक खरिद ऐन, नियम विपरीत स्किम मिल्क पाउडर, मख्खन आदि खरिद गरेको, सुजल डेरी प्रा.लि. सँग लिन बाँकी दूध बिक्री बापतको रकम र चितवन मिल्क लि. सँग लिन बाँकी रहेको मिल्क पाउडर र मख्खन समेत हालसम्म लिन नसकेको, प्राप्त भएको मख्खन गुणस्तरहिन रहेको । | २०७२।५।३१ |
| ५०. | मुगु जिल्लाको नार्थपु गाउँ विकास समितिमा पर्ने गुल्म सिंचाइ आयोजना | २०७२।५।३१ |

| | | |
|---|---|---|
| | वि.सं. २०४२ सालमा शुरु भएर हालसम्म पनि सम्पन्न हुन नसकेको । | |
| ५१. | सरस्वती मा.वि. पाम्का, सुर्खेतमा कार्यरत तत्कालीन प्रधानाध्यापक शेरबहादुर राना समेतले विद्यालयमा अनियमितता गरेको । | २०७२।५।३१ |
| ५२. | पर्वत जिल्ला ठानामौला गा.वि.स- ९ निवासी देवीप्रसाद तिमिल्सिनाले दोहोरो तलबभत्ता खाएको । | २०७२।६।१ |
| ५३. | मिथिला सामुदायिक प्राथमिक विद्यालय, बरहथवा, सर्लाहीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापक समेतले रकम हिनामिना गरेको । | २०७२।६।१३ |
| ५४. | समाज कल्याण सामुदायिक प्राथमिक विद्यालय जानकीनगर-४, गंगापुर, सर्लाहीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापक समेतले भ्रष्टाचार गरेको । | २०७२।६।१३ |
| ५५. | उदयपुर जिल्ला, कटारी गा.वि.स.-५ (हाल वडा नं.८) अन्तर्गतको सार्वजनिक पैनी जनिएको कि.नं. ११२ को क्षेत्रफल १-६-५ बिगा जग्गा कित्ताकाट गरी कि.नं. १६९ र १७१ गरी जानुका खड्काको नाममा नाप नक्सा गराएको, उक्त पैनीमा पर्ने सार्वजनिक जग्गामा व्यक्तिले घर निर्माण गरेको साथै सोही पैनीको कि.नं. २१७ लाई भूमाफिया तथा सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति, उदयपुरका कर्मचारीहरूको मिलोमतोमा कित्ताकाट गरी सानो कि.नं. २२२ को नाला राखी कि.नं. २२० र कि.नं. २२१ को २ वटा कित्ता जग्गा बेचबिखन भई अतिक्रमण, घर निर्माण, बेचबिखन समेत भएको । | २०७२।६।१३ |
| ५६. | पोखरिया गा.वि.स.,पर्साका तत्कालीन गा.वि.स. सचिव राम लोचन साह रौनियारले रकम हिनामिना गरेको । | २०७२।६।१३ |
| ५७. | सर्लाही जिल्लास्थित सरस्वती प्राथमिक विद्यालय, गडहिया विर्ताको नाममा निकासा भएको सरकारी अनुदान रकम अनियमितता गरेको । | २०७२।६।१३ |
| ५८. | अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समितिका अध्यक्ष नारायणप्रसाद रेग्मी आयोजना प्रमुख गजेन्द्रकुमार ठाकुर तथा शाखा अधिकृत विनोदराज गौतमको आपसी मिलेमतोमा ठाडो निवेदनका भरमा कर्मचारी भर्ना गरेको । | २०७२।६।१३ |
| ५९. | संखुवासभा जिल्लाको सदरमुकाम खाँदवारी जोड्ने लेगुवा–अक्कर–तुम्लिङटार सडकखण्ड अन्तर्गत पिलुवा खोलामा निर्माणाधिन पुल निर्माण कार्यमा ढिलाइ तथा अनियमितता भएको । | २०७२।६।१४ |
| ६०. | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, पाल्पाका खानेपानी सरसफाइ टेक्निसियन केशवबहादुर कार्कीले नक्कली मार्कसिट खरिद गरेको । | २०७२।६।१४ |
| ६१. | सुनसरी जिल्लास्थित भवानीपुर सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष समेतको मिलेमतोमा अवैध रूपमा काठ कटान गरी पकलीको काठ मिलमा बेच्ने गरेको । | २०७२।६।१४ |
| ६२. | मालपोत कार्यालय, पर्सामा कार्यरत खरिदार तेजबहादुर प्रसाद कुर्मीले दुईवटा नागरिकताको फोटोकपीहरू पेश गरेकोले जारी मितिबाट निजको जन्ममिति दुई वटा देखिएको । | २०७२।६।१४ |
| ६३. | झापा जिल्लाको पथरिया गाउँ विकास समितिका सचिव कुमोदचन्द्र झा समेतले | २०७२।६।१५ |

| | | |
|---|---|---|
| | रकम हिनामिना गरेको । | |
| ६४. | श्री शिव माध्यमिक विद्यालय, व्यास-५, तनहुँका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकले छात्रवृत्तिको रकम वितरण नगरी हिनामिना गरेको । | २०७२।६।१५ |
| ६५. | नेत्रज्योती प्राथमिक विद्यालय, डुम्रे, काभ्रेपलान्चोकका प्र.अ. हिरा सिं लामाले विद्यालयमा आर्थिक अनियमितता गरेको । | २०७२।६।१५ |
| ६६. | जुम्ला जिल्लाको सिंजास्थित बन्दिराज सिंचाइ कुलो मर्मत संभारको कार्यमा उपभोक्ता समितिले रकम हिनामिना गरेको । | २०७२।६।१५ |
| ६७. | आ.व २०५५।५६ देखि २०६९।७० सम्मको सिंचाइ सेवा शुल्कको रकम टर्सरी जल उपभोक्ता समितिलाई उठाउन नदिई विधान विपरीत महाकाली सिंचाइ डिभिजन नं. ८ र जल उपभोक्ता संघ प्रथम चरण क्षेत्रीय समितिले उठाई हिनामिना गरेको । | २०७२।६।१५ |
| ६८. | जिल्ला प्रशासन कार्यालय बाँकेका तत्कालीन प्र.जि.अ.वीरेन्द्रबहादुर बाँनिया समेतले सरकारी कागज किर्ते गरी बाँके जिल्ला लक्ष्मणपुर-५ बस्ने श्रीमती कंचन सिंह र ऐ.ऐ. बस्ने रामसिंह ठाकुरको नाउँमा नागरिकताको प्रतिलिपी जारी गरेको । | २०७२।६।१५ |
| ६९. | रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) का स्टोर प्रमुख इन्द्रजीत थापाले नेपाल जेनरल मार्केटिङ प्रा.लि.बाट रेडियो नेपालका लागि ६ वटा मोटरसाइकल खरिद गर्दा कमिसन बापत रु.१०,२००।- रकम लिएको तथा निज समेतले नयाँ A/C किन्दा २५% कमिसन लिएको । | २०७२।६।१५ |
| ७०. | राष्ट्रिय क्षयरोग केन्द्रका, पूर्व निर्देशक काशीकान्त झाले पैसाको चलखेल गरी सार्क क्षयरोग केन्द्रको निर्देशक पदमा नियुक्ति तथा म्याद थप गराएको, ग्लोवल फन्डको रकम दुरुपयोग गरेको, समयमा लेखा परीक्षण नगराएको, गैरसरकारी संस्था मार्फत रकम खर्च गरी कमिसन लिने गरेको । | २०७२।६।१७ |
| ७१. | मालपोत कार्यालय, मोरङका तत्कालीन प्रमुख मालपोत अधिकृत ध्रुवप्रसाद रेग्मी समेतले सार्वजनिक ऐलानी जग्गा व्यक्तिको नाममा दर्ता गरेको । | २०७२।६।१७ |
| ७२. | मदन भण्डारी स्मृति प्रतिष्ठान, मंगलबारे, उर्लावारीले ४० थान ल्यापटप खरिद गर्न बोलपत्र आह्वान गरेकोमा सम्पूर्ण आधारहरू पुऱ्याई रकम समेत कम भएको टेक्नो कमर्सियल इम्पेक्सलाई छनौट नगरी बिना कुनै कारण उच्चतम मूल्य कायम भएको फर्मलाई छनौट गरेको र त्यसमा आपत्ति जनाउँदा रद्द गरी रि-टेण्डर गर्ने नियत राखेकोले उचित कारण नै नदेखाई मनपरी गरेकोले बोलपत्रमा भएको अनियमितता छानबिन गरी पाउँ । | २०७२।६।१७ |
| ७३. | बेलौरी नगरपालिकाको कार्यालय कंचनपुरका प्राविधिक सहायक हृदयराज बजगाई समेत भई विकास निर्माणको रकम र सामाजिक सुरक्षा भत्ता रकम हिनामिना गरेको । | २०७२।६।१९ |
| ७४. | बारा जिल्ला औरैया-४ ख कि.नं.७३ को ०–०–१७ क्षेत्रफल भएको जग्गाको क्षेत्रफल सुधार गरेको । | २०७२।६।१९ |
| ७५. | पूर्व पश्चिम राजमार्गको बर्दिया जिल्लामा पर्ने सडक मर्मत कार्य गुणस्तरीय नभएको । | २०७२।६।१९ |

| | | |
|---|---|---|
| ७६. | काठमाडौं महानगरपालिकाका तत्कालीन कार्यकारी अधिकृत केदारबहादुर अधिकारीले नेपाल वायु सेवा निगम अगाडिको पुरानो आकासे पुल भत्काएर सो ठाउँमा नयाँ आकाशेपुल निर्माण गर्न इन्नोभेटिव कन्सेप्ट प्रा.लि.लाई स्वीकृति प्रदान गर्दा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को परिच्छेद ९ को दफा १४९ को प्रावधान विपरीत संरचना निर्माणको अनुमति दिएको । | २०७२।६।१९ |
| ७७. | सप्तरी जिल्ला मलेठ गा.वि.स. वडा नं. ४ जोलहरी पश्चिमटोलमा रहेको श्री राष्ट्रिय प्राथमिक विद्यालयमा निकासा भएको अनुदानको रकम दुरुपयोग गरेको । | २०७२।६।१९ |
| ७८. | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमनतर्फ खुला स्थानमा गरुडको चार फिट अग्लो (नमस्ते पोजमा) मूर्ती काँसको हुनुपर्ने शर्त सहित पच्चीस लाखभन्दा बढीको रकम राखी टेण्डर गरिएकोमा सबैभन्दा सस्तो धातु ढलौट प्रयोग गरी चार लाख मात्र खर्च गरी पच्चीस लाखभन्दा बढीको बिल बनाई रकम बुझेको हुनाले टेण्डरको शर्त मूर्तीमा प्रयोग गरिएको धातु र रकम बारे अनुसन्धान गरी दोषीमाथि कारबाही गरी पाउँ । | २०७२।६।१९ |
| ७९. | साना किसान सहकारी संस्था लिमिटेड, बग्दह, सर्लाहीको जग्गा खरिद, ऋण वितरण र इजरायलमा प्रशिक्षार्थी पठाउने प्रयोजनका लागि उम्मेदवार छनौट समेतका कार्यमा अनियमितता भएको । | २०७२।६।२० |
| ८०. | परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालले टेण्डर नगरी नियम विपरीत कोटेशनबाट आई.भि.एफ.,अटोक्लेभ र बोइलर जस्ता उपकरण खरिद गरेको । | २०७२।६।२२ |
| ८१. | राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेडदेखि जिल्ला कृषि विकास कार्यालय र डिलर समेतको मिलेमतोमा अनुदानको बीउ अनियमितता गरेको । | २०७२।६।२२ |
| ८२. | जुम्ला जिल्ला विराट गा.वि.स. अन्तर्गत वार्ड नं. ४, ५, ६ र ७ को आ.व.२०६६।६७ सालको विराट खानेपानी योजना उपभोक्ता समितिका अध्यक्ष धनबहादुर ओड कामीले योजनाको कार्य समाप्त नगरी इष्टिमेटमा १९ धारा भए पनि २६ वटा धारा बनाएको, सिमेन्ट समेत बाँडेर प्रयोग गराएको, आसेडाँडामा बनाउने भनिएको RVT (Reservoir Tank) सियालपानीमा सारी बनाएको, धारा पाइपलाइनको कार्य अधुरो छोडेको, ज्याला नदिई काममा लगाएको । | २०७२।६।२२ |
| ८३. | सत्ती छोटी भन्सार कार्यालय, टिकापुर, खक्रौला कैलालीका नायव सुब्बा यादवकुमार श्रेष्ठले भन्सार नतिरी निकासी पैठारी गराई दिन्छु भनी सेवाग्रहीबाट रु.२१,०००।– रिसवत माग गरेको । | २०७२।६।२८ |
| ८४. | जिल्ला पर्वत, आर्थरडाँडाखर्क गाउँ विकास समितिका सचिव लालप्रसाद लामिछानेले नेपाली नागरिकताको सिफारिस गर्न रु.३,०००।– रिसवत लिएको । | २०७२।६।२८ |
| ८५. | नापी कार्यालय, चितवनका नापी अधिकृत रामकान्त आचार्यले जमिन र नक्सा अनुसार साढे सात धुर जग्गा भएकोमा पुर्जामा ४ धुर मात्र भएकोले पुर्जामा नपुग जग्गा थप गरी श्रेस्ता सुधार गरिदिन प्रक्रिया पुऱ्याई कारबाही अगाडि बढाउँदा घूस रकम रु.१ लाख माग गरेको । | २०७२।६।२८ |
| ८६. | काठमाडौं महानगरपालिका कार्यालयले गोंगवु बसपार्क लिजमा दिँदा अनियमित | २०७२।८।२ |

| | | |
|---|---|---|
| | तरिकाले लिज सम्झौता गरी महानगरपालिकालाई हानि नोक्सानी पुऱ्याएको । | |
| ८७. | तेह्रथुम जिल्लास्थित श्री सिद्धकाली उच्च माध्यमिक विद्यालय मौवाटी मेहेलेका प्रधानाध्यापक कुलप्रसाद दुलाल र लेखापाल दुर्गाप्रसाद चम्लागाईंले आर्थिक अनियमितता गरेको । | २०७२।८।१३ |
| ८८. | कोटेश्वर बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख गोविन्दबहादुर कार्कीले क्याम्पस प्रमुख हुने उद्देश्यले एम.फिल.को नक्कली शैक्षिक योग्यता तथा नक्कली अनुभवको प्रमाणपत्र पेश गरेको । | २०७२।८।१३ |
| ८९. | नेपाल इन्जिनियरिङ परिषदका तत्कालीन रजिष्ट्रार ई. ज्ञानेन्द्रकुमार झालाई विद्यार्थीहरूले अस्थाई प्रमाणपत्र पाउनका लागि दुई लाख रुपैयाँ सरोजकुमार यादव मार्फत संकलन गरी दिएको । | २०७२।८।१३ |
| ९०. | काठमाडौं जिल्ला साविक नगर २३ (म) कि.नं. ८९ र ९१ को सार्वजनिक रूपमा प्रयोग भैरहेको र क्लबहरूले खेलकुदका लागि प्रयोग गर्दै आइरहेको जग्गा मालपोत कार्यालय, काठमाडौंका कर्मचारीहरूको मिलेमतोमा व्यक्तिको नाममा दर्ता गरेको । | २०७२।८।१३ |
| ९१. | सर्लाही जिल्ला स्थित माँ दुर्गा सामुदायिक प्रा.वि. इनर्वा-५ फुलपरासीमा सरकारी अनुदान रकम हिनामिना भएको । | २०७२।८।१३ |
| ९२. | सर्लाही जिल्लास्थित बावासाहेव प्राथमिक विद्यालय मलंगवा-१० को विद्यालय, व्यवस्थापन समितिका अध्यक्ष समेतले नक्कली विद्यार्थी देखाई नक्कली कागजात पेश गरी अनुदान लिएको । | २०७२।८।१४ |
| ९३. | बारा जिल्लास्थित कर्मवा प्राथमिक विद्यालय, बेलदारी-३को विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समेतले अनुदान रकम हिनामिना गरेको । | २०७२।८।१४ |
| ९४. | सर्लाही जिल्लास्थित श्रीराम प्राथमिक विद्यालय मोतिपुर-३ को विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समेतले अनुदान रकम हिनामिना गरेको । | २०७२।८।१४ |
| ९५. | सर्लाही जिल्लास्थित सामुदायिक प्राथमिक विद्यालय मोतिपुर-६ को विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समेतले अनुदान रकम हिनामिना गरेको । | २०७२।८।१४ |
| ९६. | सर्लाही जिल्लास्थित सामुदायिक प्राथमिक विद्यालय मोतिपुर-८ को विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समेतले रकम हिनामिना गरेको । | २०७२।८।१४ |
| ९७. | यातायात व्यवस्था कार्यालय, महाकाली अञ्चल, महेन्द्रनगरमा सवारी चालक अनुमतिपत्र वितरणमा अनियमितता भएको । | २०७२।८।१४ |
| ९८. | पर्सा जिल्ला ठोरी-१ स्थित झिंगे खोला र वडा नं.२,४ र ५ स्थित पर्ने ढेढुखोला नदी नियन्त्रण कार्यमा प्राविधिक झिकाइ गुपचुप रूपमा उपभोक्ता समिति बनाएर तटबन्धको रकम निकासा गरी अनियमितता गरेको । | २०७२।८।१४ |
| ९९. | रौतहट जिल्ला पथरा बुधराम-२ वस्ने गौरीशंकर प्रसाद जयसवालले आफ्नो राय सल्लाहका व्यक्तिहरूको उपभोक्ता समिति बनाई श्री उच्च माध्यमिक विद्यालय पथरा बुधरामको जिल्ला शिक्षा कार्यालय रौतहट तथा विद्यालयको कोषबाट बनिरहेको भवन देखाई जिल्ला विकास समितिको कार्यालय, रौतहटबाट बुझेको रु.६,२५,५०७।–भ्रष्टाचार गरेको । | २०७२।८।१४ |
| १००. | धोविखोला करिडोर सुधार आयोजना अन्तरगत भैरहेको निर्माण/मर्मत कार्यमा सार्वजनिक खरिद ऐन,नियम विपरीत कार्य गराएको । | २०७२।८।२२ |

| | | |
|---|---|---|
| १०१. | बी.पी.कोइराला स्वास्थ विज्ञान प्रतिष्ठान, धरानले आ.व. २०६७।६८ मा खरिद गरेको ophthalmic operating, ENT operating microscope मा आर्थिक अनियमितता भएको । | २०७२।९।१ |
| १०२. | काठमाडौं महानगरपालिकाको जनस्वास्थ्य विकास विभागका प्रमुख डा.बाबुराम गौतम समेतले औषधी खरिदमा कमिसन खाएको । | २०७२।९।१ |
| १०३. | सुनसरी जिल्लाको तत्कालीन दुहवी नगरोन्मुख गाउँ विकास समितिका तत्कालीन गा.वि.स. सचिव तथा कर्मचारीहरू समेत मिलि गा.वि.स.को आन्तरिक श्रोततर्फको आम्दानी हिनामिना गरेको । | २०७२।९।१ |
| १०४. | जिल्ला वन कार्यालय, दार्चुला अन्तर्गत देथला इलाका वन कार्यालयका सहायक वन अधिकृत राम सागर मंडलले २०७१ साल असोज १ गतेसम्मको अग्रिम हाजिर गरी मिति २०७१ श्रावण १४ गते घरतिर गएको । | २०७२।१०।१७ |
| १०५. | औषधी व्यवस्था विभाग, शाखा कार्यालय, नेपालगञ्जमा कार्यरत फार्मेसी सुपरभाइजर सुरज गौतमले बाँके जिल्ला नेपालगञ्ज उपमहानगरपालिका वडा नं.११ स्थित S.G. Care Herbal Formulation, Nepalgunj, Banke, Nepal नामक उद्योगका सञ्चालकलाई गैरकानूनी रूपमा उद्योग सञ्चालन गरिरहेको भनी उद्योग बन्द गरी बिल समेत नकाट्न भनी मौखिक रूपमा आदेश दिएकोले सञ्चालनको प्रक्रिया बताइदिनुहोस भन्दा माथिसम्म मिलाउनुपर्छ रु.१,५०,०००।– नदिए काम हुँदैन भनी रिसवत माग गरेको । | २०७२।१०।२४ |
| १०६. | धादिङ जिल्ला मैदी गा.वि.स. वडा नं. ४ स्थित संस्कृत तथा साधारण उच्च माध्यमिक विद्यालय, मैदीका प्रधानाध्यापक पौष प्रसाद तिवारीले आर्थिक अनियमितता लगायतका कार्यहरू गरेको । | २०७२।११।१३ |
| १०७. | रामेछाप जिल्लास्थित श्री कृष्ण वर्णेश्वर उ.मा.वि. का तत्कालीन प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षले आ.व. २०६८।६९ मा विनियोजित रकमबाट ३ तले भवन निर्माण गर्नुपर्नेमा भवन नबनाई रकम हिनामिना गरेको । | २०७२।११।१३ |
| १०८. | नुवाकोट जिल्लास्थित कालिका परोपकार प्रा.वि. का तत्कालीन प्र.अ. र विद्यालय व्यवस्थापन समितिका अध्यक्षले विद्यालयको २ कोठे भवन निर्माण लगायतमा अनियमितता गरेको । | २०७२।११।१३ |
| १०९. | जिल्ला शिक्षा कार्यालय, बाराका तत्कालीन जिल्ला शिक्षा अधिकारी राम विनय कुमार सिंहले विद्यार्थी संख्या अत्यधिक देखाई अनुदान रकम हिनामिना गरेको । | २०७२।११।१३ |
| ११०. | उदयपुर जिल्ला रौता गा.वि.स. स्थित रौता पोखरी सुधार तथा मर्मत कार्यका लागि पर्यटन सूचना केन्द्र, जनकपुर र जिल्ला विकास समितिको कार्यालय, उदयपुरबाट निकासा भएको रकममा कम खर्च गरी बढी खर्च गरेको बिल भरपाई बनाई रकम हिनामिना गरेको हुँदा रौता पोखरी पर्यटन पूर्वाधार निर्माण उपभोक्ता समितिका अध्यक्ष केशव राई र सचिव मदन राई समेतलाई आवश्यक कारबाही गरी पाउँ । | २०७२।११।१३ |
| १११. | जनज्योति उच्च माध्यमिक विद्यालय, चन्द्रनिगाहापुर, रौतहटका प्राचार्य योगेन्द्र प्रसाद यादवले विद्यालय भवन निर्माण र क्याम्पस भवन निर्माणमा अनियमितता | २०७२।११।१३ |

| | | |
|---|---|---|
| | गरेको । | |
| ११२. | भोजपुर जिल्ला देउराली-१ वस्ने भोगेन्द्र उदाशले प्रहरी चौकी देउरालीको जग्गा खरिद गर्दा देउराली-१ स्थित कि.नं.४९५ को ६-०-२-१ क्षेत्रफल जग्गा प्रहरी चौकीको नाममा पास नगरी ३-०-०-० क्षेत्रफल जग्गा मात्र राजीनामा पास गरी बाँकी ३-०-२-१ जग्गा झुक्याई आफ्नो नाममा राजीनामा पास गरेको । | २०७२।११।१३ |
| ११३. | धनकुटा जिल्ला, चानुवा गा.वि.स.-१ बस्ने छत्रबहादुर चापागाई र तत्कालीन मालपोत अधिकृत र नापी अधिकृत समेतले चानुवा-३ स्थित कित्ता नं. ५७१ को क्षे.फ.१४-११-० जग्गा छत्रबहादुर चापागाईंको नाममा दूषित तरिकाले दर्ता गरे गराएको । | २०७२।११।१३ |
| ११४. | दशरथ रंगशाला पुनः निर्माण तथा मर्मतका सम्बन्धमा भएका कामहरूमा आफू अनुकूलका व्यक्तिलाई ठेक्का दिएको । | २०७२।११।१३ |
| ११५. | सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, पर्साका लेखापाल बलराम थापा र तत्कालीन डिभिजन प्रमुख सुनिलकुमार ठाकुर मिलेर विभिन्न योजनाहरूको कन्टिन्जेन्सी रकम हिनामिना गरेको । | २०७२।११।१३ |
| ११६. | भीमफेदी कारागार, कार्यालयका तत्कालीन जेलर चिरन्जिवी थापाले कैदी/बन्दी सरुवा गर्दा रिसवत लिएको । | २०७२।११।१३ |
| ११७. | हेटौंडा-काठमाडौं कान्ति लोकपथ (मार्ग) योजनाको बागमती खोला (बगुवा) मा पर्ने सडक पुल निर्माणमा म्याद थप्ने काम गरी निर्माण कार्य ढिलाइ गरेको । | २०७२।११।१३ |
| ११८. | रसुवा जिल्लाका स्थानीय विकास अधिकारी ज्ञानराज पाण्डे, स्थानीय निकायका कर्मचारी र राजनैतिक दलका प्रतिनिधिहरू समेतको मिलेमतोमा रसुवामा छुर्तेन निर्माण, कालिका सामुदायिक अस्पतालमा तला थप, स्याफ्रुमा गुम्वा निर्माण, भार्खुमा खेल मैदान निर्माण, जिल्लामा संचालित खानेपानी योजनाको लागि पाइप खरिद र वितरण, विद्युत रोयल्टी बापतको रकम हिनामिना र हाम्रो सहकारी संस्थाको नाममा दिएको अनुदान रकम लगायतमा भ्रष्टाचार गरेको । | २०७२।११।१३ |
| ११९. | नेपाल वायु सेवा निगमका नायव महाप्रबन्धक गणेश ठाकुर र रमेश बहादुर शाहले मिलेमतो गरी Ground Handling Service मा ५३ प्रतिशत सम्म छुट दिने provision राखी १० प्रतिशत भन्दा माथिको रकम ऐजेण्ट मार्फत घोटाला गर्ने गरेको, Ambulift, External Air Condition Unit, Ramp Bus र Baggage Tow Tractor खरिदमा TLD Asia लाई मात्र मिल्ने गरी स्पेसिफिकेसन तयार गरी अनियमितता गरेको । | २०७२।११।१३ |
| १२०. | नवलपरासी जिल्ला, सुनवल नगरपालिका-३ कीर्तिपुरस्थित श्री युगज्योति प्राथमिक विद्यालयका प्रधानाध्यापक दीपक बराल र शिक्षिका जमुना थापाको अध्यापन अनुमतिपत्र नक्कली भएको, २०६१ सालदेखि विद्यालयमा छात्रवृत्ति वितरण नगरेको, शिक्षकहरूको संचयकोष रकम फिर्ता नदिएको र २०६९ सालको हाजिरी रजिष्ट्रर रद्द गरी नयाँ बनाएको । | २०७२।११।१३ |
| १२१. | झापा जिल्लास्थित मेची बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख लगायत अन्य प्राध्यापक तथा शिक्षकहरूले सरकारी सेवा सुविधा लिएर निजी क्याम्पस तथा | २०७२।११।१३ |

| | | |
|---|---|---|
| | स्कुलहरूमा अध्यापन गराउने गरेको । | |
| १२२. | उदयपुर जिल्लास्थित कटारी अस्पताल अधीनस्थ रहेको जग्गामा विष्णुबहादुर राई दनुवारले जबरजस्ती घर टहरा बनाएको । | २०७२।११।१३ |
| १२३. | गुठी शाखा कार्यालय, जनकपुरका कार्यालय प्रमुख राजबाबु पाण्डेले जनकपुरस्थित रामसागरको डिलमा असुली जिन्सी धान राख्नका लागि निर्माण भएको ऐतिहासिक धर्म भकारी आफूखुसी कानूनी प्रक्रिया मिचेर सस्तोमा निर्माण गरी भ्रष्टाचार गरेको । | २०७२।११।१३ |
| १२४. | पशुपतिनाथको स्वामित्वमा रहेको गोठाटारस्थित जग्गाको बालुवा ठेक्का मिठाराम दहाललाई नदिएकामा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री कृपासुर शेर्पाले पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव गोविन्द टंडनलाई हटाई सरेश नेपाललाई कोषको सदस्य-सचिवमा नियुक्ति गरेको । | २०७२।११।१३ |
| १२५. | सप्तरी जिल्लास्थित गाउँ विकास समितिको कार्यालय, मौवाहाका तत्कालीन गा.वि.स सचिव महेन्द्रप्रसाद चौधरी र प्राविधिक सहायक यशोदानन्द भिण्डवारले आ.व.२०६५।६६ मा गा.वि.सको बिजुलीको पोल र उप स्वास्थ्य चौकीको रकम लगायतका काम सम्पन्न नगरी फर्जी बिल बनाई भुक्तानी गरेको । | २०७२।११।१३ |
| १२६. | रुकुम जिल्लास्थित गाउँ विकास समितिको कार्यालय, हुकामका गा.वि.स सचिव ज्ञानबहादुर खड्का समेतले आ.व. २०६९।७० को सामाजिक सुरक्षा भत्ता वितरण नगरी हिनामिना गरेको । | २०७२।११।१३ |
| १२७. | कास्की जिल्ला पोखरा उप-महानगरपालिका-९ स्थित शान्ति बाटिकामा अवस्थित कृषि उपज बजार सञ्चालक संस्थापक अध्यक्ष कुमार लामा तथा सदस्य रुद्र खनाल समेतका व्यवसायीको मिलेमतोमा आफैंले कार्यविधि बनाई दस्तखत गरेको कार्यविधिको २५ 'क' र 'ख' विपरीत आफ्ना, छोरा र एकै घरका श्रीमान्/श्रीमतीको नाममा स्टल वितरण गरेको । | २०७२।११।१३ |
| १२८. | सिरहा जिल्ला, मोहनपुर कमलपुर गा.वि.स.-२ स्थित सामुदायिक निम्न माध्यमिक विद्यालयमा P.C.F. कोटा अन्तर्गत शिक्षक नियुक्ति गर्ने क्रममा योग्यता नै नपुगेका श्रीमती निलम कुमारी यादवलाई नियुक्ति गरेको । | २०७२।१२।१५ |
| १२९. | घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, डोल्पाका नायब सुब्बा भद्रवीर रावलले रसिद सच्याई कम राजश्व दाखिला गरेको । | २०७२।१२।२१ |
| १३०. | कैलाली जिल्ला उर्मा गा.वि.स.स्थित इँटा उद्योग वन जंगलबाट १ कि.मि. टाढा हुनुपर्नेमा वन जंगलबाट आधा कि.मि.को दूरीमा रहेको न्यू गणेश इँटा उद्योगलाई घरेलु तथा साना उद्योग कार्यालय, कैलालीबाट दर्ता गरिदिएको । | २०७२।१२।२३ |
| १३१. | जुम्ला जिल्लास्थित चन्दननाथ र भैरवनाथ राजगुठीमा अध्यक्ष, सचिव र पुजारी भई गुठीको नगद, जिन्सी हिनामिना गरेको । | २०७२।१२।२३ |
| १३२. | ललितपुर उप-महानगरपालिका वडा नं. १५ ख हाल वडा नं. २२ शंखमुलमा बागमती फाँट जग्गा एकीकरण आयोजनाबाट जग्गा प्लानिङ गरिएकोमा आयोजनालाई ठूलो रकम हानी हुने गरी स्थानीय जग्गाधनी र नगर विकास आयोजनाका केही कर्मचारीहरूको मिलेमतोमा जग्गा सट्टापट्टा गरी र नियमानुसार कट्टा गर्नुपर्ने जग्गा योगदान प्रतिशत समेत कट्टा नगरी फिर्ता | २०७२।१२।२३ |

| | | |
|---|---|---|
| | गरेको । | |
| १३३. | कैलाली जिल्ला स्थित पन्चोदय उच्च माध्यमिक विद्यालय, धनगढी, कैलालीका नि.मा.वि.द्वितीय श्रेणीका शिक्षक नरबहादुर लिम्बु २०५४ सालबाटै विद्यालयमा अनुपस्थित रही खेताला शिक्षक राखेको । | २०७२।१२।२३ |
| १३४. | सर्लाही जिल्लास्थित रेमता प्रा.वि.,बबरगंज- ८ सञ्चालनमा नरहेको, विद्यालय रहेको स्थानमा तरकारी खेती लगाएको, पठन पाठन नभएकोले सरकारी अनुदान रकम हिनामिना भएको । | २०७२।१२।२३ |
| १३५. | सर्लाही जिल्लास्थित सरस्वती सामुदायिक प्रा.वि., मुसौलीटोल, बरहथवा-६ मा अनुगमन गरेको समयमा स्थानीय व्यक्तिहरूबाट विद्यालयमा पढाइ नभएको जानकारी प्राप्त भएको, पढाइ भएको र हुन सक्ने अवस्था नदेखिएको, आफ्नो भवन नभएको, ऐलानी जग्गामा डि.पि.सि. गरी पिलर खडा भएको अधुरो अवस्थामा रहेको । | २०७२।१२।२३ |
| १३६. | सिरहा जिल्लास्थित गा.वि.स.को कार्यालय, भवानीपुर (प्र.ध.)मा आ.व.२०६९।७० मा ट्रान्सफर्मर तथा विद्युतका खम्वाहरू खरिद गरी जडान गर्नको लागी रु.५,८५,०००।- रकम विनियोजन गरी कृषि विद्युतीकरण उपभोक्ता समिति गठन भई काम गर्ने जिम्मेवारी पाएकोमा निर्णय बिना नै समितिका अध्यक्ष मो.आदमले आफूखुसी मनोमानी ढंगले हिमालय इन्जिनियरिङ कम्पनी, नेपाल,प्रा.लि., पोखरासगँ १०० KVA क्षमताको ट्रान्सफर्मर रु.२,४५,०००।- मात्र पर्नेमा रु.३,६५,०००।- मा खरिद गरेको र विद्युतीकरण पोलिङ गर्नका लागी खम्बाहरू खरिद नै नगरी रकम हिनामिना गरेको । | २०७२।१२।२३ |
| १३७. | जिल्ला विकास समितिको कार्यालय, दार्चुलाद्वारा एरिछिना-रिठाचौपाता-घन्थला सडक निर्माणको कार्यमा अनियमितता गरेको, वि.पी. स्मृति भवन निर्माणका लागि विनियोजित रकमबाट पि.सि.सि बाटो र ढल निकास योजनामा खर्च गरेको र मालिकार्जुन एफ.एम. दार्चुलालाई छुट्टयाइएको रकम उपकरण खरिदमा खर्च गरेको । | २०७२।१२।२३ |
| १३८. | जिल्ला सुनसरी, खनार-७ (हाल इटहरी उप-महानगरपालिका-११ स्थित भानु प्राथमिक विद्यालयले भोगचलन गर्दै आएको सरकारी जग्गा केही भू-माफियाहरूले विद्यालयका प्रधानाध्यापक र व्यवस्थापन समितिका पदाधिकारीहरूलाई प्रभावमा पारी आफ्नो जग्गालाई प्लटिङ गर्न सजिलो हुने गरी विद्यालयको जग्गाबाट ११ धुर जग्गा लिखत गरेर नै लिएकोले छानबिन गरी दोषीलाई कारबाही गरी विद्यालय स्वामित्वको जग्गाको रक्षा गरी पाउँ । | २०७२।१२।२३ |
| १३९. | छपाली-५, डोटीमा सामुदायिक विकास केन्द्र (CDC) को भवन निर्माणको बजेटमा विद्यालय व्यस्थापन समितिले अनियमितता गरेको । | २०७२।१२।२३ |
| १४०. | जिल्ला हुलाक कार्यालय, दैलेखको निर्माणाधीन भवन निर्माण कार्यमा अनियमितता एवम् भ्रष्टाचार भएको । | २०७२।१२।२३ |
| १४१. | बज्रवाराही उच्च माध्यमिक विद्यालय, चापागाउँ,ललितपुरका तत्कालीन प्रधानाध्यापक सन्तलाल साहले अनियमितता गरेको । | २०७२।१२।२३ |
| १४२. | भूमिसुधार कार्यालय, महोत्तरीका तत्कालीन भूमिसुधार अधिकारी मदन कुमार | २०७२।१२।२३ |

| | | |
|---|---|---|
| | झाले विना आधार-प्रमाण इन्द्रिस कवारीलाई मोही कायम गरी दिएकोले छानबिन गरी कारबाही गरी पाउँ । | |
| १४३. | बारा जिल्ला, हर्दिया गा.वि.स.का तत्कालीन गा.वि.स. सचिवहरू इन्द्रदेव प्रसाद यादव र चन्द्रिका प्रसाद साहले गा.वि.स. बाट लिएको पेश्की फिर्ता नगरेको तथा कीर्ते बिल भर्पाई तयार गरी रकम हिनामिना गरेको । | २०७२।१२।२३ |
| १४४. | नेपाल विकास बैंकका पूर्व अध्यक्ष अमर गुरुङले रु.३६ करोड ५ लाख अपचलन गरेको तर सरकारी वकिल कार्यालय, काठमाडौंले बैंकिङ कसुरमा मुद्दा चलाउन नसकिने राय दिएपछि सरकारी वकिल सन्देहको घेरामा । | २०७२।१२।२३ |
| १४५. | काभ्रेपलाञ्चोक जिल्लामा धनेश्वर महादेव मन्दिरको अक्षेता गुठी रहेकोमा भूमाफियाहरूले गुठी तैनाथी जग्गामा मोही कायम गर्न लागेको । | २०७२।१२।२४ |
| १४६. | मोरङ जिल्ला श्री जनता निम्न माध्यमिक विद्यालय, तेतरियाका प्रधानाध्यापक जगतलाल चौधरी (खाँ) ले विद्यालयको छात्रवृत्ति तथा पाठ्यपुस्तक वितरण, भवन निर्माण समेतका विषयमा भ्रष्टाचार गरेको । | २०७२।१२।२४ |
| १४७. | कास्की जिल्ला स्थित श्री मेघराज निम्न माध्यमिक विद्यालय, घाचोकको विज्ञापन नं. ०१¬२०७१।७२ मा प्रकाशित राहत कोटाको सामाजिक विषयको शिक्षक छनौट प्रक्रियामा अनियमितता भएको । | २०७२।१२।२४ |
| १४८. | नेपाल टेलिकमबाट खरिद गरिएको Wimax CPE Device हरूको खरिद प्रक्रियामा अनियमितता गरेको । | २०७२।१२।२४ |
| १४९. | सिंहदरबार वैद्यखाना विकास समितिका तत्कालीन प्रबन्ध निर्देशक डा. सन्तोष कुमार ठाकुरले मेसिन मर्मत तथा औषधी खरिदमा अनियमितता गरी भ्रष्टाचार गरेको । | २०७२।१२।२४ |
| १५०. | गोरखा नगरपालिका कार्यालयका सव इन्जिनियर निशान पाठकले घर निर्माण स्थायी इजाजत पत्र र भवन निर्माण सम्पन्न प्रमाणपत्र दिन रु.१५०००।- रिसवत लिएको । | २०७२।१२।२४ |
| १५१. | सहकारी संस्था लि. कठौना, सप्तरीका सहायक व्यवस्थापक कमल सिं बस्नेतले संस्थाको रकम रु.१,९९,२११।१९ बदनियतपूर्वक हिनामिना गरी खाइमासी संस्थालाई हानी नोक्सानी पुऱ्याएको । | २०७२।१२।२४ |
| १५२. | श्री आदर्श उच्च माध्यमिक विद्यालय, इलामका प्रधानाध्यापक धनराज राई र विद्यालय व्यबस्थापन समितिका अध्यक्ष कृष्णप्रसाद श्रेष्ठले विद्यालयको हित विपरीत आर्थिक अनियमितता गरेको । | २०७२।१२।२४ |
| १५३. | चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालमा नर्सिङ प्रशासक (नवौं तह) पदमा कार्यरत श्री रोशनी लक्ष्मी तुइतुइले आवेदन फाराममा भर्न झुठा विवरण भरी नवौं तह नर्सिङ समूह उत्तीर्ण भई हाल चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालमा कार्यरत रहेको । | २०७२।१२।२४ |
| १५४. | रौतहट जिल्लास्थित सरुअठा गाउँ विकास समितिको कार्यालयका तत्कालीन सचिव मोहम्मद अल्जाहिरले अवैध तवरबाट गाउँ परिषद गरी सरकारी एवं सार्वजनिक रकम हिनामिना गरेको । | २०७२।१२।२४ |
| १५५. | श्री गौरीशंकर प्रा.वि., महादेवापोर्ताहा-२, सिराहाका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समेतले विद्यालयमा अनियमितता गरेको । | २०७२।१२।२४ |

| | | |
|---|---|---|
| १५६. | श्री जनता प्रा.वि., जिझौल-४, सिराहाका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्ष समेतले भ्रष्टाचार गरेको । | २०७२।१२।२४ |
| १५७. | श्री राम प्रा.वि., खैरवोना-२, सखुवा नरकाहाकट्टी, सिराहाका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्ष समेतले भ्रष्टाचार गरेको । | २०७२।१२।२४ |
| १५८. | जिल्ला विकास समितिको कार्यालय, दार्चुलाले आ.व. २०६९।७० मा इन्धनमा भएको खर्च विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन सुधार कार्यक्रम (DRILP) को आ.व. २०७०।७१ मा भएको तालिम, इन्धन लगायतको भुक्तानीमा अनियमितता भएको । | २०७२।१२।३० |
| १५९. | डडेलधुरा जिल्लास्थित बगरकोट-सिराड-रुपाल सडकखण्डको निर्माण तथा मर्मत काममा दोहोरोपना भई अनियमितता भएको । | २०७२।१२।३० |
| १६०. | मनिकापुर -२ बाँकेस्थित कि.नं १२३ को जग्गा धनी प्रमाणपुर्जा सम्बन्धमा सकुम्वासी समस्या समाधान आयोगबाट प्राप्त गर्नका लागि गा.वि.स.बाट सिफारिस माग गर्दा गा.वि.स सचिव केशवप्रसाद पौडेलले ०-१-१५ को मात्र सिफारिस गरेको र अरू जग्गाको सिफारिस यासिन अन्सारी समेतलाई रकम लिई गरेको । | २०७२।१२।३० |
| १६१. | पैसा लिएर तिब्बती शरणार्थीलाई विदेश पठाउने धन्दा, परराष्ट्र कर्मचारीको मिलोमतोको आशंका भनी मिति २०६८।४।१२ मा अन्नपूर्ण पोष्ट समेतमा प्रकाशित समाचार (उजुरी) हरूका सम्बन्धमा । | २०७२।१२।३० |
| १६२. | कपिलवस्तु जिल्लास्थित दोहनी गा.वि.स.-१मा सञ्चालित विश्वमैत्री प्रा.वि.का प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समेतको मिलेमतोमा भ्रष्टाचारजन्य कार्य भएको । | २०७२।१२।३० |
| १६३. | नेपाल विद्युत प्राधिकरण, ओखलढुंगा वितरण केन्द्रका कार्यालय प्रमुख राम एकवाल साह र लेखा प्रमुख पुष्प प्रसाद ढुंगानाले आर्थिक वर्ष २०६९।७० मा ग्रामीण तथा अन्य विद्युतीकरणका लागि विनियोजित रकम हिनामिना गरेको । | २०७२।१२।३० |
| १६४. | दशरथचन्द नगरपालिका, बैतडीको भवन निर्माण कार्यको टेण्डर प्रक्रियामा तत्कालीन कार्यकारी अधिकृत बासुदेव आचार्य समेतका कर्मचारीहरूको मिलोमतोमा अनियमितता भएको । | २०७२।१२।३० |
| १६५. | बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ अनुसार कर्मचारी बैंकको सञ्चालक हुन नपाउने व्यवस्था भएकोमा ज्योति विकास बैंक लि. कमलादीको सबै संस्थापकहरू नेपाल विद्युत प्राधिकरणका कर्मचारी छन् । केही कर्मचारीहरूले झण्डै रु. २ करोडको हाराहारीमा रकम लगाएका हुँदा छानबिन गरी कारबाही गरी पाउँ । | २०७३।१।५ |
| १६६. | चितवन जिल्ला, मंगलपुर गा.वि.स.-९ स्थित सेतीदेवी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष दीपक अधिकारीले समूहको रकम हिनामिना गरेको सम्बन्धमा । | २०७३।१।५ |
| १६७. | जिल्ला बाँके नेपालगञ्ज नगरपालिका-५ बस्ने मंगलादेवी लोहारले नक्कली नागरिकता बनाई स्वर्गीय आमा कबुतरा लोहारको नामको सम्पूर्ण सम्पत्ति आफ्नो नाममा दा.खा. गराएको । | २०७३।१।५ |

| | | |
|---|---|---|
| १६८. | नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय, ताराताल–१, बर्दियाको हाताभित्रका सिसौका रूखहरू विद्यालय व्यवस्थापन समितिले अनियमिततापूर्वक कटान मुछान गरी बिक्री वितरण गरेको । | २०७३।१।५ |
| १६९. | मालपोत कार्यालय, चावहिल र मालपोत कार्यालय, ललितपुरका कर्मचारीहरूले आर्थिक प्रलोभनमा परी एस डेभलपमेन्ट बैंक न्यूरोड शाखाका शाखा प्रमुख समेतको मिलेमतोमा अदालतको आदेश विपरीत जग्गा राजीनामा पारित गरी दिएको । | २०७३।१।६ |
| १७०. | जिल्ला वन कार्यालय, डोटीमा कार्यरत जिल्ला वन अधिकृत जय मंगल प्रसाद समेतले सरकारी बजेट दुरुपयोग गरेको । | २०७३।०१।०६ |
| १७१. | जिल्ला विकास समितिको कार्यालय, रसुवा अन्तर्गत ग्रामीण पहुँच सुधार विकेन्द्रित परियोजना (आ.ए.आइ.डि.पी.) अन्तर्गत धैवुङ भोर्लेमा ४ कि.मी. ट्र्याक खोली ३ करोड सकिएको, जिल्लास्थित राजनैतिक दल, जिल्ला इन्जिनियर र स्थानीय विकास अधिकारी समेतको मिलोमतोमा हिनामिना भएको । | २०७३।१।६ |
| १७२. | जिल्ला विकास समितिको कार्यालय, रौतहटका तत्कालीन निमित्त स्थानीय विकास अधिकारी जितेन्द्रकुमार कर्णले जिल्ला विकास समितिका कर्मचारीहरूको मिलेमतोमा जिल्ला विकास समिति, रौतहटका नाममा रहेको कटहरिया गाउँ विकास समिति वडा नं. ८ प्लट नं. २७ र २८ को कित्ता नं. ६३६ र कित्ता नं. ६२७ को जग्गा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको अनुमति बेगर व्यक्तिका नाममा रजिष्ट्रेशन पास गरी भ्रष्टाचार गरेको । | २०७३।१।७ |
| १७३. | जिल्ला प्रशासन कार्यालय, नवलपरासीका प्रशासकीय अधिकृत यमबहादुर कुवँर र ओमप्रसाद पाण्डेले सेवाग्राहीलाई दुःख दिएको तथा आर्थिक अनियमितता गरेको । | २०७३।१।७ |
| १७४. | यातायात व्यवस्था कार्यालय, महेन्द्रनगर, कञ्चनपुरमा कार्यरत ना.सु.ले सवारी चालक अनुमतिपत्र बनाइदिन्छु भनी रिसवत मागेको । | २०७३।१।७ |
| १७५. | जिल्ला कञ्चनपुर, सुडा गा.वि.स.-९ मा खानेपानी आयोजना निर्माणको कार्य सम्पन्न भएको तीन वर्ष बितिसक्दा समेत ट्याङ्कीमा पानी नआएको र उक्त योजनाको रकम हिनामिना गरी भ्रष्टाचार गरेको । | २०७३।१।७ |
| १७६. | निम्न माध्यमिक विद्यालय, बलिरामपुर, कटहरिया, रौतहटका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षले विद्यालयको भवन निर्माणको लागि आएको सरकारी अनुदान रकम हिनामिना गरेको । | २०७३।१।७ |
| १७७. | जिल्ला विकास समितिको कार्यालय, ललितपुरमा कानून विपरीत १८० दिनभन्दा बढी संचित घर बिदा देखाई रकम असुलेको , सूचना केन्द्रमा कर्मचारी नभेटिने, सधैं तालाबन्दी भइरहने साथै पुस्तक खरिदको नाममा व्यापक भ्रष्टाचार भई ठूलो धनराशि क्षति भएको, जि.वि.स.ले खरिद गर्ने जिन्सी सामानहरू वार्षिक खरिद योजना पारित नगरी मनपरी ढंगबाट दुई दोब्बरदेखि चार दोब्बरसम्म बढी रकमको बिल बनाई जिन्सी सामान खरिद गरिएको, गतवर्ष खरिद गरेको जेनेटर एक वर्ष नचली बिग्रेको, कार्यालयमा ३/३ वटा गाडी हुँदा हुँदै फिल्ड जाँदा गाडी भाडामा लिने र मनपरी रकमको बिल बनाई | २०७३।१।७ |

| | | |
|---|---|---|
| | भुक्तानी देखाई भ्रष्टाचार गर्ने गरेको, युवा स्वरोजगार कोषका लागि प्रत्येक कर्मचारीको तलबबाट एक प्रतिशत र वार्षिक पारिश्रमिकको सीमा माथिको रकममा पन्ध्र प्रतिशत कर कट्टी गरी राजस्व दाखिला गर्नुपर्नेमा नगरेको, योजना शाखाका कर्मचारीले उपभोक्ता समितिबाट २५ प्रतिशतसम्म रकम असुल गरी रकम निकासा दिने गरेको, दुई वर्षअघिको दशैंमा बाटो सफा गर्न खटिएका कर्मचारीले जनही १०/१२ लाखको बिना लगत इस्टिमेट र मूल्याकंन बिल पेश गरी भुक्तानी मागेको । | |
| १७८. | जनता उच्च माध्यमिक विद्यालय गोला, बर्दियामा उच्च माध्यमिक तर्फ व्यवस्थापन संकायको विषयमा शिक्षक पदपूर्ति गर्दा आफ्नो अनुकूलको व्यक्तिलाई नियुक्त गरेको । | २०७३।१।१३ |
| १७९. | बाँके जिल्ला, मनिकापुर गा.वि.स.का सचिव र मुखियाले पूर्व कारबाही र सर्वोच्च अदालतको आदेश विपरीत गलत व्यक्ति खडा गरी सर्जमिन गरी गराई मुलुकी ऐनको अपुतालीको महलको १७ नं. बमोजिम नेपाल सरकारको नाममा आउने जग्गा व्यक्तिले पाउने गरी सिफारिस गरेको । | २०७३।१।१३ |
| १८०. | भूमिसुधार कार्यालय, बाराका तत्कालीन भूमिसुधार अधिकारी पुष्कल कुमार थापाले जग्गाधनी रविन्द्र श्रेष्ठलाई डर धम्की दिई रामपुरखे गा.वि.स. वडा नं.९ कि.नं.३५५, ३६७, ९१९, १०३ र ९०४ को जम्मा क्षेत्रफल ज.वि.२–६–५ जग्गा मोही मिलाई भूमिसुधार कार्यालय, बाराका कार्यालय सहयोगी राम एकवाल कुर्मीका नाममा कायम गराएका छन् र हाल व्यक्तिको नाममा कायम रहेको बारा जिल्ला मनहर्वा गा.वि.स. ४(क) को कि.नं.२५२ ज.वि.३–२–१० जग्गा सरकारी ऐलानी पर्ती भएकाले छानबिन गरी कारबाही गरी पाउँ । | २०७३।१।१३ |
| १८१. | धनकुटा जिल्ला, लेगुवा गा.वि.स. वडा नं. ७ कि.नं.२१ क्षे.फ.५८८–२–१–० जग्गा कित्ताकाट गरी कायम कि.नं.६४९, ६५० र ६५१ मध्ये कि.नं.६४९ क्षे.फ.३१–१२–२–० र कि.नं.६५० क्षे.फ.८–३–२–० जम्मा क्षे.फ.४०–०–०–० जग्गा मालपोत कार्यालय, धनकुटाको मिति २०५४।१०।८ को निर्णयबाट धनकुटा जिल्ला, लेगुवा–७ बस्ने मानबहादुर मिश्रको नाममा दर्ता गरेकाले छानबिन गरी कारबाही गरी पाउँ । | २०७३।१।१३ |
| १८२. | पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा कार्यरत स्थायी कर्मचारी स्टाफ नर्सद्वय गौरा गुरुङ र शान्ति खड्काले पोखरा विश्वविद्यालयमा समेत करारमा काम गरी दोहोरो सुविधा लिएको । | २०७३।१।१३ |
| १८३. | जिल्ला वन कार्यालय, पर्साका जिल्ला वन अधिकृत विन्दु कुमारी मिश्र समेतका कर्मचारीहरूले सवैया साझेदारी वन पैदावार वितरणमा हिनामिना गरेको, भेडाहा तथा भलुयाही खोलामा ढुंगा गिटी संकलन गर्ने टेक्टरहरूसँग रकम असुली गरेको, निजी आवादीको रूख कटान मुछान गर्दा रकम असुल गर्ने गरेको, नेपालभित्र काठ आयात गर्ने व्यवसायीसँग रकम असुल गर्ने गरेकोले छानबिन गरी कारबाही गरी पाउँ । | २०७३।१।१३ |
| १८४. | सर्लाही जिल्ला, मदनपुर स्रोतकेन्द्र अन्तरगत राजदेवी सामुदायिक प्राथमिक विद्यालय, पडरिया-६, सर्लाहीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापक समेतले विद्यालयमा अनियमितता गरेको । | २०७३।१।१३ |
| १८५. | सर्लाही जिल्ला, मदनपुर स्रोतकेन्द्र अन्तरगत बालकल्याण प्राथमिक विद्यालय, | २०७३।१।१३ |

| | | |
|---|---|---|
| | पडरिया-८, शिवनगर, सर्लाहीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापक समेतले विद्यालयमा अनियमितता गरेको । | |
| १८६. | सर्लाही जिल्ला, मदनपुर स्रोतकेन्द्र अन्तरगत सामुदायिक प्राथमिक विद्यालय, जमुनिया-२, विरनगरा, सर्लाहीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापक समेतले विद्यालयमा अनियमितता गरेको । | २०७३।१।१३ |
| १८७. | हुलाक सेवा विभागका महानिर्देशक लोकप्रसाद आचार्य समेतले कमिसनको चक्करमा दर्ता नै नभएको गुणस्तरहीन छापाखानामा हुलाक टिकट छपाई गरी भ्रष्टाचार गरेको, गुणस्तर नभएको कारण टिकट बिक्री हुन नसकेको र टिकटमा कालोबजारी हुने सम्भावना रहेको । | २०७३।१।१३ |
| १८८. | "मल्लोसिम कालापातल सामुदायिक वन उपभोक्ता समिति कालापातल खातिवडा, डोटीको मिति २०६४।९।१४ देखि मिति २०७१।१०।२७ सम्मको अध्यक्ष पदमा रही कारोबारमा रकम हिनामिना गरी उपभोक्ताहरूलाई सही विवरण नदिएको हुँदा आवश्यक छानबिन गरी कारबाही गरी पाउँ । | २०७३।१।२३ |
| १८९. | जन उच्च माध्यमिक विद्यालय, सुर्खेतका प्रधानाध्यापक यामबहादुर श्रेष्ठले गयल भएको शिक्षकको तलब भत्ता भुक्तानी गरी अनियमितता गरेको । | २०७३।१।२३ |
| १९०. | बाँके जिल्लास्थित गनापुर गा.वि.स. को कार्यालयद्वारा बाढीले पुऱ्याएको क्षतिको सम्बन्धमा वास्तविक बाढीपीडितलाई राहत रकम वितरण नगरी पीडित नै नभएकाहरूले राहत रकम बुझी सरकारी रकम हिनामिना गरेको । | २०७३।१।२३ |
| १९१. | जिल्ला बाँके, खासकुस्मा-४ स्थित सिंहवाहिनी वन उपभोक्ता समूहमा काठ दाउरा बिक्रीबाट आम्दानी भएको रकम रु.२४,००,०००।- उपभोक्ता समितिका पदाधिकारीहरूको रोहबरमा विभिन्न बैंकहरूमा जम्मा गरेको, सो रकममध्ये रु.७,००,०००।- सोलार खरिद र रु.५,००,०००।– गरिबी निवारणमा खर्च भएकोमा बाँकी रकम रु.१२,००,०००।– समितिका पदाधिकारीहरूको मिलेमतोमा आफूखुसी निकालेर खर्च गरेको र १५ घरधुरी मात्र समावेश भएको उक्त सामुदायिक वन उपभोक्ता समूहमा सो भन्दा बढी घरधुरीको सिफारिस गरी नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७०।१२।२० को निर्णयानुसार गोठरी बस्तीका २६ घरधुरीलाई बाँके राष्ट्रिय निकुञ्जकै मध्यवर्ती क्षेत्रमा पर्ने रझेना- ४, फरेला विकासनगर (हाल कोहलपर न.पा.-२, बाँके) मा बस्ती स्थानान्तरण गरी अनियमितता गरेको हुनाले छानबिन गरी आवश्यक कारबाही गरी पाउँ । | २०७३।१।२३ |
| १९२. | कालिका निम्न माध्यमिक विद्यालय, पथरैया, कैलालीका प्र.अ. जनकबहादुर थापाले फौज्दारी अभियोगमा सजाय काटिरहेका राहत शिक्षक भोजबहादुर सोडारीलाई जिल्ला शिक्षा कार्यालय, कैलालीलाई जानकारी नगराईकन जेलमै रहेका अवस्थामा तलब भत्ता खुवाएको । | २०७३।१।२३ |
| १९३. | रौतहट जिल्लाको सभासद् कोषको रकम व्यापक रूपमा नक्कली बिल बनाई हिनामिना गरेको, जसमा ओभरसियर, इन्जिनियर, डि.ई., एल.डि.ओ. र लेखापालले २०% कमिसन खाई काम नभएको झूटो विवरण र गलत बिल बनाएर भ्रष्टाचार गरेकोले भ्रष्टाचारीलाई कानून बमोजिम कारबाही होस् भन्ने तथा आ. व. २०६७।०६८ मा संविधान सभाका सदस्यहरूको विकास कोषको रकम, जिल्ला विकास समितिको बजेट अन्तर्गतको विभिन्न कार्यको र | २०७३।१।२३ |

| | | |
|---|---|---|
| | सडक डिभिजन कार्यालय, हेटौंडा अन्तर्गत भएको विभिन्न विकास निर्माणका कार्यमा अनियमितता र भ्रष्टाचार भएको । | |
| १९४. | मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा, मकवानपुरमा गैरनेपाली नागरिक (भारतीय) मधुकुमार सिंहलाई कम्प्युटर शिक्षक पदमा नियुक्त गरिएको र निजको सवारी चालक अनुमतिपत्र नक्कली भएको हुँदा आवश्यक कारबाही गरी पाउँ । | २०७३।१।२३ |
| १९५. | Asian Development Bank को ऋण सहयोगमा निर्माण हुन लागेको रुम्जाटार खार्तेखोला मोटरबाटोको ४ करोड र ७ करोडको गरी ११ (एघार) करोडको ठेक्कामा जिल्ला विकास समिति ओखलढुगांको ठूला कर्मचारी मिली E-bidding नगराई, टेन्डरका कागजातहरू च्यात्ने, सच्याउने लगायतका कार्यहरू गरिएको । | २०७३।२।२ |
| १९६. | दार्चुला जिल्ला सुनसेरा गा.वि.स. स्थित श्री सिद्ध मा. वि. का प्रधानाध्यापक मंगल सिंह धामीले विद्यालयको रकम हिनामिना गरेको । | २०७३।२।१० |
| १९७. | आ.व.०६७/०६८ देखि आ.व.०७०/०७१ सम्म रौतहट जिल्ला स्थित जिल्ला विकास समितिको कार्यालय, रौतहट, गौर नगरपालिका, जोकाहा गा.वि.स. लगायतका गा.वि.स. हरूमा समेत सरकारी, अर्धसरकारी अनुदान रकम, सामाजिक सुरक्षा भत्ता तथा स्थानीय पूर्वाधार विकास निर्माणको रकम दुरुपयोग भई भ्रष्टाचार र अनियमितता गरेको । | २०७३।२।१० |
| १९८. | सर्लाही जिल्ला स्थित नागेन्द्रेश्वर जनता प्राथमिक विद्यालय, हेमपुर-५, सर्लाहीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापक समेतले विद्यालयमा अनियमितता गरेको । | २०७३।२।१० |
| १९९. | जिल्ला सप्तरी स्थित माँ भगवती राष्ट्रिय प्राथमिक विद्यालय, लालापट्टी-२, का विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापक समेतले विद्यालयमा अनियमितता गरेको । | २०७३।२।१० |
| २००. | त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल, महाराजगंज, काठमाडौंमा सीमित शाखाका कर्मचारीहरूले थप १२० घण्टासम्म अतिरिक्त समय काम गरेको भनी भत्ता लिई भ्रष्टाचार गरेको । | २०७३।२।१० |
| २०१. | नेपाल नागरिक उड्डयन प्राधिकरणबाट प्रकाशित विज्ञापन नं. ११५/०६९/७० समेतमा संचालित लिखित परीक्षामा अनियमितता भएको । | २०७३।२।१० |
| २०२. | जिल्ला सर्लाही स्थित जनता उच्च मा.वि. रामवनको भवन निर्माण गर्दा अनियमितता गरेको । | २०७३।२।१० |
| २०३. | गाउँ विकास समितिको कार्यालय, हरैया, बाराको तत्कालीन गाउँ विकास समिति सचिव सिताराम साहले रु. २,००,०००।– (दुई लाख) घुस लिई अधिकारको दुरुपयोग गरी बिर्जु हजारालाई कार्यालय सहयोगी पदमा नियुक्ति गरेको र हालका गा.वि.स. सचिव डुलराज पंगेनीले बिर्जु हजाराको नियुक्ति बदरको लागि कुनै कारबाही अगाडि नबढाएको देखिंदा बिर्जु हजाराको नियुक्ति बदर गरी निजले खाईपाई आएको तलब समेत असुल उपर गरी तत्कालीन गाउँ विकास समिति सचिव सिताराम साह र हालका गाउँ विकास समिति सचिव डुलराज पंगेनीलाई कारबाही गरी पाउँ । | २०७३।२।११ |

| | | |
|---|---|---|
| २०४. | आ.व.०६७/०६८ देखि आ.व.०७०/०७१ सम्म रौतहट जिल्लास्थित जिल्ला विकास समितिको कार्यालय, रौतहट, गौर नगरपालिका, टेड्ग्राहा गा.वि.स. लगायतका गा.वि.स. हरूमा समेत सरकारी, अर्धसरकारी अनुदान रकम, सामाजिक सुरक्षा भत्ता तथा स्थानीय पूर्वाधार विकास निर्माणको रकम दुरुपयोग भई भ्रष्टाचार र अनियमितता गरेको । | २०७३।२।११ |
| २०५. | आ.व.०६७/०६८ देखि आ.व. ०७०/०७१ सम्म रौतहट जिल्ला स्थित जिल्ला विकास समितिको कार्यालय, गौर नगरपालिका, भेडियाही गा.वि.स. लगायतका अन्य गा.वि.स. हरूमा समेत सरकारी, अर्धसरकारी अनुदान रकम तथा सामाजिक सुरक्षा भत्ता, स्थानीय पूर्वाधार विकास निर्माणको रकम दुरुपयोग भई भ्रष्टाचार र अनियमितता गरेको तथा भेडियाही गा.वि.स. रौतहटका प्राविधिक सहायक उमाशंकर प्रसाद यादवले किर्ते दस्तखत गरी गा.वि.स.को रकम हिनामिना गरेको । | २०७३।२।११ |
| २०६. | महानगरीय प्रहरी प्रभाग, पुल्चोकका प्रहरी निरीक्षक हर्क विश्वकर्माले उक्त एरियामा रहेका सरकारी कार्यालयहरूको ठेक्का पट्टामा स्थानीय गुण्डाहरूसँग मिली ३ जनाको मात्र ठेक्का हाल्ने व्यवस्था मिलाउने गरेको, कार्यालयमा गाडीमा तेल हाल्ने बजेट नभएको र माथिका हाकिमहरूसम्म पुऱ्याउनुपर्छ भन्दै स्थानीय व्यवसायीहरूसँग रकम असुली गरेको । | २०७३।२।११ |
| २०७. | नेपाल कृषि अनुसन्धान परिषद अन्तर्गत पहाडी बाली अनुसन्धान कार्यक्रम (कृषि अनुसन्धान केन्द्र), काभ्रे, दोलखाका प्राविधिक अधिकृत शैलेन्द्र थापाले कार्यालयको सामान खरिद प्रक्रियामा नक्कली बिल बनाई भ्रष्टाचार गर्ने गरेको, १०औं वर्ष हुँदा पनि एउटै कार्यालय बसेको, कार्यालयमा कार्यरत ज्यामी कामदारहरूलाई नियम अनुसार दिनुपर्ने ज्याला नदिएको । | २०७३।२।११ |
| २०८. | जिल्ला कैलाली तत्कालीन नारायणपुर गा.वि.स.वडा नं.६ कि.नं.२३१ क्षे.फ.१-१०-० को जग्गा लाहुराम थारुले ऋण लिए बापत रोक्का रहेकोमा असम्बन्धित व्यक्तिले रोक्का फुकुवा गराई बिक्री वितरण समेत गरेको । | २०७३।२।११ |
| २०९. | जिल्ला सप्तरी, वैरवा गा.वि.स.का तत्कालीन सचिव मदनकुमार झाले आर्थिक वर्ष ०६५।६६ र ०६६।६७ मा वितरण गर्नुपर्ने सामाजिक सुरक्षा भत्ताको रकम हिनामिना गरेको, बालबालिकाको लागि वितरण गर्नुपर्ने भत्तामा कम रकम मात्र वितरण गरेको, साक्षरता अभियानको अन्तिम किस्ता बापतको रकम भुक्तानी नदिएको । | २०७३।२।११ |
| २१०. | त्रिभुवन उच्च माध्यमिक विद्यालय, प्रतापपुर, नवलपरासीले आफ्नो नाममा फिल्डबुकमा दर्ता भएको जग्गा आफ्नै नाममा पुर्जा बनाई लिनुपर्नेमा सोनाकली चमारको नाममा दर्ता गर्न सिफारिस गरी विद्यालयको सम्पत्ति हानी नोक्सानी पुऱ्याएको । | २०७३।२।११ |
| २११. | जिल्ला उदयपुर साविक देउरी गा.वि.स. वडा नं १ (ख) हाल त्रियुगा न.पा. - ११ को कि.नं. २०२ र २०३ को सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गराएको । | २०७३।२।११ |
| २१२. | काठमाडौंस्थित ग्राण्डी अपार्टमेन्ट, धापासीले सरकारी सार्वजनिक जग्गा कब्जा गरी भवन निर्माण गरेको । | २०७३।२।१८ |
| २१३. | शंकरपोखरी - ४, पर्वत बस्ने चिरञ्जीवी लाम्गादेले २०६७ साल माघ | २०७३।२।१८ |

| | | |
|---|---|---|
| | महिनादेखि २०६९ साल फाल्गुणसम्म श्री जनक माध्यमिक विद्यालय थुम, पर्वतमा र सोही समयमा श्री नारायण उच्च माध्यमिक विद्यालय, कुश्मा, पर्वतमा समेत शिक्षक भई एकै समयमा दोहोरो तलब, भत्ता तथा सुविधा लिएको । | |
| २१४. | रौतहट जिल्लास्थित दलित प्राथमिक विद्यालय, गरुडा बैरीया-७, रौतहटका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापक समेतले विद्यालयमा अनियमितता गरेको । | २०७३।२।१८ |
| २१५. | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, तुलसीपुर, दाङका केन्द्र प्रमुख नारायणप्रसाद रेग्मीले फर्जी बिलहरू ल्याई आर्थिक चलखेल गरी बजेट हिनामिना गरेको, मर्मतमा खर्च नै नगरी सरकारी सम्पत्तिको हिनामिना गरेको । | २०७३।२।१८ |
| २१६. | प्राथमिक स्वास्थ्य केन्द्र, कमलबजार, अछामको एम्बुलेन्स खरिद भएको भनी बिल भर्पाई दुरुस्त राखी जिल्ला विकास समितिको कार्यालय, अछामबाट रकम निकासा गरी फरफारक गरेको भए पनि एम्बुलेन्स खरिद भई नआएको । | २०७३।२।१८ |
| २१७. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, सिन्धुपाल्चोकका तत्कालीन कार्यालय प्रमुख डा. वंशदीप शर्मा खरेलले ठोकर्पा आयुर्वेद औषधालयको कम्पाउण्ड वाल मर्मत गराउने कार्यमा कार्यालय प्रमुखबाटै टिप्पणी उठान र अन्त्य भएको, बिना आधारको भर्पाई र निवेदनको आधारमा पेश्की फछ्र्यौट गराई रकम हिनामिना गरेको, जेष्ठ नागरिक, सुत्केरी स्याहार लगायतका जनचेतनामूलक कार्यक्रम नै सञ्चालन नगरी नक्कली बिल भर्पाई बनाई रु. ४,००,०००।- हिनामिना गरेको । | २०७३।२।२४ |
| २१८. | सप्तरी जिल्लाको गंगाजली र मलेठ भन्ने स्थानबाट गिट्टी बालुवा ढुवानी गर्ने ट्रकबाट जिल्ला विकास समितिको कार्यालय, सप्तरी, तत्कालीन कमलपुर गाउँ विकास समितिको कार्यालय, सप्तरीले छुट्टाछुट्टै र कोशी टप्पु वन्यजन्तु आरक्षको मध्यवर्ती क्षेत्र विकास कोष अन्तरगत ओद्रहा- कमलपुर उपभोक्ता समूह र पूर्वपिप्रा-धरमपुर-घोघना उपभोक्ता समूहले संयुक्तरूपमा अवैध रूपमा तेहोरो कर असुली गर्ने गरेको । | २०७३।२।२४ |
| २१९. | जिल्ला रौतहट पिपरिया (प्ररोहा) गा.वि.स.मा सञ्चालित वर्थिङ सेन्टरका प्रमुख जयमंगल प्रसाद सिन्हाले बढी संख्यामा प्रसूति भएको रेकर्ड बनाई रकम हिनामिना गरेको । | २०७३।२।२४ |
| २२०. | महोत्तरी जिल्ला, गौशाला गा.वि.स.मा रहेको गुठी तैनाथी खेतीयोग्य ५२ बिघा जग्गा गुठी संस्थान शाखा कार्यालय, जलेश्वरले २०७१ साल वैशाखमा टेण्डरको माध्यमबाट ठेक्का लगाउने प्रयास गर्दागर्दै जेष्ठ महिनामा प्रधान कार्यालयमा हाम्रा मानिस संजय यादव र भोला महतोसँग ५ वर्षे ठेक्का सदर गरे बापत रु.२५ लाख घूस मागेकोमा रु. ५ लाख पेश्की स्वरूप पन्चलाल महर्जन र अच्युतानन्द पोखरेललाई बुझाइएको र बाँकी रु.२० लाख पटक पटक फोनबाट माग गरेको । | २०७३।२।२४ |
| २२१. | सर्लाही जिल्लास्थित मलंगवा स्रोतकेन्द्र अन्तर्गत सुखम प्रा.वि सलेमपुर-३, सर्लाहीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापक समेतले विद्यालयमा प्राप्त निकासा रकममा अनियमितता गरेको । | २०७३।२।२५ |

| | | |
|---|---|---|
| २२२. | श्री रामस्वरूप रामसागर बहुमुखी क्याम्पस, जनकपुरधाम, धनुषाबाट मिति २०७१/४/१३ गते संचालित बी.बी.एस. दोस्रो वर्षको परीक्षामा क्याम्पस प्रमुख तथा केन्द्राध्यक्ष नवेन्द्रकुमार निधिको प्रत्यक्ष संलग्नतामा सि.नं. १४०२७५ को परीक्षार्थी संगीता कर्णको नाममा नक्कली परीक्षार्थीद्वारा परीक्षा दिइएको तथा क्याम्पस विकास कोषको रकम हिनामिना भएको । | २०७३।२।२५ |
| २२३. | श्री सृजना बहिरा उच्च माध्यमिक विद्यालय, लेखनाथ, कास्कीमा आ.व. २०६९/७० मा विद्यार्थीहरूका लागि जिल्ला शिक्षा कार्यालय, कास्कीबाट प्राप्त छात्रवृत्तिको रकम वितरण नगरी विद्यार्थीबाट थप रकम समेत उठाई हिनामिना गरेको, प्रधानाध्यापकले थप सुविधा खाएको, विद्यालयको रकमबाट इन्धनको दुरुपयोग गरेको । | २०७३।२।२५ |
| २२४. | बाँके जिल्ला, नरैनापुर गा.वि.स.को कार्यालयका मुखिया पदमा कार्यरत लक्ष्मीकान्त मिश्रले आफूविरुद्ध जिल्ला प्रशासन कार्यालय, बाँकेमा परेको उजुरी मिलाई दिन्छु भनी उक्त कार्यालयको अख्तियार युनिटमा काम गर्ने कर्मचारी केशवप्रसाद पौडेलले रु. ६,००,०००।- घूस/रिसवत लिएको र उक्त रकम लिएर पनि पटक-पटक डर त्रास देखाई दुःख दिने गरेको । | २०७३।२।२५ |
| २२५. | नेपाल बैंक लिमिटेड नेपालगञ्ज शाखाका तत्कालीन वरिष्ठ सराफी भानु गिरीको विहार इन्टरमिडियट एजुकेसन काउन्सिलबाट उत्तीर्ण गरेको इन्टरमिडियट तहको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिएको । | २०७३।२।२५ |
| २२६. | काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.४ को साविक २३ र कि.नं. ६४,६५ को जग्गाधनी भद्रकाली लुमडी क्षेत्रमा बेवारिसे अवस्थामा इहलिला समाप्त भएका राम छिपाका सन्तान कसरी भए? कसरी गुठी भयो र कसरी जितबहादुर राउतको नाममा यो जग्गा दर्ता भयो ? भन्ने समेतको विषयमा छानबिन गरी पाउँ भन्ने । | २०७३।२।२७ |
| २२७. | जनता माध्यमिक विद्यालय, सिद्ध-९, पोल्याङ, कास्कीका तत्कालीन प्रधानाध्यापक शिवप्रसाद ओझा र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बाबुराम ओझाले जिल्ला शिक्षा कार्यालय, कास्कीबाट आ.व. ०६५/६६ र आ.व ०६६/६७ मा आठ कोठाको भवन निर्माण गर्नका लागि रु. १६,५०,०००।- निकासा लिएकोमा भवन निर्माण कार्य सम्पन्न नगरी रकम हिनामिना गरेको । | २०७३।२।२७ |
| २२८. | सर्लाही जिल्लास्थित जनज्योति प्रा.वि डुनरिया-४, सर्लाहीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापक समेतले विद्यालयमा निकासा प्राप्त रकममा अनियमितता गरेको । | २०७३।२।२८ |
| २२९. | श्री निम्न माध्यमिक विद्यालय, मखनाह-मुग्राहा, धनुषाका शिक्षक सन्तोषकुमार यादवले योग्यता नपुग्दै शिक्षक पदमा नियुक्त भएको । | २०७३।२।२८ |
| २३०. | श्री जनज्योति निम्न माध्यमिक विद्यालय, हस्तिचौर, गुल्मीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जगतबहादुर खत्रीले आर्थिक वर्ष ०६७/६८ मा जिल्ला शिक्षा कार्यालय, गुल्मीबाट मर्मत शीर्षक तथा आ.व. ०६८/६९ छात्रा शौचालय निर्माणका लागि प्राप्त रकम प्राविधिकको मिलोमतोमा हिनामिना गरेको । | २०७३।२।२८ |
| २३१. | जिल्ला रौतहट गा.वि.स. करुनिया वडा नं.५ स्थित श्री जनता प्रा.वि. | २०७३।३।१४ |

| | | |
|---|---|---|
| | करुनियामा राहत अनुदानमा प्र.प.नं.०६४/२४०४३, परीक्षार्थीको क्रमांक ००९७ को जिल्ला शिक्षा कार्यालय, सिराहाबाट जारी भएको जाली स्थायी अध्यापन अनुमतिपत्र लिएकी रमिता कुमारी पटेल कार्यरत रहेकी, प्र.अ. शिवनारायण पटेलले गा.वि.स. सचिवबाट रु.२,००,०००।– (दुई लाख) रकम लिएको र विद्यालयको नाममा रहेको जमिन समेत जालसाजी गरेको । | |
| २३२. | नेपाल रेल्वे कम्पनी लिमिटेडका रेल चालक विन्देश्वर पासवानको शैक्षिक प्रमाणपत्र छानबिन । | २०७३।३।१४ |
| २३३. | सुनसरी जिल्ला पकली गा.वि.स. वडा नं.८ स्थित राम कविर सिता कविर राम जानकी मन्दिरको नामको जग्गाको मोही फिरनी देवी थरुनीसँग मोही बाँडफाँड गर्दा नरम गरम नमिलाई मोहीलाई असल जग्गा पारी बाँडफाँड गरेको । | २०७३।३।१५ |
| २३४. | बतास इन्भेष्टमेन्टका संचालक आनन्द बतासले नेपाल विद्युत प्राधिकरणलाई आफ्नो ग्राहक बनाएर करिब ५ (पाँच) करोडको हाराहारीमा नयाँ गाडीहरू बिना टेन्डर बिक्री गरेको तथा नेपाल विद्युत प्राधिकरणका उपकार्यकारी निर्देशक टीकाराम बि.सी.ले आनन्द बतासबाट एउटा गाडी उपहार स्वरूप प्राप्त गरेको । | २०७३।३।१५ |
| २३५. | जिल्ला वन कार्यालय, सिन्धुपाल्चोकका जिल्ला वन अधिकृत श्री मुरारीप्रसाद पोखरेलले चीनको स्वशासित क्षेत्र तिब्बत लग्दै गरेको अवस्थामा बाह्रबीसे प्रहरीद्वारा पक्राउ गरेको दुर्लभ वन्यजन्तु सालकको सपटा ४६ के.जी. सहित ओसार पसारमा संलग्न चिनियाँ नागरिकलाई अभियुक्त ठहऱ्याई नेपाली नागरिकसँग घूस लिई सफाइ दिएको साथै उक्त सालकको खपटा ओसारपसार गर्ने मध्ये चिनियाँ नागरिक जुजियाङ्वालाई मुद्दा चलाई राखेको अवस्थामा जिल्ला वन कार्यालय सिन्धुपाल्चोकको स्टोरमा बाहिरबाट ताला लगाई सुरक्षित राखिएको सो खपटा स्टोरको चाबी नतोडिकन हराएको भनी नाटक गरी तत्कालीन जिल्ला वन अधिकृत, स्टोरकिपर र अन्य कर्मचारीहरूको समेत मिलेमतोमा स्टोरबाट झिकी वनकै गाडीबाट जिल्ला वन अधिकृत स्वयंले तातोपानीमा लगी बिक्री गरेको र तत्पश्चात कार्यालय स्वयंको जिम्मामा रहेको उक्त खपटा हराएको भनी खरिदार एवं स्टोरकिपर दिलीपकुमार चौधरीलाई १५ (पन्ध्र) दिन थुनामा राखी निज चौधरीलाई थुनामुक्त गरिएको हुँदा निज जिल्ला वन अधिकृत लगायत संलग्न कर्मचारीहरूलाई कारबाही गरी पाउँ । | २०७३।३।१५ |
| २३६. | नुवाकोट जिल्ला लच्याङ-२, छापस्थित श्री मंगलादेवी नि.मा.वि.का तत्कालीन प्रधानाध्यापक ऋषिराम भण्डारी विद्यालयमा अनुपस्थित रहेको भनी मिति २०७० असार १ गते कान्तिपुर राष्ट्रिय दैनिकमा समाचार प्रकाशित भएको। जिल्ला शिक्षा कार्यालय नुवाकोटमा निज तत्कालीन प्रधानाध्यापक ऋषिराम भण्डारीलाई कारबाही गरी पाउँ भनी उजुरी दर्ता भएको उक्त उजुरी उपर कुनै कारबाही नभएपछि पुनः उजुरी दर्ता भएकोमा कुनै कारबाही नगरी मिति २०७० पुस ९ गते राजीनामा स्वीकृत गरिएको, निज भण्डारीले विद्यालयको भवन निर्माण शीर्षकमा विद्यालयलाई प्राप्त रकमबाट विद्यालयको भवन निर्माण नगरी कागजी प्रमाण बनाई रकम निकासा गरी आर्थिक अनियमितता गरेको, सो अनियमिततामा जिल्ला शिक्षा कार्यालय र जिल्ला प्राविधिक कार्यालय | २०७३।३।१५ |

| | | |
|---|---|---|
| | समेतको संलग्नता देखिएको हुँदा यथाशीघ्र छानबिन गरी कारबाहीको दायरामा ल्याई क्षति असुल उपर गरी विद्यार्थी र विद्यालयको भविष्य सुनिश्चित गरी पाउँ । | |
| २३७. | नेपाल नागरिक उड्डयन प्राधिकरणमा कार्यरत व.अ. प्रेमनाथ ठाकुरको शैक्षिक प्रमाणपत्र छानबिन सम्बन्धमा । | २०७३।३।१५ |
| २३८. | मालपोत कार्यालय, कलंकीबाट पारित गरेको र.नं. २५० (ख) मिति २०६७/४/११ को राजीनामा लिखत र सोही दिन सोही जग्गाको र.नं. २५१ (ख) मिति २०६७/४/११ बाट पारित दृष्टिबन्धक लिखत यस्तै र. नं. १०५३ (ख) मिति २०६७/५/१५ को राजीनामा लिखत र सोही दिन सोही जग्गाको र. नं. १०५५ (ख) मिति २०६७/५/१५ बाट पारित दृष्टिबन्धकी लिखतहरूमा जग्गा राजीनामा पारित गरी लिंदा न्यूनतम मूल्यांकन थैली कायम गरी लिखत पारित गरेको र दृष्टिबन्धकी लिखत पारित गर्दा अधिकतम मूल्यांकन थैली अंक कायम गरी पारित गर्दा राजीनामा लिखत र दृष्टिबन्धकी लिखत बीचको अन्तर मूल्यको सरकारी राजश्व भ्रष्टाचार भएको । | २०७३।३।१५ |
| २३९. | रामेछाप जिल्ला बेताली गा.वि.स. वडा नं. ६ ङ कि.नं. २३ को सार्वजनिक वनको जग्गा बेताली गा.वि.स. सचिव र मालपोत कार्यालय, रामेछापको मिलेमतोमा किर्ते प्रमाण खडा गरी व्यक्तिको नाममा दर्ता गरेको । | २०७३।३।१९ |
| २४०. | जिल्ला रुपन्देही, बगौली गा.वि.स. वडा नं. ९ स्थित श्री सरस्वती प्रा.वि., श्रीरामपुरका प्र.अ. जीवलाल प्रसाद आर्य र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामबृच पासीले भवन निर्माण, शौचालय निर्माण, छात्रवृत्ति वितरण, पाठ्यपुस्तक वितरण र पोशाक वितरण लगायतमा अनियमितता गरेको । | २०७३।३।१९ |
| २४१. | श्री शहिद राष्ट्रिय प्राथमिक विद्यालय कोल्हुवाबगेया- ८ पुनर्वासटोल, महोत्तरीमा पठन पाठन संचालन नभएको तथा सरकारी रकमको दुरुपयोग भएको । | २०७३।३।१९ |
| २४२. | नारायणी सिंचाइ आयोजना प्रणाली अन्तर्गत ब्लक नं ३ क्षेत्रमा सस्थापक अध्यक्ष बाबुलाल मेहता समेतले कोषाध्यक्ष रामेश्वरप्रसाद रौनियारसँग मिलेमतो गरी संस्थाको नाममा सरकारबाट ९६।९७ लाख रुपैयाँ कुनै काम नै नगरी रकम भ्रष्टाचार गरेको। अध्यक्ष बाबुलाल मेहता र कोषाध्यक्ष रामेश्वरप्रसाद रौनियार संस्थाको विधान २०६२ को धारा २९(घ) बमोजिम कार्यकारी समन्वय समितिको पदाधिकारीको पदावधि ३ वर्ष मात्र हुने र सो समयपछि विधानको धारा ३५ बमोजिम छनौट समिति गठन गरी समितिले नै निर्वाचन समेत गराई समन्वय समिति गठन गर्नुपर्नेमा विधान बमोजिम कुनै नयाँ समन्वय समिति गठन नगरी विधान विपरीत संस्थामा हालीमुहाली गर्ने नियतले बागडोर हस्तान्तरण नगरेको। संस्थानको विधानको धारा ३८(घ) बमोजिम कुनै पनि संसद, सभासद संस्थाको समन्वय समितिमा बस्नका लागि अयोग्य रहने हुँदाहुँदै हालका संविधान सभाका सभासद श्री रामेश्वरप्रसाद रौनियार उक्त समन्वय समितिका कोषाध्यक्ष रहेको । नारायणी सिंचाइ व्यवस्थापन डिभिजन नं. ५ का डिभिजन प्रमुख विद्यासागर मल्लिक र अजय श्रीवास्तव समेतको मिलेमतोमा नेपाल सरकारको लाखौं रकम फर्जी नाम राखी दैनिक ज्यालादारीको र मासिक रकम हिनामिना गरेको। नारायणी सिंचाइमा नदीको पानी निकासी हुँदाका बखत ५० जना ज्यालादारी राख्ने गरेकोमा हाल पानी | २०७३।३।१९ |

| | | |
|---|---|---|
| | निकासी नहुँदाका बखत ४० जना फर्जी कामदार समेत गरी ९० जना ज्यालादारी मस्टर रोलमा राखी आ-आफ्ना छोरा, छोरी र काल्पनिक नाम राखेको। डिभिजन प्रमुख विद्यासागर मल्लिकले आफ्ना ज्वाईं वीरेन्द्र लाल कर्णलाई डेलिवेज ज्यालादारीमा दैनिक रु.२४०।- दिई सुपरभाइजरमा राखेकोमा निज हालसम्म कुनै साइटमा नगएको। नारायणी सिंचाइ व्यवस्थापन डिभिजन नं. ५ का डिभिजन प्रमुख श्री विद्यासागर मल्लिकले मिति २०६६ माघदेखि २०६८ माघसम्म १७ करोड बजेट चलाएकोमा १३ करोड बाँडफाँड गरी खाएको । | |
| २४३. | नेपाल चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, सेवा आयोगका सदस्य सचिव लक्ष्मणप्रसाद अर्यालले वीर अस्पतालमा ६ महिनाको लागि स्टाफ नर्स भर्ना गर्दा आर्थिक चलखेल गरी उत्तर पुस्तिका साटी कमजोरलाई उत्तीर्ण गराएको । | २०७३।३।२२ |
| २४४. | किर्तीचौर उ.मा.वि. मानाकोट बाजुराका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वीरेन्द्रबहादुर रोकाया, प्र.अ. दबलबहादुर बोगटी तथा लेखापाल रणबहादुर रोकायाले विद्यालयको भवन निर्माण रकम हिनामिना गरेको । | २०७३।३।२२ |
| २४५. | कैलाली जिल्ला हसुलिया गा.वि.स. वडा नं. ८ विसनपुर, झालामा छात्रछात्रा/शिक्षक/शिक्षिका नभएको र शिक्षा विभागबाट स्वीकृति पनि नपाएको चक्र प्रा. वि. भन्ने विद्यालयको नाम राखी उक्त विद्यालयको भवन बनाउने बहानामा जिल्ला विकास समितिको कार्यालय कैलालीका कर्मचारी र उक्त विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गगने सार्कीको मिलोमतोमा सालना योजना पारी रकम दुरुपयोग भइराखेको र आ.व. ०७१/७२ मा पनि जि.वि.स.बाट रु. ३,००,०००।– चक्र प्रा.वि.को भवन निर्माण योजना पास गरी रकम हिनामिना गरेको । | २०७३।३।२२ |

तपसिल बमोजिमका राष्ट्रसेवक कर्मचारीहरूले स्रोत नखुलेको सम्पत्ति आर्जन गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा आम्दानीका वैध स्रोतबाट प्राप्त रकमको अनुपातमा निजहरूले आर्जन गरेको चल अचल सम्पत्ति तथा अन्य खर्चहरू कम भएको खुल्न आएकोले पछि अन्य थप प्रमाण प्राप्त हुन आएमा सोही बखत पुनः अनुसन्धान लगायत कानून बमोजिम कारबाहीहरू हुने नै हुँदा हाल अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ को उपदफा (१२) बमोजिम देहायका व्यक्तिहरूको अनुसन्धान कारबाही तामेलीमा राखिएको ।

| सि.नं. | आयोगको निर्णय मिति | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १. | २०७२।८।२ | पुरुषोत्तम प्रसाद खनाल | निर्देशक | नेपाल दूरसंचार प्राधिकरण |
| २. | २०७२।८।२ | सन्तोष ढुङ्गाना | कम्प्युटर अधिकृत | अर्थ मन्त्रालय |
| ३. | २०७२।८।२ | अश्वीनी कुमार ठाकुर | कार्यकारी निर्देशक | नेपाल राष्ट्र बैंक |
| ४. | २०७२।८।२ | फौजदारप्रसाद चौधरी | गा.वि.स.का तत्कालीन सचिव | पोखरभिण्डी गा.वि.स.को कार्यालय, रुपन्देही |
| ५. | २०७२।८।२ | मनीप्रसाद राई | प्रमुख सदस्य सचिव | सिंहदरबार सचिवालय पुनर्निर्माण समितिको कार्यालय |

| | | | | |
|---|---|---|---|---|
| ६. | २०७२।८।२ | खड्गराज शर्मा आचार्य | उपसचिव | कारागार कार्यालय डिल्लीबजार, काठमाडौं |
| ७. | २०७२।८।२ | कामेश्वर प्रसाद सिंह | इन्जिनियर | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय विराटनगर |
| ८. | २०७२।८।२ | जगन्नाथ शर्मा | शाखा अधिकृत | अध्यागमन कार्यालय, कोदारी |
| ९. | २०७२।८।२ | नवीन भट्टराई | शिक्षण सहायक | कलेज अफ मेडिकल एण्ड एप्लाइड साइन्सेज, पूर्वाञ्चल विश्वविद्यालय |
| १०. | २०७२।८।२ | हरिवंश आचार्य | भू-संरक्षण अधिकृत | भू तथा जलाधार संरक्षण विभाग, काठमाडौं |
| ११. | २०७३।३।२८ | राजेश पन्थी | शाखा अधिकृत | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार |
| १२. | २०७३।३।२८ | महेश गौतम | कम्प्युटर अधिकृत | कम्प्युटर अधिकृत अध्यागमन विभाग |
| १३. | २०७३।३।२८ | राजन विक्रम शाह | का.मु. कार्यकारी निर्देशक | नेपाल राष्ट्र बैंक |
| १४. | २०७३।३।२८ | राजेन्द्र प्रसाद श्रेष्ठ | प्रहरी नायब उपरिक्षक | प्रहरी प्रधान कार्यालय, नक्साल |
| १५. | २०७३।३।२८ | गौरी शंकर तिमला | उप-महानिर्देशक | वन विभाग |
| १६. | २०७३।३।२८ | वासुदेव रिजाल | इन्जिनियर | शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, नेपालगन्ज, |
| १७. | २०७३।३।२८ | धिरेन्द्र सिंह श्रेष्ठ | शाखा प्रमुख (अधिकृत) | साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड |
| १८. | २०७३।३।२८ | कुल बहादु र लिम्बु | तत्कालीन महाप्रबन्धक | नेपाल वायुसेवा निगम |
| १९. | २०७३।३।२८ | प्राध्यापक डा . रतिन्द्रनाथ श्रेष्ठ | सहायक डिन | त्रिभुवन विश्व विद्यालय, शिक्षण अस्पताल, महाराजगञ्ज |
| २०. | २०७३।३।२८ | रमेश कुमार बखती | निर्देशक (अधिकृत प्रथम) | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, सानोठिमी |
| २१. | २०७३।३।२८ | रामशरण चिमोरिया | उपसचिव | उद्योग विभाग त्रिपुरेश्वर |
| २२. | २०७३।३।२८ | हिमालय पौडेल | इन्जिनियर | जलउत्पन्न प्रकोप नियन्त्रण विभाग,नदी नियन्त्रण योजना |
| २३. | २०७३।३।२८ | कमलराज पाण्डे | सह-सचिव | भौतिक योजना तथा निर्माण मन्त्रालय |
| २४. | २०७३।३।२८ | जवाहिरप्रसाद यादव | प्रहरी नायब निरीक्षक | इलाका प्रहरी कार्यालय, रामगोपालपुर, महोत्तरी |
| २५. | २०७३।३।२८ | डिल्लीराम वस्नेत | प्रधानाध्यापक | हिमगंगा माध्यमिक विद्यालय, ओखलढुंगा |
| २६. | २०७३।३।२८ | डा. रेशम बहादुर राना | सहायक डिन | चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल |
| २७. | २०७३।३।२८ | डा. लुमेश्वर आचार्य | बरिष्ठ कन्सल्टेन्ट | पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, |

| | | | | |
|---|---|---|---|---|
| | | | | पोखरा |
| २८. | २०७३।३।२८ | रुपनारायण भट्टराई | उप-महानिर्देशक भन्सार विभाग | हुलाक सेवा विभाग |
| २९. | २०७३।३।२८ | रोशन अग्रवाल | सहायक प्रबन्धक | नेपाल विद्युत प्राधिकरण |
| ३०. | २०७३।३।२८ | बोधराज ढकाल | सहायक प्रबन्धक | नेपाल विद्युत प्राधिकरण |
| ३१. | २०७३।३।२८ | हरिहर श्रेष्ठ | प्रहरी नायव उपरिक्षक (अवकाश प्राप्त) | नेपाल प्रहरी |
| ३२. | २०७३।३।२८ | प्रमोद ढुङ्गाना | सहायक प्रबन्धक | नेपाल विद्युत प्राधिकरण |
| ३३. | २०७३।३।२८ | राजकुमार ठाकुर | रजिष्ट्रार | पूर्वाञ्चल विश्वविद्यालय |
| ३४. | २०७३।३।२८ | रामचन्द्र पाण्डे | का.मु. सहसचिव | उच्च माध्यमिक शिक्षा परिषद |
| ३५. | २०७३।३।२८ | रामदत्त चौलागाईं | नायब सुब्बा | यातायात व्यवस्था कार्यालय, एकान्तकुना |
| ३६. | २०७३।३।२८ | शंकर प्रसाद भेटवाल | प्रमुख मालपोत अधिकृत | मालपोत कार्यालय, चाबहिल |
| ३७. | २०७३।३।२८ | सुशिल कुमार झा | परीक्षा नियन्त्रक | पूर्वाञ्चल विश्वविद्यालय |
| ३८. | २०७३।३।२९ | नन्दलाल मुखिया | इन्जिनियर | सिंचाइ मन्त्रालय अन्तर्गत बागमती सिंचाइ आयोजना |
| ३९. | २०७३।३।२९ | युवराज मास्के | जिल्ला वन अधिकृत | जिल्ला वन कार्यालय, भोजपुर |
| ४०. | २०७३।३।२९ | पूर्णबहादुर खत्री | निर्देशक | नेपाल राष्ट्र बैंक |
| ४१. | २०७३।३।२९ | लालनारायण सिंह | वन अधिकृत | जिल्ला वन कार्यालय,कंचनपुर |
| ४२. | २०७३।३।२९ | लक्ष्मणप्रसाद अर्याल | मेडिकल रेकर्ड अफिसर सातौं(प्राविधिक) | चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान,वीर अस्पताल |
| ४३. | २०७३।३।२९ | विमल गुरुङ | तत्कालीन सहायक प्रबन्धक | माथिल्लो तामाकोशी जल विद्युत आयोजना |
| ४४. | २०७३।३।२९ | सनतकुमार शर्मा | सह कार्यकारी निर्देशक | वि.पी.कोइराला मेमोरियल प्लानेटोरियम तथा अब्जरभेटोरी विज्ञान संग्रहालय विकास समिति,काठमाडौं |
| ४५. | २०७३।३।२९ | डा.सुरेन्द्र प्रसाद चौरसिया | महा-प्रबन्धक | उदयपुर सिमेन्ट उद्योग लिमिटेड |
| ४६. | २०७३।२।१ | रामप्रसाद उप्रेती | प्राध्यापक | त्रि.वि.वि. शिक्षण अस्पताल |

# परिच्छेद- ७
# सुझावहरू

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफूले गरेका कामको वार्षिक प्रतिवेदन नेपालको संविधानको धारा २९४ बमोजिम राष्ट्रपति समक्ष पेश गर्नुपर्ने र उक्त प्रतिवेदन प्रधानमन्त्रीमार्फत संसद समक्ष प्रस्तुत छलफल समेत हुने प्रावधान रहेको छ । वार्षिक प्रतिवेदनमा मूलतः आयोगले वर्षभरि सम्पादन गरेका कामको विवरण लगायत भ्रष्टाचार निवारणका सम्बन्धमा भएका उपलब्धि तथा सो सम्बन्धमा भविष्यमा गर्नुपर्ने सुधारको विवरण पनि उल्लेख हुनुपर्ने व्यवस्था छ । यसै व्यवस्था अनुरूप सार्वजनिक पद धारण गरेको व्यक्तिले अख्तियारको दुरुपयोग गरेको विषयमा प्राप्त सूचना, उजुरी छानबिन, अनुसन्धान तथा तहकिकात र अभियोजन गर्दा प्राप्त अनुभवहरू समेतका आधारमा मुलुकमा सुशासन स्थापित गर्ने एवं भ्रष्टाचार नियन्त्रण तथा अनुचित कार्य नियन्त्रण गर्ने सन्दर्भमा आयोगले नेपाल सरकारलाई सुधारका लागि सुझावहरू दिंदै आएको छ ।

भ्रष्टाचार नियन्त्रणको क्षेत्रमा क्रियाशील रही हासिल गरेको अनुभव समेतका आधारमा आयोगले दिने सुधारात्मक सुझावहरू भ्रष्टाचार नियन्त्रणमा कारगर एवं प्रभावकारी हुन सक्ने हुँदा ती सुझावहरूको समेत कार्यान्वयनको अपेक्षा राख्नु अस्वाभाविक होइन । मुलुकमा भ्रष्टाचार तथा अनुचित कार्य नियन्त्रण गर्ने सन्दर्भमा नेपाल सरकारलाई यसअघि दिइएका विभिन्न सुझावहरूको कार्यान्वयन अपेक्षाकृत रूपमा हुन नसकेको कुरा गत वर्ष दिइएको ४२ बुँदे सुझावहरूमध्ये केही सुझावहरूको मात्रै आंशिक कार्यान्वयन भएबाट पनि पुष्टि हुन्छ । सुझाव कार्यान्वयनलाई सम्बन्धित निकायले प्राथमिकतामा राखी कार्ययोजना बनाई कार्यान्वयनको पहल नगरेको हुँदा महत्वपूर्ण सुझावहरू ओझेलमा परेका छन् । नियोजन र नियन्त्रित हुनुपर्ने क्रियाकलापहरूको पुनरावृत्ति भइरहँदा त्यस्ता विषयले आयोगको अनावश्यक समय लिएको देखिन्छ ।

## ७.१ विगतमा दिइएका सुझावहरू कार्यान्वयन नहुनुका कारणहरू

विगतमा दिइएका सुझाव कार्यान्वयनको अवस्था सन्तोषजनक नभएको हुँदा कार्यान्वयन नहुनुका कारणहरू पहिल्याउन सकेमा भविष्यमा सुझावको प्रभावकारी कार्यान्वयनमा सहयोग पुग्नसक्ने देखिन्छ ।सुझावहरूको प्रकृति, सुझाव कार्यान्वयन गर्न भएको पहलकदमी, कार्यान्वयनका लागि उपलब्ध कार्यवातावरण र सुझाव कार्यान्वयनको अनुगमन लगायतका विविध पक्षहरू समेत केलाउँदा सुझाव कार्यान्वयन नहुनुका सम्भाव्य कारणहरू देहाय अनुसार प्रस्तुत गर्न सकिन्छ :

**१. स्पष्ट कार्ययोजनासहितको सुझाव कार्यान्वयनको खाकाको कमी :**

अनुसन्धान र अभियोजनका सिलसिलामा विभिन्न किसिमले हासिल भएका जानकारी, सूचना, अनुभव र अध्ययन समेतका आधारमा आयोगले दिएका सुझावहरू भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि सहयोगी हुने हुँदा कार्यान्वयनको अपेक्षासहित प्रधानमन्त्रीबाट छलफलका लागि प्रतिवेदन व्यवस्थापिका-संसदको बैठकमा प्रस्तुत हुने व्यवस्था भएको देखिन्छ । यस व्यवस्थानुसार व्यवस्थापिका संसदको बैठक वा समितिको बैठकमा आयोगको सुझावका विषयमा छलफल हुने गरेको छ ।तत् पश्चात् विधायिकाको निर्देशन समेतका आधारमा कार्यान्वयन कार्ययोजना, अनुगमनको खाका र स्पष्ट मार्गचित्र सहितको कार्यपद्धति तय गरी कार्यान्वयनको पहल हुनुपर्नेमा हुन सकेको देखिंदैन ।

**२. सम्बन्धित सरकारी निकायको क्रियाशीलताको कमी :**

आयोगले दिएका सुझावहरू भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि महत्वपूर्ण हुने हुँदा त्यस्ता सुझावहरूको स्वामित्व ग्रहण गरी सम्भव भएसम्म कार्यान्वयनमा ल्याउनु सम्बन्धित सार्वजनिक निकायको समेत दायित्व हुन आउँछ । यसर्थ सम्बन्धित सार्वजनिक निकाय स्वयं समेत क्रियाशील भै दिइएका सुझावहरूको कार्यान्वयनको लागि हरसम्भव प्रयत्नशील रहनुपर्नेमा त्यस्तो क्रियाशीलता सहज रूपमा प्रस्तुत हुन सकेको देखिंदैन । केही सुझावहरूका सम्बन्धमा योजना, नीति तथा बजेट मार्फत् सम्बोधनको प्रयास भए पनि समग्र कार्यान्वयनको अवस्था भने कमजोर नै देखिएको छ ।

**३. निकायगत समन्वय एवं सक्रियतामा कमी :**

आयोगले दिएका केही सुझावहरूको कार्यान्वयनमा विभिन्न निकायहरूको समन्वय आवश्यक पर्दछ । यसरी दुई वा दुईभन्दा बढी निकायहरूका बीचमा उचित समन्वय हुन नसकेको कारणले पनि केही सुझावहरू कार्यान्वयनमा अपेक्षित प्रगति हुन नसकेको देखिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग स्वयंले भ्रष्टाचार विरुद्धका दण्डात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक उपायहरूमा सक्रिय क्रियाशीलता अंगीकार गरी अन्य सरकारी निकायबाट समेत सोही बमोजिम सहयोगको अपेक्षा गरे अनुसार सुधारात्मक सुझावहरू प्रस्तुत गरेको छ । तथापि आयोगको अपेक्षा र अन्य निकायको सक्रियतामा औचित्यपूर्ण संयोजन भएको देखिंदैन । उदाहरणको रूपमा राष्ट्रिय गौरवका आयोजनाहरू लगायतका विकास निर्माण आयोजनाहरूका साथै सेवाप्रवाहका कार्यहरू समेत सुस्त गतिमा हुँदा सुझाव कार्यान्वयनमा ढिलाइ भएको देखिन्छ । अर्कोतिर आयोगले दिएका कतिपय नीतिगत सुझावहरूको कार्यान्वयनका लागि विद्यमान कानूनमा संशोधन वा नयाँ कानूनको निर्माण हुनुपर्ने देखिन्छ । विधायिका र अन्य विभिन्न निकायहरूको सहभागितामा बन्ने यस्ता कानूनहरू आवश्यक समन्वयको अभावमा समयमा निर्माण वा संशोधन हुन सकेको देखिंदैन ।

**४. संक्रमणकाल, प्राकृतिक विपत्ति तथा आपूर्ति असहजता :**

आयोगले दिएका केही सुझावहरू मात्र आंशिक रूपमा कार्यान्वयन भै अधिकांश सुझावहरू कार्यान्वयन नहुनुमा विद्यमान राजनीतिक अस्थिरता, लम्बिंदो संक्रमणकाल र दण्डहीनताको संस्कृतिलाई केही हदसम्म जिम्मेवार ठहर्‍याउन सकिन्छ । त्यसैगरी महाभूकम्पले निम्त्याएको प्राकृतिक विपत्ति र सिमानामा भएको अवरोधका कारण आएको आपूर्ति असहजताले गर्दा आकस्मिक कार्यहरूमा ध्यान केन्द्रित गर्नुपरेको हुँदा सरकारी निकायहरूले सहजतापूर्वक नियमित क्रियाकलापहरू कार्यान्वयन गर्न नसकेको हुनाले केही हदसम्म सुझाव कार्यान्वयनको पहल भए पनि अपेक्षित उपलब्धि हासिल नभएको मान्न सकिन्छ । तर समग्र रूपमा तरल राजनीतिक अवस्था र परिस्थितिलाई मात्र औंल्याएर पन्छिन भने सकिंदैन ।

**अन्य कारणहरू :**

वर्तमान अवस्थामा राज्यको प्रमुख प्राथमिकता संविधान निर्माण र कार्यान्वयन रहेको हुँदा आयोगका सुझावहरूको कार्यान्वयनमा अपेक्षित ध्यान पुग्न नसक्नु, आयोगबाट दिइएका केही सुझावहरू दीर्घकालीन प्रकृतिका भएकोले कार्यान्वयन हुन लामो समय आवश्यक हुनु, सरकारी निकायहरूमा कार्यरत कर्मचारीहरूमा भएको अनुशासनको स्खलन, आदेशको श्रृंखलाको उल्लंघन र दण्डहीनताको अवस्थाको छाया कार्यालयको कार्यसम्पादनमा पर्नु, कतिपय कार्यालयहरूमा उपयुक्त न्यूनतम कार्यवातावरणको समेत कमी हुनु लगायतका विभिन्न कारणहरूले समेत सरकारी निकायहरूले आयोगको अपेक्षानुरूप कार्यसम्पादनमा प्रभावकारिता ल्याउन नसकेको देखिन्छ ।

## ७.२ सुझावहरू

भ्रष्टाचारको किसिम, रूप र रंगसमेतको पहिचान गरी तदनुरूप उपचारात्मक कदम अवलम्बन गर्नुका अतिरिक्त त्यसमा नियन्त्रणात्मक पूर्वक्रियाशीलता समेत आवश्यक हुन्छ । विकास निर्माणका कार्यलाई तीब्रता दिने, सार्वजनिक सेवा प्रवाह गर्ने, समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने लगायत सरकारले महत्वपूर्ण भूमिका खेल्नुपर्ने क्षेत्रहरूमा विभिन्न किसिमका समस्या, अनियमितता तथा विकृतिहरू विद्यमान रहेका छन् । भ्रष्टाचारलाई निरुत्साहित एवं सदाचारलाई प्रवर्द्धन गर्नका लागि आवश्यक सुधारात्मक प्रबन्ध गरिनुपर्ने आवश्यकता बोध गरी आयोगले उल्लिखित क्षेत्रहरूमा प्राथमिकताका साथ आगामी दिनमा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई निम्नानुसार सुझावहरू प्रस्तुत गरेको छ :-

१. नेपालले सन् २००३ मा हस्ताक्षर तथा २०११ मा अनुमोदन गरी भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको पक्ष राष्ट्र भइसकेको भए तापनि सो महासन्धिको प्रभावकारी कार्यान्वयन हुन भने सकेको छैन । यसका लागि नीतिगत, संरचनागत र कार्यगत व्यवस्था गर्नु आवश्यक देखिन्छ । साथै मौजुदा कानूनहरूमा समेत समसामयिक संशोधन एवं नयाँ कानूनहरूको तर्जुमा गरी लागू गर्नुपर्ने ।

२. भ्रष्टाचार नियन्त्रणमा संलग्न निकायहरूबीच समन्वयको अभाव, काममा दोहोरोपना र असामञ्जस्यताको कारण सेवाग्राहीहरूमा द्विविधा रहेको छ । यस सन्दर्भमा विशेष गरी राष्ट्रिय सतर्कता केन्द्र, राजस्व अनुसन्धान विभाग एवं केन्द्रीय अनुसन्धान ब्युरोजस्ता निकायको व्यावसायिक क्षमता अभिवृद्धि गरी समन्वयात्मक रूपमा परिचालन गर्ने व्यवस्था हुनुपर्ने । त्यसैगरी सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको कार्यसम्पादनलाई नतिजामुखी बनाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग मातहत रहने गरी कानूनी व्यवस्था हुनुपर्ने ।

३. निजामती सेवा लगायतका सार्वजनिक सेवाका क्षेत्रमा आर्थिक-सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी-जनजाति, पिछडिएको क्षेत्रका साथै अपांगता भएका व्यक्तिका लागि खुला प्रतिस्पर्धातर्फ निश्चित प्रतिशत पदहरू आरक्षित गरिएको छ । तर कानूनको मर्म अनुसार यो व्यवस्थाबाट आरक्षित वर्गका आर्थिक-सामाजिक रूपले पछाडि परेका मानिसले लाभ लिन नसकेको अवस्था छ भने अपांगतातर्फ छुट्याइएको पदमा समेत नगण्य रूपमा अपांगता भएका व्यक्तिले प्रतिस्पर्धा गर्ने र परीक्षामा उत्तीर्ण हुने अवसर रहँदा वास्तविक अपांगता भएका व्यक्तिलाई राज्यद्वारा दिइएको अवसरको सही प्रयोग हुन नसकिरहेको देखिन्छ । यसकारण आरक्षित पदमा आर्थिक-सामाजिक रूपले पछाडि परेका वर्ग र वास्तविक अपांगता भएका व्यक्तिले मात्र प्रतिस्पर्धा गर्न पाउने एवं सेवा प्रवेशको तहमा एकपटक मात्र आरक्षणको अवसर प्राप्त गर्न सक्ने गरी आवश्यक कानूनी तथा नीतिगत व्यवस्था हुनुपर्ने।

४. विश्वविद्यालय जस्तो प्राज्ञिक संस्थाहरूमा रिक्त पदमा पदपूर्ति गर्दा समान अवसर र निष्पक्ष प्रतिस्पर्धाबाट योग्य व्यक्तिहरूलाई अवसर दिनुपर्नेमा नियम, विनियम संशोधन वा नयाँ व्यवस्थाका नाममा खुल्ला प्रतिस्पर्धा प्रक्रियालाई सीमित गरेको पाइएको छ । साथै प्रश्नपत्र निर्माण, मोडरेसन, कोडिङ, उत्तर पुस्तिका परीक्षण जस्ता कार्यमा निष्पक्षता र गोपनीयता कायम राख्न नसकेको समेत पाइएको छ । अतः खुल्ला प्रतिस्पर्धा प्रक्रियालाई सीमित गर्न नपाउने गरी उपयुक्त कानूनी व्यवस्था गर्नुका साथै सघन अनुगमन र परीक्षा व्यवस्थापनमा आवश्यक गोपनीयता कायम राखी पदपूर्ति प्रक्रियामा निष्पक्षता र खुला प्रतिस्पर्धाको सुनिश्चितता गर्नुपर्ने ।

५. नेपालमा करिब चालीस हजारको संख्यामा रहेका गैरसरकारी संस्थाहरूले सेवाभावले कार्य गरेमा भूकम्प लगायतका विपद् व्यवस्थापनका साथै विकास निर्माणमा समेत प्रभावकारी भूमिका निर्वाह गर्न सक्ने भए तापनि त्यस्ता संस्थाहरूबाट संचालित कार्यक्रमको प्रभावकारिता, पारदर्शिता र जवाफदेहितामाथि प्रश्न उठ्ने गरेको छ । यसैले गैरसरकारी संस्थाको दर्ता, नियमन, परिचालन र व्यवस्थापनसम्बन्धी कार्य गर्न कानूनद्वारा नै एकल निकायको व्यवस्था गरी स्पष्ट नीति तर्जुमा र प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण समेत गरी ती संस्थाहरूलाई राष्ट्रिय प्राथमिकतानुसार मर्यादित र पारदर्शी रूपमा परिचालन गर्नुपर्ने ।

६. विभिन्न बहानामा जिम्मेवारी पन्छाउने र समयमा निर्णय नगर्ने प्रवृत्ति सार्वजनिक प्रशासनमा अधिकतर देखिन्छ । मन्त्रालयस्तरबाट निर्णय हुने विषय मन्त्रिपरिषदमा पेश गरेको र मन्त्रिपरिषदमा पेश गर्नुपर्ने विषय मन्त्रालयबाटै निर्णय गरेको समेत पाइएको छ । यसकारण समयमा निर्णय नगर्ने तथा जिम्मेवारी पन्छाउने उपर कारबाही गर्ने र कार्यप्रगतिलाई कार्यसम्पादन मूल्यांकनसँग आबद्ध गर्नु अपरिहार्य भइसकेको छ । साथै मन्त्रिपरिषदबाट हुने नीतिगत निर्णयको आधार र औचित्य स्पष्ट गर्दै नीतिगत र प्रशासनिक निर्णयको सीमा निर्धारण गरी सार्वजनिक खरिद तथा सामान्य प्रशासनिक विषयलाई समेत नीतिगत निर्णयका लागि मन्त्रिपरिषदमा पेश गर्ने परिपाटीलाई निरुत्साहित गर्नुपर्ने ।

७. एकीकृत राष्ट्रिय अभिलेख प्रणालीको अभावका कारण नागरिकता प्रमाण-पत्र, जग्गाधनी प्रमाणपूर्जा, सवारी चालक अनुमतिपत्र लगायतका सेवा प्राप्त गर्ने क्रममा सर्वसाधारणले अनावश्यक झण्झट ब्यहोर्नु परेको आम जनगुनासो रहेको छ । राष्ट्रिय महत्वका यस्ता कागजात नक्कली बन्ने र अनधिकृत व्यक्तिले समेत यस्ता कागजात लिने प्रवृत्ति बढ्दै गएको देखिएका छन् । प्रत्येक व्यक्तिको एकीकृत व्यक्तिगत विवरण समावेश गरी राष्ट्रिय परिचय-पत्र (National ID Card) बनाउने कार्य केही समयअघि नै सुरु भए पनि त्यसले खास गति लिन नसकेको हुँदा तदारुकताका साथ कार्यसम्पन्न गर्नुपर्ने र यस्तो परिचयपत्रको विवरणको कम्प्युटराइज्ड अभिलेख सम्बन्धित सबै सरकारी निकायहरूमा राख्नुपर्ने ।

८. कतिपय सरकारी निकायहरूको संगठन संरचना र कार्यबोझ एवं कार्यप्रकृतिको बीच तालमेल नभई जनशक्तिको उपयुक्त वितरण हुन नसकेको देखिन्छ । राज्य पुनःसंरचनालाई समेत ध्यानमा राखी प्रभावकारी कार्यसम्पादन र श्रोतको अत्युत्तम उपयोग तथा सहज, सरल र प्रभावकारी सेवा प्रवाहका लागि सार्वजनिक निकायहरूको संगठन तथा दरबन्दी संरचना पुनरावलोकन गर्नुपर्ने ।

९. झण्डै दुई तिहाई जनता कृषि पेशामा आश्रित रहेको भए पनि कुल गार्हस्थ उत्पादनको एक तिहाई हिस्सा मात्र कृषि क्षेत्रले ओगटेको छ । बहुसंख्यक कृषक समुदायको जीवनस्तरमा सुधार ल्याउनु, खाद्यसुरक्षा सुनिश्चित गर्नु तथा व्यावसायीकरण गरी कृषि क्षेत्रको योगदान बढाउनु आवश्यक छ। सिंचाइ सुविधा, कृषिमैत्री औजार, उन्नत प्रविधि, सुलभ कृषिकर्जा जस्ता कृषि क्षेत्रको पूर्वाधारको प्रबन्ध गरी खाद्यान्न, नगदेबाली, पशुपालन र जडीबुटी लगायतका कृषिजन्य उत्पादन वृद्धि एवं कृषिमा आधारित उद्योग तथा कृषिबजारको विस्तारमा जोड दिनुपर्ने ।

१०. हालसम्म मागको प्रक्षेपण अनुकूल विद्युत उत्पादन हुन नसकेकोले लोडसेडिङको नकारात्मक प्रभाव दैनिक जीवन निर्वाहदेखि उद्योग कलकारखाना सञ्चालनसम्म परेको छ । स्पष्ट मार्गचित्र र कार्ययोजना, लगानीको सुनिश्चितता, प्रक्रियागत सरलीकरण, सघन अनुगमनको व्यवस्था गरी जलाशययुक्त जलविद्युत उत्पादनलाई प्राथमिकता दिई चालु तथा नयाँ आयोजनाको शीघ्र

कार्यान्वयन गर्नुपर्ने। साथै परम्परागत तथा आयातित ऊर्जामाथिको निर्भरता घटाउन, हरित अर्थतन्त्रलाई प्रवर्द्धन गर्न तथा तत्कालको ऊर्जासंकट कम गर्न उपयोगी देखिएको नयाँ तथा नवीकरणय (new and renewable energy) ऊर्जा (लघु जलविद्युत, सौर्य तथा वायुऊर्जा लगायत) को उत्पादन र विस्तारलाई सरकारी स्तरबाट प्रोत्साहन दिनुपर्ने । प्रमुख प्रशासनिक भवन, सरकारी कार्यालय र सरकारी आवासहरूमा सौर्य ऊर्जा प्रणाली जडानलाई बढावा दिनुपर्ने ।

११.भौगोलिक तथा जैविक विविधता, प्राकृतिक सुन्दरता, सांस्कृतिक सम्पन्नता, ऐतिहासिक विरासतका कारण नेपालको हरेक क्षेत्रमा पर्यटन उद्योगको सम्भावना भए पनि औंलामा गन्न सकिने स्थानमा मात्रै पर्यटन विकास सीमित रहेको र छिमेकी राष्ट्रहरूको सम्पन्नताबाट अपेक्षित लाभ लिन नसकिएको हुँदा पर्वतारोहण, पैदलयात्रा, साहसिक पर्यटन, पर्या-पर्यटन (eco-tourism) तथा कृषि पर्यटन, धार्मिक पर्यटन, सम्मेलन/गोष्ठी/कार्यशाला/अन्तरक्रिया पर्यटन, स्वास्थ्य पर्यटन, ग्रामीण पर्यटन लगायत पर्यटनको विविधीकरणमा जोड दिनुपर्ने । यसका लागि वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल, भरपर्दो हवाई सेवा, गुणस्तरीय जनशक्ति, मनोरञ्जनस्थल लगायतका पर्यटन पूर्वाधारको विकास एवं पुरातात्विक तथा सांस्कृतिक सम्पदाको शीघ्र पुनर्निर्माण गर्दै पर्यटकीय स्थल एवं पर्यटकीय उपजको विकास र प्रचुर प्रचारप्रसार समेत गरी पर्यटनबाट सम्भाव्य लाभ लिनुपर्ने ।

१२.जनसाधारणको दैनिकीदेखि सम्पूर्ण आर्थिक सामाजिक गतिविधिको अपरिहार्य पूर्वाधारको रूपमा रहेको यातायातको समुचित विकास, विस्तार एवं विविधीकरण हुन नसकेको, दुई जिल्ला सदरमुकाम लगायत अन्य दुर्गम स्थानमा सडक नपुगेको साथै अन्तर्राष्ट्रिय विमानस्थल र राजधानी शहरको सडकको समेत दुरावस्था रहेको छ । त्यसैले सडक यातायातलाई सुरक्षित, भरपर्दो र पहुँचयोग्य बनाउनका लागि सडक सञ्जालको विस्तार एवं स्तरोन्नति गर्नुपर्ने साथै उत्तर-दक्षिण लोकमार्ग, मध्यपहाडी लोकमार्ग, पूर्व-पश्चिम लोकमार्ग तथा हुलाकी राजमार्गको विस्तार र स्तरोन्नतिको साथै काठमाडौं उपत्यकाको सडक सुदृढीकरण र वैकल्पिक यातायातको विकास तथा अन्तरदेशीय नाका जोड्ने सडकको विकास, विस्तार र सुदृढीकरण गर्नुपर्ने । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भौतिक संरचना र प्राविधिक पूर्वाधारमा सुधार ल्याउनुका साथै वैकल्पिक अन्तर्राष्ट्रिय तथा क्षेत्रीय विमानस्थलको निर्माणसम्बन्धी कार्य अविलम्ब सुरु गर्नुपर्ने ।

१३.ग्रामीण सडकको मर्मत सम्भार गरी सडक खुलाउनका लागि आवश्यक भएको रकमभन्दा कम रकम विनियोजन गरेर खर्च गरिएको हुँदा सडक खुलाउन नसकिएको र रकमको दुरुपयोग भएको पाइएको छ । अतः ग्रामीण सडकहरूलाई दिगो, भरपर्दो र बाह्रै महिना सञ्चालनयोग्य बनाउनका लागि मर्मत सम्भारमा बजेट विनियोजन गर्नुपूर्व नै सडकहरूको स्थिति र अवस्था पहिचान गरी मर्मत सम्भार गर्नुपर्ने कार्यहरूको लागत अनुमान तयार गर्ने र सोको आधारमा बजेट विनियोजन गर्ने तथा मर्मत सम्भार कोषको भरपर्दो व्यवस्था समेत गरी नियमित मर्मत सम्भारको संस्कृति विकास गर्नेतर्फ आवश्यक व्यवस्था गर्नुपर्ने ।

१४.विकास निर्माण गर्दा विभिन्न निकायबीच आवश्यक समन्वयको अभाव, काममा दोहोरोपना, एउटा निकायले अर्को निकायमाथि जिम्मेवारी पन्छाउने तथा ढिलाइ हुने गरेको पाइएको छ । त्यसैले सडक, खानेपानी, ढल, विद्युत, टेलिफोन लगायतका पूर्वाधारहरूको निर्माण, मर्मत तथा स्तरोन्नतिका लागि एकीकृत कार्यान्वयन कार्ययोजना तयार गरी निश्चित मापदण्ड बनाई समन्वयात्मक, व्यवस्थित र प्रभावकारी रूपमा काम गर्नुपर्ने ।

१५.राष्ट्रिय गौरवका आयोजनाको समेत योजनानुरूप प्रगति हुन नसकेको र निर्धारित समयभित्र सम्पन्न हुन नसकेको अवस्था छ ।यस्ता आयोजनालाई उचित महत्व र प्राथमिकता दिई निर्धारित समयभित्रै पूरा गर्ने पद्धति एवं संयन्त्रको विकास, कार्यसम्पादन सम्झौता गरी सक्षम कर्मचारीको परिचालन, दण्ड तथा पुरस्कारको उचित प्रबन्धका साथै उचित कार्यवातावरण र स्रोत साधनको प्रबन्ध गर्नुपर्ने ।

१६.यथार्थपरक तथ्यांक संकलन तथा संस्थागत संयन्त्र स्थापनामा ढिलाइ लगायतका कारणले भूकम्पपछिको पुनर्निर्माणले अपेक्षित गति लिन सकेको छैन । यसकारण पुनःनिर्माण र पुनःस्थापनासम्बन्धी कार्यलाई तदारुकताका साथ अघि बढाउनुपर्ने । साथै भूकम्पको घटनाबाट पाठ सिकी दीर्घकालीन उपायका रूपमा सुरक्षित एकीकृत बस्ती विकासको अवधारणा अवलम्बन गर्नुपर्ने ।

१७.विकास निर्माण तथा सेवाप्रवाहका क्रममा खरिद गर्दा एकाधिकार, कार्टेलिङ, सिण्डीकेट एवं मिलेमतोको विद्यमानताले स्वच्छ प्रतिस्पर्धा हुन नसकेको अवस्था छ । यसर्थ सघन अनुगमनबाट सार्वजनिक खरिद ऐनको प्रभावकारी कार्यान्वयन गर्नुका साथै विद्युतीय टेण्डर प्रक्रियालाई प्रभावकारीरूपमा लागू गरी सार्वजनिक खरिदमा सुधार ल्याउनुपर्ने ।

१८.आधारभूत तथा गुणस्तरीय स्वास्थ्यसेवा र मेडिकल शिक्षा दुर्गम क्षेत्र र विपन्न वर्गको पहुँचबाट टाढा रहेको छ। दुर्गम क्षेत्रका सरकारी स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मी, स्वास्थ्य सामग्री तथा औषधीको उपलब्धता सुनिश्चित गर्ने तथा मेडिकल कलेज लगायतका निजी स्वास्थ्य संस्थाको स्थापना र सञ्चालनको स्वीकृति दिंदा सन्तुलित क्षेत्रीय विकासको अवधारणालाई ध्यानमा राखी दुर्गम क्षेत्रमा सेवा प्रवाह गर्नेलाई प्राथमिकता दिनुपर्ने । यसका अतिरिक्त स्वास्थ्य सेवाको उपलब्धता, गुणस्तर लगायतका विषयमा गरिने अनुगमन तथा नियमन गर्ने निकायको क्षमता अभिवृद्धि गरी सो सम्बन्धी कार्यलाई नियमित, वस्तुगत, सशक्त र नतिजामुखी बनाउनुपर्ने।

१९.विपन्न तथा दुर्गम क्षेत्रका बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न शैक्षिक र भौतिक पूर्वाधार, तालिम तथा प्रभावकारी अनुगमनको सुनिश्चितता गरी शैक्षिक सुधार गर्नुपर्ने ।निजी विद्यालय तथा कलेजहरूमा सरकारले तोके अनुसारको पूर्वाधार एवं शुल्कसम्बन्धी मापदण्ड लागू गराउन नियमन र अनुगमन प्रभावकारी बनाउनुपर्ने । विश्वविद्यालय र कलेज सञ्चालनका लागि सम्बन्धनका स्पष्ट र वस्तुगत मापदण्ड बनाई लागू गर्नुपर्ने ।

२०.वैदेशिक रोजगारी सुरक्षित व्यवस्थित र मर्यादित नहुँदा नेपाली युवाहरूले ठगिनुपरेको, दिनहुँ ज्यान गुमाउनुपरेको र घरपरिवारको समेत विचल्ली हुने गरेको अवस्था विद्यमान छ । रोजगारीमा जानुपूर्व तालिम, स्वास्थ्य परीक्षण र सम्झौताको प्रभावकारी व्यवस्था गर्दै वैदेशिक रोजगार कल्याणकारी कोषको उपयोग एवं सम्बन्धित मुलुकमा रहेका कूटनीतिज्ञको परिचालन समेत गरी रोजगारीलाई व्यवस्थित बनाउनुपर्ने । नेपाली कामदारहरूको प्रमुख गन्तव्य मुलुकहरूसँग श्रम सम्झौता गर्नेतर्फ अविलम्ब पहल गर्नुपर्ने ।

२१.आन्तरिक उत्पादनको न्यूनता वा अभावका कारण दैनिक जीवनयापन गर्न आवश्यक अधिकांश वस्तुहरू आयातबाट पूर्ति गर्नुपरेको छ । उत्तर तथा दक्षिण दुवैतर्फका नाकाहरूमा सडक संजालको विस्तार तथा स्तरोन्नति गरी नेपाललाई व्यापारका लागि ट्रान्जिट प्वाइन्टका रूपमा विकास गर्नुपर्ने र प्रभावकारी अनुगमन र नियमन समेत गरी गुणस्तरयुक्त उपभोग्य वस्तुहरूको

आपूर्ति सुनिश्चित गर्नुपर्ने । आपूर्ति सहज बनाउन वैकल्पिक मार्गको विस्तार गर्नुका साथै भण्डारण क्षमतामा समेत वृद्धि गर्नुपर्ने ।

२२.स्थानीय स्वायत्त शासनको मान्यता बमोजिम आमजनसमुदायको घरदैलोमा प्रभावकारी सेवा प्रवाह हुन सकेको छैन । अतः स्थानीय स्तरमा पूर्वाधार विकास, कर्मचारीको सुनिश्चितता, स्थानीय निकायको क्षमता विकास, स्रोत साधनको समन्यायिक विनियोजन तथा अनुगमन संयन्त्र र घुम्ती सेवा केन्द्र र एकीकृत सेवा केन्द्र जस्ता संस्थागत संयन्त्रको माध्यमबाट प्रभावकारी सेवा प्रवाह गर्नुपर्ने । स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधिहरूको रिक्तताका कारण त्यहाँबाट प्रदान गरिने सेवा सुविधा प्रभावकारी हुन नसकेको र नियन्त्रण, निर्णय प्रक्रिया र जवाफदेहिता कमजोर हुँदै गएकोले अविलम्ब स्थानीय निकायको निर्वाचन गराउनुपर्ने ।

२३.भूकम्पको कारणबाट जनतामा पर्न गएको मानवीय पीडाको अवस्थालाई मौका र अवसरको रूपमा प्रयोग गरी त्रिपाल लगायतका राहत सामग्रीहरू खरिद गर्दा न्यून गुणस्तरको खरिद गर्नुका साथै अधिक मूल्य तिरेको देखिएको छ । प्राकृतिक विपद् र व्यापार नाकामा भएका असहजताले प्रभावकारीरूपमा सेवा प्रवाह गर्न सहज नहुने हुँदा विपद् व्यवस्थापनका लागि उपयुक्त नीति तथा कार्ययोजना लागू गरी स्रोतसाधनको उचित परिचालन गर्ने तथा नियमनकारी निकायले सक्रिय र सघन अनुगमन गर्ने प्रबन्ध गर्नुपर्ने।

२४.सार्वजनिक सेवा प्रवाहका क्रममा अनुगमन र मूल्यांकनलाई महत्व नदिइँदा सेवाग्राहीले अनावश्यक झन्झट व्यहोर्नुपरेको छ । सरकारी कार्यालयहरूमा दलाल र विचौलियाहरूलाई निरुत्साहित गर्न तथा कृत्रिम अभाव एवम् एकाधिकार लगायतका समस्या हटाउन अनुगमन तथा सुपरिवेक्षण कार्यमा संलग्न निकायहरूको क्षमता विकास गरी अनुगमनसम्बन्धी कार्यलाई थप प्रभावकारी र नतिजामुखी बनाउनुपर्ने ।

२५.यात्राका क्रममा भएका दुर्घटनाहरूबाट ठूलो जनधनको क्षति भएको छ । चालकको अयोग्यता, सडकको दुरावस्था, अनुपयुक्त सवारी साधन, सिण्डिकेटको विद्यमानता, सचेतनाको कमी तथा सुपरीवेक्षण-अनुगमनको कमी लगायतका कारणहरूले विशेष गरी पहाडी क्षेत्रमा निरन्तर रूपमा सडक दुर्घटनाहरू भैरहेका छन् । अतः दुर्घटना न्यूनीकरणका लागि यातायात नियमन एवं व्यवस्थापन, ट्राफिक व्यवस्थापन, सडक स्तरोन्नति तथा विस्तारसँग सम्बद्ध सबै निकायहरूको समन्वयात्मक पहलबाट सुरक्षित यातायातको प्रबन्ध हुनुपर्ने।

२६.विद्युत, सडक लगायतका महत्वपूर्ण पूर्वाधारको कमी एवं व्यावसायिक सुरक्षा र लगानीमैत्री वातावरणको सुनिश्चितता नहुँदा पर्याप्त वैदेशिक लगानी आकर्षित गर्न सकिएको छैन । वैदेशिक लगानी सहज गर्न आवश्यक पर्ने एकद्वार संयन्त्रको व्यवस्थाका साथै अन्य कानूनी, संस्थागत र प्रक्रियागत सुधार गरी लगानी बोर्ड लगायतका सम्बद्ध निकायहरूले प्रभावकारी परिचालनमा जोड दिनुपर्ने ।

२७. बत्तीस हजारभन्दा बढी सहकारी संस्थामा दुई खर्बभन्दा बढी बचत रहे पनि विकृति र विसंगतिका कारण सर्वसाधारण संचयकर्ताले उचित लाभ पाउन नसकेको र उनीहरूको जीवनभरको आम्दानी अपचलन भएको जस्ता समस्या देखिएका छन् । त्यसैले सहकारी क्षेत्र विकाससम्बन्धी कानूनी व्यवस्था, दीर्घकालीन रणनीति, संगठन संरचनाको उचित प्रबन्ध, बचतकर्ताको बचत सुरक्षणका लागि बचत सुरक्षण बीमाको व्यवस्था र नियमन संयन्त्र मार्फत प्रभावकारी अनुगमन र सुपरिवेक्षणको प्रबन्ध समेत गरी सहकारी क्षेत्रमा सुधार गर्नुपर्ने ।

२८.बैंक तथा वित्तीय संस्थाको संख्या धेरै भए पनि दुर्गम क्षेत्रमा अपेक्षित पहुँच विस्तार हुन नसकेको, केही संस्था सीमित वर्गको हितमा कार्यरत रहेको र बचतकर्ताको निक्षेप जोखिममा पार्ने कार्य समेत भएको पाइएको छ । यस्ता कार्यलाई निरुत्साहित गर्न र वित्तीय जोखिम न्यून गर्न उपयुक्त आर्थिक नीति लागू गर्ने, नियामक तथा अनुगमनकारी निकायको भूमिकालाई अझ प्रभावकारी बनाउने तथा दुर्गम क्षेत्रमा बैंक तथा वित्तीय संस्था स्थापना र विस्तार गर्न प्रोत्साहित गर्नुपर्ने ।

२९.अत्यन्तै कमजोर आन्तरिक उत्पादन क्षमता, अनिश्चित औद्योगिक वातावरण र उच्च उत्पादन लागतका कारण निर्यात व्यापार कमजोर भई व्यापार घाटा बढेको छ । अतः आन्तरिक प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी राष्ट्रिय कृषि उत्पादनलाई प्राथमिकता दिन र राष्ट्रिय आवश्यकताका आधारमा व्यापार विविधीकरण गर्न कृषि, जलस्रोत, पर्यटन, औद्योगिक, वाणिज्य र वैदेशिक लगानी लगायतका नीतिहरूको समन्वयात्मक एवं प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने ।

३०.राष्ट्रको आर्थिक समुन्नतिमा महत्वपूर्ण योगदान पुर्‍याउने विकास बजेटको वित्तीय तथा भौतिक प्रगति विगत केही वर्षहरूदेखि न्यून देखिनुका साथै आर्थिक वर्षको अन्तमा विकास बजेटको ठूलो हिस्सा खर्च हुने गरेको पाइएको छ ।यस्तो प्रवृत्तिले भ्रष्टाचार र न्यून गुणस्तरलाई बढावा दिनसक्ने हुँदा यसका लागि समयमै कानूनी, नीतिगत, कार्यविधिगत, भौतिक र मानवीय स्रोतको बन्दोबस्त तथा नियमित अनुगमन र मूल्यांकनको व्यवस्था गरी विकास बजेटको प्रभावकारी परिचालनको सुनिश्चितता गर्नुपर्ने ।

३१.वन फडानी गरी अनियन्त्रित बसोबास गर्ने, चुरे क्षेत्रबाट अनधिकृत रूपमा ढुंगा, गिट्टी र बालुवा उत्खनन् गर्ने, धार्मिक मठमन्दिर देवालय गुम्बा आदिको जग्गा व्यक्तिको नाममा दर्ता गर्ने र सार्वजनिक जग्गा मिच्ने जस्ता प्रवृत्ति बढ्दै गएकोले सार्वजनिक सम्पत्ति मासिंदै गएको छ । अतः यस्ता सम्पत्तिको एकीकृत अभिलेख राख्ने, भूउपयोग नक्सा तयार गर्ने, वन व्यवस्थापन एवं सम्पदा संरक्षणमा समुदायको सहभागिता बढाउने, वैकल्पिक ऊर्जाको व्यवस्था गर्ने, सुकुम्वासी समस्या सम्बोधन गर्ने तथा नियमन र अनुगमन गर्ने जस्ता कार्य गरी सार्वजनिक सम्पत्तिको संरक्षणको उचित प्रबन्ध गर्नुपर्ने ।

३२.काठमाडौं उपत्यका लगायत देशका विभिन्न भागमा सार्वजनिक जग्गा अतिक्रमण गरी लाखौं मानिसहरू बसोबास गरिरहेका छन् । सुकुम्बासी समस्या समाधानका लागि विगतमा गठन भएका रावल आयोग लगायतका विभिन्न आयोगबाट सुझावहरू प्राप्त भएका र बजेटमा समेत व्यवस्थित बसोबास आयोग गठन गर्ने भनिए पनि कार्यान्वयन पक्ष प्रभावकारी हुन सकेको छैन। कार्ययोजना समेत बनाई कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउँदै सार्वजनिक सम्पत्ति र सौन्दर्यको संरक्षण एवं वास्तविक सुकुम्वासीको मानवोचित जीवनयापनको प्रबन्ध गर्नुपर्ने ।

३३.काठमाडौं उपत्यकामा ट्राफिक जामका कारण समयको बर्बादी र आवागमनमा कठिनाइका साथै प्रदूषण तथा सडक दुर्घटनाको जोखिम पनि बढिरहेको छ । नदी किनारका लिंकरोडको विकास, बाहिरी चक्रपथको निर्माणमा तीब्रता, मेट्रो रेलजस्ता वैकल्पिक यातायातको प्रबन्ध, ट्राफिक व्यवस्थापनमा आधुनिक पद्धतिको प्रयोग, विद्युतीय ठूला सवारी साधनलाई प्रोत्साहन जस्ता पूर्वाधारगत, नीतिगत तथा व्यवस्थापकीय सुधारका उपाय अवलम्बन गरी समस्याको शीघ्र समाधान गर्नुपर्ने ।

३४.गरिबीको चपेटामा रहेका वर्ग र क्षेत्रका लागि संचालित गरिबी निवारणका कार्यक्रमले सार्थक परिणाम दिन सकेको पाइँदैन । गरिबी निवारण कोषबाट संचालित कार्यक्रममा सहभागीको झूटो उपस्थिति, हुँदै नभएको झूटो कार्यक्रम, फिल्डमा बसेको झूटा कागजात आदि बनाई भ्रष्टाचार गरी गरिबका लागि विनियोजित रकमको दुरुपयोग गरेको देखिएको छ । अतः गरिबी निवारण कोष लगायतका विभिन्न निकायहरूले कार्यक्रम सञ्चालन गर्दा वास्तविक गरिबको पहिचान गरी उक्त वर्गमा केन्द्रित लक्षित कार्यक्रमहरू, कार्यान्वयन पद्धति, समन्वय र अनुगमनको खाका समेत तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने ।

३५.वैशाख १२ को अविष्मरणीय र कहालीलाग्दो भूकम्पपश्चात् काठमाडौं उपत्यका लगायत विभिन्न ठाउँमा आधारभूत सुविधा सहितका खुला क्षेत्रहरूको आवश्यकता महसुस गरिएको छ । जोखिमपूर्ण अवस्थामा रहेका केही ठूला होटल, अपार्टमेन्ट तथा सपिङ मलहरूको नियमनको आवश्यकता छ ।अतः यस्ता खुला क्षेत्रहरूको विकास गर्नुका साथै अग्ला भवन निर्माण अनुमतिका आधार, मापदण्ड र पालना गर्नुपर्ने शर्तहरू परिमार्जन गरी भवन संहिता कडाइका साथ लागू गर्नुपर्ने ।

३६.निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम र निर्वाचन क्षेत्र विकास कार्यक्रमका लागि बजेटमा वृद्धि भएको छ । देशभरीका सबै निर्वाचन क्षेत्रहरूमा सञ्चालन हुने यी कार्यक्रमहरूको कार्यान्वयनका लागि स्पष्ट मापदण्ड, कार्ययोजना र अनुगमनको व्यवस्था गरी कार्यान्वयनमा निष्पक्षता र विनियोजित रकमको अत्युत्तम उपयोगको सुनिश्चितता गर्नुपर्ने ।

३७.देशको महत्वपूर्ण उत्पादनमूलक उद्योगका रूपमा रहेको हेटौंडा सिमेन्ट उद्योग घाटामा सञ्चालन भएको र पूर्णरूपमा सञ्चालन समेत हुन नसकेको अवस्था छ । उद्योगलाई अधिकतम क्षमताका साथ सञ्चालन गर्न चालु प्रविधिलाई समयानुकूल फेरबदल गरी उपयुक्त रूपमा त्यसको सञ्चालन र व्यवस्थापन गर्नुपर्ने।

३८.सार्वजनिक कर्मचारी प्रशासनमा अनुशासनको कमी, आदेशको श्रृंखलाको उल्लंघन तथा न्यूनतम कार्यवातावरणको अभाव लगायतका विभिन्न समस्याहरू विद्यमान छन् । यसका लागि सुपरीवेक्षण, अनुगमन तथा दण्ड र पुरस्कारको उचित प्रबन्ध गरी अनुशासन कायम गर्नेतर्फ आवश्यक व्यवस्थापन गर्न जरुरी भएको छ । उपयुक्त कार्यवातावरण नभएका निकायहरूमा भौतिक स्रोतसाधनको उपलब्धता, सरसफाइको प्रबन्ध र उपयुक्त कार्यालय लेआउटको व्यवस्था गरी न्यूनतम कार्यवातावरण समेत कायम गर्नुपर्ने ।

३९.कुनै निकायका लागि तोकिएका कार्यक्रमहरूमा आर्थिक वर्षको सुरुमा न्यून बजेट विनियोजन गर्ने र सोही आर्थिक वर्षको मध्यतिर वा अन्तिमतिर गएर ठूलो रकम रकमान्तरको प्रक्रिया मार्फत पठाउने प्रचलनले आर्थिक वर्षको अन्तमा बजेट सिध्याउन जथाभावी रूपमा खर्च गर्ने प्रवृत्ति बढ्न गई वित्तीय अनुशासन कायम गर्नमा कठिनाइ भएको देखिएको हुँदा यस्तो प्रवृत्तिमा नियन्त्रणका लागि यथार्थपरक कार्यक्रम र बजेट विनियोजनको व्यवस्था गर्न सम्बन्धित निकायहरूले ध्यान दिनुपर्ने ।

४०.आयोजना कार्यान्वयनका लागि आयोजनाको ड्रइङ, डिजाइन, सुपरीवेक्षण लगायतका महत्वपूर्ण कार्यहरूमा परामर्शदाताको रूपमा रही कार्य गर्ने स्वदेशी तथा विदेशी परामर्शदाताहरूलाई आफूले गरेको कामको नतिजाप्रति उत्तरदायी बनाउन र सम्पन्न सम्झौताको दृढ कार्यान्वयन गर्ने पद्धतिको विकास गरेमा आयोजनाहरूको ड्रइङ, डिजाइनमा गम्भीर त्रुटि हुने, लागत र समयको वृद्धि हुन

जाने, गुणस्तरमा ह्रास आउने जस्ता समस्याको समयमै हल हुन सक्ने हुँदा यस्ता परामर्शदाताहरूलाई आफूले गरेको कामप्रति उत्तरदायी बनाउन करारीय व्यवस्थापन (contract management) चुस्त बनाउनुपर्ने ।

४१.निर्माण कार्य र वस्तु तथा सेवा खरिदका लागि आह्वान गरिने प्रस्तावहरूको पूर्वशर्त (criteria) र तोकिएको नमुना (specification) तयार गर्दा कुनै अमूक व्यक्ति, फर्म वा वस्तुलाई लक्षित गरी प्रतिस्पर्धालाई सीमित गर्ने प्रवृत्ति अत्यधिक रूपमा बढ्दै गएको र यस्तो प्रवृत्तिबाट सार्वजनिक निकायको खरिद प्रक्रियाको प्रतिस्पर्धामा संकुचन हुने, खरिदको लागत बढेर स्रोत अपव्यय हुने र भ्रष्टाचारजन्य क्रियाकलापमा बढोत्तरी हुँदै गएको देखिएकोले यस्तो प्रवृत्ति निरुत्साहित गर्न सार्वजनिक खरिद प्रक्रियामा दक्षता, क्षमता र अनुभवका वस्तुपरक मापदण्डहरूको निर्माण गरी मूल्यांकनका आधारहरूलाई स्वच्छ प्रतिस्पर्धा कायम हुने गरी सहज र वास्तविक बनाउन सम्बद्ध ऐन, नियमहरूमा आवश्यक परिमार्जनका साथै प्राप्त बोलपत्रहरूको शीघ्र, पारदर्शी एवं उत्तरदायित्वपूर्ण निष्पक्ष मूल्यांकन हुनुपर्ने ।

४२.निर्माण कार्य बाहेक अन्य सार्वजनिक खरिद (सेवा तथा वस्तु खरिद) को लागत अनुमान तयार गर्दा सरकारी निकायहरूबीच विविधता देखिएको, प्रतिइकाई लागत मूल्यांकन गर्ने तरिका फरक फरक परेको, वस्तु तथा सेवाको खरिद प्रक्रियामा एकरूपता कायम हुन नसकेको र आर्थिक अनुशासन कायम गर्न नसकिएको देखिएको हुँदा वस्तु तथा सेवा खरिदका लागि तयार गरिने लागत अनुमान वस्तुपरक एवं यथार्थपरक बनाउनका लागि सम्बद्ध ऐन, नियम, निर्देशिकाहरूमा आवश्यक परिमार्जन गर्नुपर्ने ।

४३.सरकारी निकायहरूबाट वार्षिक कार्यक्रमहरू अन्तर्गत विनियोजन हुने रकमबाट सञ्चालन हुने क्षेत्रगत कार्यक्रममा प्रभावकारी समन्वयको अभावमा कतिपय योजना तथा कार्यक्रमहरूमा दोहोरोपन पर्न गई सरकारी खर्चको अपव्यय हुने, वित्तीय अनुशासन कायम गर्न प्रतिकूलता सिर्जना हुने र भ्रष्टाचारजन्य गतिविधि समेत बढदै गएको देखिएकोले क्षेत्रगत कार्यक्रमहरूका लागि विनियोजित बजेटबाट सञ्चालन हुने कार्यक्रमहरू क्षेत्रगत निकायमार्फत् एकद्वार प्रणाली अन्तर्गत सञ्चालन गर्नुपर्ने ।

४४.देशभित्र सञ्चालनमा रहेका विभिन्न स्तरका सडकहरूको नियमित मर्मत ,सम्भारको लागि सडक बोर्ड गठन भै रकमसमेत संकलन भैरहेकोमा सडक विभागले सडक बोर्ड मार्फत उपलब्ध/विनियोजित बजेट अनुसार समयमै नियमित, पटके, आकस्मिक, आवधिक र पुनःस्थापना जस्ता मर्मत सम्भारका कार्यहरू सञ्चालन गर्नुपर्नेमा यस्ता कार्यहरू गम्भीरतापूर्वक सञ्चालन गरेको देखिएन । आफ्नो तोकिएको क्षेत्रभित्र वार्षिक रूपमा सडक मर्मतसम्बन्धी कार्य गर्नुपर्नेमा कतिपय डिभिजन सडक कार्यालयहरूले ३ वर्षअघि सम्पन्न गर्नुपर्ने मर्मतसम्बन्धी कामका लागि चालु आर्थिक वर्षमा आएर बजेट माग गरेको समेत देखियो । यसबाट एकातर्फ वित्तीय अनुशासन कमजोर हुन गएको र अर्कोतर्फ सार्वजनिक सरोकारको सडक व्यवस्थापनसम्बन्धी कार्यमा सरोकारवालाहरूको अनुत्तरदायी प्रवृत्ति बढ्दै गएको देखिएकोले मर्मतसम्बन्धी कार्यक्रम एकै आर्थिक वर्षमा सम्पन्न गरिसक्ने व्यवस्था कडाइका साथ अवलम्बन गर्नुपर्ने ।

४५.बहु-वर्षीय ठेक्काका बहानामा राज्यले थेग्नै नसक्ने योजनाहरूमा जथाभावी ठेक्का गरेर राज्यलाई दायित्व सिर्जना गर्ने प्रवृत्ति मौलाएको देखिन्छ । यसबाट वर्षौंसम्म कार्य सम्पन्न नभई ठेक्काको म्याद थप गर्ने ,मूल्यवृद्धि दिई आयोजनाको लागत बढाउन प्रोत्साहन हुने देखिएकोले बजेटको

सुनिश्चितता भएमा मात्र यथार्थपरक योजनाको आधारमा निर्माणसम्बन्धी कार्यको प्रक्रिया आरम्भ गर्ने व्यवस्था गर्नुपर्ने ।

४६.आयोजनाहरूले वातावरणीय अध्ययन तथा विस्तृत परियोजनाको डिजाइन सम्पन्न भएपछि मात्र ठेक्का व्यवस्थापन गर्नुपर्नेमा सो नगरी काम अघि बढाउँदा आयोजना निर्माणको काममा विवाद आउने र यसबाट सरकारले ठेकेदारलाई हर्जना समेत दिनुपर्ने अवस्था सिर्जना भएको देखिएकोले आयोजना व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक व्यवस्था गर्नुपर्ने ।

४७.विगत केही वर्षदेखि चिकित्सा शास्त्र अध्ययनका लागि लिइने प्रवेश परीक्षा सञ्चालनमा विभिन्न किसिमका अनियमितताहरू हुने क्रम बढिरहेको सन्दर्भमा चिकित्सा शास्त्र अध्ययनका लागि विद्यार्थीहरू छनौट गर्न सञ्चालन हुने प्रवेश परीक्षाको प्रश्नपत्र निर्माण, मोडरेसन, उत्तरपुस्तिका परीक्षण र नतिजा प्रकाशन लगायतका विषयमा लोकसेवा आयोगले विभिन्न प्रतियोगितात्मक परीक्षा सञ्चालनका चरणमा अवलम्बन गर्ने प्रणाली अपनाउन सम्बन्धित ऐन, कानून, निर्देशिकाहरूमा संशोधन गर्न उपयुक्त हुने ।

४८.सार्वजनिक अधिकारीहरूमा निष्ठा, इमान्दारी र उत्तरदायित्व अभिवृद्धि गर्न र सार्वजनिक कार्यहरूको सही, सम्मानजनक र समुचित कार्य सम्पादनका लागि आयोगको समेत संलग्नतामा राष्ट्रिय सदाचार नीति (National Integrity Policy) तयार गरी लागू गर्नुपर्ने उक्त नीतिको सफल कार्यान्वयन गरी सार्वजनिक पदाधिकारीहरूको कामकारबाहीलाई पारदर्शी तथा उत्तरदायी बनाउन र जीवनपद्धतिलाई सरल र सदाचारयुक्त बनाउन सम्बन्धित निकायमा सदाचार इकाई गठन गरी सदाचार अधिकृत (Integrity Officer) नियुक्ति गर्नुपर्ने ।

# परिच्छेद- ८
# आयोगको अवसर, चुनौती, आगामी कार्यदिशा र प्रतिबद्धता

**अवसरहरू**

आयोग विगत लामो समयदेखि स्वतन्त्र संवैधानिक निकायको रूपमा रहँदै आएको छ । वर्तमान संविधानले पनि आयोगलाई भ्रष्टाचार नियन्त्रण गर्ने एक मात्र संवैधानिक निकायको रूपमा स्थापित गरेको छ । संवैधानिक प्रावधान अनुरूप आयोगले स्वतन्त्र, निष्पक्ष र प्रभावकारी रूपमा आफ्नो भूमिका निर्वाह गरिरहेको छ । आयोगले आफ्नो भूमिका निर्वाह गर्ने क्रममा नेपाल सरकारका विभिन्न निकायहरूबाट आवश्यक सहयोग प्राप्त गर्दै आएको छ भने कतिपय निकायहरूसँग सहकार्य पनि गर्दै आएको छ ।

आयोगले निजामती सेवा लगायत अन्य सार्वजनिक सेवाका कर्मचारीहरूको समेत विशेषज्ञ सेवा उपयोग गर्दै आएको छ।आयोगले जनशक्ति विकासका लागि स्वदेशी तथा विदेशी संस्थाहरूबाट अनुसन्धान अभियोजन तथा छानबिनसँग सम्बद्ध ज्ञान र सीप हासिल गराउने उद्देश्यले समय समयमा विभिन्न तालिमहरूको व्यवस्थापन गर्ने गरेको छ । आयोगमा कार्यरत तालिम प्राप्त जनशक्तिको क्षेत्रगत दक्षता समेतका आधारमा विषयवस्तुको अनुसन्धान तहकिकात र अभियोजनको कार्यमा प्राथमिकता दिन प्रणालीको विकास गर्नेतर्फ आवश्यक प्रयासहरू जारी छन् ।

आयोगले नवीनतम सूचना प्रविधिको प्रयोग गर्दै आएको छ । यसका कारण आयोगमा प्रविधिमैत्री कार्यसंस्कारको विकास भएको छ । यस्तो प्रयोगबाट आयोगको समग्र कार्यसम्पादनलाई e-governance मा आधारित बनाउँदै लैजाने आधार सिर्जना भएको छ । स्थानीयस्तरमा समेत आयोगका कार्यालयहरू स्थापित गरिएबाट आम नागरिकहरूसँग आयोगको सहकार्य र सम्बन्ध बिस्तार भएको छ । आयोगका क्रियाकलापबाट भ्रष्टाचार विरोधी जनमत बढ्दै गएको छ भने अनियमितता तथा भ्रष्टाचारजन्य गतिविधिसम्बन्धी सूचनाको पहुँचको कारण समयमै नियन्त्रित तथा दण्डित हुने अवस्था सिर्जना भएको छ । आयोगले भ्रष्टाचार विरोधी अन्तर्राष्ट्रिय संघ संगठन तथा अन्य मुलुकका भ्रष्टाचार विरोधी निकायहरूसँगको सहकार्य र समन्वयलाई पनि महत्व दिई आएको छ । पारस्परिक भ्रमण र सूचना आदान प्रदानले भ्रष्टाचार नियन्त्रण सम्बन्धमा विकास भएका नवीन सैद्धान्तिक अवधारणा, ज्ञान तथा सीपलाई राष्ट्रिय परिवेशमा रूपान्तरण गर्न सक्ने तथा असल अभ्यासहरूलाई अवलम्बन गर्ने अवसर पनि प्रदान गरेको छ।

**चुनौतीहरू**

१. वर्तमान संविधानमा आयोगको क्षेत्राधिकार संकुचन गरिएको र अनुचित कार्यसम्बन्धी उजुरीको अनुसन्धान गर्ने अर्को निकाय समेत नभएको अवस्थामा भ्रष्टाचारविरुद्धको अभियानमा गतिरोध आउन सक्ने सम्भावना रहेको छ। सरकारी निकायहरूको जिम्मेवारी र जवाफदेहिताको स्तर खस्केको र सरकारको नियमनकारी भूमिका कमजोर भएको हुँदा संगठित अराजकता बढ्दै गएका कारण नियामक निकायहरूमाथि अनावश्यक दबाब सिर्जना भई भ्रष्टाचारजन्य गतिविधिको नियन्त्रणमा ठूलो चुनौती खडा भएको छ।

२. भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको प्रभावकारी कार्यान्वयनका साथै भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि आयोगबाट वार्षिक प्रतिवेदन मार्फत सिफारिस गरिएका सुझावहरूको सफल कार्यान्वयन गराउनु चुनौतीपूर्ण रहेको छ।
३. आयोगको संस्थागत तथा कर्मचारीहरूको व्यावसायिक क्षमता अभिवृद्धि गरी आयोगका काम कारबाहीहरूलाई वैज्ञानिक, वस्तुनिष्ठ र विश्वासिलो बनाएर आयोगप्रतिको जनताको अपेक्षालाई सम्बोधन गर्नु आयोगको प्रमुख चुनौती हो ।
४. सरकारका विभिन्न निकायहरूबाटै आयोगको बहाना बनाई काम पन्छाउने प्रवृत्ति मौलाउँदै गएको कारण आम नागरिकमा आयोगप्रति नकारात्मक धारणा विकास हुने सम्भावनालाई न्यूनीकरण गरी भ्रष्टाचारविरुद्ध सशक्त रूपमा अगाडि बढ्ने चुनौती समेत आयोग सामु रहेको छ ।
५. भ्रष्टाचारविरुद्धको अभियानमा सम्बन्धित सबै सरोकारवालाहरूको सहयोग अपरिहार्य छ । यस सन्दर्भमा सत्य, तथ्य र यथार्थपरक सूचना प्राप्त गरी जस्तोसुकै किसिम, रूप र रंगको भ्रष्टाचारलाई कारबाहीको दायरामा ल्याउने आयोगको अठोट तथा संकल्पलाई कार्ययोजनामा परिणत गर्न सम्बद्ध सबै सरोकारवाला पक्षको सहयोग प्राप्त गर्ने चुनौती पनि आयोगका सामु विद्यमान छ ।

**आगामी कार्यदिशा**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग दीर्घकालीन रूपमा सबै किसिमका भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण गरी नेपालीको नैतिकवान र सुसंस्कृत समाज निर्माण गर्ने सोचलाई आत्मसात गरी क्रियाशील रहेको छ । यसका लागि निष्पक्ष एवं विश्वसनीय अनुसन्धान आवश्यक छ । यसका अतिरिक्त सार्वजनिक अधिकारीहरूमा निष्ठा, इमान्दारिता र सदाचारको अभिवृद्धि गर्नु पनि जरुरी छ । तर आधुनिक सूचना प्रविधिको विकास एवम् विस्तारले भ्रष्टाचारको स्वरूप पहिचान गर्ने, यसको संजाल बुझ्ने तथा अनुसन्धान, तहकिकात र अभियोजन गर्ने विषयलाई थप चुनौतीपूर्ण बनाएको छ । त्यसैगरी एकातिर आम नागरिकमा सुशासनप्रतिको अभिलाषा र अपेक्षा वृद्धि भएको छ भने अर्कोतिर आयोगका सकारात्मक कामकारबाहीका बारेमा समेत यदाकदा अनावश्यक टीकाटिप्पणी र नकारात्मक अफवाह फैलाउने काम भएको अवस्था छ । यस्तो परिस्थितिमा आयोगले विगतदेखि अवलम्बन गरेका नीति, रणनीति र प्रयासहरूको प्रभाव र उपादेयताको विश्लेषण गर्दै आगामी दिनमा थप सशक्तता र सक्रियताका साथ कार्यसम्पादन गरी आफ्नो तत्कालीन र दीर्घकालीन सोचलाई मूर्तरूप दिनुपर्ने टड्कारो आवश्यकता छ । यस पृष्ठभूमिमा विगतका कामकारबाहीहरूबाट पाठ सिक्दै विद्यमान कार्य सम्पादन प्रक्रियालाई अझ प्रभावकारी तथा व्यवस्थित बनाउन आयोगले आगामी दिनमा देहाय बमोजिमको कार्यदिशा अवलम्बन गर्ने अग्रसरता देखाएको छः-

**(क) अनुसन्धान, अभिलेख व्यवस्थापन तथा पहुँच प्रवर्द्धनका लागि सूचना प्रविधिको उपयोगमा जोड दिनेः**

सूचना प्रविधिको उपयोगले अनुसन्धान र तहकिकातको कार्यलाई प्रभावकारी र तथ्यपरक बनाउन, अभिलेख व्यवस्थापनलाई दुरुस्त राख्न तथा नागरिकको पहुँच प्रवर्द्धन गर्न सहयोग पुर्‍याएको महसुस गरिएको छ । आयोगको कार्य प्रणालीलाई विश्वसनीय, व्यवस्थित र पारदर्शी बनाउन, न्यून स्रोत र साधनबाट अधिकतम प्रतिफल प्राप्त गर्न र सुपरीवेक्षक एवं निर्णयकर्ताको पहुँच सहज बनाई अनुगमनलाई प्रभावकारी बनाउन समेत सूचना प्रविधि सहयोगीसिद्ध हुने देखिएको छ । आगामी दिनमा अनुसन्धानका सिलसिलामा प्रमाण संकलन तथा विश्लेषण, अनुसन्धान प्रतिवेदन तथा अभियोजनपत्र तयारी एवं प्रगति प्रतिवेदनका विविध पक्षहरूमा सूचना प्रविधिको उपयोगलाई अझै प्रभावकारी रूपमा उपयोग गरिनेछ । अभिलेख व्यवस्थापन तर्फ आयोगमा उजुरीको दर्ता र फछ्र्यौट, विभिन्न किसिमका कारबाही, मुद्दा दर्ता,

अदालतको फैसला र पुनरावलोकनसँग सम्बन्धित जानकारी र तथ्यांकको ठूलो भण्डार छ । संकलित सूचना र तथ्यांकलाई सुरक्षित र व्यवस्थित रूपमा राखी कार्यसम्पादनका सिलसिलामा जुनसुकै पदाधिकारी वा कर्मचारीले खोजेको बेला प्राप्त गर्न सकिने बनाउनका लागि सूचना प्रविधिमा आधारित अभिलेख पद्धति उपयुक्त हुने देखिएको छ । सूचना प्रविधिको प्रयोगले अभिलेख व्यवस्थापनलाई दुरुस्त राख्न, खोजेको समयमा प्राप्त गर्न, निर्णयहरूमा एकरूपता कायम गर्न, अनुगमन र सुपरीवेक्षण गर्न तथा समग्र रूपमा आयोगको उत्पादकत्व बढाउन मद्दत गर्दछ । आगामी दिनमा प्रविधिको प्रयोगलाई उच्च प्राथमिकतामा राखी क्रमशः पूर्ण स्वचालित अभिलेख पद्धतिको विकास र स्थापना गरिनेछ ।

भ्रष्टाचारको बारेमा सूचना, जानकारी तथा उजुरी दिने व्यक्तिलाई छिटो र सजिलो पहुँच उपलब्ध गराउन आयोगले पहल गर्दै आएको छ । आगामी दिनमा अनलाइन उजुरी दर्ता र सूचना संप्रेषणको कार्यलाई थप प्रभावकारी बनाई सूचना प्रविधिमार्फत आयोगका गतिविधिमा नागरिकको सहज पहुँच स्थापित गर्ने प्रयासलाई थप सुदृढ गरिनेछ ।

**(ख) प्रमाणमा आधारित अनुसन्धान पद्धतिको अभिवृद्धि गर्ने :**

उजुरीको फछ्र्यौट, अदालतमा दायर गरिएका मुद्दाको सफलता लगायत आयोगको समग्र कार्यसम्पादनलाई नतिजामुखी बनाउन, अनुसन्धानलाई विश्वसनीय र निष्पक्ष बनाउन तथा तथ्यपरक, वैज्ञानिक र वस्तुनिष्ठ अनुसन्धान कार्यलाई संस्थागत गर्न प्रमाणमा आधारित अनुसन्धान पद्धतिमा जोड दिनु आवश्यक देखिएको छ । प्रमाणमा आधारित अनुसन्धान पद्धतिका लागि तथ्यपूर्ण सूचनाको प्राप्ति र उपयोगलाई जोड दिई प्रमाण वा सूचनाको संकलन, विश्लेषण र प्रवाहलाई वैज्ञानिक र भरपर्दो बनाइनेछ। यसका लागि उन्नत तथा आधुनिक प्रविधि र उपकरणको प्रयोगका साथै आवश्यक विशेषज्ञताको विकासमा समेत जोड दिई संकलित तथ्यहरूको प्रशोधन र विश्लेषण गरी सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले गर्ने वा गर्नसक्ने भ्रष्टाचारजन्य कार्यसम्बन्धी विषयमा निष्कर्षमा पुग्न सहज हुने देखिन्छ । यो पद्धतिको माध्यमबाट अनुसन्धानका लागि भरपर्दो र प्रभावकारी तथ्य संकलन हुनुका साथै अनुसन्धानमा लाग्ने समय समेत घट्न जानेछ । भ्रष्टाचारका तौरतरिका र प्रविधिमा आएको परिवर्तनबाट सिर्जित चुनौतीको सामना गर्ने कार्यमा समेत सहयोगी हुने विश्वासका साथ आगामी दिनमा प्रमाणमा आधारित अनुसन्धान पद्धति सुदृढ गर्ने सोच आयोगले बनाएको छ । आयोगमा स्थापना भएको Digital Forensic Lab को प्रभावकारी उपयोगका लागि Digital Forensic Operational Manual तयार गरी लागू गरिनेछ ।

**(ग) भ्रष्टाचार व्याप्त क्षेत्रको पहिचान गरी ती क्षेत्रमा आयोगको निगरानी बढाउने :**

लम्बिंदो संक्रमणकालको विद्यमानता र सरकारको ध्यान संविधान कार्यान्वयनमा केन्द्रित रहेका बखत भ्रष्टाचार नियन्त्रणको काम थप चुनौतीपूर्ण बनेको छ । आयोगले यस्तो संक्रमणकालमा हुन सक्ने अनुचित फाइदा लिने प्रवृत्तीको नियन्त्रणमा विशेष जोड दिनुपर्ने आवश्यकता रहन्छ ।भ्रष्टाचारको दृष्टिले सम्भावित जोखिमका क्षेत्रहरूमा अनुगमन र अनुसन्धान कार्यलाई सघन र विस्तारित बनाउन सर्वप्रथम ती क्षेत्रहरूको पहिचानसम्बन्धी अध्ययन एवम् अनुसन्धान गर्नुपर्ने देखिएको छ । यसरी पहिचान भएका भ्रष्टाचारजन्य जोखिमपूर्ण क्षेत्रको रोकथाम र नियन्त्रणका लागि आवश्यक कार्यक्रम तय गरिनेछ । यसबाट संविधान कार्यान्वयनमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ।

**(घ) आयोगको कार्यविधिगत संयन्त्र एवं संगठनात्मक संरचनामा सामयिक सुधार गर्ने :**

नेपालले अनुमोदन गरिसकेको भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि अनुरूप आयोगको संवैधानिक दायित्वमा र संवैधानिक व्यवस्था अनुरूप अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, भ्रष्टाचार निवारण ऐन एवं अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावलीका साथै आयोगको कार्यविधि लगायतका

सम्बद्ध ऐन, कानून र कार्यविधिमा संशोधन हुनु आवश्यक छ । यसरी परिवर्तित सन्दर्भमा कानूनी तथा नीतिगत खाका पुनरावलोकन गर्ने कार्यमा आयोगले पहल गरेको छ ।त्यसैगरी आयोगका स्थानीय स्तरका कार्यालयको पुनर्संरचनाको पहल समेत आयोगले गरेको छ ।आगामी दिनमा आयोगलाई सुम्पिएको जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्न कार्यविधिगत संयन्त्र र संरचनामा थप पुनरावलोकन, परिमार्जन, सुधार एवं विकास गर्नुपर्ने देखिएको छ । कार्यविधिगत संयन्त्रको सुधार अन्तर्गत अभियोजन नीति तयार गर्ने, विद्यमान दस्तावेजहरूमा परिमार्जन गर्ने तथा अख्तियार दिग्दर्शन तयार गर्ने लगायतका कार्यमा जोड दिइनेछ भने संरचनात्मक सुधारतर्फ प्रादेशिक संरचना अनुरूप हुने गरी आयोगका मातहत कार्यालयहरू मिलान गर्ने तथा आयोगको उजुरी व्यवस्थापन इकाईलाई सुदृढीकरण गर्ने लगायतका कार्यहरू गरिनेछ । यसरी कानूनी तथा कार्यविधिगत संयन्त्रहरू र संगठनात्मक संरचनामा गरिने सामयिक सुधार तथा विकासबाट आयोगको कार्यसम्पादनमा एकरूपता, दक्षता र प्रभावकारिता ल्याउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

अभियोजन नीतिले अनुसन्धान, तहकिकात र अभियोजनसम्बन्धी कार्यलाई मार्गदर्शन गरी आयोगबाट हुने निर्णयमा एकरूपता कायम गर्न, निर्णयमा हुन सक्ने विरोधाभासको अन्त्य गर्न र कसुरको गाम्भीर्यता र दण्डको स्तरबीच सामञ्जस्यता कायम गर्न सहयोग पुर्‍याउने हुनाले अन्य मुलुकहरूले अवलम्बन गरेका पद्धति र अभ्यासहरू समेतको विश्लेषण गरी नेपालको विद्यमान कानून, अभ्यास र प्रतिपादित सिद्धान्तलाई मध्यनजर राखी अभियोजन नीति तयार गरी कार्यान्वयन गरिनेछ । त्यसैगरी आयोगले विगतमा तयार गरेका छानबिन तथा अनुसन्धान तहकिकात दिग्दर्शन र अनुसन्धान अभियोजन तथा अदालती कारबाहीसम्बन्धी मार्गदर्शन लगायतका विद्यमान कार्यविधिगत मार्गदर्शनहरूको समयानुकूल परिमार्जनबाट आयोगमा पर्ने उजुरीहरूको छानबिन तथा अनुसन्धानमा थप प्रभावकारिता आउने, अनुसन्धान प्रक्रियामा मानव अधिकारका आधारभूत विषयहरू समेटिने, आरोपपत्रहरूको स्तरीयतामा वृद्धि हुने, आयोगको तर्फबाट गरिने अभियोजन, बहस पैरवी, पुनरावेदन र पुनरावलोकनका कार्यहरू थप व्यवस्थित भई आयोगको कार्य सम्पादन प्रक्रिया अझ प्रभावकारी हुने हुँदा विद्यमान दस्तावेजहरूमा परिमार्जन गरिनेछ । साथै अनुसन्धान र तहकिकातमा संलग्न अनुसन्धान अधिकृतहरूलाई सहजीकरण गर्न र निर्णय प्रक्रियालाई थप सरलीकृत गर्न सान्दर्भिक कानूनहरू, कार्यविधिहरू, निर्देशिका एवम् मार्गदर्शनहरू, आयोगबाट भएका नीतिगत परिपत्रहरू र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त एवं नजिरहरू समेत समावेश गरी एउटा एकीकृत दस्तावेजको रूपमा अख्तियार दिग्दर्शन तयार गरिनेछ ।

**(ङ) आयोगको क्षमता अभिवृद्धि गर्ने :**

आयोगको कार्यसम्पादनलाई प्रभावकारी र नतिजामूलक बनाउन आयोगको मानवीय, भौतिक एवं प्राविधिक क्षमता विकास गरी स्रोतसाधनको महत्तम उपयोग गर्नुपर्ने आवश्यकता रहेको छ । आयोगले यस दिशामा भौतिक र प्राविधिक पूर्वाधार विकास तथा जनशक्ति विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । कार्यसम्पादनबाट अपेक्षित प्रतिफल प्राप्त गर्न जनशक्तिको सर्वोपरी भूमिकालाई ध्यानमा राख्दै आगामी दिनमा आयोगमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिका लागि आवश्यकताको पहिचान गरी सोही आधारमा मानव संशाधन विकासको कार्ययोजना तयार गरी कार्यान्वयन गरिने सोच राखिएको छ ।

**(च) अनुसन्धानकर्ता तथा सूचनादाताको संरक्षण र सुरक्षासम्बन्धी कानून तर्जुमा गर्नेः**

भ्रष्टाचारजन्य क्रियाकलाप उपर हुने अनुसन्धानको प्रभावकारिता अनुसन्धान अधिकृतको क्षमताका साथसाथै अनुसन्धान तहकिकातको कार्यमा संलग्न अनुसन्धान अधिकृतको सुरक्षा र संरक्षणमा समेत निर्भर रहने गर्दछ । आयोगबाट अदालतमा दायर भएका मुद्दाहरूको सफलता दर उक्त मुद्दाका साक्षीहरूमा समेत

निर्भर हुने तथ्यलाई मध्यनजर गरी भ्रष्टाचारजन्य क्रियाकलाप उपरको अनुसन्धान तथा तहकिकात र अभियोजन कार्यमा संलग्न हुने कर्मचारी, विशेषज्ञ, पीडित तथा साक्षीहरूको सुरक्षाका लागि आवश्यक कानून तर्जुमा गरिनेछ । यसका अतिरिक्त कुनै सार्वजनिक पद धारण गरेका व्यक्तिहरूलाई आफ्ने कार्य सम्पादनको सिलसिलामा भ्रष्टाचारको कुनै कार्य भए गरेको भन्ने कुरा जानकारी हुन आएमा त्यसको सूचना दिन सक्ने पद्धति र प्रणालीको आधारभूत प्रक्रिया तथा कार्यविधि सुनिश्चित गर्न सूचनादाता संरक्षण ऐन (Whistle Blower Protection Act) तर्जुमा गरिनेछ ।

**(छ) भ्रष्टाचारविरुद्ध क्रियाशील संघसंस्थाहरूसँग सम्बन्ध एवं सहकार्य प्रवर्द्धन गर्ने :**

भ्रष्टाचार संगठित अपराधका रूपमा विश्वव्यापी रूपमा फैलिएको हुनाले अनुसन्धानको क्रममा सूचना आदानप्रदान, संजाल निर्माण एवं क्षमता विकास लगायतका क्षेत्रमा भ्रष्टाचार नियन्त्रणमा संलग्न विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था तथा संगठनहरूको बीचमा सहकार्य प्रवर्द्धन आवश्यक देखिएको छ । अतः भ्रष्टाचारको विरुद्धमा देशभित्र क्रियाशील रहेका संघसंस्थाहरूको सहकार्यका साथै आयोगबाट अन्तर्राष्ट्रिय सम्बन्ध तथा सहकार्य अभिवृद्धिसम्बन्धी कार्यहरूमा समेत जोड दिइनेछ ।

**आयोगको प्रतिबद्धता :**

नेपालको संविधानमा भएको व्यवस्था बमोजिम संवैधानिक निकायको रूपमा स्थापित अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई भ्रष्टाचार नियन्त्रणसम्बन्धी जिम्मेवारी तोकिएको सन्दर्भमा सोही अनुरूप आफ्नो भूमिका निर्वाह गर्दै आएको छ । नेपालको संविधानले तोकेको काम, कर्तव्य र अधिकारको परिधिभित्र रही निर्धारित भूमिका प्रभावकारी रूपमा निर्वाह गर्न सम्बद्ध कानूनहरूमा परिमार्जन तथा नयाँ कानूनको तर्जुमा एवम् संरचनागत सुधारका पक्षहरूमा आवश्यक कार्य गरिनेछ । नेपालले भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको अनुमोदन गरिसकेको सन्दर्भमा यसबाट सिर्जित दायित्व र जिम्मेवारी निर्वाह गर्न उपयुक्त नीतिगत, संरचनागत र कार्यगत व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ ।

निर्धारित जिम्मेवारी बहन गर्ने क्रममा विद्यमान कानूनको परिधिभित्र रही व्यक्तिको मानव अधिकारको सम्मान गर्दै व्यक्तिगत प्रतिष्ठाप्रति आयोग संवेदनशील रहिआएकोमा उक्त विषयहरूमा थप सुधार गर्दै लगिनेछ । त्यसैगरी अनुसन्धान, तहकिकात र अभियोजन सम्बन्धमा कानून बमोजिम उपयुक्त नीति, कार्यविधि र मार्गदर्शन तयार गरी सोही आधारमा निष्पक्ष, विश्वसनीय र वस्तुनिष्ठ पद्धतिको अवलम्बन गर्ने कुरामा समेत आयोग प्रतिबद्ध रहेको छ । आयोगप्रति बढ्दै गएको नागरिक अपेक्षा र भरोसालाई कायम राख्न संस्थागत सुदृढीकरण, जनशक्तिको उचित व्यवस्थापन र व्यावसायिक क्षमता अभिवृद्धि गर्दै आयोगका काम कारबाहीहरूलाई तथ्यपरक र नतिजामुखी बनाई सुशासन प्रवर्द्धन गर्ने दिशामा ठोस योगदान पुर्‍याउन तथा संस्थागत बन्दै गएको भ्रष्टाचारलाई नियन्त्रण गर्न आयोग पूर्णतः प्रतिबद्ध रहेको छ । यस दिशामा सम्बद्ध सरकारी निकाय, गैरसरकारी क्षेत्र, नागरिक समाज, संचार जगत, युवा, विद्यार्थी लगायत समाजका प्रत्येक तह र तप्काका नागरिकहरूको परिचालन गर्न र सबै सरोकारवाला पक्षहरूसँग सहकार्य र साझेदारी प्रवर्द्धन गर्न समेत आयोग कटिबद्ध छ ।

# परिच्छेद-९
# उपसंहार

अख्तियार दुरुपयोग अनुसन्धान आयोग संविधान र कानूनबाट निर्देशित एक स्वतन्त्र संवैधानिक निकाय हो। कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान गर्ने संवैधानिक दायित्व आयोगलाई प्राप्त छ । भ्रष्टाचार भएको वा हुनसक्ने बारेको सूचना, जानकारी र उजुरी सर्वसाधारण वा पीडित वा कुनै व्यक्ति विशेषले समेत आयोगलाई उपलब्ध गराउन सक्छ । भ्रष्टाचारको कसुरका सम्बन्धमा प्राप्त उजुरीहरूको निष्पक्ष, तथ्यपरक र विश्वसनीय अनुसन्धान गरी उपयुक्त ठहर्‍याएको कारबाही आयोगले गर्दछ । भ्रष्टाचारको कसुर पश्चात् गरिने दण्डात्मक कारबाहीका साथै पूर्वक्रियाशील भै निरोधात्मक र प्रवर्द्धनात्मक कामहरू समेत आयोगले गर्ने गरेको छ । आयोगले सम्पादन गरेका सम्पूर्ण काम कारबाहीको यथार्थ तस्वीर प्रतिवेदनमा समावेश गरिएको हुँदा भ्रष्टाचार नियन्त्रणको क्षेत्रमा क्रियाशील सम्बद्ध सबैका लागि यो प्रतिवेदन उपयोगी हुनेछ ।

नागरिकको सक्रिय सहभागिता र सहकार्यको अभावमा आयोग मात्रको भूमिकाले भ्रष्टाचारविरुद्धको अभियान साकार हुन सक्दैन । सबै क्षेत्रको सहयोगको आवश्यकतालाई मनन गरी आयोगले आफ्नो रणनीतिमा भ्रष्टाचार नियन्त्रणको क्षेत्रमा कार्यरत संस्थाहरू बीच सहकार्य प्रवर्द्धनदेखि अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग विस्तारसम्म समेटेको छ । यसैगरी अनुसन्धानमा संलग्न कर्मचारीको क्षमता विकासदेखि सरोकारवालाको सचेतना अभिवृद्धिका लागि समेत आयोगले प्रयास गरेको छ । शान्ति, सुशासन र समृद्धि कायम गर्ने दिशामा सरकारका निकायहरूको काम कारबाहीको अनुगमनका साथै कानून कार्यान्वयनको प्रभावकारिताका लागि आयोगले समन्वयकारी भूमिकामा समेत जोड दिंदै आएको छ । भ्रष्टाचार विरुद्धको यस कठिन यात्रामा आयोगले स्थापनाको पच्चीस वर्ष समेत पार गरेको छ । अनगिन्ती चुनौती र जटिलताका बावजुद आयोग कर्तव्य पथमा तल्लीन छ, यद्यपि यी प्रयासहरू पर्याप्त भने छैनन् । यसैले विगतमा भएका प्रयासहरूको वस्तुगत विश्लेषण र मूल्यांकन गर्दै आगामी कार्यदिशा तय गर्नुपर्ने टड्कारो आवश्यकता छ । देशको समग्र विकास र समृद्धिको प्रमुख बाधक वा कारक तत्व भ्रष्टाचार भएको हुँदा यस संक्रामक रोगको रोकथाम र निदान अनिवार्य छ । राज्यका निकायहरू नागरिकप्रति जिम्मेवार र जवाफदेही भएमा मात्र सुशासन कायम हुन सक्दछ । वस्तुतः सुशासन कायम गर्ने प्राथमिक दायित्व सरकारको हो । सरकारको समग्र नीतिको उद्देश्य प्राप्ति तथा सुशासन प्रवर्द्धन, समन्यायिक विकास र आर्थिक समृद्धिको लक्ष्य हासिल गर्ने काममा सहयोग, सहकार्य र हातेमालो गर्न आयोग सदा तत्पर रहेको छ । आयोगले संवैधानिक दायित्व निर्वाह गर्ने क्रममा बढाएको सक्रियतालाई बहाना बनाएर आफ्नो सार्वजनिक उत्तरदायित्व र जवाफदेहिताबाट पन्छिने छुट कुनै पनि सार्वजनिक पद धारण गरेको व्यक्तिलाई छैन । आगामी दिनमा आफ्नो कर्तव्य र जिम्मेवारीलाई आयोगले अझ सघन र सशक्त रूपमा बहन गर्नेछ । आमनागरिकको चिन्ता र चासोलाई केन्द्रविन्दुमा राखी भ्रष्टाचारमुक्त समाज निर्माण, सुशासन प्रवर्द्धन, आर्थिक समुन्नति र सामाजिक न्यायको प्रत्याभूति गराउने दिशामा आयोग आगामी दिनमा ठोस रणनीतिसहित अघि बढ्ने प्रतिबद्धता समेत जाहेर गर्दछ । साथै भ्रष्टाचाररूपी रोगबाट समाज र राष्ट्रलाई मुक्त गरी सुसंस्कृत र समुन्नत नेपाल निर्माणको अभियानमा आयोगसँग सहकार्य र साझेदारी प्रवर्द्धन गर्न आयोग सबैमा हार्दिक अपिल गर्दछ ।

**अनुसूची – १**

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सङ्गठन तालिका



# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्वीकृत दरबन्दी

## अनुसूची २

| | सचिव रा.प. विशिष्ट श्रेणी | अप्राविधिकतर्फ | | | | | | प्राविधिकतर्फ | | | अप्राविधिकतर्फ | | | प्राविधिकतर्फ | | जम्मा (क) | | प्रहरीतर्फ | | | | | | | | | | | | | जम्मा (ख) | | सेवा करार | पुल दरबन्दी | | जम्मा (क+ख) | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सहसचिव वा सो सरह | | उपसचिव वा सो सरह | | शाखा अधिकृत वा सो सरह | | | | | ना.सु. वा सो सरह | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | प्रशासन | न्याय | प्रशासन | न्याय | प्रशासन | न्याय | सहसचिव वा सो सरह | उपसचिव वा सो सरह | शाखा अधिकृत वा सो सरह | प्रशासन | न्याय | खरिदार वा सो सरह | ना.सु. वा सो सरह | खरिदार वा सो सरह | अधिकृत स्तर | सहायक स्तर | प्रहरी नायव महानिरीक्षक | प्रहरी वरिष्ठ उपरीक्षक | प्रहरी उपरीक्षक | प्रहरी नायव उपरीक्षक | प्रमुख अनुसन्धान अधिकृत | प्रहरी निरीक्षक | अनुसन्धान अधिकृत | प्रहरी नायव निरीक्षक | वरिष्ठ अनुसन्धान सहायक | प्रहरी सहायक निरीक्षक | प्रहरी हवल्दार | प्रहरी जवान | प्रहरी कार्यालय सहयोगी | अधिकृत स्तर | सहायक स्तर | सहायक स्तर | अधिकृत स्तर | सहायक स्तर | अधिकृत स्तर | सहायक स्तर | |
| केन्द्रीय कार्यालय | १ | ७ | ७ | १९ | ११ | ३३ | १२ | ० | ९ | ३१ | ६६ | २ | ४ | ३९ | १ | १३० | ११२ | १ | ३ | २ | ८ | १ | १७ | २ | ७ | २ | ५ | ५ | ८ | १ | ३४ | २८ | ८६ | २० | २० | १८४ | २४६ | **४३०** |
| क्षेत्रीय कार्यालय | ० | ५ | ० | ५ | ५ | ३० | १५ | ० | ० | ० | २५ | १० | ० | २० | ० | ६० | ५५ | ० | ० | ५ | १० | ० | २० | ० | १५ | ० | १५ | १५ | २५ | ० | ३५ | ७० | ५० | ० | ० | ९५ | १७५ | **२७०** |
| सम्पर्क कार्यालय | ० | | ० | ५ | ० | ५ | ५ | ० | ० | ५ | १० | ० | ० | १० | ० | २० | २० | ० | ० | ० | ५ | ० | ५ | ० | ५ | ० | १० | १० | २० | ० | १० | ४५ | २५ | ० | ० | ३० | ९० | **१२०** |
| **जम्मा** | १ | **१२** | **७** | **२९** | **१६** | **६८** | **३२** | **०** | **९** | **३६** | **१०१** | **१२** | **४** | **६९** | **१** | **२१०** | **१८७** | **१** | **३** | **७** | **२३** | **१** | **४२** | **२** | **२७** | **२** | **३०** | **३०** | **५३** | **१** | **७९** | **१४३** | **१६१** | **२०** | **२०** | **३०९** | **५११** | **८२०** |

**अनुसूची – ३**

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं

आ.व २०७२।७३ सालको बजेट व्यवस्था

| वार्षिक विनियोजन (थप समेत) | बजेट | खर्च | | बांकी | | |
|---|---|---|---|---|---|---|
| | | निकासा | खर्च | निकासा मध्ये | निकासा नगरिएको | दुवै |
| क. ब.शि.नं २०६००१३ ( नेपाल सरकार ) | ९६४००००.०० | ८९५२७७९.४५ | ८९५२७७९.४५ | | ६८७२२०.५५ | ६८७२२०.५५ |
| ख. ब.शि.नं २०६०११३ ( नेपाल सरकार ) | ५२७२७८०००.०० | ४५३९३१९०८.८६ | ४५३९३१९०८.८६ | | ७३३४६०९१.१४ | ७३३४६०९१.१४ |
| ग. ब.शि.नं २०६१०१३ ( नेपाल सरकार ) | ९१८८६०००.०० | ४६२८९१५१.८० | ४६२८९१५१.८० | | ४५५९६८४८.२० | ४५५९६८४८.२० |
| ड. अर्थ बजेट ( नेपाल सरकार ) | १४९३९३७१.०० | १३६६३५४२.०० | १३६६३५४२.०० | | १२७५८२९.०० | |
| **चालु बजेट जम्मा** | ६४३७४३३७१.०० | ५२२८३७३८२.११ | ५२२८३७३८२.११ | | १२०९०५९८८.८९ | १२०९०५९८८.८९ |
| ,क.पुँगीगत खर्च ब.शि.नं २०६१०१४ ( नेपाल सरकार ) | ३७६९९१७४१.०० | २०७३२०२५९.९५ | २०७३२०२५९.९५ | | १६९६७१४८१.०५ | १६९६७१४८१.०५ |
| **पुँजीगत बजेट जम्मा** | ३७६९९१७४१.०० | २०७३२०२५९.९५ | २०७३२०२५९.९५ | | १६९६७१४८१.०५ | १६९६७१४८१.०५ |
| **चालु र पुँजीगत समेत कुल जम्मा** | १०२०७३५११२.०० | ७३०१५७६४२.०६ | ७३०१५७६४२.०६ | | २९०५७७४६९.९४ | २९०५७७४६९.९४ |

**१. राजस्वतर्फ**

१.१ आयोगको केन्द्र तथा अन्तरगतका कार्यालयतर्फको प्रशासनिक दस्तुर, न्यायक दस्तुर, दण्ड जरिवाना र जफत, प्रशासनिक दण्ड जरिवाना जफत, सरकारी सामान बिक्रीको आय समेत गरी जम्मा रु. १२०००११८.१२

## आ.व २०७२।०७३को धरौटी तर्फ

**१. केन्द्र एवं अन्तरगतका १० कार्यालयहरुको धरौटी**

आ.व २०७२।०७३ का लागि जिम्मेवारी सरेको धरौटी ३६५७०१४०.२६

२०७२ श्रावणदेखि २०७३ आषाढ मसान्तसम्म जम्मा भएको धरौटी २१४३१९२७.०६

२०७२ श्रावणदेखि २०७३ आषाढ मसान्तसम्मको फिर्ता जम्मा धरौटी १२२४४३९९.००

**२०७३ आषाढ मसान्तसम्मको बाँकी धरौटी** ४५७५७६६८.३२

**अनुसूची-४ (क)**

आर्थिक वर्ष २०७२/७३ मा आयोग र अन्तर्गत कार्यालयहरूमा परेका कुल उजुरीहरूमध्ये विस्तृत अनुसन्धानका लागि अनुसन्धान अधिकृत तोकिएको, कारबाहीका लागि लेखी पठाएको, प्रारम्भिक अनुसन्धानबाट तामेली भएको र आगामी आर्थिक वर्षमा जिम्मेवारी सरेको महाशाखा एवं निकायगत विवरण :

| महाशाखा | मन्त्रालय/निकाय | जम्मा उजुरी (संख्या) | जम्मा फछ्र्यौट (संख्या) | फछ्र्यौटमध्ये | | विविध कारबाही (संख्या) | आगामी वर्षमा जिम्मेवारी सरेको (संख्या) |
|---|---|---|---|---|---|---|---|
| | | | | विस्तृत अनुसन्धानमा गएको (संख्या) | प्रारम्भिक अनुसन्धानबाट तामेली (संख्या) | | |
| १ | अर्थ | ४८२ | ३८० | ५ | १३३ | २४२ | १०२ |
| | भौतिक पूर्वाधार तथा यातायात | २९० | १९१ | ३ | ७३ | ११५ | ९९ |
| | ऊर्जा | २५० | १८४ | १० | ९९ | ७५ | ६६ |
| | गृह | ८७४ | ७२५ | ८ | २४२ | ४७५ | १४९ |
| | सूचना तथा संचार प्रविधि | २४२ | २०२ | ० | ९६ | १०६ | ४० |
| **महाशाखा नं. १ को जम्मा** | | **२१३८** | **१६८२** | **२६** | **६४३** | **१०१३** | **४५६** |
| २ | सहरी विकास | ३३३ | २३४ | ५ | १४३ | ८६ | ९९ |
| | वाणिज्य तथा आपूर्ति | १३२ | १०३ | ३ | ४९ | ५१ | २९ |
| | सिंचाइ | ९७ | ६५ | १ | ४४ | २० | ३२ |
| | परराष्ट्र | ४९ | ३३ | १ | २० | १२ | १६ |
| | रक्षा | २० | २० | १ | ५ | १४ | ० |
| **महाशाखा नं. २ को जम्मा** | | **६३१** | **४५५** | **११** | **२६१** | **१८३** | **१७६** |
| ३ | कृषि विकास | ३१२ | २६६ | १ | १६० | १०५ | ४६ |
| | भूमिसुधार तथा व्यवस्था | १०२६ | ६४२ | २२ | ४११ | २०९ | ३८४ |
| | विज्ञान तथा प्रविधि | ८४ | ७४ | २ | ४७ | २५ | १० |
| | वन तथा भू-संरक्षण | २९१ | २४१ | ११ | ९९ | १३१ | ५० |
| **महाशाखा नं. ३ को जम्मा** | | **१७१३** | **१२२३** | **३६** | **७१७** | **४७०** | **४९०** |
| ४ | सामान्य प्रशासन | ५० | ४७ | ० | ३२ | १५ | ३ |
| | महिला, बाल बालिका तथा समाजकल्याण | १८३ | १५७ | ० | ५५ | १०२ | २६ |
| | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | ३४७ | २६९ | १६ | ९४ | १५९ | ७८ |

| महाशाखा | मन्त्रालय/निकाय | जम्मा उजुरी (संख्या) | जम्मा फछ्र्यौट (संख्या) | फछ्र्यौटमध्ये | | विविध कारबाही (संख्या) | आगामी वर्षमा जिम्मेवारी सरेको (संख्या) |
|---|---|---|---|---|---|---|---|
| | | | | विस्तृत अनुसन्धानमा गएको (संख्या) | प्रारम्भिक अनुसन्धानबाट तामेली (संख्या) | | |
| | कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला | ५५ | ४९ | ० | २८ | २१ | ६ |
| | युवा तथा खेलकुद | ७३ | ४७ | १ | १६ | ३० | २६ |
| | उद्योग | १९७ | १७५ | ५ | ६९ | १०१ | २२ |
| | सहकारी तथा गरिबी निवारण | ८६ | ७९ | ० | ११ | ६८ | ७ |
| | श्रम तथा रोजगार | १८९ | १५६ | ३ | ५६ | ९७ | ३३ |
| **महाशाखा नं. ४ को जम्मा** | | **११८०** | **९७९** | **२५** | **३६१** | **५९३** | **२०१** |
| ५ | स्वास्थ्य | ७४६ | ६०९ | १६ | ३०२ | २९१ | १३७ |
| | शान्ति तथा पुनर्निर्माण | १४ | ११ | ० | ३ | ८ | ३ |
| | राष्ट्रिय योजना आयोग | ६ | ५ | ० | ४ | १ | १ |
| | जनसंख्या तथा वातावरण | २६ | ११ | ० | ३ | ८ | १५ |
| **महाशाखा नं. ५ को जम्मा** | | **७९२** | **६३६** | **१६** | **३१२** | **३०८** | **१५६** |
| ६ | राष्ट्रपतिको कार्यालय | १ | १ | ० | १ | ० | ० |
| | उप-राष्ट्रपति कार्यालय | ० | ० | ० | ० | ० | ० |
| | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् | ३४ | ३२ | ० | १५ | १७ | २ |
| | नेपाल ट्रष्टको कार्यालय | २ | २ | ० | ० | २ | ० |
| | शिक्षा मन्त्रालय | २१०० | १७९९ | २७ | ८०० | ९७२ | ३०१ |
| **महाशाखा नं. ६ को जम्मा** | | **२१३७** | **१८३४** | **२७** | **८१६** | **९९१** | **३०३** |
| ७ | सघीय मामिला तथा स्थानीय विकास | १५४४ | ११९४ | २७ | ५६१ | ६०६ | ३५० |
| | लोक सेवा आयोग | १९ | १८ | ० | १ | १७ | १ |
| | निर्वाचन आयोग | १ | १ | ० | १ | ० | ० |
| | म.ले.प.को कार्यालय | ८ | ८ | ० | ७ | १ | ० |

| महाशाखा | मन्त्रालय/निकाय | जम्मा उजुरी (संख्या) | जम्मा फछ्र्यौट (संख्या) | फछ्र्यौटमध्ये | | विविध कारबाही (संख्या) | आगामी वर्षमा जिम्मेवारी सरेको (संख्या) |
|---|---|---|---|---|---|---|---|
| | | | | विस्तृत अनुसन्धानमा गएको (संख्या) | प्रारम्भिक अनुसन्धानबाट तामेली (संख्या) | | |
| | सार्वजनिक खरिद अनुगमन कार्यालय | ४ | ४ | ० | २ | २ | ० |
| | महालेखा नियन्त्रक कार्यालय | ९ | ९ | ० | ५ | ४ | ० |
| | राष्ट्रिय मानव अधिकार आयोग | ५ | ५ | ० | ० | ५ | ० |
| | महान्याधिवक्ताको कार्यालय | २ | २ | ० | ० | २ | ० |
| **महाशाखा नं. ७ को जम्मा** | | **१५९२** | **१२४१** | **२७** | **५७७** | **६३७** | **३५१** |
| ८ | सम्पत्ति मूल्यांकन तथा विशेष अनुसन्धान महाशाखा | २१६९ | ३९६ | ४६ | ११८ | २३२ | १७७३ |
| **सम्पत्ति मूल्यांकन तथा विशेष अनुसन्धान महाशाखाको जम्मा** | | **२१६९** | **३९६** | **४६** | **११८** | **२३२** | **१७७३** |
| ९ | शैक्षिक प्रमाणपत्र छानबिन इकाई | २५९२ | १११४ | ४१ | ८३९ | २३४ | १४७८ |
| १० | इजाजत छानबिन इकाई | १५ | १३ | ३ | १० | ० | २ |
| ११ | पूर्वाञ्चल क्षेत्रीय कार्यालय धनकुटा | १८२७ | १३७३ | १८ | १०४२ | ३१३ | ४५४ |
| १२ | मध्यमाञ्चल क्षेत्रीय कार्यालय हेटौंडा | २०८३ | १४१० | २८ | ११६७ | २१५ | ६७३ |
| १३ | पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखरा | २०१६ | १४६३ | ६० | ११६१ | २४२ | ५५३ |
| १४ | मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय सुर्खेत | २०६९ | १६८३ | ३२ | १५३५ | ११६ | ३८६ |
| १५ | सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय दिपायल | १४६७ | १०४३ | २८ | ९९१ | २४ | ४२४ |
| १६ | आयोगको प्रत्यायोजित अधिकार प्रयोग गर्ने ३२ जिल्ला प्रशासन कार्यालयहरू | २७० | १४९ | ४ | ५६ | ८९ | १२१ |
| | **कुल जम्मा** | **२४६९१** | **१६६९४** | **४२८** | **१०६०६** | **५६६०** | **७९९७** |

## आ.व. २०७२/७३ मा क्षेत्रीय कार्यालयहरूमा दर्ता भएका उजुरीहरू तथा फछ्र्यौटको विवरण

अनुसूची ४(ख)

| क्र.सं. | सम्बन्धित मन्त्रालय | क्षेत्रीय कार्यालय पूर्वाञ्चल | | | | | | क्षेत्रीय कार्यालय मध्यमाञ्चल | | | | | | क्षेत्रीय कार्यालय पश्चिमाञ्चल | | | | | | क्षेत्रीय कार्यालय मध्यपश्चिमाञ्चल | | | | | | क्षेत्रीय कार्यालय सुदूर पश्चिमाञ्चल | | | | | | सबै क्षेत्रहरूको कुल | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा उजुरी संख्या | जम्मा फछ्र्यौट संख्या | फछ्र्यौट मध्ये | | | बाँकी उजुरीहरू | जम्मा उजुरी संख्या | जम्मा फछ्र्यौट संख्या | फछ्र्यौट मध्ये | | | बाँकी उजुरीहरू | जम्मा उजुरी संख्या | जम्मा फछ्र्यौट संख्या | फछ्र्यौट मध्ये | | | बाँकी उजुरीहरू | जम्मा उजुरी संख्या | जम्मा फछ्र्यौट संख्या | फछ्र्यौट मध्ये | | | बाँकी उजुरीहरू | जम्मा उजुरी संख्या | जम्मा फछ्र्यौट संख्या | फछ्र्यौट मध्ये | | | बाँकी उजुरीहरू | जम्मा उजुरी संख्या | जम्मा फछ्र्यौट संख्या | फछ्र्यौट मध्ये | | | बाँकी उजुरीहरू |
| | | | | विस्तृत मा गएको संख्या | तामेली संख्या | अन्य कारवाही संख्या | | | | विस्तृत मा गएको संख्या | तामेली संख्या | अन्य कारवाही संख्या | | | | विस्तृत मा गएको संख्या | तामेली संख्या | अन्य कारवाही संख्या | | | | विस्तृत मा गएको संख्या | तामेली संख्या | अन्य कारवाही संख्या | | | | विस्तृत मा गएको संख्या | तामेली संख्या | अन्य कारवाही संख्या | | | | विस्तृत मा गएको संख्या | तामेली संख्या | अन्य कारवाही संख्या | |
| १ | राष्ट्रपति | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | उप-राष्ट्रपति | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | प्रधानमन्त्री का. | ० | ० | ० | ० | ० | ० | २ | २ | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | २ | ० | १ | १ | ० |
| ४ | लोक सेवा आयोग | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | १ | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | १ | ० | ० | १ | १ |
| ५ | निर्वाचन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | म.ले.प. | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | रा.यो.आ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | ने.टू.का. | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | अर्थ | ९ | ९ | ० | ६ | ३ | ० | १३ | १३ | ० | १२ | १ | ० | २७ | २१ | ० | १४ | ७ | ६ | १२ | ११ | १ | ९ | १ | १ | ५ | ५ | १ | ४ | ० | ० | ६६ | ५९ | २ | ४५ | १२ | ७ |
| १० | भौतिक | ६३ | ४१ | ० | ३५ | ६ | २२ | ४६ | ३४ | ० | २७ | ७ | १२ | ५७ | ५० | ४ | ३४ | १२ | ७ | ५५ | ५४ | ० | ५३ | १ | १ | ४५ | ३९ | १ | ३८ | ० | ६ | २६६ | २१८ | ५ | १८७ | २६ | ४८ |
| ११ | सहरी वि.म. | ४२ | ३४ | २ | २७ | ५ | ८ | ३३ | २२ | ० | २० | २ | ११ | ७१ | ५१ | ५ | ३९ | ७ | २० | ६३ | ४५ | ० | ३९ | ६ | १८ | ५१ | ३० | ० | २९ | १ | २१ | २६० | १८२ | ७ | १५४ | २१ | ७८ |
| १२ | सहकारी | २२ | १९ | ० | ११ | ८ | ३ | ४ | ४ | ० | ३ | १ | ० | २० | २० | ० | ७ | १३ | ० | ३० | २६ | ० | २४ | २ | ४ | ३० | २५ | ० | २१ | ४ | ५ | १०६ | ९४ | ० | ६६ | २८ | १२ |
| १३ | वाणिज्य म. | ६ | ५ | ० | ५ | ० | १ | २ | १ | ० | १ | ० | १ | ७ | ७ | १ | २ | ४ | ० | १० | ८ | ० | ८ | ० | २ | २ | २ | ० | २ | ० | ० | २७ | २३ | १ | १८ | ४ | ४ |
| १४ | महालेखा नि.का. | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १५ | रक्षा म. | १ | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | १ | ० | ० |
| १६ | वन तथा भू. | ९५ | ७६ | २ | ५२ | २२ | १९ | १०२ | ८३ | ० | ६९ | १४ | १९ | १२९ | ९७ | २ | ८१ | १४ | ३२ | २८० | २२५ | ३ | २०१ | २१ | ५५ | १६५ | १०० | ३ | ९१ | ६ | ६५ | ७७१ | ५८१ | १० | ४९४ | ७७ | १९० |
| १७ | कृषि वि.म. | २६ | १७ | ० | १० | ७ | ९ | ६४ | ५० | ० | ४४ | ६ | १४ | २४ | १९ | १ | १६ | २ | ५ | ५२ | ४७ | २ | ४२ | ३ | ५ | ९ | ७ | ० | ७ | ० | २ | १७५ | १४० | ३ | ११९ | १८ | ३५ |
| १८ | विज्ञान | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | १ | ० | ० |
| १९ | भूमि सुधार | १४४ | ११६ | २ | ९६ | १८ | २८ | १४३ | ११९ | ० | ११४ | ५ | २४ | ११६ | ९४ | ५ | ८० | ९ | २२ | ७९ | ५९ | २ | ५१ | ६ | २० | ७४ | ५८ | ० | ५४ | ४ | १६ | ५५६ | ४४६ | ९ | ३९५ | ४२ | ११० |
| २० | गृह | ५९ | ४५ | ० | २१ | २४ | १४ | ७१ | ६७ | ० | ४२ | २५ | ४ | ९० | ६७ | २ | ४० | २५ | २३ | ६७ | ६३ | २ | ५९ | २ | ४ | २८ | २६ | १ | २२ | ३ | २ | ३१५ | २६८ | ५ | १८४ | ७९ | ४७ |
| २१ | परराष्ट्र | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २२ | सामान्य प्र. | ० | ० | ० | ० | ० | ० | २ | २ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ | ५ | ० | ४ | १ | ० | ० | ० | ० | ० | ० | ० | ७ | ७ | ० | ६ | १ | ० |
| २३ | महिला | ७ | ७ | ० | ६ | १ | ० | ४ | २ | ० | २ | ० | २ | ५ | १ | ० | १ | ० | ४ | १३ | ८ | ० | ६ | २ | ५ | ४ | ४ | ० | ३ | १ | ० | ३३ | २२ | ० | १८ | ४ | ११ |
| २४ | संस्कृति | १८ | ११ | ० | ८ | ३ | ७ | ० | ० | ० | ० | ० | ० | १५ | १० | ० | १० | ० | ५ | १६ | १२ | १ | ११ | ० | ४ | १९ | ११ | १ | १० | ० | ८ | ६८ | ४४ | २ | ३९ | ३ | २४ |
| २५ | कानुन | ३ | ३ | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ३ | ० | ३ | ० | ० |
| २६ | युवा तथा खेलकुद | १ | १ | ० | १ | ० | ० | ५ | ४ | ० | ४ | ० | १ | ७ | ५ | ० | ५ | ० | २ | १० | ७ | १ | ५ | १ | ३ | ४ | ३ | ० | ३ | ० | १ | २७ | २० | १ | १८ | १ | ७ |
| २७ | उद्योग | १५ | १४ | १ | १० | ३ | १ | ४२ | ३५ | ० | २७ | ८ | ७ | १२ | ११ | ० | ११ | ० | १ | १५ | १५ | ० | १४ | १ | ० | १० | १० | ० | १० | ० | ० | ९४ | ८५ | १ | ७२ | १२ | ९ |
| २८ | श्रम तथा रोजगार | १ | १ | ० | १ | ० | ० | १ | १ | ० | १ | ० | ० | ३ | ३ | ० | ० | ३ | ० | १ | १ | ० | १ | ० | ० | १ | १ | ० | १ | ० | ० | ७ | ७ | ० | ४ | ३ | ० |
| २९ | शान्ति | १ | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | १ | ० | ० | ८ | ७ | ० | ७ | ० | १ | ३ | ३ | ० | १ | २ | ० | १३ | १२ | ० | १० | २ | १ |
| ३० | सिंचाइ | २८ | २३ | ० | १७ | ६ | ५ | ३५ | १८ | ० | १७ | १ | १७ | २४ | १४ | | १३ | १ | १० | ५३ | ४७ | १ | ३९ | ७ | ६ | ३९ | २८ | ० | २८ | ० | ११ | १७९ | १३० | १ | ११४ | १५ | ४९ |
| ३१ | उर्जा | २३ | ८ | ० | ८ | ० | १५ | ४० | ३४ | ० | २५ | ९ | ६ | ४७ | ३३ | | २९ | ४ | १४ | २६ | १५ | १ | १४ | ० | ११ | ३२ | २० | ० | २० | ० | १२ | १६८ | ११० | १ | ९६ | १३ | ५८ |
| ३२ | सूचना तथा संचार | ११ | १० | ० | ९ | १ | १ | २ | २ | ० | १ | १ | ० | ७ | ५ | ० | ३ | २ | २ | २४ | २१ | ० | १९ | २ | ३ | ४ | ४ | ० | ४ | ० | ० | ४८ | ४२ | ० | ३६ | ६ | ६ |
| ३३ | राष्ट्रिय मानव अ. | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३४ | स्वास्थ्य | ११४ | ८४ | ३ | ५६ | २५ | ३० | ७९ | ५८ | १ | ४४ | १३ | २१ | ११८ | १०५ | ६ | ६६ | ३३ | १३ | १०१ | ८४ | २ | ७७ | ५ | १७ | ८४ | ७६ | २ | ७४ | ० | ८ | ४९६ | ४०७ | १४ | ३१७ | ७६ | ८९ |
| ३५ | शिक्षा | ७३१ | ५६४ | ६ | ४१८ | १४० | १६७ | ७७५ | ४६१ | ३ | ४०१ | ५७ | ३१४ | ७४८ | ४९९ | १७ | ४२७ | ५५ | २४९ | ७०८ | ५५० | ४ | ५०३ | ४३ | १५८ | ६०९ | ४१५ | १६ | ३९७ | २ | १९४ | ३५७१ | २४८९ | ४६ | २१४६ | २९७ | १०८२ |
| ३६ | संघीय मामिला | ३९३ | २७२ | २ | २३० | ४० | १२१ | ६१३ | ३९४ | २४ | ३०८ | ६२ | २१९ | ४६९ | ३३८ | १७ | २७९ | ४२ | १३१ | ४४० | ३७२ | १२ | ३४८ | १२ | ६८ | २०० | १३२ | २ | १२९ | १ | ६८ | २११५ | १५०८ | ५७ | १२९४ | १५७ | ६०७ |
| ३७ | खानेपानी | ३ | २ | ० | २ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | २ | ० | २ | ० | १ |
| ३८ | पशुपंक्षी | ६ | ४ | ० | ४ | ० | २ | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ७ | ५ | ० | ५ | ० | २ |
| ३९ | आपूर्ति | ० | ० | ० | ० | ० | ० | ३ | ३ | ० | २ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ३ | ० | २ | १ | ० |
| ४० | जनसंख्या तथा | ३ | ३ | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ३ | ० | ३ | ० | ० |
| ४१ | अन्य | २ | २ | ० | १ | १ | ० | २ | १ | ० | ० | १ | १ | १६ | १० | ० | २ | ८ | ६ | ० | ० | ० | ० | ० | ० | ४९ | ४४ | १ | ४३ | ० | ५ | ६९ | ५७ | १ | ४६ | १० | १२ |
| **जम्मा** | | १८२७ | १३७३ | १८ | १०४२ | ३१३ | ४५४ | २०८३ | १४१० | २८ | ११६७ | २१५ | ६७३ | २०१६ | १४६३ | ६० | ११६१ | २४२ | ५५३ | २०६९ | १६८३ | ३२ | १५३५ | ११६ | ३८६ | १४६७ | १०४३ | २८ | ९९१ | २४ | ४२४ | ९४६२ | ६९७२ | १६६ | ५८९६ | ९१० | २४९० |

**अनुसूची-५**

नेपाल राजपत्र, खण्ड ६४, संख्या ३४, भाग ४, मिति २०७१/९/२८ को सूचना अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रत्यायोजित अधिकार प्रयोग गर्ने जिल्ला प्रशासन कार्यालयहरूबाट आ.व.२०७२/७३ मा कारबाही भएका उजुरीहरूको संख्यात्मक विवरणः-

| सि.नं. | जिल्ला प्रशासन कार्यालयको नाम | जम्मा उजुरी संख्या | फछर्यौट संख्या | फछर्यौट मध्ये | | | बाँकी उजुरीहरू |
|---|---|---|---|---|---|---|---|
| | | | | तामेली | विस्तृत अनुसन्धानमा गएको | सम्बन्धित निकायमा पठाएको | |
| **पूर्वाञ्चल विकास क्षेत्र** | | | | | | | |
| १ | ताप्लेजुङ | ११ | ८ | ० | ० | ८ | ३ |
| २ | पाँचथर | १४ | १० | ० | ० | १० | ४ |
| ३ | संखुवासभा | २१ | १५ | ० | ० | १५ | ६ |
| ४ | भोजपुर | २२ | १० | ० | ० | १० | १२ |
| ५ | सोलुखुम्बु | २६ | १८ | ० | ० | १८ | ८ |
| ६ | ओखलढुङ्गा | ८ | ० | ० | ० | ० | ८ |
| ७ | खोटाङ | १४ | ४ | ० | ० | ४ | १० |
| **मध्यमाञ्चल विकास क्षेत्र** | | | | | | | |
| ८ | धादिङ | ० | ० | ० | ० | ० | ० |
| ९ | काभ्रेपलाञ्चोक | ० | ० | ० | ० | ० | ० |
| १० | सिन्धुपाल्चोक | १० | ० | ० | ० | ० | १० |
| ११ | नुवाकोट | ३६ | १४ | १० | १ | ३ | २२ |
| १२ | रसुवा | ३ | ३ | ० | ० | ३ | ० |
| **पश्चिमाञ्चल विकास क्षेत्र** | | | | | | | |
| १३ | मनाङ | ० | ० | ० | ० | ० | ० |
| १४ | मुस्ताङ | ० | ० | ० | ० | ० | ० |
| १५ | गोर्खा | १६ | १६ | १६ | ० | ० | ० |
| १६ | लमजुङ | १ | १ | १ | ० | ० | ० |
| १७ | अर्घाखाँची | १७ | १५ | १५ | ० | ० | २ |
| १८ | गुल्मी | १ | ० | ० | ० | ० | १ |
| **मध्यपश्चिमाञ्चल विकास क्षेत्र** | | | | | | | |
| १९ | हुम्ला | ६ | ४ | ० | ० | ४ | २ |
| २० | जुम्ला | ८ | ७ | ६ | ० | १ | १ |
| २१ | मुगु | ६ | ५ | ४ | ० | १ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २२ | डोल्पा | ० | ० | ० | ० | ० | ० |
| २३ | कालिकोट | ३ | १ | ० | ० | १ | २ |
| २४ | जाजरकोट | २७ | १४ | २ | ३ | ९ | १३ |
| २५ | रुकुम | ३ | ० | ० | ० | ० | ३ |
| २६ | रोल्पा | ० | ० | ० | ० | ० | ० |
| २७ | सल्यान | २ | २ | ० | ० | २ | ० |
| २८ | प्युठान | ११ | ० | ० | ० | ० | ११ |
| **सुदूर पश्चिमाञ्चल विकास क्षेत्र** | | | | | | | |
| २९ | बैतडी | ० | ० | ० | ० | ० | ० |
| ३० | बझाङ | १ | १ | १ | ० | ० | ० |
| ३१ | बाजुरा | ३ | १ | १ | ० | ० | २ |
| ३२ | अछाम | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | | **२७०** | **१४९** | **५६** | **४** | **८९** | **१२१** |

अनुसूची -६

**विभिन्न मन्त्रालय/निकायहरूको विस्तृत अनुसन्धान भएका उजुरीहरूको अनुसन्धानको क्षेत्र अनुसारको विवरण**

| मन्त्रालय/निकाय | झुठा शैक्षिक प्रमाणपत्र | सार्वजनिक सम्पत्तिको हनि नोक्सानी | रिसवत/घूस | गैरकानूनी लाभ वा हानि पुऱ्याएको | गैरकानूनी सम्पत्ति आर्जन | राजस्व चुहावट | विविध | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ० | १ | ० | ० | ० | ० | ० | १ |
| अर्थ | २ | १ | १ | १ | ४ | १ | १ | ११ |
| भौतिक पूर्वाधार तथा यातायात | १ | ५ | ७ | ६ | ३ | ० | १ | २३ |
| सहरी विकास | ० | ८ | २ | ६ | २ | ० | ० | १८ |
| सहकारी तथा गरिबी निवारण | ० | २ | ० | ४ | ० | ० | १ | ७ |
| वाणिज्य | ० | १ | ० | ० | ० | ० | ० | १ |
| वन तथा भू-संरक्षण | ० | १६ | ५ | १९ | ५ | ० | ३ | ४८ |
| कृषि विकास | १ | ५ | ० | ८ | १ | ० | १ | १६ |
| भूमिसुधार तथा व्यवस्था | ० | ३४ | ९ | ३२ | १ | ३ | ६ | ८५ |
| गृह | १४ | ५ | ८ | ८ | ६ | ० | ३ | ४४ |
| परराष्ट्र | ० | ० | ० | १ | ० | ० | ० | १ |
| महिला,बालबालिका तथा समाज कल्याण मन्त्रालय | ० | ३ | ० | ५ | ० | ० | ० | ८ |
| संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | २ | ५ | ० | ६ | १ | ० | १ | १५ |
| कानून, न्याय तथा संसदीय मामिला | ० | ० | १ | ० | १ | ० | १ | ३ |

| मन्त्रालय/निकाय | झुठा शैक्षिक प्रमाणपत्र | सार्वजनिक सम्पत्तिको हनि नोक्सानी | रिसवत/घूस | गैरकानूनी लाभ वा हानि पुऱ्याएको | गैरकानूनी सम्पत्ति आर्जन | राजस्व चुहावट | विविध | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| युवा तथा खेलकुद | ० | ३ | ० | २ | ० | ० | ० | ५ |
| उद्योग | १ | ४ | ० | २ | २ | १ | २ | १२ |
| श्रम तथा रोजगार | ० | २ | २ | २ | ० | ० | ० | ६ |
| सिंचाइ | ० | ४ | २ | ५ | २ | ० | ० | १३ |
| ऊर्जा | २ | ४ | १ | ४ | ५ | ० | ० | १६ |
| सूचना तथा संचार | ० | ३ | ० | २ | २ | ० | १ | ८ |
| स्वास्थ्य | २ | २१ | १ | १६ | ७ | ० | ० | ४७ |
| शिक्षा | ३३ | ७७ | ३ | ८१ | ७ | १ | ७ | २०९ |
| संघीय मामिला तथा स्थानीय विकास | २ | ५२ | १५ | ४३ | २ | ३ | ३ | १२० |
| खानेपानी तथा सरसफाइ | १ | ४ | १ | ४ | १ | ० | २ | १३ |
| पशुपंक्षी विकास | ० | २ | ० | १ | ० | ० | ० | ३ |
| आपूर्ति | १ | ० | ० | १ | १ | ० | ० | ३ |
| नेपाल ट्रष्टको कार्यालय | ० | १ | ० | ० | ० | ० | ० | १ |
| अन्य | ० | ० | ० | २ | ० | ० | १ | ३ |
| जम्मा | ६२ | २६३ | ५८ | २६१ | ५३ | ९ | ३४ | ७४० |

अनुसूची- ७

आ.व.२०७२/७३ मा विशेष अदालतमा दायर भएका विभिन्न प्रकृतिका मुद्दाहरूको संख्या




अनुसूची- ८(क)

आ.व. २०७२/७३ मा विशेष अदालतमा दायर भएका विभिन्न प्रकृतिका मुद्दाहरूमा मागदाबी लिइएको बिगो (रु. दस लाखमा )



अनुसूची -८(ख)

## विशेष अदालतबाट फैसला भएका भ्रष्टाचारसम्बन्धी मुद्दाहरूमा सफलताको प्रतिशत




अनुसूची -८(ग)

## आ.व.२०७२/७३ मा विस्तृत अनुसन्धानबाट भएको कारबाहीको विवरण



अनुसूची -९(क)

## आ.व.२०७२/७३ मा प्रारम्भिक छानबिनबाट भएको कारबाहीको विवरण




अनुसूची -९(ख)

## विगत ४ वर्षको कुल उजुरी फछ्र्यौटको प्रवृत्ति



अनुसूची -१०

विभिन्न आर्थिक वर्षहरूमा उजुरी दर्ता भएको संख्या र फछ्र्यौटको प्रवृत्ति



अनुसूची -११

## आ.व. २०७२/७३ मा विस्तृत अनुसन्धानबाट विभिन्न कारबाहीमा भएका आयोगका निर्णयहरूको मन्त्रालय/निकायगत विवरण

| मन्त्रालय/निकाय | मुद्दा दायर गर्ने | विभागीय कारबाहीको सिफारिस | सचेत | असुल उपर गर्ने | सुझाव | ध्यानाकर्षण गरिएको | लेखी पठाइएको | तामेली | मुल्तवी |
|---|---|---|---|---|---|---|---|---|---|
| अर्थ | १ | ० | ० | ० | १ | ० | २ | ७ | ० |
| भौतिक पूर्वाधार तथा यातायात | ५ | १ | ० | ० | ५ | ० | ० | १० | ० |
| सहरी विकास | ३ | ३ | ० | १ | ५ | ० | २ | ४ | २ |
| सहकारी तथा गरिबी निवारण | १ | ० | ० | ० | १ | ० | ३ | २ | ० |
| वाणिज्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| वन तथा भू-संरक्षण | ७ | ५ | ० | २ | ६ | २ | ६ | १६ | ४ |
| कृषि विकास | ३ | १ | १ | ० | ४ | ० | २ | ५ | ० |
| भूमिसुधार तथा व्यवस्था | ११ | ६ | | ० | १३ | ० | ११ | २६ | १० |
| गृह | २५ | ० | १ | १ | १ | ० | २ | १२ | ० |
| परराष्ट्र | | ० | ० | ० | ० | ० | ० | १ | ० |
| महिला,बालबालिका तथा समाज कल्याण मन्त्रालय | ० | २ | ० | १ | १ | ० | ० | १ | ० |
| संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | १ | ० | ० | ० | ४ | ० | १ | १० | ० |
| कानून, न्याय तथा संसदीय मामिला | २ | ० | ० | ० | ० | ० | ० | १ | ० |
| युवा तथा खेलकुद | १ | ० | ० | ० | २ | ० | ३ | १ | ० |
| उद्योग | १ | ० | ० | १ | १ | २ | १ | ५ | १ |

| मन्त्रालय/निकाय | मुद्दा दायर गर्ने | विभागीय कारबाहीको सिफारिस | सचेत | असुल उपर गर्ने | सुझाव | ध्यानाकर्षण गरिएको | लेखी पठाइएको | तामेली | मुल्तवी |
|---|---|---|---|---|---|---|---|---|---|
| श्रम तथा रोजगार | २ | १ | १ | ० | २ | ० | २ | १ | ० |
| प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ० | ० | ० | ० | १ | ० | ० | ० | ० |
| सिंचाइ | २ | १ | ० | ० | १ | ० | ० | ८ | ० |
| ऊर्जा | ४ | ० | ० | ० | ३ | ० | १ | ८ | ० |
| सूचना तथा संचार | ० | ० | ० | ० | १ | ० | ० | ७ | ० |
| स्वास्थ्य | ३ | ५ | ० | २ | ७ | २ | ३ | २० | २ |
| शिक्षा | ४६ | १२ | ० | ५ | २२ | १ | २८ | ९३ | ३ |
| संघीय मामिला तथा स्थानीय विकास | २५ | १३ | १ | ६ | ८ | १ | १४ | ४६ | १ |
| अन्य | ० | १ | ० | ० | १ | | १ | १ | १ |
| खानेपानी तथा सरसफाइ | १ | १ | ० | ० | ४ | ० | ० | ४ | १ |
| पशुपंक्षी विकास | ० | ० | ० | १ | १ | २ | ० | ० | ० |
| आपूर्ति | १ | ० | ० | ० | ० | ० | ० | १ | |
| नेपाल ट्रष्टको कार्यालय | ० | ० | ० | ० | ० | ० | ० | १ | ० |
| **जम्मा** | **१४५** | **५२** | **४** | **२०** | **९५** | **१०** | **८२** | **२९१** | **२५** |